महालेखापरीक्षकको पचपन्नौं वार्षिक प्रतिवेदन २०७४

# स्थानीय तह लेखापरीक्षण प्रतिवेदन

# प्रदेश नं.७




महालेखा परीक्षकको कार्यालय
बबरमहल, काठमाडौं
नेपाल

# प्राक्कथन

नेपालको संविधान, २०७२ को धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । साविकमा स्थानीय निकायको लेखापरीक्षण स्थानीय निकायबाटै नियुक्त दर्तावाल लेखापरीक्षकबाट हुँदै आएको थियो । स्थानीय निकाय स्थानीय तहमा रुपान्तरण भएपश्चात उक्त तहको आर्थिक वर्ष २०७३।७४ को आर्थिक कारोबारको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट सम्पन्न गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षणको मुख्य आधार नेपालको संविधान, लेखापरीक्षण ऐन, लेखापरीक्षण नीति, मानदण्ड, लेखापरीक्षण निर्देशिका तथा लेखापरीक्षण मार्ग निर्देशन आदि रहेका छन् । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको प्रभावकारीता मूल्याङ्कन गर्नु रहेको छ । लेखापरीक्षणबाट मुख्यतः स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको मूल उद्देश्य हो ।

स्थानीय निकाय लामो समयसम्म जनप्रतिनिधि बिहिन रहेकोमा हाल जनप्रतिनिधिहरुबाट स्थानीय तह सञ्चालन भएपश्चात स्थानीय तहबाटै सबै अधिकार उपयोग गर्न पाउने अवसर सिर्जना भएको छ । स्थानीय तहमा शिक्षा, स्वास्थ्य, खानेपानी लगायत विकास निर्माणको क्षेत्रमा रहेका असिमित आवश्यकताहरु सीमित स्रोत र साधनको मितव्ययी एवं कुशलतापूर्वक उपयोग गरी पुरा गर्नुपर्ने चुनौति रहेको छ । लेखापरीक्षणबाट जिम्मेवारी, जवाफदेहिता र पारदर्शीता कायम गर्न सहयोग गर्ने छ भन्ने विश्वास लिइएको छ ।

आर्थिक कारोबारको स्वतन्त्र लेखापरीक्षणले स्रोत प्राप्ती र उपयोगको सम्बन्धमा भएका कमी कमजोरी आफ्नो प्रतिवेदन मार्फत उजागर गर्दछ । उक्त प्रतिवेदन सबै सरोकारवालाहरु समक्ष सहज पहुँचलाई ध्यानमा राखी यो प्रकाशन गरिएको छ । महालेखा परीक्षकबाट स्थानीय तहको लेखापरीक्षण पहिलो पटक शुरु गरिंदा स्रोत साधनको सीमितता, सूचना एवं तथ्याङ्कको न्यून उपलव्धता, समयको सीमितता आदिको बावजुद ८८ स्थानीय तहको लेखापरीक्षण सम्पन्न भएको छ ।

स्थानीय तहको लेखापरीक्षण व्यवस्थापन सम्बन्धमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका पदाधिकारीहरुसँग पटक पटक छलफल गरिएको, स्थानीय तह लेखापरीक्षण निर्देशिका स्वीकृत गरी लागू गरिएको, थप जनशक्तिको रुपमा चार्टर्डएकाउण्टेण्ट र दर्तावाल लेखापरीक्षक नियुक्त गरिएको, कर्मचारीहरुलाई प्रशिक्षण समेत दिइएको थियो । सीमित समय र जनशक्तिबाट सबै स्थानीय तहको लेखापरीक्षण सम्पन्न गर्न जोखिममा आधारित लेखापरीक्षण योजना बमोजिम लेखापरीक्षण सम्पन्न गरिएको थियो । प्रारम्भिक प्रतिवेदन सबै स्थानीय तहलाई उपलव्ध गराइएकोमा सो उपर ३५ दिनभित्र जवाफ, प्रतिक्रिया प्राप्त भएकोमा सो आधारमा मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी हरेक स्थानीय तहलाई राय सहितको प्रतिवेदन समेत उपलव्ध गराइएको छ ।

स्थानीय तहको लेखापरीक्षण सम्पन्न गर्न सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । त्यस्तै लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु पनि धन्यवादका पात्र रहेका छन् । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गरिएको छ ।

(टंकमणी शर्मा दंगाल)
महालेखा परीक्षक

# स्थानीय तहको लेखापरीक्षण

## प्रदेश नं.७

१. **स्थानीय तह** - यस प्रदेशमा उप-महानगरपालिका १, नगरपालिका ३३, गाउँपालिका ५४ रहेका छन् । उक्त सबै स्थानीय तहको लेखापरीक्षण सम्पन्न भएको छ ।

२. **लेखापरीक्षण** - प्राप्त आर्थिक विवरण अनुसार यस प्रदेशमा रहेका ८८ स्थानीय तहको रु.१७ अरब २२ करोड ३० लाख २५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । विस्तृत विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ ।

३. **बेरुजू** - प्रदेश स्थित ८८ स्थानीय तहको लेखापरीक्षणबाट रु. ६३ करोड ६२ लाख ७५ हजार बेरुजू देखिएकोमध्ये ३५ दिनभित्र प्राप्त जवाफ तथा प्रमाणको आधारमा रु. १६ लाख ५० हजार फछ्र्यौट भई रु. ६३ करोड ४६ लाख २५ हजार बाँकी रहेको छ । उक्त बाँकी बेरुजूमध्ये असुल उपर गर्नुपर्ने रु. ३ करोड ५४ लाख १९ हजार नियमित तथा प्रमाण पेश गर्नुपर्ने रु. ३३ करोड ४५ लाख ८४ हजार र पेश्की रु. २६ करोड ४६ लाख २२ हजार रहेको छ । विस्तृत विवरण अनुसूची-२ मा छ ।

४. **जिम्मेवारी र जवाफदेहिता** - वित्तीय विवरण उपरको जिम्मेवारी र जवाफदेहिता सम्बन्धित स्थानीय तहको हो भने सो वित्तीय विवरण उपर राय सहितको प्रतिवेदन जारी गर्ने जिम्मेवारी लेखापरीक्षकको हो ।

५. **लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु** - लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरुमा जिम्मेवारी नसारेको, सम्पत्ति हस्तान्तरण नगरेको, अभिलेख नराखेको, पेश्की फछ्र्यौट नगरेको, बढी भुक्तानी गरेको, बिल भरपाई संलग्न नगरेको, परिषद्को स्वीकृत बेगर योजना सञ्चालन गरेको, अग्रिम कर कट्टा नगरेको, प्रतिवेदन पेश नगरेको, उपभोक्ता समितिबाट कार्य गराउँदा नियमको पालना नगरेको, अनुगमन मूल्याङ्कन कमजोर रहेको, सेवा प्रवाह प्रभावकारी नरहेको, योजना अधुरो रहेको, प्राथमिकता निर्धारण नगरेको, लक्षित समूह कार्यक्रम सञ्चालन नगरेको, फ्रिज गर्नुपर्ने रकम फ्रिज नगरेको आदि रहेका छन् ।

६. **बेरुजू फछ्र्यौट विधि** - असुल उपर गर्नुपर्ने रकम असुल गरी स्थानीय सञ्चित कोष वा बेरुजू खातामा दाखिला गर्नुपर्ने, नियमित गर्नुपर्ने बेरुजूहरु नियमित गर्ने अधिकार प्राप्त अधिकारी वा स्थानीय तहको परिषद्बाट नियमित गर्नुपर्ने, प्रमाण पेश गर्नुपर्ने बेरुजू आवश्यक प्रमाण पेश गरी फछ्र्यौट गर्नुपर्ने र पेश्की बाँकी बेरुजूको फाँटवारी पेश गरी बेरुजू फछ्र्यौट गर्ने जिम्मेवारी स्थानीय तहको कार्यपालिकाको हो । यसरी फछ्र्यौट भएको बेरुजूको अद्यावधिक स्रेस्ता खडा गरी आगामी वर्षको लेखापरीक्षण गर्दा लेखापरीक्षक समक्ष पेश गरी सम्परीक्षण गराउनु पर्नेछ । यसरी सम्परीक्षण भएको व्यहोरा अनुगमन गरी लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिने छ ।

७. **सुझाव** - स्रोत प्राप्ती तथा उपयोग सम्बन्धमा प्रचलित ऐन, कानूनको पालना गरी बेरुजू नै आउन नदिनु कार्यालयले पहिलो कर्तव्य हो । लेखापरीक्षणको समयमा कुनै कागजात प्रस्तुत गर्न नसकेको कारणबाट बेरुजू देखिएमा ३५ दिनभित्र जवाफ/प्रमाण पेश गरी बेरुजू फछ्र्यौट गराउनु पर्दछ । उक्त अवधिमा समेत फछ्र्यौट हुन नसकेको बेरुजू आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ अनुसार एक वर्षभित्र असुल उपर वा नियमित वा प्रमाण पेश गरी वा पेश्की फछ्र्यौट गरी बेरुजू राफसाफ गर्ने कार्य सम्बन्धित स्थानीय तहले गर्नुपर्ने देखिन्छ ।

## विषय सूची


| | विषय सूची | पाना नं. |
|---|---|---|
| **१.** | **बाजुरा जिल्ला** | |
| १.१. | बडीमालिका नगरपालिका | १ |
| १.२. | त्रिवेणी नगरपालिका | ४ |
| १.३. | बुढीगङ्गा नगरपालिका | ७ |
| १.४. | बढीनन्द नगरपालिका | ९ |
| १.५. | गौमूलगाउँपालिका | १२ |
| १.६. | पाण्डवगुफा गाउँपालिका | १४ |
| १.७. | स्वामिकार्तिक गाउँपालिका | १७ |
| १.८. | छेडेदहगाउँपालिका | २० |
| १.९. | हिमालीगाउँपालिका | २२ |
| **२.** | **बझाङ्गजिल्ला** | |
| २.१. | जयपृथ्वीनगरपालिका | २५ |
| २.२. | बुङ्गलनगरपालिका | २९ |
| २.३. | तलकोट गाउँपालिका | ३३ |
| २.४. | मस्टा गाउँपालिका | ३७ |
| २.५. | खप्तड छान्ना गाउँपालिका | ४० |
| २.६. | थलारा गाउँपालिका | ४७ |
| २.७. | विथ्थडचिर गाउँपालिका | ५१ |
| २.८. | सुर्मा गाउँपालिका | ५४ |
| २.९. | छब्बिसपाथीभेरा गाउँपालिका | ५७ |
| २.१०. | दुर्गाथलीगाउँपालिका | ६० |
| २.११. | केदारस्यूँगाउँपालिका | ६३ |
| २.१२. | काँडा गाउँपालिका | ६६ |
| **३.** | **अछाम जिल्ला** | |
| ३.१. | मङ्गलसेन नगरपालिका | ६८ |
| ३.२. | कमलबजार नगरपालिका | ७२ |
| ३.३. | साँफेबगर नगरपालिका | ७५ |
| ३.४. | पञ्चदेवलविनायकनगरपालिका | ७९ |
| ३.५. | चौरपाटी गाउँपालिका | ८१ |
| ३.६. | मेल्लेख गाउँपालिका | ८३ |
| ३.७. | बाँन्नीगढी जयगढ गाउँपालिका | ८५ |
| ३.८. | रामारोसन गाउँपालिका | ८७ |
| ३.९. | ढकारी गाउँपालिका | ८९ |
| ३.१०. | तुर्माखाँदगाउँपालिका | ९१ |

| | | |
|---|---|---|
| **४.** | **डोटी जिल्ला** | |
| ४.१. | दिपायल सिलगढी नगरपालिका | ९३ |
| ४.२. | शिखर नगरपालिका | ९५ |
| ४.३. | पूर्वीचौकीगाउँपालिका | १०० |
| ४.४. | बढीकेदार गाउँपालिका | १०३ |
| ४.५. | जोरायलगाउँपालिका | १०५ |
| ४.६. | सायलगाउँपालिका | १०८ |
| ४.७. | आदर्श गाउँपालिका | १११ |
| ४.८. | के आई सिंह गाउँपालिका | ११३ |
| ४.९. | बोगटान गाउँपालिका | ११६ |
| **५.** | **कैलालीजिल्ला** | |
| ५.१. | धनगढी उपमहानगरपालिका | ११९ |
| ५.२. | टिकापुर नगरपालिका | १२५ |
| ५.३. | घोडाघोडी नगरपालिका | १२९ |
| ५.४. | लम्कीचुहानगरपालिका | १३० |
| ५.५. | भजनीनगरपालिका | १३४ |
| ५.६. | गोदावरीनगरपालिका | १३७ |
| ५.७. | गौरीगङ्गानगरपालिका | १३९ |
| ५.८. | जानकीगाउँपालिका | १४१ |
| ५.९. | बर्दगोरिया गाउँपालिका | १४३ |
| ५.१०. | मोहन्यालगाउँपालिका | १४६ |
| ५.११. | कैलारी गाउँपालिका | १४९ |
| ५.१२. | जोशीपुर गाउँपालिका | १५४ |
| ५.१३. | चुरे गाउँपालिका | १५६ |
| **६.** | **कञ्चनपुर जिल्ला** | |
| ६.१. | भिमदत्तनगरपालिका | १५९ |
| ६.२. | पुनर्वास नगरपालिका | १६१ |
| ६.३. | बेदकोट नगरपालिका | १६३ |
| ६.४. | महाकालीनगरपालिका | १६४ |
| ६.५. | शुक्लाफाँटा नगरपालिका | १६६ |
| ६.६. | बेलौरी नगरपालिका | १६८ |
| ६.७. | कृष्णपुर नगरपालिका | १७० |
| ६.८. | बेलडाँडी गाउँपालिका | १७३ |
| ६.९. | लालझाँडी गाउँपालिका | १७४ |
| **७.** | **डडेल्धुराजिल्ला** | |
| ७.१. | अमरगढी नगरपालिका | १७६ |
| ७.२. | परशुरामनगरपालिका | १७८ |

| | | |
|---|---|---|
| ७.३. | आलितालनगरपालिका | १८० |
| ७.४. | भागेश्वर गाउँपालिका | १८२ |
| ७.५. | नवदुर्गा गाउँपालिका | १८४ |
| ७.६. | अजयमेरु गाउँपालिका | १८६ |
| ७.७. | गन्यापधुरा गाउँपालिका | १८८ |
| **८.** | **बैतडी जिल्ला** | |
| ८.१. | दशरथचन्दनगरपालिका | १८९ |
| ८.२. | पाटन नगरपालिका | १९६ |
| ८.३. | मेलौलीनगरपालिका | २०० |
| ८.४. | पुचौडी नगरपालिका | २०४ |
| ८.५. | सुर्नया गाउँपालिका | २११ |
| ८.६. | सिगास गाउँपालिका | २१४ |
| ८.७. | शिवनाथगाउँपालिका | २१९ |
| ८.८. | पञ्चेश्वर गाउँपालिका | २२३ |
| ८.९. | दोगडा केदार गाउँपालिका | २२७ |
| ८.१०. | डिलासैनीगाउँपालिका | २२४ |
| **९.** | **दार्चला जिल्ला** | |
| ९.१. | महाकालीनगरपालिका | २३७ |
| ९.२. | शैलेश शिखर नगरपालिका | २३८ |
| ९.३. | मालिकार्जुन गाउँपालिका | २४१ |
| ९.४. | अपिहिमालगाउँपालिका | २४३ |
| ९.५. | दुहुँगाउँपालिका | २४५ |
| ९.६. | नौगाडा गाउँपालिका | २४७ |
| ९.७. | मार्मा गाउँपालिका | २४९ |
| ९.८. | लेकम गाउँपालिका | २५१ |
| ९.९. | ब्यास गाउँपालिका | २५३ |

# वडिमालिका नगरपालिका

## लेखापरीक्षण प्रतिबेदन

गत वर्षको मौज्दात रु. २३ लाख ६८ हजार र यो वर्षको आय रु. ९ करोड ८९ लाख ५१ हजार समेत रु. १० करोड १३ लाख १९ हजार आम्दानी भएकोमा रु. ८ करोड ४९ लाख ५८ हजार खर्च भई रु. १ करोड ६३ लाख ६१ हजार मौज्दात  रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरीक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरीक नियन्त्रण ब्यबस्था भरपर्दो र प्रभाबकारी बनाउनु पर्दछ। यस कार्यालयको आन्तरीक नियन्त्रण ब्यबस्थाको मुल्यांकन गर्दा  आर्थिक कारोबारको संक्षिप्त  अनुसुची १४  तयार नगरेको, सूचना अधिकारीको काम कर्तब्य र अधिकार नेतोकेको, सेवा ग्राही संग अन्तरक्रिया नगरेको, चौमासिक प्रगति तयार नगरेको,नागरिक सूचनाको लागि हेल्प डेकस नराखेका बेरुजुको लगत नराखेको, जिन्सी निरीक्षण प्रतिबेदन तयार नगरेको, जस्ता ब्यहोरा देखिएका` छन । प्रचलित नियममा भएका सबै ब्यबस्थाको पालना गरी आन्तरीक नियन्त्रण सुढृढ बनाउनु पर्दछ।

२. **नक्सा पास :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १५० मा नगरपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माण गर्ने अनुमतिको लागि भवनको नक्सा सहितको तोकिएको ढाँचामा नगरपालिका समक्ष दरखास्त दिनुपर्ने, दफा १५३ मा नगरपालिकाले जाँचबुझ गर्ने तथा दफा १५६ मा भवन निमार्ण गर्न नक्सा पास गर्नुपर्ने उल्लेख भएकोमा यस नगरपालिकाको क्षेत्रमा भवन निर्माण गर्ने कुनै पनि व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माणको अनुमति दिने गरेको देखिएन। यसवाट व्यवस्थित भवन निर्माणमा असर परेको छ भने नगरपालिकाको आयस्रोतमा पनि प्रभाव पारेकोले नक्सा पास गर्ने व्यवस्था अवलम्वन गर्नुपर्ने देखिन्छ।

३. **कन्टिन्जेन्सी खाता** : नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०।१।२४ गतेको परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा खर्च गर्ने रकमको ५ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ। यसरी कन्टीनजेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी ३ प्रतिशत प्रशासनिक र २ प्रतिशत पुँजी निर्माणमा खर्च गर्न मिल्नेमा नगरपालिकाले कन्टीन्जेन्सी खर्च देखिने गरि छुट्टै खाता राखेको देखिएन। अत कन्टीन्जेन्सी खाता राखी कन्टीन्जेन्सी रकम व्यवस्थीत गरिनु पर्दछ।

४. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा पाँचलाख रुपैया सम्मको लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने, नियम ८४ मा बीसलाख रुपैया सम्मको मालसामान सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्न सकिने तथा नियम ३१ अनुसार बीसलाख भन्दा वढी लागत अनुमान भएको मालसामान वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले विभिन्न मिति/गो.भौ.नं.बाट रु २० लाख ६ हजारको मालसामान सोझै खरिद गरेकोले अनियमित देखियो।

५. **विज्ञापन छुट :** सरकारी विज्ञापन प्रकाशन गरे वापत गोरखापत्र संस्थानले विल रकममा २५ प्रतिशत र कान्तिपुर, नागरिक, अन्नपुर्ण पोष्ट जस्ता राष्ट्रिय दैनिक प्रकाशनले १५ प्रतिशत छुट दिने व्यवस्था गरेको र उक्त छुटको व्यवस्था प्रकाशन वा एजेन्सी मार्फत कारोवार गर्दा विल रकममा छुट लिएर मात्र कार्यालयले भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। यस नगरपालीकाले आ.व २०७३।७४ मा दुई पत्रिकाहरुमा विभिन्न सुचना प्रकाशनको लागि रु. १,४८,२५०।- भुक्तानी गरेकोमा १५ प्रतिशतले हुने रु. २२,२३८।- छुट प्राप्त गरेको छैन। तोकिएको छुट लिई भुक्तानी गर्नुपर्नेमा नलिई भुक्तानी गरेकोले नगरपालिकालाई रु २२,२३८।- थप व्ययभार परेको देखिन्छ।

६. **असम्वन्धीत खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। लेखापाल दान वहादुर थापाको ट्रिपर मर्मत पेश्की फछ्र्योट गर्दा मर्मतसँग असम्वन्धीत होटल खर्चको विल रु. ६ हजार संलग्न गरेको देखिएकोले उक्त रकम असुल हुनुपर्दछ।

७. **बढि भूक्तानी** : भ्रमण खर्च नियमावली, २०६४ को नियम ९ मा सरुवा भई जाने कर्मचारीले दैनिक भत्ता तथा भ्रमण खर्च पाउने व्यवस्था छ साथै सोही नियमको नियम ४ मा भ्रमण किफायती हुनुपर्ने उल्लेख छ संघीय मामीला तथा स्थानीय विकास मन्त्रालयबाट यस नगरपालिकामा सरुवा भई आएका कार्यकारी अधिकृत श्री प्रदिप चन्द्र सुवेदी लगायत ३ जना परिवारको भ्रमण खर्च रु. ३,३००।- का  दरले रु. ९,९००।- तथा दैनिक भत्ता रु. ५,२००।- का दरले ३ जनाको रु. १५,६०० ।- एवम फुटकर खर्च रु.

२,०००।- समेत गरी रु. २७,५००।- भूक्तानी दिनुपर्नेमा रु. ३,९००।- भुक्तानी दिएकोले वढी भुक्तानी दिएको रु. ११,५००।- असुल हुनुपर्दछ ।

८. **भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ९ मा सरुवा भई जाने कर्मचारीले दैनिक भत्ता तथा भ्रमण खर्च पाउने व्यवस्था छ साथै सोही नियमको नियम ४ मा भ्रमण किफायती हुनुपर्ने उल्लेख छ कार्यकारी अधिकृत श्री प्रदिप चन्द्र सुवेदी वाग्लुङ्ग सरुवा भएकोमा सरुवा भ्रमण वापत रु. २६,९५०।- भुक्तानी लिएकोमा रमाना पत्रमा सरुवा भ्रमण खर्च नलिएको उल्लेख गरेकोले उक्त रकम दोहोरो भुक्तानी हुनसक्ने देखिन्छ । निजले धनगढी काठमाण्डौ ०७३।१२।१० को हवाइटिकट रु. १२,२००।- र ०७३।१२।११ को काठमाण्डौ देखी वाग्लुङ्ग हवाइटिकटको रु. ४,९००।- समेत रु. १७,१००।- भुक्तानी लिएकोमा हवाई टिकट एवम वोर्डिङ्ग पास संलग्न नभएको हुनाले उक्त प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

९. **नर्म्स :** युनिसेफको नर्म्स अनुसार प्रतिदिनको खाना खर्च रु. ५००।- दिनुपर्ने व्यवस्था छ । रुडसेक-नेपाल बाजुराले नगरपालिकाको पूर्ण सरसफाई रणनीतिक कार्यक्रममा नियमानुसार प्रतिदिन रु. १०००।- का दरले खाना खर्च भुक्तानी गर्नुपर्नेमा ६ कर्मचारीलाई रु. ५३,५००।- वढी भुक्तानी दिएकोले असुल गर्नुपर्दछ ।

१०. **भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३)मा आर्थिक कारोवार गर्दा खर्चको विल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । रुड्सेक नेपालले भरपाईवेगर कविता विष्टलाई रु. १८,०००।- भुक्तानी गरेको नदेखिएकोले भरपाई पेस गर्नुपर्ने अनयथा असुल गर्नुपर्दछ ।

११. **प्रमाण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३)मा आर्थिक कारोवार गर्दा खर्चको विल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले नागरिक सचेतना केन्द्रलाई दिएको रु. ६०,०००।- तथा वडा नागरिक मञ्चलाई दिएको रु. ४८,०००।- समेत रु. १,०८,०००।- को फाँटावरी लेखापरीक्षणको लागि पेश भएन ।

१२. **शीर्षक फरक** : आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३५ मा स्वीकृत वजेटभित्र र सम्वन्धित खर्च शीर्षकमा खर्च गर्नपर्ने व्यवस्था छ । नगरपालिकाले ई. उपेन्द्र साउदले तालिमको लागि मिति २०७३।०४।२६ देखि ०७३।०४।३२ सम्म बुटवल भ्रमण गरी रु. ३१,०००।- भ्रमण खर्च शिर्षकबाट लेख्नुपर्नेमा कार्याक्रम खर्चबाट भुक्तानी गरेकोले अनियमित भएको देखियो ।

१३. **सामाजिक सुरक्षा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३)मा आर्थिक कारोवार गर्दा खर्चको विल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । दर्ता मिति ०७३।११।१८ अनुसार मिति ०७३।०९।१४ मा मृत्यु भैसकेको श्री काल्चे सार्कीको नाममा दोस्रो चौमासिकको रु. ८,०००।- र मिति ०७३।०६।०९ मा मृत्यु भैसकेका रंगे बडुवालको नाममा पहिलो चौमासिकको रु.८,०००।- समेत जम्मा रु. १६,०००।- सामाजिक सुरक्षा भत्ता असम्वन्धीत व्यक्तिले वुझेको देखिएकोले असुल गर्नुपर्दछ ।

१४. **तालीम खर्च :** नगरपालिकाको परिषदबाट स्वीकृत नर्म्स भए सो अनुसार र नभएमा अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७३ अनुसार कार्यक्रमको सञ्चालन हुनुपर्दछ । अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७३ प्रकरण ७.१.१५ अनुसार खाजाको स्वीकृत नर्म्स रु.२००। रहेकोमा नगरपालिकाले महिला तथा दलित विकास केन्दद्धारा सञ्चालित तालिमको पेश्की फछ्र्यौट गर्दा खाजा खर्च वापत रु.५००।- का दरले ११२ जनालाई रु. ५६,०००।- खर्च लेखेकोमा सो नर्म्स भन्दा बढी रु.३००। का दरले ११२ जनाको जम्मा रु. ३३,६००।- बढी खर्च लेखेको देखियो । स्वीकृत नर्म्स भन्दा बढी लेखेको खर्च रु. ३३,६००।- असुल हुनुपर्दछ । नगरपालिकाले खास मापदण्डमा आधारित भई आफ्नो नर्म्स तयार गर्न तथा स्वीकृत नर्म्सको पालनामा ध्यान दिनुपर्दछ ।

१५. **कार्य स्वीकार प्रतिवेदन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ (संशोधन सहित) को नियम १२५(१) मा निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सो को कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आ.व.०७३/७४ मा निर्वाचन कार्यालय जाने बाटो देखि लोकतान्त्रिक चोकसम्म सडक निर्माण कार्यको ऊँ शिव कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्सलाई अन्तिम विल सहित रु.४६,९८,८४६।- भुक्तानी गरेकोमा कार्य स्वीकार प्रतिवेदन तयार गरेको छैन । निर्माण कार्य सम्पन्न भएपछि कार्य स्वीकार प्रतिवेदन तयार गरी भुक्तानी गर्नुपर्नेमा नियमको पालना गरेको देखिएन । नियम पालनामा निकायको ध्यान जानुपर्दछ ।

१६. **स्वीकृत कार्यक्रम :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ (संशोधन सहित) को नियम २४(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले खर्च गर्ने रकम कुनै आयोजनाको सम्वन्धमा भए सो आयोजना स्वीकृत भएको हुनु पर्ने व्यवस्था छ । नगरपालिकाले आ.व. ०७३/७४ मा परिषदबाट स्वीकृत नभएको सिंचाई कार्यालयको कन्ट्रीवाल निर्माण योजनामा रु.४,००,०००।- खर्च लेखेको देखियो ।

यसरी खर्च गर्दा स्रोतसाधन प्राथमिकता प्राप्त क्षेत्रमा नजाने भई नगरपालिकाको लक्ष्य हासिल गर्न कठिन हुन्छ । तसर्थ परिषदले स्वीकृत गरेका योजना भन्दा फरक तरिकाबाट हुने खर्च नियन्त्रण हुनुपर्दछ।

१७. **परामर्श सेवा :** नगरपालिकाले यो वर्ष निम्नानुसार परामर्श सेवा खरिद गरेकोमा निम्न व्यहोरा देखियो ।

१७.१. **तथ्यांक प्रमाणिकरण :** नगरपालिकाले नगर प्रोफाईल S.D कन्सल्टेन्सी वाजुरा मार्फत तयार गराई रु ९,९९,४८५।- खर्च लेखेकोमा सम्झौता अनुसार उक्त प्रोफाईलमा उल्लेखित तथ्यांकको सूचना प्रमाणिकरणका लागि विषयगत कार्यालयहरुसँग छलफल गर्नुपर्ने सम्झौता भएकोमा त्यसरी छलफल गरेको प्रमाण संलग्न गरेको देखिएन । अत : नगर प्रोफाईलमा उल्लेख भएका तथ्यांक प्रमाणिकरण हुनुपर्दछ ।

१७.२. **प्रतिवेदन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ (संशोधन सहित) को नियम २५(४) मा विकास आयोजना तर्फ आयोजनाको सर्भेक्षण, डिजाइन, लागत अनुमान एवं कार्यक्रम तयार गरी स्वीकृत गराई वजेटमा निर्धारित सीमाभित्र नियमानुसार खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले २०७४/०३/३१ मा वाल उद्यान्न सर्भे डिजाइन गर्न सिपिसि नेपाललाई रु. १,००,०००।- र २०७४/०३/२७ मा राजस्व सम्भाव्यता अध्ययन प्रतिवेदन तयारी गर्ने कामको लागि चमेलिया प्वाईन्ट कन्सल्ट नेपाल प्रा.लि.लाई काम लगााई रु. २,००,०००।- भुक्तानी गरेकोमा कार्यसम्पन्न प्रतिवेदन पेस भएको देखिएन । अत : कार्यसम्पन्न प्रतिवेदन समेत लिई उक्त प्रतिवेदन आम्दानी बाँध्नु पर्दछ ।

## बेरुजू स्थिति

लेखापरीक्षणबाट रु. १३ लाख १७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि पेस्की बेरुजु रु. १०,००,०००।- फछ्र्यौट गरेकोले रु. ३ लाख १७ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १ लाख ७८ हजार, नियमित गर्नुपर्ने रु. १ लाख ३९ हजार रहेको छ ।

# त्रिवेणी नगरपालिका, बाजुरा

## लेखापरीक्षण प्रतिबेदन

गत वर्षको मौज्दात रु. ४ लाख ७७ हजार र यो वर्षको आय रु. ५ करोड ६७ लाख ८२ हजार समेत रु. ५ करोड ७२ लाख ५९ .हजार आम्दानी भएकोमा रु.४ करोड ९२ लाख २६. हजार खर्च भई रु. ८० लाख ३३ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नक्सा पास :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १५० मा नगरपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माण गर्ने अनुमतिको लागि भवनको नक्सा सहितको तोकिएको ढाँचामा नगरपालिका समक्ष दरखास्त दिनुपर्ने, दफा १५३ मा नगरपालिकाले जाँचबुझ गर्ने तथा दफा १५६ मा भवन निमार्ण गर्न नक्सा पास गर्नुपर्ने उल्लेख भएकोमा यस नगरपालिकाको क्षेत्रमा भवन निर्माण गर्ने कुनै पनि व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माणको अनुमति दिने गरेको देखिएन । यसवाट व्यवस्थित भवन निर्माणमा असर परेको छ भने नगरपालिकाको आयस्रोतमा पनि प्रभाव पारेकोले नक्सा पास गर्ने व्यवस्था अवलम्वन गर्नुपर्ने देखिन्छ ।

२. **कन्टिन्जेन्सी खाता** : नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०।१।२४ गतेको परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा खर्च गर्ने रकमको ५ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ । यसरी कन्टीनजेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी ३ प्रतिशत प्रशासनिक र २ प्रतिशत पुँजी निर्माणमा खर्च गर्न मिल्नेमा नगरपालिकाले कन्टीन्जेन्सी खर्च देखिने गरि छुट्टै खाता राखेको देखिएन । अत कन्टीन्जेन्सी खाता राखी कन्टीन्जेन्सी रकम व्यवस्थीत गरिनु पर्दछ ।

३. **आम्दानी सम्वन्धमा :** साविक गाउँ विकास समिति कैलाशमाण्डौ, तोली र छतारा बाट २०७३ फाल्गुन मसान्त सम्म आन्तरिक आय शुन्य भएकोमा नगरपालिका गठन भएपश्चात केवल रु १९२००० मात्र देखिन्छ । नगरपालिकाले गरेको खर्चको अनुपातमा आन्तरिक आय निकै न्यून देखिएको हुनाले आन्तरिक आय वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४. **खरिद योजना :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ र उपनियम (५) मा वार्षिक दश लाख भन्दा बढि रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नु पर्ने, उपनियम (९) मा चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भए पछि उपनियम (५) बमोजिम तयार भएको वार्षिक खरिद योजनामा स्वीकृत कार्यक्रम तथा बजेट अनुरुप परिमार्जन गर्नुपर्ने व्यवस्था रहेको छ । कर्यालयले सो अनुरुप खरिद योजना तयार गरेको पाइएन । अत: नियमावलीमा तोके बमोजिम खरिद योजना बनाउने र सो बमोजिम खरिद व्यबस्थापन गर्नेतर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

५. **कारोबारको लेखाः-** आर्थिक कार्यविधि ऐन, २०५५तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक तिन गाउँ विकास समिति तथा वर्तमान नगरपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः नगरपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

६. **मालसामानको लागत अनुमानः-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७. **सार्वजनिक परीक्षण –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) बमोजिम उपभोक्ता समितिवाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नापजांच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन ।

८. **बरबुझारथः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा

नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ ।

९. **जिन्सी निरीक्षणः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ, कार्यालयले जिन्सी निरिक्षण प्रतिवेदन तोकिएको ढाँचामा जिन्सी खाता अध्यावधिक गरी राख्नुपर्ने र नियमानुसार जिन्सी निरिक्षण गराई अवश्यक कारवाही गर्नुपर्दछ ।

१०. **व्यवस्थापन खर्चः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(८) बमोजिम सार्वजनिक निकायले उपभोक्ता समितिलाई व्यवस्थापन खर्च उपलब्ध गराउन सक्ने तर त्यस्तो खर्च सार्वजनिक निकायले कट्टा गरेको कन्टिन्जेन्सीबाट भुक्तानी गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोमा गाउँ विकास समितिले विभिन्न ४ आयोजनामा उपभोक्ता समितिलाई व्यवस्थापन खर्च भनी रु.३२,०००।- थप रकम उपलब्ध गराएकोमा कन्टिन्जेन्सीबाट उक्त रकम उपलब्ध गराएको नदेखिएकोले असुल हुनुपर्दछ ।

११. **विलवेगर खर्चः-**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले पूर्ण खोप कार्यक्रमको लागि भ्रमण खर्च वापत रु. ५६,०००।- खर्च लेखेकोमा विलभरपाई पेश नभएकोले विलभरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखियो ।

१२. **वढि भूक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले नरसिंह नि.मा.वि.लाई परिक्षा सञ्चालनार्थ रु १,३०,०००।- भूक्तानी दिएकोमा उक्त विद्यालयले प्रश्नपत्र छपाई ३३२३ प्रति गरेकोमा सोको अनुपातमा सत प्रतिशत उत्तरपुस्तीका समेत ६६४६ प्रति खरिद गर्नुपर्नेमा २३००० प्रति खरिद गरेकोले वढी खरिद गरेको १६३५४ प्रतिको २.५ रुपैयाका दरले रु.४०,८८५।- असुल गर्नुपर्दछ ।

१३. **ब्लु बुकः** नगरपालिकाबाट १ वटा होण्डा सिबि युनिकर्न १६० सी.सी को मोटर साइकल रु. २,५९,१७७- मा खरिद गरेकोमा नगरपालिकाको स्वामित्वमा आएको ब्लुबुक संलग्न नगरेको हुनाले उक्त प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।

१४. **टुक्रा खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले फर्निचर तथा फिक्चर्स, कम्प्युटर लगायतका मेशिनरी औजारहरु खरिदगर्दा प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक खरिद गरेको देखियो । कार्यालयले नियम पालना गर्नेतिर ध्यान दिनु पर्दछ ।

१५. **परामर्श सेवा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(६ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले बिल वा विजकको भुक्तानी गर्दा परामर्शदाताले खरिद सम्झौताको शर्त बमोजिम कार्यसम्पन्न नगरेमा सार्वजनिक निकायले कुनै बिल बिजक बमोजिमको भुक्तानी नदिने वा काट्न सक्ने भन्ने उल्लेख भएकोमा गाउँ पाश्वचित्र तयारी वापत रुड्सेक नेपाललाई पेश्की फछ्र्यौट रु. ४०००००।- गरिएकोमा २०७४।०२।१६ सम्झौता गरि रु. ९०१०००।- मा कार्य सम्पन्न गर्ने गरी २०७४।०३।२५ भित्र पाश्वचित्र तयारी गरी उपलब्ध गराउने उल्लेख गरिएकोमा आ.व. को अन्तमा ४ लाखको बिल पेश गरी पेश्की फछ्र्यौट गरी सम्झौत रद्द गर्ने उल्लेख गरी रुड्सेक बाजुराले च.नं. १०६ मिति २०७४।०३।२५ मा मात्र पत्राचार गरिएकोमा प्रोफाईल तयार नगरी सम्झौता बमोजिम काम गरेको नदेखिएको तर के कारणले सम्झौता रद्द गरिएको हो सो एकिन हुनुपर्ने तथा जुन उद्देश्यका लागि सम्झौता गरिएको हो सो विना नै रु. ४,००,०००।- भुक्तानी गरेकोले नियम संगत मान्न नसकिएको, प्रोफाईल तयारीको लागि गणकको पारिश्रमिक वापत रु.२,१८,०००।- तथा प्रोफाईल विश्लेषणवापत रु.९०,०००।- कम्प्युटरमा ईन्ट्रीवापत रु.७०,०००।- उल्लेख गरिएकोमा प्रोफाईल दाखिला आम्दानी समेत नदेखिएकोले उक्त परामर्शदातालाई जिम्मेवार वनाई खरिद नियम वमोजिम खरिद कार्य सम्पन्न गर्नु पर्दछ ।

१६. **आनुपातिक कट्टीः-** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १५५(५ढ) उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुपातमा स्थानीय निकायबाट व्यहोरीने रकमलाई पनि कम गरी भुक्तानी गरिने व्यवस्था छ । कैलाशमाण्डौं गाउँ विकास समितिले श्री बडिमालिका सेकेण्डरी स्कुलको खेल मैदान निर्माण गरेकोमा लागत अनुमान रु.४,५५,०००/- भएकोमा २० प्रतिशतले रु. ८७,५००।- योगदान गर्ने गरी सम्झौता भएकोमा कामको प्राविधिक मूल्याङ्कन रु.३,७३,६०८।- भएकोमा आनुपातिक कट्टी गरी रु. २,९८,८८६/- भूक्तानी गर्नुपर्नेमा रु.३,५०,०००/- भूक्तानी गरेकोले वढि भूक्तानी भएको रु.५१,११४।- असूल गर्नुपर्दछ । शाथै साविक तोली गाउँ विकास समितिले लागत अनुमान रु. ७,०३,८१७- भएकोमा २० प्रतिशतले रु. १,५३,८१७- योगदान गर्ने गरी सम्झौता भएकोमा

कामको प्राविधिक मूल्याङ्कन रु. ६६४८११.०० भएकोमा आनुपातिक कट्टी गरी रु. ५,१८,५५२।- भूक्तानी गर्नुपर्नेमा रु. ५,५०,०००।- भूक्तानी गरेकोले वढि भूक्तानी भएको रु. ३१,४४८।- असूल गर्नुपर्दछ।

**तोलि गाउँ विकास समिति**

१७. **आम्दानी रकम :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा गाउँ विकास समितिलाई प्रचलित कानुन बमोजिम प्राप्त हुने रकम आम्दानी रसिद काटी बुझि लिनुपर्नेछ त्यसरी प्राप्त भएको रकम गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी तयस्तो नगद प्राप्त भएको भोलिपल्ट सम्ममा बैंक दाखिला गर्नुपर्नेछ, भन्ने व्यवस्था रहेकोमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची-१० बमोजिम दैनिक आय शिर्षकगत रकम संकलन खाता तयार गरी अभिलेख राखेको नदेखिएको, सिफारिस वापत रु. २१,१६५।- आम्दानी जनाएकोमा उक्त आम्दानी कसरी प्राप्त भएको भन्ने कागजात पेश नभएकोले उक्त आम्दानी पुष्ट्याई हुने कागजात पेश हुनुपर्ने देखिन्छ।

**छतारा गाउँ विकास समिति**

१८. **शीर्षक फरक :-** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(१) मा स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयले पूँजीगत शीर्षकबाट स्वास्थ्य चौकी बर्थीङ सेन्टर व्यवसथापन तथा औषधि खरिदको लागि रु. २,००,०००।- खर्च लेखेकोले अनियमित देखियो।

१९. **लेखा :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा गाउँ विकास समितिलाई प्रचलित कानुन बमोजिम प्राप्त हुने रकम आम्दानी रसिद काटी बुझिलिनु पर्नेछ भन्ने व्यवस्था रहेकोसाथै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को अनुसूची-१० बमोजिम दैनिक आय शिर्षकगत आय संकलन खाता तयार गरी अभिलेख राख्नुपर्नेमा गाँउ विकास समितिले सो अनुसार के कति रकम असुल भएको हो विवरण नरहेको भनि आन्तरिक लेखापरीक्षणबाट औल्याईएकोमा सोप्रति कार्यालयको ध्यान जानु पर्दछ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु. १० लाख ९१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजु फछ्र्यौट नगरेकोले रु. १० लाख ९१ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ११ हजार, नियमित गर्नुपर्ने रु. ८ लाख ८० हजार रहेको छ।

# बुढीगंगा नगरपालिका, बाजुरा

## लेखापरीक्षण प्रतिबेदन

गत वर्षको मौज्दात रु. १ हजार र यो वर्षको आय रु. ५ करोड ८३ लाख ९५ हजार समेत रु. ५ करोड ८३ लाख ९६ हजार आम्दानी भएकोमा रु. ५ करोड ९ लाख ९३ हजार खर्च भई रु. ७४ लाख ३ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नक्सा पास :** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १५० मा नगरपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माण गर्ने अनुमतिको लागि भवनको नक्सा सहितको तोकिएको ढाँचामा नगरपालिका समक्ष दरखास्त दिनुपर्ने, दफा १५३ मा नगरपालिकाले जाँचवुझ गर्ने तथा दफा १५६ मा भवन निमार्ण गर्न नक्सा पास गर्नुपर्ने उल्लेख भएकोमा यस नगरपालिकाको क्षेत्रमा भवन निर्माण गर्ने कुनै पनि व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माणको अनुमति दिने गरेको देखिएन । यसवाट व्यवस्थित भवन निर्माणमा असर परेको छ भने नगरपालिकाको आयस्रोतमा पनि प्रभाव पारेकोले नक्सा पास गर्ने व्यवस्था अवलम्वन गर्नुपर्ने देखिन्छ ।

२. **कन्टिन्जेन्सी खाता** : नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०।१।२४ गतेको परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा खर्च गर्ने रकमको ५ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ । यसरी कन्टीन्जेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी ३ प्रतिशत प्रशासनिक र २ प्रतिशत पुँजी निर्माणमा खर्च गर्न मिल्नेमा नगरपालिकाले कन्टीन्जेन्सी खर्च देखिने गरि छुट्टै खाता राखेको देखिएन । अत कन्टीन्जेन्सी खाता राखी कन्टीन्जेन्सी रकम व्यवस्थीत गरिनु पर्दछ ।

३. **आम्दानी सम्वन्धमा :** साविक गाउँ विकास समिति कुलदेवमाण्डौबाट रु ४२५३७, वाह्रविस गा.वि.स. बाट २९४९९ आम्दानी प्राप्त भएको तर वह्रमतोला गा.वि.स बाट कुनै पनि किसिमको आम्दानी प्राप्त भएको देखिएन । नगरपालिकाले २०७३ फाल्गुन मसान्त पश्चात केवल रु ११९१५९ मात्र आम्दानी प्राप्त गरेको देखिन्छ । नगरपालिकाले गरेको खर्चको अनुपातमा आन्तरिक आय निकै न्यून देखिएको हुनाले आन्तरिक आय वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४. **खरिद योजना :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ र उपनियम (५) बमोजिम वार्षिक दश लाख भन्दा बढि रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नु पर्ने, उपनियम (९) मा चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भए पछि उपनियम (५) बमोजिम तयार भएको वार्षिक खरिद योजनामा स्वीकृत कार्यक्रम तथा बजेट अनुरुप परिमार्जन गर्नु पर्ने व्यवस्था रहेको छ । कर्यालयले सो अनुरुप खरिद योजना तयार गरेको पाइएन । अत: नियमावलीमा तोके बमोजिम खरिद योजना बनाउने र सो बमोजिम खरिद व्यबस्थापन गर्नेतर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

५. **कारोबारको लेखा:-** आर्थिक कार्यविधि ऐन, २०५५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक तिन गाउँ विकास समिति तथा वर्तमान गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अत: गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

६. **लागत अनुमान:-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७. **सार्वजनिक परीक्षण –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) बमोजिम उपभोक्ता समितिवाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नापजांच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन ।

८. **बरबुझारथ:-** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा

नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ ।

९. **जिन्सी निरीक्षणः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी निरिक्षण प्रतिवेदन तोकिएको ढाँचामा जिन्सी खाता अध्यावधिक गरी राख्नुपर्ने र नियमानुसार जिन्सी निरिक्षण गराई अवश्यक कारवाही गर्नुपर्दछ ।

१०. **शीर्षक फरक :** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३५ मा स्वीकृत वजेटभित्र र सम्वन्धित खर्च शीर्षकमा खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाका सविकका कुलदेवमाण्डौं, ब्रहमतोला तथा बाह्रविस गा.वि.सले चालु शिर्षकबाट गर्नुपर्ने खर्च पुँजीगत शिर्षकबाट गरेकोले फरक शिर्षक पारि गरिएको खर्च रु. ४,८७,०००।- अनियमित देखियो ।

११. **आनुपातिक कट्टीः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित आयोजनाको रकम भुक्तानी गर्दा उपभोक्ता समितिको अंश कट्टी नगरी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु. २,६३,१४१।- गरेकोले असुल गर्नुपर्दछ ।

१२. **टुक्रा खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले फर्निचर तथा अन्य मेशिनरी औजारहरु रु. १८,७३,१४८।- सामानहरु प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक खरिद गरेको देखियो । अतः कार्यालयले नियम पालना गर्नेतिर ध्यान दिनु पर्दछ ।

१३. **रकम निकाशा :** सार्वजनिक साधन श्रोतको प्रयोग सार्वजनिक हितको लागि प्रयोग गर्नुपर्नेमा कार्यालयले जनकल्याण बहुउद्देश्यीय सहकारी संसथा लि., कृषि सहकारी संस्था लि., महिला बहुउद्देश्यीय सहकारी संस्था लि., बडिमालिका क्याम्पस व्यवस्थापन, बडीमालिका कृषि सहकारी संस्था लि. सहित ५ संस्थाहरुलाई,रु. ६,७७,३६६**।-** रकम निकासा गरेको देखिन्छ । यसरी नाफामुलक संस्थालाई निकासा दिदा नियमसंगत नदेखिएकोले सार्वजनिक श्रोतको प्रयोग सार्वजनिक हितको लागि मात्रै गर्नुपर्दछ ।

१४. **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँ विकास समितिले रु. १,९०,८५८।- को विल भरपाई पेश गरि रु. २,६०,०००।- को पेश्की फछ्र्यौट गरेकोले बिल भरपाई वेगरको पेश्की फछ्र्यौट रकम रु. ६९,१४२।- असुल गर्नुपर्दछ ।

१५. **ओभरहेड भुक्तानीः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) बमोजिम उपभोक्ता समितिलाई निर्माण कार्यको काम दिँदा लागत अनुमानमा रहेको ओभरहेड रकम कट्टा गरेरमात्र भुक्तानी गर्नुपर्नेमा बाह्रबिस गाउँ विकास समितिले वार्जुगाड लघु जलविद्युत आयोजना नहर निर्माण उपभोक्ता समितिलाई नियम विपरित रु ६८,१४६।- ओभरहेड वापत भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु. १० लाख ८४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजु फछ्र्यौट नगरेकोले रु. १० लाख ८४ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ४ लाख ११ हजार , नियमित गर्नुपर्ने रु. ६ लाख ७३ हजार रहेको छ ।

# बुढीनन्दा नगरपालिका, बाजुरा

## लेखापरीक्षण प्रतिबेदन

गत वर्षको मौज्दात रु. ८० हजार र यो वर्षको आय रु. ६ करोड ९७ लाख ३४ हजार समेत रु. ६ करोड ९८ लाख १४ हजार आम्दानी भएकोमा रु. ६ करोड ८७ लाख ७५ हजार खर्च भई रु. १० लाख ३९ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नक्सा पास :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १५० मा नगरपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माण गर्ने अनुमतिको लागि भवनको नक्सा सहितको तोकिएको ढाँचामा नगरपालिका समक्ष दरखास्त दिनुपर्ने, दफा १५३ मा नगरपालिकाले जाँचवुझ गर्ने तथा दफा १५६ मा भवन निर्माण गर्न नक्सा पास गर्नुपर्ने उल्लेख भएकोमा यस नगरपालिकाको क्षेत्रमा भवन निर्माण गर्ने कुनै पनि व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माणको अनुमति दिने गरेको देखिएन । यसवाट व्यवस्थित भवन निर्माणमा असर परेको छ भने नगरपालिकाको आयस्रोतमा पनि प्रभाव पारेकोले नक्सा पास गर्ने व्यवस्था अवलम्वन गर्नुपर्ने देखिन्छ ।

२. **कन्टिन्जेन्सी खाता** : नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०।१।२४ गतेको परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा खर्च गर्ने रकमको ५ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ । यसरी कन्टीनजेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी ३ प्रतिशत प्रशासनिक र २ प्रतिशत पुँजी निर्माणमा खर्च गर्न मिल्नेमा नगरपालिकाले कन्टीन्जेन्सी खर्च देखिने गरि छुट्टै खाता राखेको देखिएन । अत कन्टीन्जेन्सी खाता राखी कन्टीन्जेन्सी रकम व्यवस्थीत गरिनु पर्दछ ।

३. **आम्दानी सम्वन्धमा :** साविक गाउँ विकास समिति पाण्डुसैन, कोटिला र कोल्टी बाट फाल्गुन मसान्त सम्म आन्तरिक आय शुन्य भएकोमा नगरपालिका गठन भए पश्चात पनि नगरपालिकाको आन्तरिक आय नदेखिएकोले नगरपालिकाले गरेको खर्चको अनुपातमा आन्तरिक आय वृद्धि गर्नुपर्ने देखिन्छ ।

४. **खरिद योजना :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ अनुसार र उपनियम (५) बमोजिम वार्षिक दश लाख भन्दा बढि रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नु पर्ने, उपनियम (९) मा चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भए पछि उपनियम (५) बमोजिम तयार भएको वार्षिक खरिद योजनामा स्वीकृत कार्यक्रम तथा बजेट अनुरुप परिमार्जन गर्नु पर्ने व्यवस्था रहेको छ । कर्यालयले सो अनुरुप खरिद योजना तयार गरेको पाइएन । अत: नियमावलीमा तोके बमोजिम खरिद योजना बनाउने र सो बमोजिम खरिद व्यबस्थापन गर्नेतर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

५. **कारोबारको लेखाः-** आर्थिक कार्यविधि ऐन, २०५५तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक तिन गाउँ विकास समिति तथा वर्तमान नगरपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः नगरपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

६. **लागत अनुमानः-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७. **सार्वजनिक परीक्षण –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) बमोजिम उपभोक्ता समितिवाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नापजांच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन । यसवाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको छ,देखाएका खर्चका विल भरपाई सहि र यथार्थ छन् भनि विश्वस्त हुने आधार देखिदैन । उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ ।

८. **बरबुझारथः-** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्वन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७

बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ ।

९. **जिन्सी निरीक्षणः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ, । कार्यालयले जिन्सी निरिक्षण प्रतिवेदन तोकिएको ढाँचामा जिन्सी खाता अध्यावधिक गरी राख्नुपर्ने र नियमानुसार जिन्सी निरिक्षण गराई अवश्यक कारवाही गर्नुपर्दछ ।

१०. **भरपाई वेगरको खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । साविक कोल्टी तथा पाण्डुसैन गा.वि.सले बिल भरपाई बेगर रु. २९,३००।- खचे लेखेकोले उक्त रकम असूल गर्नुपर्दछ ।

११. **शीर्षक फरक :** आर्थिक कार्यविधि नियमावली २०६४ नियम ३५ मा स्वीकृत वजेटभित्र र सम्वन्धित खर्च शीर्षकमा खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाका सविकका कोल्टी गा.वि.स.ले रु. २,०२,७६३।- तथा कोटीला गा.वि.सले रु. १६०००।- समेत रु. २,१८,७६३।- चालु शिर्षकबाट गर्नुपर्ने खर्च पुँजीगत शिर्षकबाट गरेकोले फरक शिर्षक पारि गरिएको खर्च रु. २,१८,७६३।- अनियमित देखियो ।

१२. **टुक्रा खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले फर्निचर तथा अन्य मेशिनरी औजारहरु रु. १९,४१,८६५।- सामानहरु प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक खरिद गरेको देखियो । अतः कार्यालयले नियम पालना गर्नेतिर ध्यान दिनु पर्दछ ।

१३. **सपोर्ट खर्चः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(८) बमोजिम सार्वजनिक निकायले उपभोत्ता समितिलाई व्यवस्थापन खर्च उपलब्ध गराउन सक्ने तर त्यस्तो खर्च सार्वजनिक निकायले कट्टा गरेको कन्टिन्जेन्सीबाट भुक्तानी गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोमा कार्यालयले ४ सडक आयोजनामा उपभोक्ता समितिलाई सपोर्ट स्टाफ खर्च रु. ६६,५००।- थप उपलब्ध गराएकोमा कन्टिन्जेन्सीबाट उक्त रकम उपलब्ध गराएको नदेखिएकोले असुल हुनुपर्दछ ।

१४. **प्राविधिक खर्चः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(८) बमोजिम सार्वजनिक निकायले उपभोत्ता समितिलाई व्यवस्थापन खर्च उपलब्ध गराउन सक्ने तर त्यस्तो खर्च सार्वजनिक निकायले कट्टा गरेको कन्टिन्जेन्सीबाट भुक्तानी गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोमा कार्यालयले २ आयोजनामा उपभोक्ता समितिलाई प्राविधिक खर्च रु.७५०००।- थप उपलब्ध गराएकोमा कन्टिन्जेन्सीबाट उक्त रकम उपलब्ध गराएको नदेखिएकोले असुल हुनुपर्दछ ।

१५. **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । नगरपालिकाले प्राथमिक स्वास्थ्य केन्द्र कोल्टीको जग्गा खरिद बापत रु. २५,००,०००।-, पाण्डुसैन गाउँ विकास समितिको कार्यालयले १० आयोजनाहरुको पेश्की रु ४८५००० , कोल्टी गाउँविकास समितिको कार्यालयले गडखेत पाईन खानेपानी उपभोक्ता समितिलाई दिएको पेस्की रु. २,००,०००।-, पेश्की दिएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म समेत फछ्र्यौट गरेको नदेखिएकोले कानुन अनुसार फछ्यौंट गर्नुपर्ने देखियो ।

१६. **कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । कोल्टी गाउँ विकास समितिको कार्यालयले करकट्टी गरेको रु. ४,१८५।-, कोटिला गाउँ विकास समितिको कार्यालयले करकट्टी गरेको रु. ४,६६६।- दाखिला नगरेको हुनाले उक्त रकम दाखिला गर्नुपर्दछ ।

**पाण्डुसैन गाउँ विकास समिति**

१७. **बढी पारिश्रमिकः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को ३६(८) मा कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले श्री गुर्धामीलाई निजले पाउने भन्दा वढी पारिश्रमिक रु. ९,७८५।- भुक्तानी गरेकोले असुल गर्नुपर्दछ ।

१८. **अग्रिम आयकरः-** आयकर ऐन, २०५८ को दफा ८८(१) मा बासिन्दा व्यक्तिले नेपालमा श्रोत भएको सेवा शुल्कको रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । गाउँ विकस समितिको कार्यालयले सामाजिक सुरक्षासँग सम्बन्धित MIS Data Entry गरेवापत सेवा शुल्क रु. १४,७००।- भुक्तानी गरी खर्च लेखेकोमा अग्रिम आयकर कट्टी नगरेकोले सो भुक्तानीमा १५ प्रतिशतले हुन आउने अग्रिम आयकर रु. २,२०५।- असुल गर्नुपर्दछ ।

**कोल्टी गाउँ विकास समिति**

१९. **बढी दैनिक भत्ता :-** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(४) मा सरकारी काजमा खटिएको पदाधिकारी वा कर्मचारीले काजबाट कार्यालय फर्केको दिनको पाउने दैनिक भत्ताको पच्चीस प्रतिशत पाउने तथा ऐजन नियमावलीको ७(६क) मा सात दिनभन्दा बढी अवधि गर्नुपर्दा एक तह माथीबाट स्वीकृती लिनुपर्ने व्यवस्था छ । ना.सु. श्री रामदत्त न्यौपानेले नियमावली विपरीत दैनिक भत्ता लिएको रु. ११,६४०।- असुल गर्नुपर्दछ ।

२०. **लेखापरीक्षण शुल्क :** स्थानीय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५९(३) वार्षिक तीनलाख रुपैंयाँसम्मको कारोबारमा दुईहजार रुपैंयासम्म र त्यसपछि सातलाख रुपैंयाँसम्म प्रति हजार थप दुई रुपैंया, त्यसपछि पच्चीसलाख रुपैंयासम्म प्रति हजार थप एक रुपैंयाँ र त्यसपछि प्रत्येक पाँचलाख रुपैंयाँमा दुईसय रुपैंयाँ थप पारिश्रमिक दिनुपर्ने व्यव्स्था छ । कोल्टी गाविसको आर्थिक वर्ष २०७२।७३ को लेखापरीक्षण अंक रु. १२५,५४,३४४।- को अन्तिम लेखापरीक्षण गरेवापत श्री प्रताप गुर्धामीलाई लेखापरीक्षण सेवा शुल्क रु. ९,५२२।- भुक्तानी गर्नुपर्नेमा रु. २५,९००।- भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु. १६,३७८।- असुल गर्नुपर्दछ

**कोटीला गाउँ विकास समितिः**

२१. **बढी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२क) मा कुनै खर्च गर्दा स्वीकृत बजेटको अधिनमा रहि खर्च गर्न बाँकी छ भनी विचार गरी मात्रै खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँ विकास समितिको कार्यालयले बजेट रु. ३,६३,३३२।- रहेकोमा खर्च रु. ३,७७,२००।- लेखेकोले बढी खर्च गरेको रु. १३,६८६।- असुल गर्नुपर्ने देखियो ।

२२. **स्थापना पुर्व मालसामान** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा कार्यालयले स्वीकृत लागत खर्चको सीमा भित्र रही कार्यक्रम सञ्चालन गरिरएको छ र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिव छ भन्ने विषयमा विश्वस्त हुनुपर्ने उल्लेख छ । नगरपालिकाले रेडीयो स्थापना तथा सञ्चालन नै नभएको अवस्थामा रेडीयो बुढिनन्दालाई Perfcet Media Pvt. Ltd. को विल नं. १०२ मिति ०७३।१०।२३ को विलबाट सोलार सिस्टम खरिद गरिएको बिल रकम रु. १,०१,७००।- को पेश गरि रेडियो बुढीनन्दालाई रु. १,००,०००।- भुक्तानी गरेको देखियो । सार्वजनिक स्रोतको उपयोग सार्वजनिक हितमा प्रयोग नभई निजि प्रसारण संस्थालाई विलको आधारमा भुक्तानी दिएको छ । यसरी रकम खर्च गरेकोमा नगरपालिकाले के प्रतिफल प्राप्त गरेको हो नखुलेको देखिएकोले उक्त खर्च अनियमित देखियो ेे।।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु. ३९ लाख ९९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजु फछ्र्यौट नगरेकोले रु. ३९ लाख ९९ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ४ हजार, नियमित गर्नुपर्ने रु.६ लाख १० हजार तथा पेश्की रु. ३१ लाख ८५ हजार रहेको छ ।

# गौमूल गाउँपालिका, बाजुरा

## लेखापरीक्षण प्रतिबेदन

गत वर्षको मौज्दात रु. २२ हजार र यो वर्षको आय रु. ३ करोड २३ लाख ८२ हजार समेत रु. ३ करोड २४ लाख ४ हजार आम्दानी भएकोमा रु. २ करोड ५७ लाख २४ हजार खर्च भई रु. ६६ लाख ८० हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **खरिद योजना :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ र उपनियम (५) बमोजिम वार्षिक दश लाख भन्दा बढि रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नु पर्ने, उपनियम (९) मा चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भए पछि उपनियम (५) बमोजिम तयार भएको वार्षिक खरिद योजनामा स्वीकृत कार्यक्रम तथा बजेट अनुरुप परिमार्जन गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सो अनुरुप खरिद योजना तयार गरेको पाइएन । खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आवश्यक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ ।

२. **कन्टिन्जेन्सी खाता** : नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०।१।२४ गतेको परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा खर्च गर्ने रकमको ५ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ । यसरी कन्टीनजेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी ३ प्रतिशत प्रशासनिक र २ प्रतिशत पुँजी निर्माणमा खर्च गर्न मिल्नेमा नगरपालिकाले कन्टीन्जेन्सी खर्च देखिने गरि छुट्टै खाता राखेको देखिएन । अत कन्टीन्जेन्सी खाता राखी कन्टीन्जेन्सी रकम व्यवस्थीत गरिनु पर्दछ ।

३. **आम्दानी सम्वन्धमा :** साविक गाउँ विकास समिति दहकोट र मानाकोट बाट फाल्गुन मसान्त सम्म आन्तरिक आय शुन्य भएकोमा गाउँपालिका गठन भए पश्चात केवल रु १८,११५।- मात्र आम्दानी प्राप्त गरेको देखिन्छ । गाउँपालिकाले गरेको खर्चको अनुपातमा आन्तरिक आय निकै न्यून देखिएको हुनाले आय वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४. **कारोबारको लेखाः-** आर्थिक कार्यविधि ऐन, २०५५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक दुई गाउँ विकास समिति तथा वर्तमान गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

५. **लागत अनुमानः-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६. **सार्वजनिक परीक्षणः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) बमोजिम उपभोक्ता समितिवाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नापजांच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन ।

७. **बरबुझारथः-** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ ।

८. **जिन्सी निरीक्षणः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ, कार्यालयले जिन्सी निरिक्षण प्रतिवेदन तोकिएको ढाँचामा जिन्सी खाता अध्यावधिक गरी राख्नुपर्ने र नियमानुसार जिन्सी निरिक्षण गराई आवश्यक कारवाही गर्नुपर्दछ ।

९. **शीर्षक फरक :** आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३५(२) मा स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही सम्बन्धित खर्च शीर्षकबाट गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाका सविकका गौमूल, दहकोट तथा

मानाकोट गा.वि.सहरुले चालु शिर्षकबाट गर्नुपर्ने खर्च पुँजीगत शिर्षकबाट भएकोले फरक शिर्षक पारि गरिएको खर्च रु. ५,६२,२५०।- अनियमित देखियो ।

१०. **बढी भुक्तानी :-** नेपाल-फिनल्याण्डको सहयोगमा संचालित ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाको सम्झौतामा योजनाको कुल लागतको ६ प्रतिशत योगदान गाउँ विकास समितिले गर्ने व्यवस्था रहेको छ । गाउँ विकास समितिले ५ आयोजनाहरुको कार्यसम्पन्न मूल्यांकन प्रतिवेदनमा भएको रकमको ६ प्रतिशतले हुन आउने रकमभन्दा बढी भूक्तानी गरेको रु. १,०४,७९१।- असुल गर्नुपर्दछ ।

११. **व्यवस्थापन खर्चः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(८) बमोजिम सार्वजनिक निकायले उपभोत्ता समितिलाई व्यवस्थापन खर्च उपलब्ध गराउन सक्ने तर त्यस्तो खर्च सार्वजनिक निकायले कट्टा गरेको कन्टिन्जेन्सीबाट भुक्तानी गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोमा कार्यालयले १५ आयोजनामा उपभोक्ता समितिलाई साईट सुपरभाईजर खर्च रु. ६८८०५।- थप रकम उपलब्ध गराएकोमा कन्टिन्जेन्सीबाट उक्त रकम उपलब्ध गराएको नदेखिएकोले असुल हुनुपर्दछ ।

१२. **टुक्रा खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । कार्यालयले फर्निचर तथा अन्य मेशिनरी औजारहरु रु १८३०५०१.०० सामानहरु प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक खरिद गरेको देखियो । अतः कार्यालयले नियम पालना गर्नेतिर ध्यान दिनु पर्दछ ।

१३. **आनुपातिक कट्टीः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले थारखोला लघुजलविद्युत( पहिलो) आयोजनाको लागत अनुमान रु. २१,०९,२८३।- मध्ये साविकको गाउँ विकास समिति मानाकोटले रु. ८,००,०००।- व्यहोर्ने गरि सम्झौता भएकोमा कार्यसम्पन्न मूल्यांकन रु. २०,६८,५६०।- अनुसार रु. ७,८४,६०५।- भूक्तानी गर्नुपर्नेमा रु. ८,००,०००।- भुक्तानी गरेको देखिन आएकोले बढी भूक्तानी भएको रु. १५,३९५।- असुल गर्नुपर्दछ ।

## बेरुजू स्थिति

लेखापरीक्षणबाट रु. ७ लाख ५१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजु फछ्र्यौट नगरेकोले रु. ७ लाख ५१ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १ लाख ८९ हजार, नियमित गर्नुपर्ने रु.५ लाख ६२ हजार रहेको छ ।

# पाण्डवगुफा गाउँपालिका, बाजुरा

## लेखापरीक्षण प्रतिबेदन

गत वर्षको मौज्दात रु. ५ हजार र यो वर्षको आय रु. ४ करोड ६ लाख ५४ हजार समेत रु. ४ करोड ६५ लाख ९ हजार आम्दानी भएकोमा रु. ३ करोड ३३ लाख २२ हजार खर्च भई रु. ७३ लाख ३७ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **खरिद योजना :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ र उपनियम (५) बमोजिम वार्षिक दश लाख भन्दा बढि रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नु पर्ने, उपनियम (९) मा चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भए पछि उपनियम (५) बमोजिम तयार भएको वार्षिक खरिद योजनामा स्वीकृत कार्यक्रम तथा बजेट अनुरुप परिमार्जन गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले सो अनुरुप खरिद योजना तयार गरेको पाइएन ।

२. **कन्टिन्जेन्सी खाता** : नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०।१।२४ गतेको परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा खर्च गर्ने रकमको ५ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ। यसरी कन्टीनजेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी ३ प्रतिशत प्रशासनिक र २ प्रतिशत पुँजी निर्माणमा खर्च गर्न मिल्नेमा नगरपालिकाले कन्टीन्जेन्सी खर्च देखिने गरि छुट्टै खाता राखेको देखिएन। अत कन्टीन्जेन्सी खाता राखी कन्टीन्जेन्सी रकम व्यवस्थीत गरिनु पर्दछ।

३. **आम्दानी** : साविक गाउँ विकास समिति जगनाथ र गोत्रि बाट फाल्गुन मसान्त सम्म आन्तरिक आय शुन्य भएकोमा गाउँपालिका गठन भए पश्चात पनि गाउँपालिकाको आन्तरिक आय नदेखिएकोले गाउँपालिकाले गरेको खर्चको अनुपातमा आन्तरिक आय वृद्धि गर्नुपर्ने देखिन्छ।

४. **कारोबारको लेखा:-** आर्थिक कार्यविधि ऐन, २०५५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक दुई गाउँ विकास समिति तथा वर्तमान गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन। अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ।

५. **लागत अनुमान:-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो। कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ।

६. **सार्वजनिक परीक्षण –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) उपभोक्ता समितिवाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नापजांच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन। केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन।

७. **बरबुझारथ:-** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ।

८. **जिन्सी निरीक्षण:-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ, कार्यालयले जिन्सी निरिक्षण प्रतिवेदन तोकिएको ढाँचामा जिन्सी खाता अध्यावधिक गरी राख्नुपर्ने र नियमानुसार जिन्सी निरिक्षण गराई आवश्यक कारवाही गर्नुपर्दछ।

९. **कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले साविक गाउँ विकास समितिको कार्यालयले करकट्टी गरेको रु. १,९१,८२।- दाखिला गर्नुपर्दछ।

१०. **वढि भूक्तानी** : जिल्ला मालपोत कार्यालयबाट जगन्नाथ स्वास्थ्य चौकीको नाममा जारी लालपूर्जा अनुसार जग्गा खरिद गर्दा रु. १,७६,०००।- मूल्यांकन देखिएकोमा रु. २,३०,०००।- भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको रु. ५४०००।- असुल गर्नुपर्दछ।

११. **शीर्षक फरक :-** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३५ मा स्वीकृत वजेटभित्र र सम्वन्धित खर्च शीर्षकमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले महिला स्वास्थ्य स्वमं सेविकाको प्रोत्साहन भत्ता वापत रु ६४,८००।- चालु शिर्षकबाट खर्च लेख्नुपर्नेमा पूँजीगत शीर्षकबाट खर्च लेखेको देखिएकोले शिर्षक फकर पारि गरेको खर्च अनियमित देखियो ।

१२. **जनश्रमदान :** उपभोक्ता समिति मार्फत कुनै निर्माण कार्य गराउदा कम्तिमा २० प्रतिशत जनश्रमदान हुनुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित विभिन्न ४ आयोजनामा ५.३३ प्रतिशत देखि १४.२० सम्म मात्र जनश्रमदान भएको देखिएकोले न्यून जनश्रमदान देखियो । अतः सम्झौता अनुसार जनश्रमदान लिने तर्फ ध्यान दिनुपर्दछ।

१३. **अग्रिम आयकरः-** आयकर ऐन, २०५८ को दफा ८८(१) मा बासिन्दा व्यक्तिले नेपालमा श्रोत भएको सेवा शुल्कको रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्राविधिक सेवा वापत दुईजना ओभरसियरलाई रु. २,७०,०००।- भूत्तानी गर्दा १५ प्रतिशतले रु. ४०,५००।- कट्टा गर्नुपर्नेमा रु. २७००।- मात्र कट्टा गरेकोले नपुग अग्रिम आयकर वापत रु. ३७,८००।- असुल गर्नुपर्दछ।

१४. **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(१) मा सार्वजनिक निकायले नियम ९ को अधिनमा रही निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले भुकाखोला जलविद्युत आयोजनाको हाउस वायरिङको सामान स्थानीइ जनतालाई तार वितरण गरी रु. २५,०४,०००।- भुक्तानी गर्दा नियम अनुसारको लागत अनुमान तयार गरेको देखिएन । अत निर्माणसँग सम्वन्धित कार्यसम्पादन गर्दा लागत अनुमान तयार गरी ठेक्का विल, नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी गर्ने तर्फ ध्यान दिनुपर्दछ।

१५. **टुक्रा खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । कार्यालयले फर्निचर तथा अन्य मेशिनरी औजारहरु रु १५,७९,००५।- सामानहरु प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक खरिद गरेको देखियो । अतः कार्यालयले नियम पालना गर्नेतिर ध्यान दिनु पर्दछ ।

१६. **सपोर्ट स्टाफ खर्चः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(८) बमोजिम सार्वजनिक निकायले उपभोत्ता समितिलाई व्यवस्थापन खर्च उपलब्ध गराउन सक्ने तर त्यस्तो खर्च सार्वजनिक निकायले कट्टा गरेको कन्टिन्जेन्सीबाट भुक्तानी गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोमा कार्यालयले ३ आयोजनामा उपभोक्ता समितिलाई सपोर्ट स्टाफ खर्च रु.५२,०००।- थप रकम उपलब्ध गराएकोमा कन्टिन्जेन्सीबाट उक्त रकम उपलब्ध गराएको नदेखिएकोले थप भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

१७. **कार्यसम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीन दिनभित्र सम्बन्धितले निर्माण भएबमोजिमको प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ । सरस्वती मा. वि. खानेपानी आयोजनाको कार्यसम्पन्न प्रतिवेदन वेगर रु. ४,५७,६३२।- खर्च लेखेको देखियो ।

१८. **लेखापरीक्षण शुल्क :** स्थानीय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५९(३) वार्षिक तीनलाख रुपैंयाँसम्मको कारोबारमा दुईहजार रुपैयासम्म र त्यसपछि सातलाख रुपैंयाँसम्म प्रति हजार थप दुई रुपैया, त्यसपछि पच्चीसलाख रुपैंयासम्म प्रति हजार थप एक रुपैंयाँ र त्यसपछि प्रत्येक पाँचलाख रुपैंयाँमा दुईसय रुपैंयाँ थप पारिश्रमिक दिनुपर्ने व्यव्स्था छ । जगन्नाथ गाविसको आर्थिक वर्ष २०७२।७३ को लेखापरीक्षण अंक रु. १,२५,५४,३४४।- को अन्तिम लेखापरीक्षण गरेवापत श्री जगतबहादुर थापालाई लेखापरीक्षण सेवा शुल्क रु. ७,७९०।- भुक्तानी गर्नुपर्नेमा रु. २२,०००।- भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.१४,२१०।- असुल गर्नुपर्दछ।

**जगन्नाथ गाउँ विकास समितिः**

१९. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(१) मा सार्वजनिक निकायले नियम ९ को अधिनमा रही निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा सोही नियमावलीको नियम १२५(१) मा सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीन दिनभित्र सम्बन्धितले निर्माण भएबमोजिमको प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन वेगर बड्डीगाड लघुजलविद्युत आयोजना अन्तर्गत हाउस वायरिङ वापत रु. १,००,०००।- खर्च लेखेको देखियो । अत : निर्माण कार्य सम्पन्दान गर्दा लागत अनुमान तयार गरी नापी किताव एवम कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गर्नुपर्दछ।

२०. **पेस्की फछ्र्यौटः** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले अन्तिम लेखापरीक्षण अवधिसम्म समेत दुई संस्थालाई दिएको पेश्की रु. २,१०,०००।- फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

२१. **श्रोतमा करकट्टी :** आयकर ऐन, २०५८ को दफा ८७ मा विभिन्न वस्तु तथा सेवा खरिद गरेवापत श्रोतमा अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ । गाउँ विकास समितिको कार्यालयले विभिन्न भुक्तानी गर्दा रु. ४,०३१।- अग्रिम कर असुल गर्नुपर्दछ ।

२२. **आम्दानी रकम :** स्थानीय निाय प्रशासन नियमावली, २०६४ मा गाउँ विकास समितिलाई प्रचलित कानुन बमोजिम प्राप्त हुने रकम आम्दानी रसिद काटी बुझिलिनुपर्नेछ, त्यसरी प्राप्त भएको रकम गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्टसम्ममा बैंक दाखिला गर्नुपर्दछ भन्ने व्यवसथा रहेकोमा स्थानीय निकाय प्रशासन नियमावली, २०६४ को अनुसूची-१० बमोजिम दैनिक आय शिर्षकगत कर संकलन खाता तयार गरी अभिलेख राखी लगत तयार गर्नुपर्दछ ।

**गोत्री गाउँ विकास समितिः-**

२३. **कर दाखिलाः** मौज्दात रु. १२,९५०।- देखिएकोमा अग्रिम करकट्टी दाखिला नगरेको रु. १२५८१।- सहित जम्मा रु. २५,५३१।- जिल्ला विकासको कार्यालयलाई फिर्ता पठाएको देखिन्छ । अत : करकट्टि रकम दाखिला गर्नुपर्दछ ।

२४. **पेस्की फछ्र्यौटः** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । मानिकाटा लघुजलविद्युत आयोजना वापत श्री ऐन बहादुर शाहीले रु. १,४०,०००।- पेश्की लिएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म पेश्की फछ्र्यौट भएको देखिएन ।

२५. **स्थापना पुर्व विज्ञापन :** आर्थिक कार्यविधि २०६४ को नियम ४५ मा कार्यालयले स्वीकृत लागत खर्चको सीमा भित्र रही कार्यक्रम सञ्चालन गरिरएको छ र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिव छ भन्ने विषयमा विश्वस्त हुनुपर्ने उल्लेख छ । गाउँ विकास समितिले रेडीयो स्थापना तथा सञ्चालन नै नभएको अवस्थामा रेडीयो वुढिनन्दालाई विज्ञापन तथा व्यवस्थापन वापत रु. १,००,०००।- भुक्तानी गरेको देखियो । सार्वजनिक स्रोतको उपयोग सार्वजनिक हितमा प्रयोग नभई निजि प्रसारण संस्थालाई Perfect Media Pvt. Ltd. टोखा, काठमाण्डौको विलको आधारमा भुक्तानी दिएको छ । यसरी रकम खर्च गरेकोमा गाउँ विकास समितिले के प्रतिफल प्राप्त गरेको हो नखुलेको देखिएकोले उक्त खर्च अनियमित देखियो ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु. ११ लाख ६७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजु फछ्र्यौट नगरेकोले रु. ११ लाख ६७ हजार हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १ लाख ९४ हजार, नियमित गर्नुपर्ने रु.६ लाख २३ हजार र पेश्की रु. ३ लाख ५० हजार रहेको छ ।

# स्वामीकार्तिक गाउँपालिका

## लेखापरीक्षण प्रतिबेदन

गत वर्षको मौज्दात रु. १ लाख २० हजार र यो वर्षको आय रु. ५ करोड १० लाख ९० हजार समेत रु. ५ करोड १२ लाख १० हजार आम्दानी भएकोमा रु.४ करोड ४१ लाख ५४ हजार खर्च भई रु. ७० लाख ५६ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **खरिद योजना :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ र उपनियम (५) मा वार्षिक दश लाख भन्दा बढि रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नु पर्ने, उपनियम (९) मा चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भए पछि उपनियम (५) बमोजिम तयार भएको वार्षिक खरिद योजनामा स्वीकृत कार्यक्रम तथा बजेट अनुरुप परिमार्जन गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सो अनुरुप खरिद योजना तयार गरेको पाइएन । खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आवश्यक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ ।

२. **कन्टिन्जेन्सी खाता** : नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०।१।२४ गतेको परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा खर्च गर्ने रकमको ५ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ । यसरी कन्टीन्जेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी ३ प्रतिशत प्रशासनिक र २ प्रतिशत पुँजी निर्माणमा खर्च गर्न मिल्नेमा नगरपालिकाले कन्टीन्जेन्सी खर्च देखिने गरि छुट्टै खाता राखेको देखिएन । अत कन्टीन्जेन्सी खाता राखी कन्टीन्जेन्सी रकम व्यवस्थीत गरिनु पर्दछ ।

३. **आम्दानी सम्वन्धमा :** साविक गाउँ विकास समिति वाई, जुकोट, साप्पाटा बाट फाल्गुन मसान्त सम्म आन्तरिक आय शुन्य भएकोमा गाउँपालिका गठन भए पश्चात पनि गाउँपालिकाको आन्तरिक आय नदेखिएकोले गाउँपालिकाले गरेको खर्चको अनुपातमा आन्तरिक आय वृद्धि गर्नुपर्ने देखिन्छ ।

४. **कारोबारको लेखाः-** आर्थिक कार्यविधि ऐन, २०५५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक तिन गाउँ विकास समिति तथा वर्तमान गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

५. **मालसामानको लागत अनुमानः-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६. **सार्वजनिक परीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) बमोजिम उपभोक्ता समितिवाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नापजांच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन ।

७. **बरबुझारथः-** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ ।

८. **जिन्सी निरीक्षणः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ, कार्यालयले जिन्सी निरिक्षण प्रतिवेदन तोकिएको ढाँचामा जिन्सी खाता अध्यावधिक गरी राख्नुपर्ने र नियमानुसार जिन्सी निरिक्षण गराई आवश्यक कारवाही गर्नुपर्दछ ।

९. **शीर्षक फरक :** आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३५(२) मा स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही सम्बन्धित खर्च शीर्षकबाट गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाका सविकका जुकोट गा.वि.समा

चालु शिर्षकबाट गनर्सपर्ने खर्च पुँजीगत शिर्षकबाट महिला स्वयं सेविका भत्ता र संचालन खर्च गरेकोले फरक शिर्षक पारि गरिएको खर्च रु. १,१७,४००।- अनियमित देखियो । शाथै कार्यालयले पुँजीगत शीर्षकबाट पशु औषधि खरिद वापतको रु. १८,२२०।- खर्च लेखेकोले अनियमिति देखियो ।

१०. **बढी भुक्तानी :-** नेपाल-फिनल्याडको सहयोगमा संचालित ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनको सम्झौतामा योजनाको कुल लागतको ६ प्रतिशत योगदान गाउँ विकास समितिले गर्ने व्यवस्था छ । बाकियाछाना खानेपानी तथा सरसफाई योजनाको कार्यसम्पादन मूल्यांकन प्रतिवेदन अनुसार रु. १७,९८,०४३।- को ६ प्रतिशतले हुन आउने रु. १,०७,८८३।- भुक्तानी गर्नुपर्नेमा रु. १,२२,०००।- भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु. १४११७।- असुल गर्नुपर्दछ ।

११. **टुक्रा खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । कार्यालयले फर्निचर तथा अन्य मेशिनरी औजारहरु रु. २२,२४,१४६।- सामानहरु प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक खरिद गरेको देखियो । अतः कार्यालयले नियम पालना गर्नेतिर ध्यान दिनु पर्दछ ।

१२. **ब्लु बुकः-** गाउँपालिकाबाट १ वटा CB-UNICORN–160 मोटरसाईकल रु २,५५,२३५।- मा खरिद गरेकोमा गाउँपालिकाको स्वामित्वमा आएको ब्लुबुक संलग्न नगरेको हुनाले उक्त प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।

१३. **पेश्की फछ्र्यौटः-** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । स्थानीय निकाय ससर्त पूँजीगत अनुदानबाट विभिन्न ४ संस्थालाई दिएको पेश्की रु. ८,१६,०८०।- लेखापरीक्षण अवधिसम्म फछ्र्यौट भएको नदेखिएकोले नियाननुसार फछ्र्यौट गर्नुपर्दछ ।

१४. **स्थापना पुर्व विज्ञापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा कार्यालयले स्वीकृत लागत खर्चको सीमा भित्र रही कार्यक्रम सञ्चालन गरिरएको छ र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिव छ भन्ने विषयमा विश्वस्त हुनुपर्ने उल्लेख छ । गाउँ विकास समितिले रेडीयो स्थापना तथा सञ्चालन नै नभएको अवस्थामा रेडीयो वुढिनन्दालाई विज्ञापन तथा व्यवस्थापन वापत रु. २,००,०००।- भुक्तानी गरेको देखियो । सार्वजनिक स्रोतको उपयोग सार्वजनिक हितमा प्रयोग नभई निजि प्रसारण संस्थालाई Perfect Media Pvt. Ltd. टोखा, काठमाण्डौको विलको आधारमा भुक्तानी दिएको छ । यसरी रकम खर्च गरेकोमा गाउँ विकास समितिले के प्रतिफल प्राप्त गरेको हो नखुलेको देखिएकोले उक्त खर्च अनियमित देखियो ।

१५. **जिन्सी दाखिलाः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । साविक जुकोट गाउँ विकास समितिको कार्यालयले टेबल ३ थान तथा बेञ्च ५ थान खरिद गरेवापतको रु. २०,०००।- खर्च लेखेकोमा सो सामानहरु जिन्सी आम्दानी बाँधेको देखिएन । कार्यालयले प्राप्त गरेका जिन्सी मालसामानको दाखिला गरी आम्दानी बाँध्ने तर्फ ध्यान दिनुपर्दछ ।

१६. **स्थापना पुर्व मालसामान** : आर्थिक कार्यविधि २०६४ को नियम ४५ मा कार्यालयले स्वीकृत लागत खर्चको सीमा भित्र रही कार्यक्रम सञ्चालन गरिरएको छ र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिव छ भन्ने विषयमा विश्वस्त हुनुपर्ने उल्लेख छ । साविक वाई गाउँ विकास समितिले रेडीयो स्थापना तथा सञ्चालन नै नभएको अवस्थामा रेडीयो वुढिनन्दालाई Broadcasting Com Engineering Pvt. Ltd. Anamnagar Kathmandu को बिल नं. ८७ वाट मिति २०७३।०९।०८ view tower १७० फिट ५०० केजीको रु. २,२६,०००।- संलग्न राखि नियम विपरीत रु. २,०८,६२०।- भुक्तानी गरेको देखियो । सार्वजनिक स्रोतको उपयोग सार्वजनिक हितमा प्रयोग नभई निजि प्रसारण संस्थालाई विलको आधारमा भुक्तानी दिएको छ । यसरी रकम खर्च गरेकोमा गाउँ विकास समितिले के प्रतिफल प्राप्त गरेको हो नखुलेको देखिएकोले उक्त खर्च अनियमित देखियो ।

**साप्पाटा गाउँ विकास समितिः**

१७. **बोर्डिङ पासः-** भ्रमण खर्च नियमावली २०६४ को नियम १८(२) हवाई यातायातको सुविधा लिने पदाधिकारी वा कर्मचारीले हवाई टिकट पेश गरेमा मात्र सो बापतको रकम भुक्तानी दिइने उल्लेख छ । कार्यालयले श्री मन बहादुर रोकायालाई १४ मार्च २०१७ मा काठमाडौंबाट नेपालगञ्जसम्म हवाइटिकटको रु. ५,२०० र १५ मार्च २०१७ मा नेपालगञ्ज देखि बाजुरासम्म हवाइटिकटको रु. ३,९५५।- समेत गरी रु. ९,१५५ भुक्तानी दिएकोमा हवाई टिकट एवम वोर्डिङ्ग पास संलग्न नभएको हुनाले उक्त प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गनुपर्ने देखिन्छ ।

१८. **आनुपातिक कट्टीः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित आयोजनाको रकम भुक्तानी गर्दा ३ उपभोक्ता समितिको अंश कट्टी नगरी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु. १९,३९५।- गरेकोले असुल गर्नुपर्दछ ।

१९. **स्थापना पुर्व विज्ञापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा कार्यालयले स्वीकृत लागत खर्चको सीमा भित्र रही कार्यक्रम सञ्चालन गरिरएको छ र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिव छ भन्ने विषयमा विश्वस्त हुनुपर्ने उल्लेख छ । गाउँ विकास समितिले रेडीयो स्थापना तथा सञ्चालन नै नभएको अवस्थामा रेडीयो बुढिनन्दालाई विज्ञापन तथा व्यवस्थापन वापत रु १,००,०००।- भुक्तानी गरेको देखियो । सार्वजनिक स्रोतको उपयोग सार्वजनिक हितमा प्रयोग नभई निजि प्रसारण संस्थालाई Perfect Media Pvt. Ltd. टोखा, काठमाण्डौको विलको आधारमा भुक्तानी दिएको छ । यसरी रकम खर्च गरेकोमा गाउँ विकास समितिले के प्रतिफल प्राप्त गरेको हो नखुलेको देखिएकोले उक्त खर्च अनियमित देखियो ।

## बेरुजू स्थिति

लेखापरीक्षणबाट रु. १६ लाख ८८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजु फछ्र्यौट नगरेकोले रु. १६ लाख ८८ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३४ हजार, नियमित गर्नुपर्ने रु. ८ लाख ३६ हजार र पेश्की रु. ८ लाख १८ हजार रहेको छ ।

# छेडेदह गाउँपालिका

## लेखापरीक्षण प्रतिबेदन

गत वर्षको मौज्दात रु. १ लाख २१ हजार र यो वर्षको आय रु.५ करोड ७५ लाख ७५ हजार समेत रु. ५ करोड ७६ लाख ९६ हजार आम्दानी भएकोमा रु. ५ करोड ७ लाख १० हजार खर्च भई रु. ६९ लाख ८६ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **खरिद योजना :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ र उपनियम (५) बमोजिम वार्षिक दश लाख भन्दा बढि रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नु पर्ने, उपनियम (९) मा चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भए पछि उपनियम (५) बमोजिम तयार भएको वार्षिक खरिद योजनामा स्वीकृत कार्यक्रम तथा बजेट अनुरुप परिमार्जन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले सो अनुरुप खरिद योजना तयार गरेको पाइएन ।

२. **कन्टिन्जेन्सी खाता** : नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०।१।२४ गतेको परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा खर्च गर्ने रकमको ५ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ । यसरी कन्टीनजेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी ३ प्रतिशत प्रशासनिक र २ प्रतिशत पुँजी निर्माणमा खर्च गर्न मिल्नेमा गाउँपालिकाले कन्टीन्जेन्सी खर्च देखिने गरि छुट्टै खाता राखेको देखिएन । अत कन्टीन्जेन्सी खाता राखी कन्टीन्जेन्सी रकम व्यवस्थीत गरिनु पर्दछ ।

३. **आम्दानी सम्वन्धमा :** साविक गाउँ विकास समिति जयबागेश्वरी, काँडा र डोगडी बाट फाल्गुन मसान्त सम्म आन्तरिक आय शुन्य भएकोमा गाउँपालिका गठन भए पश्चात पनि गाउँपालिकाको आन्तरिक आय नदेखिएकोले गाउँपालिकाले गरेको खर्चको अनुपातमा आन्तरिक आय वृद्धि गर्नुपर्ने देखिन्छ ।

४. **कारोबारको लेखा:-** आर्थिक कार्यविधि ऐन, २०५५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक तिन गाउँ विकास समिति तथा वर्तमान गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अत: गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

५. **लागत अनुमान:-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६. **सार्वजनिक परीक्षण –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) बमोजिम उपभोक्ता समितिवाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नापजांच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन ।

७. **बरबुझारथ:-** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ ।

८. **जिन्सी निरीक्षण:-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ, कार्यालयले जिन्सी निरिक्षण प्रतिवेदन तोकिएको ढाँचामा जिन्सी खाता अध्यावधिक गरी राख्नुपर्ने र नियमानुसार जिन्सी निरिक्षण गराई आवश्यक कारवाही गर्नुपर्दछ ।

९. **जिन्सी दाखिला:-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने

व्यवस्था छ । नगरपालिकाका निम्न कार्यालयले विभिन्न मालसामन रु. २,३९,११०।- मा खरिद गरेकोमा जिन्सी दाखिला गरेको देखिएन । कार्यालयले जिन्सी दाखिला गरी आम्दानी बाँध्नु पर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१०. **बढी भुक्तानीः-** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(४) मा सरकारी काजमा खटिएको पदाधिकारी वा कर्मचारीले काजबाट कार्यालय फर्केको दिनको पाउने दैनिक भत्ताको पच्चीस प्रतिशत पाउने व्यवस्था छ । नगरपालिकाका ३ गा.वि.स.को कार्यालयले दैनिक भ्रमण भत्ता वापत रु १६,०७५।- वढी भक्तानी भएकोले असुल गर्नुपर्दछ ।

११. **आनुपातिक कट्टीः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले ३ आयोजनाको रकम भुक्तानी गर्दा उपभोक्ता समितिको अंश कट्टी नगरी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु. ३६,५९४।- गरेकोले असुल गर्नुपर्दछ ।

१२. **दोहोरो दैनिक भत्ता :** आर्थिक कार्यविधि ऐन, २०६४ को नियम ४५(ट) मा कुनै काम अनावश्यक रुपमा दोहोरो हुने गरी सरकारी निकायबाट निकासा दिन वा खर्च गर्न नमिल्ने व्यवस्था छ । प्रा.स. खड्क बहादुर खड्का डोगडी गा.वि.सबाट मिति ०७३।१०।०५-१०।११ सम्म बैतडी-डडेलधुराको भ्रमण खर्च लिएको तथा सोही मितिमा जयबागेश्वरी गा.वि.स.बाट २०७४।०३।२७ मा समेत दैनिक भत्ता रु. २२,१००।- लिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

१३. **अग्रिम आयकरः-** आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । साविक गुदुखाती गाउँ विकास समितिको कार्यालयले विभिन्न भुक्तानीमा गरिएको अग्रिम कर कट्टी रु. ९,७६०।- दाखिला नगरेकोले उक्त अग्रिम करकट्टी गरिएको रकम दाखिला गर्नुपर्दछ ।

१४. **भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को ७(८) मा पन्ध्र किलोमिटरभित्र भ्रमण गर्दा दैनिक तथा भ्रमण खर्च उपलब्ध गराउन नमिल्ने व्यवस्था छ । डोगडी गाउँ विकास समितिको कार्यालयबाट संचालित पुर्ण सरसफाई कार्यक्रममा अनुगमन भनी ७ जना कर्मचारीलाई रु. ५,०००।- का दरले नियमावली विपरीत भुक्तानी गरेको रु. ३५,०००।- रकम असुल गर्नुपर्ने देखिन्छ ।

१५. **स्वीकृत कार्यक्रमः** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(१) मा स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । डोगडी गाउँ विकास समितिको कार्यालयले स्वीकृत कार्यक्रम वेगर वहुक्षेत्रीय पोषण कार्यक्रममा नन्दवहादुर रावल, नरेन्द्र मिजार, पदम वहादुर वुढालाई रु २३०००।- का दरले रु. ६९०००।- खर्च लेखेकोले नियमसम्मत देखिएन ।

१६. **दोहोरो सुविधा :** काँडा गा.वि.स. सचिवलाई कार्यसम्पादनको आधारमा तलबको अधिकतम ५० प्रतिशतसम्म जिल्ला समन्वय समितिबाट भुक्तानी गर्ने व्यवस्था छ । गाउँ विकास समितिले गा.वि.स. सचिव श्री सत्यराज जोशीलाई थप प्रोत्साहन भत्ता रु. १,५००।- का दरले श्रावन देखि पौषसम्मको रु. ९,०००।- भुक्तानी गरेकोले उक्त दोहोरो सुविधा लिएकोले रु. ९,०००।- असुल गर्नुपर्दछ ।

१७. **कार्यसम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीन दिनभित्र सम्बन्धितले निर्माण भएबमोजिमको प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ । साविक आँटीचौर गाउँ विकास समितिको कार्यालयबाट २ आयोजनाहरुको कार्यसम्पन्न प्रतिवेदन वेगर रु. २,५०,०००।- खर्च लेखेको देखियो ।

१८. **बील भरपाई :-** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । आँटीचौर गाउँ विकास समितिको कार्यालयले कार्यालय सम्बन्धि खर्च वापत बिल वेगरको खर्च रु. २७,५७०।- सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

## बेरुजू स्थिति

लेखापरीक्षणबाट रु. ७ लाख २७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजु फछ्र्यौट नगरेकोले रु. ७ लाख २७ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १ लाख ५६ हजार, नियमित गर्नुपर्ने रु. ५ लाख ७१ हजार रहेको छ ।

# हिमाली गाउँपालिका, बाजुरा

## लेखापरीक्षण प्रतिबेदन

यो वर्षको आय रु. ४ करोड ३२ लाख ९९ हजार आम्दानी भएकोमा रु. ३ करोड ३२ लाख २ हजार खर्च भई रु. १ करोड ९७ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **खरिद योजना :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ र उपनियम (५) बमोजिम वार्षिक दश लाख भन्दा बढि रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नु पर्ने, उपनियम (९) मा चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भए पछि उपनियम (५) बमोजिम तयार भएको वार्षिक खरिद योजनामा स्वीकृत कार्यक्रम तथा बजेट अनुरुप परिमार्जन गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सो अनुरुप खरिद योजना तयार गरेको पाइएन । खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आवश्यक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ ।

२. **कन्टिन्जेन्सी खाता** : नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०।१।२४ गतेको परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा खर्च गर्ने रकमको ५ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ । यसरी कन्टीन्जेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी ३ प्रतिशत प्रशासनिक र २ प्रतिशत पुँजी निर्माणमा खर्च गर्न मिल्नेमा नगरपालिकाले कन्टीन्जेन्सी खर्च देखिने गरि छुट्टै खाता राखेको देखिएन । अत कन्टीन्जेन्सी खाता राखी कन्टीन्जेन्सी रकम व्यवस्थीत गरिनु पर्दछ ।

३. **आम्दानी सम्वन्धमा :** साविक गाउँ विकास समिति विच्छ्या, वाँधु र रुगिन बाट फाल्गुन मसान्त सम्म आन्तरिक आय शुन्य भएकोमा गाउँपालिका गठन भए पश्चात पनि गाउँपालिकाको आन्तरिक आय नदेखिएकोले गाउँपालिकाले गरेको खर्चको अनुपातमा आन्तरिक आय वृद्धि गर्नुपर्ने देखिन्छ ।

४. **कारोबारको लेखा:-** आर्थिक कार्यविधि ऐन, २०५५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक तिन गाउँ विकास समिति तथा वर्तमान गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

५. **लागत अनुमान:-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६. **सार्वजनिक परीक्षण –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) बमोजिम उपभोक्ता समितिवाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नापजांच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन । उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ ।

७. **बरबुझारथ:-** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ ।

८. **जिन्सी निरीक्षण:-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ, कार्यालयले जिन्सी निरिक्षण प्रतिवेदन तोकिएको ढाँचामा जिन्सी खाता अध्यावधिक गरी राख्नुपर्ने र नियमानुसार जिन्सी निरिक्षण गराई आवश्यक कारवाही गर्नुपर्दछ ।

९. **बढी भुक्तानीः-** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(४) मा सरकारी काजमा खटिएको पदाधिकारी वा कर्मचारीले काजबाट कार्यालय फर्केको दिनको पाउने दैनिक भत्ताको पच्चीस प्रतिशत पाउने व्यवस्था छ । ३ कर्मचारीहरुले नियमावली विपरीत भ्रमण भत्ता बढी लिएकोले रु. १२,५४०।- असुल गरी नियमको पालनामा ध्यान दिनुपर्दछ ।

१०. **टुक्रा खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । कार्यालयले फर्निचर तथा अन्य मेशिनरी औजारहरु रु. २,२६,४३९७- सामानहरु प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक खरिद गरेको देखियो । अतः कार्यालयले नियम पालना गर्नेतिर ध्यान दिनु पर्दछ ।

११. **शीर्षक फरक :** आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३५(२) मा स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही सम्बन्धित खर्च शीर्षकबाट गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाका सविकका देहायका गा.वि.समा चालु शिर्षकबाट गर्नपर्ने खर्च पुँजीगत शिर्षकबाट बिच्छया र बांधु गा.वि.स.ले शिर्षक फरक पारि गरेको खर्च रु. ८१,०००।- अनियमित देखियो ।

१२. **अग्रिम आयकरः** आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको बिछया र बांधु गा.वि.समा कुल भुक्तानी रु. ८,३५,३३३।- मा अग्रिम आयकर कट्टा रु. १२,५३०।- असुल गर्नुपर्दछ ।

१३. **प्रशिक्षक भत्ता :-** मिति २०७३।१०।१३ र १४ गते संचालित दुई दिने समावेशी बजेट र महिला क्षमता विकास सम्बन्धि तालिमको विभिन्न तीन जना प्रशिक्षकले तोकिएको नर्म्सभन्दा बढी रु. ८,४००।- प्रशिक्षक भत्ता लिएको देखिन आएको तथा कार्यक्रम संचालन गरी रु. ६०,०००।- पेश्की फर्छ्यौट गरिएकोमा रु. ५४,९००।- को मात्रै खर्चको फाँटवारी पेश गरेकोले नपुग रकम रु. ५,१००।- समेत रु. १३,५००।- असुल हुनुपर्दछ ।

१४. **बील भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले मसलन्द खर्च वापत रु.१५००।- खर्च लेखेकोमा खर्चको विल भरपाई संलग्न रहेको पाईएन ।

१५. **स्थापना पुर्व विज्ञापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा कार्यालयले स्वीकृत लागत खर्चको सीमा भित्र रही कार्यक्रम सञ्चालन गरिरएको छ र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिब छ भन्ने विषयमा विश्वस्त हुनुपर्ने उल्लेख छ । गाउँ विकास समितिले रेडीयो स्थापना तथा सञ्चालन नै नभएको अवस्थामा रेडीयो वुढिनन्दालाई विज्ञापन तथा व्यवस्थापन वापत रु. २,००,०००।- भुक्तानी गरेको देखियो । सार्वजनिक स्रोतको उपयोग सार्वजनिक हितमा प्रयोग नभई निजि प्रसारण संस्थालाई Perfect Media Pvt. Ltd. टोखा, काठमाण्डौको विलको आधारमा भुक्तानी दिएको छ । यसरी रकम खर्च गरेकोमा गाउँ विकास समितिले के प्रतिफल प्राप्त गरेको हो नखुलेको देखिएकोले उक्त खर्च अनियमित देखियो ।

१६. **जिन्सी दाखिलाः-** कार्यालय सामान खरिद गरे वापत रु.२४,०२५।- भुक्तानी गरिएकोमा खरिद सामाग्रीहरु जिन्सी खातामा आम्दानी नदेखिएकोमा उक्त सालसामान आम्दानी बाँध्नु पर्दछ ।

१७. **पेश्की फर्छ्यौटः-** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फर्छ्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले लेखापरीक्षण मिति २०७४।०५।११ सम्म दलित क्षमता विकासको लगि श्री गोरख सार्कीलाई रु. ६०,०००।- पेश्की फर्छ्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फर्छ्यौट हुनुपर्दछ ।

**बाँधु गाउँ विकास समिति**

१८. **बढी भत्ता :-** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(४) मा सरकारी काजमा खटिएको पदाधिकारी वा कर्मचारीले काजबाट कार्यालय फर्केको दिनको पाउने दैनिक भत्ताको पच्चीस प्रतिशत पाउने व्यवस्था छ । ४ कर्मचारीहरुले नियमावली विपरीत भ्रमण भत्ता वापत रु ३,३००।- वढी भुक्तानी भएकोले वढी भुक्तानी रकम असुल गर्नुपर्ने देखिन्छ ।

१९. **स्थापना पुर्व विज्ञापन :** सामुदायिक रेडियो बुढीनन्दा १०६.२ मेगाहर्ज कोल्टीलाई विलको आधारमा भूक्तानी गरिएकोमा सो रेडियोको दर्ता गरेको प्रमाण, संचालक समितिले सुचना तथा सन्देश गतिविधिहरु २०७३ देखि २०७५ सम्म निशुल्क प्रशारण वापत उल्लेख गरिएकोमा २०७३ को अन्तसम्म पनि

संचालनमा नरहेको तथा सम्झौताको बुदा नं. ७ सुचना तथा सन्देश प्रशारण वापत पुनः भुक्तानी गर्नुपर्ने समेत उल्लेख गरिएकोमा परिषदको स्वीकृत कार्यक्रम पेश हुनुपर्ने तथा Perfect Media Pvt. Ltd. को बिल नं. ४ मिति २०७३।०९।१२ मा Yamaha Mixer ३ Piece १५ के.जी. रु. ३०,०००।- का दरले रु. ९०,०००।- भ्याट सहित रु. १,०१,७००।- को जिन्सी दाखिला आम्दानी विना सोझै खर्च लेखिएको पाईयो । सम्झौता अवधि २०७३ सम्म निःशुल्क रुपमा प्रशारण गर्ने कार्य समितिको निर्णय र प्रतिबद्धता समेत संलग्न राख्नु पर्नेमा सो नदेखिएका भनी आन्तरिक लेखापरीक्षणबाट औल्याईएको अनियमित देखिएको ।

२०. **मौज्दातः-** यस गाउँ विकास समितिको गत वर्षको अन्तिम मौज्दात रु. २,०२,३००।- रहेकोमा यो वर्ष शुरु मौज्दात रु. ५२,१७५।- देखिएकोमा रु. १,५०,१२५।- छानविन गरी असुल गर्नुपर्दछ ।

२१. **बील भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँ विकास समितिले सामाजिक सुरक्षा भत्ता रु. ९,८००.००, भ्रमण खर्च वापत रु. ५४,४८०।- प्रहरी चौकीलाई भुक्तानी रु. १०,०००।- र चेक रकम नपुग रु. ११,०००।- समेत रु. ८२,२८०।- विल भरपाई वेगर खर्च लेखेकोले प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्दछ ।

२२. **पेश्की बांकी :-** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले लेखापरीक्षण मिति २०७४।०५।११ सम्म ३ व्यक्तिलाई रु. **२२३२००.००** पेश्की उपलब्ध गराएकोमा फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

**साविक रुगिन गाउँ विकास समितिः-**

२३. **कार्यसम्पन्नः-** लागत अनुमान रु. १८,०१,८६८।- भएको कवाडी लघुजलविद्युत निर्माण आयोजनासँग भएको सम्झौता अनुसार मिति २०७३।१०।०५ मा शुरु गरि मिति २०७४।०२।१० मा कार्य सम्पन्न हुनुपर्नेमा लेखापरीक्षण अवधि २०७३।०५।१० सम्म कार्यसम्पन्न नभएकोले निर्धारित समयमा सम्पन्न नगर्ने उपभोक्ता समितिबाट सार्वजनिक खरिद ऐन एवं नियमावलीको प्रक्रिया वमोजिम सम्पन्न गर्नुपर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२४. **पेश्की :-** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले हालसम्म पनि कवाडी लघुजलविद्युत निर्माण आयोजनाका श्री अज वहादुर मल्लको नाममा रहेको रु ५,००,०००।- पेश्की फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

२५. **विज्ञापनः** सुचना तथा संचार प्रविधि सहयोग वापत बुढीनन्दा एफ.एम.लाई सामान खरिदको विल राखि रु. ९०,०००।- भुक्तानी गरिएकोमा सम्झौतामा २०७८ साल सम्म सुचना प्रशारण वापत भुक्तानी गरिएको उल्लेख छ गाविस नै अस्तित्वमा नभएको अवस्थामा लामो समय सम्मका लागि सम्झौता गर्नुको मनासिव कारण देखिदैन । अत : विज्ञापन प्रकासित नै नगर्दै अग्रिम रुपमा रकम दिन मिल्ने नदेखिएकोले अनियमित देखियो ।

## बेरुजू स्थिति

लेखापरीक्षणबाट रु. १५ लाख ९५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजु फछ्र्यौट नगरेकोले रु. १५ लाख ९५ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १ लाख ९३ हजार, नियमित गर्नुपर्ने रु. ६ लाख १९ हजार र पेश्की रु. ७ लाख ८३ हजार रहेको छ ।

# जय पृथ्वी नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात समेत यो वर्ष जम्मा आय रु १२ करोड ८८ लाख ३५ हजार आम्दानी भएकोमा रु. १० करोड ६१ लाख २१ हजार खर्च भई रु २ करोड २७ लाख १४हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन ।

१. **आर्थिक अवस्थाः** यस आर्थिक बर्षमा साविक १ गाउ विकास समितिको शुरु मौज्दात,सामाजिक सुरक्षा भत्ता,गाँउ पालिका अनुदान नगर पालिका अनुदान ,अन्य अनुदान र आन्तरिक आय समेत रु. १२८८३५७६६.३९ जम्मा आम्दानी र उल्लेखित शिर्षकहरुमा रु.१०६१२१७११.५४ खर्च भई रु.२२७१४०५४.८५ मौज्दात बांकी रहेको देखिएको छ । यो बर्षको कुल आम्दानी रु. १२८८३५७६६.३९ मा आन्तरिक स्रोतको आम्दानी जम्मा रु.५२६२३६४.३८ (४.१ प्रतिशत) रहेको देखिएबाट नगर पालिकाको आन्तरिक स्रोतको अवस्था कमजोर देखिएको छ ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजुको लगत अद्यावधिक गरेको छैन । सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत वितरण गरेको भत्ताको भरपाइमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा सम्वन्धित जिम्मेवार पदाधिकारीले वास्तविक वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ । साविकका गा.वि.स. मा भएको जिन्सीको अवस्था देखिने गरी विवरण तयार नभएको साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन । जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ।

३. **निर्णय कार्यान्वयन** : दोस्रो नगर परिषदवाट भएका निर्णय तथा कार्यान्वयनको अवस्था सम्वन्धमा अध्ययन गर्दा नगर पालिकाको योजना निर्माण लगायत भबिस्यमा नगरपालिकालाई असर गर्ने निम्न नीतिहरु कार्यान्वयन भएको नदेखिएकोले नगर प्रोफाइल ,५ बर्षे नगर विकास योजना ,नक्साङ.न तयार नगरेको ,प्राकृतिक स्रोतको उपयेग ,नगरको भू उपयोग योजना कार्यान्यन जस्ता नीति नगर परिषदवाट मूल्याकन हुनु पर्ने दखियो ।

४. **स्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिका/नगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अनय स्रोत, पूवौधार अनर्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा गाउं पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

५. **स्थानीय सञ्चित कोष : स्**थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ६३ अनुसार गाँउपालिका तथा नगरपालिकाको स्थानीय सन्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खात रहने तथा चालु आर्थिक बर्षको अन्तमा वडाको खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानीय तहको सन्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साबिकको कैलास गाबिस र हालको वडा नं १ ले आर्थिक वर्षको अन्तमा वाँकी रेहको रु ३०००।०३ रकम सन्चित कोषमा दाखिला नगरी बडागत खातामा राखेको देखिएकोले आदेशको पालना गरी उक्त रकम सन्चित कोषमा दाखिला गरिनु पर्दछ ।

६. **नर्म्स बिपरित भुक्तानी** :अर्थ मन्त्रालयको कार्यसन्चालन निर्देशिका २०७० ले तोकेको नर्म्स बिपरित सार्वजनिक सुनुवाईको २ वटा प्रतिवेदन लेखन वापत प्रति प्रतिबेदन रु १०००.०० ले रु २०००.०० मात्र खर्च लेख्न पाउनेमा रु ६०००.०० भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु ४०००.०० असुल गरी दाखिला गर्नुपर्दछ ।

७. **बिना प्रमाण पेश्की फछ्र्यौट :** लेखापाल पूर्ण बहादुर खड्काको काठमाण्डौको भ्रमण आदेश संम्लग्न गरी रु २९०००.०० को पेश्की फछ्र्यौट गरेकोमा भ्रमण खर्चका बिल तथा भ्रमण प्रतिबेदन सम्लग्न नरहेकोले उक्त पेश्की फछ्र्यौट नियम संगत देखिएन ।

८. **वार्षिक खरिद योजना :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने

व्यवस्था छ । कार्यालयले यो बर्ष रु. २९९८९३०.५८ को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन ।

९. **लागत अनुमान :-** सार्वजनिक खरिद ऐन २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष बिभिन्न खरिदमा नियमानुसारको माल समानको लागत अनुमान तयार नगरी खुला दरभाउपत्रबाट मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१०. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउ पालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख नगर पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

११. **कारोबारको लेखाः-** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश,२०७४ को दफा ५६ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी तथा खर्च रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक कैलास गाँउबिकास समिति बर्तमान बडा नं १ बाट प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

१२. **सम्पत्ति हस्तान्तरण : स्**थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति ,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस नगर पालिकाले साबिक कैलास गाबिसको सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनुपर्दछ ।

१३. **बैक खाता :** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७२ को दफा २२(ख) वमोजिम बैंकिङ सुविधा भएमा बैंक मार्फत भत्ता वितरण गर्नुपर्नेमा नगरपालिकाले यसवर्ष कुल रु.३ करोड २९ लाख ३५ हजार सामाजिक सुरक्षा भत्तामा खर्च गरेकोमा प्रथम र दाश्रौ चौमासिकमा कुल सामाजिक सुरक्षा वितरण गरिने संख्या तोकी एकमुष्ट बैकमा कार्यालय मार्फत खोलिएको बैक खातामा रकम दाखिला गर्ने र बैकबाट बितरण भएको आधारमा थप किस्ताहरु वितरण गर्ने गरेकोमा अन्तिम चौमासिकमा मात्र सम्बन्धितको बैक खाता खोली सो अनुसार भत्ता वितरण गरेको पाइयो । यसरी एकमुष्ट जम्मा गर्ने खाताबाट भुक्तानी गरेको रकमबाट प्राप्त व्याज समेत प्राप्त भएको देखिएन ।

१४. **सफ्टवेयर प्रणाली :** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७२ को दफा १८(ग) वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि सिस्टमले काम नगरेको कारणले एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको समेत पुनः अर्को चौमासिकमा दाहारिएर आउने लगायत समस्या देखिएकोले छ । केन्द्रिकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ ।

१५. **दर्ता :** संस्था दर्ता ऐन, २०३४ दफा ३ अनसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेट परेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ ।

१६. **उपभोक्ताबाट निर्माण र योगदान गणना :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (झ) मा बढी जटिल प्राविधिक पक्ष समाबेश भएको र मेशिनरी बढी प्रयोग हुने काम बाहेक सामान्यतया श्रम प्रधान प्रबिधि अपनाइने आयोजना वा कार्यक्रममात्र उपभोक्ता समितिमार्फत गराउनुपर्ने

व्यवस्था छ । कार्यालयले यसवर्ष चैनपुर रिङ्गरोड सडक निर्माण कार्यको लागि चैनपुर सडक बिस्तार तथा बजार व्यवस्थापनसंग संझौतागरी रु.४६,६९,७६०/- भुत्तानी गरेको छ । दिर्घकालिन महत्वको उक्त सडक लोडर लगायत भारी उपकरण प्रयोग गरी निर्माण गर्ननुपर्नेमा उपभोक्ता समितिसंग संझौता गरी निर्माण सम्पन्न गर्दा निर्माण कार्यका लागि अवश्यक पर्ने दक्ष जनशत्ति, मेशिनरी औजार भएनभएको यकिन नगरी कार्य सम्पन्न गराई भुत्तानी गरेको छ । साथै उक्त निर्माण कार्यमा उपभभोत्ता योगदान रु.२६,५०,१७८/- गणना गरेकोमा कुन कुन कार्य उपभोत्ताबाट भएको हो यकिन विवरण देखिने नापी किताब तयार गरेको पाइएन । सो बाहेक जि.बि.स. अनुदानबाट प्राप्त सबै वजेटको कार्यक्रम उपभोत्ता समिति मार्फत गरेको पाइयो । उपभोत्तासंग कार्य गर्दा निर्माण कार्यको बर्गिकरण गरी नियमको व्यवस्था अनुसार उपभोत्ता मार्फत गर्ने कार्यमा सुधार हुनुपर्दछ ।

१७. **बसपार्क निर्माण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२८(१) मा संझौता बमोजिमको काम अवधिभित्र पुरा गर्न नसकिने भएमा कारण खुलाई ७ दिन अगावै निवेदन दिनुपर्ने व्यवस्था छ । कुल लागत अनुमान भन्दा ४४.९८ प्रतिशत कम अंक कबोलगरी मूल्य अभिबृद्धि कर बाहेक रु.४५,४२,६१८/- मा कार्य सम्पन्न गर्नेगरी कल्पना निर्माण सेवासंग ०७४/०१/२० मा भएको संझौता अनुसार उक्त निर्माण कार्य ०७४/०३/२० मा सम्पन्न गर्नुपर्नेमा हालसम्म सम्पन्न हुन सकेको देखिएन । म्याद थपका लागि निर्माण व्यवसायीले निवेदन सम्म दर्ता गरेको भएता पनि कार्यालयबाट म्याद थपको लागि कारबाही गरेको नपाइएकोले नियमानुसार कार्यसम्पादन जमानतको म्याद समेत यकिन गरी हर्जना लगाई निर्माण सम्पन्न गराउनेतर्फ कार्यालयले आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

१८. **पेश्की फर्छ्यौट नभएको:-** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले ७ उपभोक्ता समिति तथा निमार्ण ब्यबसायि बाट रु ७०९६०००.०० पेश्की भुक्तानी गरेकोमा लेखापरीक्षण मिति २०७४।०६।६.सम्म फछ्र्यौट नगरेकाले पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

१९. **अग्रीम कर** : आयकर ऐन, २०५८ को दफा ८७,८८,८९ मा अग्रिम कट्टी सम्वन्धि व्यवस्था गरेको छ । कार्यालयले ६ भुक्तानीको रु ३८०८४८। १.५ प्रतिशत अग्रिम कर रु ११६५२। कट्टी नगरेकोले उक्त रकम असुल गरी राजस्वमा दाखिला गर्नुपर्दछ ।

२०. **भरपाई बेगरको खर्च** :स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नु पर्नेमा भौ.नं. ३५-२०७३।१२।७ बाट परीक्षा व्यवस्थापन खर्च रु ३,७९,८५२। मध्ये ०७३।११।३० को कम्प्युटर सिप परीक्षणमा केशव बहादुर थापा,प्रदिपचनद्र सुवेदी,बिरसिंह भण्डारी,मदनराज जोशी,कृष्ण बहादुर धामी,जयनारायण कोईराला,देवराज जोशी,भिलानन्द यादव,र कलक बहादुर खड्का गरी बिभिन्न ९ व्यक्तीको नाउँमा रु २६,६०९।०० खर्च लेखेकोमा उक्त रकम बुझेको भरपाई पेश नभएकोले भरपाई पेश गर्नुपर्दछ ।

२१. **रसिदको क्रमाङ्क नमिलेको :** कार्यालयले नगदी रसिद नियन्त्रण खाता राखेता पनि दैनिक आम्दानी रजिष्टरमा रसिदको सि.नं.क्रमश नराखी आयका शिर्षक अनुसार रसिद प्याड प्रयोग गरेको र सोहि अनुसार प्रबिष्टि गरेको छ । यसवाट रसिद भिडान समेतलाई ख्याल गरी रसिदको क्रमाङ्क मिलाई दैनिक आम्दानी रजिष्टरमा अभिलेख राख्ने व्यवस्था हुनु पर्दछ ।

२२. **आय कम देखाएको :** नगर सरसफाई कार्यक्रम अन्तर्गत प्रयोग भएका रसिद र असुलीवाट आ.ब. ०७३/०७४मा रु २,८५,४००। आम्दानी गरेको र सो आम्दानी सिटिजन्स बैक लिमिटेडमा खाता खोली जम्मा गरेकोमा आर्थिक बिबरणमा रु २,३०,९००। देखाएको छ । उक्त आम्दानी रकमवाट भएको खर्च रु ५४,६००। खर्चमा समाबेश नभएकोले आर्थिक बिबरण समेतले यथार्थ स्थिती नदेखाउने हुँदा यसलाइ आय-व्यय बिबरण समावेश गरी हिसाव मिलान गरिनु पर्दछ ।

२३. **कर दस्तुर:** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा कैलाश गाँउ विकास समितिका सचिव श्री रमेश बहादुर बिष्टले यस आ.व.मा घटना दर्ता दस्तुर, मालपोत दस्तुरमा कुल रु.३३,१००।- आम्दानी गरेको दाखिला रसिदबाट जानाकारी भएकोमा कार्यालयमा संकलन दस्तुरको दैनिकि आम्दानी रजिष्टर नराखेको र आम्दानी रसिद पेश नभएको कारणले वास्तविक दस्तुर संकलन सम्वन्धमा स्पष्ट हुन नसकेकोले दैनिक आम्दानी राखि आम्दानी अभिलेख व्यवस्थित गरिनु पर्दछ ।

२४. **प्रोत्साहन भत्ता :** गाँउ विकास समितिको सचिवलाई अध्यक्षको रुपमा पनि कार्य गरेकोमा अध्यक्ष प्रोत्साहन भत्ता मासिक रु. १५००।- का दरले पाउनेमा दशै भत्ताको रुपमा पनि अध्यक्ष प्रोत्साहन भत्ता भुक्तानी लिएकोले उक्त रकम असुल गरी राजस्ज दाखिला गर्नुपर्दछ ।

२५. **कन्टिन्जेन्सी खर्च :** यस गाँउ विकास समितिको पूंजीगत तर्फ २०,७०,९२१।६७ बजेट निकासा भएकोमा विभिन्न योजनातर्फ फाल्गुन मसान्तसम्म रु.१६,६४,१६८।५८ खर्च भएकोले सोको ५ प्रतिशत का दरले रु.८३,२०८।- मात्र कन्टिजेन्सी खर्च गर्न पाउनेमा पूंजीगत तर्फ कुल निकासा रकमको ५ प्रतिशतका दरले कन्टिजेन्सी खर्च गर्न पाउने उल्लेख गरि उक्त रकमबाट अध्यक्ष भत्ता र कर्मचारीको तलवमा रु.१,५८७८०।- खर्च गरेकोले बढी खर्च रु.७५,५७१। असुल गर्नुपर्दछ ।

२६. **खरिदः** गाँउपरिषदको २०७३।८।३० निर्णय अनुसार वालमैत्री कक्षा कोठा व्यवस्थापन को लागि श्री जनजागृति प्रा.वि.,(प्र.अ.श्री गोरख ब. सिंह) कैलाशको पेश्की फछर्यौट अन्तर्गत कार्पेट लगायत मालसामान खरिदमा रु.९०,०००।-, लिपपोत व्यवस्थापन गर्न ४ जनालाई रु.१०,०००।-, ४ जनालाई ५,०००।- ले गरि रु.६०,०००।- र तखता खरिद गर्न २ जनालाई रु.२५,०००।- का दरले रु.५०,०००।- गरि जम्मा रु.२,००,०००।- भुक्तानी गरिएकोमा लिपपोत कार्यमा कहिले,कतिजना खेतालाले कति दिन काम गरे सोही अनुसार प्रति दिन ज्याला दररेटको हिसावले खर्च गर्नुपर्ने र तखता खरिदमा तखताको लम्वाई चौडाई र मोटाई खुलाई प्रति तखताको दररेटको हिसावले खर्च गर्नुपर्नेमा हचुवाको भरमा खरिद गरि भुक्तानी गरेकोले नियमसम्मत भएन ।

२७. **निर्णय बिपरितको खर्च :** गाँउपरिषदको मिति २०७३।८।३० को वैठक ले कृषि तथा भेटनरी तर्फ प्लाष्टिक टनेल, तरकारीको बिउ खरिद एवम राँगा, बोका, साँढे खरिद वितरणको लागी रु.३,०२,२१९।४० विनियोजन गरिएकोमा बोका खरिद ४×१५,०००।- = ६०,०००।- ,साँढे खरिद २×२०,०००।- =४०,०००।-,राँगो खरिद रु.५२,१००।-र प्लाष्टिक टनेल तरकारी बिउ खरिद १,५०,१२५।- गरि जम्मा रु.३,०२,२१९।४० को विल भरपाई पेश गरि नारायण मा.वि. कैलाशको खातामा जम्मा गरिएको छ । श्रेस्ता परिक्षणमा एकातिर राँगा, बोका, बिउविजन खरिद गरिएको विल भरपाई छ भने अर्कोतिर नारायण मा.वि.को खातामा जम्मा गरिनुले काम एकातिर र रकम अर्कोतिर खर्च गर्ने देखिएकोले उक्त खर्चको पारदर्शीता भएको देखिएन । उच्च मा.वि.को लागी आवश्यक भएकोले गाँउपरिषदको निर्णय भन्दा फरक पारि उच्च मा.वि.को खातामा जम्मा गरिएको कार्यालयको भनाई रहेको भएपनि उक्त रकममा एक किसिमको विल भरपाई पेश गरि अर्को तरिकाले गाँउपरिषदको निर्णय बिपरित गरेको खर्च रु. ३,०२,२१९।४० नियमसम्मत भएन ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु.७७ लाख ४८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१७ हजार, अनियमिति भएको ५ लाख ७८ हजार प्रमाण पेश गर्नुपर्ने रु.५७ हजार र पेश्की रु.७० लाख ९६ हजार रहेको छ ।

# बुङ्गल नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात ३ लाख ०८ हजार यो वर्ष जम्मा आय रु १० करोड ४७ लाख ५ हजार आम्दानी भएकोमा रु.९ करोड ९७ लाख ६३ हजार खर्च भइं रु.५२ लाख ५० हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन ।

१. **आर्थिक अवस्थाः** यस आर्थिक बर्षमा साविक १ गाउँ विकास समितिको शुरु मौज्दात,सामाजिक सुरक्षा भत्ता,गाँउ पालिका अनुदान नगरपालिका अनुदान, अन्य अनुदान र आन्तरिक आय समेत रु. १०,५०,१२,५७२।- जम्मा आम्दानी र उल्लेखित शिर्षकहरुमा रु.९,९७,६२,९८८।०० खर्च भई रु.५२,४९,५८३।०० मौज्दात बांकी रहेको देखिएको छ । यो बर्षको कुल आम्दानी रु. १०,५०,१२,५७२।- मा आन्तरिक स्रोतको आम्दानी जम्मा रु.१,०४,३६९।०० (०.१० प्रतिशत) रहेको देखिएबाट नगर पालिकाको आन्तरिक स्रोतको अवस्था कमजोर देखिएको छ ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजुको लगत अद्यावधिक गरेको छैन । सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत वितरण गरेको भत्ताको भरपाइमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा सम्वन्धित जिम्मेवार पदाधिकारीले वास्तविक वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ । साविकका गा.वि.स. मा भएको जिन्सीको अवस्था देखिने गरी विवरण तयार नभएको साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन । जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ ।

३. **खरिद योजना :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु.३२,००,०००/- को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन ।

४. **लागत अनुमान :-** सार्वजनिक खरिद ऐन २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष बिभिन्न खरिदमा नियमानुसारको माल समानको लागत अनुमान तयार नगरी खुला दरभाउपत्रबाट मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख नगर पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

६. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति ,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस नगर पालिकाले साबिक कैलास गाबिसको सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनुपर्दछ ।

७. **इन्धन खर्च** :आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (८) अनुसार कुनै रकमको भूक्तानी दिंदा रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । कार्यालयको जिन्सी अभिलेख अनुसार यस कार्यालयमा पेट्रोलबाट चल्ने सवारी साधन भएको देखिदैन भने कार्यालयले यस शिर्षकबाट डिजल १७३ लि. को

रु.११०।- का दरले क्रिस सप्लायर्सलाई रु.१९०३० र डिजल १७७ लि. को रु.११०।- का दरले अभिषेक अटो वर्कसपलाई रु.१९४७०।- खर्च गरेकोले जम्मा रु.३८५००।-कार्यालयमा नभएको सवारी साधनमा प्रयोग गरेको भनि खर्च गरिएको उक्त रकम अनियमित देखिएको छ ।

८. **फरक शिर्षकमा खर्च :** आर्थिक कार्याविधि नियमावली २०६४ को नियम ३५(३) अनुसार सम्वन्धित उपशिर्षकमा विनियोजित एक खर्च शिर्षकको रकम नम्वरमा अपर्याप्त छ र सो रकम खर्च नगरेमा सरकारी काममा बाधा पर्ने देखिएमा सो को स्पष्ट कारण खुलाई अर्को खर्च शिर्षकको मौज्दात रकमबाट खर्च गरि सो खर्च रकम नियम ३८ वमोजिम नियमित गराउनुपर्नेमा सामसुङ मोवाइल रु.१९,८५०।- मेशिनरी औजार (२९५११) बाट खर्च लेख्नुपर्नेमा फर्निचर शिर्षक(२९३११)बाट खर्च गरिएकोले नियमित गराउनुपर्दछ ।

९. **अन्य व्यहोरा :** लेखापरीक्षणबाट देखिएको अन्य व्यहोरा देहाय बमोजिम छन् ।

९.१. रोपना खोला सुधारिएको पानी घट्ट जलविद्युत आयोजनालाई भुक्तानी दिदा कालिका हार्डवयर एण्ड सप्लायर्स बाट रु. ८०,५०० को सिमेन्ट खरिदमा मुअकर बिजक प्रयोग नगरेकोले १५ प्रतिशत रु.१२०७५।- करकट्टी गर्नुपर्दछ ।

९.२. घरधनि धनुदेवी कुवरलाई घरभाडा रु.१०,००० को वहाल कर करकट्टी नगरेकोले १० प्रतिशत कर रु.१०००।- असुल गर्नुपर्दछ ।

९.३. अस्थायी प्रहरी विट बिजगडाको लागी धन बहादुर बोहोरालाई घरभाडा रु.१५,००० को वहाल कर करकट्टी नगरेकोले १० प्रतिशत कर रु.१५००।- असुल गर्नुपर्दछ ।

९.४. दलित उत्थान जिविकोपार्जन कार्यक्रम अन्तर्गत दलित समुदाय लक्षित योजना निमार्णको लागि गाँउपरिषदबाट रु.४,९५,०००।- बजेट व्यवस्था गरेकोमा उक्त योजना निमार्ण समितिको निवेदन अनुसार बिभिन्न विलविजक भुक्तानीमा रु २७२५०। कर असुली र दाखिला गर्नुपर्दछ ।

१०. **पिपलकोट गाउ विकास समिति** : लेखापरीक्षणबाट देखिएको अन्य व्यहोरा देहाय बमोजिम छन् ।

१०.१. पिपलकोट गाउ विकास समितिले मोटरसाइक र फोटोकपी मेसिन खरिद गरी रु २५००००। भुक्तानी दिएको उक्त सामानको खरिद आदेश दाखिला रिपोट श्रेस्ता साथ राखी खातामा आम्दानी वाध्नुपर्दछ ।

१०.२. विभिन्न शीर्षकवाट कर कट्टी गरिएको रकम दाखिला गर्ने क्रममा छुट हुन गएको रकम कर रु ३४०। दाखिला गर्नुपर्दछ ।

१०.३. महेन्द्र मा.वि.को शौचालय निर्माण कार्यमा रु ८५०००। खर्च भुक्तानी दिएकोमा रु ३७५००। को विल पेश भएकोले वढी खर्चको रु ४७,५००। वील भर्पाइ पेश गर्नुपर्दछ ।

१०.४. विजगडा गनै सडक निर्माण कार्यको रु.६,००,०००। भुक्तानी रकममा डोजरको समेत खर्च मिलान गरि कार्य गरेकोमा उक्त कार्यको मुल्यांकन ल.ई. नापी मूल्यांकन पेश गनुपर्दछ

१०.५. आ.व.को अन्तमा निम्नानुसार पेश्कि बाँकी देखिएको लेखापरीक्षण अवधि २०७४।०६।०६ सम्म पनि २ संस्थाको रु ६,६२,०१६ पेश्कि फछ्यौट नगरेकोले फछ्यौंट गर्नुपर्दछ । -

११. **बढी दैनिक भ्रमण भत्ता :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १८९ अनुसार जिल्लाभित्र भ्रमण गर्दा भ्रमण खर्च विल अनुसारको रकम पाउने उल्लेख गरिएकोमा दहबगर गाँउ विकास समितिले ४ वटा दै.भ्र.भ.विलको रु.२११२०।- भुक्तानी गर्नुपर्नेमा रु.२६,४००- भुक्तानी गरेकोले बढी भुक्तानी रु५२८०।- असुल गरी दाखिला गर्नुपर्दछ ।

१२. **पेश्की सम्वन्धमा** :स्थानिय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५ ५(ग) अनुसार कामको प्रकृति हेरी अग्रीम रुपमा कार्यतालिका प्राप्त गरि सोको आधारमा सामान्यतया एक तिहाई रकम पेश्की दिन सकिनेमा यस कार्यालयबाट सञ्चालित योजनामा पेश्की रकम उपलब्ध गराउदा गाविसले व्यहोर्ने रकमको एक तिहाई भन्दा बढी दिईएकोले नियमको पालना भएको देखिदैन ।यसरी नियमको विपरित पेश्की दिनु नियमसम्मत नभएकोले नियमको पालना गर्नुपर्ने देखिन्छ ।

१३. **होटल वास खर्च :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम आर्थिक प्रशासन प्रमुखले प्रचलित कानुन वमोजिमको प्रक्रिया नपुगेको आर्थिक कारोवारको भुक्तानी दिन नमिल्नेमा बुंगल नगरपालिकाको केन्द्र विजगडामा राख्नुपर्ने गरि केन्द्र निर्धारणको लागि जिल्लाविकास

समितिको कार्यालयमा ज्ञापनपत्र दिन,धर्ना, जुलुश गर्न चैनपुरसम्म आएका टोलीलाई खाना एवम होटल वासको सुविधा वापतको कर्ण बहादुर धामी, जयधन धामी, र दान बहादुर बोहोरालाई संयुक्त रुपमा रु.३०,०००।- भरपाईको आधारमा खर्च गरिएकोमा यसरी सरकारी रकमलाई धर्ना जुलुश कार्यमा खर्च गर्न उपयुक्त नदेखिएकोले नियमित गर्नुपर्दछ ।

१४. **प्रमाण पेश :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नु पर्नेमा गाउँ विकास समितिको कार्यालयको कोठा मर्मतमा ९ जना खेतालाले काम गरे वापत प्रति जना रु.६००।- का दरले जम्मा रु.५४००।- बुझेको भरपाई अनुसार खर्च लेख्नुपर्नेमा रु.८,०००।- भुक्तानी गरेकोमा बढी भुक्तानी रु.२६००।- असुल गरी दाखिला गर्नुपर्दछ ।

१५. **कन्टिन्जेन्सी खर्च :** यस गाउँ विकास समितिको पूंजीगततर्फ ६४,५६,०००।- बजेट निकासा भएकोमा विभिन्न योजनातर्फ फाल्गुन मसान्तसम्म रु.२४,४८,३०८।- खर्च भएकोमा सोको ५ प्रतिशत का दरले रु. १,२२,४१५।- मात्र कन्टिजेन्सी खर्च गर्न पाउनेमा पूंजीगततर्फ कुल निकासा रकमको ५ प्रतिशतका दरले कन्टिजेन्सी खर्च गर्न पाउने उल्लेख गरि रु. ३,२२,८००।- खर्च गरेकोले बढी खर्च भएको रु.२,००,३८४।- नियमिति भएन ।

१६. **भाडा कर :** आयकर ऐन,२०५८ दफा ८८ अनुसार भाडा भुक्तानीमा १० प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेमा धनगढीदेखि पौडीसम्म से.अ.८९३ गाडीबाट २५० व्याग सिमेन्ट ढुवानी गरेवापत भुक्तानी गरिएको रु.६२,५००।- को १० प्रतिशतका दरले अग्रिम कर रु.६२५०।- तथा वागथलादेखि ऐसेलुवगरसम्म टयाक्टर ९८०९ गाडीबाट निमार्ण सामाग्री ढुवानी गरेवापत भुक्तानी गरिएको रु.६०,००।- को १० प्रतिशतका दरले अग्रिम कर रु.६०००।- कट्टी गरि राजस्व दाखिला गर्नुपर्नेमा नगरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

१७. **सेवाशुल्कः** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार सेवाशूल्क भुक्तानी गर्दा कुल भुक्तानीमा १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्नेमा बुंगल नगरपालिका वडा नं. १ र २ को पार्श्वचित्र भिलेज प्रोफाइल तयार गरे वापत श्री नर बहादुर बोहोरालाई सम्झौता अनुसार पारिश्रमीक रु.४३,०००।- भुक्तानीमा १५ प्रतिशतका दरले रु.६४५०।-करकट्टी नगरेकोले असुल गर्नुपर्दछ ।

१८. **अग्रीम कर :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार पचास हजार भन्दा बढीको भुक्तानीमा १.५ प्रतिशतका दरले अग्रीम कर कट्टी गर्नुपर्नेमा दारिमघाट जलविद्युत आयोजनाको लागी बज्रेश्वरी हार्डवयरबाट खरिद गरिएको सिमेन्ट विल नं. ९०-२०७३।१२।६ को रु.७३९८२।- र विल नं. ५६ को रु.१०२८३२।- गरि जम्मा रु.१,७६,८१४।- को १.५ प्रतिशतका दरले अग्रीम कर रु.२६५२। कट्टी नगरेको तथा संगाड जलविद्युत आयोजनाको लागी खरिद गरिएको निमार्ण सामाग्रीको थापा ईन्जिनियरिङ इण्डष्ट्रीज प्रा.लि.को विल नं.४२-२०७३।१२।२१ बाट रु.४,६४,६८२।- भुक्तानी गरिएकोमा १.५ प्रतिशतका दरले अग्रीम कर रु.६९७०।- कट्टी नगरेकोले असुल गर्नुपर्दछ ।

१९. **प्रमाण पेश :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नु पर्नेमा बुंगल नगरपालिका वडा नं. १ र २ को एक दिने वालमैत्री स्थानिय शासन तथा अभिमुखीकरण तालिम सञ्चालन गरेवापत प्रशिक्षक प्रेम बहादुर बोहोरालाई रु.११,८००।- ,ध्रुवराज जोशीलाई रु.११,८००।- र दिल बहादुर धामीलाई रु.११,८००।- गरि जम्मा रु.३५,४००।- होटल वासखर्चको रुपमा सिधै विलभरपाई वेगर भुक्तानी गरिएकोले विलभरपाई प्रमाण पेश गर्नुपर्दछ ।

२०. **पेश्की** :स्थानिय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५ ५(ग) अनुसार कामको प्रकृति हेरी अग्रीम रुपमा कार्यतालिका प्राप्त गरि सोको आधारमा सामान्यतया एक तिहाई रकम पेश्की दिन सकिनेमा देउलिकोट गाउ विकास समिति कार्यालयले सञ्चालित योजनामा पेश्की रकम उपलब्ध गराउदा गाविसले व्यहोर्ने रकमको एक तिहाई भन्दा बढी दिईएकोले नियमको पालना भएको देखिदैन ।यसरी नियमको विपरित भएर पेश्की दिनु नियमसम्मत नभएकोले नियमको पालना गर्नुपर्ने देखिन्छ ।

२१. **जिन्सी दाखिला :** (भौ.नं.र मिति : १५-२०७३।१०।५) निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२(१) बमोजिम स्थानिय निकायमा रहेका र खरिद बा हस्तान्तरण भई आएका मालसामनहरु जिन्सी किताबमा आम्दानी बाधी अद्यावधिक गराउनुपर्नेमा कार्यालय व्यवस्थापनको लागि खरिद गरिएका ६किसिमका ८ थान मालसामानहरु रु .६७,१५०। जिन्सी खाता पेश नभएको कारणले उक्त मालसामन दाखिला गरे नगरेको सम्वन्धमा स्पष्ट हुन नसकेकोले जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

२२. **प्रमाण पेश :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नु पर्नेमा गाँउ विकास समितिको कार्यालयको आर्थिक वर्ष २०७२।७३ को अन्तिम लेखापरीक्षण वापत पारिश्रमीक र स्टेशनरीमा खर्च भएको भनि विल भरपाई वेगर रु.२०,०००।- भुक्तानी गरिएकोमा बिजक पेश गर्नुपर्दछ ।

२३. **कन्टिन्जेन्सी खर्च :** यस गाँउ विकास समितिको पूंजीगततर्फ ५४,६७,,०००।-बजेट विनियोजन भएको विभिन्न योजनातर्फ फाल्गुन मसान्तसम्म रु.२४,७३,०००।- खर्च भएकोले सोको ५ प्रतिशत का दरले रु. १,२३,६५०।- मात्र कन्टिजेन्सी खर्च गर्न पाउनेमा पूंजीगततर्फ कुल विनियोजित रकमको ५ प्रतिशतका दरले कन्टिजेन्सी खर्च गर्न पाउने उल्लेख गरि उक्त रकमबाट लेखापरिक्षण शुल्क,सामाजिक परिचालन, दैनिक भ्रमण भत्ता र कर्मचारीको तलवमा रु. २,७३,३५०।- खर्च गरेकोले रु.१,४९,७५०।-बढी खर्च भएको देखिन्छ ।

२४. **पेश्की बांकी :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ अनुसार यस आर्थिक वर्षमा ९ व्यक्ती वा संस्थालाई दिईएको पेश्की फछ्र्यौट हुन नसकि जिम्वेवारी सारिएकोले नियमावली अनुसार रु.१०,९८,७२५।- पेश्की फछयौंट गर्नुपर्दछ ।

२५. **जनसहभागिता अंश :** (भौ.नं. मिति २७/०७४/३/३०) स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५-ग) बमोजिम प्राविधिकले लागत अनुमान तयार गर्दा उपभोक्ता समितिको अंश पनि किटानी गर्नुपर्ने व्यवस्था छ ।

२५.१. कार्यालयले उपभोक्ताको योगदान कुल रकमको १० प्रतिशत हुनुपर्नेमा महादेव प्रा.वि. घेरवार निमार्णमा रु.४,३०,०००।- को कार्यसम्पन्न प्रतिवेदनको आधारमा जनसहभागिताको अंश २०,०००।- मात्र कट्टी गरेकोले नियमानुसार जनसहभागिताको अंश १० प्रतिशतले हुने रु.४३,०००।- कट्टी गर्नुपर्नेमा रु.२३,०००।- बढी भुक्तानी भएको हुंदा असुल गर्नुपर्दछ ।

२५.२. कार्य सम्पन्न प्रतिवेदनको आधारमा स्थानिय निकायले बेहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरि भुक्तानी गर्नुपर्नेमा ३ योजनामा रु रु.९०,८४०।- बढी भुक्तानी भएकोले असुल गर्नुपर्दछ ।

२६. **कफलसेरी गाविस :** लेखापरीक्षणबाट देखिएको अन्य व्यहोरा देहाय बमोजिम छन् ।

२६.१. **पेश्की बांकी :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ अनुसार यस आर्थिक वर्षमा२०७४।३।२५ कफलसेरी गाविसले दिर्घसिहं कुन्जडालाई दिईएको पेश्की फछ्र्यौट हुन नसकि रु. २३६००/-जिम्मेवारी सारिएकोले नियमावली अनुसार पेश्की फछयौंट गर्नुपर्दछ ।

२६.२. दीर्घसिंह कुन्जेडाले कात्तिकमा रु.१०००।- दोहोरो महंगी भत्ता भुक्तानी गरिएकोमा असुल गर्नुपर्दछ । निवेदन संकलन कार्यमा सहयोग गरेवापत हरिश कुमार बोहोरालाई प्रतिदिन रु ३५० का दरले २७ दिनको जम्मा रु.९,४५०।- संकलन कार्य गरेको प्रमाण विना भुक्तानी गरिएकोमा सो निवेदन संकलन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

२६.३. पुंजिगत शिर्षकबाट रु.६२,३८९ को मालसामान खरिदको मुअकर विजकमा १.५ प्रतिशत रु.९३६।-कर कट्टी गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु.३५लाख ८७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १लाख ९४ हजार अनियमिति भएको १५ लाख ३४ हजार र पेश्की १८ लाख ५९ हजार रहेको छ ।

# तलकोट गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात समेत यो वर्ष जम्मा आय रु ५ करोड ५१ लाख ९७ हजार आम्दानी भएकोमा रु ४ करोड ८९ लाख ३७ हजार खर्च भई रु ६२ लाख ६० हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन ।

१. **आर्थिक अवस्था:** यस आर्थिक बर्षमा साविक ४ गाउ विकास समितिहरुको शुरु मौज्दात, सामाजिक सुरक्षा भत्ता, गाँउ पालिका अनुदान आन्तरिक आय समेत रु.५,५१,९७,४३६।०७ जम्मा आम्दानी र उल्लेखित शिर्षकहरुमा रु.४,८९,३६,६४९।८५ खर्च भई रु.६२,६०,७८६।२२ मौज्दात बांकी रहेको देखिएको छ । यो बर्षको कुल आम्दानी रु. ५,५१,९७,४३६।०७ मा आन्तरिक स्रोतको आम्दानी जम्मा रु.९,०००।- (.०२ प्रतिशत) रहेको देखिएबाट गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था कमजोर देखिएको छ ।

२. **लेखाप्रणाली :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि आन्तरिक आय तर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन ।

३. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजुको लगत अद्यावधिक गरेको छैन । सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत वितरण गरेको भत्ताको भरपाइमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा सम्वन्धित जिम्मेवार पदाधिकारीले वास्तविक वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ । साविकका गा.वि.स. मा भएको जिन्सीको अवस्था देखिने गरी विवरण तयार नभएको साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन । जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ ।

४. **राजस्व** :आर्थिक कार्यबिधि ऐन २०५५ को परिच्छेद ४ दफा १२,१३ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको पाइएन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला नियमानुसार भएकोमा एकिन हुन सकिएन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आवस्यक निर्णय तथा कार्यान्वयन गरि आन्तरिक आयको उचित परिचालन हुनु पर्दछ ।

५. **स्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिका/नगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङकन वा गाँउ पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

६. **सन्चित कोष : स्**थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ६३ अनुसार गाँउपालिका तथा नगरपालिकाको स्थानीय सन्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक बर्षको अन्तमा वडाको खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानीय तहको सन्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साबिकका निम्न गाबिस र हालका वडाले आर्थिक वर्षको अन्तमा बाँकी रहेको ३ गा.वि.स. रु ६,५९,०६२.३२रकम सन्चित कोषमा दाखिला गरेको नदेखिएकोले नियमको पालना गरी उक्त रकम सन्चित कोषमा दाखिला गर्नुपर्दछ ।

७. **वार्षिक खरिद योजना :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु.२९,९४,३२५।- को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन ।

८. **लागत अनुमान :-** सार्वजनिक खरिद ऐन २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष लागत अनुमान

तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउ पालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाँउ पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

१०. **कारोबारको लेखाः-** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश,२०७४ को दफा ५६ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी तथा खर्च रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक चार गाउँ विकास समिति वर्तमान तलकोट गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

११. **सम्पत्ति हस्तान्तरण : स्**थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ ।

१२. **कर :** आयकर ऐन, २०५८ अनुसार कार्यालय प्रयोजनका लागि आवश्यक हार्डवेयरका सामानहरु खरिद गरी भुक्तानी गरेकोमा रु.८१७/८०अग्रिम कर कट्टा नगरेको ले असुल गर्नुपर्दछ ।

१३. **अनुगमन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम खर्च पुष्टी गर्ने प्रमाण संलग्न गर्नुपर्नेमा कार्यालयले रु.५८,९२०/- अनुगमन मल्याङ्कन खर्च लेखेकोमा अनुगमन गर्ने कर्मचारी/पदाधिकारी, अनुगमनको उद्धेश्य, स्थान लगायत अनुगमन प्रतिवेदन समेत पेश गरेको नदेखिएकोले रु. ५८,९२०/- खर्च प्रमाणित गर्ने आवश्यक कागजात पेश गर्नुपर्दछ ।

१४. **बिल नपुग :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम खर्चको बिल अनुसार भुक्तानी गर्नुपर्नेमा बडा सचिव श्री धन बहादुर घर्तीले सामान ढुवानी बापत रु.४० हजार भुत्तानी गरेकोमा रु.३८,९००।- मात्रको बिल संलग्न गरेको देखिएकोले बढी भुत्तानी गरेको रु.१,१००।- असुल गर्नुपर्दछ ।

१५. **खरिद तथा भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ अनुसार आवश्यकता यकिन गरी नियम ६३ बमोजिम लागत अनुमान तयार गरेर खरिद कार्य गर्नुपर्नेमा कार्यालयले यसवर्ष आवश्यक सामान विभिन्न फर्मबाट पटक पटक गरी रु.३,९८,०००/- खरिद गरेकोमा सेती इलेक्ट्रीकको नाममा मात्र भुत्तानी गरको छ । विभिन्न फर्मलाई भुत्तानी दिनुपर्ने रकम एक फर्मलाईमात्र भुत्तानी गरेको वास्तबिकता पुष्टी भएन । साथै कार्यालयको लागि फर्निचर फिक्चर्स तथा मेशिनरी सामानहरु खरिदका लागि खातामा प्रयाप्त रकम मौज्दात हुदाहुदै पनि नियमानुसार खरिद आबश्यकता पहिचान बेगर पटक पटक खरिद गरेको नियम सम्मत नदेखिएकोले नियमको उत्त व्यवस्था अनुसार आवश्यकता पहिचान भए नभएको तथा भुक्तानी भएको बिल सम्बन्धमा समेत छानबिन गरी रु.३,९८,०००/ खर्चको बास्तबिकता यकिन हुनुपर्दछ ।

१६. **सामाजिक सुरक्षा पेश्की :** साविक धमेना गाविस सचिव श्री रगंलाल सार्कीको नाममा रहेको पहिलो किस्ता वापतको रु.१,५४,०००।- हालसम्म फछ्र्यौट तथा सचित कोष दाखिला गरेको नदेखिदा उक्त रकम व्याज सहित संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

**सुनीकोट गाउ विकास समितिः**

१७. **बैठक भत्ताः** आयकर ऐन २०५८ अनुसार बैठक भत्ता भुक्तानी गर्दा १० प्रतिशत अग्रिम कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा विभिन्न मितिमा सुनीकोट गाउ विकास समिति गाबिस सचिव श्री शिव सिंहले बैठक भत्ता रु.४५,०००/- खर्च लेखेकोमा कर कट्टा भएको नदेखिएकोले रु.४,५००/ असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१८. **तलब खर्च:** स्थानीय स्वयत्त शासन नियमावली, २०६४ अनुसार स्वीकृत दरबन्दीमा नियुक्त भएको कर्मचारीहरुलाई स्थानीय स्रोतबाट तलब खर्च लेख्नुपर्नेमा कार्यालय सहयोगी २ जनाको तलब खर्च सरकारी अनुदानबाट भुक्तानी गरेको रु. रु.३०,०००/- नियम सम्मत देखिएन ।

१९. **प्रमाण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।

१९.१. कार्यालयले भौ.नं. ८-२०७४।०३।२६ बाट बिकुल्ली पोल्टीसेट निर्माणको पेश्की रु.५०,०००/-फछ्र्यौट गरी थप रु.२९,०००/- भुक्तानी गरेकोमा रु.३६,७९२/- मात्रको नापी किताब र कार्यसम्पन्न प्रतिबेदन पेश भएकोले रु..४२,२०७- बास्तबिक खर्चको प्रमाण बेगर खर्च लेख्न मिल्ने देखिदैन ।

१९.२. भौ.नं. १५-२०७४।०३।२७ बाट सुनीकोट स्वास्थ्य चौकीमा घेराबार निर्माण कार्यको लागि रु.१० लाख भुत्तानी गरेकोमा खर्च पुष्टि हुने प्रमाण कागजात पेश गर्नुपर्दछ ।

२०. **कर दाखिला :** आयकर ऐन, २०५८ अनुसार विभिन्न मितिमा कट्टा गरेको सामाजिक सुरक्षा र आयकर दाखिला नभएकोले रु. १,६५०/- राजस्व दाखिला गर्नुपर्दछ ।

२१. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नु पर्नेमा भौ.नं २१-२०७३।११।१५ बाट श्री भिम बहादुर बोहोरालाई धारा मर्मत वापत विल भरपाई वेगर रु. ३००० भूक्तानी गरिएकोले निजले रकम बुझेको प्रमाण पेश गर्नुपर्दछ।

२२. **आय र पारदर्शिता :** स्थानीय स्वायत्त शासन नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार शिर्षकगत आम्दानी गरेको नदेखिनुका साथै खर्चको सार्वजनिक परीक्षण गरेको नपाइएकोले नियमानुसार आम्दानी बृद्धि गर्ने तथा खर्चको सार्वजनिक परीक्षण गर्ने व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

२३. **खर्च प्रमाण :** २०७३।०६।०५ स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था भएकोमा (दातोला गाउ विकास समितिका गाबिस सचिव श्री राधाकृष्ण जोशी) ले निम्न खर्चको प्रमाण संलग्न गरेको नदेखिएकोले नियमानुसार खर्च यकिन गरी बिलभरपाई पेश हुनुपर्दछ ।

(क) कार्यालयले विबिध खर्च शिर्षकबाट खाना खर्च वापत रु.४२,०००।- खर्च लेखेकोमा कार्यक्रम, सहभागी, टिप्पणी अभिलेख तथा खर्च प्रमाणित हुन अन्य प्रमाण संलग्न गरेको नदेखिएकोले खर्च पुष्टी हुने प्रमाण पेश गर्नुपर्दछ ।

(ख) गाउ परिषद खर्च रु १,८२,४७६/- भुक्ताली गरेकोमा रु.१,७७,६६६/- को मात्र बील भरपाई रहकोले बढी खर्च भएको रु.४,८१०/- रकम असुल गर्नुपर्दछ ।

(ग) गोरख बहादुर जेठारा र समिर बहादुर जेठारालाई प्रतिव्यक्ती रु २०,०००/- का दरले दैबी प्रकोप राहत रु ४०,०००/-उपलब्ध गराएकोमा निजहरुको निबेदन, मुचुल्का र निर्णय स्रेस्तासाथ संलग्न नगरेको हुदां आबश्यक प्रमाण पेश गर्नुपर्दछ ।

२४. **खाना खर्च :** सडक निर्माण उपभोक्ता समितिलाई निर्माण कार्यको रकम भुक्तानी दिई सकेको अवस्थामा मष्टा शुसिल धामी होटलको बील बमोजिम खाना खर्च ७६,६००।- भुक्तानी दिएको पुष्ट्याई हुने प्रमाण पेश गर्नुपर्दछ ।

२५. **शीर्षक फरक पारी खर्च गरेको:-** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(१) मा स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । मेल बिसौना गाउ विकास समितिका गाबिस सचिव श्री धन बहादुर घर्तीले सम्बन्धित शिर्षक बाहेक खर्च गरेको व्यहोरा निम्न छन् :

(क) संचार, कार्यालय सामान र विविध शिर्षक समेत रु.१८,१००।- खर्च गर्दा कार्यालय सामानको शिर्षकमा खर्च लेखनुपर्नेमा विविध शिर्षकबाट रु.८,१००/- खर्च गरेकोमा रकमान्तर गरी नियमित गरको छैन ।

(ख) भौचर नं. २७ बाट विविध खर्च शिर्षकबाट रु.७४,७८६/ खर्च लेखेकोमा सो खर्च अन्य शिर्षकबाट लेखेको छ ।

२६. **फिल्ड निर्माण :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था भएकोमा नानन्देव प्रा.वि.को फिल्ड निर्माण कार्यको लागि रु.५०,०००/- भुक्तानी गरेकोमा खर्चको प्रमाण संलग्न नगरेकोले खर्चको प्रमाण पेश गर्नुपर्दछ ।

२७. **खर्च अनुमोदन :** अनुगमन सहित अन्य विभिन्न शिर्षकबाट भए गरेको खर्च रकमको परिषदबाट अनुमोदन बेगर रु.१,९०,०००/- खर्च गरेकोले परीषदबाट अनुमोदन गर्नुपर्दछ ।

२८. **तलब खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा बील भरपाई संलग्न गर्नुपर्नेमा धमेना गाउँ विकास समितिका गाबिस सचिव श्री रगांलाल सार्कीले धन बहादुर धमेनालाई भुक्तानी गरेको रु.१६,०००/ तलवी भरपाई संलग्न नभएकोले भरपाई पेश गर्नुपर्दछ।

**२९.** **बढि भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था भएकोमा गाउँ परिषद खर्च रु. ७०,०००/- भुक्तीा गरेकोमा रु.६९,१२०/- को मात्र बील भरपाई रहकोले बढी खर्च भएको रु ८८०। रकम असुल गर्नुपर्दछ।

३०. **बील भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था भएकोमा श्री बाल बिकास माध्यमिक बिद्यालयको फिल्ड निर्माण फिल्ड निर्माण कार्य गरेको भुत्तानीको लागत मूल्यांकन, नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन बेगर रु.१,७१,८००/ भुक्तानी गरेकोले कार्यसम्पन्न प्रतिबेदन पेश गर्नुपर्दछ।

३१. **जिन्सी दाखिला :** कार्यालयमा प्राप्त सबै जिन्सी सामानहरु समयमा आम्दानी बाध्नुपर्नेमा प्रेशबाट स्टेशनरी तथा मशलन्दका सामानहरु छपाई तथा खरिद गरेकोमा रु १३,६७६/- जिन्सी आम्दानी भएको नदेखिएको आमदानी खर्च देखाउनु पर्दछ।

३२. **स्लेट खरिद :** सामुदायिक भवन निर्माणका लागि आवश्यक स्लेट उपलव्ध गराएकामा राम बहादुर रोकायलाई रु.५०,०००/-को भरपाई मार्फत भुत्तानी गरेकोमा स्लेटको परिमाण, दर यकिन हुने प्रमाण संलग्न नगरेको देखिएकोले खर्च पुष्टी हुने प्रमाण पेश गर्नुपर्दछ। .

३३. **नापी किताव :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था भएकोमा जिउला तटबन्धन निर्माण कार्य गरेको भुक्तानीको लागत मूल्यांकन, नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन बेगर रु १,४०,८००/-खर्च लेखेकोले आबश्यक प्रमाण पेश गर्नुपर्दछ ।

३४. **पार्श्वचित्र :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था भएकोमा साबिक धमेना गा.बि.स.को पार्श्वचित्र निर्माण तथा अद्याबधिक गर्नका लागि ज्ञान बहादुर बोहरालाई रु. ८०,०००/-भुत्तानी गरेकोमा संझौता अनुसार पार्श्वचित्र तयार गरी दाखिला गरेको प्रमाण संलग्न नदेखिएकोले संझौता अनुसार कार्य सम्पन्न गरेको प्रमाण पेश गर्नुपर्दछ।

३५. **असाहाय भत्ता वितरण भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले रु.१७,१००/ असाहाय बालबालिकाहरुलाई आर्थिक सहायता वितरण गरेको भरपाई पेश नभएकोले भर्पाइ पेश गर्नुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु.३३ लाख १८ हजार बेरुजू देखिएको छ।सोमध्ये असुल गर्नुपर्ने रु. १४ हजार, अनियमिति भएको ७ लाख प्रमाण पेश गर्नुपर्ने रु २६ लाख ३ हजार रहेको छ।

## मष्टा गाउँपालिका

### लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु ७ हजार, यो वर्ष जम्मा आय रु ६ करोड ८ लाख २५ समेत जम्मा आम्दानी ६ करोड ८ लाख ३२ हजार आम्दानी भएकोमा रु ५करोड ४९ लाख ४९ हजार खर्च भई रु.५८ लाख ८३ हजार रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन ।

१. **आर्थिक अवस्था:** यस आर्थिक बर्षमा साविक २ गाउ विकास समितिहरुको शुरु मौज्दात,सामाजिक सुरक्षा भत्ता,गाँउ पालिका अनुदान आन्तरिक आय समेत रु. ६०८३२१४२।६६ जम्मा आम्दानी र उल्लेखित शिर्षकहरुमा रु. ५४९४९०११।७४ खर्च भई ५८८३१३०।९२ मौज्दात बांकी रहेको देखिएको छ। यो बर्ष आन्तरिक स्रोतको आम्दानी केहि नदेखिएबाट गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था कमजोर देखिएको छ।

२. **लेखाप्रणाली :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि आन्तरिक आय तर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन ।

३. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजुको लगत अद्यावधिक गरेको छैन । सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत वितरण गरेको भत्ताको भरपाइमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा सम्वन्धित जिम्मेवार पदाधिकारीले वास्तविक वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ। साविकका गा.वि.स. मा भएको जिन्सीको अवस्था देखिने गरी विवरण तयार नभएको साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन। जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ।

४. **राजस्व असुली तथा दाखिला :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको पाइएन। यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला नियमानुसार भएकोमा एकिन हुन सकिएन ।

५. **जिम्मेवारी नसारेको :** साविक मष्टा गाउं बिकास समितिले आ.ब.०७२।७३ को रु ४६० घटि जिम्मेवारी सारेकोले उक्त जिम्मेवारीको यकिन गरी आगामी बर्षको लागि जिम्मेवारी सार्नु पर्दछ।

६. **स्रोत नक्सांकन:** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिकारनगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साँकन वा गाउं पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

७. **स्थानीय सन्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ६३ अनुसार गाँउपालिका तथा नगरपालिकाको स्थानीय सन्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक बर्षको अन्तमा वडाको खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानीय तहको सन्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साबिकका निम्न गाबिस र हालका वडाले आर्थिक वर्षको अन्तमा वाँकी रेहको ४ गा.वि.स को रु रु.१२,१०१।३२ सन्चित कोषमा दाखिला गरेको नदेखिएकोले नियमको पालना गरी उक्त रकम सन्चित कोषमा दाखिल गर्नुपर्दछ।

८. **खरिद योजना-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो बर्ष रु. २९४८००२.०० को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन ।

९. **लागत अनुमान :-** सार्वजनिक खरिद ऐन २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो बर्ष लागत

अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१०. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३र४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउ पालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाँउ पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

११. **कारोबारको लेखाः-** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश,२०७४ को दफा ५६ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी तथा खर्च रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक ३ गाउँ विकास समितिले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

१२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति ,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने छ ।यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस थलारा गाँउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ ।

१३. **अन्य व्यहोरा :** लेखापरीक्षणबाट देखिएको अन्य व्यहोरा देहाय बमोजिम छन् ।

१३.१. विविध खर्च रु १५०००। लेखिएकोमा कुन कार्यक्रममा खर्च भएको उल्लेख नभएकोले कार्यक्रम वेगर विविध खर्च लेख्न मिल्ने देखिदैन ।

१३.२. कार्यालयले वडा कार्यालयहरुलाई वितरणका लागि फर्निचर खरिद गरेको रु ३,५८,१५६। माल समान वडाहरुमा हस्तान्तरण गरेको प्रमाण नभएको ।

१३.३. फर्निचर तथा मेसिनरी सामान धनगढीवाट वझाङ्ग ढुवानी गर्दा सेती कर्णाली ढुवानी सेवाको ट्रक नं. से१ज ८६१, मिति २०७४।०२।२० मा रु ८९०००।०० ढुवानी देखाइएकोमा पुनः २०७४।०२।२१ गते पनि सोही नं. को ट्रकवाट ढुवानी गरेको देखाइएको छ । से१क ५३१ को ट्रक ढुवानीको मिति नलेखिएको २ वटा वील संलग्न रहेको देखियो । ढुवानी गर्दा के कति सामान, कति ट्रकमा ढुवानी गरेको हो व्यहोरा प्रष्ट हुन नसकेकोले स्पस्ट गर्नुपर्दछ ।

१४. **लेखापरीक्षण** : रिलु गा.वि.स.मा लेखापरीक्षणबाट देखिएको अन्य व्यहोरा देहाय बमोजिम छन् ।

१४.१. वर्थिङ्ग सेन्टर व्यवस्थापनमा रु ३१०४३७ खर्च लेखेकोका संलग्न वील भर्पाइ १९०८२५।०० मात्र रहेकोले वाकी रु १,१९,५१२।०० वील भर्पाइ पेश गर्ने अन्यथा रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

१४.२. परीषदको निर्णय : स्वास्थ्य तर्फ कार्यरत अनमी लाई गाविसवाट तलव भुक्तानी गरेकोमा परिषदको निर्णय विना रु. १,००,०००।०० लेखेको खर्च अनियमित भएको छ ।

१४.३. अनुगमन सुपरीभिजन गरेको भनी शंकर वोहरालाई भुक्तानी गरेको रकम नीजको भर्पाइ र अनुगमन प्रतिवेदन विना खर्चरु. १०,०००।०० लेखेकोले अनियमित भएको छ ।

१४.४. स्थानमा काठेपुल निर्माणमा रु. १३०००।०० प्रतिपुल दरले धुम्याना, भणालीखोला पुल ,गोरुतराउन काठेपुल गरी रु ३९,०००।०० भुक्तानी गरेकोमा थप रकम सोही पुलहरुमा भुक्तानी किन गर्नुपरेको हो उक्त पुलहरुको ल.ई, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र मुल्यांकन विल भर्पाइ पेश गर्नुपर्दछ ।

१४.५. कम्प्यूटर खरिद तथा ढुवानीको लागि रु २,००,०००।०० भुक्तानी गरिएकोमा संलग्न वील भर्पाइ रु १,४९,०९३। मात्र रहेको हुँदा उक्त सामान जिन्सी आम्दानी वाधी नपुग बिल भर्पाइ रु ५०,९०७।०० रकम असुल गर्नुपर्दछ ।

१५. **भातेखोला गाविस** लेखापरीक्षणबाट देखिएको अन्य व्यहोरा देहाय बमोजिम छन् ।

१५.१. साविक भातेखोला गाविस वडा नं. २ खानेपानी योजनाको लागि म्याचिङ फण्डका लागि समितिको खातामा रकम दिएकोमा उपभोक्ता समितिको निर्णय र माग वेगर नै रकम रु. ९८,०००।०० निकासा गरेको देखियो ।

१५.२. कार्यालयमा कार्यारत कर्मचारीहरुले नियमित रुपमा सरकारी सेवा सुविधा उपभोग गरिएको अवस्थामा विर वहादुर वानियाको भर्पाइ र निवेदन अनुसार कर्मचारीले खाना खाएको रकम रु.३४,०००।०० भुक्तानी गरेको देखिएकोले अनियमित देखिएको छ ।

१५.३. स्मृति जनरल अडर्सको मिति र विक्रेताको दस्तखत नभएको वील वमोजिम ८१ वटा वाल्टीन र जग समेतका भाडाकुडा खरिद गरी अनावश्यक खर्च रु. ९०,०००।०० भुक्तानी गरेकोले रकमको पुस्ट्याइँ पेश गर्नुपर्दछ ।

१५.४. आ.व.को अन्तमा लाछिगाड ल.ज.वि. योजनाको रकम धर्मराज खड्काको रु.१०,०००। पेश्कि वाँकी देखिएकोले पे.फ. गरि प्रमाण पेश गर्नुपर्दछ ।

१६. **मष्टा गाविस** : लेखापरीक्षणबाट देखिएको अन्य व्यहोरा देहाय बमोजिम छन् ।

१६.१. गाउँ विकास समितिको पार्श्वचित्र तयारी तथा अद्यावधिकको लागि ज्ञान वहादुर वोहरालाई दिएको भुक्तानी रकमको रु २०,०००।०० विल भर्पाइ नरहकोले विल भरपाई पेश गर्नुपर्दछ ।

१६.२. ग्रामिण सडक निर्माणको लागि डोजर प्रयोग गरी डिजेल खरिद रु ३,८१,२००।०० गरेकोमा खरिद वील नभएकोले नियमानुसारको आयकर कट्टी गरी भए गरेको खर्च रकम नियमित भएको देखिएन ।

१६.३. वडा कार्यालयका कर्मचारीहरुलाई कम्प्यूटर तालिम दिई पारिश्रमिक भत्ता भुक्तानी दिएको रकम रु ११५००।०० मा रु.१,७२५।०० करकट्टी गर्नु पर्नेमा कर कट्टी नगरेकोले असुल गर्नुपर्दछ ।

१७. **कोटदेवल गाविस** : लेखापरीक्षणबाट देखिएको अन्य व्यहोरा देहाय बमोजिम छन् ।

१७.१. कृषि कार्यक्रमका लागि रु १,००,०००।०० स्पेयर खरिद गरेकोमा खरिद भएका स्पेयर कृषकहरुलाई वितरण गरेको नदेखिएकोले लक्षित वर्गलाई प्राप्त नभएले बुझाएको भरपाई पेश गर्नु पर्दछ ।

१७.२. वालवालिका समाग्री रु १,४३,७१५।०० खरिद गरी वितरण गरेको भरपाई पेश नभएकोले भरपाई पेश गर्नुपर्दछ ।

१७.३. गगन वहादुर द्वाललाई आगलागि राहात रु. ११,०००।०० भुक्तानीमा सर्जमिन मुचुल्का र समितिको निर्णय श्रेस्ता साथ पेश नगरिएकोले प्रमाण पेश गर्नुपर्दछ ।

१७.४. पानकोट लेकी सडक निर्माण कार्यको रु. १,६०,०००।०० वीलभर्पाइ, नापी किताव, कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले पेश गर्नुपर्दछ ।

१७.५. कालसैन मन्दिर निर्माणको लागि दिएको रकमको रु.१,५०,०००।०० वील भर्पाइ पेश नभएकोले पेश गर्नुपर्दछ ।

१७.६. समदेउ चीउरी लेकी सडक निर्माणको रु ४,५०,०००। पे.फ. गरी वाकी रकम १,०१,०००। भुक्तानी गरेकोमा वील वेगर भुक्तानाी गरेको रु २,९२,४११।०० बिल भरपाई पेश गर्नु पर्दछ ।

१७.७. कोटदेवल खा.पा. योजनाको ल.ई नापी किताब र कार्य सम्पन्न प्रतिवेदन विना रु १,००,०००।०० लेखेकोले खर्चको प्रमाण पेश गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु. २३लाख ९० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.५२ हजार, अनियमिति भएको २३ लाख २८ हजार र पेश्की रु १० हजार रहेको छ ।

## खप्तडछान्ना गाउँपालिका

### लेखापरीक्षण प्रतिवेदन

गत बर्षको मौज्दात रु १० लाख ७ हजार समेत यो वर्ष जम्मा रु ७ करोड ९५ लाख ६० हजार आम्दानी भएकोमा रु ७ करोड ३२ लाख १२ हजार खर्च भई रु.६३ लाख ४८ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा छन

१. **आर्थिक अवस्था :** यस आर्थिक बर्षमा साविक २ गाउ विकास समितिहरुको शुरु मौज्दात,सामाजिक सुरक्षा भत्ता,गाँउ पालिका अनुदान आन्तरिक आय समेत रु. ७९५६००८८.०६ जम्मा आम्दानी र उल्लेखित शिर्षकहरुमा रु. ६३४८२३७.५४ खर्च भई रु.७३२११८५०.५२ मौज्दात बांकी रहेको देखिएको छ। यो बर्षको कुल आम्दानी रु. ७९५६००८८.०६ मा आन्तरिक स्रोतको आम्दानी जम्मा रु.४७८५०।०० (.०६१ प्रतिशत) रहेको देखिएबाट गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था कमजोर देखिएको छ।

२. **लेखाप्रणाली :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि आन्तरिक आय तर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन ।

३. **आन्तरिक नियन्त्रण प्रणाली** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा दैनिक भ्रमण भत्ता बढि भुक्तानी गुनासो पेटिका नराखेको ,विल भरपाई प्रमाणीत नभएको ,समानमो मुल्य नखुलाएको जस्ता ब्यहोरा देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

४. **राजस्व असुली तथा दाखिला :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको पाइएन ।

५. **स्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिका/नगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अनय स्रोत, पूर्वाधार अनर्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङकन वा गाउं पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

६. **स्थानीय सन्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ६३ अनुसार गाँउपालिका तथा नगरपालिकाको स्थानीय सन्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खात रहने तथा चालु आर्थिक बर्षको अन्तमा वडाको खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानीय तहको सन्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साबिकका निम्न गाबिस र हालका वडाले आर्थिक वर्षको अन्तमा वाँकी रेहको ६ गाउं विकास समितिबाट रु ८,१९,६०९.०० रकम सन्चित कोषमा दाखिला गरेको नदेखिएकोले नियमको पालना गरी उक्त रकम सन्चित कोषमा दाखिला गरिनु पर्दछ।

७. **वार्षिक खरिद योजना :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैंयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु. २८,९५,६१७।०० को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन ।

८. **लागत अनुमानः-** सार्वजनिक खरिद ऐन २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९. **बरबुझारथः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा

नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउ पालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाँउ पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

१०. **कारोबारको लेखाः-** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश,२०७४ को दफा ५६ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी तथा खर्च रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक ६ गाउँ विकास समिति वर्तमान खप्तडछाान्ना गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

११. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति ,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस सूर्मा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ ।

**गडराय गाउँ विकास समिति**

१२. **कर दस्तुरः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालय बैंक नगदी कितावमा पोष्टिङ गरेको आन्तरिक आम्दानी रु.२०,२००।- घटना दर्ता वापत प्राप्त भएको कार्यालयको भनाई रहेकोमा आम्दानी रसिद, दैनिकि आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन ।

१३. **भुक्तानी दिन बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नु पर्नेमा प्रा.स. राम बहादुर रोकायलाई विगत २०७२ चैत्रदेखि २०७३ जेठसम्मको तलव दिन बाँकी रहेको उल्लेख गरि एकमुष्ठ रु.७१,१७७।- भुक्तानी गरिएकोमा विगतको तलव भुक्तानी दिन बाँकी रहेको र आगामी वर्षको बजेटबाट भुक्तानी दिने गरि गाँउपरिषदबाट निर्णय भएको प्रमाण पेश गर्नुपर्दछ ।

१४. **प्रमाण पेश :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नु पर्नेमा कार्यालय मसलन्द मालसामान को रु.५२००।- विल भरपाई समावेश नगरि सिधै भूक्तानी गरिएकोले सो को विल भरपाई सहितको प्रमाण पेश गर्नुपर्दछ ।

१५. **कर :** आयकर ऐन,२०५८ दफा ८८ अनुसार अग्रिम भुक्तानीमा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेमा ३ दिनसम्म सञ्चालन भएको गाँउपरिषद वैठकमा उपस्थित ४८ जनालाई ३ दिनको रु.३०० का दरले भुक्तानी गरिएको रु.४३,२००।- को १५ प्रतिशतले अग्रिम कर कट्टी गरि रु .६,४८०।-राजस्व दाखिला गर्नुपर्दछ ।

१६. **सामाजिक सुरक्षा कर :** प्रा.स.राम बहादुर रोकायलाई प्रदान गरिएको दशैखर्च रु.३३,६४८।- को सामाजिक सुरक्षा कर रु.३४८।- कट्टीगरि दाखिला गर्नुपर्दछ ।

१७. **असुल :** आयकर ऐन,२०५८ दफा ८८ अनुसार भाडा भुक्तानीमा १० प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेमा गाँउ विकास समितिको कार्यालयको लागि भाडामा घर उपलव्ध गराएकोमा २०७३ बैशाखबाट २०७३ चैत्रसम्मको मासिक रु.२,०००।- का दरले जम्मा रु.२४,०००।- को १० प्रतिशतका दरले अग्रिम कर कट्टी गरि राजस्व दाखिला गर्नुपर्नेमा नगरेकोले असुल गरी रु२४००।-दाखिला गर्नुपर्दछ ।

१८. **भाडा करः** आयकर ऐन,२०५८ दफा ८८ अनुसार भाडा भुक्तानीमा १० प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेमा नागरिकता शिविर सञ्चालनका मालसामानहरु कालुखेतीदेखि चैनपुरसम्म रिर्जभ गरि भाडा वापत लिएको रु. १४,०००।- को अग्रीमकर कट्टी नगरेकोले रु. १४,००।- असुल गर्नुपर्दछ ।

१९. **होटल वास खर्च :** आर्थिक कार्याविधि नियमावली,२०६४ को नियम ३६(१४) अनुसार आर्थिक प्रशासन प्रमुखले प्रचलित कानुन वमोजिमको प्रक्रिया नपुगे आर्थिक कारोवारको भुक्तानी दिन नमिल्नेमा खप्तडछान्ना गाँउपालिकाको केन्द्र निर्धारणको लागि जिल्लाविकास समितिको कार्यालयमा २०७३ मंसिर ६,१०,१२ र १४ गते ज्ञापनपत्र दिन,धर्ना, जुलुश गर्न आएका टोलीलाई खाना एवम होटल वासको सुविधा दिए वापतको भरपाईको आधारमा रु.२०,०००।- खर्च गरिएकोमा यसरी सरकारी रकमलाई धर्ना जुलुश कार्यमा खर्च गर्न उपयुक्त नदेखिएकोले अनियमित देखिएको रु. २०,०००।-नियमित गराउनु पर्दछ ।

२०. **अग्रीम कर** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार पचास हजार भन्दा बढीको भुक्तानीमा १.५ प्रतिशतका दरले अग्रीम कर कट्टी गर्नुपर्नेमा छान्ना हार्डवयर एण्ड सप्लायर्सबाट रु.१,५२,२५०।- को सिमेन्ट खरिदमा १.५ प्रतिशतका दरले रु.२२८४।- अग्रीम कर कट्टी नगरेकोले असुल गर्नुपर्दछ ।

२१. **बढी भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नु पर्नेमा गोर्खा बर्थसेन्टर सञ्चालन कार्यक्रममा गोर्खाली बर्थिङ सेन्टर लाई छान्ना हार्डवयर एण्ड सप्लायर्सको डल्फिन चेयर खरिदमा रु.९,६०५।-र स्टील दराज खरिदमा रु.७३४५।- गरि जम्मा रु.१६,९५०।- भुक्तानी गर्नुपर्नेमा रु.३७,०००।- भुक्तानी गरिएकोले बढी भुक्तानीको रु.२०,०५०।- प्रमाण पेश गर्नुपर्दछ ।

२२. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नु पर्नेमा गडराय विद्युत मर्मतको लागि रु.३२,०००।- विल भरपाई वेगर भुक्तानी गरिएकोले प्रमाण पेश गर्नुपर्ने रु.३२,०००।-

२३. **जिन्सी दाखिला** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम स्थानिय निकायमा रहेका र खरिद बा हस्तान्तरण भई आएका मालसामनहरु जिन्सी कितावमा आम्दानी बाधी अद्याबधिक गराउनुपर्नेमा कार्यालय व्यवस्थापनको लागि खरिद गरिएका मालसामान काठको टेवल ३ वटा रु.३५००।- का दरले र काठको कुर्सी ५ वटा १५००।- का दरले र रिभल्विङ चेयर २ वटा रु.१६,०००।- का दरले खरिद गरिएकोमा जिन्सी खाता पेश नभएकोले उक्त मालसामन दाखिला गरे नगरेको सम्वन्धमा स्पष्ट हुन नसकेकोले रु.५०,०००।- जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

२४. **दैनिक भ्रमण खर्च** : यस गाँउ विकास समितिको पूंजीगततर्फ २८,६०,४७०।- बजेट निकासा भएकोमा विभिन्न योजनातर्फ फाल्गुन मसान्तसम्म रु.२१,०१,९१०।- खर्च भएकोले सोको ५ प्रतिशत का दरले रु. १,०५,०९५।- मात्र कन्टिजेन्सी खर्च गर्न पाउनेमा पूंजीगततर्फ कुल निकासा रकमको ५ प्रतिशतका दरले कन्टिजेन्सी खर्च गर्न पाउने उल्लेख गरि उक्त रकमबाट दैनिक भ्रमण खर्च रु. ४०,०००।-, र चालु खातामा सिधै रु.१,०७,५४७- टान्सफर गरिजम्मा रु. १,४७,५४२।-खर्च गरेकोले बढी खर्च भएको रु ४२,४४६।- असुल गर्नुपर्दछ ।

२५. **डोर हाजिरी** : गोर्खाली सडक निर्माण कार्यमा यस भौचरबाट पेश्की फछ्र्यौट सहित रु. ५,००,०००।- भुक्तानी खर्च लेखिएकोमा सो सडक निर्माणको स्वीकृत लागत अनुमान,निर्माण कार्य गर्ने र कार्यालय बिच सम्झौता , प्राविधिकले नापजाच गरेको विल, कार्य सम्पन्न प्रतिवेदन बेगर डोर हाजिरी फाराम र डोजर सञ्चालकले डोजर चलाए बापत बुझेको भरपाईको आधारमा भुक्तानी गरिएकोले उक्त कार्यको स्वीकृत लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन बेगर भुक्तानी दिन नमिल्ने भएकोले रु.५,००,०००।- कार्यसम्पन्न प्रतिवेदन प्रमाण पेश गर्नुपर्दछ ।

२६. **भाडा रकम भुक्तानी** : आयकर ऐन, २०५८ को दफा ८८ अनुसार भाडा रकम भुक्तानी गर्दा कुल भुक्तानीमा १० प्रतिशतका दरले करकट्टी गर्नुपर्नेमा दिपक बहादुर रोकायालाई स्काभेटर मेसिन चलाएबापत रु ३,१२,०००।-भाडा भुक्तानीमा करकट्टी नगरेकोले रु.३१,२००।-असुल गर्नुपर्दछ ।

२७. **फ्रिज** : आर्थिक वर्षको अन्ततिर आएर बजेट फ्रिज हुने कारण देखाई वडा नं. ७ को लागि विनियोजित रकमबाट रु.३,९३,०००।- वडा सचिव श्री लोक बहादुर रोकायाको खातामा जम्मा गरिएकोमा यसरी कार्यालयको नाममा आएको रकम व्यक्तीको खातामा राख्नु नियमसम्मत नभएकोले उक्त रकम रु.३,९३,०००।- असुल गरि मुल खातामा जम्मा गर्नुपर्दछ ।

२८. **सडक नाटक** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नु पर्नेमा वालविवाह अन्त्य अभियान कार्यक्रममा ३ दिने सडक नाटक कार्यक्रम सञ्चालन गरेवापत २० जनालाई ३ दिनको प्रतिजना रु.५०० का दरले जम्मा

रु.३०,०००।- भुक्तानी गरिएकोमा उक्त सडक नाटक कहा सञ्चालन गरिएको, सडक नाटकमा प्रस्तुत गरिएको कथा सहितको प्रतिवेदन विना भुक्तानी गरिएकोले उक्त सडक नाटक प्रतिवेदन पेश गर्नुपर्दछ ।

२९. **पेश्की बांकी :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ अनुसार यस आर्थिक वर्षमा सडक निमार्णको बचत रकम लोक बहादुर रोकायालाई दिइएको पेश्की फछर्यौट हुन नसकि जिम्वेवारी सारिएको पेश्की रु. ३,९३,०००।- यस नियमावली अनुसार पेश्की फछयौंट गर्नुपर्दछ ।

३०. **कन्टिन्जेन्सी खर्च :** यस गाँउ विकास समितिको पूंजीगततर्फ १४,९३,१९०।६० बजेट निकासा भएकोमा विभिन्न योजनातर्फ फाल्गुन मसान्तसम्म रु.४,४२,०२२।- खर्च भएकोले सोको ५ प्रतिशत का दरले रु. २२,१०१।- मात्र कन्टिजेन्सी खर्च गर्न पाउनेमा पूंजीगततर्फ कुल निकासा रकमको ५ प्रतिशतका दरले कन्टिजेन्सी खर्च गर्न पाउने उल्लेख गरि उक्त रकमबाट दैनिक भ्रमण खर्च रु.१९,८१८।-, कार्यालय सामान खर्च रु.४९,२२२।- र भैपरि खर्च रु.१६,८००।- गरिजम्मा रु. ८५,८१८।-खर्च गरेकोले बढी खर्च भएको रु.६३,७१७।- असुल गर्नुपर्दछ ।

३१. **कर दस्तुरः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालय बैंक नगदी कितावमा पोष्टिङ गरेको आन्तरिक आम्दानी रु.२०,१००।- सिफारिस दस्तुर , पञ्जिकरण वापत प्राप्त भएको कार्यालयको भनाई रहेकोमा आम्दानी रसिद, दैनिकि आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन।

३२. **अग्रीम करः** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार सेवाशूल्क भुक्तानी गर्दा कुल भुक्तानीमा १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ ।

३२.१. कार्यालयले भिलेज प्रोफाइल तयार गर्नको लागी प्रा.स. श्री भरत ब.थापा र सा.प. सबिता शाही सिंहलाई १५/१५ दिनको रु.१०००। का दरले रु.३०,०००।- भुक्तानीमा १५ प्रतिशतका दरले रु.४५००।- करकट्टी नगरेकोले असुल गर्नुपर्ने पर्दछ ।

३२.२. सा.प. सबिता शाही सिंहलाई खप्तछान्नाको वडा नं. १ देखि ९ सम्मको विपन्न वालवालिकाको लगत सकंलनमा १५ जना विपन्नवालवालिका रहेको लगत तयार गरेकोमा पारिश्रमीक वापत रु.३२,०००।- भुक्तानीमा १५ प्रतिशतका दरले रु.४८०० करकट्टी नगरेकोले असुल गर्नुपर्दछ ।

३२.३. कैलाली टिकापुरमा सञ्चालन भएको सिलाई बुनाई कार्यक्रममा महिला अधिकार मञ्चको प्रशिक्षककमलादेवी जोशीलाई प्रशिक्षण गरेवापत भुक्तानी गरिएको पारिश्रमीक ३ महिनाको मासिक रु.१२,०००। का दरले रु.३६,०००।- भुक्तानीमा १५ प्रतिशतका दरले रु.५४००।- करकट्टी नगरेकोले असुल गर्नुपर्दछ ।

३२.४. रेडियो बझाङ एफ.एम.ले सुचना प्रशारण वापत लिएको रु.३०,०००।- भुक्तानीमा १५ प्रतिशतका दरले रु. ४५००।- करकट्टी गरेको तर दाखिला गरेको नदेखिएकोले राजस्व दाखिला गर्नुपर्दछ ।

३२.५. कालिका कृषि सहकारीले तमेलदेखि कालुखेती सम्म ५० वोरा नुन टयाक्टरमा ढुवानी गरेवापत रु १०,०००।-भाडा भुक्तानीमा करकट्टी रु.१,०००।- नगरेकोले असुल गर्नुपर्दछ ।

३२.६. सुचना प्रशारण वापत रेडियो साइपाल एफ.एम.ले रु.१५,०००।- र जनमुखी एफ.एम.ले रु.५,०००।- गरि जम्मा रु.२०,०००।- भुक्तानीमा १५ प्रतिशतका दरले रु. ३०००।- करकट्टी गरेको नदेखिएकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

३३. **पेश्की बांकी :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ अनुसार यस आर्थिक वर्षमा फछर्यौट हुन नसकि जिम्वेवारी सारिएको स्वास्थ्य चौकी कालुखेतीलाई रु ११,४०,०००।- नियम अनुसार पेश्की फछयौंट गर्नुपर्दछ ।

कालुखेती स्वास्थ्य चौकीलाई दिइएको पेश्की रकम मध्ये गाँउपरिषदको निर्णय अनुसार छान्ना सडक योजनाको लागी रु.३,००,०००।- ,सुगरलाल सडक सर्वेक्षणको लागी रु.२,९०,०००।- र तमेल काठे पुलको लागी रु.५०,०००।- छुट्टाईएकोमा गाँउपरिषदको निर्णय अनुसार को योजना सञ्चालन नगरि एकमुष्ठ रुपमा स्वास्थ्य चौकीको खाता नं. २११००१ मा जम्मा गरिनु नियमसम्मत देखिएन ।

३४. **प्रमाणपत्र वितरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नु पर्नेमा महिला अधिकार मञ्च, कालुखेतीलाई

कैलाली टिकापुरमा सञ्चालन भएको सिलाई बुनाई कार्यक्रममा रु.१,११,९००।- भुक्तानी गरिएकोमा उक्त कार्यक्रममा लाभान्वित सहभागीको हाजिरी, सञ्चालित तालिम कार्यक्रमको समयतालिका, तालिम सम्पन्न पछि प्रमाणपत्र वितरण र प्रतिवेदन तयार भएको नदेखिएकोले उक्त तालिमको सहभागीको हाजिरी, कार्यक्रमको समयतालिका, तालिम सम्पन्न तथा प्रमाणपत्र वितरण र प्रतिवेदन पेश गर्नुपर्दछ ।

३५. **दाखिला** : थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२(१) बमोजिम स्थानिय निकायमा रहेका र खरिद बा हस्तान्तरण भई आएका मालसामनहरु जिन्सी कितावमा आम्दानी बाधी अद्यावधिक गराउनुपर्नेमा माझीगाउ गाउ विकास समिति कार्यालय व्यवस्थापनको लागि खरिद गरिएका मालसामान काठको दराज २ वटा रु.१२,५००।- का दरले रु.२५,०००।- को खरिद गरिएकोमा जिन्सी खाता पेश नभएकोले उक्त मालसामन दाखिला गरे नगरेको सम्वन्धमा स्पष्ट हुन नसकेकोले जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

३६. **मुअकर विजक** : निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७१(१ बमोजिम स्थानिय निकायले खरिद गर्दा मअकर प्रमाणपत्र प्राप्त गरेको व्यक्ती,फर्म, संस्था बा कम्पनीसग मात्र खरिद गर्नुपर्नेमा तपसिलको खरिदमा २० हजार भन्दा बढीको मालसामान खरिदमा मुअकर विजक वेगरकासँग कारोवार गरेकोले कारोवार रु.७५,०००।- को १५ प्रतिशतका दरले रु.११,२५०।- कर दाखिला गर्नुपर्दछ ।

३७. **कर दस्तुरः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालय बैंक नगदी कितावमा पोष्टिङ गरेको आन्तरिक आम्दानी रु.२७,७५०।- पञ्जिकरण वापत प्राप्त भएको कार्यालयको भनाई रहेकोमा आम्दानी रसिद, दैनिकि आम्दानी रजिष्टर ,रसिद नियन्त्रण खाता, पञ्जिकरण दर्ता अभिलेख पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन ।

३८. **गोष्ठि** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नु पर्नेमा सामाजिक सशक्तिकरण र परिचालनमा ३ दिने कार्यशाला गोष्ठि सम्पन्न भईसकेको भनि रु.४५,०००।- भुक्तानी गरिएकोमा उक्त कार्यक्रममा लाभान्वित सहभागीको हाजिरी, सञ्चालित तालिम कार्यक्रमको समयतालिका, कार्यशालामा प्रस्तुत गरिएका विषयवस्तु नदेखिएकोले उक्त तालिमको सहभागीको हाजिरी, कार्यक्रमको समयतालिका, प्रस्तुत गरिएका विषयवस्तु पेश गर्नुपर्दछ ।

३९. **निर्माण कार्य** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५) अनुसार उपभोक्ता समिति मार्फत कार्य गराउदा लागत ,काम सम्पन्न गर्नुपर्ने अवधि ,सम्पन्न कामको सञ्चालन तथा मर्मत सम्भार र आवश्यक अन्य कुरा खुलाइ स्थानिय निकाय र उपभोक्ता समिति बिच सम्झौता गर्नुपर्ने र नियम १५५(५)(ध) अनुसार निमार्ण कार्यको अन्तिम कार्य सम्पन्न र नापी कितावको आधारमा अन्तिम भुक्तानी दिन सकिनेमा छान्ना सडक मुल निर्माण समितिलाई छान्ना सडक निर्माण गरेवापत रु.२,७५,६३६।५८ भुक्तानी गरिएकोमा छान्ना सडक निर्माण समितिसँग भएको सम्झौतामा कति कि.मि. सडक निमार्ण गरिनुपर्ने सो उल्लेख नगरिएको र प्राविधिकले नापजाँच गरि नापी किताबको आधारमा अन्तिम कार्यसम्पन्न विल पेश नभई भुक्तानी गरिएकोले अन्तिम कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

४०. **भाडा कर** : खप्तडछान्ना माझिगाँउ उन्नत गाईपालन समुहले वुटवलदेखि लु १ ख ७६४२ नं. को गाडीमा गाई ढुवानी गरेवापत बुझिलिएको भरपाई अनुसार खप्तड खप्तडछान्ना माझिगाँउ उन्नत गाईपालन समुहका अध्यक्ष श्री दुवादेवी रोकायालाई भाडा रु.९४,०४४।६५ को १० प्रतिशतका दरले भाडाकर कट्टी गर्नुपर्नेमा नगरेकोले रु.९४०४। असुल गर्नुपर्दछ ।

४१. **पर्यटकिय सडक निर्माण** : घाटखोला-माझिगाँउ-सिल्काबाडा-लामताडा हुदै लोखाडासम्मको ३८० मिटर पर्यटकीय सडक खण्ड निर्माण योजनाको लागी घाटखोला-माझिगाँउ-सिल्काबाडा-लामताडा हुदै लोखाड पर्यटकीय सडक खण्ड निर्माण समिति (अध्यक्ष, मिश्र ब. रोकाया) र खप्तडछान्ना गाँउपालिका-३,४, बीच भएको सम्झौता अनुसार २०७३ चैत्र १ देखि २०७४ जेठ २५ सम्म कार्य सम्पन्न गर्ने गरि सम्झौता भएकोमा लेखापरिक्षण अवधिसम्म कार्यसम्पन्न भएको छैन । उक्त योजनाको स्वीकृत लागत अनुमान रु.९,४३,४०५।०२ अन्तर्गत कार्यालयबाट रु.७,३८,०८९।०२ र जनसहभागिताबाट रु.२,०५,३१५।७२ व्यहोने उल्लेख गरिएकोमा कार्यसम्पन्न प्रतिवेदन बेगर रु.९,८८,०८९।२० भुक्तानी गरिएकोले कार्यसम्पन्न प्रतिवेदन प्रमाण पेश गर्नुपर्दछ ।

४६(क) सम्झौता अनुसार स्वीकृत लागत अनुमानमा कुल लागत रु.९,४३,४०५।०२ अन्तर्गत कार्यालयबाट रु.७,३८,०८९।०२ र जनसहभागिताबाट रु.२,०५,३१५।७२ व्यहोंने उल्लेख भएकोमा लागत अनुमानको ९,४३,४०५।०२ र त्यसमा ४४,६८४।१८समेत थप गरि रु. ९,८८,०८९।२० भुक्तानी भएकोले जनसहभागिताको अशं र रु.२,४९,९९९।९० बढी भुक्तानी असुल गर्नुपर्दछ ।

४२. **गुरुयोजना :** खप्तडछान्ना गाँउपालिका वडा नं.३,४ र परामर्शदाता ज्ञानबहादुर रोकाया बिच २०७४।१।४ मा भएको सम्झौता अनुसार खप्तडछान्ना गाँउपालिकाको गुरुयोजना बनाएर परामर्शदाताले कार्यसम्पन्न गरिसकेपछि मात्र रु.५२,५००।- भुक्तानी दिन सकिने गरि सम्झौता भएकोमा यस गाँउपालिकाको ७ वटै वडा टोल वस्तीहरुको विवरण संकलन गरि सोही आधारमा प्रतिवेदन बनाएको नदेखिएकोले गुरुयोजना प्रतिवेदन पेश गर्नुपर्दछ ।

४३. **जनसहभागिता अंश :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५ग) बमोजिम प्राविधिकले लागत अनुमान तयार गर्दा उपभोक्ता समितिको अशं पनि किटानी गर्नुपर्ने व्यवस्था अनुसार उपभोक्ताको योगदान कुल रकमको १० प्रतिशत हुनुपर्नेमा गाँउपरिषदले टयाक्टर खरिदको लागी छुट्टाइएको रकम पछि वडाको समितिले निर्णय गरेर कार्यक्रम संशोधन गरि कुखुरापालन फर्म टहरो निमार्णमा रु.३,००,०००।- को कार्यसम्पन्न प्रतिवेदनको आधारमा जनसहभागिताको अंश कट्टी नगरी पुरै रकम भुक्तानी गरिएकोले जनसहभागिताको अंश १० प्रतिशत बढी भुक्तानी भएको हुंदा रु.३०,०००।- असुल गर्नुपर्दछ ।

४४. **सक्कल बिल :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नु पर्नेमा गाँउपरिषदको घाटखोला लघुजलविद्युत आयोजनाको वेल्ट खरिदको लागी रु.८८,७०५।- फोटोकपि विलको आधारमा खर्च गरिएकोमा उक्त सामान खरिदको सक्कल विल पेश गर्नुपर्दछ ।

४५. **होटल वास :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम आर्थिक प्रशासन प्रमुखले प्रचलित कानुन वमोजिमको प्रक्रिया नपुगेको आर्थिक कारोवारको भुक्तानी दिन नमिल्नेमा पाटादेवल गाउ विकास समिति खप्तडछान्ना गाँउपालिका मुल सघर्ष समितिलाई खप्तडछान्ना गाँउपालिकाको केन्द्र निर्धारणको लागि जिल्लाविकास समितिको कार्यालयमा ज्ञापनपत्र दिन,धर्ना, जुलुश गर्न कालुखेतीदेखि चैनपुरसम्म आएका टोलीलाई खाना एवम होटल वासको सुविधा वापतको विरेन्द्र बहादुर रोकायालाई रु.१०,०००।- र मनादेवी खडकालाई रु. १०,०००।- भरपाईको आधारमा खर्च गरिएकोमा यसरी सरकारी रकमलाई धर्ना जुलुश कार्यमा खर्च गर्न उपयुक्त नदेखिएकोले रु. २०,०००।- नियमित गर्नुपर्दछ ।

४६. **कन्टिन्जेन्सी खर्च :** यस गाँउ विकास समितिको पूंजीगततर्फ २०,६९,८७५।- बजेट निकासा भएकोमा विभिन्न योजनातर्फ फाल्गुन मसान्तसम्म रु.२,६५,५७५।- खर्च भएकोले सोको ५ प्रतिशत का दरले रु. १३,३७८।- मात्र कन्टिजेन्सी खर्च गर्न पाउनेमा पूंजीगततर्फ कुल निकासा रकमको ५ प्रतिशतका दरले कन्टिजेन्सी खर्च गर्न पाउने उल्लेख गरि उक्त रकमबाट दैनिक भ्रमण खर्च रु. ४५,०००।- खर्च गरेकोले बढी खर्च भएको रु.३१,७२२।- नियमित गर्नुपर्दछ ।

४७. **प्राविधिक नापजाच :** चयाना सडक निर्माण कार्यमा चयाना सडक योजना समिति (अध्यक्ष,श्री डव्लु बहादुर थापा ) र कार्यालयबीच कुल लागत रु.५,००,०००।- अन्तर्गत गाविसले रु.४,००,०००।- र जनसहभागिताबाट रु.१,००,०००।- व्यहोर्ने गरि २०७४।३।२० सम्म सम्पन्न गर्ने गरि २०७४।१।५ मा भएको सम्झौता भएकोमा प्राविधिकले नापजाच गरेको विल, कार्य सम्पन्न प्रतिवेदन बेगर रु.४,००,०००।- भुक्तानी भएकोले रु.५,००,०००।- कार्यसम्पन्न प्रतिवेदन प्रमाण पेश गर्नुपर्दछ ।

४८. **पेश्की बांकी** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ अनुसार यस आर्थिक वर्षमा तपसिलका व्यक्ती वा संस्थालाई दिईएको पेश्की फछर्यौट हुन नसकि जिम्वेवारी सारिएकोले २योजनाको रु.२,१८,६२१।१५ पेश्की फछयौंट गर्नुपर्दछ ।

४९. **बालबालिका बजेट :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नु पर्नेमा गाँउपरिषदको वैठक २०७३।९।२८ले गरेको निर्णय अनुसार बालबालिकालाई खेलकुदको लागी रु.५०,०००।-विनियोजन गरिएकोमा कापी,कलम, डटपेन, व्रस, झोला खरिदगरेको विल समावेश गरि खर्च गरिएकोले खेलकुदको लागी विनियोजन भएको रकमबाट मसलन्द मालसामन खरिद गरिएको र उक्त खरिद गरिएका मालसामान पनि बालबालिकालाई बुझाएको प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नुपर्दछ ।

५०. **लामातोला गा.वि.स.** लेखापरीक्षणबाट देखीएका व्यहोरा देहाय बमोजिम छन् ।

५०.१. धनसेरा सिंचाइ कुलोको ल.ई. नापी मुल्यांकन बेगर रु १,२०,०००।-भुक्तानी गरेकोले खर्च को प्रमाण पेश गर्नुपर्दछ

५०.२. विभिन्न योजनाको पे.फ. गरी वाकी रकम भुक्तानी गर्दा रु ३,५५,५०५।- का वील भर्पाइ भन्दा वढी भुक्तानी रकम रु ३३,९९७- असुल गर्नुपर्दछ ।

५०.३. कार्यालयको सामान ढुवानी गर्दा गाडीवाट ढुवानी (तमैल छान्ना) रु ४,०००।- भुक्तनी दिएकोले सोको कर समेत भुक्तानी दिएकोले खर्च लेख्नेवाट असुल गरी कर दाखिला गर्नुपर्दछ ।

५०.४. निम खानेपानी योजनाको भुक्तानी खर्च लेख्दा उक्त योजनको ल.ई. नापी मल्यांकन नरहेको रु ९९,७२२।- प्रमाण पेश गर्नुपर्दछ ।

५०.५. कार्यालयका कर्मचारीहरुको त.भ. भुक्तानी गर्दा कर कट्टी दाखिला नभएकोले रु १,२६६।६२ असुल दाखिला गर्नुपर्दछ ।

५०.६. पुजी खातावाट फर्निचर खरिदमा रु १,००,०००। भुक्तानी गरेको देखिन्छ । तर विल भर्पाइ ८०,७५०।- को मात्र संलग्न रहेको हुँदा वढी खर्चरकम रु १९,२५०।- असुल गरि दाखिला गर्नुपर्दछ ।

५०.७. कार्यालय समान खरिदको भुक्तानी भएको तर आम्दानी नदेखिएकोले खरिद गरेकै हो भन्ने एकिन हुन नसकेकोले रु १४,९१५।-प्रमाण पेश गर्नुपर्दछ ।

५०.८. उपरोक्त वमोजिम सामान खरिदको वील भर्पाइ र जिन्सी सम्वन्धी फर्मेट प्रयोग नगरी सोझै भुक्तानी दिएको रु १०,०००।- प्रमाण पेश गर्नुपर्दछ ।

५१. **पौवागढी गा.वि.स.**: यस गा.वि.स.को लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

५१.१. कार्यालय सामान खरिद गरेको रु २४,७५०।- भुक्तानीमा समानको जिन्सी दाखिला नगरिएको दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

५१.२. जनचेतना मुलक कार्यक्रम भनि रु १५,०००।- खर्च लेखिएको रकमको कुनै विवरण कागजात पेश नभएकोले आबश्यक प्रमाण पेश गर्नुपर्दछ ।

५१.३. कार्यालय सामान तथा फर्निचर खरिद गरी भुक्तानी दिएको जिन्सी आन्दानी नदेखाइएकोले रु ७२,०००। दाखिला प्रमाण पेश गर्नुपर्दछ

५१.४. किशोरी कार्यक्रम संचालन खर्चको रु २०,०००। आवश्यक वील भर्पाइ कागजात पेश नभएकोले प्रमाण पेश गर्नुपर्दछ ।

५१.५. गत वर्षको कर दाखिला गर्न वाँकी रहेको रकम रु ३८६। राजश्व खातामा दाखिला गर्नुपर्दछ

५१.६. आर्थिक वर्षको अन्तमा पौवागढी स्वास्थ्य चौकीको पेश्कि रु. ५५,४१४। वाकी देखिएकोले फछ्यौंर्टे गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु.७० लाख २ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८ लाख ५९ हजार, अनियमिति भएको ४ लाख १२ हजार प्रमाण पेश गर्नुपर्ने रु.३९ लाख २४ हजार र पेश्की रु.१८ लाख ७ हजार रहेको छ ।

## थलारा गाउँपालिका

### लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.१ लाख ६१ हजार समेत यो वषं जम्मा आय रु.९ करोड ४३ लाख ८२ हजार आम्दानी भएकोमा रु.८ करोड ८१ लाख ४८ हजार खचं भइं रु ६२ लाख ३४ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन ।

१. **आर्थिक अवस्था :** यस आर्थिक बर्षमा साविक २ गाउ विकास समितिहरुको शुरु मौज्दात,सामाजिक सुरक्षा भत्ता,गाँउ पालिका अनुदान आन्तरिक आय समेत रु. ९,४३,८१,९१०.१८ जम्मा आम्दानी र उल्लेखित शिर्षकहरुमा रु. ८,८१,४७,८९०.९९ खर्च भई रु.६२,३४,०१९.३९ मौज्दात बांकी रहेको देखिएको छ । यो बर्षको कुल आम्दानी रु. ९,४३,८१,९१०.१८ मा आन्तरिक स्रोतको आम्दानी जम्मा रु.२,०५,६४९.६५ (.२१ प्रतिशत) रहेको देखिएबाट गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था कमजोर देखिएको छ ।

२. **राजस्व असुली तथा दाखिला :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको पाइएन ।

३. **लेखाप्रणाली :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि आन्तरिक आय तर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन ।

४. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजुको लगत अद्यावधिक गरेको छैन । सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत वितरण गरेको भत्ताको भरपाइमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा सम्वन्धित जिम्मेवार पदाधिकारीले वास्तविक वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ । साविकका गा.वि.स. मा भएको जिन्सीको अवस्था देखिने गरी विवरण तयार नभएको साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन । जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ ।

५. **स्रोत नक्सांकनः** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाँउ पालिकारनगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साँकन वा गाउं पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

६. **स्थानीय सन्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ६३ अनुसार गाँउपालिका तथा नगरपालिकाको स्थानीय सन्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खात रहने तथा चालु आर्थिक बर्षको अन्तमा वडाको खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानीय तहको सन्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साबिकका निम्न गाबिस र हालका वडाले आर्थिक वर्षको अन्तमा बाँकी रेहको ५ गा.वि.स.को रु ७६७०१.७६ रकम सन्चित कोषमा दाखिला गरेको नदेखिएकोले नियमको पालना गरी रकम सन्चित कोषमा दाखिला गरिनु पर्दछ ।

७. **आन्तरिक आय :** गाँउपालिकाले यो बर्ष रु २,०५,६४९।६५ आन्तरिक आय गरेको छ । आन्तरिक आयको नगदी रसिद र अभिलेख ब्यबस्थित राखेको राखेको छैन । अभिलेख ब्यबस्थित राख्नुपर्दछ । ।

८. **वार्षिक खरिद योजना :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु. २९९८९३०.५८ को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन ।

९. **लागत अनुमानः-** सार्वजनिक खरिद ऐन २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष लागत

अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१०. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३।४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउ पालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाँउ पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

११. **कारोबारको लेखा:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धि आदेश,२०७४ को दफा ५६ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी तथा खर्च रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक ५ गाउँ विकास समितिले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

१२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति ,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने छ ।यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस थलारा गाँउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ ।

१३. **सामाजिक सुरक्षा रकम :** आ.व. ०७३।७४ को लागि लागि निकासा भएको साामाजिक सुरक्षातर्फको रकम रु.१,५२,०००। हालसम्म सञ्चित कोषमा दाखिला नभई गाउपालिकामा बैक मौज्दातमा राखेको देखिएकोले उत्त रकम बेरुजु खातामा दाखिला गर्नुपर्दछ ।

१४. कार्यालय कर्मचारीहरुवाट अनुगमन मुल्यांकन खर्च जनाइ दै.भ्र.भ. भुक्तानी भएको छ । तर उनिहरुलाइ सामान खरिदको लागि धनगढी काज खटाइएको भ्रमण आदेश संलग्न छ । खर्च शीर्षक र कार्य प्रकृति भिन्न देखिएकोले नीजहरुवाट प्रतिवेदन पेश भएको आधारमा रु. ४४१६०।-खर्च लेखेको अनियमित देखिन्छ ।

१५. **अन्य प्रयोजन :** संचार खर्च जनाई रु २२,५५०। को रिचार्ज कार्डहरु खरिद गरी भुक्तानी गरेकोले उक्त खर्च कार्यालय प्रयोजनमा खर्च भएको यकिन हुने आधार नदेखिएकोले खर्च प्रमाणित हुने आवश्यक कागज प्रमाण पेश गर्नुपर्दछ ।

१६. **कर :.** कार्यालयको सामान ढुवानी भाडा रकम रु १७,१५०। को नियमानुसार १० प्रतिशत रु १,७१५।- कर कट्टी गरी दाखिला गर्नु पर्नेमा कर कट्टी दाखिला नभएको ले असुली गरी दाखिला गर्नुपर्दछ ।

१७. **जिन्सी दाखिला :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२ अनुसार कार्यालयमा प्राप्त सामान आम्दानी बाध्नु पर्नेमा मालुमेला गाउ विकास समितिका सचिव श्री रमाकान्त जोशी ले सामान जिन्सी दाखिला गरेको प्रमाण बेगर मिति २०७३।०६।१७ मा भुत्तानी भएको रु.१०,०००/- मिति २०७३।११।११ बाट रु.३०,०००/- र मिति २०७४।०३।२६ मा पंजीकरण सम्बन्धी सामान खरिद गरी भुक्तानी भएको रु.५२,०००/- समेत रु ९२०००। भुक्तानी गरेकोले जिन्सी दाखिला पेश गर्नुपर्दछ ।

१८. **प्रमाण वेगर खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी गर्नु पर्नेमा भौ.नं. ८-२०७४।०३।२६ बाट नौलो पिपल चौतार सिंचाई कुलो निर्माण कार्यको उपभोक्ता समितिका अध्यक्ष श्री गगन बहादुर महतको पेश्की रु.१,४०,०००/-फछ्यौट गरी थप रु.३५,०००/- भुक्तानी गरेकोमा नापी किताब र कार्यसम्पन्न प्रतिबेदन पेश नभएकोले रु १७५०००। को खर्च प्रमाणित हुने आवश्यक कागजात पेश हुनुपर्दछ ।

१९. **कार्य सम्पन्न प्रतिवेदन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५) अनुसार कार्य सम्पन्न गरी फरफारक गर्नुपर्नेमा रु.३,२४,०००/-को ४ योजनाहरुको आवश्यक कागजात पेश नगरी फरफारक भएको देखिएकोले कार्य सम्पन्न प्रतिवेदन सहित खर्च प्रमाणित भएको कागजात पेश हुनुपर्दछ ।

२०. **नापी किताब** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी गर्नु पर्नेमा भौ.नं. २५-२०७४।०३।२८ बाट झ्याबगर बाटो निर्माण कार्यकोरु.१,२०,०००/- भुक्तानी गरेकोमा रु.८८,३३२/- मात्रको नापी किताब र कार्यसम्पन्न प्रतिबेदन पेश भएकोले रु.३१,६६८/बढि भुक्तानी भएकोले असुल गर्नुपर्दछ ।

२१. **निर्माण प्रमाण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५) अनुसार कार्य सम्पन्न गरी फरफारक गर्नुपर्नेमा ६ योजनाहरुको रु ४,४७,१०७/- आवश्यक कागजात प्रमाण

पेश नभएकोले कार्य सम्पन्न प्रतिवेदन सहित खर्च प्रमाणित भएको कागजात पेश हुनुपर्दछ ।

२२. **प्रमाण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी गर्नु पर्नेमा भौ.नं. २८-२०७४।०३।२८ बाट चक्रेश्वर मा.बि.मालुमेला भवन मरमत कार्यको रु.१,०४,०००/- पेश्की फछ्र्यौट गर्दा संझौता अनुसारको नापी किताब र कार्यसम्पन्न प्रतिबेदन लगायत कागजात पेश नभएकोले खर्चको प्रमाण पेश गर्नुपर्दछ ।

२३. **बढी खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी गर्नु पर्नेमा भौ.नं. २९-२०७४।०३।२८ बाट मष्टामाण्डौ मन्दीर मरमत उपभोत्ता समितिका अध्यक्ष श्री बिश्व प्रकाश जोशीको पेश्की फछ्र्यौट गरी थप रु.४२,५००/- भुक्तानी गरेकोमा रु.२५,०५०/- मात्रको प्राविधिक मूल्यांकन पेश भएकोले रु.१७,४५०/बढी भुक्तानी भएकोले असुल गर्नुपर्दछ ।

२४. **भरपाइ** : ६ योजनाको रु ५,४०,५००/- को बिल भरपाई कार्यसम्पन्न बेगर भुक्तानी भएको देखिएकोले आबश्यक प्रमाण पेश गर्नुपर्दछ ।

२५. **इरालाकोट** : गाविस लेखापरीक्षणबाट देखिएको व्यहोरा देहाय बमोजिम छन्

२५.१. गाविस सचिव श्री गाणेशराज जोशीलाइ विभिन्न मितिका भ्रमण आदेश अनुसार भ्रमण वीलको रकम रु ३६,९६०। भुक्तानी गर्दा फर्किएको दिनको एक चौथाई मात्र भुक्तानी दिनु पर्नेमा पुरै भुक्तानी भएकोले रु ६४२०। वढी भुक्तानी भएकोले असुल गर्नुपर्दछ ।

२५.२. अतिथि सत्कार वापत रु.७,९०५। भुक्तानी रकम वील भर्पाइ वेगर खर्च लेखेको हुँदा असुल गर्नुपर्दछ ।

२५.३. प्रा.स. कलक वहादुर भण्डारीलाइ उपरोक्त दफा १ अनुसार भ्रमण वीलाको भुक्तानी गर्दा फर्केको दिनको एक चौथाई मात्र सर्मथन गरी वाकी रु.१,९८०। रकम असुल गनुपर्दछ ।

२५.४. न्यूनतम शर्त मापन ९:ऋए:० कार्यक्रमको लागि ६ दिन सम्मको चिया नास्ता देखाई रु १००००। खर्च लेखेको देखियो यसमा :ऋए: २ दिनमा सम्पन्न गर्न सकिने कार्यक्रम भएको हुँदा उक्त खर्च दामासायीका हिसावले २ दिनको खर्च असुल गरिरु ६०००। दाखिला गनुपर्दछ ।

२५.५. दलित उत्थान कार्यक्रम अन्तर्गत सिलाइ मेसिन खरिद गरी १०७७ नं.को गाडीवाट ढुवानी गरी रु १२१००। ढुवानी भाडा दिएको रकमको नियमानुसार करकट्टी दाखिला नभएको रकम रु १,२१०।-असुल गरी दाखिला गर्नुपर्दछ ।

२६. **कोटभैरव गाविस** : लेखापरीक्षणबाट देखिएको व्यहोरा देहाय बमोजिम छन्

२६.१. कार्यालयका कोटभैरव गाविस सचिव श्री मनिराम पाध्यालाइ आवश्यक स्टेशनरी तथा मसलन्दका सामानहरु रु २०,०००।- खरिद गरेकोमा जिन्सी दाखिला नभएको ले दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

२६.२. दशैमेला व्यस्थापन कार्यका लागि विभिन्न खेलाडीहरुलाइ सम्वन्धीत स्थानवाट आतेजाते र खाना खर्चको व्यवस्थापन मिलाइ छुट्टै रकम भुक्तानी गरेको छ । उनीहरुलाइ खान वस्न चिया नास्ता भनि रु ४७,५५०। अलग खर्च भुक्तानी लेखेको हुँदा खर्च लेख्नुपर्ने आधार प्रमाणा पेश गर्नुपर्दछ ।

२६.३. कार्यालय सामान खरिदको खरिद आदेश, दाखिला रिर्पोट, श्रेस्ता साथ संलग्न नरहेकोले रु २०,०००।- दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

२६.४. घरेलु हिंसा सम्वन्धी १ दिने गोष्ठीमा सहभागि हुने व्यक्तिलाइ भत्ता शीर्षकमा खर्च लेखी करकट्टी गर्नुपर्नेमा खाना खर्च भनि नर्म्सभन्दा वढी दैनिक ६००। का दरले खाना खर्च दिएको रकम रु.२७,०००।- असुल गर्नुपर्दछ ।

२६.५. आ.व.को अन्तमा पनि नियमानुसार विभिन्न मितिको आयकर रु. २९८६।- सामाजिक सुरक्षा कर रु. ३००।- गरि जम्मा कर दाखिला गर्न वाकी रहेको हुँदा दाखिला गर्नु पर्ने रु ३,२८६।-कर तथा सामाजिक सेवा शुल्क दाखिला गर्नुपर्दछ ।

२७. **पाराकाट्ने गाविस :** लेखापरीक्षणबाट देखिएको व्यहोरा देहाय बमोजिम छन् ।

२७.१. पाराकाट्ने गाविस सचिव श्री करन बहादुर शाहीले चौतारो र धारा निर्माण कार्यको २२००००। भुक्तानी गरेकोमा ढलान प्लास्टर र गाह्रो लगाउने कामको ठाडो भर्पाइका आधारमा कामदार हरुलाई रकम भुक्तानी दिएको देखिन्छ । तर कति दिनको कुन दरमा काम भयो जिल्ला दररेटको अनुसार दर परिमाण उल्लेख नगरी भुक्तानी भएकोले अनियमित देखिएकोमा नियमित गर्नुपर्दछ ।

२७.२. डिक्ला ठिङ्ग पडेस डिभि ट्यांकी निर्माणका लागि रु ८८,०००।- भुक्तानी भएकोमा ल.ई मूल्यांकन विलभर्पाइ पेश नभएकोले पेश गर्नुपर्दछ ।

२७.३. नवादेव वाटपाला मन्दिर निर्माणको रु.१,९०,०००।- वीलभर्पाइ बेगर खर्च लेखेकोले विल भरपाई पेश गर्नुपर्दछ ।

२७.४. वेताल मन्दिर निर्माणका उपभोक्ता समितिका अध्यक्ष वृख वहादुर मिजार को नाममा रु १,९०,०००।- भुक्तानी भएको रकमको कार्य सम्पन्न भएको ल.ई नापी मुल्यांकन वील भर्पाइ पेश नभएकोले पेश गर्नुपर्दछ ।

२७.५. खेलकुद कार्यक्रम तथा युवा सशक्तिकरण का लागि रु ५०,०००। छुट्याईएको रकमवाट खेलकुद सामाग्री खरिदको ३५,९५१। को वील भर्पाइ मात्र संलग्न गरी रु १४,०४९।-बढी खर्च लेखेको असुल गर्नुपर्दछ ।

२७.६. धौल्देव प्रा.वि. गडीगाउँको लागि शैक्षिक सामाग्री वापत रु १०,०००।- दिएको रकमको वील भर्पाइ नभएकोले विल भरपाई पेश गर्नुपर्दछ ।

२७.७. कुच देवल सामुदायिक भवन निर्माण कार्यको लागत इस्टीमेट तथा नापी मुल्यांकन बेगर रु २,८५०००।-भुक्तानी गरेकोमा लागत अनुमान र कार्यसम्पन्न प्रतिबेदन पेश गर्नुपर्दछ ।

२७.८. भगवती प्रा.वि.को शैक्षिक सामाग्री खरिद वापत रु १००००। भुक्तानी गरेकोमा वीलभर्पाइ पेश नभएकोले बिलभरपाई पेश गर्नुपर्दछ ।

२७.९. भुवनेश्वरी प्रा.वि.लाइ वालमैत्री सामाग्री खरिदका लागि १,४२,०६९। भुक्तानी दिएकोमा ९६,२००। को मात्र वील भर्पाइ पेश भएकोले बढि रु ४५,८६९।- रकम असुल गरि दाखिला गर्नुपर्दछ ।

२७.१०. गडिगाउँ साभ्का भवको निर्माण कार्यको लागि रु रु १,८३,६६८।- भुक्तानी भएकोमा वील भर्पाइ पेश भएकोले बिलभरपाई पेश गर्नुपर्दछ ।

२८. **दंगाजी गाविस** : लेखापरीक्षणबाट देखिएको व्यहोरा देहाय बमोजिम छन्

२८.१. कार्यालय सामान खरिद रु ३०००। र विविध खर्चमा रु ३०००। को वील भर्पाइ संलग्न नरहेकोले रु ६०००। को विल भरपाई पेश गर्नुपर्दछ ।

२८.२. रानीगाड लघुजलविद्युत निर्माण योजनाको वालुवा ढुंगाका लागि मान वहादुर खातीले १२००००। भुक्तानी लिएकोमा वालुवा कुन ठाउँ वाट कहा कति दुरी सम्म ढुवानी गरेको हो । दर परिमाण उल्लेख नभएको हुँदा खर्च एकिन हुन नसकेकोले पुस्ट्याइ सहित दर परिमाण खुलेको प्रमाण पेश गर्नुपर्दछ ।

२८.३. आ.व.को अन्त सम्ममा निम्नानुसारको कर्मचारी संचय कोष तथा अन्य कर दाखिला गर्न वाकी रहेकाले क.सं. कोष रु. १४,१८८।- रु सामाजिक सुरक्षा कर रु. १,७५३।- गरि जम्मा रु १५,९४१। रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.३३ लाख ५९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३ लाख ५ हजार, अनियमिति भएको १ लाख ०९ हजार प्रमाण पेश गर्नुपर्ने रु.२९ लाख ४५ हजार रहेको छ ।

# बित्थडचिर गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु २लाख ३९ हजार यो वर्ष जम्मा आय रु ६ करोड ७९ लाख ६४ समेत जम्मा आम्दानी ६करोड ८२लाख ०३ हजार आम्दानी भएकोमा रु ६करोड १७ लाख ८२ हजार खर्च भई रु ६४ लाख २१ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन।

१. **आर्थिक अवस्थाः** यस आर्थिक बर्षमा साविक २ गाउ विकास समितिहरुको शुरु मौज्दात,सामाजिक सुरक्षा भत्ता,गाँउ पालिका अनुदान आन्तरिक आय समेत रु. ६८२०३४८९।३८ जम्मा आम्दानी र उल्लेखित शिर्षकहरुमा रु. ६१७८२०१०।८० खर्च भई रु.६४२१४७८।५८ मौज्दात बांकी रहेको देखिएको छ। यो बर्षको कुल आम्दानी रु. ३७३९५४२८.१८ मा आन्तरिक स्रोतको आम्दानी जम्मा रु.५४२४१.०० (०.०८ प्रतिशत) रहेको देखिएबाट गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था कमजोर देखिएको छ।

२. **लेखाप्रणाली :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि आन्तरिक आय तर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन।

३. **आन्तरिक आय :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५ (ख) मा मालपोत असुलीको २५ प्रतिशतले हुने रकम जि.वि.स. दाखिला गर्नुपर्ने व्यवस्था छ। साविकका गा.वि.स तथा वडा कार्यालयहरुले मालपोत असुली र सिफारिश दस्तुर असुलिको अभिलेख राखेको पाईयन। त्यसैले मालपोत तथा सिफारिस दस्तुर असुलिको अवस्था र जि.वि.स दाखिला गर्नुपर्ने रकम यकिन हुन सकेन। तसर्थ आन्तरिक आम्दानी तथा स्रोतको परिचालन व्यवस्थित गरी आय प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ।

४. **स्रोत नक्सांकनः** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिकारनगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अनय स्रोत, पूर्वाधार अनर्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साँकन वा गाउं पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन।

५. **स्थानीय सन्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ६३ अनुसार गाँउपालिका तथा नगरपालिकाको स्थानीय सन्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खात रहने तथा चालु आर्थिक बर्षको अन्तमा वडाको खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानीय तहको सन्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साबिकका स्याडी ,देउलेख ,सुनकुडा गाबिस र हालका वडाले आर्थिक वर्षको अन्तमा वाँकी रेहको रकम सन्चित कोषमा दाखिला गरेको नदेखिएकोले नियमको पालना गरी रु ९०००।५८ रकम सन्चित कोषमा दाखिला गरिनु पर्दछ।

६. **खरिद योजना :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो बर्ष रु.२८,९९,२०८।- को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन।

७. **लागत अनुमान -** सार्वजनिक खरिद ऐन २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो बर्ष लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो। कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ।

८. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३२४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउ पालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाँउ पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ।

९. **कारोबारको लेखाः-** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ५६ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी तथा खर्च रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक स्याँडी, देउलेख र सुनकुडा गाउँ विकास समिति लगायत वर्तमान गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

१०. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति ,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ ।

११. **जिन्सी व्यवस्थापन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२(१) बमोजिम स्थानिय निकायमा रहेको र खरिद गरी वा हस्तान्तरण भई आएका मालसामानहरु विवरण र मुल्य समेत खुल्ने गरि खर्च भएर जाने र खर्च भएर नजाने मालसामानहरुको अभिलेख छुट्टाछुट्टै राखेर खर्च भएर नजाने मालसामान तुरुन्त खर्च हुने प्रकृतिको नहुने हुदा अभिलेख व्यवस्थित गर्नुपर्नेमा तत्काल खर्च जनाएको देखिएकोले सो तर्फ सुधार हुनुपर्दछ ।

१२. **भाडा कर :** आयकर ऐन २०५८ को दफा अनुसार भाडा भुक्तानी गर्दा भुक्तानीमा १० प्रतिशतका दरले करकट्टी गर्नुपर्नेमा सेती कर्णाली ढुवानी सेवालाई मालसामान ढुवानी गरेवापत भौ.नं.९-२०७४।२।१४ बाट रु.१५०००।- र भौ.नं.९-२०७४।२।१४ बाट रु.१५०००।- गरि जम्मा रु.३०,०००।- को १० प्रतिशत का दरले हुने कर रु...३०००।- असुल गर्नुपर्दछ ।

१३. **बैठक भत्ता :**सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९४(४) अनुसार घरजग्गाको भाडा निर्धारण गर्न घरभाडा निर्धारण समितिमा पाच जना रहने व्यवस्था अनुसार उपस्थित ५ जनालाई मात्र भत्ता दिन पाउनेमा ९ जना उपस्थित भएको भनेर उपीस्थत नभएका ना.सु. श्री भुमि प्रसाद रेग्मी र स.ले.पा. श्री अमरसिंह वडुवाललाई करकट्टी पछिको रु. ८५०।- का दरले हुन आउने रकम रु.१७००। असुल गर्नुपर्दछ ।

१४. **शिर्षकगत खर्च :** बैशाख ८ गते वित्थडचिर गाँउपालिकाको निर्णयानुसार ब.उ.शि.नं. ६०२११०३ अन्तर्गत पूंजिगत खर्चबाट फर्निचर, मेशिनरि औजार र सार्वजनिक निमार्णमा खर्च गर्नुपर्नेमा खर्च शिर्षक मेशिनरी औजार (२९५११) राखी टोनर, पेनड्राईभ, ईन्क र फोटोकपि पेपर रु.२४,६३४।- को खरिद गरेकोले यसरी कार्यालयका मसलन्द मालसामानलाई मेशिनरी औजार शिर्षकबाट खरिद गर्न नमिल्ने देखिन्छ ।

स्याडी गा.वि.स. स( लेखापरीक्षणबाट देखिएको व्यहोरा देहाय बमोजिम छन् ।

१५. **बढी भुक्तानी** : तरकारीको वीउ विजन खरिद वितरण कार्यको रु. २,००,०००।०० भुक्तानी गर्दो वढी भुक्तानी दिएको रकम रु. ६००।००असुल गर्नुपर्दछ ।

१६. **श्रमदान :** लिसौरा खानेपानी योजनाको जनश्रमदान समावेश नगरी ल.ई रकम रु १,३३,३३३। मा १,३१,०००। भुक्तानी दिएको देखियो,उपभोक्ताबाट गराउने काममा अनिवार्य श्रमदानको हिस्सा समावेश गरि लागत अनुमान तयार गरेर कार्य गराउनुपर्नेमा सो नगरेकोले उक्त भुक्तानी नियमसम्मत नदेखिएन ।

१७. **कन्टिन्जेन्सी खर्च :** यस गाँउ विकास समितिको पूंजीगततर्फ २७,७७,९४०।५० बजेट निकासा भएकोमा विभिन्न योजनातर्फ फाल्गुन मसान्तसम्म रु.१०,८६,५००।- खर्च भएकोले सोको ५ प्रतिशत का दरले रु. ५४,३२५।- मात्र कन्टिजेन्सी खर्च गर्न पाउनेमा पूंजीगततर्फ कुल निकासा रकमको ५ प्रतिशतका दरले कन्टिजेन्सी खर्च गर्न पाउने उल्लेख गरि उक्त रकमबाट परिषद खर्च, सामाग्री खरिद र दैनिक भ्रमण भत्ता खर्चमा रु. १,१७,१८०।-खर्च गरेकोले बढी खर्च भएको रु. ६२,८५५।- असुल गर्नुपर्दछ । -

१८. **पेश्की बांकी :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ अनुसार यस आर्थिक वर्षमा फछर्यौट हुन नसकि जिम्वेवारी सारिएको ५ कार्यालयको लागि पेश्कीरु रु. ५,३७,०००।०० भुक्तानी गरेकोमा फछयौंट गर्नुपर्दछ ।

१९. **देउलेख गा.वि.स. :** लेखापरीक्षणबाट देखिएको व्यहोरा देहाय बमोजिम छन् ।

२०. **कन्टिन्जेन्सी खर्च :** यस गाँउ विकास समितिको पूंजीगततर्फ २७,२५,२०८।१७ बजेट निकासा भएकोमा विभिन्न कार्यक्रम र योजनातर्फ फाल्गुन मसान्तसम्म रु.११,३०,०००। खर्च भएकोमा सोको ५ प्रतिशत का दरले रु. ५६,५००।-मात्र कन्टिजेन्सी खर्च गर्न पाउनेमा पूंजीगततर्फ निकासा भएको कुल रकमको ५ प्रतिशतका दरले खर्च गर्न पाउने उल्लेख गरि रु. १,१८,६००। खर्च गरेकोले उक्त बढी खर्च रु. ६२,१००।- असुल गर्नुपर्दछ ।

२१. **बाँकी रकम :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६ (५) आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रकम शून्य गरी केन्द्रिय खातामा फिर्ता गर्नुपर्नेमा आर्थिक वर्ष २०७३।७४ मा खर्च हुन नसकि बाँकी रहेको रकम ३,५३,०२८।१० रकम २०७४ आषाढ २९ को भौ.नं.२० बाट ३,२६,०२८।१० र २०७४ आषाढ ३० को भौ.नं.२२ बाट २४,०००।- ना.सु.भुरि प्रसाद जोशीको खातामा रु. ३,५०,०२८।१० जम्मा गरिएको र निजको खातामा रहेको रकमबाट युनिसेफको कार्यक्रम तथा योजना अधिकृत ,मन्जु वाग्लेलाई स्थानिय वालमैत्री कार्यको लागि कार्यसञ्चालनमा गरेको खर्च रु. २७,०००।- भुक्तानी दिईएको छ । यसरी कार्यालयको नाममा रहनु पर्ने रकम फ्रिज हुन नदिने उद्देश्यले व्यक्तीका खातामा जम्मा गर्नु र व्यक्तीको खाताबाट नै खर्च देखाउनु नियमसम्मत नदेखिएकोले रु. ३,५०,०२८।१० रकम मुल खातामा दाखिला गर्नुपर्दछ ।

२२. **अग्रिम कर :** आयकर ऐन,२०५८ दफा ८७ अनुसार अग्रिम भुक्तानीमा करकट्टी गर्नुपर्नेमा १० जनाको कार्यक्रममा दिईएको प्रशिक्षक भत्तामा १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्नेमा नगरेकोले रु.४८०१।- असुल गर्नुपर्दछ ।

२३. **पेश्की बांकी :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ अनुसार यस आर्थिक वर्षमा फछर्यौट हुन नसकि जिम्वेवारी सारिएको १५ ब्यक्ति तथा संस्थालाई भुक्तानी पेश्की रु. १४५५९८२।०० फछयौंट गर्नुपर्दछ ।

**सुनकुडा गा.वि.स.** लेखापरीक्षणबाट देखिएको व्यहोरा देहाय बमोजिम छन् ।

२४. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नु पर्नेमा गो.भौ.नं. २-२०७३।१०।२४ गाँउपरिषदको निर्णय अनुसार पिछडावर्गलाई राहत स्वरुप रु.१,५०,०००।- विनियोजन गरिएकोमा माताकाजी र धर्मराज भट्टलाई निवेदनको आधारमा सिधै रु.२३,०००। का दरले रु.४६०००।- भुक्तानी गरिएकोमा निवेदनको आधारमा मात्र भुक्तानी दिन नमिल्ने भएकोले सोको विल भरपाई पेश गर्नुपर्दछ ।

२५. **अग्रीम कर :** आयकर ऐन, २०५८ अनुसार तपसिलको भुक्तानीमा कुल भुक्तानीको नियमानुसार तोकिएको प्रतिशतका दरले करकट्टी गर्नुपर्नेमा करकट्टी नगरेकोले ७ ब्यक्ति तथा संस्थाबाट रु.११,६२५।- असुल गर्नुपर्दछ ।

२६. **प्रमाण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नु पर्नेमा २ संस्थाको रु.१,०१,०००।- भुक्तानीमा जिन्सी दाखिला र रकम बुझेको प्रमाण कागजात नभएकोले प्रमाण पेश गर्नुपर्दछ ।

२७. **पेश्की बांकी :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ अनुसार यस आर्थिक वर्षमा फछर्यौट हुन नसकि जिम्वेवारी सारिएको ५ ब्यक्ति तथा संस्थाको रु.३८००००।०० पेश्की यस नियमावली अनुसार फछयौंट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु.३१ लाख ७९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१९ हजार, अनियमिति भएको ७ लाख ८७ हजार र पेश्की रु २३ लाख ७३ हजार रहेको छ ।

# सूर्मा गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वषंको मौज्दात ३ लाख ७३ हजार यो वषं जम्मा आय रु ३ करोड ७० लाख २२ हजार समेत जम्मा आम्दानी रु ३ करोड ७३ लाख ९५ हजार भएकोमा रु. ३ करोड १७ लाख ६६ हजार खचं भइं रु.५६ लाख २९ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन।

१. **आर्थिक अवस्था:** यस आर्थिक बर्षमा साविक २ गाउँ विकास समितिहरुको शुरु मौज्दात,सामाजिक सुरक्षा भत्ता,गाँउ पालिका अनुदान आन्तरिक आय समेत रु. ३७३९५४२८.१८ जम्मा आम्दानी र उल्लेखित शिर्षकहरुमा रु. ३१७६५८.१५ खर्च भई रु.५६२९६१३.०१ मौज्दात बांकी रहेको देखिएको छ। यो बर्षको कुल आम्दानी रु. ३७३९५४२८.१८ मा आन्तरिक स्रोतको आम्दानी जम्मा रु.१५३०१०.०० (.०४१ प्रतिशत) रहेको देखिएबाट गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था कमजोर देखिएको छ।

२. **आर्थिक बिबरण:** प्रस्तुत आर्थिक बिवरणबाट केन्द्रिय अनुदानबाट रु.२१३०४९५४.१८ आन्तरिक आय रु. १५३०१० । समेत रु. २१४५७९६४.१८ को आम्दानी मध्ये पुजिंगत खर्च रु. १,२६,९९,४३१.४८ चालु खर्च रु ३३,३५,१३१.४२ भएको देखिन्छ । गाबिसको हिसावाट गाँउ पालिका वाट गाबिस अनुदानमा निकासा भएको रकम रु ३८०९३६४.०७ खर्च देखाएकोमा गाँउ पालिकाले रु ३८०२८६६.८६ देखाएको ले फरक रु ६४९४.२१ देखियो। अतः बित्तिय बिरणको शुद्धता वा बिश्वसनियता न्यून रहेको देखिन्छ।

३. **लेखाप्रणाली :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि आन्तरिक आय तर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन।

४. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजुको लगत अद्यावधिक गरेको छैन। सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत वितरण गरेको भत्ताको भरपाइमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा सम्वन्धित जिम्मेवार पदाधिकारीले वास्तविक वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ। साविकका गा.वि.स. मा भएको जिन्सीको अवस्था देखिने गरी विवरण तयार नभएको साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन। जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ।

५. **जिम्मेवारी नसारेको :** साविक सूर्मा गाउं बिकास समितिलआ..०७२।७३ को रु ४६० घटि जिम्मेवारी सारेकोले उक्त जिम्मेवारीको यकिन गरी आगामी बर्षको लागि जिम्मेवारी सार्नु पर्दछ।

६. **स्रोत नक्सांकनः** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिकारनगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अनय स्रोत, पूर्वाधार अनर्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साँकन वा गाउं पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन।

७. **स्थानीय सन्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ६३ अनुसार गाँउपालिका तथा नगरपालिकाको स्थानीय सन्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खात रहने तथा चालु आर्थिक बर्षको अन्तमा वडाको खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानीय तहको सन्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि सुर्मा र दौलीचौर गाबिस र हालका वडाले आर्थिक वर्षको अन्तमा वाँकी रेहको रु १,४३,५०२.७९ रकम सन्चित कोषमा दाखिला गरेको नदेखिएकोले नियमको पालना गरी रकम सन्चित कोषमा दाखिला गरिनु पर्दछ।

८. **बढी घरभाडा :** गाउँपालिकाले कार्यालय प्रयोजनको लागि सूर्मा १ बस्ने घरधनी अशोक बोहराको घर २०७४ जेष्ठ देखि माषिक रु १२०००। मा भाडामा लिएकोमा कार्यालयले मिति ०७३।३।९ मा भाडा शिर्षकमा छुट्याएको खर्च बजेट रु ३५०००। नै खर्च लेखि अग्रिम करकट्टा गरी रु ३१५००। भुक्तानी गरेको देखियो। अग्रिम रुपमा बढी भुक्तानी खर्च लेखेको रकम सो आ.ब.को बास्तविक खर्चमा समाबेश नहुने हुंदा उक्त बढी भुक्तानी रकम कोषमा आम्दानी जनाई चालु आ.ब.को बजेटवाट रु ११,०००। खर्च लेख्नु पर्दछ।

९. **आन्तरिक आय :** गाँउपालिकाले यो बर्ष रु १,५३,०१०। आन्तरिक आय गरेको छ। आन्तरिक आयमा नगदी रसिद ,अभिलेख व्यवस्थित गरेको छैन

१०. **खरिद योजना :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैंयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु. २९९८९३०.५८ को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन ।

११. **लागत अनुमान :-** सार्वजनिक खरिद ऐन २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१२. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३२४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउ पालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाँउ पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

१३. **कारोबारको लेखाः-** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश,२०७४ को दफा ५६ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी तथा खर्च रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक सूर्मा र दौलिचौरगाउँ विकास समिति वर्तमान सूर्मा गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

१४. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी  आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा  नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति ,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस सूर्मा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ ।

१५. **बढी मूल्यमा  खरिदः** कार्यालयले यो बर्ष कार्यालय स्थापना र सन्चालनको लागि फर्निचर,कम्प्युटर लगायतका पूंजगत सामानहरु पटक पटक खुला दरभाउ पत्र लिई खरिद गरेको पाईयो । यसरी खरिद गर्ने क्रममा उग्रतारा टेक्निकल गुड्स सप्लायर्स धनगडीको बिल नं ९५८।०७४।१।१८ बाट र्म्भी दचबलमभम मभकपतयउ दुइथान प्रतिथान रु ५३४७०। मा खरिद गरेकोमा सोही सामान ०७४।२।२९ मा मालिका कम्प्युटर सेन्टर धनगडीको बिल नं.०६९ बाट प्रतिथान  रु ५५,२००। ले खरिद गरी प्रतिथान रु १७३०।.ले ३ थानको हुने मूल्य रु ५१९०।.बढी आर्थिक व्ययभार पारेको देखिएकोले यस्तो खरिदमा मितव्ययिता अपनाउनु पर्दछ ।

**सूर्मा गाउ विकास समितिः** लेखापरीक्षणबाट देखिएको व्यहोरा देहाय बमोजिम छन् ।

१६. **बहाल कर :** आयकर ऐन २०५८ अनुसार बहाल रकम भुक्तानी गर्दा भुक्तानी रकमको १० प्रतिशतले हुने रकम अग्रिम रुपमा कट्टा गरी दाखिला गर्नु पर्नेमा यस गाबिसले भाँडेवगर सूर्मा सडकको निर्माणको लागि यो बर्ष निर्माण समिति संग  गरेको सम्झौता अनुसार रु २३,५९,५१०। भुक्तानी गरेको छ । उक्त निर्माण समितिले पेश गरेको बिल भरपाईवाट बा १.ख ५९०४ को कोमोत्सु पि.सि.२००-७ को स्काभेटर प्रयोग गरी सडक निर्माण गरेको र सो प्रयोग गरेवापत रु ४४,४७,६१०। को भाडा खर्च भुक्तानी गरेको भरपाई पेश गरेकोमा कार्यालयले आफ्नो तर्फवाट भएको भुक्तानी रकममा बहाल कर कट्टा नगरी भुक्तानी गरेको देखिएकोले  बहाल कर रु २३,५९५। असुलगरी राजस्व दाखिलाको प्रमाण पेश गर्नुपर्दछ ।

**दोलिचौर गाउ विकास समिति :** लेखापरीक्षणबाट देखिएको व्यहोरा देहाय बमोजिम छन् ।

१७. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नु पर्नेमा भौ.नं. १८-२०७३।११।१० बाट कार्यालय सहायक श्री दान बहादुरलाई बिना बिल भरपाई रु.१४,०००।- सिधै भूक्तानी लेखेकोले सो रकम भुक्तानी गर्नु पर्ने आधार सहितको विल भरपाई पेश गर्नुपर्दछ ।

१८. **सेवा शुल्क :** आयकर ऐन,२०५८ दफा ८८मा सेवा शुल्क भुक्तानीमा १५ प्रतिशतका दरले कर कती गर्नुपर्ने व्यवस्था रहेकोमा भौ.नं.१९-२०७३।११।१० बाट श्री शिवराज उपाध्यायले वालीसंरक्षणको कार्य अन्तर्गत डाटा संकलनको खर्च भनि रु.२१,१००।- भुक्तानी लिएकाकोमा १५ प्रतिशतका दरले अग्रिम करट्टी नगरी भुक्तानी गरेको नदेखिएकोले रु..३,१६५।- रकम असुल गरी दाखिला गरेको प्रमाण पेश गर्नु पर्दछ ।

१९. **धारा मर्मत :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नु पर्नेमा भौ.नं २१-२०७३।११।१५ बाट श्री भिम बहादुर बोहोरालाई धारा मर्मत वापत विल भरपाई वेगर रु. ३००० भूक्तानी गरिएकोले निजले रकम बुझेको प्रमाण पेश गर्नुपर्दछ ।

२०. **लगत संकलन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नु पर्नेमा भौ.न १५-२०७४।३।२३ बाट सुर्मा गाँउपालिकाको वडा नं १,२ र ३ दोलिचौरमा गैर दलितको लगत संकलन गरेवापत रु. १०,०००।- खर्च लेखेकोमा लगत संकलनको प्रमाण पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्दछ ।

२१. **निर्माण कार्य :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५) अनुसार लागत अनुमानको रकममा मुल्य अभिबृद्धि कर, शिरोभर तथा कन्टिजेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरि उपभोक्ता समितिसँग सम्झौता गरि काम दिन सकिनेमा भौ.न ९-२०७४।३।२९ बाट रिठापाटा सुर्मा सडक निर्माण उपभोक्ता समितिसँग २०७३ मंसिर ११ मा भएको सम्झौतामा जनसहभागिताको अशं उल्लेख नगरेको, भुक्तानमिा ओभरहेड रकम कट्टी नगरेको, उपभोक्ता समिति मार्फत गरिने कार्यमा स्काभेटर प्रयोग गरेको र उक्त आयोजनामा २७०० मिटर पाईप खरिद गरिएकोमा नापि कितावमा पाईप प्रयोग भएको नदेखिएको साथै पाईप मौज्दात रहेको विवरण पनि पेश नभएको अवस्थामा कार्यालयले रु ४६,३५,०००। भुक्तानी गरेको छ । अत यसमा उपभोक्ता समितिले आम्दानी खर्चको सार्वजनिक गरि गराएको सार्वजनिक लेखापरीक्षण प्रमाण र नापजाँच सहितको कार्यसम्पन्न प्रमाण पेश हुनु पर्दछ ।

२२. **अग्रीम कर :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार ठेक्का वा करार वापत ५० हजार भन्दा बढीको भुक्तानी दिंदा १.५ प्रतिशतका दरले अग्रीम करट्टी गर्नुपर्नेमा भौ.नं. ९-२०७४।३।२९ बाट सुर्मा सरोवर निर्माण सेवालाई ग्याविन, सिमेन्ट, पाईप, डिजेल खरिद गरि मु.अ.कर बाहेक भुक्तानी रु.९,२७,०००।- भुक्तानी खर्च लेखेकोमा १.५ प्रतिशत करकट्टी नगरेकोले रु..१३,९०५।- रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु.२ लाख २७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ४१ हजार, अनियमिति भएको १ लाख ८६ हजार रहेको छ ।

## छबिसपाथी भरा गाउँपालिका

### लेखापरीक्षण प्रतिबेदन

गत वर्षको मौज्दात समेत यो वषं जम्मा आय रु ६ करोड ६५ लाख ६४हजार आम्दानी भएकोमा रु६ करोड २ लाख ९२ हजार खचं भइं रु ६२ लाख ७२ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएकोव्यहोरा निम्नानुसार छन् ।

१. **आर्थिक अवस्थाः** यस आर्थिक बर्षमा साविक २ गाउ विकास समितिहरुको शुरु मौज्दात,सामाजिक सुरक्षा भत्ता,गाँउ पालिका अनुदान आन्तरिक आय समेत रु.६,६५,६४,८०१.५८ जम्मा आम्दानी र उल्लेखित शिर्षकहरुमा रु.६,०२,९१,९५८.८१ खर्च भई रु.६२,७२,८४२.७७ मौज्दात बांकी रहेको देखिएको छ । यो बर्षको कुल आम्दानी रु. ६,६५,६४,८०१.५८ मा आन्तरिक स्रोतको आम्दानी जम्मा रु.२५,७०२.०० रहेको देखिएबाट गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था कमजोर देखिएको छ ।

२. **लेखाप्रणाली :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि आन्तरिक आय तर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन ।

३. **आन्तरिक नियन्त्रण प्रणालीः** विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा दैनिक भ्रमण भत्ता बढि भुक्तानी गुनासो पेटिका नराखेको ,विल भरपाई प्रमाणीत नभएको ,समानमो मुल्य नखुलाएको जस्ता ब्यहोरा देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

४. **राजस्व :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको पाइएन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला नियमानुसार भएकोमा एकिन हुन सकिएन ।

५. **स्थानीय सन्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ६३ अनुसार गाँउपालिका तथा नगरपालिकाको स्थानीय सन्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खात रहने तथा चालु आर्थिक बर्षको अन्तमा वडाको खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानीय तहको सन्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साबिकका ४ गाबिस र हालका वडाले आर्थिक वर्षको अन्तमा वाँकी रेहको १६,५११.७७ रकम सन्चित कोषमा दाखिला गरेको नदेखिएकोले नियमको पालना गरी रकम गाउँ पालिकाको सन्चित कोषमा दाखिला गर्नुपर्दछ ।

६. **आन्तरिक आय :** गाँउपालिकाले यो बर्ष रु २५,७०२। आन्तरिक आय गरेको छ । आन्तरिक आयको नगदी रसिद र अभिलेख राखेको छैन । अभिलेख राख्नु पर्दछ ।

७. **वार्षिक खरिद योजना :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु. २८,९५,०३१.०० को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन ।

८. **लागत अनुमान-** सार्वजनिक खरिद ऐन २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३र४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउ पालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिहरुको बेरुजु लगत तथा सम्परीक्षणको

अभिलेख गाँउ पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

१०. **कारोबारको लेखाः-** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश,२०७४ को दफा ५६ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी तथा खर्च रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक मटेला, कडेल, व्यासी, लेकगाँउ विकास समिति वर्तमान छबिसपाथेभरा गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

११. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति ,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ ।

१२. **व्यासी गाउ विकास समिति**ः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

१२.१. प्राविधिक सहायक मोहनराज जोशीलाइ तलव भत्ता रु.३२,८००/ भुक्तानी गरेकोमा तलवी भर्पाइ संलग्न नरहेकोले अनियमित देखिएको छ ।

१२.२. भ्यागुत्तेखोला लघु जल.विद्युत आयोजनाको रु ८,००,०००। को पे.फ. गरेकोमा ल.ई., नापी किताव, कार्य सम्पन्न प्रतिवेदन र बील भपाई बेगर खर्च लेखेकोले नियमित मान्न नसकिएको हुदा आबश्यक कागजात पेश गर्नु पर्दछ ।

१२.३. देउवाज खा.पा. योजनाको पे.फ.गरेकोमा रु ८०,०००।´ आवश्यक वील भर्पाइ बेगर भुक्तानी गरेको ले आबश्यक प्रमाण पेश गर्नुपर्दछ ।

१२.४. युवा संजाल कार्यक्रममा रु १०००००।खर्च गरेकोमा के कस्तो कार्यक्रम संचालन गरी भुक्तानी दिएको तत्सम्वन्धी कागजात प्रमाण पेश नभएकोले कार्यसम्पन्न प्रमाण पेश गरी खर्च नियमित गर्नुपर्दछ ।

१२.५. गमलागाउँ खा.पा. मा रु १२००००। भुक्तानी दिएको तर विलभर्पाइ रु ७००००। पेश भएकोले वाकी रु ५०,०००। रकमको प्रमाण पेश गर्नुपर्दछ ।

१२.६. खोरीगाड ल.ज.वि. को रु १०००००। पे.फ. भुक्तानी भएकोमा विल भर्पाइ ल.ई. नापी मुल्यांकन समेत पेश नभएकोले पेश गर्नुपर्दछ ।

१२.७. १८।०७४।३।३० विभिन्न शीर्षकमा रु १,७८,२०५। भुक्तानी गर्दा रु ७९,९००। का विल भर्पाइका आधारमा पुरै भुक्तानी दिएकोले रु.९८,३०५। बढि भुक्तानी भएको देखिएकोले असुल गर्नुपर्दछ ।

१२.८. कृषि विउविजन र किटनासक औषधी खरिदको विल विजक वेगर रु.३०,०००। खर्च लेखेको विजक पेश गर्नु पर्दछ ।

१२.९. मोहनराज जोशीको तलव भत्ता भुक्तानी गर्दा रु ६३०। कट्टी गरिएको सामाजिक सुरक्षा शुल्क दाखिला नभएकोले दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

१२.१०. लेकगाँउ गाउ विकास समिति स( लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

१२.११. सामाजिक सुरक्षा पेश्की फछ्यौंट गर्दा पेश भएको विवरणमा छबिसपाथिभरा गाँउपालिका वडा नं.६ बस्ने गुडकीदेवी धामीको रु. ८,०००।-भरपाई बेगर खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

१२.१२. **पेश्की बाँकी :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ अनुसार व्यासी विसौना कृर्षिसडक निर्माण उपभोक्ता समितिको खातामा रु.२,५०,०००।- मिति २०७३।७।१० को सम्झौता अनुसार पेश्की दिएको र उक्त कार्य २०७४।३।२५ भित्र सम्पन्न गर्नुपर्ने उल्लेख भएकोमा लेखापरीक्षण

अवधि २०७४ भाद्र मसान्तसम्म पेश्की फछ्र्यौट गरेको प्रमाण पेश नभएकोले सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ अनुसार पेश्की फछ्र्यौट गरी प्रमाण पेश गर्नुपर्दछ ।

१२.१३. **अग्रीम कर :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार ठेक्का वा करार वापत ५० हजार भन्दा बढीको भुक्तानी दिंदा १.५ प्रतिशत र दफा ८८ अनुसार भाडा रकम भुक्तानी गर्दा कुल भुक्तानीमा १० प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ ।

१२.१४. कार्यालयले मौरीवगर पाथिभरा कृषि सडक को लागत अनुमान रु.३०,५३,२०३।०४ भएकोमा मौरी बगर पाथिभरा सडकको कार्यसम्पन्न प्रतिवेदन र नापी किताव अनुसार २४,३३,०००।- गाँउ विकास समिति र ६,२०,२०३।०४ जनसहभागिताबाट काम गरी कार्य सम्पन्न भएकोमा नापी किताव अनुसार निजले अग्रीम कर रु.६७१५।४२ र एक्साभेटर भाडा कर वापत रु. ३५,९४०।- कट्टा गरी भुक्तानी दिनुपर्नेमा सो नगरी पुरै रकम भुक्तानी गरेकोले कर असुल गरी दाखिला गर्नुपर्दछ ।

१२.१५. कार्यालयले स्ट्रेचर खरिद २० थानको रु.८५,०००।-मा तिवारी मेडिसिन डिस्ट्रीव्युटर धनगढीबाट खरिद गरि गरिएकोमा भुक्तानीमा १.५ प्रतिशतका दरले रु.१,२७५।- करकट्टी नगरेको रकम असुल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१३. **कडेल गा.वि.स :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

१३.१. गाउँ पालिका पदाधिकारी तथा कार्मचारीहरुको वैठक भत्ता भुक्तानी गरेको नियमानुसार करकट्टी गरेको दाखिला नभएको रु २,१००। रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१३.२. रु ७,०००। फर्निचर खरिद गरी भुक्तानी गरेकोमा विलभर्पाइ संलग्न रहेकोले बिजक बेगरको खर्च असुल गर्नुपर्दछ ।

१३.३. जयपृथ्वी सान्ती विकास समाज र जयपृथ्वी कृषि सहकारी संस्थालाई फर्निचर वाफत रु.१७,०००। भुक्तानी गरेकोमा संस्थावाट भर्पाइ तथा प्राप्तीको जनाकारी संलग्न नरहेकोले सो को प्रमाण पेश गर्नुपर्दछ ।

१३.४. क्षमता विकास कार्यक्रमका लागि रु १००००। भुक्तानी दिएकोमा के कस्तो कार्यक्रम संचालन गरेको हो आवश्यक विलभर्पाइ कागजात पेश गर्नुपर्दछ

१३.५. विभिन्न शिर्षकमा गरी संलग्न विलभर्पाइ वमोजिम रु १,३०,२५०। भुक्तानी गर्नुपर्नेमा रु १,७१,०००। दिएकाले वढी खर्च रु ४०,७५०। भएकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

१४. **मटेला गाउ विकास समिति :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

१४.१. **प्रमाण :** मटेला गाउ विकास समितिले ७ व्यक्ति तथा संस्थालाई रु ३,५५,९५२/ भुक्तानी गरेकोमा बिल भरपाई बेगर भुक्तानी गरेको देखिएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ अनुसार खर्च लेख्दा राख्नुपर्ने आवश्यक प्रमाण संलग्न कागजात नराखेकोले बिल भरपाई पेश गर्नुपर्दछ ।

१४.२. **बढी भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम २ कार्यकमको रु ७६२५०। भुक्तानी गर्नुपर्नेमा रु ८३०००। भुक्तानी भएकोले बढि भुक्तानी रु ६,७५०/- असुल गरी दाखिला गर्नुपर्दछ ।

१४.३. **जिन्सी दाखिला :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२ अनुसार कार्यालयमा प्राप्त सामान आम्दानी बाध्नु पर्नेमा भौ.नं.३ मिति २०७३।०३।१२ मा रु.१०,०००/- र भौ.नं.१० मिति २०७३।१०।२५ रु.१४,०००/- भुत्तानी गरेकोमा जिनसी दाखिला नभएकोले छानबिन गरी यकिन प्रमाण पेश गर्नुपर्दछ ।

१४.४. **पेश्की बाँकी :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ अनुसार आर्थिक वर्षको अन्त्य सम्म पनि ५ व्यक्ति तथा संस्थालाई रु ३,११,५००/पेश्की भुक्तानी गरेकोमा पेश्की फछ्र्यौट गरेको नपाइएकोले नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु.२४ लाख ४१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.५३ हजार , प्रमाण पेश गर्नुपर्ने रु.१८ लाख २७ हजार र पेश्की रु.५ लाख ६१ हजार रहेको छ ।

# दुर्गाथली गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात १ लाख ८४हजार यो वर्ष को जम्मा आय रु ५ करोड ५९ लाख ६२ हजार आम्दानी भएकोमा रु ५करोड ०५ लाख ९४ हजार खचं भइं रु ५३ लाख ६८ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन।

१. **आर्थिक अवस्थाः** यस आर्थिक बर्षमा साविक ३ गाँउ विकास समितिहरुको शुरु मौज्दात, सामाजिक सुरक्षा भत्ता, गाँउ पालिका अनुदान र आन्तरिक आय समेत रु. ५,५९,६२,०५२।०२ जम्मा आम्दानी र उल्लेखित शिर्षकहरुमा रु. ५०५९३५७०।५८ खर्च भई रु. ५३६८४८१।४४ मौज्दात बांकी रहेको देखिएको छ। यो बर्षको कुल आम्दानी रु. ५५९६२०५२।०२ मा आन्तरिक स्रोतको आम्दानी जम्मा रु. ३००।०० रहेको देखिएबाट गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था कमजोर देखिएको छ।

२. **लेखाप्रणाली :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि आन्तरिक आय तर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन।

३. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजुको लगत अद्यावधिक गरेको छैन। सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत वितरण गरेको भत्ताको भरपाइमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा सम्वन्धित जिम्मेवार पदाधिकारीले वास्तविक वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ। साविकका गा.वि.स. मा भएको जिन्सीको अवस्था देखिने गरी विवरण तयार नभएको साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन। जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ॥

४. **स्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिकारनगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अनय स्रोत, पूर्वाधार अनर्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साँकन वा गाउं पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन।

५. **राजस्व असुली तथा दाखिला :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको पाइएन। यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला नियमानुसार भएकोमा एकिन हुन सकिएन। बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आवस्यक निर्णय तथा कार्यान्वयन गरि आन्तरिक आयको उचित परिचालन हुनु पर्दछ।

६. **स्थानीय सन्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ६३ अनुसार गाँउपालिका तथा नगरपालिकाको स्थानीय सन्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक बर्षको अन्तमा वडाको खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानीय तहको सन्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साबिकका निम्न गाबिस र हालका वडाले आर्थिक वर्षको अन्तमा वाँकी रेहको ३ गा.वि.स.को रु ४२३०७।३२ रकम सन्चित कोषमा दाखिला गरेको नदेखिएकोले नियमको पालना गरी रकम सन्चित कोषमा दाखिला गरिनु पर्दछ।

७. **बार्षिक खरिद योजना :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो बर्ष रु. ३१,३०,७६८।०० को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन।

८. **लागत अनुमान :-** सार्वजनिक खरिद ऐन २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो बर्ष लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो। कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ।

९. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३२४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउ पालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाँउ पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

१०. **कारोबारको लेखाः-** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश,२०७४ को दफा ५६ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी तथा खर्च रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक चौधारी, मौलाली र सैनपसेला ३ गाउँ विकास समिति र वर्तमान दुर्गाथली गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

११. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति ,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस सूर्मा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ ।

१२. **आन्तरिक कर दस्तुर :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क, दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा सैनपसेला गा.वि.स. आम्दानी रसिद, दैनिकि आम्दानी रजिष्टर, रसिद नियन्त्रण खाता, पञ्जिकरण दर्ता अभिलेख पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन नसकिएको र मालपोत दस्तुर रु.७४९३।२५ र अन्य सिफारिस दस्तुर,पञ्जीकरण बाट रु.९५६२।०० गरी जम्मा रु.१७,०५५।२५ वडा सचिव श्री हर्क बहादुर जप्रेलको नाममा रहेको कार्यालयको पत्रबाट जानकारी गराएकोमा रु. १७,०५५।२५ गाँउपालिकाको मुल खातामा ब्याज समेत दाखिला गर्नुपर्दछ ।

१३. **कृषि सडक :** मौरीवगर पाथिभेरा कृषि सडक, सैनपसेला निमार्णको लागी मौरीवगर पाथिभरा कृषि सडक, सैनपसेला निमार्ण समिति (अध्यक्ष श्री ठोस्या जप्रेल) बीच मिति २०७३।१०।२३ मा भएको सम्झौता अनुसार स्वीकृत लागत अनुमानमा कुल लागत अनुमान रु.५३,४७,६५८|.०० मा गाँउ विकास समितिको कार्यालयले रु.४२,५०,०००।- जनसहभागिता रु.१०,९७,६५८।०० व्यहोर्ने उल्लेख भए अनुसार कार्य सम्पन्न प्रतिवेदन अनुसार रु. ५३,४७,६५८।०० को कार्य सम्पन्न भएको देखिन्छ । उक्त योजनालाई सैनपसेला गाँउ विकास समितिको २०७३।१०।२५ बाट रु.२८,००,०००।- र दुर्गाथली गाँउपालिकाले २०७४।३।३० मा रु.१५,०७,०३९।- गरि जम्मा रु.४३,०७,०३९।- भुक्तानी गरिएकोमा सम्झौता र स्वीकृत लागत अनुमान अनुसार गाविसबाट रु. ४२,५०,०००।- भुक्तानी दिनुपर्नेमा रु. ५७,०३९।-बढी भुक्तानी भएकोले असुल गर्नुपर्दछ ।

१४. आन्तरिक लेखापरीक्षणबाट देखिएको अन्य व्यहोरा देहाय बमोजिम छन् ।

१४.१. चौधारी गा.वि.स.ले महिमान सिहं व्यासी नौलो पसलवाट बल्यांकेट २ थान रु १८,५००। खरिद गरेकोमा खरिद आदेश मागफाराम दाखिला प्रतिवेदन संलग्न नभएकोले प्रमाण पेश गर्नुपर्दछ ।

१४.२. गाविस सचिव मकर वहादुर मण्डेलले ०७३ श्रावण, भाद्र, आश्विन सम्मको अध्यक्ष भत्ता वापत प्रति महिना रु १,५००। ले ४५००।०० भुक्तानी लिएकोमा सो पाउने आधार पेश गर्नुपर्दछ ।

१४.३. अतिथि सत्कारमा रु १२०००।०० खर्च गरेकोमा भुक्तानीको आधार पेश नभएकोले प्रमाण गर्नुपर्दछ ।

१४.४. गा.वि.स.को लगत उतार रजिष्टर खरिदमा रु. १५०००। खर्च लेखेकोमा रजिष्टर खरिद भएको औचित्य दाखिला तथा के के लगत तयार गरिएको हो आधार बेगर गरिएको खर्च पुष्टी गर्नुपर्दछ ।

१४.५. परिषदको निर्णयानुसार भनि पशुसेवा केन्द्रलाइ रु ८००००।०० औषधी खरिद तथा फर्निचरको वील भुक्तानी गरेकोमा अग्रिम कर रु. १२००।०० कट्टी नगरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

१४.६. परिषद खर्च ५६८००।०० खर्च लेखेको हेमराज विष्ट र गोरख उपाध्यायले रु. २०००।०० रकम वुझेको प्रमाण वेगर खर्च लेखेकोले दाखिला गर्नुपर्दछ ।

१४.७. सानीगाड लघु जलविद्युत प्राणालीले वायर पोल समेत खरिद गरेको राजेन्द्र इलेक्ट्रोनिक एण्ड मोवाइल ग्यालरी मौरीवगर विल नं. ९०२।०७३।१२।१० अनुसार रु १०२६००।०० भुक्तानी गरेकोमा रु. १५३९।०० अग्रिम करकट्टी नगरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

१४.८. भगवती ग्रिल उद्योगलाई रु ९००००।०० भुक्तानीमा अग्रिम कररु. १३५०।० कट्टी नगरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

१४.९. स्पेयर खरिदको लागि ग्रामिण विकास कृषि सहकारी संस्था लि. चौधारीलाई रु ५००००।०० उपलब्ध गराएको मा उक्त समान खरिदको विल पेश नभएकोले बिजक पेश गर्नुपर्दछ ।

१४.१०. कमलसा निर्माण सेवालाई एक्साभेटर भाडा रु २२०००। खर्च लेखेकोमा वहालकर कट्टी नगरेको रु. २२००।०० असुली र दाखिला गर्नुपर्दछ ।

१४.११. महिला अधिकार मंच चैधारीलाई ६ महिना सिलाइकटाई तालिमको लागि रकम उपलब्ध गराइएकोमा पेश भएका विलवाट प्रशिक्षक पारीश्रमिक ७५०००।०० उपलब्ध गराइएको मा १ प्रतिशत सा.सु.कर कट्टी नगरेको रु ७५०।०० वन्दना एण्ड ट्रेडर्स तथा महिमान सिंह व्यासी नौलो पसलवाट विविध सामाग्री खरिद गरेकोमा अग्रिम कर कट्टी नगरी रु ३४८१४।०० मा कर कट्टी नगरेको रु ५२२।०० समेत असुल गरि रु. १२७२।०० दाखिला गर्नुपर्दछ ।

१४.१२. सुडीखोला पिको हाइड्रोलाई रु १९००००।०० उपलब्ध गराइएकोमा रु ७००००। से.१.ख. ४१४ नं. को गाडी भाडा वापत भुक्तानी गरेकोमा भाडा कर रु ७०००। कट्टी नगरेको असुल गरी दाखिला गर्नुपर्दछ ।

१४.१३. २० जना ग र घ वर्गका अपांगलाई रु ४००००। खर्च लेखेकोमा विवरण भरपाईमा परिचयपत्र नं. नखुलाई वितरण गरेकोमा छानविन गरि एकिन प्रमाण पेश गर्नुपर्दछ ।

१४.१४. मौलाली गा.वि.स. जुइलगाड ल.ज.वि. आयोजनाको सामान वुटवल देखि झोता सम्म लु.३ ख.३४८४ को गाडीवाट ढुवानी गरी भाडा रु. ८६०००।०० भुक्तानी गरेकोमा वहाल कर कट्टी गरी दाखिला नगरेकोले रु. ८६००।०० असुली र दाखिला गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु.३ लाख २१ हजार .बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्नेरु १लाख ०७ हजार अनियमिति भएको २ लाख १४ हजार रहेको छ ।

# केदारस्यूँ गाँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत बर्षको मौज्दात रु ५ लाख २४ हजार र यो बर्षको आय रु ७ करोड ८० लाख ८६ हजार समेत रु ७ करोड ८६ लाख १० हजार आम्दानी भएकोमा रु ७ करोड २९ लाख ६३ हजार खर्च भई रु ५६ लाख ४७ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य ब्यहोरा छन ।

१. आर्थिक अवस्था: यस आर्थिक बर्षमा साविक २ गाउ विकास समितिहरुको शुरु मौज्दात,सामाजिक सुरक्षा भत्ता,गाँउ पालिका अनुदान आन्तरिक आय समेत रु.७८६१००८३.१० जम्मा आम्दानी र उल्लेखित शिर्षकहरुमा रु. ७२७६२१८९.८५ खर्च भई रु.५६४७८८४.३५ मौज्दात बांकी रहेको देखिएको छ । यो बर्षको कुल आम्दानी रु. ७८४१००८३.१० मा आन्तरिक स्रोतको आम्दानी जम्मा रु.५३३८८.०० (०.७० प्रतिशत) रहेको देखिएबाट गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था कमजोर देखिएको छ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली :** विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा दैनिक भ्रमण भत्ता बढि भुक्तानी गुनासो पेटिका नराखेको ,विल भरपाई प्रमाणीत नभएको ,समानमो मुल्य नखुलाएको जस्ता ब्यहोरा देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

३. **राजस्व असुली तथा दाखिला :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको पाइएन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला नियमानुसार भएकोमा एकिन हुन सकिएन ।

४. **स्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिकारनगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अनय स्रोत, पूर्वाधार अनर्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साँकन वा गाउं पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

५. **स्थानीय सन्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ६३ अनुसार गाँउपालिका तथा नगरपालिकाको स्थानीय सन्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खात रहने तथा चालु आर्थिक बर्षको अन्तमा वडाको खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानीय तहको सन्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साबिकका निम्न गाबिस र हालका वडाले आर्थिक वर्षको अन्तमा वाँकी रेहको ४ गा.वि.स.बाट रकम सन्चित कोषमा दाखिला गरेको नदेखिएकोले नियमको पालना गरी रु रु.१२,०००/९९ रकम सन्चित कोषमा दाखिला गरिनु पर्दछ ।

६. **आन्तरिक आय :** गाँउपालिकाले यो बर्ष रु ५३,३८८। आन्तरिक आय गरेको छ । आन्तरिक आयमा अभिलेख ब्यबस्थित नराखेको ,रसिद नियन्त्रण खाता नराखेको ब्यहोरा देखिएकोले यसमा सुधार गर्नुपर्दछ।

७. **बार्षिक खरिद:-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु.३०,५६,०५३.०० को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन ।

८. **लागत अनुमान -** सार्वजनिक खरिद ऐन २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३२४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा

नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउ पालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाँउ पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

१०. **कारोबारको लेखाः-** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश,२०७४ को दफा ५६ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी तथा खर्च रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविकका ४ गाउ विकास समितिको समेत गाउँपालिकामा प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

११. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति ,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस सूर्मा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ ।

१२. **बाँझ गाउ विकास समिति पेश्की बांकी :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ अनुसार यस आर्थिक वर्षमा तपसिलको ८ संस्थालाई दिईएको पेश्की फछर्यौट हुन नसकि जिम्वेवारी सारिएकोले नियमावली अनुसार रु.३,६७,१७४/- पेश्की फछयौट गर्नुपर्दछ ।

१३. **आलेप बेरुजु:** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार सेवाशूल्क भुक्तानी गर्दा कुल भुक्तानीमा १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्नेमा तपसिलको एफ.एम लाई सुचना संप्रेषण वापत ५ भुक्तानी गरिएको रकममा १५ प्रतिशत का दरले करकट्टी नगरेकोले रु. ७,२००।-असुल गर्नुपर्दछ ।

१४. **आलेप बेरुजु:** आयकर ऐन, २०५८ को दफा ९०(४) अनुसार करकट्टी गरिएको रकम उल्लेखित अवधिमा दाखिला गर्नुपर्नेमा करकट्टी गरिएको रकम दाखिला नगरेकोले अविलम्व दाखिला रु २,४०९। गर्नुपर्दछ ।

१५. **रायल गाउ विकास समिति :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार तपसिलको भुक्तानीमा कुल भुक्तानीको १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्नेमा भौ.नं. ३७ -२०७४।३।२६ मा गर्जेपानी उ.मा.वि.ले न्यु सुर्मादेवीबाट फर्निचर खरिद रु.१,५०,०००।-को मु.अ.कर. विजकमा कारोवार नगरकोले १५ प्रतिशतका दरले करकट्टी गरि रु.२२,५००। असुल गरी दाखिला गर्नुपर्दछ ।

१६. **अन्य व्यहोरा** : लेखापरीक्षणबाट देखिएका अन्य व्यहोरा देहाय बमोजीम छन्

१६.१. विभिन्न भौ.नं र मितिमा भुक्तानी गरेकोमा ६ योजनाको रु. २,८१,१००। ल.ई., कार्यसम्पन्न प्रतिवेदन तथा सार्वजनिक लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्दछ ।

१६.२. आ.व.को अन्तमा ३ व्यक्ति तथा संस्थाको आयकर रु ६,०८४।५० दाखिला गर्न वाँकी देखिएकोले दाखिला गर्नुपर्दछ ।

१६.३. आ.व.को अन्तमा ४ प्राथमिक विद्यालयको पेश्कि रु २,८२,१७४। वाकी देखिएको रकम पे.फ. गर्नुपर्दछ।

१७. **भामचौर गाउ विकास समितिको जग्गाधनी प्रमाण :** (भौ.नं.र मिति : २१-२०७३।११।१५)स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नु पर्नेमा भामचौर स्वास्थ्य चौकीको लागि झलक बहादुर धामी भामचौरबाट ४ रोपनी जग्गा खरिद गरेको निजको निवेदनको आधारमा रु.८,००,०००।- खातामा जम्मा गरेकोमा स्वास्थ्य चौकीको नाममा जग्गाा कायम भएको प्रमाण पेश गर्नुपर्दछ ।

१८. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नु पर्नेमा १० थान मोवाइल सेट खरिद गरि महिला स्वयमसेवकलाई वितरण गरिएको भनि रु.५०,०००।-खर्च लेखेकोमा उक्त मोवाईल सेटहरु वितरण गरेको भरपाई प्रमाण पेश गर्नुपर्दछ ।

१९. **अग्रीम करट्टी :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार ठेक्का वा करार वापत ५० हजार भन्दा बढीको भुक्तानी दिंदा १.५ प्रतिशत र दफा ८८ अनुसार भाडा रकम भुक्तानी गर्दा कुल भुक्तानीमा १० प्रतिशतका दरले करकट्टी गर्नुपर्नेमा २०७४।३।९ मा दोगाडा घट्टेखोला जलविद्युत आयोजनाले पेश गरेको विल विजक अनुसार ३,१०,०००।-भुक्तानी गरेकोमा ढुवानी भाडा ४५,७०५।- मु.अ.कर विजक घटाल र सुर्यादेवी सप्लायर्सको विलबाट रु.१,८३,६१७-को सिमेन्ट खरिद विल समेत संलग्न गरी खर्च लेखेकोमा भाडा कर ४५७०।- र अग्रीमकर २७५४।- कट्टा नगरी भुक्तानी गरेकोले उक्त रु.७,३२४।- र भौ.नं.: २-२०७४।३।५ बाट मोवाईल खरिद रु. ५०,००० को १.५ प्रतिशतका दरले रु.७५०।- गरि जम्मा रु.८,०७४।- असुल गर्नुपर्दछ ।

२०. **भैरवनाथ गाउ विकास समितिः** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन्

२०.१. कार्यालय सामान खरिद गरी सोको जिन्सी दाखिला नगरेकोले रु २७,८६५। को जिन्सी दाखिला गर्नुपर्दछ ।

२०.२. गण्डगी गाड ल.ज.वि. योजनाको लागि सिमेन्ट ढुवानीमा ६६०००। भक्तानी दिएकोमा ढुवानी गरेको विवरण खुलाई जिल्ला दररेटको आधारमा खर्च भएको प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नुपर्दछ ।

२०.३. सरसफाई गतिविधि संचालन कार्यक्रम रु.१,१६,१३५/- का विल भर्पाइ संलग्न रहेको र १,१८,०००। भुक्तानी खर्च लेखेकोले बढी रकम रु १,८६५/- असुल गरी दाखिला गर्नुपर्ने पर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु.१९ लाख ३४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४९ हजार, प्रमाण पेश गर्नुपर्ने रु १२ लाख ३६ हजार र पेश्की रु ..६लाख ४९ हजार रहेको छ ।

# कांडा गाउंपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत बर्षको मौज्दात रु २५ हजार र यो बर्षको आय रु २ करोड ४२ लाख ४० हजार समेत रु २ करोड ४२ लाख ६५ हजार आम्दानी भएकोमा रु १ करोड ८३ लाख ०७ हजार खर्च भई रु ५९ लाख ५८ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य ब्यहोरा निम्नानुसार छन ।

१. **आर्थिक अवस्थाः** यस आर्थिक बर्षमा साविक २ गाउ विकास समितिहरुको शुरु मौज्दात,सामाजिक सुरक्षा भत्ता,गाँउ पालिका अनुदान आन्तरिक आय समेत रु.२,४२,६५,११३।१० जम्मा आम्दानी र उल्लेखित शिर्षकहरुमा रु.१,८३,०६,१८१।०० खर्च भई रु.५९,५८,९३२।१० मौज्दात बांकी रहेको देखिएको छ । यो बर्षको कुल आम्दानी रु.२,४२,६५,११३।१० मा आन्तरिक स्रोतको आम्दानी जम्मा रु.१०,३००।- (.०४१ प्रतिशत) रहेको देखिएबाट गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था कमजोर देखिएको छ ।

२. **लेखाप्रणाली :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि आन्तरिक आय तर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन ।

३. **आन्तरीक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरीक नियन्त्रण ब्यबस्था भरपर्दो र प्रभाबकारी बनाउनु पर्दछ । यस कार्यालयको आन्तरीक नियन्त्रण ब्यबस्थाको मुल्यांकन गर्दा आर्थिक कारोबारको संक्षिप्त अनुसुची १४ तयार नगरेको , सूचना अधिकारीको काम कर्तब्य र अधिकार नेतोकेको , सेवा ग्राही संग अन्तरक्रिया नगरेको , चौमासिक प्रगति तयार नगरेको ,नागरिक सूचनाको लागि हेल्प डेकस नराखेका बेरुजुको लगत नराखेको , जिन्सी निरीक्षण प्रतिबेदन तयार नगरेको , जस्ता ब्यहोरा देखिएका छन । प्रचलित नियममा भएका सबै ब्यबस्थाको पालना गरी आन्तरीक नियन्त्रण सुढृढ बनाउनु पर्दछ।

४. **राजस्व आम्दानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको पाइएन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला नियमानुसार भएकोमा एकिन हुन सकिएन ।

५. **जिम्मेवारी नसारेको :** साविक सूर्मा गाउं बिकास समितिले २०७२।७३ को रु ४६०। घटि जिम्मेवारी सारेकोले उक्त जिम्मेवारीको यकिन गरी आगामी बर्षको लागि जिम्मेवारी सार्नु पर्दछ ।

६. **स्रोत नक्सांकनः** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिकारनगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अनय स्रोत, पूर्वाधार अनर्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साँकन वा गाउं पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

७. **वार्षिक खरिद योजना :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु. ३२,००,०००।- को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन ।

८. **लागत अनुमान :-** सार्वजनिक खरिद ऐन २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३र४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा

नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

१०. **कारोबारको लेखाः-** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश,२०७४ को दफा ५६ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी तथा खर्च रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक काँडा गाउँ विकास समिति वर्तमान काँडा गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

११. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति ,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस सूर्मा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ ।

१२. **अन्य व्यहोराः** लेखापरीक्षणबाट देखिएका अन्य व्यहोरा देहाय बमोजीम छन् ।

१२.१. कार्यालयको सामान चैनपुर देखि रुपातोला सम्म से.१.ज. ८६४ नं. को गाडिवाट ढुवानी गरी रु ४,०००।- भुक्तानी दिएको रकमको रु ४००।- करकट्टी दाखिला गरेको नदेखिएकोले दाखिला गर्नुपर्दछ । -

१२.२. विभिन्न शीर्षकमा गरी रु २,९२,०००।- भुक्तानी खर्च लेखिएकोमा संलग्न वीलभर्पाइ रु २,७९,३३५।- मात्र रहेको देखिन्छ अतः कार्यालय समान शीर्षकमा वढी खर्च भुक्तानी देखिएका रु १२,६६५।- असुल गर्नुपर्दछ।

१२.३. कार्यालय मालसामान विविध खर्च आदी शिर्षकमा रु २,२०,९६०।- भुक्तानी भएको भएको र २,०४,६८२। का विलभपाई संलग्न रहेकाले वढी खर्च १६,२७८।- रकमको वील भर्पाइ पेश गर्नुपर्दछ ,।

१२.४. पुजीगत तर्फ काडाँ गाउँपालिकाको सोलार ब्याट्री समानहरु हंस वहादुर सार्कीले ढुवानी गरी लेखापाल गजाधर सार्कीवाट ठाडो भर्पाइ गरी रु १,१०,०००।- रकम बुझी लिएको देखिन्छ तर कति सामान कति दिन कुन दरमा ढुवानी गरियो दर परिमाण उल्लेख नभएकोले खर्च एकिन हुन नसकिएको नियमित गर्नुपर्दछ ।

१२.५. गाविस भवन निर्माण कार्यको भुक्तानी खर्च रु १,००,०००।-ल.इ नापी मूल्यांकन र कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले पेश गर्नुपर्दछ ।

१२.६. कार्यालय समान ढुवानी गरी लेखापाल गजाधर सार्कीको रु १,५०,०००। - पे.फ. भएको र ढुवानी खर्च रु १६,०००।- भुक्तानी गरेकोमा रु १६००।- करकट्टी दाखिला नभएकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

१२.७. विभिन्न योजनामा गरी रु ८,३५,०००। भुक्तानी गरिएकोमा उक्त योजनाहरुको ल.ई. नापी मूल्यांकन श्रेस्ता साथ संलग्न नरहेको सवै योजना गरी रु २,६१,०५०।- चिया नास्ता र खाना खर्च का विलहरु संलग्न रहेकोले संचालित योजनाको कार्यसम्पन्नमा एकिन हुन नसकिएको नियमित गर्नुपर्दछ ।

१२.८. फर्निचर र मेसिनरी सामान चैनपुर देखि रुपातोला हुदै काडा सम्म ढुवानी गर्न भनि लेखापाल गजाधर सार्कीले लिएको पेशिक फछ्र्यौट गरिएकोमा विल भर्पाइ अपुग रहेकोले पेश भएका वील भर्पाइ अनुसार रु १,१०,३५०।- मात्र पे.फ. गरी वाकी रकम रु ४६,४९६।- पेश्कि कायम गर्नुपर्दछ ।

## बेरुजुको स्थिति

लेखापरीक्षणबाट रु १० लाख ७६ हजार बेरुजु देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु १५ हजार नियमिति गर्नुपर्ने रु १० लाख ६१ हजार रहेको छ ।

# मंगलसेन नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालीकाको गत वर्षको मौज्दात समेत यो वर्ष जम्मा आय रु २० करोड ५६ लाख ०८ हजार आम्दानी भएकोमा रु. १९ करोड ८१ लाख ६२ हजार खर्च भई ७४ लाख ४६ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आय विवरण र जिम्मेवारी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकहरुको व्यवस्था छ । नगरपालिका नथा यसमा गाभिएका गाउँ विकास समिति(गा.वि.स.) हरुले ती शीर्षकहरुभन्दा फरक शीर्षक राखी आयव्यय लेखांकन गरेको देखिएको छ । कार्यालयको आ.व. २०७३।७४ मा रु.७४,४६,५३९ नगरपालिकाको सञ्चितकोषमा बाँकी रहेको देखिन्छ । तर कुन खाताहरुबाट कति रकम जिम्मेवारी सारिएको हो सो सम्बन्धमा एकिन हुन सकेन । त्यसैले गत आ.ब. को जिम्मेवारी, विभिन्न खाताको मौज्दात र आय व्यय एकिन हुने गरी आर्थिक विवरण तयार गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण सम्बन्धमा नगरपालिका तथा यसमा गाभिएका साविकका गा.वि.स.मा तथा वडा कार्यालयमा भएको जिन्सीको अवस्था देखिने गरी विवरण तयार नगरेको, जिन्सी निरीक्षण गरी सोको प्रतिवेदन तयार नगरेको, सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद योजना तयार गरी सो अनुसार खरिद कारबाही संचालन नगरेको, तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण नगरेको आदि देखिएको छ । अतः जिन्सी तथा खरिद व्यवस्थापनमा आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्ने देखिएको छ ।

३. **स्रेस्ता प्रमाणित :** नगरपालिका तथा यसमा गाभिएका साविक गाँउ विकास समितिको लेखासँग सम्बन्धित स्रेस्ता कागजात स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ ले तोके अनुसार जिम्मेवार पदाधिकारीले प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले लेखा तथा खरिदसँग सम्बन्धित कतिपय माग फारम, खारिद आदेश लगायतका प्रमाण कागजातहरु सम्बन्धित पदाधिकारीबाट प्रमाणित नगरी राखेको छ । त्यसैले तोकि बमोजिम प्रमाणित कागजात राखी लेखा स्रेस्ता अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

४. **जिन्सी सामानको स्वामित्व :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बुदाँ नं. ७९ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुदाँ सो भित्र समाहित भएका साविकका गाँउ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको कुनै चल, अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएको गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने र सोको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा साविकका बान्नातोलि, बस्ती र कालागाँउ गाँउ विकास समितिहरु समाहित भएकोमा तिनमा रहेको चल, अचल, जिन्सी सामानको अभिलेख राखी तोकिए बमोजिम प्रतिवेदन तयारी गरेको पाईएन । त्यसैले ति निकायमा रहेका जिन्सी सामानको संरक्षणमा तत्काल ध्यान दिनुपर्ने देखिन्छ ।

५. **आन्तरिक आय :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५ (ख) मा मालपोत असुलीको २५ प्रतिशतले हुने रकम नगरपालिका वा जिल्ला समन्वय समितिमा दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा गाभिएका साविकका गा.वि.स तथा वडा कार्यालयहरुले मालपोत असुली र सिफारिश दस्तुर असुलिको स्पष्ट विवरण खुल्ने गरी अभिलेख नराखेकोले मालपोत तथा सिफारिस दस्तुर असुलिको अवस्था र जि.स.स दाखिला गर्नुपर्ने रकम यकिन हुन सकेन । तसर्थ आन्तरिक आम्दानी तथा स्रोतको परिचालन व्यवस्थित गरी आय प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

६. **कोष संचालन :** नगरपालिकाले वडा कार्यालयहरु तथा साविकका गाँउ विकास समितिहरुले संचालन गरेका विपद् व्यवस्थापन कोष, दलित विकास कोष, बाल मैत्री स्थानीय शासन कोष जस्ता कोषहरुमा भएको कारोबार तथा बचत रकमको हिसाब आय व्यय विवरणमा समावेश गरेको छैन । जसबाट कार्यालयले पेश गरेको आय व्यय विवरणले यथार्थ चित्रण गरेको देखिएन । त्यसैले साविकका गा.वि.स. तथा वडाबाट संचालित कोषहरुको स्वामित्व लिई तिनको संचालन र व्यवस्थापनमा ध्यान दिनु पर्दछ ।

७. **उपभोक्ता समितिको कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार

उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा नगरपालिका तथा यसमा गाभिएका गा.वि.स.हरुले उपभोक्ता समितिसँग गरेको सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पालना गर्नुपर्ने देखिएको छ ।

८. **संचित कोष दाखिला :** स्थानीय तहको शासन सञ्चालन आदेश, २०७३ को बुदाँ नं. २९ तथा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्रमा भएको निर्देशन अनुसार आर्थिक बर्षको अन्तमा वडा कार्यालयको खातामा रहेको बाँकी रकम गाँउपालिकाको संचित कोष खातामा जम्मा गर्ने व्यवस्था छ अनुसार साविकका १२ र १४ वडा कार्यालयहरुको खातामा रहको मौज्दात रु. **४९,०९०.००** नगरपालिकाको सञ्चित कोष खातामा दाखिला गर्नुपर्ने देखिएको छ ।

९. **प्रशासनिक खर्च :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत वजेटको परिधिभित्र रही कर, सेवा शुल्क, दस्तुर र भाडावाट उठाएको कुल रकम मध्ये अधिकतम ६० प्रतिशत सम्म प्रशासनिक खर्च गर्न पाउने व्यवस्था छ । नगरपालिकाले यस वर्ष रु.३०,३१,१२५।४५ आन्तरीक आय गरेकोमा सोको ६० प्रतिशतले हुने रु.१८,१८,६७५।२७ खर्च गर्न पाउनेमा रु.२९,७८,५६५।०० खर्च छ । जुन आन्तरिक आयको ९८.२७ प्रतिशत हुन आउँछ । त्यसैले तोकिए बमोजिम आन्तरिक आयबाट खर्च गर्ने व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

१०. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले विभिन्न मेसिनरी औजार, फर्निचर तथा निर्माण कार्य संचालन गर्दा खरिद कारबाही नियम विपरित टुक्रा पारी खरिद गरेको **रु.३६,३७,५१९** को नियमित गर्नुपर्दछ ।

११. **खरिद कार्यमा प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ मा खरिद कारबाही प्रतिस्पर्धी र मितव्ययी बनाउन विभिन्न व्यवस्थाहरु गरेको छ । कार्यालयले यो वर्ष २ वटा ठेक्काको लागत अनुमान रु.१,७८,५३,६६३ रहेको निर्माण सामाग्री खरिदका लागि ठेक्का व्यवस्थापन गर्दा रु. १,७८,४५,८८७ मा सम्झौता भई लागत अनुमानको तुलनामा ०.०५ प्रतिशत कम रकममा खरिद कारबाही भएको छ । त्यसैले खरिद कारबाहीलाई प्रतिस्पर्धात्मक बनाउन ध्यान दिनु पर्दछ ।

१२. **नपुग बहाल कर :** नगरपालिका पुँजिगततर्फ, आय कर ऐन, २०५८ को दफा ८८(५) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा १० प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । १० उपभोक्ता समितिहरुले सार्वजनिक निर्माण अन्तर्गत डोजर भाडा बापतको रकम भुक्तानी गर्दा करकट्टी गरेको देखिएन । त्यसैले डोजर भाडा बापतको बहाल कर **रु.६,०८,४९४** सम्बन्धित फर्मबाट असुली गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१३. **पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । एक उपभोक्ता समिति र एक कन्स्ट्रक्सन प्रा.लि. को नाममा रहेको रु.**२९,५०,०००.००** पेश्की फछ्र्यौट गरेको पाइएन । सो पेश्की रकम नियमानुसार अशुल फछ्र्यौट हुनुपर्दछ ।

१४. **मू.अ.कर असुल** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिका कार्यालयका पाईप खरिद तथा वडा कार्यालय मर्मतमा सामान खारिद तथा निर्माण कार्य बापत भुक्तानी दिएकोमा सप्लायर्सले जारी गरेको मु.अ.कर बिजकमा विल नं नभएको देखियो । त्यसैले सम्बन्धित सप्लायर्सबाट रु.४७,७४१ भ्याट असुल गरी राजस्व दाखिला गर्नुपर्छ ।

१५. **वैंक जमानतः** सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ९२ मा पेश्की दिदा जमानत लिनु पर्ने व्यवस्था छ । कार्यालय भवनको निर्माणार्थ श्री स्वाँर कन्स्ट्रक्सनको नाममा फछ्र्यौट हुन बाँकी पेश्की रु.१४,५०,०००.०० को बैंक जमानतको म्याद मिति २०७४।०८।१ मा समाप्त भएको छ । त्यसैले उक्त पेश्की रकम रु.१४,५०,०००.०० को बैंक जमानतको म्याद थप गर्नुपर्दछ ।

१६. **अनुगमन खर्च :** भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण खर्च र अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका अनुसार बैठक खर्च लेख्ने व्यवस्थाहरु उल्लेख छन् । कार्यालयले विभिन्न मिति र समयमा

बैठक तथा अनुगमन खर्च भुक्तानी दिँदा नियम विपरित बैठक खर्च लेखेको तथा अनुगमन गरेको स्पष्ट व्यहोरा खुल्ने कागजात (अनुगमनका लागि खटाएको, मिति समय, स्थान नखुलेको) बेगर भुक्तानी गरेको ३५ कर्मचारीलाई भूक्तानी भएको रकम **रु. १,७९,४१०.००** असूल गर्नुपर्दछ ।

१७. **मूल्य अभिवृद्धि कर बेगरको खरिदः–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ मा सार्वजनिक निकायले रु. बिस हजार रुपैयाँ भन्दा बढी मूल्य अभिबृद्धि कर लाग्ने माल सामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्थामा गाउँपालिकाको कार्यालयले मुल्य अभिवृद्धि कर दर्ता नभएको ३ आपूर्तीकर्तालाई भुक्तानी गरेको रकम **रु.२,७६,३८८.००** नियमित गर्नुपर्दछ ।

१८. **डोजर संचालन :** कार्यालयले आफ्नो स्रोत साधनको अधिकतम् उपयोग र लाभ हुने गरी संचालन गर्नुपर्दछ । हाल कार्यालयलमा १ वटा डोजर संचालन रहेकोमा सोबाट उचित लाभ प्राप्त नगरेको तथा नगरपालिकाबाट संचालित योजनाहरुमा डोजर वापतको रकम अन्य निर्माण व्यावसायी तथा उपभोक्ता समितिहरुलाई भुक्तानी गर्ने गरेको छ । यसरी आफ्नो डोजर प्रयोगमा नल्याई डोजर वापत भुक्तानी गर्नु उचित देखिएन । डोजर प्रयोग हुने योजनामा सम्झौताका बखत नै कार्यालयको डोजर प्रयोग गर्नुपर्ने र सो वापतको भाडा कट्टी गरी भुक्तानी दिने व्यवस्था प्रभावकारी रुपमा लागु गर्नु पर्दछ ।

१९. **बक्यौता असूली :** नगरपालीकाले यो बर्ष डोजर संचालन गरी रु.११,७८,६००।०० आम्दानी गरेकोमा विभिन्न ८ व्यक्तिहरुबाट रु.२,५९,८००।०० लेखापरीक्षणको अवधि सम्म पनि राजस्व दाखिला भएको छैन। उक्त बाँकी रकम असूल गरी राजस्व दाखिला हुनुपर्दछ ।

२०. **सामाजिक सुरक्षा भत्ता वितरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ मा लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । जस अनुसार कार्यालयबाट आ.ब. २०७३।७४ मा सामाजिक सुरक्षा भत्ता वापत **रु.४,२६,४७,४००।००** वितरण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार देखिएका छन् ।

- लेखापरीक्षणका क्रममा यस आ.ब. मा विभिन्न कारण लगत कट्टा भएका लाभग्राहीको स्पष्ट विवरण र मिति खुल्ने कागजात उपलब्ध हुन सकेन ।
- हाल स्थानीय तहमा बैकिङ्ग सुविधा उपलब्ध भईसकेको अवस्थामा निर्देशिका अनुसार सम्पूर्ण वडाहरुको सामाजिक सुरक्षा भत्ता वितरणलाई बैकिङ्ग प्रणालीसँग आवद्ध गरेको छैन ।
- एक आर्थिक वर्ष भित्र संचालनमा नरहेका बैंक खाताहरुको विवरण लिई त्यस्ता लाभग्राहीका खाता बारे आवश्यक जाँचबुझ गरी भत्ता वितरणको व्यवस्था मिलाउनु पर्नेमा त्यस्ता खाता उपर जाँचबुझको कार्य गरेको देखिएन ।

उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता वितरणमा दुरुपयोग हुन सक्ने देखिएकाले लाभग्राहीको नविकरण, लगत कट्टा, वितरण प्रणाली र बैंक खाता संचालन लगायत तोकिएका अन्य कार्यहरुलाई विश्वसनीय र भरपर्दो बनाउनु पर्ने देखिन्छ ।

**२१.** **बिल भरपाई बेगरको खर्च :** गो.भौ.१५ मिति २०७४।०३।०७, कार्यालयले विपद व्यवस्थापन तालिम संचालन वापत ई. श्री दिपक तिमिल्सेनालाइ दिएको रु.२,००,०००.०० पेश्की फछ्र्यौट गर्दा आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च लेख्न स्पष्ट आधार तथा बिल भरपाईका आधारमा खर्च लेख्नु पर्ने व्यवस्था भएता पनि रु.१,८४,०००.०० मात्र विल भरपाई पेश भएकोले बाकी रु १६,०००.०० असुल गर्नुपर्दछ ।

**२२.** **मोटरसाईकल नामसारी :** आर्थिक कार्यविधि ऐन, २०५५ को दाफा १३(१) मा मूल्यवान र महत्वपूर्ण जिन्सीको भौतिक अवस्था परीक्षण गरी कार्यालयमा प्राप्त भएको जुनसुकै मालसामानको विवरण र मूल्य खुलाई आम्दानी बाध्नु पर्ने व्यवस्था छ । बान्नातोलि र बास्ती गाविसहरुले हाल सम्ममा रु.४,९१,४००.०० का २ मोटरसाइकलहरु कार्यालयको नाममा नामसारी गरेको देखिएन् । त्यसैले उक्त मोटरसाइकल कार्यालयको नाममा नामसारी गरेको प्रमाण पेश गर्नुपर्छ ।

**२३.** **स्थलगत निरीक्षण :** नगरपालिकाबाट यस आ.ब. मा संचालित विभिन्न योजनाहरुको मिति २०७४।१०।१३ मा स्थलगत निरीक्षण गर्दा डम्पिङ साइड निर्माण आ.ब. २०७२/७३ मा सम्पन्न भएको र झण्डै १ करोड भन्दा बढी खर्च भइसकेको डम्पिङ साईड हालसम्म पनि प्रयोगमा नरहेको स्थिति छ । गडबडे खेल मैदान निर्माणका लागि उपयुक्त जग्गा नरहेको अवस्थामा वनको बिच, भिर माथी, बस्ती भन्दा

टाढा, सम्भाव्ययता अध्ययन बेगर र प्रयोगमा आउने सम्भावना समेत नरहेको अवस्थामा डोजर मात्र प्रयोग गरी खेल मैदान निर्माणका लागि खर्च गरिएको छ त्यस्तै गोरुबाध्ने खेल मैदान निर्माणका लागि रु.२०,००,०००.०० नगरपालिकाका तर्फबाट उपाभेक्ता समितिलाई भुक्तानी भएकोमा खेल मैदान निर्माणका लागि उपयुक्त जग्गा नरहेको अवस्थामा वनको बिच, बस्ती भन्दा टाढा, सम्भाव्ययता अध्ययन बेगर र प्रयोगमा आउने सम्भावना समेत नरहेको अवस्थामा खेल मैदान निर्माणका लागि खर्च गरेको देखियो ।

२४. **असूल गर्नुपर्ने :** गोरुबाध्ने खेल मैदान निर्माण गर्दा Stone Solling, P.C.C. Work, Stone Machinery Works, 20 MM thick Plaster work र Hoarding Board वापत रु.७,१६,७४८.०० भुक्तानी भएकोमा स्थलगत निरीक्षणका क्रममा उक्त कार्य भएको देखिएन । त्यसैले कार्य सम्पन्न नभई भुक्तानी भएको रकम उपभोक्ता समितिका अध्यक्ष श्री भक्त बहादूर बोगटी लगायतका पदाधिकारीहरुबाट रु.७,१६,७४८.०० असूल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

२५. **कर दायित्व :** आयकर ऐन, २०५८ को दफा ८८ (५) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिलाई भूक्तानी गर्दा भ्याट बाहेकको रकममा १.५ प्रतिशतका दरले अग्रिम करकट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । साविकको बस्ती गाविस (हाल न.पा. वडा नं. १३) ले विभिन्न समयमा विल अनुसरको रकम भुक्तानी दिदाँ कट्टी गरेको कर दाखिला गरेको देखिएन् । त्यसैले उक्त कर दायित्व बापतको रकम रु.७,७४०.०० सम्बन्धित वडा सचिव श्री उष्म थापाबाट असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्छ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालीकाको लेखापरीक्षणबाट रु.६८ लाख ६८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजु फछ्र्यौट नगरेकोले रु ६८ लाख ६८ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८ लाख ९१ हजार नियमित गर्नुपर्ने रु.२९ लाख ७८ हजार प्रमाण पेश नभएको रु.४९ हजार र पेश्की रु.२९ लाख ५० हजार रहेको छ ।

# कमलबजार नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालीकाको गत वर्षको मौज्दात समेत यो वर्ष जम्मा आय रु १२ करोड २० लाख ३८ हजार आम्दानी भएकोमा रु. १० करोड ४६लाख ६२ हजार खर्च भईरु १ करोड ७३ लाख ७६ हजार रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन । नगरपालिकामा गाभिएका साविकका गा.वि.स.मा तथा वडा कार्यालयमा भएको जिन्सीको अवस्था देखिने गरी विवरण तयार नभएको साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन । जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ ।

२. **स्रेस्ता प्रमाणित** : नगरपालिकामा गाभिएका साविक गाँउ विकास समिति(गा.वि.स) को लेखासँग सम्बन्धित स्रेस्ता कागजात स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ ले तोके अनुसार जिम्मेवार पदाधिकारीले प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ । कार्यालयले लेखासँग सम्बन्धित कतिपय प्रमाण कागजातहरु सम्बन्धित पदाधिकारीबाट प्रमाणित गरेको छैन । अतः नियमानुसार प्रमाणित कागजात सहित लेखा स्रेस्ता अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

३. **सम्पत्ति लेखांकन :** नगरपालिका र साविकका गा.वि.स.को स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन सहित देखिने गरी अभिलेख अद्यावधिक गरेको देखिएन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

४. **आय विवरण र जिम्मेवारी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकहरुको व्यवस्था छ । नगरपालिका नथा यसमा गाभिएका गा.वि.स.हरुले ती शीर्षकहरुभन्दा फरक शीर्षक राखी आयव्यय लेखांकन गरेको देखिएको छ । कार्यालयको आ.व. २०७३।७४ मा रु.१,७२,४०,००३.७२ नगरपालिकाको सञ्चितकोषमा बाकी रहेको देखिन्छ । तर कुन खाताहरुबाट कति रकम जिम्मेवारी सारिएको हो सो सम्बन्धमा एकिन हुन सकेन । साथै कार्यालयले पेश गरेको आय व्यय विवरण अनुसार आय र व्यय तर्फ रु.३,५७८.५० फरक परेको छ । त्यसैले गत आ.ब. को जिम्मेवारी, विभिन्न खाताको मौज्दात र आय व्यय एकिन हुने गरी आर्थिक विवरण तयार गर्नुपर्दछ ।

५. **आन्तरिक आय** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५ (ख) मा मालपोत असुलीको २५ प्रतिशतले हुने रकम जिल्ला समन्वय समितिमा दाखिला गर्नुपर्ने व्यवस्था छ । साविकका गा.वि.स तथा वडा कार्यालयहरुले मालपोत असुली र सिफारिश दस्तुर असुलिको अभिलेख नराखेको मालपोत तथा सिफारिस दस्तुर असुलिको अवस्था र जि.स.स वा नगरपालिकामा दाखिला गर्नुपर्ने रकम यकिन हुन सकेन ।

६. **कोष संचालन :** नगरपालिकाले वडा कार्यालयहरु तथा साविकका गाँउ विकास समितिहरुले संचालन गरेका विपद् व्यवस्थापन कोष, दलित विकास कोष, बाल मैत्री स्थानीय शासन कोष जस्ता कोषहरुमा भएको कारोबार तथा वचत रकमको हिसाब आय व्यय विवरणमा समावेश गरेको छैन । जसबाट कार्यालयले पेश गरेको आय व्यय विवरणले यथार्थ चित्रण गरेको देखिएन । त्यसैले साविकका गा.वि.स. तथा वडाबाट संचालित कोषहरुको स्वामित्व लिई तिनको संचालन र व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

७. **भुक्तानी व्यवस्थापन :** नगरपालिका तथा जिल्ला समन्वय समितिबाट साविक गा.वि.स तथा वडाहरुलाई सञ्चालन तथा पूँजीगत अनुदान र सामाजिक सुरक्षा अनुदान वापत गएको निकासा रकम वडाको बैंक खातामा प्राप्त हुने वित्तिकै वडा सचिवहरुले रकम निकाली तहविल मौज्दात कायम गरी आफैसँग नगद राख्ने गरेको देखियो । यसरी राखेको नगदबाट विभिन्न उपभोक्ता समिति, लाभग्राही तथा निर्माण व्यवसायीलाई भुक्तानी गरी लेखामा प्रविष्टी गर्ने गरेको देखियो । आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यलयले बैंक मार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा खाता सञ्चालन गर्ने जिम्मेवार कर्मचारीले बैंक मार्फत कारोबार नगरी तहबील लिई सुविधाको आधारमा भुक्तानी गर्दा

नियमावलीको पालना भएको छैन । बैंक मार्फत मात्र भुक्तानी गर्ने व्यवस्था मिलाई भुक्तानी प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

८. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा नगरपालिका तथा यसमा गाभिएका गा.वि.सहरुले उपभोक्ता समितिसँग गरेको सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पालना गर्नुपर्ने देखिएको छ ।

९. **प्रशासनिक खर्च :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत वजेटको परिधिभित्र रही कर, सेवा शुल्क, दस्तुर र भाडावाट उठाएको कुल रकम मध्येबाट रु. २५ लाख सम्म आम्दानी हुने नगरपालिकाले अधिकतम ६० प्रतिशत सम्म प्रशासनिक खर्च गर्न पाउने व्यवस्था छ । यस वर्ष आन्तरीक स्रोत तर्फ रु.१०,६४,६४१.०५ को ६० प्रतिशतले हुने रु.६,३६,९८४ खर्च गर्न पाउनेमा रु.४०,५८,३३५ खर्च गरेको देखिन्छ । आन्तरीक आयवाट तोकिएको सिमाभन्दा रु. ३४,२१,३४९.०० वढी खर्च गरेको देखिएको छ । तोकिएको सिमा भन्दा बढी हुने गरी गरेको खर्च नियन्त्रण गर्नुपर्ने देखिएको छ ।

१०. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । नमूना आधारमा छनौट गर्दा कार्यालयले रु.२८,७४,४३२.०० का मेसिन औजार, फिर्निचर एण्ड फिक्चर्सहरु मालसामान पटक पटक गरी खरिद गरेको देखिएको छ । यस सम्बन्धमा नयाँ कार्यालय स्थापना गर्नुपर्ने भएकाले आवश्यकताका आधारमा खरिद गरिएको कार्यालयको प्रतिक्रिया छ । खरिद व्यवस्थापनका लागि समय पुग्ने गरी अख्तियारी र निकाशा दिनुपर्ने तथा खरिद ऐनको प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ ।

११. **नपुग बहाल कर :** नगरपालिका पुजिगततर्फ, आय कर ऐन, २०५८ को दफा ८८(५) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा १० प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । तर नगरपालिका र सोका वडा कार्यालय ५, ६ तथा कुईका गा.वि.स. कार्यालयहरुले सार्वजनिक निर्माण अन्तर्गत डोजर भाडा बापतको रकम भुक्तानी गर्दा करकट्टी गरेको देखिएन । त्यसैले डोजर भाडा बापतको बहाल कर रु. ८,३७,३०९.०० सम्बन्धित फर्मबाट असुलि गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१२. **अग्रिम आय कर :** आयकर ऐन, २०५८ मा भुक्तानीमा भ्याट आपूर्तिकतालाई सामान तथा सेवा खरिद वापत भुक्तानी गर्दा १.५ प्रतिशतले अग्रिम आय कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले वायु उर्जा समितिलाई वायु उर्जा जडान गरे बापत मु.अ. कर सहित रु.१३,५१,५०४.०० भुक्तानी गर्दा १.५ प्रतिशतले हुने अग्रिम कर रु.१७,९४०।०० कट्टी नगरेकोले उक्त रकम सम्बन्धिबाट अशुल गरी राजस्व दाखिला गर्नुपर्छ ।

१३. **मूल्य अभिवृद्धि कर बेगरको खरिदः–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ मा सार्वजनिक निकायले रु. बिस हजार रुपैयाँ भन्दा बढी मूल्य अभिबृद्धि कर लाग्ने माल सामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्थामा गाउँपालिकाको कार्यालयले मुल्य अभिवृद्धि कर दर्ता नभएको के.पि. स्टोर एण्ड सप्लायर्सलाई भुक्तानी गरेको रकम रु.२,७८,९८०.०० नियमित गर्नुपर्दछ ।

१४. **कार्य सम्पन्न प्रतिवेदन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३३ मा कार्य सम्पन्न भएको प्रतिवेदन अनुसारको भुक्तानि दिनुपर्ने व्यवस्था अनुसार कुईका गाविसको कार्यालयले भुवनेश्वरी मा.वि. खेलमैदान निर्माणको रु.४९,०००.०० भुक्तानि गर्दा कार्यसम्पन्न प्रतिवेदन संलग्न गरेको छैन । उक्त कार्य सम्पन्न भएको देखिने प्रतिवेदन पेश हुनुपर्दछ ।

१५. **डोजर खर्च तथा आम्दानीः** कार्यालयलले रु.४२,९५,०००.०० मा डोजर खरिद गरेकोमा सोको संचालन र प्रयोग गरी आय आर्जन भएको देखिएन । कार्यालयबाट संचालित योजनामा ठूलो रकम डोजर संचालन वापत भुक्तानी भएको देखिन्छ । जसबाट कार्यालयको डोजर प्रयोगमा नल्याउने तथा अन्य डोजर प्रयोग

गरी भुक्तानी गर्नु उचित देखिएन । अतः डोजर प्रयोग हुने योजनामा सम्झौताका बखत नै कार्यालयको डोजर प्रयोग गर्नुपर्ने र सो वापतको भाडा कट्टी गरी भुक्तानी दिने व्यवस्था प्रभावकारी रुपमा लागु गर्नुपर्ने देखिन्छ ।

१६. **सामाजिक सुरक्षा भत्ता वितरण :**कार्यालयबाट आ.ब. २०७३।७४ मा सामाजिक सुरक्षा भत्ता वापत रु.४,९७,७५,४४५.०० वितरण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार देखिएका छन् :

लेखापरीक्षका क्रममा यस आ.ब. मा विभिन्न कारण लगत कट्टा भएका लाभग्राहीको स्पष्ट विवरण र मिति खुल्ने कागजात उपलब्ध हुन सकेन ।

हाल स्थानीय तहमा बैकिङ्ग सुविधा उपलब्ध भईसकेको अवस्थामा निर्देशिका अनुसार सामाजिक सुरक्षा भत्ता वितरणलाई बैकिङ्ग प्रणालीसँग आवद्ध गराएको छैन ।

उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता वितरणमा दुरुपयोग हुन सक्ने देखिएकाले लाभग्राहीको नविकरण, लगत कट्टा र वितरण प्रणालीलाई विश्वसनीय र भरपर्दो बनाउनु पर्ने देखिन्छ ।

१७. **बिल भरपाई :** आर्थिक कार्याविधि नियमावलि, २०६४ को नियम ३६(३) मा खर्च लेख्न स्पष्ट आधार तथा बिल भरपाईका आधारमा खर्च लेख्नु पर्ने व्यवस्था गरेको छ । विरपथ गाविस (हाल न.पा. वडा नं ६ ) कार्यालयले लोक बहादुर शाहीले विविध खर्च भनि माग गरेकोमा वडा अध्यक्ष श्री राम बहादुर शाहले नगदै रु.२,५५,०००.०० बुझिलिएकोमा उक्त रकम के प्रयोजनको लागी खर्च गरीयो भन्ने स्पष्ट आधार खुलेको छैन् । त्यसैले प्रमाण कागजात पेश नभएको उक्त रकम अशुल फछ्र्यौट गर्नुपर्छ ।

**बेरुजू स्थिति**

यो वर्ष नगरपालीकाको लेखापरीक्षणबाट रु .१४ लाख ७२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.११ लाख १२ हजार , नियमित गर्नुपर्ने रु.३ लाख २६ हजार रहेको छ ।

# साँफेबगर नगरपालिका

## लेखापरीक्षणको प्रतिवेदन

नगरपालीकाको गत वर्षको मौज्दात रु १७ लाख ८२ हजार र यो वर्ष आय समेत रु..२२ करोड ३ लाख १३ हजार आम्दानी भएकोमा रु.१९करोड ८८लाख २७ . हजार खर्च भई रु..२करोड १४लाख ८६.हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आय विवरण र जिम्मेवारी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकहरुको व्यवस्था छ । नगरपालिका नथा यसमा गाभिएका गाउँ विकास समिति
(गा.वि.स.) हरुले ती शीर्षकहरुभन्दा फरक शीर्षक राखी आयव्यय लेखांकन गरेको देखिएको छ । नियमावलीले निर्देशित गरे अनुसार आयव्यय विवरण तयार गर्नुपर्ने देखिएको छ । कार्यालयको आ.व. २०७३।७४ मा रु.१,७३,८२,७३३.७५ नगरपालिकाको सञ्चितकोषमा बाँकी रहेको देखिन्छ । तर कुन खाताहरुबाट कति रकम जिम्मेवारी सारिएको हो सो सम्बन्धमा एकिन हुन सकेन । त्यसैले गत आ.ब. को जिम्मेवारी, विभिन्न खाताको मौज्दात र आय व्यय एकिन हुने गरी आर्थिक विवरण तयार गर्नुपर्दछ ।

२. **स्रेस्ता प्रमाणित :** नगरपालिका तथा यसमा गाभिएका साविक गाँउ विकास समितिको लेखासँग सम्बन्धित स्रेस्ता कागजात स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ ले तोके अनुसार जिम्मेवार पदाधिकारीले प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले लेखा तथा खरिदसँग सम्बन्धित कतिपय माग फारम, खारिद आदेश लगायतका प्रमाण कागजातहरु सम्बन्धित पदाधिकारीबाट प्रमाणित नगरी राखेको छ । त्यसैले तोकि बमोजिम प्रमाणित कागजात राखी लेखा स्रेस्ता अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

३. **जिन्सी सामानको स्वामित्व :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बुदाँ नं. ७९ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुदाँ सो भित्र समाहित भएका साविकका गाँउ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको कुनै चल, अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएको गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने र सोको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ ।

यस नगरपालिकामा साविकका खप्तड, पातालकोट, बुढाकोट, बाब्ला, घुघुरकोट र देविस्थान गाँउ विकास समितिहरु समाहित भएकोमा तिनमा रहेको चल, अचल, जिन्सी सामानको अभिलेख राखी तोकिए बमोजिम प्रतिवेदन तयारी गरेको पाईएन ।

४. **आन्तरिक आय :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५ (ख) मा मालपोत असुलीको २५ प्रतिशतले हुने रकम नगरपालिका वा जिल्ला समन्वयय समिति (जि.स.स.) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा गाभिएका साविकका गा.वि.स तथा वडा कार्यालयहरुले मालपोत असुली र सिफारिश दस्तुर असुलीको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राखेको पाईएन । त्यसैले मालपोत तथा सिफारिस दस्तुर असुलीको अवस्था र जिल्ला समन्वय समिति दाखिला गर्नुपर्ने रकम यकिन हुन सकेन । अतः आन्तरिक आम्दानी तथा स्रोतको परिचालन व्यवस्थित गरी आय प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

५. **कोष संचालन :** नगरपालिकाले वडा कार्यालयहरु तथा साविकका गाँउ विकास समितिहरुले संचालन गरेका विपद् व्यवस्थापन कोष, दलित विकास कोष, बाल मैत्री स्थानीय शासन कोष जस्ता कोषहरुमा भएको कारोबार तथा वचत रकमको हिसाब आय व्यय विवरणमा समावेश गरेको छैन । जसबाट कार्यालयले पेश गरेको आय व्यय विवरणले यथार्थ चित्रण गरेको देखिएन । त्यसैले साविकका गा.वि.स. तथा वडाबाट संचालित कोषहरुको स्वामित्व लिई तिनको संचालन र व्यवस्थापनमा ध्यान दिनु पर्दछ ।

६. **उपभोक्ता समितिसँगको कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा नगरपालिका तथा यसमा गाभिएका गा.वि.स.हरुले उपभोक्ता समितिसँग गरेको सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पालना गर्नुपर्ने देखिएको छ ।

७. **उपभोक्ता समितिको योगदान बेगरको सम्झौता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१क) मा उपभोक्ता समितिबाट गराउने सार्वजनिक निर्माणको कार्यमा जन-सहभागिताको अंश समेत समावेश गनुपर्ने व्यवस्था रहेको छ । तर कार्यालयबाट सञ्चालित कतिपय योजनाहरुमा उपभोक्ता समितिको अंश शुन्य देखि २.७० प्रतिशतसम्म मात्र देखिएकोले अत्यन्त न्यून देखिएको छ । त्यसैले कार्यालयले उपभोक्ता समुह मार्फत् कार्य गर्दा नियमानुसार जन सहभागिताको अंश राखि सम्झौता गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

८. **खरिद कार्यमा प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ मा खरिद कारबाही प्रतिपर्धी र मितव्ययी बनाउन विभिन्न व्यवस्थाहरु गरेको छ । कार्यालयले यो वर्ष ठेक्का व्यवस्थापन गर्दा लागत अनुमान रु ७९३८३२७.६८ ठेक्कामा सम्झौता अंक रु. ७८९९३६१.६८ मात्र भएकोमा लागत अनुमनको ०.४९ प्रतिशतमात्र घटि देखिएकोले प्रतिस्पर्धाको स्तर अत्यन्तै न्युन देखिएको छ । अतः खरिद कारबाहीलाई प्रतिस्पर्धात्मक बनाउन ध्यान दिनु पर्दछ ।

९. **संचित कोष दाखिला :** स्थानीय तहको शासन सञ्चालन आदेश, २०७३ को बुदाँ नं. २९ तथा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्रमा भएको निर्देशन अनुसार आर्थिक बर्षको अन्तमा वडा कार्यालयको खातामा रहेको बाँकी रकम गाँउपालिकाको संचित कोष खातामा जम्मा गर्ने व्यवस्था छ ।

नगरपालिका चालु, नगरपालिका पुँजिगत तथा साविकका ९ र १४ वडा कार्यालयहरुको खातामा रहको मौज्दात रु.४१,०५,६५५ नगरपालिकाको सञ्चित कोष खातामा दाखिला गर्नुपर्ने देखिएको छ ।

१०. **प्रशासनिक खर्च :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत वजेटको परिधिभित्र रही कर, सेवा शुल्क, दस्तुर र भाडावाट उठाएको कुल रकम २५ देखि ५० लाख सम्मको आम्दानी हुने कार्यालयहरुले आम्दानीको अधिकतम ४० प्रतिशत सम्म प्रशासनिक खर्च गर्न पाउने व्यवस्था छ । नगरपालिकाले यस वर्ष रु.३८,८१,२१७.०० आन्तरीक आय गरेकोमा सोको ६० प्रतिशतले हुने रु.१५,५२,४८६.८० खर्च गर्न पाउनेमा रु.१८,१९,३०९.००. खर्च छ । जुन आन्तरिक आयको ४६.८७ प्रतिशत हुन आउँछ । त्यसैले तोकिए बमोजिम आन्तरिक आयबाट खर्च गर्ने व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

११. **तलब :** निजामति सेवा नियमावली, २०५० को नियम ४७ मा कायम मुकायम वा निमित्त भई काम गरेको तलब भत्ता पाउने व्यवस्था छ । नगरपालिकाको निमित्त कार्यकारी अधिकृत श्री बिष्णु प्रसाद न्यौपानेले निमित्त भत्ता बपतको रकम भुक्तानी लिदाँ बढी भुक्तानी लिएको रु.७,८०१.०० असुल गरी राजस्व दाखिला गनुपर्छ ।

१२. **स्थानीय भत्ता :** निजामती सेवा नियमावली, २०५० को नियम ९३ मा स्थानीय भत्ता पाउने स्थानमा बसी कार्य गरेमा मात्र स्थानीय भत्ता पाउने व्यवस्था छ । कार्यालयका २ कर्मचारीहले लगातार एक महिना भन्दा बढी विदामा रहेको तथा कार्यालयमा अनुपस्थित रहेको अवस्थामा बुझेको स्थानीय भत्ता रु.२०,३५०.०० असुल गरी राजश्व दाखिला गर्नुपर्छ ।

१३. **सरुवा भ्रमण भत्ता :-** गो.भौ.नं ४ मिति २०७४।०१।२१, भ्रमण खर्च नियमावली, २०६४ को नियम ९ र १० (३घ) सरुवा भ्रमण भत्ता सम्बन्धि व्यवस्था रहेको छ । तर शाखा अधिकृत श्री विष्णु प्रसाद न्यौपाने जिल्ला प्रशासन कार्यालय, जुम्लाबाट सरुवा भई आउँदा सरुवा भ्रमण खर्च वापत बढी भुक्तानी लिएको रु.१४,७२०.०० असुल गर्नुपर्दछ ।

१४. **खरिद व्यवस्थापन :** संघिय संरचना तथा पूर्वाधार विकास कार्यक्रम, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । नमूनाका आधारमा छनौट गर्दा कार्यालयले **रु.२१,७६,२३१** का फर्निचर एण्ड फिक्चर्स र मेसिनरी औजार पटक पटक गरी खरिद गरेको देखिएको छ । त्यसैले तोकिए बमोजिम खरिद कारबाही संचालनमा ध्यान दिनुपर्छ ।

१५. **जमानतको म्याद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९२ मा पेश्की दिदा जमानत लिनु पर्ने व्यवस्था छ । कार्यालयले जिमराडीधम सडकको स्तरोन्नतीका लागि श्री स्वाँर कन्स्ट्रक्सन प्रा.लि. लाई दिएको फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकम रु.१०,००,०००.०० को बैंक जमानतको म्याद समाप्त भएकाले सोको म्याद थपको प्रमाण पेश गनुपर्दछ ।

१६. **नपुग बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८(५) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा १० प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । तर कार्यालयले ८ उपभोक्ता समितिवाट सार्वजनिक निर्माण अन्तर्गत डोजर भाडा वापतको रकम भुक्तानी गर्दा करकट्टी गरेको

देखिएन । त्यसैले डोजर भाडा बापतको वहाल कर रु.४,१७,०६५.०८ सम्बन्धित फर्म/उपभोक्ता समितिबाट असूल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१७. **पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । श्री स्वाँर कन्स्ट्रक्सन प्रा.लि., रिडिकोटको नाममा रहेको रु.१०,००,०००.०० पेश्की भएको छैन् । सो पेश्की रकम अशुल फछ्र्यौट हुनुपर्दछ ।

१८. **मू.अ.कर असुल** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिका कार्यालयका मुना निर्माण सेवावाट सामान खारिद तथा निर्माण कार्य बापत भुक्तानी दिएकोमा सप्लायर्सले जारी गरेको मु.अ.कर बिजक नं बिना भुक्तानी भएको मु.अ.कर रकम **रु. १५,५९८** असुल गरी राजस्व दाखिला गर्नुपर्छ ।

१९. **डोर हाजिरी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ विल भरपाईका आधारमा रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले गौरी धिमाल खेल मैदान निर्माण बापतको रकम साफेबगर नगरपालिकाका वडा नं. १४ का वडा अध्यक्ष श्री कर्ण बहादुर सावदबाट खेल मैदान निर्माण कार्य भएको भनी सिफरिसको आधारमा डोर हाजिर बापत ७५ कामदारहरुलाई रु.१२,४४,०५०.०० भुक्तानी दिएको कागजात पेश गरेको छ । उक्त रकम बुझिलिनेको हस्ताक्षर एकै प्रकृतिको रहेको तथा उक्त कार्य र रकम भुक्तानी सम्बन्धमा विश्वासनीय कागजात समेत पेश हुन नआएकाले यस सम्बन्धमा छानबिन हुनुपर्दछ ।

२०. **मू.अ.कर समायोजन :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार मू.अ. कर बिजक तोकिएको ढाँचामा जारी हुनुपर्ने व्यवस्था छ । तर कार्यालयले श्री स्वाँर कन्स्ट्रक्सन प्रा.लि.लाई भुक्तानी दिंदा विजक नं. स्पष्ट नभएको देखिएकाले भुक्तानी भएको मूल्य अभिवृद्धि कर रकम रु. २,२९,००५.९६ को मू.अ.कर समायोजनको प्रमाण पेश हुनुपर्दछ ।

२१. **मूल्य अभिवृद्धि कर बेगरको खरिद:–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ मा सार्वजनिक निकायले रु. बिस हजार रुपैयाँ भन्दा बढी मूल्य अभिवृद्धि कर लाग्ने माल सामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेकाले गाउँपालिकाको कार्यालयले मुल्य अभिवृद्धि कर दर्ता नभएको २ आपूर्तीकर्तालाई भुक्तानी गरेको रकम रु.३,५७,८२५.०० नियमित गर्नुपर्दछ ।

२२. **कार्य सम्पन्न प्रतिवेदन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३३ मा कार्य सम्पन्न भएको प्रतिवेदन अनुसारको भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले २ निर्माणको रकम भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदन संलग्न गरेको छैन् । उक्त कार्य सम्पन्न भएको देखिने रु.१२,६०,०००.०० को प्रमाण पेश गर्नुपर्दछ ।

२३. **जन-सहभागिता :** ब.उ.शि.नं. ३६५८०३३, गो.भौ.५ मिति २०७४।०१।२६, समताडा देखि दहपाटासम्म सडक निर्माणको कार्यको लागी रु.७,३२,७३१.०० को लागत अनुमान तयार भएको तथा सो कार्यमा १५ प्रतिशत जन सहभागिताको हिस्सा रहने गरी सम्झौता गरीएको छ । जन-सहभागिताको अंश समावेश नगरी जम्मा रु.५,३२,७३१.०० कार्य भएकोमा सम्पूर्ण रकम नगरपलिकाबाट भुक्तानी भएको छ । त्यसैले सम्झौता अनुसार जन-सहभागिता वापतको १५ प्रतिशतले हुन आउने रकम रु.७९,९०९.०० दहपाटा सडक निर्माण उपभोक्ता समितिबाट असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

२४. **डोजर संचालन :** कार्यालयले आफ्नो स्रोत साधनको अधिकतम् उपयोग र लाभ हुने गरी संचालन गर्नुपर्दछ । हाल कार्यालयलमा १ वटा डोजर संचालन रहेकोमा सोबाट उचित लाभ प्राप्त नगरेको तथा नगरपालिकाबाट संचालित योजनाहरुमा डोजर वापतको रकम अन्य निर्माण व्यावसायी तथा उपभोक्ता समितिहरुलाई भुक्तानी गर्ने गरेको छ । यसरी आफ्नो डोजर प्रयोगमा नल्याई डोजर वापत भुक्तानी गर्नु उचित देखिएन । त्यसैले डोजर प्रयोग हुने योजनामा सम्झौताका बखत नै कार्यालयको डोजर प्रयोग गर्नुपर्ने र सो वापतको भाडा कट्टी गरी भुक्तानी दिने व्यवस्था प्रभावकारी रुपमा लागु गर्नु पर्दछ ।

२५. **सामाजिक सुरक्षा भत्ता :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ मा लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । जस अनुसार कार्यालयबाट आ.ब. २०७३।७४ मा सामाजिक सुरक्षा भत्ता वापत रु.४,२१,२५,२००.०० वितरण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार देखिएका छन् ।

- लेखापरीक्षणका क्रममा यस आ.ब. मा विभिन्न कारण लगत कट्टा भएका लाभग्राहीको स्पष्ट विवरण र मिति खुल्ने कागजात उपलब्ध हुन सकेन ।
- हाल स्थानीय तहमा बैकिङ्ग सुविधा उपलब्ध भईसकेको अवस्थामा निर्देशिका अनुसार सम्पूर्ण वडाहरुको सामाजिक सुरक्षा भत्ता वितरणलाई बैकिङ्ग प्रणालीसँग आवद्ध गरेको छैन ।
- एक आर्थिक वर्ष भित्र संचालनमा नरहेका बैंक खाताहरुको विवरण लिई त्यस्ता लाभग्राहीका खाता बारे आवश्यक जाँचबुझ गरी भत्ता वितरणको व्यवस्था मिलाउनु पर्नेमा त्यस्ता खाता उपर जाँचबुझको कार्य गरेको देखिएन ।

उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता वितरणमा दुरुपयोग हुन सक्ने देखिएकाले लाभग्राहीको नविकरण, लगत कट्टा, वितरण प्रणाली र बैंक खाता संचालन लगायत तोकिएका अन्य कार्यहरुलाई विश्वसनीय र भरपर्दो बनाउनु पर्ने देखिन्छ ।

२६. **मोटरसाईकल नामसारी :** आर्थिक कार्यविधि ऐन, २०५५ को दाफा १३(१) मा मूल्यवान र महत्वपूर्ण जिन्सीको भौतिक अवस्था परीक्षण गरी कार्यालयमा प्राप्त भएको मालसामानको विवरण र मूल्य खुलाई आम्दानी बाध्नु पर्ने व्यवस्था छ । तर तपसिल बमोजिम साविकका देविस्थान गाविसले रु.२,५०,०००.०० मोटरसाइकल खरिद गरेकोमा कार्यालयको नाममा नामसारी गरेको देखिएन् । त्यसैले उक्त मोटरसाइकल कार्यालयको नाममा नामसारी गरेको प्रमाण पेश गर्नुपर्छ ।

२७. **बढी भुक्तानी रकम असूल :** नगरपालिकाले प्रभा धम्कोट माध्यमिक विद्यालयको फर्निचर खरिद बापत रु.२,००,०००.०० भुक्तानी गरेकोमा निरीक्षणका क्रममा रु.१,४८,०००.०० को मात्र फर्निचर खरिद गरेको देखिएकाले भएको देखियो । फर्निचर खरिद नभई बढी भुक्तानी भएको कर बाहेकको रकम रु.४९,०००।०० असूल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

२८. **नभएको काम वापत भुक्तानी भएको रकम असूल गर्नुपर्ने :** नगरपालिकाले विद्यालयको घेरा पर्खाल निर्माण वापत कार्य सम्पन्न प्रतिवेदनको आधारमा रु.७,३२,५४४.०० भुक्तानी गरेकोमा स्थलगत निरीक्षणका क्रममा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भए अनुसार कार्य भएको देखिएन । त्यसैले घेरा पर्खाल निर्माण वापत भुक्तानी भएको रु.७,३२,५४४.०० मध्ये वास्तविक भएका कार्यको पून: प्राविधिक जाँच गरी बढी भुक्तानी भएको रकम गलत कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने अ.स.ई. श्री नरेन्द्र बहादुर तिरुवा र उपभोक्ता समितिका अध्यक्ष श्री रंग बहादूर ठकुल्ला लगायतका पदाधिकारीहरुबाट असूल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

२९. **आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ (३)मा कार्यालयले आन्तरिक लेखापारीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडी असुल फछ्र्यौट गर्नुपर्छ । तर कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औलाईएका विभिन्न दफाको रु.१,२३,०६९.०० व्यहोराहरु उपर असूल फछ्र्यौट नगरेकोले नियमानुसार कारबाही गर्नुपर्दछ ।

**आन्तरिक आय तर्फ**

३०. **बहाल कर :**आय कर ऐन, २०५८ को दफा ८८(५) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा १० प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । तर कार्यालयले सेवाग्रहीलाई डोजर भाडामा दिई रु.२४,६३,७५०.०० आम्दानी गरेकोमा सो आम्दानीबाट बहाल कर कट्टी भएको छैन् । त्यसैले डोजर भाडा वापत भएको आम्दानी रु.२४,६३,७५०.०० को १० प्रतिशतले हुन आउने बहाल कर रु.२,४६,३७५.०० संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष नगरपालीकाको लेखापरीक्षणबाट रु. १ करोड २४ लाख ६८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजु फछ्र्यौट नगरेकोले रु १ करोड २४ लाख ६८ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ८ लाख २९ हजार , नियमित गर्नुपर्ने रु. १ करोड ०६ लाख ३९ हजार र पेश्की रु१० लाख रहेको छ ।

# पञ्चदेवल विनायक नगरपालिका

## लेखापरीक्षणको प्रतिवेदन

नगरपालीकाको गत वर्षको मौज्दात समेत यो वर्ष जम्मा आय रु१०करोड ९७ लाख ३५हजार आम्दानी भएकोमा रु. १० करोड ४६लाख ६२ हजार खर्च भई ५० लाख ७३ हजार रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन। साविकका गाउँ विकास समितिमा भएको जिन्सीको अवस्था देखिने गरी विवरण तयार नभएको साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन। जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ।

२. **स्रेस्ता प्रमाणित :** साविक गाँउ विकास समितिको लेखासँग सम्बन्धित स्रेस्ता कागजात स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ ले तोके अनुसार जिम्मेवार पदाधिकारीले प्रमाणित गरी राख्नु पर्ने व्यवस्था भएता पनि लेखासँग सम्बन्धित कतिपय प्रमाण कागजातहरु सम्बन्धित पदाधिकारीबाट प्रमाणित गरेको पाइएन। अत: नियममा व्यवस्था भए बमोजिम प्रमाणित कागजात राखी लेखा स्रेस्ता अद्यावधिक गर्नुपर्ने देखिन्छ।

३. **सम्पत्ति लेखांकन :** नगरपालिका र साविकका गा.वि.स.को स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन सहित देखिने गरी अभिलेख अद्यावधिक गरेको देखिएन। कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ।

४. **आय विवरण र जिम्मेवारी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकहरुको व्यवस्था छ। गा.वि.स.हरुले ती शीर्षकहरुभन्दा फरक शीर्षक राखी आयव्यय लेखांकन गरेको देखिएको छ । नेपाल सरकारको मिति २०७३।११।२६ को निर्णय बमोजिम संघिय संरचना अनुसार स्थापित नगरपालिकाको कार्यालयले मिति २०७२।०४।०१ देखि २०७३।०३।३१ सम्मको जिम्मेवारी सार्नुपर्ने व्यवस्था गरेको छ। त्यसैले जिम्मेवारी सारेको मौज्दातको रकम एकिन गरी आर्थिक विवरणमा समावेश गर्नुपर्ने देखिएको छ।

५. **आन्तरिक आय :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५ (ख) मा मालपोत असुलीको २५ प्रतिशतले हुने रकम जिल्ला विकास समितिको कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। साविकका गा.वि.स तथा वडा कार्यालयहरुले मालपोत असुली र सिफारिश दस्तुर असुलिको अभिलेख नराखेकाले मालपोत तथा सिफारिस दस्तुर असुलिको अवस्था र जिल्ला विकास कोषमा दाखिला गर्नुपर्ने रकम यकिन हुन सकेन। तसर्थ आन्तरिक आम्दानी तथा स्रोतको परिचालन व्यवस्थित गरी आय प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ।

६. **कोष संचालन :** नगरपालिकाले साविकका गाँउ विकास समितिहरुले संचालन गरेका विपद् व्यवस्थापन कोष, दलित विकास कोष, बाल मैत्री स्थानीय शासन कोष जस्ता कोषहरुमा भएको कारोबार तथा वचत रकमको हिसाब आय व्यय विवरणमा समावेश गरेको छैन। जसबाट कार्यालयले पेश गरेको आय व्यय विवरणले यथार्थ चित्रण गरेको देखिएन। त्यसैले साविकका गा.वि.स. बाट संचालित कोषहरुको स्वामित्व लिई तिनको संचालन र व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ।

७. **भुक्तानी व्यवस्थापन :** जिल्ला समन्वय समिति तथा नगरपालिकाबाट साविक गा.वि.स तथा वडाहरुलाई सञ्चालन तथा पूँजीगत अनुदान र सामाजिक सुरक्षा अनुदान वापत गएको निकासा रकम वडाको बैंक खातामा प्राप्त हुने वित्तिकै वडा सचिवहरुले रकम निकाली तहविल मौज्दात कायम गरी आफैसँग नगद राख्ने गरेको देखियो। यसरी राखेको नगदबाट विभिन्न उपभोक्ता समिति, लाभग्राही तथा निर्माण व्यवसायीलाई भुक्तानी गरी लेखामा प्रविष्टी गर्ने गरेको देखियो। आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यलयले बैंक मार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा खाता सञ्चालन गर्ने जिम्मेवार कर्मचारीले बैंक मार्फत कारोबार नगरी तहबील लिई सुविधाको आधारमा भुक्तानी गर्दा नियमावलीको पालना भएको छैन। बैंक मार्फत मात्र भुक्तानी गर्ने व्यवस्था मिलाई भुक्तानी प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ।

८. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गा.वि.सहरुले उपभोक्ता समितिसँग गरेको सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन। साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन। उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पालना गर्नुपर्ने देखिएको छ।

९. **राजश्व दाखिला :** गो.भौ. १६ मिति २०७४।०३।२५, पञ्चदेवल विनायक नगरपालिका वडा नं. ८ (साविक बारला गाविस) ले सामाजिक सुरक्षा भत्ता वितरण गरी बाँकी रहेको रकम रु. २३,१७२।१५ नगरपालिकाको संचित कोषमा दाखिला गरेको छ। उक्त रकम संघिय संचित कोषमा दाखिला हुनुपर्दछ।

१०. **संचित कोष:** स्थानीय तहको शासन सञ्चालन आदेश, २०७३ को बुदाँ नं. २९ तथा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्रमा भएको निर्देशन अनुसार आर्थिक बर्षको अन्तमा वडा कार्यालयको खातामा रहेको बाँकी रकम नगरपालिकाको संचित कोष खातामा जम्मा गर्ने व्यवस्था छ। साविकको लयाँटी गाविस (हाल न.पा. वडा न. ५)का वडा सचिव श्री राम बहादुर भण्डारीसँग रहेको तहबिल मौन्दात रु.२,०९९.०० नगरपालिकाको सञ्चित कोष खातामा दाखिला गर्नुपर्ने देखिएको छ।

११. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ। नमूनाका आधारमा छनौट गर्दा कार्यालयले मेसिन औजार, निर्माण, फिर्निचर एण्ड फिक्चर्स मा रु.२१,१३,८४४.६० का सामान पटक पटक गरी खरिद गरेको देखिएको छ। यस सम्बन्धमा नयाँ कार्यालय स्थापना गर्नुपर्ने भएकाले आवश्यकताका आधारमा खरिद गरिएको कार्यालयको प्रतिक्रिया छ। खरिद व्यवस्थापनका लागि समय पुग्ने गरी अख्तियारी र निकाशा दिनुपर्ने तथा खरिद ऐनको प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ।

१२. **नपुग बहाल कर :** आय कर ऐन, २०५८ को दफा ८८(५) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा १० प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। बारला, पुललेता र तोली गा.वि.स.को कार्यालयहरुले सार्वजनिक निर्माण अन्तर्गत डोजर भाडा बापतको रकम भुक्तानी गर्दा करकट्टी नगरेकोले डोजर भाडा बापतको बहाल कर क्रमश रु. २०८२५०.००, १५६००९.००, ६३३००.०० समेत रु.४,२७,५५९.०० सम्बन्धित फर्मबाट असुलि गरी राजस्व दाखिला गर्नुपर्दछ।

१३. **मूल्य अभिवृद्धि कर बेगरको खरिद** :– नगरपालिका चालु खर्चतर्फ गो.भौ. ४४ मिति २०७४।०३।२५, सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ मा सार्वजनिक निकायले रु. बिस हजार रुपैयाँ भन्दा बढी मूल्य अभिबृद्धि कर लाग्ने माल सामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्नेमा कार्यालयले मुल्य अभिवृद्धि कर दर्ता नभएको आपूर्तीकर्ता के.पि. स्टोर एण्ड सप्लायर्सलाई भुक्तानी गरेको रकम रु.२,३८,९२५.०० नियमित गर्नुपर्दछ।

१४. **कार्य सम्पन्न प्रतिवेदन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३३ मा कार्य सम्पन्न भएको प्रतिवेदन अनुसारको भुक्तानी दिनुपर्ने व्यवस्था छ। कार्यालयले बारला गा.वि.स. को खैराना भेलताडी झुलुङ्गे पुल निर्माणको रु. २,४२,६४०.०० भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदन संलग्न नगरेकाले कार्य सम्पन्न प्रमाण पेश गर्नुपर्दछ।

१५. **पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। विनायक गाउँविकास समितिको ४ व्यक्ति तथा संस्थाको नाममा रहेको रु.३३००००, लाँयटी गाउँविकास समिति को ४ व्यक्ति तथा संस्थाको नाममा रहेको रु.५६८०००, समेत रु.८,९८,०००.०० पेश्की फछ्र्यौट गरेको पाइएन। सो पेश्की रकम नियमाननुसार अशुल फछ्र्यौट हुनुपर्दछ।

१६. **बिल भरपाई बेगरको खर्च :** आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च लेख्न स्पष्ट आधार तथा बिल भरपाईका आधारमा खर्च लेख्नु पर्ने व्यवस्था गरेको छ। तर नगरपालिकाको ५ नं. वडा कार्यालयले २ संस्थाहरुलाई भुक्तानी दिएको रु. २,७९,०००.०० को प्रयोजन खुलेको छैन्। त्यसैले उक्त खर्च भएको रकम खर्च गर्नुपर्ने प्रमाण कागजात पेश नभएको रकम अशुल फछ्र्यौट गर्नुपर्छ।

१७. **राजश्व दाखिला :** आयकर ऐन, २०५८ को दफा ८८ (५) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिलाई भूक्तानी गर्दा भ्याट बाहेकको रकममा १.५ प्रतिशतका दरले अग्रिम करकट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। विभिन्न फर्महरुलाई भुक्तानी दिदा अग्रिम आयकरदाखिला नगरेको रु.१६,०५४.०० सम्बन्धित फर्मबाट असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्छ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालीकाको लेखापरीक्षणबाट रु. २१ लाख २५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजु फछ्र्यौट नगरेकोले .रु. २१ लाख २५ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु७ लाख २४ हजार नियमित गर्नुपर्ने, प्रमाण पेश गर्नुपर्ने रु.५ लाख ३ हजार र पेश्की रु ८ लाख ९८ हजार रहेको छ।

# चौरपाटी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालीकाको गत वर्षको मौज्दात समेत यो वर्ष जम्मा आय रु १०करोड८१लाख ६३ हजार आम्दानी भएकोमा रु. १० करोड १३ लाख १७. हजार खर्च भई रु.६८ लाख ४६हजार रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन । साविकका गाउँ विकास समितिमा भएको जिन्सीको अवस्था देखिने गरी विवरण तयार नभएको साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन । जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ ।

२. **स्रेस्ता प्रमाणित :** साविक गाँउ विकास समितिको लेखासँग सम्बन्धित स्रेस्ता कागजात स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ ले तोके अनुसार जिम्मेवार पदाधिकारीले प्रमाणित गरी राख्नु पर्ने व्यवस्था भएतापनि कतिपय प्रमाण कागजातहरु सम्बन्धित पदाधिकारीबाट प्रमाणित गरेको पाईएन । अतः नियमानुसार प्रमाणित कागजात सहितको स्रेस्ता अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

३. **सम्पत्ति लेखांकन :** गाउँपालिका र साविकका गा.वि.स.को स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन सहित देखिने गरी अभिलेख अद्यावधिक गरेको देखिएन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

४. **आय विवरण र जिम्मेवारी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकहरुको व्यवस्था छ । गा.वि.स.हरुले ती शीर्षकहरुभन्दा फरक शीर्षक राखी आयव्यय लेखांकन गरेको देखिएको छ । नियमावलीले निर्देशित गरे अनुसार आयव्यय विवरण तयार गर्नुपर्ने देखिएको छ ।

नेपाल सरकारको मिति २०७३।११।२६ को निर्णय बमोजिम संघिय संरचना अनुसार स्थापित गाँउपालिकाको कार्यालयले मिति २०७२।०४।०१ देखि २०७३।०३।३१ सम्मको जिम्मेवारी सार्नुपर्ने व्यवस्था गरेको छ । त्यसैले जिम्मेवारी सारेको मौज्दातको रकम एकिन गरी आर्थिक विवरणमा समावेश गर्नुपर्ने देखिएको छ ।

५. **आन्तरिक आय :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५ (ख) मा मालपोत असुलीको २५ प्रतिशतले हुने रकम जिल्ला विकास समितिको काषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । साविकका गा.वि.स तथा वडा कार्यालयहरुले मालपोत असुली र सिफारिश दस्तुर असुलिको अभिलेख नराखेकाले मालपोत तथा सिफारिस दस्तुर असुलिको अवस्था र जि.वि.स दाखिला गर्नुपर्ने रकम यकिन हुन सकेन । तसर्थ आन्तरिक आम्दानी तथा स्रोतको परिचालन व्यवस्थित गरी आय प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

६. **कोष संचालन :** गाँउपालिकाले साविकका गाँउ विकास समितिहरुले संचालन गरेका विपद् व्यवस्थापन कोष, दलित विकास कोष, बाल मैत्री स्थानीय शासन कोष जस्ता कोषहरुमा भएको कारोबार तथा वचत रकमको हिसाब आय व्यय विवरणमा समावेश गरेको छैन । जसबाट कार्यालयले पेश गरेको आय व्यय विवरणले यथार्थ चित्रण गरेको देखिएन । त्यसैले साविकका गा.वि.स. बाट संचालित कोषहरुको स्वामित्व लिई तिनको संचालन र व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

७. **भुक्तानी व्यवस्थापन :** जिल्ला समन्वय समिति तथा गाउँपालिकाबाट साविक गा.वि.स तथा वडाहरुलाई सञ्चालन तथा पूँजीगत अनुदान र सामाजिक सुरक्षा अनुदान वापत गएको निकासा रकम वडाको बैंक खातामा प्राप्त हुने वित्तिकै वडा सचिवहरुले रकम निकाली तहविल मौज्दात कायम गरी आफैसँग नगद राख्ने गरेको देखियो । यसरी राखेको नगदबाट विभिन्न उपभोक्ता समिति, लाभग्राही तथा निर्माण व्यवसायीलाई भुक्तानी गरी लेखामा प्रविष्टी गर्ने गरेको देखियो । आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यलयले बैंक मार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा खाता सञ्चालन गर्ने जिम्मेवार कर्मचारीले बैंक मार्फत कारोबार नगरी तहबील लिई सुविधाको आधारमा भुक्तानी गर्दा नियमावलीको पालना भएको छैन । बैंक मार्फत मात्र भुक्तानी गर्ने व्यवस्था मिलाई भुक्तानी प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

८. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गा.वि.सहरुले उपभोक्ता समितिसँग गरेको सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन। साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन। उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पालना गर्नुपर्ने देखिएको छ।

९. **संचित कोषः** स्थानीय तहको शासन सञ्चालन आदेश, २०७३ को बुदाँ नं. २९ तथा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्रमा भएको निर्देशन अनुसार आर्थिक बर्षको अन्तमा वडा कार्यालयको खातामा रहेको बाँकी रकम गाँउपालिकाको संचित कोष खातामा जम्मा गर्ने व्यवस्था छ । साविकका १,२,३,४ वडा कार्यालयहरुको खातामा रहको मौज्दात रु.४४३१३६.२४ गाउपालिकाको सञ्चित कोष खातामा दाखिला गर्नुपर्ने देखिएको छ।

१०. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । नमूनाका आधारमा छनौट गर्दा कार्यालयले रु. १७५३५३७.०० का मेसिन औजार तथा फिर्निचर एण्ड फिक्चर्सहरु पटक पटक गरी खरिद गरेको देखिएको छ। यस सम्बन्धमा नयाँ कार्यालय स्थापना गर्नुपर्ने भएकाले आवश्यकताका आधारमा खरिद गरिएको कार्यालयको प्रतिक्रिया छ। खरिद व्यवस्थापनका लागि समय पुग्ने गरी अख्तियारी र निकाशा दिनुपर्ने तथा खरिद ऐनको प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ।

११. **मूल्य अभिवृद्धि कर बेगरको खरिदः–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ मा सार्वजनिक निकायले रु. बिस हजार रुपैयाँ भन्दा बढी मूल्य अभिबृद्धि कर लाग्ने माल सामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्थामा गाउँपालिकाको कार्यालयले मुल्य अभिवृद्धि कर दर्ता नभएको के.पि. स्टोर एण्ड सप्लायर्सलाई भुक्तानी गरेको रकम रु. २,०९,४७५.०० नियमित गर्नुपर्दछ।

१२. **कार्य सम्पन्न प्रतिवेदनः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३३ मा कार्य सम्पन्न भएको प्रतिवेदन अनुसारको भुक्तानी दिनुपर्ने व्यवस्था छ । सिउडि गाउँविकास समितिको कार्यालयले ४ आयोजनामा रु. ४२१६०१.०८ भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदन संलग्न नगरेकोले कार्य सम्पन्न प्रतिवेदन सहितको प्रमाण पेश गर्नुपर्दछ।

१३. **अग्रिम आय कर :** गो.भौ. ५ मिति २०७४।०३।०१, आयकर ऐन, २०५८ को दफा ८८ (५) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिलाई भूक्तानी गर्दा भ्याट बाहेकको रकममा १.५ प्रतिशतका दरले अग्रिम करकट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिका वडा नं २ र ३ (साविकको सकोट गाविस) कार्यालयले जे.भि. आयल स्टोर दिपायलल डोटीलाई भुक्तानी दिएको रु.८,९३,४९५.४४(मु.अ.कर बहेक) को १.५ प्रतिशतले हुन आउने अग्रिम कर रु.१३,४०२.४३ असुल हुनुपर्दछ।

१४. **नपुग बहाल कर :** गाउँपालिका वडा नं २ र ३ (साविकको सकोट गाविस) गो.भौ. ५ मिति २०७४।०३।०१, आय कर ऐन, २०५८ को दफा ८८(५) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा १० प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। तर वडा कार्यालयले सार्वजनिक निर्माण अन्तर्गत आकास झरना कन्स्ट्रक्सनलाई डोजर भाडा बापत रु.५,९३,४१३.०० भुक्तानी गर्दा करकट्टी गरेको देखिएन । त्यसैले डोजर भाडा बापतको बहाल कर रु.५९,३४१.३० सम्बन्धित व्यक्तिबाट असुलि गरी राजस्व दाखिला गर्नुपर्दछ।

**बेरुजू स्थिति**

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु.११लाख ४७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजु फछ्र्यौट नगरेकोले रु ११लाख ४७ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु ७३ हजार नियमित, प्रमाण कागजात पेश गर्नुपर्नेरु १० लाख ७४हजार रहेको छ।

# मेल्लेख गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिका, गत वर्षको मौज्दात समेत यो वर्ष जम्मा आय रु ९करोड ७९ लाख ४५ हजार आम्दानी भएकोमा रु. ९ करोड १५ लाख ३५ हजार खर्च भई ६४ लाख १० हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन । साविकका गाउँ विकास समिति(गा.वि.स.) मा भएको जिन्सीको अवस्था देखिने गरी विवरण तयार नभएको साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन । जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ ।

२. **स्रेस्ता प्रमाणित :** साविक गाँउ विकास समितिको लेखासँग सम्बन्धित स्रेस्ता कागजात स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ ले तोके अनुसार जिम्मेवार पदाधिकारीले प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ । कार्यालयले लेखासँग सम्बन्धित कतिपय प्रमाण कागजातहरु सम्बन्धित पदाधिकारीबाट प्रमाणित नगरेकोले नियम बमोजिम प्रमाणित कागजात सहित लेखा स्रेस्ता अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

३. **सम्पत्ति लेखांकन :** गाउँपालिका र साविकका गा.वि.स.को स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन सहित देखिने गरी अभिलेख अद्यावधिक गरेको देखिएन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

४. **आय विवरण र जिम्मेवारी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकहरुको व्यवस्था छ । गा.वि.स.हरुले ती शीर्षकहरुभन्दा फरक शीर्षक राखी आयव्यय लेखांकन गरेको देखिएको छ । नेपाल सरकारको मिति २०७३।११।२६ को निर्णय बमोजिम संघिय संरचना अनुसार स्थापित गाँउपालिकाको कार्यालयले आ.व.को अन्तमा बाँकी रहेको बजेट जिम्मेवारी सार्नुपर्ने व्यवस्था अनुसार जिम्मेवारी सारेको मौज्दातको रकम एकिन गरी आर्थिक विवरणमा समावेश गर्नुपर्ने देखिएको छ ।

५. **आन्तरिक आय :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५ (ख) मा मालपोत असुलीको २५ प्रतिशतले हुने रकम जिल्ला विकास समिति (जि.वि.स.) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । साविकका गा.वि.स तथा वडा कार्यालयहरुले मालपोत असुली र सिफारिश दस्तुर असुलिको अभिलेख राखेको पाईयन । त्यसैले मालपोत तथा सिफारिस दस्तुर असुलिको अवस्था र जि.वि.स दाखिला गर्नुपर्ने रकम यकिन हुन सकेन । तसर्थ आन्तरिक आम्दानी तथा स्रोतको परिचालन व्यवस्थित गरी आय प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

६. **कोष संचालन :** गाँउपालिकाले साविकका गाँउ विकास समितिहरुले संचालन गरेका विपद् व्यवस्थापन कोष, दलित विकास कोष, बाल मैत्री स्थानीय शासन कोष जस्ता कोषहरुमा भएको कारोबार तथा वचत रकमको हिसाब आय व्यय विवरणमा समावेश गरेको छैन । जसबाट कार्यालयले पेश गरेको आय व्यय विवरणले यथार्थ चित्रण गरेको देखिएन । त्यसैले साविकका गा.वि.स. बाट संचालित कोषहरुको स्वामित्व लिई तिनको संचालन र व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

७. **भुक्तानी व्यवस्थापन :** जिल्ला समन्वय समिति तथा गाउँपालिकाबाट साविक गा.वि.स तथा वडाहरुलाई सञ्चालन तथा पूँजीगत अनुदान र सामाजिक सुरक्षा अनुदान वापत गएको निकासा रकम वडाको बैंक खातामा प्राप्त हुने वित्तिकै वडा सचिवहरुले रकम निकाली तहविल मौज्दात कायम गरी आफैसँग नगद राख्ने गरेको देखियो । यसरी राखेको नगदबाट विभिन्न उपभोक्ता समिति, लाभग्राही तथा निर्माण व्यवसायीलाई भुक्तानी गरी लेखामा प्रविष्टी गर्ने गरेको देखियो । आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यलयले बैंक मार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा खाता सञ्चालन गर्ने जिम्मेवार कर्मचारीले बैंक मार्फत कारोबार नगरी तहबील लिई सुविधाको आधारमा भुक्तानी गर्दा नियमावलीको पालना भएको छैन । बैंक मार्फत मात्र भुक्तानी गर्ने व्यवस्था मिलाई भुक्तानी प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

८. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गा.वि.सहरुले उपभोक्ता समितिसँग गरेको सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको

देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पालना गर्नुपर्ने देखिएको छ ।

९. **संचित कोषः** स्थानीय तहको शासन सञ्चालन आदेश, २०७३ को बुदाँ नं. २९ तथा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्रमा भएको निर्देशन अनुसार आर्थिक बर्षको अन्तमा वडा कार्यालयको खातामा रहेको बाँकी रकम गाँउपालिकाको संचित कोष खातामा जम्मा गर्ने व्यवस्था छ । साविकका ५,६ र ८ वडा कार्यालयहरुको खातामा रहको मौज्दात रु.७१,५७१ गाउपालिकाको सञ्चित कोष खातामा दाखिला गर्नुपर्ने देखिएको छ ।

१०. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । नमूनाका आधारमा छनौट गर्दा कार्यालयले मेसिनरी औजार तथा फर्निचर तथा फिक्चर्स हरु रु.**२१,०५,२६६** को पटक पटक गरी खरिद गरेको देखिएको छ । यस सम्बन्धमा नयाँ कार्यालय स्थापना गर्नुपर्ने भएकाले आवश्यकताका आधारमा खरिद गरिएको कार्यालयको प्रतिक्रिया छ । खरिद व्यवस्थापनका लागि समय पुग्ने गरी अख्तियारी र निकाशा दिनुपर्ने तथा खरिद ऐनको प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ ।

११. **कार्य सम्पन्न प्रतिवेदन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३३ मा कार्य सम्पन्न भएको प्रतिवेदन अनुसारको भुक्तानि दिनुपर्ने व्यवस्था छ । ऋषिदह, गा.वि.स तथा वडा कार्यालय १, २, ३, र ५ ले ७ आयोजनाको रु. २६,४६,०५५.०० भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदन संलग्न गरेको देखिएन । उक्त कार्य सम्पन्न भएको देखिने प्रतिवेदन पेश हुनुपर्दछ ।

१२. **नपुग बहाल कर :** आय कर ऐन, २०५८ को दफा ८८(५) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा १० प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था भएता पनि ऋषिदह गा.वि.स. कार्यालयले सार्वजनिक निर्माण अन्तर्गत डोजर भाडा बापतको रकम भुक्तानी गर्दा करकट्टी गरेको देखिएन । डोजर भाडा बापतको बहाल कर रु.९०,९०८.०० सम्बन्धितबाट असुलि गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१३. **बिल भरपाई बेगरको खर्च :** आर्थिक कार्याविधि नियमावलि, २०६४ को नियम ३६(३) मा  खर्च लेख्न स्पष्ट आधार तथा बिल भरपाईका आधारमा खर्च लेख्नु पर्ने व्यवस्था गरेको छ । तर विन्धेवासिनी गा.विस तथा न.पा. ५ वडा कार्यालयले  २ संस्थाहरुलाई भुक्तानी दिएको रु. **७६,२००.००** कुन प्रयोजनको लागि केमा खर्च गरीयो भन्ने खुलेको छैन् । त्यसैले उक्त खर्च भएको रकम खर्च गर्नुपर्ने प्रमाण कागजात पेश नभएको रकम अशुल फछ्र्यौट गर्नुपर्छ ।

१४. **मूल्य अभिवृद्धि कर बेगरको खरिद** :– सविकको ठाटी गाविस (हाल गा.पा. वडा नं. ३) गो.भौ. १० मिति २०७३।१०।१२, सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ मा सार्वजनिक निकायले रु. बिस हजार रुपैयाँ भन्दा बढी मूल्य अभिबृद्धि कर लाग्ने माल सामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्नेमा कार्यालयले मुल्य अभिवृद्धि कर दर्ता नभएको आपूर्तीकर्ता के.पि. स्टोर एण्ड सप्लायर्सलाई भुक्तानी गरेको रकम रु.१,००,१२५.०० नियमित गर्नुपर्दछ ।

१५. **राजश्व दाखिला :**  आयकर ऐन, २०५८ को दफा ८८ (५) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिलाई भूक्तानी गर्दा भ्याट बाहेकको रकममा १.५ प्रतिशतका दरले अग्रिम करकट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । हात्तिकोट र नन्देगाडा  गा.वि.स. ले २ फर्महरुलाई भुक्तानी दिदा अग्रिम आयकर दाखिला गरेको देखिएन् । उक्त रकम रु.**७,५००.००** सम्बन्धित फर्मबाट असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्छ ।

१६. **मोटरसाईकल नामसारी :** आर्थिक कार्यविधि ऐन, २०५५ को दाफा १३(१) मा मूल्यवान र महत्वपूर्ण जिन्सीको भौतिक अवस्था परीक्षण गरी कार्यालयमा प्राप्त भएको जुनसुकै मालसामानको विवरण र मूल्य खुलाई आम्दानी बाध्नु पर्ने व्यवस्था छ । तर विन्धेवासिनी गाविस (हाल गा.पा. वडा नं. ५) कार्यालयले गो.भौ. १७ मिति २०७३।११।२० मा १५० सी.सी पल्सरमोटर साईकल रु.२,५०,०००।०० मा खरिद गरेको तर हाल सम्ममा पनि कार्यालयको नाममा नामसारी गरेको देखिएन् । त्यसैले उक्त मोटरसाईकल कार्यालयको नाममा नामसारी गरेको प्रमाण पेश गर्नुपर्छ ।

### बेरुजू स्थिति

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु .३२ लाख ४२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजु फछ्र्यौट नगरेकोले रु. ३२ लाख ४२ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल  गर्नुपर्ने रु. १ लाख ७५ हजार, नियमित गर्नुपर्ने  रु. ३० लाख ६८ हजार रहेको छ ।

## बन्नीगढी जयगढ गाउँपालिका

### लेखापरीक्षण प्रतिवेदन

गाउँपालीकाको गत वर्षको मौज्दात समेत यो वर्ष जम्मा आय रु ९ करोड ७७ लाख ४० हजार आम्दानी भएकोमा रु. ९करोड १७लाख ९२ हजार खर्च भई रु.५९ लाख ४८हजार रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन :

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजुको लगत अद्यावधिक गरेको छैन । साविकका गाउँ विकास समितिमा भएको जिन्सीको अवस्था देखिने गरी विवरण तयार नभएको तथा जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन । जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ ।

२. **स्रेस्ता प्रमाणित :** साविक गाँउ विकास समितिको लेखासँग सम्बन्धित स्रेस्ता कागजात स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ ले तोके अनुसार जिम्मेवार पदाधिकारीले प्रमाणित गरी राख्नु पर्ने व्यवस्था भएतापनि लेखासँग सम्बन्धित कतिपय प्रमाण कागजातहरु सम्बन्धित पदाधिकारीबाट प्रमाणित गरेको पाइएन । अतः नियममा भएको व्यवस्था बमोजिम प्रमाणित कागजात सहितको लेखा स्रेस्ता अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

३. **सम्पत्ति लेखांकन :** गाउँपालिका र साविकका गा.वि.स.को स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन सहित देखिने गरी अभिलेख अद्यावधिक गरेको देखिएन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

४. **आय विवरण र जिम्मेवारी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकहरुको व्यवस्था छ । गा.वि.स.हरुले ती शीर्षकहरुभन्दा फरक शीर्षक राखी आयव्यय लेखांकन गरेको देखिएको छ । नेपाल सरकारको मिति २०७३।११।२६ को निर्णय बमोजिम संघिय संरचना अनुसार स्थापित गाँउपालिकाको कार्यालयले आ.व.को अन्तमा बाँकी बजेटको जिम्मेवारी सार्नुपर्ने व्यवस्था अनुसार जिम्मेवारी सारेको मौज्दातको रकम एकिन गरी आर्थिक विवरणमा समावेश गर्नुपर्ने देखिएको छ ।

५. **आन्तरिक आय :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५ (ख) मा मालपोत असुलीको २५ प्रतिशतले हुने रकम जिल्ला विकास समितिको काषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । साविकका गा.वि.स तथा वडा कार्यालयहरुले मालपोत असुली र सिफारिश दस्तुर असुलिको अभिलेख नराखेकोले मालपोत तथा सिफारिस दस्तुर असुलीको अवस्था र जि.वि.स दाखिला गर्नुपर्ने रकम यकिन हुन सकेन । तसर्थ आन्तरिक आम्दानी तथा स्रोतको परिचालन व्यवस्थित गरी आय प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

६. **कोष संचालन :** गाँउपालिकाले साविकका गाँउ विकास समितिहरुले संचालन गरेका विपद् व्यवस्थापन कोष, दलित विकास कोष, बाल मैत्री स्थानीय शासन कोष जस्ता कोषहरुमा भएको कारोबार तथा वचत रकमको हिसाब आय व्यय विवरणमा समावेश गरेको छैन । जसबाट कार्यालयले पेश गरेको आय व्यय विवरणले यथार्थ चित्रण गरेको देखिएन । त्यसैले साविकका गा.वि.स. बाट संचालित कोषहरुको स्वामित्व लिई तिनको संचालन र व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

७. **भुक्तानी व्यवस्थापन :** जिल्ला समन्वय समिति तथा गाउँपालिकाबाट साविक गा.वि.स तथा वडाहरुलाई सञ्चालन तथा पूँजीगत अनुदान र सामाजिक सुरक्षा अनुदान वापत गएको निकासा रकम वडाको बैंक खातामा प्राप्त हुने वित्तिकै वडा सचिवहरुले रकम निकाली तहविल मौज्दात कायम गरी आफैसँग नगद राख्ने गरेको देखियो । यसरी राखेको नगदबाट विभिन्न उपभोक्ता समिति, लाभग्राही तथा निर्माण व्यवसायीलाई भुक्तानी गरी लेखामा प्रविष्टी गर्ने गरेको देखियो । आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यलयले बैंक मार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा खाता सञ्चालन गर्ने जिम्मेवार कर्मचारीले बैंक मार्फत कारोबार नगरी तहबील लिई सुविधाको आधारमा भुक्तानी गर्दा नियमावलीको पालना भएको छैन । बैंक मार्फत मात्र भुक्तानी गर्ने व्यवस्था मिलाई भुक्तानी प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

८. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गा.वि.सहरुले उपभोक्ता समितिसँग गरेको सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पालना गर्नुपर्ने देखिएको छ ।

९. **राजश्व दाखिला :** गो.भौ. ५० मिति २०७४।०४।२०, बान्नीगढी जयगढ गाउँपालिका वडा नं. ४ (साविक तिमैल्सैन गाविस) ले सामाजिक सुरक्षा भत्ता वितरण गरी  बाँकी रहेको रकम रु. १,५९,६००.०० नगरपालिकाको संचित कोषमा दाखिला गरेको छ । उक्त रकम संघिय संचित कोषमा दाखिला हुनुपर्दछ ।

१०. **संचित कोषः** स्थानीय तहको शासन सञ्चालन आदेश, २०७३ को बुदाँ नं. २९ तथा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्रमा भएको निर्देशन अनुसार आर्थिक बर्षको अन्तमा वडा कार्यालयको खातामा रहेको बाँकी रकम गाँउपालिकाको संचित कोष खातामा जम्मा गर्ने व्यवस्था छ । साविकका ५, ३ र ६ वडा कार्यालयहरुको खातामा रहको मौज्दात रु.४,३५,२३३.०० गाउपालिकाको सञ्चित कोष खातामा दाखिला गर्नुपर्ने देखिएको छ ।

११. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । नमूनाका आधारमा छनौट गर्दा कार्यालयले मेशीनरी औजार, फर्निचर एण्ड फिक्चर्स र पुँजिगत सुधार बापत जमुना निर्माण सेवामा रु.२३,१२,२६९.०० को पटक पटक गरी खरिद गरेको देखिएको छ । यस सम्बन्धमा नयाँ कार्यालय स्थापना गर्नुपर्ने भएकाले आवश्यकताका आधारमा खरिद गरिएको कार्यालयको प्रतिक्रिया छ । खरिद व्यवस्थापनका लागि समय पुग्ने गरी अख्तियारी र निकाशा दिनुपर्ने तथा खरिद ऐनको प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ ।

१२. **मूल्य अभिवृद्धि कर बेगरको खरिदः–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ मा सार्वजनिक निकायले रु. बिस हजार रुपैयाँ भन्दा बढी मूल्य अभिबृद्धि कर लाग्ने माल सामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाको कार्यालयले मुल्य अभिवृद्धि कर दर्ता नभएको तीन आपूर्तीकर्तालाई भुक्तानी गरेको रकम रु.**२,४०,१३५.००** नियमित गर्नुपर्दछ ।

१३. **पेश्कीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको वडा नं. ५ मा ३ संस्थाको नाममा रहेको रु.३,०९,०००.०० पेश्की फछ्र्यौट गरेको पाइएन । सो पेश्की रकम नियमाननुसार अशुल फछ्र्यौट हुनुपर्दछ ।

१४. **बिल भरपाई बेगरको खर्च :** आर्थिक कार्याविधि नियमावलि, २०६४ को नियम ३६(३) मा  खर्च लेख्न स्पष्ट आधार तथा बिल भरपाईका आधारमा खर्च लेख्नु पर्ने व्यवस्था गरेको छ । तर कार्यालयले  वडा नं. ३ का ३  संस्थाहरुलाई भुक्तानी दिएको रु.९५,०००.०० रकमको खर्च गर्नुपर्ने प्रमाण कागजात पेश नभएको रकम अशुल फछ्र्यौट गर्नुपर्छ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु.१४ लाख ८८ हजार . बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजु फछ्यौंट नभएकोले रु.१४लाख ८८ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । सोमध्ये असुल  गर्नुपर्ने रु.९५हजार  , अनियमित तथा प्रमाण पेश गर्नुपर्ने रु. १० लाख ८४ हजार र पेश्की रु.३ लाख ९ हजार रहेको छ ।

# रामारोशन गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालीकाको गत वर्षको मौज्दात र यो वर्ष को आय समेत रु १० करोड ४० लाख ५८ हजार आम्दानी भएकोमा रु. ९ करोड ६७ लाख २० हजार खर्च भई रु ७३ लाख ३८ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । साविकका गाउँ विकास समिति (गा.वि.स.) मा भएको जिन्सीको अवस्था देखिने गरी विवरण तयार नभएको साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन । जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ ।

२. **स्रेस्ता प्रमाणित :** साविक गाँउ विकास समितिको लेखासँग सम्बन्धित स्रेस्ता कागजात स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ ले तोके अनुसार जिम्मेवार पदाधिकारीले प्रमाणित गरी राख्नु पर्ने व्यवस्था भएतापनि कार्यालयले लेखासँग सम्बन्धित कतिपय प्रमाण कागजातहरु सम्बन्धित पदाधिकारीबाट प्रमाणित नगरी राखेको छैन । अतः नियम बमोजिम प्रमाणित कागजात राखी लेखा स्रेस्ता अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

३. **सम्पत्ति लेखांकन :** गाउँपालिका र साविकका गा.वि.स.को स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन सहित देखिने गरी अभिलेख अद्यावधिक गरेको देखिएन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

४. **आय विवरण र जिम्मेवारी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकहरुको व्यवस्था छ । गा.वि.स.हरुले ती शीर्षकहरुभन्दा फरक शीर्षक राखी आयव्यय लेखांकन गरेको देखिएको छ । नेपाल सरकारको मिति २०७३।११।२६ को निर्णय बमोजिम संघिय संरचना अनुसार स्थापित गाँउपालिकाको कार्यालयले मिति २०७२।०४।०१ देखि २०७३।०३।३१ सम्मको जिम्मेवारी सार्नुपर्ने व्यवस्था गरेको छ । त्यसैले जिम्मेवारी सारेको मौज्दातको रकम एकिन गरी आर्थिक विवरणमा समावेश गर्नुपर्ने देखिएको छ ।

५. **आन्तरिक आय :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५ (ख) मा मालपोत असुलीको २५ प्रतिशतले हुने रकम जिल्ला विकास समिति (जि.वि.स.) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । साविकका गा.वि.स तथा वडा कार्यालयहरुले मालपोत असुली र सिफारिश दस्तुर असुलिको अभिलेख राखेको पाईयन । त्यसैले मालपोत तथा सिफारिस दस्तुर असुलिको अवस्था र जि.वि.स दाखिला गर्नुपर्ने रकम यकिन हुन सकेन । अतः आन्तरिक आम्दानी तथा स्रोतको परिचालन व्यवस्थित गरी आय प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

६. **कोष संचालन :** गाँउपालिकाले साविकका गाँउ विकास समितिहरुले संचालन गरेका विपद् व्यवस्थापन कोष, दलित विकास कोष, बाल मैत्री स्थानीय शासन कोष जस्ता कोषहरुमा भएको कारोबार तथा वचत रकमको हिसाब आय व्यय विवरणमा समावेश गरेको छैन । जसबाट कार्यालयले पेश गरेको आय व्यय विवरणले यथार्थ चित्रण गरेको देखिएन । त्यसैले साविकका गा.वि.स. बाट संचालित कोषहरुको स्वामित्व लिई तिनको संचालन र व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

७. **भुक्तानी व्यवस्थापन :** जिल्ला समन्वय समिति तथा गाउँपालिकाबाट साविक गा.वि.स तथा वडाहरुलाई सञ्चालन तथा पूँजीगत अनुदान र सामाजिक सुरक्षा अनुदान वापत गएको निकासा रकम वडाको बैंक खातामा प्राप्त हुने वित्तिकै वडा सचिवहरुले रकम निकाली तहविल मौज्दात कायम गरी आफैसँग नगद राख्ने गरेको देखियो । यसरी राखेको नगदबाट विभिन्न उपभोक्ता समिति, लाभग्राही तथा निर्माण व्यवसायीलाई भुक्तानी गरी लेखामा प्रविष्टी गर्ने गरेको देखियो । आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यलयले बैंक मार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा खाता सञ्चालन गर्ने जिम्मेवार कर्मचारीले बैंक मार्फत कारोबार नगरी तहबील लिई सुविधाको आधारमा भुक्तानी गर्दा नियमावलीको पालना भएको छैन । बैंक मार्फत मात्र भुक्तानी गर्ने व्यवस्था मिलाई भुक्तानी प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

८. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गा.वि.सहरुले उपभोक्ता समितिसँग गरेको सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पालना गर्नुपर्ने देखिएको छ ।

९. **संचित कोषः** स्थानीय तहको शासन सञ्चालन आदेश, २०७३ को बुदाँ नं. २९ तथा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्रमा भएको निर्देशन अनुसार आर्थिक बर्षको अन्तमा वडा कार्यालयको खातामा रहेको बाँकी रकम गाँउपालिकाको संचित कोष खातामा जम्मा गर्ने व्यवस्था छ । साविकका २,३,४ र ५ वडा कार्यालयहरुको खातामा रहको मौज्दात रु.६,७३,२८६ गाउँपालिकाको सञ्चित कोष खातामा दाखिला गर्नुपर्ने देखिएको छ ।

१०. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । नमूनाका आधारमा छनौट गर्दा कार्यालयले रु.२२८७६४५.०० को मेसिनरी औजार, फर्निचर तथा फिक्चर्स र सार्वजनिक निर्माण पटक पटक गरी खरिद गरेको देखिएको छ । यस सम्बन्धमा नयाँ कार्यालय स्थापना गर्नुपर्ने भएकाल आवश्यकताका आधारमा खरिद गरिएको कार्यालयको प्रतिक्रिया छ । खरिद व्यवस्थापनका लागि समय पुग्ने गरी अख्तियारी र निकाशा दिनुपर्ने तथा खरिद ऐनको प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ ।

११. **मूल्य अभिवृद्धि कर समायोजन प्रमाण** : गाउपालिका कार्यालयको पुजिगत खर्च तर्फ गो.भौ १२ मिति २०७४।०३।०८, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रन्जना निर्माण सेवालाई रु.४९२०००।०० भुक्तानी दिएकोमा निर्माण व्यवसायिले जारी गरेको मु.अ.कर बिजकको विल नं केरमेट भएकाले रन्जना मु.अ.कर समायोजनको प्रमाण पत्र पेश गर्नु पर्दछ ।

१२. **मूल्य अभिवृद्धि कर बेगरको खरिद** :– गाउँपालिका चालु खर्चतर्फ गो.भौ. १७ मिति २०७४।०२।०३, सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ मा सार्वजनिक निकायले रु. बिस हजार रुपैयाँ भन्दा बढी मूल्य अभिबृद्धि कर लाग्ने माल सामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्नेमा कार्यालयले मुल्य अभिवृद्धि कर दर्ता नभएको आपूर्तीकर्ता के.पि. स्टोर एण्ड सप्लायर्सलाई भुक्तानी गरेको रकम रु.१,४३,८००.०० नियमित गर्नुपर्दछ ।

१३. **मोटरसाईकल नामसारी :** आर्थिक कार्यविधि ऐन, २०५५ को दाफा १३(१) मा मूल्यवान र महत्वपूर्ण जिन्सीको भौतिक अवस्था परीक्षण गरी कार्यालयमा प्राप्त भएको जुनसुकै मालसामानको विवरण र मूल्य खुलाई आम्दानी बाध्नु पर्ने व्यवस्था छ । तर कार्यालयले गो.भौ. १ मिति २०७४।०१।१९ मा १५० सी.सी पल्सरमोटर साईकल रु.२,५६,२९६।०० मा खरिद गरेको तर हाल सम्ममा पनि कार्यालयको नाममा नामसारी गरेको देखिएन् । त्यसैले उक्त मोटरसाई कार्यालयको नाममा नामसारी गरेको प्रमाण पेश गर्नुपर्छ ।

१४. **नपुग बहाल कर :** गाउँपालिका वडा नं १ (साविकको मलातिकोट गाविस) गो.भौ. ८ मिति २०७३।१०।११, आय कर ऐन, २०५८ को दफा ८८(५) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा १० प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । तर वडा कार्यालयले सार्वजनिक निर्माण अन्तर्गत नन्दमाता निर्माण सेवा, मंगलसेनलाई डोजर भाडा बापत रु.१,७५,०००.०० भुक्तानी गर्दा करकट्टी गरेको देखिएन । त्यसैले डोजर भाडा बापतको बहाल कर रु.१७,५००.०० सम्बन्धित व्यक्तिबाट असुलि गरी राजस्व दाखिला गर्नुपर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु. ८ लाख ३४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजु फछ्र्यौट नगरेकोले रु ८ लाख ३४ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ८ हजार , नियमित गर्नुपर्ने रु. ८ लाख १६ हजार रहेको छ ।

# ढकारी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालीकाको गत वर्षको मौज्दात समेत यो वर्ष जम्मा आय रु ९ करोड४३ लाख ६ हजार आम्दानी भएकोमा रु. ८ करोड ८५ लाख ६३ हजार खर्च भई रु.५७ लाख ४३ हजार बाँकी रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन । साविकका गाउँ विकास समितिमा भएको जिन्सीको अवस्था देखिने गरी विवरण तयार नभएको साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन । जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ ।

२. **स्रेस्ता प्रमाणित :** साविक गाँउ विकास समितिको लेखासँग सम्बन्धित स्रेस्ता कागजात स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ ले तोके अनुसार जिम्मेवार पदाधिकारीले प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले लेखासँग सम्बन्धित कतिपय प्रमाण कागजातहरु सम्बन्धित पदाधिकारीबाट प्रमाणित नगरी राखेको छ । त्यसैले तोकि बमोजिम प्रमाणित कागजात राखी लेखा स्रेस्ता अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

३. **सम्पत्ति लेखांकन :** गाउँपालिका र साविकका गा.वि.स.को स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन सहित देखिने गरी अभिलेख अद्यावधिक गरेको देखिएन । मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

४. **आय विवरण र जिम्मेवारी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकहरुको व्यवस्था छ । गा.वि.स.हरुले ती शीर्षकहरुभन्दा फरक शीर्षक राखी आयव्यय लेखांकन गरेको देखिएको छ । नेपाल सरकारको मिति २०७३।११।२६ को निर्णय बमोजिम संघिय संरचना अनुसार स्थापित गाँउपालिकाको कार्यालयले मिति २०७२।०४।०१ देखि २०७३।०३।३१ सम्मको जिम्मेवारी सार्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयबाट प्राप्त आय व्यय विवरण अनुसार आम्दानी भन्दा खर्च रु.५,८२२.३४ बढी देखिन गई हिसाब भिडान भएको छैन् । त्यसैले जिम्मेवारी सारेको मौज्दातको रकम एकिन गरी आर्थिक विवरणमा समावेश गर्नुपर्ने देखिएको छ ।

५. **आन्तरिक आय :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५ (ख) मा मालपोत असुलीको २५ प्रतिशतले हुने रकम जिल्ला विकास समितिमा दाखिला गर्नुपर्ने व्यवस्था छ । साविकका गा.वि.स तथा वडा कार्यालयहरुले मालपोत असुली र सिफारिश दस्तुर असुलिको अभिलेख नराखेकोले मालपोत तथा सिफारिस दस्तुर असुलिको अवस्था र जि.वि.स दाखिला गर्नुपर्ने रकम यकिन हुन सकेन । तसर्थ आन्तरिक आम्दानी तथा स्रोतको परिचालन व्यवस्थित गरी आय प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

६. **कोष संचालन :** गाँउपालिकाले साविकका गाँउ विकास समितिहरुले संचालन गरेका विपद् व्यवस्थापन कोष, दलित विकास कोष, बाल मैत्री स्थानीय शासन कोष जस्ता कोषहरुमा भएको कारोबार तथा वचत रकमको हिसाब आय व्यय विवरणमा समावेश गरेको छैन । जसबाट कार्यालयले पेश गरेको आय व्यय विवरणले यथार्थ चित्रण गरेको देखिएन । त्यसैले साविकका गा.वि.स. बाट संचालित कोषहरुको स्वामित्व लिई तिनको संचालन र व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

७. **भुक्तानी व्यवस्थापन :** जिल्ला समन्वय समिति तथा गाउँपालिकाबाट साविक गा.वि.स तथा वडाहरुलाई सञ्चालन तथा पूँजीगत अनुदान र सामाजिक सुरक्षा अनुदान वापत गएको निकासा रकम वडाको बैंक खातामा प्राप्त हुने वित्तिकै वडा सचिवहरुले रकम निकाली तहविल मौज्दात कायम गरी आफैसँग नगद राख्ने गरेको देखियो । यसरी राखेको नगदबाट विभिन्न उपभोक्ता समिति, लाभग्राही तथा निर्माण व्यवसायीलाई भुक्तानी गरी लेखामा प्रविष्टी गर्ने गरेको देखियो । आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यलयले बैंक मार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा खाता सञ्चालन गर्ने जिम्मेवार कर्मचारीले बैंक मार्फत कारोबार नगरी तहबील लिई सुविधाको आधारमा भुक्तानी गर्दा नियमावलीको पालना भएको छैन । बैंक मार्फत मात्र भुक्तानी गर्ने व्यवस्था मिलाई भुक्तानी प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

८. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गा.वि.सहरुले उपभोक्ता समितिसँग गरेको सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पालना गर्नुपर्ने देखिएको छ ।

९. **संचित कोषः** स्थानीय तहको शासन सञ्चालन आदेश, २०७३ को बुदाँ नं. २९ तथा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्रमा भएको निर्देशन अनुसार आर्थिक बर्षको अन्तमा वडा कार्यालयको खातामा रहेको बाँकी रकम गाँउपालिकाको संचित कोष खातामा जम्मा गर्ने व्यवस्था अनुसार साविकका १,२,६ र ७ वडा कार्यालयहरुको खातामा रहको मौज्दात रु.२,४९,२५९ गाउपालिकाको सञ्चित कोष खातामा दाखिला गर्नुपर्ने देखिएको छ ।

१०. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । नमूनाका आधारमा छनौट गर्दा कार्यालयले मेसिनरी औजार, सार्वजजिक निर्माण र गाउपालिकाको ट्रष्ट भवन निर्माण मा रु.२८४९१९२.०० को पटक पटक गरी खरिद गरेको देखिएको छ । यस सम्बन्धमा नयाँ कार्यालय स्थापना गर्नुपर्ने भएकाले आवश्यकताका आधारमा खरिद गरिएको कार्यालयको प्रतिक्रिया छ । खरिद व्यवस्थापनका लागि समय पुग्ने गरी अख्तियारी र निकाशा दिनुपर्ने तथा खरिद ऐनको प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ ।

११. **कार्य सम्पन्न प्रतिवेदनः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३३ मा कार्य सम्पन्न भएको प्रतिवेदन अनुसारको भुक्तिानि दिनुपर्ने व्यवस्था अनुसार गाउपालिका वडा नं. १ (सविकको हिच्मा गा.वि.स)को कार्यालयले चाईराखोला तेस्रो जलविद्युत आयोजनालाई रु.२,५०,०००.०० भुक्तानि गर्दा कार्यसम्पन्न प्रतिवेदन संलग्न गरेको देखिएन ।

१२. **मूल्य अभिवृद्धि कर बेगरको खरिद** :– गाउँपालिका चालु खर्चतर्फ गो.भौ. ९ मिति २०७४।०२।१०, सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ मा सार्वजनिक निकायले रु. बिस हजार रुपैयाँ भन्दा बढी मूल्य अभिबृद्धि कर लाग्ने माल सामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्नेमा कार्यालयले मुल्य अभिवृद्धि कर दर्ता नभएको आपूर्तीकर्ता के.पि. स्टोर एण्ड सप्लायर्सलाई भुक्तानी गरेको रकम रु.१,६०,०००.०० नियमित गर्नुपर्दछ ।

१३. **पेश्की :** गो.भौ. नं. ३ मिति २०७३।०६।१३ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । साविकको हिच्मा गाविस (हाल गा.पा. वडा नं. २ र ३)ले सार्वजनिक निर्माण अन्तर्गत श्री बलराम क्याम्पसलाई पुर्वाधार निर्माण गर्न दिएको पेश्की रु.४,००,०००।०० फछ्र्यौट गरेको देखिएन । उक्त पेश्की रकम नियमाननुसार अशुल फछ्र्यौट हुनुपर्ने देखिएको छ ।

**बेरुजू स्थिति**

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु .१०लाख ५९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजु फछ्र्यौट गरेकोले रु .१०लाख ५९. हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये नियमित/प्रमाण पेश रु.६ लाख ५९ हजार र पेश्की रु ४लाख रहेको छ ।

# तुर्माखाँद गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात र यो वर्ष आय समेत रु.१०करोड ८९लाख ८३ हजार आम्दानी भएकोमा रु.१०करोड १३लाख ८५ हजार खर्च भई रु.७५लाख ९८ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन । साविकका गाउँ विकास समिति (गा.वि.स.) मा भएको जिन्सीको अवस्था देखिने गरी विवरण तयार नभएको साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन । जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ ।

२. **स्रेस्ता प्रमाणित :** साविक गाँउ विकास समितिको लेखासँग सम्बन्धित स्रेस्ता कागजात स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ ले तोके अनुसार जिम्मेवार पदाधिकारीले प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले लेखासँग सम्बन्धित कतिपय प्रमाण कागजातहरु सम्बन्धित पदाधिकारीबाट प्रमाणित नगरेकोले नियम बमोजिम प्रमाणित कागजात राखी लेखा स्रेस्ता अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

३. **सम्पत्ति लेखांकन :** गाउँपालिका र साविकका गा.वि.स.को स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन सहित देखिने गरी अभिलेख अद्यावधिक गरेको देखिएन । मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

४. **आय विवरण र जिम्मेवारी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकहरुको व्यवस्था छ । गा.वि.स.हरुले ती शीर्षकहरुभन्दा फरक शीर्षक राखी आयव्यय लेखांकन गरेको देखिएको छ । नेपाल सरकारको मिति २०७३।११।२६ को निर्णय बमोजिम संघिय संरचना अनुसार स्थापित गाँउपालिकाको कार्यालयले मिति २०७२।०४।०१ देखि २०७३।०३।३१ सम्मको जिम्मेवारी सार्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयबाट प्राप्त आय व्यय विवरण अनुसार आम्दानी भन्दा खर्च रु.८,१३,३४५.८३ बढी देखिन गई हिसाब भिडान भएको छैन् । त्यसैले जिम्मेवारी सारेको मौज्दातको रकम एकिन गरी आर्थिक विवरणमा समावेश गर्नुपर्ने देखिएको छ ।

५. **आन्तरिक आय :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५ (ख) मा मालपोत असुलीको २५ प्रतिशतले हुने रकम जिल्ला विकास समिति (जि.वि.स.) मा दाखिला गर्नुपर्ने व्यवस्था छ। साविकका गा.वि.स तथा वडा कार्यालयहरुले मालपोत असुली र सिफारिश दस्तुर असुलिको अभिलेख राखेको पाईयन। त्यसैले मालपोत तथा सिफारिस दस्तुर असुलिको अवस्था र जि.वि.स दाखिला गर्नुपर्ने रकम यकिन हुन सकेन । तसर्थ आन्तरिक आम्दानी तथा स्रोतको परिचालन व्यवस्थित गरी आय प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ।

६. **कोष संचालन :** गाँउपालिकाले साविकका गाँउ विकास समितिहरुले संचालन गरेका विपद् व्यवस्थापन कोष, दलित विकास कोष, बाल मैत्री स्थानीय शासन कोष जस्ता कोषहरुमा भएको कारोबार तथा वचत रकमको हिसाब आय व्यय विवरणमा समावेश गरेको छैन । जसबाट कार्यालयले पेश गरेको आय व्यय विवरणले यथार्थ चित्रण गरेको देखिएन । त्यसैले साविकका गा.वि.स. बाट संचालित कोषहरुको स्वामित्व लिई तिनको संचालन र व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

७. **भुक्तानी व्यवस्थापन :** जिल्ला समन्वय समिति तथा गाउँपालिकाबाट साविक गा.वि.स तथा वडाहरुलाई सञ्चालन तथा पूँजीगत अनुदान र सामाजिक सुरक्षा अनुदान वापत गएको निकासा रकम वडाको बैंक खातामा प्राप्त हुने वित्तिकै वडा सचिवहरुले रकम निकाली तहविल मौज्दात कायम गरी आफैसँग नगद राख्ने गरेको देखियो । यसरी राखेको नगदबाट विभिन्न उपभोक्ता समिति, लाभग्राही तथा निर्माण व्यवसायीलाई भुक्तानी गरी लेखामा प्रविष्टी गर्ने गरेको देखियो । आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यलयले बैंक मार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा खाता सञ्चालन गर्ने जिम्मेवार कर्मचारीले बैंक मार्फत कारोबार नगरी तहबील लिई सुविधाको आधारमा भुक्तानी गर्दा नियमावलीको पालना भएको छैन । बैंक मार्फत मात्र भुक्तानी गर्ने व्यवस्था मिलाई भुक्तानी प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

८. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गा.वि.सहरुले उपभोक्ता समितिसँग गरेको सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पालना गर्नुपर्ने देखिएको छ ।

९. **संचित कोषः** स्थानीय तहको शासन सञ्चालन आदेश, २०७३ को बुदाँ नं. २९ तथा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्रमा भएको निर्देशन अनुसार आर्थिक बर्षको अन्तमा वडा कार्यालयको खातामा रहेको बाँकी रकम गाँउपालिकाको संचित कोष खातामा जम्मा गर्ने व्यवस्था छ । साविकका ३,४,५,७ र ८ वडा कार्यालयहरुको खातामा रहको मौज्दात रु. ८१,७८२.२० गाउँपालिकाको सञ्चित कोष खातामा दाखिला गर्नुपर्ने देखिएको छ ।

१०. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । नमूनाका आधारमा छनौट गर्दा कार्यालयले रु.**२०,००,८७०.००** को मेसिनरी औजार र फर्निचर एण्ड फिक्चर्स पटक पटक गरी खरिद गरेको देखिएको छ । यस सम्बन्धमा नयाँ कार्यालय स्थापना गर्नुपर्ने भएकाले आवश्यकताका आधारमा खरिद गरिएको कार्यालयको प्रतिक्रिया छ । खरिद व्यवस्थापनका लागि समय पुग्ने गरी अख्तियारी र निकाशा दिनुपर्ने तथा खरिद ऐनको प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ ।

११. **कार्य सम्पन्न प्रतिवेदन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३३ मा कार्य सम्पन्न भएको प्रतिवेदन अनुसारको भुक्तानि दिनुपर्ने व्यवस्था छ । कार्यालयले वडा नं. ३ का २ उपभोक्ता समिति मार्फत भएको निर्माण कार्यमो रु. ९,३७,३००.०० भुक्तानि गर्दा कार्यसम्पन्न प्रतिवेदन संलग्न गरेको देखिएन । उक्त कार्य सम्पन्न भएको देखिने रु.९,३७,३००.०० को प्रमाण पेश गर्नुपर्दछ ।

१२. **बहाल कर :** आय कर ऐन, २०५८ को दफा ८८(५) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा १० प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । तर भैरवस्थान, नाडा , तोषि  गा.वि.स. कार्यालयले सार्वजनिक निर्माण अन्तर्गत ३ निर्माण सेवालाई डोजर भाडा बापतको रकम भुक्तानी गर्दा करकट्टी गरेको देखिएन ।  त्यसैले डोजर भाडा बापतको बहाल कर रु.१,३१,१८५.०० सम्बन्धितबाट असुलि गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१३. **पेश्कीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । रानिवन गा.वि.स. तथा वडा नं. १ र २ कार्यालयका २ उपभोक्ता समितिको नाममा रहेको रु.७,००,०००.००. पेश्की फछ्र्यौट गरेको पाइएन । सो पेश्की रकम नियमाननुसार अशुल फछ्र्यौट हुनुपर्दछ ।

१४. **सम अनुदानः** गो.भौ. २१ मिति २०७३।०७।१० साविकको धमाली गाविस (हाल गा.पा. वडा नं. ८) कार्यालयले प्रथामिक स्वास्थ्य चौकी धमालीलाई समअनुदान बापतकोगाविस परिषद्बाट विनियोजित बजेटरु.४९,०००.०० श्री कुल बहादुर शाहीले बुझि लिएकोमा लेखापरीक्षणको अबधिसम्ममा पनि सो रकम उपलब्ध गराएको उद्देश्य अनुरुप कार्य भएको देखिएन ।  त्यसैले उक्त रकम रु.४९,०००.०० असुल गरि गाउँपालिकाको संचित कोष दाखिला गनुपर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु १८लाख ९९. हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजु  फछ्र्यौट नगरेकोले रु.. १८लाख ९९ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल  गर्नुपर्ने रु.१लाख ८०हजार प्रमाण पेश नभएको रु.१० लाख १९हजार र पेश्की रु ७ लाख रहेको छ ।

# दिपायल सिलगढी नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु ३७ लाख ९५ हजार र यो वर्ष आय रु १५ करोड ५८ लाख ६२ हजार समेत रु १५ करोड ९६ लाख ५७ हजार आम्दानी भएकोमा रु १४ करोड २९ लाख ६० हजार खर्च भई रु१ करोड ६६ लाख ९७ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्।

१. **वित्तीय जवाफदेहिता-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ र ९५ वमोजिम वित्तिय जवाफदेहिता तथा आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा कार्यक्रम सञ्चालनको अनुगमन तथा सुपरीवेक्षण उच्च तहबाट नभएको, अन्तिम लेखापरीक्षण हुनुपूर्व नै आन्तरिक लेखापरीक्षणको बेरुजू फछ्र्यौट नगरेको, गाउँपालिका अर्न्तगत साविक गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, सेवा प्रवाहमा नागरिक सूचनाको लागि हेल्प डेस्क नराखेको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने गरेको, वार्षिक खरिद योजना तयार नगरेको अवस्थाले प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

२. **जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन ।

३. **अग्रिम कर :** नगर क्षेत्र पुर्वाधार कार्यक्रम अर्न्तगत पाँच वटा योजनामा विभिन्न उपभोक्ता समितिलाइ भुक्तानी गर्दा कर कट्टा गरे नगरेको यकिन गरी भुक्तानी तथा पेश्की फछ्र्यौट गर्नुपर्नेमा कर कट्टा नगरेकोले कर रु. २९६०४। असुल गरी दाखिला गर्नुपर्दछ ।

४. **वढी रकम फिर्ता:** प्याटी खोला पुन्ना बागठाटा खानेपानी आयोजना उपभोक्ता समिति, डोटीलाई उक्त आयोजना निर्माणको प्राविधकि लागत अनुमान बमोजिम जनश्रमदान समेत रु.४९,७५,४९३।- मा कार्यालयले उपभोक्ता समितिको म्याचिङ फण्ड वापत रु. १२,००,०००।- जम्मा गरी कार्यादेश दिएको देखिन्छ । आयोजना सम्पन्न हुँदा रु.३२,४०,५२३।- को कार्य सम्पन्न भई उपभोक्ता बाट वढी म्याचिङ रु. ४,३२,७६६।- फिर्ता गरेकोमा अनुपातिक हिसावमा उपभोक्ता समितिले रु.७,८१,५५६।- बराबरको योगदान पुरयाउनु पर्ने र रु.४,१८,४४३।- मात्र फिर्ता गर्नुपर्नेमा रु.४,३२,७७६। फिर्ता गरेकोले रु. १४,३३२।- बढी फिर्ता गरेको असुल गर्नुपर्दछ ।

५. **वचत फ्रिज :** ब.उ.शि.नं. ३६५८१७३ नगरक्षेत्र पुर्वाधार विकास कार्यक्रममा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट रु.१३२,३२,०००।- निकासा र जनसहभागिता बाट ४२,००,०००।- समेत रु. १,७४,३२,०००।- निकासा प्राप्त गरी जनसहभागिताको अंश समेत रु. १,२५,८९,०३८।- खर्च गरेकोले बचत रु. ४८,४२,९६२।- रहेकोमा फ्रिज नगरी नगरपालिकाले संचित कोषमा राखेको छ । आ.व. २०७४।०७५ को नगर सभाबाट सो बचत रकम समेत समावेस गरी कार्यक्रम तथा बजेट बाँडफाँड गरिसकेको जानकारी छलफलमा प्राप्त भएको छ ।

६. **वढी खर्च:** मिति २०७४।१।२० मा नगरपालिकाको वैठक बसी पुँजीगत खर्चवाट रु. २,००,०००।- वडा कार्यालयहरुको सोलार जडान कार्यमा छुट्याएकोमा रु.२,४०,०००।- खर्च भएकोले रु. ४०,०००।- खर्च स्वीकृत बजेट भन्दा बढी भएकोले अनियमित देखियो ।

७. **कार्यसम्पन्न:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ बमोजिम, खरिद कार्य बमोजिम निर्माण कार्य सम्पन्न भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । प्याटीखोला खानेपानी योजनाको लागि रु. ४८,३०,५७५।९३ को लागत अनुमान भई २०७४।२।२५ सम्ममा काम सम्पन्न गर्ने गरी उपभोक्ता समिति सँग सम्झौता भएको रहेछ । उक्त योजनामा जनश्रमदान समेत रु. ३२,४०,५२३।७२ खर्च गरेकोमा कार्यालयले भौ.नं. १०, मिति २०७४।३।९ बाट रु. २१,७९,०१८। भुक्तानी गरेको देखिन्छ । उक्त योजनाको कार्य सम्पन्न प्रतिवेदन तयार नगरेको र लगत अनुमान बमोजिमको कार्य समेत गरेको देखिएन ।

८. **हिसाव मिलान:** मिति २०७४।३।३१ गते वैक स्टेटमेन्टमा रु.६७२०। जम्मा गरेको देखिएको तर कार्यालयको अभिलेखमा आम्दानी नदेखिएकोले वैक हिसाव मिलान विवरण तयार गर्नुपर्दछ ।

९. **भरपाई:** विभिन्न मालसामान खरिदको भूक्तानीमा मिति २०७३।४।१४ वाट से.१.क. २८९ जेसिवि मरमत गरी पुरवार ईण्टरप्राईजेज लाई रु.१०३६०।५२, नेत्र ज्योती धनगढीलाई रु.४५०००।०० पि.डि. अर्थ मुभर्सलाई रु.६२१५।०० र सोही फर्मको कर विजक नं. २३।२०७३।४।१३ को रु.१४६५४९।७० समेतको रकम वुझेको भरपाई संलग्न नरहेकोले भर्पाई पेश हुनु पर्दछ ।

१०. **भाडा कर:** गाउं सैन सिरखोली सडक निर्माणको लागि कार्यालयले रु.३०००००।०० र उपभोक्ता समुहले रु.७५७३३।४० व्यहोर्ने गरी मिति २०७३।११।९ मा ०७३ चैत्र मसान्त सम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता भए वमोजिम ठेक्का सम्वन्धी विल, कार्य सम्पन्न प्रतिवेदन अनूसार रु.१८००००।०० को डोर हाजिर फाराम रहेकोमा मेसिन प्रयोग गरे वापत रु.२७००००। वुझेकोमा मेसिन प्रयोग वापत भाडा कर कट्टी नगरेको रु.२७०००।००, त्यस्तै कोइरेली सडक निर्माणमा मेशिन भाडा रु १९९३०० भूक्तानी मा रु १९९३० कर दाखिला नभएको समेत रु ४६९३० दाखिला गर्नूपर्दछ ।

११. **विल भरपाई:** आर्थिक कार्याविधि नियमावली २०६४ को नियम ३६ मा खर्चको लेखा राख्दा विलभरपाई सहितको लेखा राख्नूपर्ने व्यवस्था छ । नगरपालिकाको कार्यालयले विभिन्न कार्यालय तथा प्रशासनिक खर्च वापत रु ६२२५७ खर्च लेखेकोमा विलभरपाई समावेश नभएकोले विलभरपाई पेश गर्नूपर्ने अन्यथा असूल उपर गर्नूपर्दछ ।

१२. **पेश्की बाँकी :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९२(३) मा तोकिएको म्यादमा तोकिएको कार्यविधि अपनाई फछ्यौट गर्ने, गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ। नगरपालिकाले गत विगतको पेश्की वांकी रु २१३८७७ र यस आ.व.को ६ निमार्ण व्यवसायी र व्यक्तिगत पेश्की बाकी रु ४९०२०१।०० रहेको छ । आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की वांकी रहेको रु. ७०४०७८ नियमाअनुसार फछ्यौट गर्नुपर्दछ ।

१३. **अग्रीम कर:** आयकर ऐन २०५८ को दफा ८८ अनुसार कर लाग्ने विल रकममा अग्रिम कर कट्टा गरी भुक्तानी दिनुपर्ने ब्यबस्था रहेको छ। कलेना गाउँ विकास समितिले कार्यालय संचालनका विभिन्न सामान खरिद भएको रु ३३३०४१ को मालसामान खरिद गरेकोमा जिन्सी दाखिला गरेको छैन साथै अग्रिम कर वापत रु ३९६१ असुल गर्नुपर्ने साथै मेसिन प्रयोग गरेवापत रु ५००० भाडा कर समेत रु ८९६१ असुल गरी दाखिला गर्नुपर्दछ।

१४. **वढी भुक्तानी:** भौ.नं. १४, मिति २०७४।११।१० २१ औं गाउं परिषदको निर्णय नं. १२ मा परिषदको तयारी सिलसिलामा अतिरिक्त समयमा काम गरे वापत १ महिनाको तलव भत्ता वापत वरावरको रकम परिषद भत्ता दिने निर्णय वमोजिम २३०००। खर्च लेखेकोमा तलव स्केल भन्दा वढी खर्च लेखेको रु.५००। तथा पुर्ण सरसफाईको भरपाई भन्दा वढी रु ५०० समेत रु १००० असुल हुनुपर्दछ ।

१५. **प्राविधिक मुल्यांकन:** श्री तेडी मन्दिर पर्खाल मर्मत उपभोक्ता समतिका अध्यक्ष धर्मा कुमारी वोगटीसंग मन्दिर पर्खाल मर्मत गर्न २०७३।११।१७ मा सम्झौता भएकोमा लागत अनुमान अनुसार भिर कटिङको माटोको कार्यको २१० घ.मि.को ल.ई. भएकोमा कार्य ससम्पन्न प्रतिवेदन वेगर रु.७९५००। को डोर हाजिर फाराम संलग्न गरी रु. ५८३४८। भुक्तानी गरेकोमा वास्तविक कार्यको प्राविधिक मुल्यांकन र कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ ।

१६. **कर:** आयकर ऐन २०५८ को दफा ८८ अनुसार कर लाग्ने विल रकममा अग्रिम कर कट्टा गरी भुक्तानी दिनुपर्ने ब्यबस्था रहेको छ। लडागडा गाउँ विकास समितिले विभिन्न कार्यालय संचालनका लागि खरिद भएका रु १८६३२० को मालसामान खरिद गरेकोमा जिन्सी दाखिला गरेको छैन साथै मेसिन प्रयोग गरेवापत रु २०९२२ भाडा कर दाखिला गर्नुपर्दछ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु ३२ लाख ९९ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु ९६ हजार , नियमित गर्नुपर्ने रु २७ लाख १३ हजार र पेश्की रु ४ लाख ९० हजार रहेको छ।

# शिखर नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु ३ करोड ७१ लाख ३८ हजार र यो वर्ष आय रु.१७ करोड ८९ लाख ५७ हजार समेत रु.२१ करोड ६० लाख ९५ हजार आम्दानी भएकोमा रु.१६ करोड ८४ लाख ५४ हजार खर्च भई रु. ४ करोड ७६ लाख ४1 हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **वित्तीय जवाफदेहिता-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ र ९५ मा वमोजिम वित्तिय जवाफदेहिता तथा आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दाकार्यक्रम सञ्चालनको अनुगमन तथा सुपरीवेक्षण उच्च तहबाट नभएको, अन्तिम लेखापरीक्षण हुनुपूर्व नै आन्तरिक लेखापरीक्षणको बेरुजू फछ्र्यौट नगरेको, गाउँपालिका अर्न्तगत साविक गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, सेवा प्रवाहमा नागरिक सूचनाको लागि हेल्प डेस्क नराखेको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने गरेको, वार्षिक खरिद योजना तयार नगरेको अवस्थाले प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

२ **जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन ।

३ **कारोबारको लेखा-** प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अर्न्तगत वडा कार्यालय तथा साविकका नौ वटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी, पेश्की बाँकीको विवरण नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित गरेको देखिएन । जसबाट आर्थिक कारोबार नियमसंगत देखिएन । यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ ।

४ **बजेट तथा खर्चको स्थिती**: मिति २०७३।११।२७ देखि स्थानीय तहको रुपमा रहेको यस कार्यालयले अर्थ मन्त्रालयको २०७३।१२।८ को बजेट खर्च गर्ने पुँजिगतमा २५.५७ प्रतिशत र चालु तर्फ ४५.५० प्रतिशत खर्च गरे बाट पुँजिगत खर्चको तुलनामा चालु खर्च प्रतिशत बढेको छ ।

५ **नपाउने दैनिक भ्रमण भत्ता :** मिति २०७४।३।२० मा लेखा अधिकृत नरसिंह ठगुन्नालाई क्षेत्रिय हुलाक निर्देशनालयबाट शिखर न.पा.मा काज सरुवा भई गएकोमा परिवार सहितको रु.२२३४०। दै.भ्र.भ. खर्च लेखेकोमा क्षेत्रिय हुलाक निर्देशनालय राजपुरबाट शिखर न.पा. एकै जिल्लामा काज सरुवा हुदा भ्रमण खर्च नियमावली अनुसार दैनिक भ्रमण भत्ता पाउने आधार प्रमाण नदेखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

६ **लागत अनुमान :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ । कार्यालयले मिति २०७४।१।२१ बाट इन्टेल कम्प्युटर कैलालीलाई ल्यापटप, प्रिन्टर खरिदमा रु ४६३५००। भुक्तानी गरेकोमा लागत अनुमान तयार बेगर खरिद गरेकोले नियमित हुनुपर्दछ ।

७ **अग्रिम कर :** मिति २०७४।२।५ बाट फर्निचर तथा मेशिनरी उपकरण सम्बन्धित सामानहरु धनगढीबाट ढुवानी गरेको रु. २०८३३। भुक्तानी गरेकोमा भाडाकर १० प्रतिशतले हुने रु. २०८४। असुल गरी दाखिला हुनुपर्दछ ।

८ **मु.अ.कर विजक :-** मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ बमोजिम रितपुर्वकको कर विजकको आधारमा मुल्यअभिवृद्धि भुक्तानी गर्न सकिने उल्लेख छ । मिति २०७४।३।२१ मा निर्माण

व्यवसायी पि.एस.कन्ट्रक्सनलाई रु ६९९२५८। भुक्तानी गर्दा रु ८०४५५।६१ मूल्यअभिवृद्धि समेत भुक्तानी गरेकोमा मु.अ.कर विजक पेश नभएकोले उक्त मु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ।

९ **सामाजिक सुरक्षा भत्ता:** विभिन्न गा वि स ले सामाजिक सुरक्षा भत्ता न.पा.मा फिर्ता गरी शिखर न.पा.ले फिर्ता प्राप्त गरेको रु २४४७४५।९४ नगरपालिकाको संचित कोष नै रहेकोले सो रकम नेपाल सरकारको सर्वसंचित कोषमा दाखिला हुनुपर्दछ।

**१० पचनाली गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,:**

१०.१ **अग्रिम करः** मिति २०७३।९।२३ बाट सामाजिक परिचालक प्रकाश बहादुर बलायरलाई प्रोत्साहन भत्ता वापत रु १२०००। भुक्तानी भएकोमा उक्त रकमको १५ प्रतिशत कर कट्टा रु १८००। नगरेको, मिति २०७४।३।२० स्वास्थ चौकी प्रमुख सेते नेपालीलाई महिला स्वास्थ्य स्वयमसेविका प्रोत्साहन भत्ता रु ५००००। भुक्तानी भएकोमा उक्त रकमको पारिश्रमिक कर कट्टा नभएको रु ७५००। असुल हुनु पर्ने समेत रु ९३०० असुल गरी दाखिला हुनुपर्दछ।

१०.२ **वढी भुक्तानीः** जिल्ला दररेट अनुसार दक्ष ज्यामी ज्याला रु ७५०। र अदक्ष ज्यामी ज्याला रु ४५०। निर्धारण भएकोमा ३ उपभोक्ता समितिहरुले पेश गरेको डोर हाजिरी फाराम अनुसार जिल्ला दर भन्दा बढी रु ५५५००। भुक्तानी भएकोमा उक्त रकम असुल हुनुपर्दछ।

**११ कपल्लेकी गाँउ विकास स**मितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,

११.१ मिति २०७३।५।२०, पशुपति चुदालीलाई विभिन्न मितिमा बाट भ्रमण खर्च वापत बढी भुक्तानी लिएको रकम रु १२००। असुल हुनु पर्दछ।

११.२ **वढी भुक्तानीः** मिति २०७४।३।२६, बाट गाउघर क्लिनिक भवन निर्माणको मुल्यांकन तथा कार्यसम्पन्न प्रतिवेदन बमोजिम रु १७६५५९।८४, सामुदायिक भवन निर्माण कार्यको मुल्यांकन तथा कार्यसम्पन्न प्रतिवेदन बमोजिम रु ७४७९०।८६ र महिला अधिकार मञ्चको भवन छाना मर्मत कार्यको मुल्यांकन तथा कार्यसम्पन्न प्रतिवेदन बमोजिम रु ६३९८९।८० समेत जम्मा रु ३१५३४०।५० भुक्तानी गर्नुपर्नेमा रु ३३०३७५। भुक्तानी भएको बढी भुक्तानी रकम रु १५०३४। असुल हुनु पर्दछ।

११.२.१ मिति २०७४।३।२६, बाट जेष्ठ नागरिक लक्षित कार्यक्रम अन्तरगत भएको खर्चको पेश भएको विल बमोजिम रु १५०३२०। भुक्तानी गर्नुपर्नेमा रु १६५१८७। भुक्तानी गरेकोले विल भर्पाई भन्दा बढी खर्च गरेको रु १४८६७। असुल हुनु पर्दछ।

११.३ **पेश्कीः** मिति २०७४।३।२९, बाट गाविस सचिव पशुपती चुदालीले आफ्नो नामको रु. १६०००। पेश्की बाकी देखिएकोले नियमानुसार फछ्यौट हुनु पर्दछ।

११.४ **कार्यसम्पन्न :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ बमोजिम कार्य सम्पन्न पश्चात सम्पन्न प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ। नाइदेउ मन्दिर निर्माण , कपदेउली देउताको मन्दिर निर्माण काममा क्रमश रु ४००००। र रु २००००। समेत रु ६०००० सम्पन्न पश्चात कार्यसम्पन्न पेश नभएकोले पेश हुनुपर्दछ।

११.५ **दाखिला प्रतिवेदन :-** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २१२(१) मा कुनै पनि कार्यालयले खरिद गरेको जिन्सी सामान मूल्य समेत खुलाई आम्दानी बाँध्नु पर्ने व्यवस्था छ। कार्यालयले विभिन्न मितिमा खरिद गरेको झोला, शैक्षिक सामाग्री, वाधवाधन फर्निचरका सामान रु २७८७३५ खरिद गरेकोमा दाखिला प्रमाण पेश गर्नुपर्दछ

**जिजोडामाण्डौ गाँउ विकास समितिः** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,

१२.१ **आन्तरिक आम्दानी नपुग** : पेश भएको आम्दानी रसिद बमोजिम कुल आम्दानी रु ३७६२२। मध्ये रु ३३०००। मात्र बैक दाखिला गरेकोले नपुग रु. ४६२२। बैक दाखिला हुनु पर्दछ।

१२.२ **नगद मौज्दातः** आ.व.२०७२/०७३ को आन्तरिक लेखापरिक्षणबाट तत्कालिन गाविस सचिव श्री लक्ष्मीकान्त रोस्यारासंग नगद मौज्दात रहेको रकम रु ७७२३।- हालसम्म दाखिला नभएकोले उक्त रकम दाखिला हुनुपर्दछ।

१२.३ **हिनामिना मस्यौटः** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १० बमोजिम जिम्मेवार व्यक्तिले प्रत्येक कारोवार स्पष्ट देखिने गरी कानूनले तोके बमोजिमको रित पुर्‍याई लेखा तयार गर्नुपर्ने व्यवस्था छ।

सोही ऐनको दफा २६ बमोजिम सरकारी रकम मस्यौट भएको देखिएमा प्रचलित कानून बमोजिम सो मस्यौट गर्ने उपर आवश्यक कारवाही गर्नु गराउनु पर्ने उल्लेख छ। गाविस सचिव ईश्वर बहादुर सिंहले गाविस खातामा निकासा भएको चालु अनुदान रु ३६३२००।, पुजिगत अनुदान रु २०२६०२३।३४, सामाजिक सुरक्षा अनुदान रु २७९७६००।, गत वर्षको जिम्मेवारी सारेको रु ४५११६७८५ र नगद दाखिला गरेको रु १७१२३। समेत जम्मा रु ५६५५११४।१९ मध्ये गा.वि.स. सचिव इश्वर बहादुर सिंहले गोस्वारा भौचर, विल भरपाई तथा कुनै श्रेस्ता कागजात नराखी पुँजीगत खाताबाट रु. १३०५९६५। र चालु खाता बाट रु. १६६९५३६। समेत रु. २९७५५०१। विभिन्न मितिमा चेक काटी रकम झिकी हिनामिना मस्यौट गरेको देखिन्छ । जिल्ला समन्वय समितिको कार्यालय डोटीको २०७३।१२।१ को निर्णयमा समेत हिनामिना मस्यौट गरेको उल्लेख छ। कानूनले तोके बमोजिमको लेखा श्रेस्ता नराखी सरकारी रकम हिनामिना मस्यौट गरेकोले प्रचलित कानून बमोजिम कारवाही गरी रु. २९,७५,५०१।- असुल उपर हुनुपर्दछ।

१२.४ **दाखिला प्रतिवेदन** :- स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २१२(१) मा कार्यालयले खरिद गरेको जिन्सी सामान मूल्य समेत खुलाई आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । कार्यालयले रु २३०५२० का विभिन्न सामानहरु खरिद गरेकोमा दाखिला प्रमाण पेश गर्नुपर्दछ।

१२.५ **घटि करः** मिति २०७४।२।२, वानडुग्रीसैन जिजोडामाण्डौ सडकमा भुक्तानी भएको(उ.स. अध्यक्ष लक्ष्मिराज पन्त) ईन्धनको विल भ्याट बाहेक १९७९८९।५० मा लाग्ने आय कर रु २९७०। मध्ये ६८६। कर दाखिला भएकोमा बाकी रकम रु २२८४। असुल गरी दाखिाला हुनु पर्दछ।

१२.६ **वढी भुक्तानीः** मिति २०७४।१।२९, दै.भ्र.भ. वापत रु १९२००। भुक्तानी हुनु पर्नेमा रु २०१००। भुक्तानी भएकोले बढी भुक्तानी रु ९००। असुल गरी दाखिला हुनु पर्दछ।

१२.७ **भाडा कर** : मिति २०७४।२।२२, सामान ढुवानी वापत गाडी चालक विरबहादुर बलायरलाई रु ६०००। भुक्तानी गर्दा बहाल कर कट्टी नगरेकोले रु ६००। असुल गरी दाखिला हुनु पर्दछ।

१२.८ मिति २०७४।३।२२, सिताराम क्याम्पसले ढङ्गा गीट्टी ढुवानी वापतको रु १०००००। को विल भपाई पेश गरी भुक्तानी गर्दा बहाल कर कट्टी नगरेकोले रु १००००। असुल गरी दाखिला हुनुपर्दछ।

१२.९ **डोर हाजीरः** मिति २०७४।३।२५, वानडुग्रीसैन जिजोडामाण्डौ सडकको रकम उपभोक्ता समितिलाई रु ३१०००। भुक्तानी गर्दा विल भपाई कम भएकोले रु ७८००। को डोरहाजिरी फाराम पेश हुनुपर्दछ।

१२.१० मिति २०७४।३।२५, मा बछेडा सिचाई कुलो निर्माण उपभोक्ता समितिलाई रु ५३०००। भुक्तानी गर्दा सिमेन्ट खरिद गरेको रु १९०००। को कर कट्टी नभएकोले रु २८५। असुल गरी दाखिला हुनुपर्दछ।

१०.१२ मिति २०७४।३।२५,मा कार्यालय सामान खरिद गरेको विल बमोजिम रु ४८७०। भुक्तानी गर्नु पर्नेमा रु ४९९०। भुक्तानी गरेकोले बढी भुक्तानी रु १२० असुल गरी दाखिला हुनुपर्दछ। साथै अग्रिम आय कर रु ७४। असुल गरी दाखिला हुनुपर्दछ।

११ **वनलेक गाँउ विकास समितिः** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,

११.१ **अग्रिम कर** : कृष्ण ट्रेर्डस धनगढीबाट २०७३।६।१४ मा साइकल खरिद गर्दा कर कट्टा नगरेको र वनलेक स्वास्थ्य चौकीको फ्रिज खरिद गर्दाको तथा कार्यालय सामानमा कर कट्टा नगरेको समेत रु ५९४ दाखिला हुनुपर्दछ।

११.३ **दाखिला प्रतिवेदन** :- स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २१२(१) मा कार्यालयले खरिद गरेको जिन्सी सामान मूल्य समेत खुलाई आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । कार्यालयले कार्पेट, टेवुल, कुर्सि खरिद गर्दा रु ५५९७४ खर्च गरेकोमा जिन्सी दाखिला नगरेको दाखिला प्रमाण पेश गर्नुपर्दछ।

१२ **लाटामाण्डौ गाँउ विकास समितिः** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,

१२.१ **भाडाकर** आयकर २०५८ को दफा ८८ बमोजिम भाडामा कर कट्टा गर्नुपर्ने व्यवस्था छ। सडक निमार्ण कामको लागि जे.सि.वि भाडामा लिएकोमा ढुवानी कर कट्टा गरी रु ४५००० राजश्व दाखिला हुनु पर्दछ।

१२.२ **आन्तरिक आम्दानीः** लाटामाण्डौ गाविसको आन्तरिक आम्दानी रु ५७८६१। न.पा.मा दाखिला गर्नु पर्नेमा गरेको देखिएन।

१२.३ **उपस्थितिः** मिति २०७४।२।३१, बाट पुर्ण खोप कार्यक्रम सम्पन्न गर्न रु २०,०००। खर्च भएको को विल राखि भुक्तानी गरेकोमा सो कार्यक्रमको प्रस्ताव तथा बैठक को उपस्थिति निर्णय पेश वेगर खर्च लेखेको छ ।

१२.४ **दाखिला प्रतिवेदन** :- स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २१२(१) मा कार्यालयले खरिद गरेको जिन्सी सामान मूल्य समेत खुलाई आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । कार्यालयले सोनी क्यामरा, डेस्क वेञ्च आदि रु. २८६१३०। सामान खरिद गरेकोमा दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

१२.५ **वढी भुक्तानीः** मिति २०७४।२।१९, बाट वडा सचिवलाई भ्रमण भत्ता वापत रु १२८००। भुक्तानी गर्दा कार्यालय फर्केको दिनको १/४ रकम भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी रु ६००। असुल गरी दाखिला हुनुपर्दछ ।

१२.६ **कार्यसम्पन्नः** मिति २०७४।३।७, बाट राधाकृष्ण माविलाई रु २५००००। भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदन बमोजिम रु ७१०१६। विल भपाई पेश नभएकोले पेश हुनुपर्दछ ।

१२.७ **विल भरपाईः** मिति २०७४।३।२५ बाट दलित सिप विकास कार्यक्रमको रकम भपाई खडक बादीलाई रु २००००। भुक्तानी गर्दा ४७०५। को मात्र विल भपाई पेश भएकोले रु १५२९५। को विल भपाई र सो कार्यक्रमको प्रस्ताव समेत पेश हुनुपर्दछ ।

१२.८ **दाखिला प्रतिवेदनः** मिति २०७४।३।२५, बाट शारदा आवाशिय विद्यालयले खरिद गरेको खेलकुद सामाग्रीको रु ७०००। भुक्तानी गर्दा खरिद आदेश र दाखिला प्रतिवेदन पेश हुनुपर्दछ ।

१२.९ **कार्यसम्पन्नः** मिति २०७४।३।२५,बाट सिताराम क्याम्पसको खेलमैदान सम्याउने कामको रु ५००००। भुक्तानी भएकोमा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

१२.१० **दाखिला प्रतिवेदनः** मिति २०७४।३।२५, बाट वाईफाई खरिद गरी रु २६९९६। भुक्तानी गरेकोले सो को खरिद आदेश तथा दाखिला प्रतिवेदन पेश हुनुपर्दछ ।

१३ **मुडेगाउँ गाउँ विकास समितिः** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,

१३.१ **निर्णय नभएकोः** मिति २०७३।६।१७ मा गोविन्द बहादुर बोगटीलाई आर्थिक सहयोग वापत रु ५०००। उपलब्ध गराउंदा गाविसको निर्णय भएको नदेखिएको ।

१३.२ **दाखिला प्रतिवेदन** :- स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २१२(१) मा कार्यालयले खरिद गरेको जिन्सी सामान मूल्य समेत खुलाई आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । कार्यालयले शैक्षिक सामाग्री तथा विभिन्न सामान रु. १३४९००। खरिद गरेकोमा दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

१४ **तिजाली गाँउ विकास समितिः** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,

१४.१ **असुलीः** मिति २०७३।६।१३ र मिति २०७३।७।४, बाट विलहरु केरमेट गरी परिमाण र रकम अंक सच्चाई बढी भुक्तानी लिएको रु १७००। असुल हुनुपर्दछ ।

१४.२ **प्रमाणः** मिति २०७४।३।१८, बाट संचयकोष कट्टी रु २१०००। र सामाजिक सुरक्षा कर कट्टी रु १०५०। समेत २२०५०। दाखिला गरिएको भनी खर्च लेखेको रकमको भौचर फाटवारी पेश नभएकोले प्रमाण पेश गरी नियमित गर्ने अन्यथा गाविस सचिव सोनु कुमारबाट असुल गरी दाखिला गर्नु पर्दछ ।

१४.३ **वैक भौचरः** मिति २०७४।३।२५, बाट पारिश्रमिक कर रु २५५०।, अग्रिम कर रु ६६४५। समेत रु ९१९५। दाखिला गरेको बैक भौचर पेश नभएकोले प्रमाण पेश गर्नु पर्दछ ।

१४.४ **दाखिला प्रतिवेदन :-** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २१२(१) मा कुनै पनि कार्यालयले खरिद गरेको जिन्सी सामान मूल्य समेत खुलाई आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । कार्यालयले रु.१३४९०० को सामान खरिद गरेकोमा दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

१५ **मुडभरा गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

१५.१ **सामाजिक सुरक्षा करः** मिति २०७४।३।२, २५ औ गाउँ परिषद्को निर्णय बमोजिम माडीगाड मुडभरा खानेपानी हेरालु वापत मासिक रु ४०००। ले १ वर्षको पारिश्रमिक भुक्तानी गर्दा सामाजिक सुरक्षा कर रु ४८०। कर कट्टी नभएकोले असुल गरी दाखिला हुनु पर्दछ ।

१५.२ **वढी भुक्तानीः** मिति २०७४।३।२०, अदुवा खेती कार्यक्रममा अदुवाको विउ खरिद गरेको भपाई बमोजिम रु २५९६०। भुक्तानी गर्नु पर्नेमा रु २७०००। भुक्तानी गरेकोले बढी भुक्तानी रकम रु १०४०। असुल हुनु पर्दछ ।

१५.३ **दाखिला प्रतिवेदन** :- स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २१२(१) मा कुनै पनि कार्यालयले खरिद गरेको जिन्सी सामान मूल्य समेत खुलाई आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । कार्यालयले स्टील दराज तथा विभिन्न सामान रु. १८४६००। मा खरिद गरेकोमा दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

१५.४ **भपाईः** मिति २०७४।३।१८ मा अपाङ्ग सेवा संघ मुडभरालाई अपाङ्गहरुका लागि सञ्चालित विभिन्न कार्यक्रमहरुको रु २०३०००। भुक्तानी गरेकोमा सो सम्बन्धि प्रश्ताव र १३ जनालाई राहत रकम विवरण गरेको २६०००। को भर्पाई पेश हुनु पर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु ५९ लाख ६१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु३४ लाख ७४ हजार, नियमित गर्नुपर्ने रु.२४ लाख ७१ हजार र पेश्की रु १६ हजार रहेको छ ।

# पूर्वीचौकी गाँउपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.२ लाख २५ हजार र यो वर्ष आय रु.९ करोड ८८ लाख ९२ हजार समेत रु९ करोड ११ लाख १७ हजार आम्दानी भएकोमा रु ८ करोड ९६ लाख २१ हजार खर्च भई रु९४ लाख ९६ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

**१.** **वित्तीय जवाफदेहिता-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ र ९५ मा वमोजिम वित्तिय जवाफदेहिता तथा आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दाकार्यक्रम सञ्चालनको अनुगमन तथा सुपरीवेक्षण उच्च तहबाट नभएको, अन्तिम लेखापरीक्षण हुनुपूर्व नै आन्तरिक लेखापरीक्षणको बेरुजू फछ्र्यौट नगरेको, गाउँपालिका अर्न्तगत साविक गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, सेवा प्रवाहमा नागरिक सूचनाको लागि हेल्प डेस्क नराखेको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने गरेको, वार्षिक खरिद योजना तयार नगरेको अवस्थाले प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

२. **वचत रकम दाखिलाः** कार्यालयबाट प्राप्त सामाजिक सुरक्षा भत्ता खर्चको विवरण अनुसार गाउँ विकास समितिले सामाजिक सुरक्षा भत्ता वितरण गरी बचत रकम रु. ५४१०५२। गाउँपालिकाको सञ्चित कोषमा राखेकोले उक्त रकम बेरुजु खातामा दाखिला गर्नुपर्दछ ।

३. **सम्पत्ति हस्तान्तरणः** वडा कार्यालयहरुको विपत व्यवस्थापन कोष तथा कर्मचारी कल्याण कोष को रकम गाउँपालिकामा फिर्ता गरि उक्त कोष को व्यवस्थापन तथा सञ्चालन गर्नुपर्ने साथै वडा कार्यालयहरुको भौतिक तथा अन्य सम्पत्तिलाई गाउँपालिकामामा दाखिला गरी वडा कार्यालयहरुलाई हस्तान्तरण गर्ने कार्य हालसम्म भएको छैन ।

४. **खिरसैन गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

**४.१.** **व्यक्तिगत प्रयोजनको खर्चः** व्यक्तिगत प्रयोजनमा खर्च भएको सचिव शुसिला चौधरी व्यक्तिगत रिचार्ज कार्ड रु ५०००। खर्च लेखेकोमा व्यक्तिगत प्रयोगको रिचार्ज कार्ड खर्च रकम असुल हुनुपर्दछ ।

**४.२.** **विलभरपाईः** २०७४।०३।२७ खिरसैन स्वास्थ्य चौकी लाई २०७३ मंसिर २५ गते पुर्ण खोपको लागि रु १,००,०००। भुक्तनी भएकोमा विल भरपाई पेश नभएको साथै ३९ मिति २०७४।०३।२७ शाजेन्द्रश्वर उ.मा.वि लाई छाउपडि तथा वालविवाह सम्बन्धी तालिम सञ्चालनमा रु ५००००। खर्च लेखिएकोमा उक्त विल भरपाई ४३७५०। मात्र गरेकोले विल भरपाई वेगरको खर्च रु ६३५०। असुल हुनुपर्दछ

**४.३.** **जिन्सी दाखिलाः** मिति २०७४।०३।२७ मा कम्प्युटर डेस्कटप खरिद र मर्मत रु ४५,५००। जिन्सी दाखिला गरेको नदेखिएकोले दाखिला प्रमाण पेश हुनुपर्दछ ।

**४.४.** **कर दाखिलाः** २०७४।०३।२७ मा महिला अधिकार भवन मञ्च मर्मतका लागि इष्टिमेट, नापि किताब र कार्यसम्पन्न प्रतिवेदनमा जस्ता पाता, रंगरोगन गर्ने १४४ स्क्वायर फिट खरिद गरेकोमा उक्त भवन मर्मतका लागि लु १ च. ७१६१ उदय सिंह खड्का ५०००। लु १ च ६०६१ बाट सामान ढुवानी र राम व. थापा ९०००। बालवा ढुवानी गर्दा कर कट्टा नगरेकोले भाडा कर रु १४००। असुल हुनुपर्दछ । २०७४।०३।२७ शाजेन्द्रश्वर उमावि अतिरिक्त कक्षा सञ्चालन गरे वापत विभिन्न ६ जना शिक्षकहरुलाई जनही रु. १६६६७। को दरले भुक्तानी गरेकोमा १५ प्रतिशत कर रु. १५०००। असुल गरी दाखिला गर्नु पर्दछ । मिति २०७४।०३।२३ विद्यालय स्तरिय हाजिरी जवाफ प्रतियोगितामा प्रश्न पत्र निर्माण, निर्णायक र व्यवस्थापन कार्य वापत रु ९०००। भुक्तानी गर्दा १५ प्रतिशत का दरले १३५०। असुल हुनुपर्दछ ।

**५.** **बगलेख गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

५.१. **व्यक्तिगत प्रयोजनः** मिति २०७४।०३।३० महिला स्वास्थ्य स्वयं सेविकाको लागि ९ वटा सामसङ मोवाइल खरिद गरेकोमा सो जिन्सी दाखिला नभएकोले व्यक्तिगत प्रयोगको सामान खरिद गरेको र सामान दाखिला समेत नभएकोले रु २२,०५०। नियमित हुनुपर्दछ ।

५.२. **अग्रिम करः** २०७४।०३।३० विद्युत पोल खरिद गरी उ.स. अध्यक्ष भिम ब. ठकुल्ला लाई ६,६३,७१६। भुक्तानी गरेकोमा पोलहरु सम्बन्धित स्थानमा पुर्याएको प्रमाण पेश नभएको साथै अग्रिम कर कट्टी एवं दाखिला नगरेको रु ९,९५६। असुल गरि दाखिला हुनुपर्दछ । मिति २०७३।३।३०, सिलगढी मेल्लेख निर्माण सडक निर्माण उ.स. अध्यक्ष तेज ब. साउँदले सडक निर्माण गर्दा प्रयोग गरेको मेशिनरी औजार प्रयोग वापत लाग्ने भाडा कर रु ५५०५। असुल गरी दाखिला हुनुपर्दछ ।

६. **गैरागाउँ गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

६.१. **कामको प्रभावकारीताः** मिति २०७४।०३।२६ जनजाती उपभोक्ता समिति गैरागाउं जनजाती बस्तीमा विद्युत लाईन विस्तार कार्य गर्न, नापि किताव र कार्यसम्पन्न प्रतिवेदनमा १२ वटा खरिद गरी राख्नुपर्नेमा गर्नुपर्नेमा ३ वटा पोल खरिद भई विल पेश भएकोले कामको गुणस्तर एवं कार्यक्रमको प्रभावकारीता मुल्यांकन हुनुपर्दछ ।

६.२. **जिन्सी दाखिलाः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम अनुसार खरिद गरिएको मालसामान दाखिला गर्नुपर्ने व्यवस्था छ । गैरागाउँ गा.वि.सले मिति २०७३।०३।२६ एन.एस ट्रेडलिंक दिपायलबाट ७० सेट डेस्क बेञ्च खरिदमा रु ३,००,०००। भुक्तानी गरेकोमा परोपकार आधारभुत विद्यालय र भागेश्वर मा.वि .ले जिन्सी दाखिला नगरेको, सानागाउँले २०७४।०२।०७ बाट पशु सेवा केन्द्र सानागाँउ डोटीको च.नं. ४१ मिति २०७३।१२।१४ को पत्र साथ पेश गरेको न्यु जोशी एग्रोभेट सेन्टर सानागाँउ को विल बमोजिमको औषधी रु ५०००० को जिन्सी दाखिला नगरेको, पोखरी गा.वि.सले मिति २०७४।३।२० बाट विभिन्न सामान खरिदमा रु. १३,८४०। भुक्तानी गरेकोमा उक्त सामान जिन्सी दाखिला गरेको नदेखिएको २०७४।०३।२७ को स्वास्थ्य चौकी पोखरीको च.हि.नं.१०७ मिति ०७४।३।१९ खडका मेडिकल डिष्टीव्युटर्स दिपायलको रु. १,००,०००।० सामान खरिद वापत भुक्तानी गर्दा जिन्सी दाखिला नभएकोले रु. १,००,०००। का सामान समेत जिन्सी दाखिला हुनुपर्दछ प्रमाण पेश हुनु पर्दछ ।

६.३. **अग्रिम करः** ढुवानी भाडा वापत रु. ९००००। भुक्तानी गरेकोमा रु. ९०००। कर असुल गरी दाखिला गर्नुपर्दछ ।

६.४. **दाखिला प्रतिवेदनः** मिति २०७४।२।५ आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ५७(४) बमोजिम हस्तान्तरण गरी पठाएकोमा प्राप्त गर्ने कार्यालयले दाखिला गरी दाखिला प्रतिवेदन साविक कार्यालयलाई दिनु पर्ने व्यवस्था छ । वन्दना एस.टेर्डस बाट सिलाई मेसिन १२ थान प्रति थान रु.४,४२४।७० ले हुने रु. ५३,०६६।४० खरिद गरी क्षेत्रीय घरेलुलाई हस्तान्तरण गरेकोमा घरेलु समितिबाट दाखिला रिपोर्ट प्राप्त गरेको देखिएन ।

७. **पेश्की :** सानागाँउ गाँउ विकास समितिको कार्यालयले २०७४।३।२३ स्वेता ट्रेडर्स, धनगडीलाई मोटरसाइकल खरिदको लागि रु. १,३५,०००। पेश्की दिएकोमा आ. व. को अन्तसम्म फछ्र्यौट नगरेकोले पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

**८. काडामान्डौ गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

८.१. **विल भरपाईः** मिति २०७४।०१।१६ आदिवासी जनजाती कार्यक्रममा भरत आले मगरलाई परिषदको निर्णय अनुसार सेती प्राविधिक शिक्षालय डोटीको फोटोकपी विलको आधारमा रु.७०,००० तथा ९वटा वडामा पुर्ण खोप कार्यक्रमको लागि स्वास्थ्य चौकी काडांमान्डौलाई २,१९,०००। खातामा जम्मा गरेकोमा फोटोकपी विल मात्र पेश भएकोले स्वास्थ्य कार्यालयबाट पनि यस्तो खर्च व्यहोर्नुपर्ने हुदा स्वास्थ्य तर्फ र गाविस तर्फ सक्कल कागजात पेश हुनुपर्दछ ।

८.२. **मु.अ.कर विजकः** मिति २०७४।०२।३० महिला सामुदायिक भवन कार्यको लागि रु २५,०००। भन्दा बढीको खरिदमा मु.अ.कर दर्तावालासंग खरिद गर्नुपर्नेमा पशुपति ट्रेडर्स एण्ड सप्लायर्सवाट सिमेन्ट रु.४९,५००।, डन्डी ८५,२००। र अन्य सामान ४०००। समेत गरि जम्मा १४८७००। को सामान खरिद गरेकोले मु.अ.कर विजक पेश नभएकोले उक्त खर्च नियमित हुनुपर्दछ ।

८.३. **दोहोरो तलवः** मिति २०७४।३।२५ र मिति २०७४।०१।२६ बाट चैत्र र बैशाख महिनाको तलव भुक्तानी भइसकेकोमा पुनः मिति २०७४।०३।२५ बाट का.स. जहरि साउंदलाई चैत्र देखी आषाढ सम्मको पुरै तलव भुक्तानी गरेकोले चैत्र र वैशाखको तलब दोहोरो भुक्तानी भएको रु ३९,२६४। असुल हुनुपर्दछ ।

८.४. **अग्रिम करः** मिति २०७४।०३।३० चिनेकोट काडामान्डौ ग्रामिण सडक मोटर बाटो खन्न डोजर धनी विर्ज वहादुर खड्कालाई रु ८०,०००। भुक्तानी भएकोमा भाडा कर रु.८०००। तथा जे.भी आयल स्टोर बाट रु. ६२८००। डिजल खरिद गरेकोमा अग्रिम कर रु. ९४२। समेत रु. ८९४२। असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

**९. गाँजरी गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्, ।**

९.१. **कर्मचारी कल्याणः** २०७४।०३।२३ का.स. हरी प्रसाद थापाको कर्मचारी कल्याण कोष बापत एक महिनाको रु १७,३१२।० साविक गाँजरी गा.वि.स.को खातामा जम्मा गरेकोले गत विगतको समेत कर्मचारी कल्याण कोष को रकम गाउँपालिका मा ट्रान्सफर गर्नुपर्ने रु.१७,३१२।० र गा.वि.स. स्तरीय दैवी प्रकोप उद्दार खातामा रु. ५०,०००।० दाखिला गरेकोले गत विगत बर्षको हिसाब यकिन गरी गाउँपालिकाको स्थानिय खातामा ट्रान्सफर गर्नु पर्दछ ।

९.२. **उद्देश्य विपरित खर्चः** पूर्वीचौकी गाउँपालिका वडा नं. ६ मा स्वच्छ बालबालिका पोषण वितरण कार्यक्रमको लागि परिषदको निर्णय अनुसार रु. १,००,०००।० बजेट व्यवस्था छ । बालबालिकाको पोषण कार्यक्रम संचालन गर्न दिएको रकमबाट आमा समुहहरुलाई पोषण सम्बन्धी तालिम दिई कर्मचारी को

खाना खर्चमा मात्र खर्च गरेकोले कार्यक्रम उदेश्य अनुसार १०००००। खर्च गरेको नदेखिएकोले खर्च नियमित हुनु पर्दछ ।

९.३. **विलभर्पाइ :** मिति २०७४।३।२५ गाँउ परिषदको निर्णयअनुसार विद्यालय बालिकाहरुलाई महिनावारी सेनेटरी प्याड खरिद तथा वितरण गर्न रु. २०,०००।० बजेट व्यवस्था गरेको छ । मिति २०७४।३।१० को विद्यालयको निर्णय अनुसार शिसु सुधार मा.विका शिक्षक श्री सुर्य थापालाई उक्त रकम भुक्तानी गरिने निर्णय छ । निज शिक्षकले २०० प्याडको रु. १००।० को दरले रु. २०,०००।० बिल पेश गरेको तर उक्त सेनेटरी प्याड विद्यालयमा बालिकाहरुलाई वितरण गरेको नदेखिएको र विद्यालयले समेत कार्य सम्पन्नको व्योहोरा प्रमाणित नगरेकोले खर्च नियमित देखिएन । उक्त खर्च नियमित हुनुपर्दछ ।

१०. **हिनामिना मस्यौटः** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १० बमोजिम जिम्मेवार व्यक्तिले प्रत्येक कारोवार स्पष्ट देखिने गरी कानूनले तोके बमोजिमको रित पुर्‍याई लेखा तयार गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा २६ बमोजिम सरकारी रकम मस्यौट भएको देखिएमा प्रचलित कानून बमोजिम सो मस्यौट गर्ने उपर आवश्यक कारवाही गर्नु गराउनु पर्ने उल्लेख छ । पुर्वीचौकी गाउंपालिका अर्न्तगत वडा नं. ७ साविक पोखरी गा.वि.स. को कार्यालयको २०७३ साल श्रावण १ गते देखि २०७३ साल फागुन २७ गते सम्म नेपाल सरकार चालु अनुदान रु.१८१६००।, पुँजीगत अनुदान रु ११६८१७२।५०, सामाजिक सुरक्षा भत्ता रु. २४९४४००। र गत वर्षको मौज्दात रु. ९९६८।६९ समेत जम्मा रु.३८५४१४१।१९ निकासा मध्ये वैंकमा रहेको रु.९३९८।१९(जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाको प्रतिवेदन) घटाई रु.३८४४७४३। को गोश्वारा भौचर, विल भरपाई एवं श्रेस्ता केही नराखी गाविस सचिव इश्वर बहादुर सिंहले रु. ३८४४७४३। हिनामिना मस्यौट गरेको देखियो । यस सम्बन्धमा पुर्वीचौकी गाउपालिका कार्यालयले सामाजिक सुरक्षा खर्चको विवरणमा हिनामिना गरेको उल्लेख गरेको तथा जिल्ला समन्वय समितिको कार्यालय डोटीको २०७३।१२।१ को निर्णयमा समेत हिनामिना मस्यौट गरेको उल्लेख गरेको देखिन्छ । कानूनले तोकेबमोजिमको लेखा श्रेस्ता नराखी सरकारी रकम हिनामीना गरेकोले प्रचलित कानून बमोजिम कारवाही गरी रु.३८४४७४३। असुल उपर हुनुपर्दछ ।

११. **पोखरी गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन् ।**

११.१. २०७४।३।२९ मा नेपाल पत्रकार महासंघ जिल्ला शाखा डोटीलाई भवन निर्माणका लागि निर्माण सामाग्री वापत वि. एवं ट्रेडर्स एण्ड सप्लायर्स दिपायलको विल राखि रु. १०,०००। भुक्तानी गरेकोमा सामानको विवरण नखुलेकोले खरिद सामान यकिन गरी नियमित हुनुपर्दछ ।

११.२. **कल्याण कोषः** ०७४।०३।२९ को कर्मचारी कल्याण कोष खातामा रकम जम्मा गर्नु पर्नेमा खड्के दमाई उल्लेख भएकोले यकिन गरी कल्याण कोषमा जम्मा गर्नु पर्ने रु. १०,०००। असुल गरी दाखिला हुनुपर्दछ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु.५८ लाख ८५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु४४ लाख ९८ हजार, नियमित गर्नुपर्ने रु१२ लाख ५२ हजारर पेश्की रु १ लाख ३५ हजार रहेको छ ।

# बडीकेदार गाउँपालिकाको कार्यालय

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु २८ हजार र यो वर्ष आय रु.५ करोड ९५ लाख ७३ हजार समेत रु.५ करोड ९६ लाख आम्दानी भएकोमा रु.३ करोड ८३ लाख २५ हजार खर्च भई रु.२ करोड १२ लाख ७५ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **वित्तीय जवाफदेहिता-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ र ९५ मा वमोजिम वित्तिय जवाफदेहिता तथा आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दाकार्यक्रम सञ्चालनको अनुगमन तथा सुपरीवेक्षण उच्च तहबाट नभएको, अन्तिम लेखापरीक्षण हुनुपूर्व नै आन्तरिक लेखापरीक्षणको बेरुजू फछ्र्यौट नगरेको, गाउँपालिका अन्तर्गत साविक गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, सेवा प्रवाहमा नागरिक सूचनाको लागि हेल्प डेस्क नराखेको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने गरेको, वार्षिक खरिद योजना तयार नगरेको अवस्थाले प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

२. **जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण -** आर्थिक कार्यविधि नियमावली, २०६४ का नियम ३३(२) मा कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी, गराई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन ।

३. **वढी भुक्तानी:** मिति २०७४।३।९ बाट ना.सु. चेतराज भट्ट बडीकेदार गाउँपालिकामा रा. प. अन. द्वितिय बाट सोही गा. पा.को रा.प. अन. प्रथममा बढुवा भई कार्यरत रहेकोमा आफ्नो र परिवारको दै. भ्र. भत्ता रु १९७००। भुक्तानी गरेकोमा एकै स्थानमा नियुक्ति हुँदा उक्त भ्रमण खर्च नपाउने हुँदा असुल गर्नु पर्दछ ।

४. **कारोबारको लेखा** -कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका चारवटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी, पेश्की बाँकीको विवरण नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित गरेको देखिएन । जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन । यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ ।

५. **लानाकेदारेश्वर गाँउ विकास समिति: लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

५.१ **बढी भुक्तानी -** स्वीकृत जिल्ला दररेट अनुसार ज्यामिज्याला भुक्तानी गर्नुपर्दछ । योजनाहरु सम्पन्न गर्न लागत अनुमान, डोर हाजिरी फाराम, कार्यसम्पन्न प्रतिवेदन अनुसार जिल्ला दररेट अनुसार ज्यामी ज्याला रु. ४५०। भुक्तानी गर्नुपर्नेमा मानिस/दिन एवम दर फरक पारी विभिन्न ४ उपभोक्ता समिति तथा विद्यालयलाई रु.५०३५०। वढी भुक्तानी असुल हुनुपर्दछ ।

५.२ **कार्यसम्पन्न प्रतिवेदन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा १५५(५)(घ) अनुसार नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । ग्रामीण जलश्रोत व्यवस्थापन सँग सम्झौता गरी भुक्तानी गरेको रु ४००००० को कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ ।

५.३ **फरक कार्यमा भुक्तानी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ (३) अनुसार जुन कार्यक्रमको लागि बजेट स्वीकृत भएको हो सोही कार्यक्रममा खर्च गर्नुपर्दछ । मिति २०७४/२/११ मा केदारेश्वर मा. वि. रनतोलालाइ खेलकुद कार्यक्रममा रू २५००० निकासा भएकोमा खाध्यान्न सम्बन्धी मोटा चामल, तरकारी, मसला जस्ता सामानमा रू २५०००.खर्च गरेकोले नियमित हुनुपर्दछ ।

५.४ **विलभरपाई:** मिति २०७४।३।२६ महिला स्वयंसेविका भनि रु. ५०,०००। भुत्तानी भएकोमा उक्त खर्चको विल भरपाई पेश हुनुपर्दछ साथै मिति २०७४।३।३० बाट शंकर थापाको रु. १३२९००। को पेश्की फछ्र्यौट भएकोमा उक्त रकमको विल भरपाई पेश हुनपर्दछ ।

५.५ **जिन्सी दाखिला -** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २१२(१) मा कार्यालयले खरिद गरेको जिन्सी सामान मूल्य समेत खुलाई आम्दानी बाँध्नु पर्ने र नियम २१७ (४) अनुसार हस्तान्तरण गर्नुपर्ने सामान अभिलेख खडा गरी हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पशु सेवा केन्द्र

लानामार्कोटले अफिस टेबल, काठको कुर्सी, स्टील दराज र विभिन्न औषधिहरु समेत रु.५६०००। मा खरिद भएकोले उक्त सामान जिन्सी दाखिला नहुनुको साथै हस्तान्तरण समेत गरेको देखिएन ।

६ **घाङल गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

६.१ **विलभरपाईः** अर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ उपनियम ३ बमोजिम बिल भर्पाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ परम्परागत सांस्कृतिक कार्यक्रम गराउन घाङल ४ का मेला समितिका अध्यक्ष कविराम बुढा मगरलाइ रू १००००। भुक्तानी भएकोमा बिल भर्पाइ पेश नगरेकोले असुल हुनु पर्दछ ।

६.२ **अग्रिम करः** मिति २०७३।११।२३ , आग्रम कर ऐन २०५८ को दफा ८८ बमोजिम कर कट्टा गर्नुपर्ने व्यवस्था अनुसार वडा नागरीक मञ्च व्यवस्थापनका ९ जना पदाधिकारीहरुलाई व्यवस्थापन खर्च रु. २५०००। भुक्तानी गरेकोमा कर कट्टा नगरेको रु. ३७५०। असुल हुनुपर्दछ ।

७.१ **असम्बन्धित खर्च – मिति २०७४।२।१० आर्थिक** कार्यविधि नियमावली, २०६४ को नियम ३५(३) अनुसार जुन कार्यक्रमको लागि बजेट स्वीकृत भएको हो सोही कार्यक्रममा खर्च गर्नुपर्दछ । केदारेश्वर माध्यामिक विद्यालयलाइ स्रोत केन्द्र स्तरिय खलकुद प्रतियोगिताका लागि बजेट निकासा गएकोमा मास दाल मुसुर दाल, लगायत अन्य दश आइटमका सामान खरिद बापत रू१५०००। खर्च लेखेकोमा नियमित हुनु पर्दछ ।

७.२ **जिन्सी दाखिला** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २१२(१) मा कार्यालयले खरिद गरेको जिन्सी सामान मूल्य समेत खुलाई आम्दानी बाँध्नु पर्ने र नियम २१७ (४) अनुसार हस्तान्तरण गर्नुपर्ने सामान अभिलेख खडा गरी हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । विभिन्न ४ विद्यालय तथा १ पशु सेवा सम्पर्क केन्द्रलाई खरिद भएका रू.९२१७५। का सामानहरू जिन्सि दाखिला नभएको र हस्तान्तरण समेत भएको देखिएन

७.३ **खर्चको वास्तविकताः** मिति २०७४।३।२२ सुनालेक गाउँ घर_किल्निक भवन निर्माणमा रु. १०००००। भुक्तानी गरेकोमा उक्त रकमको लगत इष्टमेट र खरिद सामानको विल भरपाई फरक भएको हुदा खर्चको वास्तविकता यकिन हुन सकेन ।

८ **बर्छेन गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

८.१ **जिन्सी दाखिला** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २१२(१) मा कुनै पनि कार्यालयले खरिद गरेको जिन्सी सामान मूल्य समेत खुलाई आम्दानी बाँध्नु पर्ने र नियम २१७(४) अनुसार हस्तान्तरण गर्नुपर्ने सामान अभिलेख खडा गरी हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ३ विद्यालय, १ पशु स्वास्थ्य केन्द्र लगायतलाई ल्यापटप, मोवाइल फोन, कार्पेट लगायतका रु.२२८१४५। का सामान जिन्सी दाखिला नगरेको र हस्तान्तरण पनि गरेको देखिएन ।

८.२ **कार्य सम्पन्न प्रतिवेदन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा १५५(५)(घ) अनुसार नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्लेट ढुंगाको काम, भान्सा घर मर्मत कामको कार्यसम्पन्न र नापी किताव पेश नभएकोले रु.१०५७६७। पेश हुनु पर्दछ ।

८.३ मिति २०७४।३।२१ बाट जेष्ठ नागरीक सम्मान को लागि रु ५०,०००। खर्च लेखेकोमा जेष्ठ नागरीकको उपस्थिती एवं नाम नामेसी विवरण वेगर खर्च प्रष्ट हुन सकेन ।

९ **मान्नकापडी गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

९.१ **आम्दानीः** गा.वि.स. ले यो आ.व.मा नगदी रसिदबाट आम्दानी गरेको देखाएको छैन । गा.पा.ले गाविसको रकम प्राप्त गरे नगरेको यकिन गर्नु पर्ने देखिन्छ ।

९.२ मिति २०७४।३।२५ वाट बल्लेजुडी वाल शिक्षा उ.स. अध्यक्ष मान बहादुर मौनीलाई रु. ५०,०००।भुक्तानी भएकोमा सो रकमको को इष्टिमेट , नापी किताव र कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ ।

९.३ मिति २०७३।१०।२८ बाट गाविस स्तरिय खेलकुदमा रु. ७७,०००। को सामान खरिदमा अग्रीम कर रु. ११५५। कट्टा नगरेकोले असुल हुनु पर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु १३ लाख ९० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ८५ हजार, नियमित गर्नुपर्ने रु.१३ लाख ५ हजार रहेको छ ।

# जोरायल गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु १ लाख ३१ हजार र यो वर्ष आय रु ८ करोड २८ लाख ४० हजार समेत रु८ करोड २९ लाख ७१ हजार आम्दानी भएकोमा रु८ करोड १७ लाख ५१ हजार खर्च भई रु.१२ लाख २० हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्।

**गडसेरा गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

१. **तलव ग्रेडः** कार्यालय सहयोगी विर बहादुर बोगटीलाइ श्रावण देखी कार्तिक सम्म तलव रु. २४८०।, र ग्रेड रु.६६६०। को दरले भुक्तानी गरकोमा मार्ग देखी आषाढ सम्म तलव रु. १०३८४। र ग्रेड रु. ६६०। का दरले तलवमा बढी रु.७२३२। र ग्रेडमा रु २४००। र कल्याण कोषमा थप गरेको रु ९६६।२० समेत रु. १०५९५।२० भुक्तानीको आधार प्रमाण पेश नगरेकोले प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गर्नुपर्दछ।

२. **गाँउ विकास समिति गडसेराः** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्।

२.१ **कार्यक्रम वेगर खर्चः** महिला सिपमुलक कार्यक्रमको लागी उपभोक्ता समिति सँग भएको सम्झौता बमोजिम रु. ४९०००। उपभोक्ता समिति अध्यक्ष कल्पना विष्टलाई पेश्की दिदा सम्झौतामा पेश्की दिने व्यवस्था नदेखिएकोले रु. ४९०००। नियमित हुनु पर्दछ। साथै महिला सिपमुलक कार्यक्रमको रकम उपभोक्ता समिति अध्यक्ष धर्मादेवी ओझालाइ सम्झौता बमोजिम रु. ४५०००। पेश्की दिंदा सम्झौतामा पेश्की दिने व्यवस्था नभएकोले कार्यक्रम पेश हुनुपर्दछ।

२.२ आय कर ऐन २०५८ को दफा ८८,८९ मा खर्चको भुक्तानी दिँदा ऐन वमोजिम करकट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। जोरायल वडा नं ५ को कार्यालयले विभिन्न भुक्तानीमा करकट्टा वापत रु २०१९८ राजश्व खातामा दाखिला नगरेकोले उक्त रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ।

२.३ **विलभरपाईः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा खर्चको लेखा राख्दा विलभरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। जोरायल वडा नं ५ को कार्यालयले कार्यालय संचालन तथा प्रसाशनीक खर्चको लागि रु ६५२७११ खर्च लेखेकोमा आवश्यक विलभरपाई नभएकोले विलभरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ

**२.४** **जिन्सी दाखिला :** आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४७ बमोजिम कुनै सामानहरु खरिद गरी वा अन्य निकायबाट प्राप्त सामान ७ दिन भित्र आम्दानी बाधि जिन्सी दुरुस्त राख्नु पर्ने व्यवस्था छ। जोरायल वडा नं ५ को कार्यालयले विभिन्न मालसामान रु १२५००० को खरिद गरेकोमा जिन्सी दाखिला गरेको छैन। अतः नियमावली अनुसार जिन्सी दाखिला गरी आन्तरिक नियन्त्रण प्रणालीलाई वलियो वनाउनु पर्दछ

३. **लक्ष्मीनगर गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय वमोजिम छन्,**

३.१ २०७३।९।४, मा जय मा शैलेश्वरी ट्रेड एण्ड सप्लायर्स सिलगढीको विल नं. २५७ र २७७ बाट १०,०००। मा खरिद भएको सामानको जिन्सी दाखिला गरेको दाखिला प्रतिवेदन पेश गर्नुपर्दछ।

३.२ मिति २०६९।३।२५ र २०७०।३।९ मा २ कर्मचारीलाई सोलार टुकी खरिद र गा.वि.स.मा शौचालय निर्माण गर्न दिएको पेश्की आ.व. को अन्त सम्म पनि फछ्र्यौट नगरेकोले रु. १५९५५०। नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

४. पिनाकेश्वर नमुना महिला वचत तथा सहकारी संस्था लि. र लक्ष्मीनगरको च.नं. २३ मिति २०७४।२।२८ को पत्र साथ प्राप्त खप्तड बाबा स्टिल फर्निचर उद्योग धनगढी कैलालीको विल नं. १२९२ को विल बमोजिमा जिन्सी दाखिला वेगर रु. २०,०००। भुक्तानी गरेकोले दाखिला प्रमाण पेश हुनु पर्दछ। त्यस्तै महिला अधिकार मञ्चलाई वि.नं. १३४ बाट प्लास्टिक कुर्सी १० थान, टेवुल थान १ र कुसन थान १० को रकम भुक्तनी गर्दा जिन्सी दाखिला नभएको रु. १४०००। निरौली गा.वि.सको कार्यालयले विभिन्न मितिमा विभिन्न सामान रु. ३५६०००। मुल्य बराबरका खरिद गरेकोमा ७ विद्यालयको डेस्क वेञ्च जिन्सी दाखिला नगरेको देखिएकोले जिन्सी दाखिला हुनुपर्दछ

४.१ **विलभरपाईः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा खर्चको लेखा राख्दा विलभरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। वडा नं ४ लक्ष्मीनगरले दलित बस्ती खानेपानी अध्यक्ष मिन नेपालीलाई रु. ८५८००। भुक्तानी गर्दा विल भरपाई वेगर रु. ११५००। र वडा नं ३ सरस्वतीनगरले पूर्ण

खोप कार्यक्रमका लागि प्राथमिक स्वास्थ्य केन्द्र जोरायलले पेश्की फछ्र्यौट गर्दा रु. २२०९८। को सामान वितरणको भरपाई पेश नहुनाको साथै अग्रीम कर रु. ६६२। गर्नुपर्ने  तथा र सडक सर्भे गरेको भनी चनकट्टे,बरम, सुनिलेक सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष कमल बहादुर ओलीलाई रु.१,००,०५०। को विल भरपाई  एवं सर्भे प्रतिवेदन वेगर खर्च लेखेको नियमित हुनुपर्दछ ।

५. **छतिवनः गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

५.१ **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ बमेजिम पेश्की फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । साविक छतिवन गा.वि.स को २ जना पदाधीकारीलाई  दिएको पेश्की आ. व.को अन्त सम्म फछ्र्यौट नगरी रु.३०८८७०। बाँकी रहेको छ ।

५.२ **वढी भुक्तानी:**२०७४।२।१० मा इलाका प्रहरी कार्यालय डोटीको प्रतिक्षालय निर्माण गरेको भनी रु ५००००। खर्च गरेकोमा पेश भएको डोर हाजिर फाराम अनुसार स्वीकृत जिल्ला दररेट अनुसार दक्ष ज्यामीको प्रति दिन रु ७५०। दिनुपर्नेमा ८००। दिएकोले १२ दक्ष ज्यामीको ६०० र अदक्ष ज्यामीको रु ४५०। ले दिनुपर्नेमा रु.५००। का दरले दिएबाट २४ ज्यामीको रु. १२००। समेत १८००। असुल गर्नुपर्दछ ।

५.३ २०७४।२।१४ मा भुमिराज केदार विद्यालयको ग्राउण्डमा माटो खन्ने कामको २५० घ.मि. को लागी रु.३७०। का दरले रु. ९२५००। को स्टीमेट गरी विद्यालयले रु. २२५००। र कार्यालयले रु ७००००। व्यहोर्ने गरी लागत अनुमान स्वीकृत गरेको छ । मेशिनको प्रयोगले माटो खन्न प्रति ज्यामी रु. १४०।  जिल्ला दर रहेकोले २५० घ.मि. काम सम्पन्न हुँदा रु.३५०००। मात्र खर्च गर्नु पर्ने र विद्यालयको अंश अनुपातिक हिसावमा कट्टी रु. ११२५०। घटाउदा रु. २३७५०। मात्र विद्यालयलाई दिनुपर्नेमा रु. ५००००। दिएकोले रु. २६२५०। विद्यालयबाट फिर्ता लिई दाखिला हुनु पर्दछ ।

५.४ २०७४।२।२८ मा मिल चौराहा खानेपानी योजनाको लागि उपभोक्ता समितिको अध्यक्षलाई रु. ३००००। भुक्तानी गरेकोमा पेश भएको डोर हाजिर अनुसार ३० मानिस/दिन दक्ष ज्यामीको प्रति दिन रु.७५० ले रु. २२५००।  अदक्ष ज्यामी ५५ मानिस /दिनको रु २४७५०। दिनुपर्नेमा रु. ५० प्रति मानिस दिन दर बढाई भुक्तानी गरेकोले कुल ८५ मानिस/ दिनको रु. ४२५०। असुल हुनुपर्दछ ।

५.५ २०७४।३।१ मा मिलन चौराहा आमा समुहको भवन निर्माण गर्न पेश भएको डोर हाजिर फाराम अनुसार जिल्ला दर रेट भन्दा दक्ष ज्यामीमा १० मानिस/ दिनको रु. ५० का दरले बढी रु. ५००। र अदक्ष ज्यामी १५ मानिस/ दिनको रु. ५० का दरले रु. ७५०। समेत रु. १२५०। बढी भुक्तानी गरेको रकम आमा समुहबाट असुल हुनुपर्दछ ।

५.६ २०७४।३।५ मा, छहरा बचत तथा ऋण  सहकारी संस्थाको भवन मर्मत गर्न पेश भएको डोर हाजिर अनुसार दक्ष ज्यामीमा १० मानिस/ दिनको रु ५० का दरले ५००। तथा अदक्ष ज्यामी ३० मानिस/ दिनको रु. ५०। का दरले १५००। समेत रु. २०००। जिल्ला दर रेट भन्दा बढी भएकोले असुल गनुपर्दछ ।

५.७ २०७४।३।२८ मा पानी घट्ट निर्माण समिति जोरायललाई सुधारिएको पानी घट्ट निर्माण गर्न रु.८००००। समितिको खातामा जम्मा गरेकोमा स्टीमेट तथा कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन । साथै ७३ मानिस/ दिनको जिल्ला दर रेट भन्दा ३६५०। बढी खर्च गरेको असुल हुनुपर्दछ ।

५.८ २०७४।३।२९ मा बाभ्फीलेक गाउँघर क्लिनिक भवन मर्मतका लागि रु. ५२०००। उपभोक्ता समितिका अध्यक्ष लाई भुक्तानी गरेकोमा जिल्ला दर रेट भन्दा ५० मानिस/ दिनको रु. ५०। का दरले रु. २५००। बढी भुक्तानीको डोर हाजिर पेश गरेकोले असुल गर्नु पर्दछ ।

६. **कार्यसम्पन्नः** जनसेवा आधारभुत विद्यालय बुडरलाई विद्यालयको घेरवार कार्यका लागि रु.११७७५०। को लागत अनुमानको आधारमा कार्यालयले व्यहोर्ने रु. १०००००। विद्यालयको खातामा जम्मा गरेकोमा कार्य सम्पन्न भएको प्रतिवेदन पेश नगरेकोले कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

७. **अग्रिम कर:**गाउँपरिषदको अतिरिक्त काम गरे वापत वडा सचिव जिवन आचार्यलाई रु. २३५००। भुक्तनी गरेकोमा खाजा खर्च भनी नगद भुक्तानी गरेकोले १५ प्रतिशतले हुने कर रु. ३५२५। दाखिला हुनुपर्दछ । भौ. नं. ७८, २०७४।३।३० मोटर साइकल खरिदमा रु. २३७९००।मा अग्रीम कर दाखिला हुनु पर्नेमा कर दाखिला नगरेकोले रु ३५५७। दाखिला हुनुपर्दछ ।

८. **निर्णय वेगर खर्चः** गाउँपालिकाको २ नं. वडाका भुवन नागरीको घर २०७४।३।२० को वर्षातको बाढीले क्षति भएको प्रहरी मुचुल्काको आधारमा वडा समितिको निर्णय बिना पुँजीगत शिर्षकबाट रु. ४०९९४। भुवन नागरीलाई भुक्तानी गरेकोमा क्षती मुल्यांकन प्रमाणित एवं वडा समितीको निर्णय वेगर खर्च गरेकाले सो रकम असुल उपर हुनु पर्दछ ।

९. **कार्यसम्पन्न प्रतिवेदन वेगरः** नुवादेव आधारभुत विद्यालयलाई खानेपानी मर्मत गर्नको लागि रु. ५४८१२। दिएकोमा ल. ई. तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ । जोरायल गाउँपालिकाको २ को पत्तडामा खानेपानी मर्मतको लागि उपभोक्ता समितिका अध्यक्ष विरगञ्ज बि.क. लाई रु. ५००००। दिएकोमा इस्टमेट र कार्य सम्पन्न प्रतिवेदन पेश नभएकाले कार्य सम्पन्न प्रतिवेदन तयार गरी पेश हुनु पर्दछ । देउखोला मसानीमाण्डौ सडक निर्माण समितिको खातामा रु. १०००००। जम्मा गरेकोमा कार्य सम्पन्न प्रतिवेदन नभएकोले कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ ।

१०. **विलभरपाईः** विभिन्न ४ संघ संथा तथा उपभोक्ता समितिलाई भुक्तानी गरेकोमा विल भरपाई वेगर भुक्तानी गरेकोले रु. १,३५,०००। विल भरपाई पेश हुनु पर्दछ ।

११. **घण्टेश्वर गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

११.१ **अग्रिम करः** आय कर ऐन २०५८ को दफा ८८ तथा ८९ अनुसार करकट्टा गर्नुपर्ने व्यवस्था छ । कुमारी ट्रेडर्स धनगढीबाट रु. २१९१३० मा मोटरसाइकल खरिद गरेकोमा अग्रिम कर रु. ३३८७ कट्टा गर्नुपर्नेमा कट्टा नगरेको गा.वि.स सचिव ताराप्रसाद अधिकारीलाई गाविस परिषदको निर्णय अनुसार प्रोत्सहान भत्ता वापत रु. २२१७०। भुत्तानी भएकोमा कर कट्टा नगरेकाले रु. ३३२५। कर कट्टा गरी राजस्व दखिला हुनु पर्दछ ।

११.२ **वढी भुक्तानीः** घोरडी मनिपुर सडक निर्माणमा स्टीमेट एम. वी. र कार्य सम्पन्न प्रतिवेदनमा रु. ४४४६३३। देखाएकोमा उपभोक्ताको रु. ९९३२७ कटाई बाँकी रु. ३५७२०९ भुक्तानी हुनु पर्नेमा रु. ४०००००। भुक्तानी भएकोमा बढी भुक्तानी भएको रु. ४२६९४ असुल हुनु पर्दछ ।

११.३ **विलभरपाईः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा खर्चको लेखा राख्दा विलभरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । घण्टेश्वरको कार्यालयले कार्यालय संचालन तथा प्रसाशनीक खर्चको लागि रु १३१६६७ खर्च लेखेको साथै मिति २०७४।२।२३ मा सोलारपुस खानेपानी योजना अध्यक्ष हरिस बोहोरालाई रु २००००। भुक्तानी भएकोमा उक्त भुक्तनीको विल भरपाई पेश नगरेकोले विल भरपाई पेश गर्नुपर्दछ ।

११.४ **उपभोक्ताको अंशः** सोलार सहयोग समितिका अध्यक्ष धनबहादुर सार्कीले सम्झौता अनुसार १५००००। कार्यालय र रु. ३००००। उपभोक्त समितिले व्यहोर्ने गरी रु. १८००००।को रु. ७५००। का दरले २४ वटा सोलार खरिद गरी वितरण गर्नुपर्नेमा १७ वटा सोलार रु. १२७५००। मात्र खरिद भई वितरण भएकोले उपभोक्ता समितिले व्यहोर्ने अंश काम सम्पन्न हुँदा खुलाएको छैन तसर्थ उपभोक्ता समितिको अंश खुलाउनु पर्दछ ।

११.५ **अनुमोदनः** परिषदको निर्णय नगराई घर भाडा रकम घर धनी करविर बोहोरालाई रु. २४०००। भुक्तानी गरेकोमा अनुमोदन गराउनु पर्दछ ।

११.६ **सर्भे रिर्पोटः** गोगन पानी, किल्लौडा, साकिन डाँडा कृषि सडक निर्माण योजना अध्यक्ष भक्त आलेबाट सव इन्जिनियर लोक बहादुर खड्कालाई सर्भे वापत भुक्तानी भएकोमा जि.वि. स. को पदाधिकारीलाई फिल्ड भत्ता मासिक दिने गरेको र उक्त सर्भे वापतको रु. ६११७०। नियमित नदेखिएको साथै सर्भे रिपोर्ट समेत पेश गरेको छैन ।

११.७ **दाखिलाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा अन्य कुनै किसिमबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी कितावमा सात दिन भित्र आम्दानी बाँधी श्रेस्ता खडा गरी राख्नु पर्ने व्यवस्था छ १० विद्यालयहरु, स्वास्थ्य क्लिनिक र प्रहरी चौकीले विभिन्न सामानहरुखरिद गरेकोमा जिन्सी आम्दानी नगरेकोले बाँधेको रु २७९०००। जिन्सी दाखिला गरी श्रेस्ता अधावधिक राख्नुपर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु.३० लाख ५५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु २ लाख ३८ हजार, नियमित गर्नुपर्ने रु.२३ लाख ४९ हजार र पेश्की रु ४ लाख ६८ हजार रहेको छ ।

# सायल गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालीकाको गत वर्षको मौज्दात रु १ लाख ९ हजार र यो वर्ष आय रु.७ करोड ९८ लाख १ हजार समेत रु.७ करोड ९९ लाख १० हजार आम्दानी भएकोमा रु.७ करोड २२ लाख १५ हजार खर्च भई रु.७६ लाख ९५ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्।

**१.** **वित्तीय जवाफदेहिता-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ र ९५ मा वमोजिम वित्तिय जवाफदेहिता तथा आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दाकार्यक्रम सञ्चालनको अनुगमन तथा सुपरीवेक्षण उच्च तहबाट नभएको, अन्तिम लेखापरीक्षण हुनुपूर्व नै आन्तरिक लेखापरीक्षणको बेरुजू फछ्र्यौट नगरेको, गाउँपालिका अर्न्तगत साविक गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, सेवा प्रवाहमा नागरिक सूचनाको लागि हेल्प डेस्क नराखेको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने गरेको, वार्षिक खरिद योजना तयार नगरेको अवस्थाले प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ।

२ **आन्तरिक आम्दानी**: गाउँपालिकाको आयव्यय विवरण अनुसार रु.३३,०७१ आन्तरिक आम्दानी गरेकोमा आम्दानीको नगदी रसिद लेखापरिक्षणमा पेश नभएकोले आम्दानी एकिन हुन सकेन गाउँपालिकाले नगदी रसिद हेरी आम्दानी यकिन गर्नुपर्ने देखिन्छ।

३ **जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ। यसै गरी नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन।

३.१ **कार्यसम्पन्नः** सायल गाउँपालिका वडा नं १ ले मिति २०७४।३।२६, गौरेला बालबिकास केन्द्रलाई भुक्तानी भएको रु. ४०,००० को कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ।

३.२ **वढी भुक्तानीः** सायल गाउँपालिका वडा नं १ ले मिति २०७४।३।३०, छपाली स्वास्थ्य चौकीलाई रु.२,९५,९२९ भुक्तानी गरेकोमा कार्यसम्पन्न प्रतिवेदन तथा प्राविधिक मूल्यांकनमा रु.२,७९,२६३ मात्र भएकोले बढी भुक्तानी भएको रु.१६,६६६ असुल हुनुपर्दछ।

४ **गाउँपालिका, वडा नं.२** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,

४.१ **नापी कितावः** मिति २०७४।३।२७ वडा नं. २ अर्न्तगत खटगडा, पयाँतोला, भुर्कैला टोलको घोरेटो बाटो मर्मत उपभोक्ता समितिले सार्वजनिक लेखा परिक्षणको निर्णय बमोजिम पर्खाल लगाउने कार्य वापत रु २०,४५०। खर्च भएकोमा नापी किताव र कार्यसम्पन्न प्रतिवेदनमा उक्त कार्य उल्लेख नगरेकोले नियमित हुनु पर्दछ।

४.२ **फरक परिमाणः** मिति २०७४।३।२८, भवानी माध्यामिक विद्यालय भवनको छाना मर्मतमा नापी किताव अनुसार रु. ३,९३,९०९।३४ र कार्यसम्पन्न प्रतिवेदन अनुसार रु. २,१७,६२२।४१ खर्च भएको देखिन्छ। नापी किताब र कार्यसम्पादन प्रतिवेदनमा फरक पर्नाको कारण सहित रु.३९३,९०९।३४ खर्च रकम नियमित हुनुपर्दछ।

**५.** **सायल गाउँपालिका, वडा नं.३** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,

५.१ **कार्यक्रमको प्रभावकारिताः**

मिति २०७३।२।२९, जनसेवा शोभा नेटवर्क, तोलेनीले २०७३।१०।२७ को निर्णय बमोजिम अपांग हकहित दर्ता, अपांग छात्रवृत्ति, सिलाई कटाई तालिम संचालनको लागि रु. ५०,०००। वजेट व्यवस्था भएकोमा

१० जना अपांगलाई ४,०००। का दरले आर्थिक सहयोग वितरण गरेको देखिन्छ । कार्यक्रमको उद्देश्य अनुसार सिलाई कटाई तालिम सञ्चालन गर्नुपर्नेमा अपाङ्गलाई रकम वितरण गरेबाट कार्यक्रमको प्रभावकारीता नरहने हुनाले सो खर्च नियमित हुनुपर्दछ ।

५.२ **पारिश्रमिक कर:** आयकर ऐन २०५८ को दफा ८८ मा गो.भौ. नं. २१, मिति २०७४।३।२०, सामाजिक परिचालक मन्दोदरी गिरीलाई प्रोत्साहन भत्ता वापत रु. १२,०००। भुक्तानी भएकोमा पारिश्रमिक कर १,८००।०० कट्टा नगरेकोले कट्टा हुनुपर्दछ ।

५.३ **विलभरपाई:** मिति २०७४।३।२७, आर्थिक कार्याविधि नियमावली २०६४ को नियम ३६ मा खर्च लेखा राख्दा विलभरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । सायल गाउँपालिका वडा नं ३ को कार्यालयले खप्तड आधारभुत विद्यालयको २०७३।१२।२७ माइन्युटको निर्णय बमोजिम बाल विकास भवन निर्माणमा रु. ५०,०००। वजेट व्यवस्था भई झ्याल ढोका खरिद रु. १५,५००।, छाना मर्मतको लागि टिन खरिद १२,०००। समेत २७,५००। को सामान खरिदको विल पेश नगरेकोले बिल भर्पाई पेश हुनुपर्दछ ।

५.४ **कार्यसम्पन्न:** मिति २०७४।३।२८, गाउँ परिषदको परिषद् भेलाबाट भवानीस्थान मा.वि. सैनगाउँ भवन मर्मत र घेरबारको लागि बजेट रु.४,४०,०००। व्यवस्था भई रु. ४,४०,०००। खर्च गरेकोमा जग खन्ने सम्याउने झ्याल ढोका खरिद कार्य वापत खर्च भएको देखिएकोले उक्त भवन मर्मत र घेरवारको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

५.५ **जनसहभागिता:** मिति २०७४।३।२८, मा कालिका आधारभुत विद्यालयलाई फर्निचर खरिद वापत रु ५०,०००। विनियोजित गरि खर्च भएकोमा उपभोक्ता समितिको सहभागिता नदेखिएको साथै उक्त डेस्क १५ थान र वेञ्च २५ थान जिन्सी दाखिला नभएकोले जिन्सी दाखिला हुनुपर्दछ ।

५.६ **अन्यत्र खर्च:** मिति २०७४।३।२९, मा गाउँ परिषदको निर्णयानुसार देवी ऐक्वायर मल्लिमाडौ मन्दिर मर्मत वापत रु. ८२,८९८। वजेट व्यवस्था भई खर्च भएकोमा उक्त कार्य सम्पन्न प्रतिवेदन नापी कितावमा मन्दिर मर्मत नभई जमिन सम्याउने काममा खर्च भएको र सार्वजनिक सुनुवाई समेत पेश नभएकोले उक्त मन्दिर मर्मत गर्नु पर्नेमा अन्यत्र खर्च गरेकोले नियमित हुनु पर्दछ ।

६ **जिन्सी दाखिला:** गाउँपालिकाको वडा नं. ४ मा खड्का मेडिसिन डिष्ट्रिव्युटर्स दिपायलको विल नं. २२२ बाट खरिद भएका सामानहरु जिन्सी दाखिला भएको प्रमाण वेगर डौड स्वास्थ्य चौकी,डौडको खातामा रु. १,२०,००० जम्मा गरेकोले खरिद सामानको जिन्सी दाखिला र मिति २०७४।३।२० जोशी प्रिन्टर्स एण्ड स्टेशनर्स सिलगढीको विल नं. १,२५३ को रकम रु. १९,८६५। मालसामान जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ।

७ **दाखिला प्रतिवेदन:** वडा नं. ५ को डौड प्रहरी चौकी, डौडको च.नं. ९८ मिति २०७३।१२।६ को पत्रसाथ संलग्न लेटेष्ट के.वि. ट्रेडर्स एण्ड सप्लायर्स दिपायलको विल नं. ३७७ को स्टील दराज सहितको मालसामान जिन्सी आम्दानी बेगर रु. १०,००० भुक्तानी गरेकोमा उक्त सामानहरु दाखिलाको प्रमाण पेश हुनुपर्दछ ।

८ **सायल गाउँपालिका,वडा नं.६** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,

८.१ **जिन्सी दाखिला:** मिति २०७४।२।९, देउखला आधारभुत विद्यालयले प्लाष्टिक कुर्सी ४ थान, सुन्दर कार्पेट २७ मि., ह्वाइट बोर्ड र क्यारम वोर्ड जम्मा रु. ४०,०००। जिन्सि सामान खरिद भएकोमा उक्त स्कुलको जिन्सी आम्दानी बाँध्नु पर्दछ ।

८.२ **अनुदान:** मिति २०७४।२।१०, २०७४।३।२० र २०७४।३।२२ को परिषदको निर्णयानुसार गोलेदेउला वचत तथा ऋण सहकारी संस्था, समाज सुधारक बहुउद्देश्यीय सहकारी संस्था र जनचेतना वहुउद्देश्यीय सहकारी संस्थाहरुलाई अनुदान स्वरुप रु. १५,०००।- का दरले रु. ४५,०००।-अनुदान दिइएकोमा उक्त सहकारीहरु नविकरण भए नभएको यकिन नभएको र साथै अनुदान प्रयोगको विल भरपाई समेत पेश नभएकोले विल भरपाई पेश हुनुपर्दछ ।

८.३ **सामान दाखिला:** मिति २०७४।३।२०, खतिवडा स्वास्थ्य चौकीको लागि गिताञ्जली क्लिनिकबाट ४६ आइटम औषधी खरिदको रु. २,६१,१५०।- र खड्का मेडिसिन डिस्ट्रिब्युटर्स स्टोरको बिल अनुसार रु २१,०००।- शैलेश्वरी फार्मेसीबाट २८ आइटम औषधी खरिदको रु. १,२१,३९० ।- समेत जम्मा रु. ४,०१,५४०।- औषधी र सामान खरिदको जिन्सी आम्दानी बाँधेको प्रमाण पेश हुनु पर्दछ ।

८.४ **वढी भुक्तानी:** मिति २०७४।३।३०, महादेव प्राथमिक विद्यालयको १ कोठे भवन निर्माण कार्य सम्पन्न भएकोमा १४० जना ज्यामी ज्याला जिल्ला दररेट रु.४५० का दरले भुक्तानी हुनुपर्नेमा रु.५०० का दरले भुक्तानी भएकोमा बढी भुक्तानी रु. ७,०००।- असुल हुनुपर्दछ ।

८.५ **अग्रिम कर:** मिति २०७४।३।२३, मा गा.वि.स. स्तरीय वाल सञ्जालको बैठक भत्ता ५ जनालाई रु. २०,०००।- वितरण गरेकोमा १५ प्रतिशत कर रु. ३,०००।- असुल नगरेकोले असुल हुनुपर्दछ ।

९. **डौड गाउँ विकास समिति** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,

९.१ **जिन्सी दाखिला:** मिति २०७३।५।२२ गणेश ट्रेडर्स एण्ड सप्लायर्स दिपायलको विल नं. २२५ बाट रु. १,९५,०००। र लव ट्रेडर्स एण्ड सप्लायर्सको विल नं. ९७५ बाट रु. १,४५,०००। समेत रु. ३,४०,०००। मालसामान खरीद गरेको र मिति २०७३।६।१३ जोशी प्रिन्टर्स एण्ड स्टेशनर्स सिलगढीको विल नं. ८०१ बट रु. ४६२५। र विल नं. १५१० बाट रु. १५४००। समेत रु. २०,०२५। मालसामान खरिद गरेकोमा जिन्सी दाखिला नगरेकोले दाखिला हुनुपर्दछ

९.२ **कर दाखिला:** मिति २०७३।११।५, डौड स्वास्थ्य चौकीको खाता नं. ८०१५ मा रु. ३,००,०००।- जम्मा गरेको छ । स्वास्थ्य चौकीका अ.न.मी. राधिका सिंहलाई मासिक पारिश्रमिक रु. २०,५००।-का दरले चाडपर्व खर्च सहित पारिश्रमिक रु. २,६६,५००।-, प्रशासन तथा स्टोर भत्ता वापत रु. २४,०००।-, पोषाक भत्ता रु. ५,०००।-, स्वीपर कटी नागरीको मासिक ४,१०० का दरले १ वर्षको रु.४९,२००।- समेत रु. ३,४४,७००।- को भरपाई पेश भएको छ । उक्त कर्मचारीहरुलाई कुन संस्थाबाट रकम व्यहोर्ने गरी कसले नियुक्ति गरेको हो भन्ने स्पष्ट नभएको । म्याद थप, सेवा निरन्तरता गरेको प्रमाण पेश नभएको साथै बढी रकमको भरपाई पेश भएको कारण स्पष्ट नभएको साथै पारिश्रमिक वापत खर्च गरेको रकमको सा.सु. कर र प्रशासन तथा स्टोर भत्तामा १५% कर दाखिला नगरेकोले रु. ४,६४२।४० दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

१0. **खातिवाडा गाउँ विकास समिति** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,

१०.१ मिति २०७४।११।१२ गते ना.सु. गा.वि.स. सचिवले परिषद संचालन गरे वापत प्रोत्साहन भत्ता वापत रु २३,५००। भुक्तानी लिएकोमा कर कट्टा नगरेकोले १५ प्रतिशतले हुने रु.३,५२५ र मिति २०७४।११।१२, लेखा परीक्षक रामेश्वर भट्टको रु.६०००।- पारिश्रमिक वापत कर कट्टी नगरेको रु. ९००।- गरी जम्मा रु ४४२५ असुल गरी दाखिला हुनुपर्दछ ।

१०.२ **कार्य सम्पन्न:** मिति २०७३।११।१७ कपल खोला खानेपानीका लागि भण्डारी इन्टरप्राइजेज एण्ड अर्डर सप्लायर्स, पिपल्ला दिपायलबाट रु. १,०१,०८९ विल पेश भई रु. १,००,००० खर्च लेखेकोमा उक्त पाइपको जडान भएको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु.१९ लाख ११ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३८ हजार, नियमित गर्नुपर्ने रु.१८ लाख ७३ हजार रहेको छ ।

## आदर्श गाउँपालिका
### लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु १ लाख १९ हजार र यो वर्ष आय रु १० करोड २ लाख ८७ हजार समेत रु १० करोड ४ लाख ६ हजार आम्दानी भएकोमा रु ९ करोड ३३ लाख ८१ हजार खर्च भई रु ७० लाख २५ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्।

१. **कारोबारको लेखा** - प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। गाउँपालिका अर्न्तगत वडा कार्यालय तथा साविकका चारवटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी ,पेश्की बाँकीको विवरण नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता प्रमाणित नगरेको र आन्तरिक आम्दानीलाई व्यवस्थित गर्न आय खाता एवं रसीद नियन्त्रण खाता राखेको देखिएन। यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ।

२. **जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी,गराई वा गर्न लगाई मन्त्रालय वा विभागले सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। नेपाल सरकारले २०७३।११।२७ देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन तसर्थ साविक गाउँ विकास समितिमा रहेका सम्पूर्ण जिन्सी सामान लगत खडा गरी हाल गाभिएको गाउँपालिका मा दाखिला गर्नुपर्ने देखिन्छ।

३. **गिरिचौका गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

३.१ **क.स कोष दाखिलाः** गिरिचौका गाउँ विकास समितिले तलव खर्च लेख्दा क.स. कोष वापतको रकम रु १९,३२०। क.स कोष खातामा जम्मा नगरेको र सामाजिक सुरक्षामा कट्टी गरेको रु १,४०४। दाखिला नगरेकोले दाखिला गर्नुपर्दछ।

३.२ **अग्रिम करः** मिति २०७३।८।१५ एभरेष्ट आई.टि. स्टोर डडेल्धुराबाट ल्यापटप रु. ४०,२९९ मा खरिद गरेकोमा र अग्रिम कर कट्टा नभएको रु ५३५। असुल हुनु पर्दछ।

३.२ **दाखिलाः** आयकर ऐन २०५८ को दफा ८८ अनुसार कर लाग्ने विल रकममा अग्रिम कर कट्टा गरी भुक्तानी दिनुपर्ने ब्यबस्था रहेको छ। लडागडा गाउँ विकास समितिले विभिन्न कार्यालय संचालनका लागि खरिद भएका रु ४२३८९० को मालसामान खरिद गरेकोमा अग्रिम कर वापत रु ६७९६ र गाडी भाडामा लिएवापत वहाल कर रु ३००० समेत रु ९७९६ असुल गर्नुपर्ने साथै रु १५४६० मुल्य सामान खरिद गरेकोमा जिन्सी दाखिला गरेको छैन।

३.३ **विलभरपाईः** आर्थिक कार्याविधि नियमावली २०६४ को नियम ३६ मा खर्चको लेखा राख्दा विलभरपाई सहितको लेखा राख्नूपर्ने व्यवस्था छ। वडा नं ५ लामीखाल गा.वि.स. को रु ६७१६४२ र वडा नं ६ को कार्यालयले विभिन्न कार्यालय तथा प्रशासनिक खर्च वापत क्रमश ६७१६४२ र रु ६५४११० समेत रु १३२५७५२ खर्च लेखेकोमा विलभरपाई समावेश नभएकोले विलभरपाई वेगरको खर्च गरेको छ।

४. **लामिखाल : गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

४.१ **पारिश्रमीक करः** मिति २०७४।३।१ बाट आदर्श गा.पा.को लामिखाल वडा नं. ५ मा २०७३।११।१ देखि २०७४।२।३१ सम्म सञ्चालित सिलाई कटाई तालिममा प्रशिक्षण भत्ता रु ७५०००। भुक्तानी गरेकोमा रु ११२५०। पारिश्रमिक कर कट्टा नगरेकोले कट्टा गरी असुल हुनु पर्दछ।

४.२ **जिन्सी दाखिला** :- आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४७ बमोजिम कुनै सामानहरु खरिद गरी वा अन्य निकायबाट प्राप्त सामान ७ दिन भित्र आम्दानी बाधि जिन्सी दुरुस्त राख्नु पर्ने व्यवस्था छ। लामिखाल गा.वि.स को कार्यालयले भौ.नं. ४५, मिति २०७४।३।२६ बाट पशु प्राविधिक सूर्य वहादुर विष्टलाई विभिन्न औषधीहरु खरिद वापत रु.७००००। भुक्तानी गरेकोमा उक्त औषधीहरुको जिन्सी दाखिला नभएकोले जिन्सी दाखिला प्रमाण पेश हुनु पर्दछ।

४.३ **भाडाकरः** आय कर २०५८ को दफा ८८ बमोजिम भाडामा कर कट्टा गर्नुपर्ने व्यवस्था छ। वाफ्ककनी गा.वि.सको कार्यालयले विभिन्न कामको लागि भाडा भुक्तानीमा रु १२३८५। कट्टा नगरेको र महादेव स्थान गा.वि.स ले महादेवस्थान स्वास्थ्य चौकी दखि नवोदय प्रावि हुदै धौलीखेल सम्म सडक निर्माणमा डोजर भाडामा लिई रु १६००००। भुक्तानी भएको रकमको ढुवानी कर रु १६,०००। असुल हुनु पर्दछ। गरी राजश्व दाखिला हुनु पर्दछ।

४.४ **अन्य कार्यालयको खर्च**:- आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४७ बमोजिम कुनै सामानहरु खरिद गरी वा अन्य निकायबाट प्राप्त सामान ७ दिन भित्र आम्दानी बाधि जिन्सी दुरुस्त राख्नु पर्ने व्यवस्था छ । वाभ्कककानी गा.वि.सको कार्यालयले इलाका प्रहरी कार्यालय दिपायललाई पलङ, कुर्सी खरिद गरेको रु १५०००। भुक्तानी भएकोमा जिन्सी आम्दानी नगुर्नको साथै रित पुर्वकको हस्तान्तरण समेत गरेको देखिएन ।

५. **महादेवस्थानः गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

५.१ **कार्यसम्पन्नः**-सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ बमोजिम कार्यसम्पन्न प्रश्चात सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । महादेवस्थान गा.वि.सले विभिन्न काममा कार्यसम्पन्न पेश नभई रु १८००००। को खर्च लेखेकोले कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

५.२ **भाडा कर** : महादेवस्थान गा.वि.सले विभिन्न कामको लागी सवारी साधन भाडामा लिएकोमा ढुवानी कर रु. ८६६५। कट्टा नगरेकोले कट्टा गरी राजस्व खातामा दाखिला हुनुपर्दछ ।

५.३ **विलभरपाईः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा खर्चको लेखा राख्दा विलभरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । महादेवस्थान गा.वि.सले विभिन्न कार्यालय तथा प्रसासनिक खर्च वापत रु ११२२५० खर्च लेखेकोमा विलभरपाई पेश नभएकोले विलभरपाई वेगर खर्च गरेको छ ।

५.४ **जिन्सी दाखिला** : २०७४।३।३१ , आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४७ बमोजिम सामानहरु खरिद गरी वा अन्य निकायबाट प्राप्त सामान ७ दिन भित्र आम्दानी बाधि जिन्सी राख्नु पर्ने व्यवस्था छ । भेटनरी कार्यक्रम अर्न्तगत बडियो मेशिन रु.२२०००। र विभिन्न औषधीहरु २८०००। समेतरु. ५००००। सामान खरिदको भुक्तानी को जिन्सी आम्दानी बाधी श्रेस्ता अधावधिक गर्नुपर्दछ ।

६. **जिन्सी दाखिला** : आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४७ बमोजिम सामानहरु खरिद गरी वा अन्य निकायबाट प्राप्त सामान ७ दिन भित्र आम्दानी बाधि जिन्सी दुरुस्त राख्नु पर्ने व्यवस्था छ । दहकालिकास्थान गा.वि.सको कार्यालयले रु.५६०००। सामान खरिद गरेकोमा जिन्सी आम्दानी बाँधी श्रेस्ता अधावधिक गर्नु पर्दछ ।

७. **कालिकास्थान गाँउ विकास समितिः** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,

७.१ कालिकास्थान गा.वि.सको कार्यालयले मिति २०७४।३।२५ महिला लैंगिक हिंसा सम्बन्धी तालिम सञ्चालन गर्न महिला कार्यकर्ता वाशू जोशीले रु. १०००००। पेश्की लिई उक्त तालिम सञ्चालन गरी फछ्र्यौट गर्दा रु. ३७००००। खर्च लेखेकोमा अर्थ मन्त्रालयको खर्चको मापदण्ड सम्बन्धी निर्देशिकाको नियम ७.१.१५ अनुसार तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी निर्देशिका अनुसार खर्च गर्नुपर्नेमा ६ पदाधिकारीहरुले पारिश्रमिक र दै. भ्र. भत्ता खर्च लेखेकोमा स्पष्ट गरी रु.७२०००। नियमित हुनु पर्दछ ।

७.२ **परीषदबाट अनुमोदनः** कालिकास्थान गा.वि.सको कार्यालयले मिति २०७४।३।२८, सिलगढीको घर भाडा भनी वार्षिक रु. १०८००। घरधनी मञ्जिर भट्टलाई भुक्तानी भएकोमा उक्त घर भाडा परिषदको निर्णय वेगर खर्च भएको साथै मिति २०७४।३।२९ बाट गाउँपरिषदको निर्णय अनुसार वालवालिका कार्यक्रम अर्न्तगत रु. ५,७३,७१३। बजेट विनियोजन भएकोमा गाउँ वाल संरक्षण समितिको खातामा रु. ७,७२,७६५। जम्मा गरेकोले परिषदले पारित भन्दा बढी खर्च गरेकोले रु. १,९९,०५२। परिषदबाट अनुमोदन गराई नियमित हुनुपर्दछ

७.३ **अग्रिम कर** : आय कर ऐन २०५८ को दफा ८८ अनुसार भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कालिकास्थान गा.वि.सले विभिन्न मालसामान खरिद वापत कर कट्टा नगरेको रु ६४७८ असुल गरी राजश्व खातामा दाखिला हुनुपर्दछ ।

७.४ **विलभरपाई** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा खर्चको लेखा राख्दा विलभरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कालिकास्थान गा.वि.सले मिति २०७४।३।७ बाट मौवा नगरदह स्वास्थ्यचौकी घेरवार कार्य गर्न रु. २३८९८०। भुक्तानी भएकोमा विल भरपाई संलग्न नरहेको हुँदा उक्त कार्यको विल भरपाइ, कार्य सम्पन्न प्रतिवेदन र नापी किताव पेश हुनु पर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु २२ लाख १५ हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु ६६ हजार र नियमित गर्नुपर्ने रु २१ लाख ४९ हजार रहेको छ ।

# के.आई.सिंह गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालीकाको गत वर्षको मौज्दात रु २ लाख ८७ हजार र यो वर्ष आय रु.९ करोड २८ लाख १० हजार समेत रु.९ करोड ३० लाख ९७ हजार आम्दानी भएकोमा रु.६ करोड ३८ लाख १ हजार खर्च भई रु २ करोड ९२ लाख ९६ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

**१.** **वित्तीय जवाफदेहिता-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ र ९५ मा वमोजिम वित्तिय जवाफदेहिता तथा आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दाकार्यक्रम सञ्चालनको अनुगमन तथा सुपरीवेक्षण उच्च तहबाट नभएको, अन्तिम लेखापरीक्षण हुनुपूर्व नै आन्तरिक लेखापरीक्षणको बेरुजू फछ्र्यौट नगरेको, गाउँपालिका अर्न्तगत साविक गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, सेवा प्रवाहमा नागरिक सूचनाको लागि हेल्प डेस्क नराखेको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने गरेको, वार्षिक खरिद योजना तयार नगरेको अवस्थाले प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

२. **मौज्दात रकम हस्तान्तरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ । यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा २ गा.वि.स.मा आन्तरिक स्रोततर्फ बाँकी रहेको रु. ६००० ।–गाउँपालिकामा हस्तान्तरण गरेको नदेखिँदा गाउँपालिकाको खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

३. **जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन ।

४. **इन्धन लगवुक** : मिति ०७४।३।११ बाट एस.एस पयुल सेन्टर दिपायललाई लग सिट बेगर ईन्धन खर्च गरेको रु ५,९३३।- नियमति हुनु पर्दछ ।

**५.** **बासुदेवि गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

५.१ **कार्यसम्पन्नः** मिति०७४।३।२५मा भवानि मन्दिर निर्माण कार्यमा प्लाइड र रिङ तार खरिद गरेकोमा कार्यसम्पन्न नापि किताबमा नचडेको रु ४३,७००।- को बिल पेश भएको ले उक्त रकम नियमित हुन पर्दछ

५.२ **जेष्ठ प्रमाणः** मिति ०७४।३।२९ बाट ज्येष्ठ नागरीक सम्मान १५ जनाको लागि रु ६०,०००।- बुझेको भरपाई मात्र पेश भएकोले ज्येष्ठ नागरीकको छनोट प्रक्रिया र ज्येष्ठ भएको प्रमाणीत हुने नागरीकता पेश हुनु पर्दछ ।

५.३ **कार्य सम्पन्नः** मिति ०७४।३।२९ लाल्याधुले बहुउद्धेशीय पानी प्रणालि लाई रु ५०,०००।- सम्झौता अनुसार भुक्तानी दिएकोमा उक्त कार्यको कार्यसम्पन्न पेश हुनु पर्दछ ।

६. **तिखात्तर गाँउ विकास समितिः** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,

६.१ **अग्रिम करः** मिति ०७४।३।२० पिपल्ला देउराली सडक उपभोक्ता समितिले सोभित कन्ट्रक्सनसँग डोजर भाडामा लिए वापत रु ८७,०००।- भुक्तनी भएकोमा रु ८,७००।- भाडा कर र सुवाकोट डुम्राकोट लिखास सडक खण्डको एन.के कन्सट्रक्सन डोटीलाई रु १२०००० डोजर भाडा भुक्तानीमा रु १२००० समेत रु. २०७०० असुल हुनुपर्दछ ।

६.२ **खर्चको यर्थाथता:** मिति ०७४।३।१६ जनता आधारभुत विद्यायलले नापि किताब र कार्यसम्पनमा प्रतिवेदनमा २६ गेज सि.जि.एस सिट २० वटाको २०,०००।- प्रयोग गरीएको उल्लेख छ । खरिद विल भरपाईमा जस्ता पाता खरिद नगरी ज्यामि, ज्याला डोर हाजिर फाराम मात्र पेश भएकोले रु २०,०००।- खर्चको वास्तविकता यकिन नहुने भएको छ ।

६.३ **भाडा कर:** गो. भौ नं. ३६ मिति ०७३।३।२५ मा अपाङ्गपरिचयप्रत्र बनाउने क्रममा अपाङ्गहरुलाई तिखात्तर गा.वि.स देखि सिलगढी सम्म से.ना.प २२५ नम्वरको गाडीबाट रु २५,०००।- गाडीभाडा भुक्तानी भएकोमा रु २५००।- भाडा कर र मिति ०७४।३।२५ सुवाकोट डुम्राकोट तिरबास सडक खण्डको लागि एन.के कन्ट्रक्सन पिपल्ला डोटीलाई डोजर भाडा वापत रु १,२०,०००।- भुक्तानी भएकोमा उक्त भुक्तानीको भाडाकर रु १२,०००।- समेत गरी रु १४५०० असुल हुनु पर्दछ ।

६.४ मिति ०७३।६।४ मा नारीतर्पला सडकमा रु ६०,०००।-वजेट व्यवस्था भएकोमा ज्यामि ज्याला १००।- जनाको ५००।- का दरले ५०,०००।- र ढुवानि वापत रु १०,०००। - समेत ६०,०००।- भुक्तानी भएको छ । स्वीकृत जिल्ला दररेट अनुसार ४५०।- को दरले रु ४५००० भुक्तानी हुनुपर्नेमा रु ५,०००।- बढि भुक्तानी असुल हुनु प्रर्दछ ।

६.५ विभिन्न मितीमा कार्यालयले विभिन्न ४ वटा सप्लायसबाट विद्युत सामान, स्टिल दराज, टेवुल लगायतका सामानहरु कार्यालयले आम्दानि बाध्नु पर्नेमा जिन्सी आम्दानि नगरेकोले रु ९४,०००। को प्रमाण पेश हुनुपर्दछ ।

६.६ मिति ०७३।११।११ मा कार्यसम्पन्न र नापीकिताब बमोजिम काठको झयाल ढोका बनाएको उल्लेख गरेकोमा झयाल ढोका र छानाको काठ खरिद गर्नुपर्ने सो नगरी ज्यामि ज्यालामा मात्र रु ६०,०००।- खर्चको बिल पेश गरेकोले उक्त कार्यको वास्तविकता यकिन हुनु पर्दछ ।

६.७ **कार्य सम्पन्न:** विभिन्न ५ उपभोक्ता समितिलाई खेलकुद मैदान निमार्ण कार्य गराइन भुक्तानी भएको मा उक्त कार्यको रु १,५५,६८५।- कार्यसम्पन्न पेश नभएकोले रीतपूर्वकको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपदर्छ ।

६.८ **लकवुक:** मिती ०७३।११।११ र गो.भौ नं. २५ मिति ०७४।३।७ बाट जे.वि आयल स्टोर बाट रु १०,०००।-र एस जि फ्युल सेन्टर बाट रु १०,०००।- समेत रु २०,०००।- को पेट्रोल खरिद भएकोमा खपतको लगबुक पेश गरेको छैन ।

**रानागाउँ गाँउ विकास समिति: लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

८.१ **मु.अ.कर समायोजन:** मुल्य अभिवृद्धि कर नियमावलि,२०५३ को दफा ६ क बमोजिम रीत पुर्वक विजक जारी गर्नु पर्दछ । स्वेता ट्रेडिङ कर्न्सन कैलालिबाट ०७३।६।१८ मा विजक नं ५६ हातले लेखि मोटरसाईकल खरिद वापत रु १,८४,९००।- भुक्तानी गरेकोमा मु.अ.कर रु २१,२७१।-समेत भुक्तानी गरेकोले सम्बन्धित आन्तरीक राजश्व कार्यालयबाट मु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

८.२ मिति ०७३।९।२० बाट गाउँपरिषदको निणर्यबाट कार्यालय समय भन्दा अगाडि पछाडि कामकाज गरे वापत एक महिनाको प्रोत्साहन भत्ता रु २२,१७०।- गौरीदत्त जोशीलाई भुक्तानी गरेकोमा १५ प्रतिशत कर कट्टी नगरेकोले रु ३३२५।५० असुल गरी दाखिला गर्नु पर्दछ ।

९ **दुर्गामाण्डौ गाँउ विकास समिति:** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,

९.१ **भाडा कर:** मिति २०७४।२।११ दुर्गामाण्डौ गा.वि.स गाउँ घर क्लिनिक भवन उपभोक्ता विभिन्न प्रयोजनको लागि से.१ त ६५०० गाडी भाडा रु १६८७०।- भुक्तानी गरेकोमो भाडाकर रु १६८७।- असुल हुनपर्दछ ।

९.२ **अग्रिम कर:** मिति २०७४।३।१९ बाट गाउँ परिषदको निणर्य अनुसार असिष्टेट सव ईन्जिनियर धर्मराज जोशी लाई रु ३०,०००।- र वडा सचिव जनक बहादुर कठायतलाई रु ३०,०००।- समेत रु ६०,०००।- प्रोत्साहन भत्ता भुक्तानी गरेकोमा १५ प्रतिशत कर रु ९,०००।- असुल नगरेकोले असुल गरी दाखिला हुनु पर्दछ ।

९.३ **प्रयोगको सुनिश्चितता:** मिति २०७४।३।२९ बाट बाल विकाश केन्द्र मर्मत को लागि इष्टिमेट ,नापि किताब र कार्य सम्पन्नमा उल्लेख नभएका जस्तापाता रु ३३,४३३।- ,पाइप रु ११,२८०।- र अन्य सामान १६,४७३।- समेत जम्मा रु ६१,१८६।- तनुज ट्रेडर्स एण्ड सप्लायर्सबाट सामानहरु खरिद गरेकोमा विल भरपाई पेश गरेकोले खरिद सामानको प्रयोगको सुनिश्चितता हुनुपर्दछ ।

**भुमिराजमाण्डौ गाँउ विकास समितिः** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,

१० **अग्रिम करः** मिति ०७४।२।२९ बाट विभिन्न खर्च शिर्षकहरुको सलग्नं बिल भरपाई बमोजिमको रकम भुक्तानी गरेको मध्य परिषद प्रोत्साहन भत्ता रु २२,१७०।- लेखेकोमा १५ प्रतिशत कर कट्टी नगरेको रु ३३२५ राजश्व दाखिला हुनुपर्दछ ।

१०.२ **कर दाखिलाः** मिती ०७४।२।३१ बाट जोशजागर बाल क्लब संञ्जांललाई भुमिराजमाण्डौ गा.वि.स हाल के.आई.सिंह गाउँपालिका वडा नं. ६ र ७ मा बाल बालिका र बाल संञ्जांलको पदाधिकारीहरुलाई दुई दिने क्षमता अभिवृदि तालिमको रुकम भुक्तानी गर्दा सहभागि २० जनालाई भत्ता वितरण गर्दा कट्टी भएको अग्रिमकर दाखिला नदेखिएको रु ३,०००।-, तलव भुक्तानीमा कट्टा गरेको कर रु १५५४ समेत रु ४५५४ दाखिला प्रमाण पेश हुनुपर्दछ ।

१०.३ **जनश्रमदान अंशः** मिति ०७४।३।२३ सेउडे सिम खानेपानि मर्मत योजनाको मर्मत कार्यमा लागत अनुमान,नापि किताब र कार्य सम्पन्न प्रतिवेदन को आधारमा रु १,००,०००। - भुक्तानी गर्दा लागत अनुमानमा १५ प्रतिशत जनश्रमदान राखिएको रु १७,६५४।७४ को डोर हाजिर फाराम पेश नगरेको ले जनश्रमदानको अशं यकिन हुन सकेन ।

१०.४ **दाखिला प्रमाणः** मिति ०७४।३।३० बाट कर राजश्व दाखिला गरेको लेखाकंन गरेकोमा रकम दाखिला गरेको बैकं भौचर संलग्न नभएकोले ४,३०४।- को दाखिला प्रमाण पेश हुनुपर्दछ ।

१०.५ **भरपाईः** मिति ०७४।३।३० बाट पत्रकार महासघं जिल्ला शाखा डोटीलाई सहयोग स्वरुप रु १०,०००। उपलब्ध गराएकोमा रकम बुझ्केको भरपाई पेश नभएकोले भरपाई वेगरको खर्च असुल हुनपर्दछ ।

११ **भुमिराजमाण्डौ गाँउ विकास समितिः** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,

११.१ **अग्रिम करः** मिति ०७३।११।२३ लेखापरिक्षणको रकम भुक्तानी गर्दा कट्टी गरेको पारीश्रमिक आयकर १२००।-, मिति ०७३।९।२७ जे.वि ट्रेडर्स दिपायलको कर विजक नं ८१० बाट रु ३१४५०।५०( भ्याट सहित) भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम कर कट्टी नगरेकोले रु ४२८।- र मिति ०७३।९।२७ स्वेता ट्रेडिङ्ग कन्सर्न धनगढीको कर विजक नं ८८ बाट मोटरसाईकल खरिदको भ्याट सहित रु २,६०,९००।- भुक्तानी गर्दा १.५ प्रतिशत कर कट्टीरु ३४६४।- गरी जम्मा रु ५०९२ दाखिला गर्नु पर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु ६ लाख १९ हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.५४ हजार, नियमित गर्नुपर्ने रु. ५ लाख ६५ हजार रहेको छ ।

# बोगटान गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालीकाको गत वर्षको मौज्दात रु. २ लाख ११ हजार र यो वर्ष आय रु.७ करोड ४ लाख २ हजार समेत रु.७ करोड ६ लाख १३ हजार आम्दानी भएकोमा रु.५ करोड ११ लाख ८ हजार खर्च भई रु.१ करोड ९५ लाख ५ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **वित्तीय जवाफदेहिता-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ र ९५ मा वमोजिम वित्तिय जवाफदेहिता तथा आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दाकार्यक्रम सञ्चालनको अनुगमन तथा सुपरीवेक्षण उच्च तहबाट नभएको, अन्तिम लेखापरीक्षण हुनुपूर्व नै आन्तरिक लेखापरीक्षणको बेरुजू फछ्र्यौट नगरेको, गाउँपालिका अर्न्तगत साविक गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, सेवा प्रवाहमा नागरिक सूचनाको लागि हेल्प डेस्क नराखेको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने गरेको, वार्षिक खरिद योजना तयार नगरेको अवस्थाले प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

२ **जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण -** आर्थिक कार्यविधि नियमावली, २०६४ का नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ ।

नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन ।

३ **सिमचौर गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

३.१ **विलभरपाईः** मिति २०७४।२।२९ मा सिमचौर वाल विकास संस्थालाई भुक्तानी भएको रकम रु ७०००० मध्ये विल भरपाई वेगर रु २५०१५।० खर्च साथै मिति २०७३।७।५ गाविस सचिव दिपक बहादुर चन्दलाई भुक्तानी भएको रु. ४५०००। विल भरपाई पेश नभएकोले उक्त विल भरपाई पेश गर्नुपर्दछ ।

३.२ **विलभरपाई नपुगः** मिति २०७४।३।२८ मा सिमचौर नमूना प्रथमीक विद्ययालयलाई वाल मैत्री व्यवस्थापनको लागी रु १०००००। भूक्तानी गरेकोमा १६९२५। को विल भरपाई नपूग भएकोले नियमीत हुनुपर्दछ । मिति २०७४।३।२६ आदिवासी जनजाती समाज अध्यक्ष ज्ञानबहादुर घर्ती मगरलाई भुक्तानी भएको रु. १०९०००। मध्ये रु. ४९०००। विल भरपाई संलग्न रहेको बाँकी नपुग विल रु.६००००। विल भरपाई पेश नभएकोले विल वेगरको खर्च पुष्ट्याई हुन सकेन ।

३.३ **वढी खर्चः** मिति २०७४।२।२९ सिमचौर वाल सञ्जालका अध्यक्ष अर्जुन सुनारलाई रु. ७००००। भुक्तानी गर्दा विल भरपाई ४५९८५। मात्र पेश भई बढी भुक्तानी भएको रु. २४०१५। असुल हुनुपर्दछ ।

३.४ **सक्कल विलः** मिति २०७४।३।२८ नमुना प्रा.वि. लाई रु. १६९२५। भुक्तानी गर्दा सक्कल विल भरपाई पेश नभएकोले सक्कल विल भरपाई पेश हुनुपर्दछ ।

४ **अखडा गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

४.१ **अगीम करः** मिति २०७३।११।२३ मा विजय प्रसाद यादवले लिएको मोटरसाईकल खरीद पेश्की फछ्र्यौट गर्दा श्श्रेता ट्रेडलींक कर्न्सन धनगढीको विजक न. ८५ को रु १८७५२२।१२,. विजक न. २१८को रु १०१७६।९९ समैजी कम्प्यूटर मर्मत सेन्टर दिपायलको रु १९५०० समेत जम्मा रु २१७१९९।११को १.५ प्रतिशत अग्रीम कर कट्टि नगरी भूक्तानी गरेकोले रु.३२५८ । कर दाखिला हुनुपर्दछ ।

५ **केदार अखडा गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

५.१ **विलभरपाईः** मिति २०७४।०३।१७ मा केदारअखडा प्राथमीक स्वास्थ्य केन्द्रको कार्यक्रम संचालनको लागी परीषद वाट स्विकृत गरेको रकम निवेदनको आधारमा विल भरपाई वेगर भुक्तानी गरेको रु ५००००। , मिति २०७३।३।३०, अतिरिक्त क्रियाकलापको विल भरपाई वेगर भुक्तानी गरेकाले रकम रु १०१२३। र

३७ मिति २०७४।३।२६ पुर्ण खोप मुक्त कार्यको लागी स्वास्थ्य केन्द्रलाई रु. ५००००। भुक्तानी भएकोमा उक्त रकमको विल भरपाई पेश हुनु पर्दछ ।

५.२ **परिषदको निर्णयः** मिति २०७४।३।३० बाट परिषदको निर्णय वेगर सम्पुरक कोष बाट खर्च गरेको रु. १७४७४। नियमित हुनुपर्दछ ।

६ **कानाचौर गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

६.१ मिति २०७३।७।५ विभिन्न शिर्षक रकम खर्च भुक्तानी गर्दा विद्या स्टेशनरी एण्ड जनरल स्टोर, सिलगढीलाई रु. ८३१५। भुक्तानी गर्दा सामान जिन्सी दाखिला नगरेकोले जिन्सी दाखिला गर्नुपर्दछ । मिति २०७३।८।१९ बाट भ्रमण भत्ता रकम, सञ्चालन खर्च रकम भुक्तानी गर्दा विद्या स्टेशनरी एण्ड जनरल स्टोर, सिलगढी को विल नं.१५५४ रु ३६००। को सामान जिन्सी दाखिला गरी प्रमाण पेश गर्नु पर्दछ ।

७.१ मिति २०७४।२।३१ बाट कार्यालय सञ्चालन आवश्यक सामान खरिद गरी रकम भुक्तानी गर्दा रु. ५०००। का मोवाइल जिन्सी दाखिला भएको नदेखिएको हरिकृष्ण ट्रेर्डस महेन्द्रनगरको रु १९७००, एस.एस मेटल उद्योगको रु १९९२५ समेत रु ४४६२५ का विभिन्न सामान जिन्सी दाखिला गरेको देखिएन ।

७.२ **अग्रिम करः** २०७४।३।१ बाट ना. प्रा.स. विनय पाठकले जिल्ला कृषि विकास कार्यालय सिलगढी बाट वर्षे फलफूल विरुवा चुनुरा सम्म ढुवानी गराई रु. १२०००। भाडा खर्च , विद्या स्टेशनरीको रु २७०, एस.एस मेटल पिपतलाको रु ५९५ समेत रु १७९५ कर दाखिला प्रमाण्ण पेश हुनुपर्दछ

७.३ **उपभोक्ता समिति गठनः** मिति २०७४।२।२९ महिला सञ्जाललाई रु १२०००० पेश्की गएको मा उपभोक्ता समितिको गठन गरेको प्रमाण पेश भएको छैन ।

७.४ **परिषद निर्णयः** मिति २०७४।२।२९ लक्षित वर्ग अर्न्तगत रु. १०००००।, शौचालय निर्माणमा खर्च गरेको पाइयो । परिषदको निर्णयानुसारसो रकम चेतनामुलक कार्यक्रम र संस्था दर्ताको लागी छुट्याइएकोले परिषदको निर्णय वेगर गरेको नियमित हुनुपर्दछ ।

७.५ मिति २०७४।३।३० मा सामाजिक परिचालक देवसरा कुमारी बुढालाई क्षमता विकास, संस्कृति संरक्षण आर्थिक सहायता भनि रु. ९२०००। भुक्तानी भएको देखिन्छ । सो मध्ये संस्कृति संरक्षणको रु. ४००००।को कुनै विल भरपाई पेश नभएको साथै ४४, मिति २०७४।३।२९ बाट यूवा खेलकुद भनि रु. १०,०००। भरपाई वेगर लोकेन्द्र बोहोरालाई भुक्तानी दिएकोमा विल भरपाई वेगरको खर्च नियमित गर्नुपर्दछ ।

८ **सातफेरी गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

८.१ **विलभरपाई नपुगः** सातफेरी स्वाथ्य चौकीको खातामा पुर्ण खोप मुक्त घोषाण कार्यक्रम संञ्चानको लागी दिइएको रकम रू १००००० मध्ये रू.४१०८८। विलभरपाई पेश नभएकोले सो को पुर्ष्टाई हुने कागजात वा प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

९.१ **वढी भुक्तानीः** मिति २०७४।२।७ बाट विभिन्न शिर्षकमा खर्च लेख्दा रु.१३६८५७। भुक्तानी गरेकोमा रु. १२१३९६। मात्रको विल पेश भएकोले विलवेगरको खर्च गा.वि.स. सचिव यामबहादुर थापाबार्टे रु.१५४६१। असुल हुनुपर्दछ ।

९.१.१ **विलभरपाईः** मिति २०७४।२।१० विविध खर्च गा.वि.स. सचिव किशोर प्रसाद शर्मालाई रु. १३६८५७। भुक्तानी गरेकोमा संलग्न विल मध्ये रु. १५४००। रित पुर्वकको नभएको र विल भरपाई नै नराखी रु. ११८२२२। खर्च जनाएकोले गाविस सचिव किशोर प्रसाद शर्माको रकम बुझेको भरपाई समेत नभएकोले भुक्तानी गर्ने गा.वि.स. सचिव याम बहादुर थापा बाट असुल हुनु पर्दछ ।

९.२ **अग्रिम करः** मिति २०७४।२।१७ सातफेरी स्वास्थ्य चौकीलाई पाठेघर सम्बन्धी शिविर सञ्चालन वर्थिङ सेण्टर व्यवस्थापन र पुर्ण सरसफाई सम्बन्धी रकम भुक्तानी गर्दा विरामी ओसारपसार गर्न भाडामा लिएको गाडीलाई रु २६०००। भुक्तानी गर्दा कर कट्टी नगरेको रु. २६००। र एक दिने सरसफाई सम्बन्धी तालिममा कट्टी गरेको पारिश्रमिक कर रु.४२०। र पाठे घर खसेको महिलाहरुको नामावली संकलनमा कट्टी गरेका रु. ३४५। समेत रु. ३३६५। असुल गरी दाखिला हुनुपर्दछ ।

९.३ **जिन्सी दाखिलाः** मिति २०७४।२।१७ बाट व्यवस्थापन खर्च रकम भुक्तानी गर्दा स्वास्थ्य चौकीले खरिद गरेको लेटेष्ट के.वी. ट्रेडर्स सप्लायर्स दिपायलवाटे रु. १३०००। को सामान जिन्सी दाखिला हुनु पर्दछ ।

९.४ **परिषद निर्णय वेगरः** मिति २०७४।३।१८, परिषदको निर्णय बमोजिम खेलकुद प्रतियोगिताको लागि रु. ४००००। विनियोजन भएको हुँदा विल भरपाई वेगर ४००००। खर्च लेखेको थप रु. ४००००। परिषदको निर्णय वेगर जोराघर मा.वि. को खातामा जम्मा गरेकोले विल भरपाइ र परिषदको निर्णय वेगर उक्त विद्यालयको खातामा जम्मा भएको रकम नियमित हुनु पर्दछ ।

९.५ **वढी खर्च :** सामााजिक सुरक्षा भत्ता रकम निकासा भन्दा १०००० बढी वितरण गरेकोमासो को औचित्य पुष्टि नभएको र सञ्चालन अनुदान चालुमा निकासा रु. ३३३६५७। भएकोमा रु. ७८१५१४। खर्च गरेकोले निकासा भन्दा रु. ४४७८५७। वढी खर्च गरेकोमा खर्चको श्रोत स्पस्ट नभएकोले खर्च नियमति देखिएन ।

१० **धिर्कामाण्ड गाँउ विकास समितिः लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,**

१०.१ **अन्य कार्यालयको खर्चः** मिति २०७४।३।२२ मा प्रहरी चौकी चवराचौतराको मिति २०७३।७।२२को सामान खरीद गर्न माग गरेको आधारमा रु २५००० भुक्तानी गरेको छ । खरीद भएको सामान जिन्सी दाखीला भएको प्रमाण पेश नभएको भएका छैन ।

१०.२ **विलभरपाईः** मिति २०७४।०३।२१ मा खेलकुद कार्यक्रम गर्न खडक कामीलाई विल भरपाई वेगर निवेदनको आधारमा रु ४००००।० भुक्तानी गरेकोले विल भरपाई राखी नियमीत गर्नु पर्दछ ।

१०.३ **कार्य सम्पन्नः** मिति २०७४।३।३० भिष्म आवासिय विद्यालयलाई विभिन्न मर्मत निर्माणमा भुक्तानी भएको ३००००। कार्य सम्पन्न र नापी किताव पेश हुनुपर्दछ ।

११ **गगुडा गाँउ विकास समितिः** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,

११.१ मिति २०७४।३।२७ मा गगुडा स्वास्थ्य चकी निर्माणको लागि रु १९७०००। स्वास्थ्य चौकीको खातामा जम्मा गरेको देखिन्छ । उक्त कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले रु. १९७०००।० कार्यसम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ ।

११.२ मिति २०७४।२।१६ नरेश बोगटीलाई रु. ३००००। भुक्तानी भएकोमा रु.२२६४७। मात्रको विल भरपाई पेश भएकोले नपुग रु.७३५३। असुल गर्नुपर्दछ ।

११.३ मिति २०७४।२।१६ बाट घोरेटो बाटो निर्माण उपभोक्ता समिति अध्यक्ष किर्तिसिंह चन्दलाई रु. ५५०००। भुक्तानी भएकोमा सो रकमको विल भरपाई पेश हुनु पर्दछ ।

१२ **चवराचौतारा गाँउ विकास समितिः** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन्,

१२.१ मिति २०७४।२।२९ गते उपभोक्ता समितिका चक्र वहादुर कुडमाल लाई भेरीखोला खानेपानी आयोजना मर्मत भएको कार्यसम्पन्न प्रतिवेदनमा पाईप भएको उल्लेख गरेकोमा पाइप खरिदको विल वेगर भुक्तानी गरेकोले कामको वास्तविकता यकिन गरी रु.१२५०००। नियमित हुनुपर्दछ ।

१२.२ **विलभरपाईः** मिति २०७४।२।२१ साउटिमाण्डौ प्रा.वि लाई छाना र्ममत गर्न छुट्टाएको रु. १०००००। भुक्तानी गरेकामो कर्कट पाता खरीद गरेको विल भरपाई वेगर भुक्तानी गरेको रु. १९३१४।२६ नियमित गर्नुपर्दछ ।

१२.३ **प्राविधिक मुल्यांकनः** मिति २०७४।३।२६ स्वास्थ्य चौकी चवराचौतरालाई गाउघर क्लिनक भवन निर्माण गर्न रु ३२१००० भुक्तानी गरेकोमा प्राविधिक मुल्यांकन तथा विल भरपाई नराखी भुक्तानी गरेकोले रु. २२८०००।० नियमीत हुनुपर्दछ ।

१२.४ **पेश्कीः** मिति २०७४।३।२५ प्रगतिशिल महिला अधिकार मञ्चलाई दिएको पेश्की रु. १०००००। आ. व. को अन्त सम्म फछ्र्यौट नगरेकोले बाँकी रहेको छ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु.२१ लाख १६ हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१ लाख ७३ हजार, नियमित गर्नुपर्ने रु.१८ लाख ४३ हजार र पेश्की रु १ लाख रहेको छ ।

# धनगढी उपमहानगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु १ करोड ६० लाख ८९ हजार र यो वर्षको आय रु ३९ करोड ४१ लाख ८४ हजार समेत रु ४१ करोड २ लाख ७३ हजार आम्दानी भएकोमा रु.३६ करोड ७६ लाख ५२ हजार खर्च भई रु४ करोड २६ लाख २१ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयको संस्थागत शासन व्यवस्था र वित्तीय व्यवस्थापनको जवाफदेहिता तथा उत्तरदायित्व पालना सम्बन्धी मूल्यांकन गर्दा भ्रमण अभिलेख नराखेको, नापी कितावमा नापी गरेको र रनिंग विल नम्बर राख्ने नगरेको, डोर हाजिर नियन्त्रण खाता (म.ले.प.फा.नं.१७५) राख्ने गरेको छैन। निर्माण कार्यको विस्तृत अभिलेखंकनको लागि प्रयोग गरिने, ठेक्का सम्बन्धी विवरण (म.ल.प.फा.नं.१९१) अद्यावधिक रुपमा राखेको छैन। पुराना सामानहरुको मूल्य आंशिक रुपमा मात्र खुलेको, जिन्सी निरीक्षण गराई प्रतिवेदन लिएको भएता पनि प्रतिवेदनले औंल्याएका व्यहोरा माथि पूर्ण कारवाही नगरेको, जस्ता व्यहोराहरु देखिएका छन्। प्रचलिन ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ र प्रभावकारी बनाउनु पर्दछ।

२. **दरवन्दी तथा पदपूर्ति :**निजामती सेवा ऐन, २०४९ को दफा ७(क) मा दरबन्दी अनुसार पदपूर्ति हुनुपर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त दरबन्दी तथा पदपूर्ति विवरण हुनुपर्नेमा उपमहानगरपालिकाको कर्मचारी सहितको नयां संस्थागत संरचना तयार भैनसकेकोले कुन तहमा कति कर्मचारी रहने कर्मचारीहरुको दरबन्दी कति हुने भन्ने कुराको तय भैनसकेकोले उपमहानगरपालिकामा भएका स्थाई र अस्थाई कर्मचारीहरुको यथार्थ विवरण समेत तयार भएको पाईएन।

३. **कार्य विवरण :** निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) मा नेपाल सरकारले स्वीकृत गरेको संगठनको कार्य विवरणको आधारमा विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू गर्नु पर्ने तथा त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपमा किटिएको हुनु पर्ने व्यवस्था छ। कार्यालयले ऐनको उक्त प्रावधान अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन। तसर्थ ऐनको उक्त प्रावधान अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गर्नु पर्ने देखिन्छ।

४. **सवारी ईन्धन :** उपमहानगरपालिकाको फोहरमैला ढुवानी गर्ने गाडीहरुलाई ईन्धन दिईने गरेको, कर्मचारीहरुलाई ईन्धनको कुपन वितरण गर्ने गरेको हुंदा उपलब्ध गराईने इन्धन वितरण गर्दा सो मापदण्ड एवं प्रक्रिया हुने गरी कागजात राख्नु पर्ने देखिन्छ। ईन्धन उपलब्ध गराइएकोमा कुन सवारी कुनकामको लागि कति किलोमिटर गुडेको छ सो को विवरण तयार गर्ने गरेको पाईएन,ईन्धन वितरणमा रहेका समस्याहरु समाधान गर्न तथा वितरणको उचित मापदण्ड तथा नियम वसाली नियन्त्रण गर्नुपर्ने देखिन्छ। तसर्थ मापदण्ड एवं वितरण सम्बन्धी निश्चित व्यवस्था तयार गरी मितव्ययी एवं प्रभावकारी वितरण गरिनु पर्दछ।

५. **उपभोक्ता समितिको कार्य ठेकेदारबाट गराएको :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१४) अनुसार उपभोक्ता समितिबाट गरिने कार्य गराउदा श्रम मुलक हुनुपर्ने, काम र सेवामा मितव्ययिता गुणस्तरता दिगोपना अभिवृद्धि गर्ने तरिका प्रयोग गर्नुपर्ने र सोही नियमावलीको नियम (९) बमोजिम डोजर, एक्साभेटर प्रयोग गरी गरिने निर्माण कार्य गर्न नपाइने साथै ठेकेदारबाट त्यस्तो कार्य गराउन नपाइने व्यवस्था छ।

५.१. पिच, ढलान जस्ता जटिल प्राविधिक कार्य समेत उपभोक्ता समिति मार्फत गराएकोले उपभोक्ता समितिले निर्माण व्यवसायिसँग सम्झौता गरी कार्य गराएको छ।

५.२. महानगरपालिकाले काम गराउने प्रयोजनको लागि स्थानीय निकायले उपभोक्ता समितिलाई विषयगत रूपमा वर्गीकरण र सूचीकृत गरी उनीहरूको लगत अद्यावधिक गर्नु पर्नेमा सो नगरेको पाईयो।

५.३. योजनामा सम्बन्धित काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समितिले बेहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरू खुलाई निवेदन पेश गरेको पाईएन।

५.४. लाभग्राही परिवारको सूची, लाभग्राही परिवारका उपभोक्ता समूहले योजनाको आवश्यकता र योजना सञ्चालनमा दिनसक्ने योगदानको विवरण सहित उपभोक्ता समूहको भेलाको माइन्युट खडा गरेको पाईएन।

५.५. प्रत्येक उपभोक्ता समितिको सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपि बुझाउनुपर्नेमा नगरेको पाइयो

५.६. प्रत्येक सदस्यको घरजग्गा कर, व्यवसाय कर, बाहाल कर, तथा उपमहानगरपालिकालाई बुझाउनुपर्ने कर दस्तुर महशुल बुझाएको रसिद प्रतिलिपि संलग्न गर्नुपर्ने तर सो नगरेको पाइयो ।

तसर्थ ऐन नियमावली विपरीत उपभोक्ताबाट गर्नुपर्ने प्रत्यक्ष लाभ एवं श्रम मूलक कार्य मात्र नभई जटिल प्राविधिक पक्षका कार्य गर्नु उचित देखिएन । तसर्थ जटिल प्राविधिक विषयका ठेक्का पट्टा व्यवस्थापन गर्नुपर्दछ ।

६. **पेश्की बांकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६ बमोजिम पेश्की रकम कार्य सम्पन्न भएको ३५ दिन एवं आषाढ मसान्तभित्र फछ्र्यौट गर्नुपर्दछ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९१(१) मा काम काजको निमित्त आर्थिक वर्षमा गएको पेश्की रकम सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो फछ्र्यौट हुन बांकी रहेको पेश्की रकमको नामनामेसी सहितको के वापत कस कसलाई पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने र यसरी सारिएको पेश्की यस नियमावली बमोजिम फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको विवरण अनुसार गत बर्षको पेश्की जिम्मेवारी रु. ७,९६,६३,५०१।- रहेकोमा यस वर्ष पेश्की रु. ७,५२,२७,३००। फर्छ्यौट भै वांकी रहेको रु. ४४,३६,२०१।- र चालु आ.व.मा दिएको पेश्की रु. ४,५२,३६,०३३। मध्ये रु.४,३१,७८,५३३। फर्छ्यौट भई चालु वर्षको पेस्की रु.२०,५७,५००।- बांकी रहेको समेत बर्षान्तमा रु. ६४,९३,७०१।- फर्छ्यौट हुन बांकी रहेको देखिन्छ । बर्षो देखिको विभिन्न व्यक्तिहरुको नाममा पेश्की रहेको र सो असुली गर्न उपमहानगरपालिकाले कुनै ताकेता गरेको पाईएन । तसर्थ उक्त पेस्की नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

७. **राजश्व तर्फ :** आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार आर्थिक बर्ष समाप्त भएको ३५ दिन भित्र राजश्व लगत, असुल हुन बांकी रकम समेतको आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था रहेकोमा उपमहानगरापालिकाले उठाउनुपर्ने राजश्वको मुल आधार तयार गरेको देखिएन । करदाताले घोषणा गरेको विवरणको आधारमा कर निर्धारण गर्ने गरेको पाईयो । करदाता स्वयं उपस्थित भई कर तिरेमा मात्र कर लिने अन्यथा कानून बमोजिम कर उठाउने संयन्त्रको विकास भएको देखिदा राजस्व वृद्धि गर्ने संयन्त्रको विकास गरी कार्यान्वयन गर्नुपर्दछ ।

८. **राजस्व सम्बन्धि सफ्टवेयरको आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(२) बमाजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृति भए बमोजिम ढांचामा राख्नु पर्ने र सो ढांचा स्वीकृती गराउने र लागु गराउने कर्तव्य महालेखा नियन्त्रकले गर्नुपर्ने उल्लेख छ । तर उपमहानगरपालिकामा प्रयोग भएको सफ्टवेयरमा देहाय बमोजिम अवस्था पाइयो :

८.१. सफ्टवेयर कुन कुन शिषक कति दर कति उठाउनु पर्ने कति उठायो, कति बक्यौताछ, कुन वर्षमा कुन करदाता के अवस्था छ को वास्तविक चित्रण गर्न सक्ने नभएको ।

८.२. कतिपय करदाता पुरानो बक्यौता नतिरी नयां तिर्न समेत तिर्न सक्ने रहेको पाइयो ।

८.३. सफ्टवेयरले कार्यस्थलबाट समेत हेरफेर गर्न सक्ने प्रक्रिया रहेको, प्रयोगकर्ताले परिवर्तन पूर्व माथिल्लो अधिकारीको स्वीकृति लिई गर्नुपर्ने व्यवस्था नभएको ।

८.४. सफ्टवेयरमा आवश्यक सूचनाहरु राखिसकेपछि करदाताको करदायित्व स्वतः देखिनुपर्नेमा कर लिने व्यक्तिको तजविजमा सजिलै परिवर्तन समेत गर्न सकिने व्यवस्था रहेको ।

८.५. सफ्टवेयरमा Audit Trail नरहने भएकाले कुन समयमा कति भौचर मेटाईए, परिवर्तन गरिए सो को यकिन गर्न सकिएन ।

८.६. करदातको छुट्टै फायल तयारगरी सम्पूर्ण विवरणहरु अध्यावधिक राख्ने गरेको पाईएन ।

८.७. IT Security को आवश्यक व्यवस्था, प्रवन्ब नभएको । दैनिकरुपमा सफ्टवेयरको व्याकअप समेत लिने गरेको पाईएन ।

८.८. करदाताको विगत बर्ष बुझाएको करको विवरण र सुचनाहरु जुनसुकै बेला परिवर्तन गर्न सकिने, हटाउन सकिने व्यवस्था समेत रहेकोले विश्वसनियतामा प्रश्नचिन्ह उठ्ने गरेको ।

८.९. कुनै राजस्व भौचर रद्द गर्न समेत राजस्व लिने व्यक्तिले गर्न सक्ने अवस्था रहेको ।

८.१०. कर्मचारीहरुले सफ्टवयेर चलाउन IT Policy तयार गरी लागु गरेको पाईएन ।

तसर्थ राजश्वमा प्रयोगमा ल्याईएको सफ्टवेयर विश्वासयोग्य, भरपर्दो र यथार्थपरक नरहेकोले उपमहानगरपालिकाको राजस्व असुली दाखिला यथार्थ चित्रण गर्न नसक्ने परिस्थितिमा रहेको पाईयो । यसमा सुधार गरिनु पर्दछ ।

९. **एकीकृत सम्पत्ती करको लगत नभएको :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३९ र नियमावली, २०५६ र नेपाल सरकारको निर्णयानुसार मालपाते तथा घर जग्गा वापत नेपाल सरकारले उठाएको रकम ५० प्रतिशत स्थानीय निकायले पाउने व्यवस्था छ । उपमहानगरपालिकाकाले विगतका वर्षहरु देखिका एकीकृत कर रकम पनि चालू आथिर्क वर्षमा संकलन गरेको हुनाले यस आर्थिक वर्षको मात्र एकीकृत कर कति उठ्न गएको हो भन्ने बारे यकिन हुन सकेन । उपमहानगरपालिकाले लगत नराख्ने र एकीकृत कर बुझाउन आउनेले दिएको विवरणको आधारमामात्र कर असुल गर्ने गरेको प्रचलन ले गर्दा कर नतिरेका कर दाता हरुलाई ताकेता गरी समयमानै कर उठाउन सकेको देखिएन । करदाताहरुले एकै पटक धेरै वर्षको कर कार्यालयमा बुझाउन आउने भएकाले उपमहानगरपालिकाले जरिवाना रकम पनि लिनेगरेको पाईयो तर करदाताले तिरेको जरीवाना रकमलाई कुनै वडा कार्यालयले राजश्वमै गाभ्ने र कुनै वडा कार्यालयले जरिवानामा देखाउने गरेकोले करमा देखाएको रकम यथार्थ परक देखिएन ।

१०. **व्यवसाय कर:** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३८ बमोजिम व्यवसाय कर असुल गर्ने व्यवस्था छ । उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको व्यापार व्यवसाय वा पेशामा पूजिंगत लगानी र आर्थिक कारोबारको आधारमा तोकिए बमोजिम व्यवसाय कर लगाई असुल गर्न सक्ने व्यवस्था रहेको छ । उपमहानगरपालिकाले व्यवसाय कर असुल गर्नुपर्ने व्यवसायिहरुको लगत राखी राजस्व असुल गर्ने गरको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पूर्ण व्यवसायिहरुबाट कर रकम असुल गरीएको पनि पाइएन । उपमहानगरपालिकाले प्रत्येक सालमा कर असुली नभएको व्यवसायी करदाताको अभिलेख खडा गरी कानूनी प्रक्रिया मार्फत कर रकम असुलि गर्न र आन्तरिक राजश्व कार्यालयसंग उपमहानगरपालिका क्षेत्र भित्रका व्यवसायीहरुको अभिलेख माग गरी सम्पूर्ण व्यवसायीहरुलाई उपमहानगरपालिकाले लगाँउको करको दायरामा ल्याउनु पर्दछ ।

११. **घरवहाल कर :** स्थानीय स्वायत्त शासन एनेअनुसार आफनो क्षेत्र भित्रको घर, पसल, गोदाम,टहरा, कारखाना, जग्गा एवं पोखरी पुरै वा आशिक रुपमा वहालमा दिएकोमा सम्वन्धित धनिबाट वहाल रकमको बढिमा २ प्रतिशत सम्म बहालकर उपमहानगरपालिकाले लिन सक्ने व्यवस्था छ । उपमहानगरपालिकाले बहालमा राखेका करदाताहरुको लगत अद्यावधिक गरी राखेको पाईएन । कर तिर्ने व्यक्ति, फर्म संस्था, वा कम्पनी आफैले आफ्नो वहाल आम्दानि नदेखाई त्यस रकम अनुसारको कर उपमहानगरपालिकामा दाखिला गर्ने गरेको पाइयो । घरबहालकर तिर्ने व्यक्ति, फर्म, संस्था, वा कम्पनीको छुट्टा छुट्टै खाता बनाई कर तिरेको रकम, मिति सम्बन्धित खातामा चढाउने प्रावधान रहेको भएतापनि करदाताले तिरेको विवरण सम्बन्धित खातामा बर्षै देखि नचढाइएको हुनाले नियमित कर बुझाउने कर दाताको पहिचान हुन सकेन । उपमहानगरपालिका क्षेत्रका घर जग्गाको लगत राख्ने,नयां बनेका घरबाट कर असुल गर्ने तथा उठ्न बाकी रकमको हिसाब राखि सोहि अनुरुप कर रकम असुल गर्नुपर्दछ ।

उल्लेखित सन्दर्भमा उपमहानगरपालिकाले प्राविधिक समिति नै गठन गरी उपरोक्त कर प्रणाली सुधार गरी असुल गर्नुपर्ने राजस्व असुल गर्नुपर्ने देखिन्छ ।

१२. **समायोजन भएका स्थानीय निकायको सम्पत्ति :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ परिच्छेद १० को दफा २१४ मा जिन्सी मालसामानको लगत तयार गर्ने सम्बन्धि व्यवस्था रहेको छ । नेपालको संविधान बमोजिम संघिय, प्रदेश, स्थानीय सरकार व्यवस्था भए बमोजिम नेपाल सरकारबाट ७५३ स्थानीय निकाय गठन गरी धनगढी उपमहानगरपालिकामा केही गा.वि.स. को वाडं नं.हरुमा समायोजन गरी धनगढी उपमहानगरपालिका गठन भएपछि उपमहानगरपालिकाले लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छ, अधिकार प्राप्त अधिकारीले एक वर्षमा कम्तीमा एक पटक स्वयम् वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लिई राख्ने व्यवस्था गर्ने गरेको पाईएन । साविक धनगढी उपमहानगरपालिका र गाभिन आएका गाँउंविकास समितिका सम्पत्तिहरुको यकिन गरी अभिलेख तयार गर्नकोलागि विज्ञहरुको एक टोली गठन गरी प्रचलित ऐन कानून वमोजिम अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

१३. **नगर परिदषको निर्णय कार्यान्वयन स्थिति :** नेपाल सरकार स्थानिय विकास मन्त्रालयको पत्रानुसार धनगढी नगरपालिका, उपमहानगरका स्तरोन्नती भै सकेपछिको धनगढी उपमहानगरपालिकाको प्रथम नगर परिषद वैठक मिति २०७२।११।२९ गते कार्यकारी अधिकृतको अध्यक्षतामा बसी २०७३।७४ को वार्षिक बजेट, योजना तथा कार्यक्रमहरुमा २०७३।७४ को लागि रु.२७,८९,०९,४७५।- बजेट पारित गरेको र २०७३।११ मा बसेको दोश्रो नगर परिषदबाट रु.४२,९३,६५,०७६।- बजेट स्वीकृत गरी विभिन्न निर्णय गरेकोमा नगरपरिषदको निर्णय नं. ३१

बाट धनगढी उपमहानगरपालिकाका वडाहरुमा पहिलो खुला दिशा मुक्त क्षेत्र हुने वडालाई पुरस्कार स्वरुप रु.१० लाख बराबरको योजना उपलब्ध गराउने गरी निर्णय भएकोमा उक्त निर्णय कार्यान्वयनमा आएको छैन । परिषदले गरेको निर्णय कार्यान्वयन नभएकोमा कारण स्पष्ट गरेको छैन ।

१४. **योजना** : नगरपरिषदबाट आर्थिक वर्ष २०७३।७४ का लागि गत विगतका अधुरा योजनाहरु वापत रु. २ करोड बजेट विनियोजन भएको पाइयो । तर कुन कुन योजनाको लागि उक्त रकम छुट्याइएको हो सो विवरण पेश नभएकोले बजेट पारित गर्दा निर्दिष्ट योजनामा खुलाई बजेट विनियोजन र खर्च गर्नुपर्दछ ।

१५. **सपिंग कम्प्लेक्स निर्माण :** धनगढी उपमहानगरपालिका कार्यालय र के.एस । सावद जे.भी. धनवढी बीच २०७४ आषाढ २० गते भित्र कार्य सम्पन्न गर्ने गरी धनगढी उपमहानगरपालिका १ उपमहानगरपालिकाले सपिंग कम्पेक्स निर्माण कार्यको लागि मूल्य अभिवृद्धि कर वाहेक रु.२,९१,९०,७१७- मा मिति २०७२।९८।८ गते ठेक्का सम्झौता भएकोमा लेखापरीक्षणको क्रममा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्:

१५.१. संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयको मिति २०७२।८।१० को पत्रानुसार जगेडा कोषबाट ५० प्रतिशत र वांकी ५० प्रतिशत उपनगरपालिकाबाट हुनेगरी कुल लागत रु. ३ करोड ३१ लाख २३ हजार मध्ये रु.१ करोड ६५ लाख ६२ हजार जगेडा कोष र सोही रकम बराबर नगरपालिकाले व्यहोर्ने गरी लागत सहभागितामा आयोजना स्वीकृत गरेकोछ । चालुवर्ष दोश्रो रनिंग विलबाट रु.९०,८३,३३२। भुक्तानी भएकोमा सो भन्दा अघिल्ला विलहरुको Previous भुक्तानी सहितको एकीकृत नापी किताव पेश भएको छैन ।

१५.२. महालेखा परीक्षकको कार्यालयले आर्थिक कारोवारलाई व्यवस्थित गर्नको लागि विभिन्न ढांचा तोकेको मध्ये निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब (म.ले.प.फा.नः १७१) मा उल्लेख गर्नुपर्ने व्यवस्था छ । तर उल्लेखित निर्माण व्यवसायिबाट गराएको कामको प्रथम रनिंग विल सहित आ.व. २०७४।७५ मा भुक्तानी भएका विलहरु एकीकृत नापी कितावमा नचढाई छुट्टाछुट्टै नापीमा चढाएकोले हालसम्मको एकीकृत कार्यस्थिति देखिएन । नियमानुसार एकीकृत नापी कितावमा चढाई अभिलेख अद्यावधि गरिनु पर्दछ ।

१६. **पूर्वनिर्धारित क्षतिपूर्ति :** मिति २०७४।३।२० मा सम्पन्न गर्ने गरी १५ महिनाको मात्र अवधि राखी ठेक्का सम्झौता भएकोमा निर्माण कार्य शुरु गर्दा इटा, वालुवा, गिटी निर्माण स्थलमा ल्याई सकेतापनि सरिया अभावको कारण र वर्षायामको कारणले कार्यसम्पदानमा कठिनाई परेकोले २०७५ आषाढ मसान्तसम्म म्याद थपको लागि निर्माण व्यवसायीबाट म्याद थप माग गरेको अवस्थामा परिषदको २०७४।६।३१ को परिषद वैठकबाट २०७५ आषाढ मसान्तसम्म म्याद थप गरेको छ । यद्यपी २०७२।१२।८ को सम्झौताले म्याद थपको प्रावधान नराखी समयमा काम नसकेमा ठेक अंकको ०.०५ प्रतिशत प्रतिदिनका दरले हुने रकम निर्माण व्यवसायिले नगरपालिका कार्यालयमा क्षतिपूर्ति स्वरुप वुझाउनुपर्ने उल्लेख भएकोमा क्षपितुर्ति लिएको नलिई म्याद थप गरेको छ । क्षतिपूर्ति लिने व्यवस्था कडाईका साथ लागु गर्नुपर्दछ ।

१७. **आय ठेक्का :** धनगढी उपमहानगरपालिकाको स्वामित्वमा रहेको बस बिसौनीमा आउने र जाने बस तथा अन्य सवारी साधनको पार्किग शुल्क तथा टिकट घरको भाडा समेत संकलन गर्ने कार्यमा ठेक्का दिने सम्बन्धमा २०७२।१२।१९ को सिलवन्दी वोलपत्रबाट प्रतिस्पर्धी मध्ये सबैभन्दा बढी कवोल गर्ने न्यूस्टार कन्ष्ट्रक्सनको ठेक्का सकार नगरी रु.३,६०,०००।- धरौटी जफत गरी दोस्रो बरियात क्रमको कवुल अंक रु.५१,६१,०६१।- स्वीकृत भएको ठेक्का वालाजी कन्ष्ट्रक्सनको ३ किस्तामा दाखिला भएको प्रमाण पेश गरेकोछ ।

१८. **मूल्य अभिवृद्धी कर :** मुल्य अभिवृद्ध कर ऐन, २०५२ तथा आय कर ऐन, २०५८ बमोजिम आय ठेक्कामा ठेक रकमको १३ प्रतिशत मूल्य अभिवृद्धि कर तथा १.५ प्रतिशत आय कर असुल गरी राजस्व दाखिला गर्नुपर्नेमा उपरोक्त वालाजी कन्ष्ट्रक्सनसंग मूल्य अभिवृद्धि कर तथा आय कर असुल गर्ने गरी सम्झौता नगरी असुली गरेकोले नियमानुसार देहाय बमोजिमको कर रु.७,४८,३५४।- असुल गरी दाखिला गर्नुपर्दछ ।

१९. **बहाल, बिटौरी कर :** धनगढी उपमहानगरपालिका क्षेत्र भित्र मुख्य बजार क्षेत्र तथा भित्रका सार्वजनिक सडक छेउछाउ र सार्वजनिक स्थलका हाटबजार जस्ता स्थानमा बसी दैनिक अस्थायी रुपमा व्यापारिक मालसामान खरिद विक्री गर्ने व्यावसायीहरुबाट स्थानिय स्वायत्त शासन नियमावली, २०५६ एवं आर्थिक प्रशासन सम्बन्धी नियमावलीको नियम १६७, १६८ र १६९ बमोजिम व्यवसाय कर संकलन गर्न २०७२।१२।१९ मा प्रकाशित सुचना अनुसार मनिस मुडभरीसंग रु.५८०२००। को ठेक्का ३ किस्तामा वुझाउने गरी २०७३।४।१० मा संझौता भएकोमा सम्झौताको सि.नं.२ अनुसार प्रथम किस्ता सम्झौताको अवधि र वांकी किस्ता क्रमशः कातिक र फागुन मसान्त भित्र वुझाउने गरी सम्झौता गरेकोमा उल्लेखित व्यवस्था अनुसार ६ किस्तामा वुझाएकोले सम्झौता अनुसार असुल गर्नुपर्दछ ।

२०. **ह्यूम पाइप :** सेती ह्यूमपाइप तथा विद्युत पोल उद्योग प्रा.लि.लाई आ.व. २०७२।७३ मा भएको सम्झौता अनुसार रु.५५,८०,७९८।- मध्ये गतवर्ष रु.३२,०२,९६२। भुक्तानी भै वांकी रु.२३,७७,८३६। मा भुक्तानी दिएको छ । तर विभिन्न साइजको १४६ थान उक्त ह्यूमपाइपहरु कुन कुन योजनामा प्रयोग भएका हुन त्यसको प्राविधिक मूल्यांकन, नापी किताव सहितको अभिलेख पेश हुनुपर्दछ ।

२१. **विल भरपाई :** ना.सु.मोहन वहादुर खडकाले उपमहानगरपालिका कार्यालयको आ.व.२०७२।७३ मा व्यवसाय करहरुको बक्यौता र उठेको रकमको विवरण तयार गर्ने कार्य सम्पन्न भएको भनि रु.१,४०,०००।- माग गरेकोमा उक्त रकम खर्च लेखेको छ तर खर्च लेख्दा संलग्न हुनुपर्ने विल भरपाई संलग्न नभएको र आ.व. २०७२।७३ को पहिलो वर्ष २०७३।७४ मा खर्च लेख्नुपर्नाको कारण सहित सम्पादित कामको विवरण समेत पेश गर्नुपर्दछ ।

२२. **संघीय संरचना पूर्वाधार विकास कार्यक्रम :** संघीय संरचना पूर्वाधार विकास कार्यक्रम अन्तरगत बजेट उपशिर्षक नं. ६०२११० अन्तरगत २ पटक गरी पुजिगत रु.८० लाख र चालुतर्फ रु.२० लाख गरी जम्मा रु.१ करोड बजेट विनियोजन गरी २०७३।१२।८ मा अख्तियारी प्राप्त भएकोमा रु.७०,०३,६८१। खर्च भएकोमा देखिएका थप व्यहोरा निम्नानुसार छनः

२२.१. अर्थ मन्त्रालयको २०७३।१२।८ को अख्तियारीको सि.नं.२ अनुसार आ.व. २०७३।७४ को असार १५ गते भित्र सम्पन्न गरी असार २० गते भित्र सार्वजनिक लेखा परीक्षण गराई असार मसान्तभित्र जांचपास र फरफारक गर्नुपर्नेमा त्यस प्रकारबाट सार्वजनिक लेखापरीक्षण र जांचपास भएको छैन ।

२२.२. अख्तियारी पत्रको सि.नं.६ अनुसार पुजिगत तर्फ विनियोजित रकम मुख्यतः स्थानीय तहको पूर्वाधार र कार्यालय स्थापना एवं सेवा प्रवाहको लागि खर्च गर्नुपर्ने र यि कार्यक्रम अन्तरगत संचालन गरिने पूर्वाधार निर्माणका कार्यमा श्रममुलक प्रविधि अवलम्बन गर्नुपर्ने उल्लेख छ । तर उपमहानगरपालिकाले उक्त रकम रु. ७०,०३,६८१।- कार्यालय रंगरोगन, फर्निचर तथा कम्प्युटर खरिदमा खर्च गरेको पाइयो ।

२३. **भेरियसन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ अनुसार सम्झौता कार्यान्वयनको क्रममा सार्वजनिक निकायले भेरियसन जारी गर्नुपर्ने भएमा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई भेरियसन आदेश जारी गर्नुपर्नेमा ३ ठेक्काको सम्झौतामा स्वीकृत सम्झौता भन्दा रु. ९५,२७२।- बढी भुक्तानी भएकोमा भेरियसन स्वीकृत नगरेकोले स्वीकृत गरेर मात्र भुक्तानी गर्नुपर्दछ ।

२४. **फोहर व्यवस्थापनको लागि ट्रान्सफरमर स्टेशन निर्माण :** फोहर व्यवस्थापनको लागि ट्रान्सफर स्टेमन निर्माण कार्यको लागि देव सिंह निर्माण सेवा प्रा.लि.संग म्याद समेत रु.४४,८९,९००।- मा २०७२।३।१५ गतेसम्म सम्पन्न गर्ने गरी २०७१।११।१५ गते उक्त निर्माण व्यवसायीसंग सम्झौता भएकोमा २।०७४।७।९ मा भेरियसन सहित रु.४६,२७,५०८।- भुक्तानी भएको छ । यद्यपी उक्त स्टेसनमा प्रयोगको लागि माग भएका ट्रयाक्टर १ थान, हाईड्रोलिक ट्रली २ थान तथा रिक्सा १० थान समेतको रु. १८,५०,०००।- कार्यालयको जिन्सी कितावमा आम्दानी नवाँधिएको र गुणस्तर परीक्षण समेत गरेको नदेखिदा सम्झौता अनुसारको ढुवानीमा सामाग्री प्राप्त भएको हो होइन एकिन गर्न नसकिएकोले गुणस्तर परीक्षण सहित आम्दानी वाध्नु पर्दछ ।

२५. **अधुरा ठेक्का :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले सोही नियमावलीको नियम १२१ बमोजिम छानविन गरी तोकिएको समयमै सम्पन्न गुर्नपर्नेमा उपमहानगरपालिकाले संचालन गरेका तर पुरा नभएका अधुरा योजनाहरु नियम अनुसार कार्य सम्पन्न गर्नुपर्दछ ।

२६. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा भत्ता वापत रु.१२,५५,०५,०००। निकासा भएकोमा रु.१२,२७,८७,९६०।- खर्च गरी वांकी रु.२७,१७,०३९।- कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरेकोमा लेखापरीक्षणको क्रममा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् ।

२६.१. कृषि विकास वैंकले सामाजिक सुरक्षा भत्ता वापत पेस्की लिएको रकम खर्च गरी वांकी रहेको रु.१२,०९,४००।- र गत विगतको वांकी रु.७५,०३९।- समेत रु.१२,८४,४३९।- र महाकाली विकास वैकले रु.८,९३,११०।- फिर्ता गरी जम्मा रु. २१,७७,५४९।- कोष तथा लेखा नियन्त्रक कार्यालय फिर्ता गर्नुपर्नेमा मिति २०७४।३।३० मा रु.२१,६७,८३९।- र मिति २०७४।३।२८ मा रु.५,४९,२००।- गरी जम्मा रु.२७,१७,०३९।- मात्र फिर्ता पठाएकोले घटी फिर्ता पठाएको रु.९,७१०।- असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

२६.२. कृषि विकास वैंकले धनगढीले सामाजिक सुरक्षा भत्ता वापत लिएको पेस्की रकम फछ्र्यौट गरेको विवरण परिक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्:

२६.३. तेश्रो चौमासिकमा पेस्की रु.२,७२,३४,२००।- फछ्र्यौट गरेकोमा जेष्ठ नागरिक, विधवा, असक्त समेत ४४८२ जनाको खातामा जम्मा रु. २,६७,३१,६००।- मात्र दाखिला गरेको विवरण पेश भएकोले नपुग रकम रु.५,०२,६००।- वैंकसंग हिसाव मिलान गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

२७. **प्रशासनिक खर्च बढी गरेको :** स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को परिच्छेद ३ को सि.नं. ३४ मा प्रशासनिक खर्चको हद तोकेको छ । जस अनुसार कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट रु.१ करोड भन्दा बढी आम्दानी हुने नगरपालिकाले २५ प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न नपाउनेमा, धनगढी उपमहानगरपालिकाले आ.व. २०७३।७४ मा कर शुल्क, सेवा शुल्क, दस्तुर भाडाबापत उठाएको रु.७,४०,३५,४५८।- को २५ ले हुने रु.१,८५,०८,८६५।- सम्म खर्च गर्न पाउनेमा कर्मचारी प्रशासनतर्फ रु.३,२७,३८,९१७।- र कार्यालय संचालन तथा सेवा खर्चतर्फ रु.९७,६४,४५६।- समेत जम्मा रु. ४,२५,०३,३७३।- खर्च गरेकोले नियमानुसार भन्दा रु.२,३९,९४,५०८।- बढी खर्च गरेकोले प्रशासनिक खर्चमा नियन्त्रण गरी प्रशासनिक खर्चको सिमा भित्र रही खर्च गरिनुपर्दछ ।

२८. **आन्तरिक लेखापरक्षणबाट औल्याइएको व्यहोरा** : स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम सरकारी कारोवारको भुक्तानी गर्दा सो संग सम्बन्धित विल भरपाई तथा प्रमाण कागजात मात्र राखेर भुक्तानी दिनुपर्नेमा प्रमाण कागजात तथा रित नपुगेकोमा नियमानुसार नियमित, प्रमाण तथा असुल गरी अद्यावधिक गर्नुपर्ने गरी आन्तरिक लेखापरीक्षणले औल्याएका देहाय व्यहोराहरु असुल फछ्र्यौट गर्नुपर्दछ ।

२८.१. सुशिला निरौलालाई विकास टोलमा फालिएको फोहर व्यवस्थापन गर्ने कार्यका लागि भएको रु.२७,०००।- भुक्तानीमा सार्वजनिक परीक्षण, प्राविधिक मूल्यांकन पेश गर्नुपर्दछ ।

२८.२. लक्ष्मी स्क्रिन प्रिन्टलाई रु.१०,०००।- भुक्तानी दिएको पुष्ट्याई गर्ने विलहरु समावेश भएको छैन् ।

२८.३. पशुपति ट्रेडिङ्ग कन्सर्नलाई गाडी मर्मत वापत रु.२,२८,२५८।- भुक्तानी भएकोमा इष्टिमेट पेश भएको छैन् ।

२८.४. २०७४।३।५ मा वेद उप्रेति ट्रष्टलाई परम्परागत सामाग्रि खरिद वापत रु ५,००,०००।- भुक्तानी गर्दा विलभरपाई सक्कल प्रमाण पेश भएको छैन ।

२९. **पेस्की वांकी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ अनुसार आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट नभई वांकी रहेको पेस्की रु. ६४,९३,७०२।- नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु ३ करोड ७४ लाख ६१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१८ लाख ४० हजार, नियमित गर्नुपर्ने रु.२ करोड ९१ लाख २७ हजार र पेश्की रु ६४लाख ९४ हजार रहेको छ ।

# टिकापुर नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत बर्षको मौज्दात रु १ करोड २४ लाख ३१ हजार र यो बर्षको आय रु २५ करोड ८५ लाख २१ हजार समेत रु २७ करोड ०९ लाख ५२ हजार आम्दानी भएकोमा रु २४ करोड ८७ लाख ५६ हजार खर्च भई रु २ करोड २१ लाख ९६ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका ब्यहोरा निम्नानुसार छन ।

१. **वित्तीय विवरण :** कार्यालयले पेश गरेको आय व्यय विवरण अनुसार गतवर्षको जिम्मेवारी रु.१२४,३१,५७६।- मा यस वर्ष विभिन्न अनुदान निकासा तथा आन्तरिक आय रु.२५,८१,७६,०९०।- तथा साविक गा.वि.स.को कोषमा रहेको रकम फिर्ता प्राप्त भएको रु.३,४५,२०३।- समेत जम्मा रु.२७,०९,५२,८६९।- मा रु.२४,८७,५६,६६७।- खर्च भै रु. २२१,९६,२०२।- मौज्दात रहेको आय व्यय विरण पेश भएको छ । प्रस्तुत आय व्यय विवरणमा धरौटीतर्फ जम्मा आय रु.७३,७९,०१६।- मा रु.५,८०,८३७।- खर्च भै मौज्दात रहेको रु.६७,९८,१७८।- तथा कर्मचारी कल्याण कोषको रु.१,३९,६६,६१८।- आय मध्ये खर्च रु.८३,५०,२३९।- भै वांकी भएको रु.५६,१६,३७९।- समावेश छैन ।

२. **सामाजिक सुरक्षा भत्ता :** सामाजिक सुरक्षा भत्तामा साविक गा.वि.स. तर्फको वितरण गर्न उपलव्ध गराएको र खर्च भएको रकम रु.९३,७२,३८०। लाई लाई आय व्यय विवराण्मा सम्बन्धित शिर्षकमा देखाइएको छ भने नगरपालिकातर्फको सामाजिक सुरक्षा भत्ता रु.७,१६,१८,४००। आय विवरणको अन्यमा समावेश गरेको छ ।

३. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरीक नियन्त्रण ब्यबस्था भरपर्दो र प्रभाबकारी बनाउनु पर्दछ । यस कार्यालयको आन्तरीक नियन्त्रण ब्यवस्थाको मुल्यांकन गर्दा आर्थिक कारोबारको संक्षिप्त अनुसुची १४ तयार नगरेको , सूचना अधिकारीको काम कर्तब्य र अधिकार नेतोकेको , सेवा ग्राहीसंग अन्तरक्रिया नगरेको, चौमासिक प्रगति तयार नगरेको, नागरिक सूचनाको लागि हेल्प डेकस नराखेका बेरुजुको लगत नराखेको , जिन्सी निरीक्षण प्रतिबेदन तयार नगरेको , जस्ता ब्यहोरा देखिएको छन । प्रचलित नियममा भएका सबै ब्यबस्थाको पालना गरी आन्तरीक नियन्त्रण सुढृढ बनाउनु पर्दछ ।

४. **प्रयोगशाला परिक्षण -** कालो पत्रे तथा कंक्रिडको काममा निर्माण सामाग्री तथा निर्मित संरचनाको गुणस्तर तोकिएको मापदण्ड अनुसार भए नभएको प्रयोगशाला परिक्षण गराउनु पर्नेमा (सम्झौतामा समेत उल्लेख भएको) कार्यालयले बोलपत्र तथा उपभोक्ता समितिले गरेको सडक कालो पत्रे ग्राभलिङ र भवन निर्माण कार्यको प्रयोगशाला परिक्षण नगरेकोले गुणस्तरको विषयमा विश्वस्त हुन सकिएन ।

५. **ह्युम पाइप खरिद -** परिषदबाट स्वीकृत भई पूर्व निश्चित भएको ह्युमपाईप खरिद गर्दा सिलवन्दी दरभाउपत्रबाट नगरि पटक पटकको आदेशबाट सेती ह्युमपाईप तथा विद्युत पोल उद्योगबाट परिमाणको पाईप खरिद गरेको छ, ह्युम पाईप खरिद गर्दा लागत अनुमान तयार नगरेको र खरिद एवम् उपभोग (प्रयोग) को नापी किताब राखेको छैन । नापी किताब बेगर खरिद गरिएको ह्युम पाईप कुन योजनाको कुन कार्यमा खर्च भयो सो को स्थिति स्पष्ट नहुने हुँदा रु.११,१०,८०८। को खरिद कार्य नियमित गर्नुपर्दछ ।

६. **म्याद थप :** सडक बोर्ड अर्न्तगत टिकापुर बजार क्षेत्रमा पीच मर्मत कार्य अमिक्षा निर्माण सेवासँग बोलपत्रको माध्यामबाट मिति २०७४ बैशाखमा काम सम्पन्न गर्ने गरि सम्झौता भएकोमा प्रथम रनिङ्ग वीलमा रु.८,९९,९६२।- भुक्तानी भएको छ, म्याद थप भएको छैन । सम्झौता अनुसार रु.१,९६,२०९।- काम सम्पन्न हुन बाँकि देखिन्छ ।

७. **सोझै खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा टुक्रा पारि खरिद गर्नु हुँदैन भन्ने उल्लेख छ । सौर्य उर्जा अर्न्तगत सडक वत्ती, फर्निचर तथा मेशिनरी सामान खरिद गर्दा टुक्रा टुक्रा पारी रु.५३,३३,०८३।- सिधै खरिद गरिएको छ । नियममा भएको व्यवस्था पालना नगर्दा खरिद कार्यमा अनियमितता हुने, आर्थिक अनुशासनको पालना नहुँने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

८. **सूचीकृत -** सौर्य उर्जाका आपूर्तक उज्यालो उर्जा प्राली बालाजु र अल्ट्रा सोलार इनर्जी एण्ड एस टि इन्जिनियरिङ्ग प्रा.लि. काठमाण्डौ दुवै कार्यालयको मौजुदा सूचीमा दर्ता समेत भएका छैनन् ।

९. **दमकल खरिद -** नगरपालिका अनुदान कार्यक्रम अर्न्तगत वोलपत्रको माध्यामबाट : AP Interprenuers Pvt. Ltd. काठमाण्डौसँग मिति २०७४।०२।०४ भएको सम्झौता अनुसार रु.५३,७५,०००।- को दमकल खरिद गरि भुक्तानी गर्दा धरौटी कट्टा गरेको देखिएन । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) मा खरिद सम्झौतामा अन्यथा उल्लेख गरेको बाहेक ठेक्का रकमको वील भुक्तानी गर्दा रिटेन्सन मनि वापत ५ प्रतिशत कट्टा गरि राख्नु पर्ने व्यवस्था छ । दमकल खरिदको सम्झौता गर्दा रिटेन्सन मनि कट्टा गर्न नपर्ने कारण उल्लेख नगरेको हुँदा उक्त नियमानुसार ५ प्रतिशत रिटेन्सन मनि रु.२६८७५०। कट्टा गर्नुपर्दछ ।

१०. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(४) अनुसार सार्वजनिक निकायले रु.१ लाख रुपैंया भन्दा बढीको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा

दरभाउपत्र माग गरि खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयलाई आवश्यक सामान पटक पटक खरिद गर्नु पर्ने हुँदा नियमको उक्त व्यवस्था अनुसार घटिवालासँग खरिद गर्ने प्रयोजनका लागि आपूर्तकबाट दरभाउपत्र लिई स्वीकृत गराई राखेको छ । लेखापरीक्षणको क्रममा स्वीकृत दर तथा भक्तानी वीलको केही नमुना तुलना गर्दा निम्न आपूर्तकलाई निजहरुले पेश गरेको दर भन्दा बढी भुक्तानी भएको देखिदा बढी भुक्तानी रु.३४३९७२० रकम असुल गर्नुपर्दछ ।

११. **कर दर्ता नभएकासंग खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले रु. २० हजार भन्दा बढीको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउदा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कम्प्यूटर मर्मतका सामान, कार्यालय संचालन सम्बन्धीसामान, मेशिनरी सामान लगायतको खरिद गर्दा मु.अ.कर दर्ता नभएका संग खरिद गर्ने गरेको छ । नियममा भएको व्यवस्थाको पालना नगर्दा आर्थिक अनुसाशनको कायम नहुने भएकोले कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिएको छ । यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन्:

१२. **नर्म्स वेगर तालिम भत्ता** : नागरपालिकाबाट विभिन्न विषयमा विभिन्न वर्गहरुलाई प्रदान गर्ने प्रशिक्षण गोष्ठि सेमिनार, अभिमुखीकरण तथा भेला कार्यक्रमको लागि प्रशिक्षण भत्ता, कार्यपत्र प्रस्तुती, वैठक भत्ता, यातायात तथा खाना खाजा एवं अन्य व्यवस्थापन खर्चको लागि नर्म्स तयार गरी अर्थ मन्त्रालयबाट स्वीकृत भए बमोजिम खर्च गर्नु पर्दछ । स्थानिय निकायले नर्म्स तयार गरी स्वीकृत नगराएको अवस्थामा नेपाल सरकार अर्थ मन्त्रालयको निर्देशिका अनुसारनै खर्च गर्नुपर्ने हुन्छ । कार्यालयले यस वर्ष विभन्नि तालिम गोष्ठी तथा अभिमुखिकरणको कार्यक्रम संचालन गर्दा आफ्नो नर्म्स नभएको अवस्थामा अर्थ मन्त्रालयको स्वीकृत निर्देशिका अनुसार प्रति कक्षा जिल्ला स्तरमा रु.१०००। मात्र खर्च लेख्न मिल्नेमा रु.१५००। देखि रु.२५००। सम्म खर्च लेखेको देखियो ।

१३. **निर्माण कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सावजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वकृिती लिनु पर्ने उल्लेख छ । यसै गरी अमानतबाट निर्माण कार्य गराउदा त्यस्तो काम एक लाख रुपैयामा नवढाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कम्पाउण्डमा घेरवार, ग्राभेलिंग, रंगरोगन, सडक मर्मत लगायतका काम प्राविधिक कर्मचारीलाई कार्यदेश दिई गराउदा एक तह माथिको पूर्व स्वकिृत नलिएको र रु.१ लाखको सिमा समेत नाघेको देखियो । सार्वजनिक निकायले कार्य गर्दा गराउदा सोसंग सम्बन्धित ऐन नियमको पूर्ण पालना गर्नुपर्दछ ।

१४. **कन्टेन्जेन्सी खर्च** : स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा स्थानिय निकायबाट संचालन गरिने कार्यक्रम पुजिगत लगानीको समष्टिगत रकमबाट नगरपालिकाले बढीमा ३ प्रतिशतसम्म कन्टेन्जेन्सी रकम छुट्याई परिषदको स्वीकृतिमा सर्वेक्षण, ड्रइंग डिजाइन, योजना तर्जुमा, अनुगमन, सुपरिवेक्षण, प्राविधिक उपकरण, गुणस्तर परीक्षणलगायत तोकिएको काममा खर्च गर्ने र सोको अभिलेख खर्चको हिसाव) अनुसूची १० को ढांचामा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष कन्टेन्जेन्सी खर्चको लागि छुट्याएको रकम र खर्च विवरणको अभिलेख नराखेकोले विश्लेषण हुन सकेन । अतः कार्यविधिले तोकेको ढांचामा कन्टेन्जेन्सी खर्चको हिसाव राख्नुपर्ने देखिएको छ ।

१५. **धरौटी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६६ (२) अनुसार धरौटी फर्ता पाउने व्यक्तिले प्रचलित कानूनले तोकेको म्याद भित्र र नतोकेकोमा जुन प्रयोजनको लागि धरौटी राखेको हो सो काम सम्बन्धी कारावही अन्तिम रुपमा समाप्त भएको मितिले १ वर्ष भित्र फिर्ता लिन निवेदन पेश गर्नुपर्ने व्यवस्था छ । एक वर्षभित्र फिर्ता माग दावी गर्न नआएमा अभिलेख राखी सदरस्याहा गर्नुपर्ने देखिन्छ कार्यालयमा श्रोत नखुलेको र धरौटी जम्मा गर्नेको नामानामेसी समेत नभएको धरौटी रकम रु. २,२७,८१४।- देखिएकोले त्यस्तो रकम नियमानुसार सदरस्याहा हुनुपर्दछ ।

१६. **कर विजक :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा मु.अ.कर भुक्तानीको लागि तोकिए बमोजिमको कर विजक पेश हुनु पर्ने व्यवस्था छ । कार्यालयले समाज कल्याण परिषद टिकापुरलाई संभौता बमोजिमको ३ किस्ता गरी वार्षिक रु.३,००,०००।- भुक्तानी गर्दा रु.३९,०००।- मु.अ.कर समेत भुक्तानी गरेकोमा कर विजक पेश गरेको छैन । कर विजक वेगर खर्च लेख्न नमिल्ने रकम असुल हुनुपर्दछ ।

१७. **मर्मत अभिलेख :** सवारी साधन मर्मत गर्दा फेर्नु पर्ने सामान तथा मर्मत गर्नुपर्ने पार्टको सम्बन्धित प्राविधिकद्धारा इष्टिमेट गराई पूर्व मर्मत आदेश लिई मर्मत गर्नुपर्ने र मर्मत गरे पश्चात फेरिएका सामान भण्डार दाखिला सहित म.ले.प.फा.नं.२ मा अभिलेख राख्नु पर्नेमा सो अनुसारको प्रक्रिया नपुराई दक्षिणकाली इन्कर्पोरेट प्रा.लि. धनगढीलाई जीप मर्मत तथा सर्भिसिंगको रु.१,६९,४५१।- खर्च लेखेको रकम अनियमित देखिएकोले नियमित गर्नुपर्दछ ।

१८. **डेलिगेशन खर्च :** टिकापुरलाई उपमहानगरपालिका बनाउन राजनैतिक दलका स्थानिय नेताहरु लम्की र धनगढीमा डेलिगेशन जादाको गाडी भाडा रु.४४,०००।- खर्च लेखेकोमा कार्यालयको प्रयोजनसंग सम्बन्धित नदेखिएकोले अनियमित भएको उक्त रकम नियमित गर्नुपर्दछ ।

१९. **भरपाई :** लैगिक हिंसा तथा छुवाछुत र छाउपडी कार्यक्रम संचालनको विल भरपाईबाट स.क.अ. अमृता कुमारी रावलको पेस्की फछ्र्यौट गरेकोमा प्रशिक्षक वालाराम शर्माले रु.२,५५०।- भत्ता बुझेको नदेखिदा नगरपालिकाको कोष खातामा जम्मा गर्नुपर्दछ ।

२०. **सामाजिक सुरक्षा कर :** आयकर ऐन, २०५८ तथा आर्थिक ऐन, २०७३ अनुसार तलव, भत्ता तथा ज्याला भुक्तानी गर्दा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७३ सालको पोशाक भत्ता रु.४,०५,०००। खर्च लेख्दा १ प्रतिशतले हुने कर रु.४,०५०। कट्टा गरेको नदेखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

२१. **कर्मचारी कल्याणकोष :** स्वायत्त शासन नियमावली, २०६४ बमोजिम वर्षको १ महिनाको तलव कल्याणकारी कोषमा राख्नुपर्नेमा उक्त कोषमा कर्मचारीहरुबाट कुनै रकम योगदान भएको छैन । नगरपालिका अनुदानबाट योवर्ष रु.२२,२०,९०२।- कर्मचारी कल्याण कोषमा जम्मा गरेको छ । उक्त रकम कर्मचारीले पाउने २ महिनाको तलव भन्दा बढीको रकम भएकोले कर्मचारीको योगदान नभएको कोषमा कार्यालयको तर्फबाट जम्मा गर्नुपर्ने कानून व्यवस्था पेश गरी नियमित गर्नुपर्दछ ।

**धनसिंहपुर गा.वि.स.**

२२. **अनावश्यक खरिद** : गाँउपरिषद्को माग अनुसार भनि योजना उल्लेख नगरि सेती ह्युम पाइप तथा विद्युत् पोल उद्योग प्रा.लि. सँग एन.पी.३ ९०० एम एम को ह्युम पाइप ११ थान खरिद गरि रु. ३,९४,५५४।- भुक्तानी गरेकोमा सो ह्युम पाइप हाल सम्म जडान नभएको जिन्सी दाखिला नभएको तथा कार्यालयको परिसरमा रहेकोले खरिद गर्नुको उपादेयता देखिएन ।

२३. **खर्चको स्थिती** : त्रिभुवन उ.मा.वि. को घेरवारमा रु. १,३०,०००। खर्च लेखेकोमा ल.ई.नापी, कार्यसम्पन्न तथा विल भरपाई नभएकोले पेश गरी नियमित गर्नुपर्दछ ।

२४. **प्रशिक्षक भत्ता** : उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना निर्माण तथा गा.वि.स.को सेवा सम्बन्धी तालिम दिदा ५ वटा कक्षा सञ्चालनको प्रशिक्षक भत्ता प्रति कक्षा रु.२०००।- ले रु.१०,०००।- खर्च लेखेकोमा सो दरको स्वीकृत नर्म नभएकोले अनियमित देखियो ।

२५. **वढी भुक्तानी** : वडा कार्यालयले आदीवासी जनजातीको लागि बोरिङ जडान गर्न प्रति मिटर ७३८।६४ मा १७६ मिटर बोरिङ कार्यको रु. १,३०,०००।- भुक्तानी भएको सन्दर्भमा सोही कार्य कृषक समूह समन्वय समितिको लागि गराउँदा प्रति मिटर ८७५।७१ बाट गराई १७७ मिटर बोरिङ जडानको कार्यको गराई प्रति मिटर १३७।०७ ले वढी खर्च लेखेको रु.२४,२६१।- उपभोक्ता समितिबाट असुल हुनुपर्दछ ।

२६. **खर्च लेख्ने आधार नदेखिएको :** दलित जनजाती संजाललाई बाख्रा वितरण कार्यक्रम अन्तर्गत रु. १,४५,०००।- भुक्तानी गर्दा संलग्न भर्पाई अनुसार २०७४।२।३१ मा बाख्रा बुझिलिई सकेको अवस्थामा ५ दिन पछिको भर्पाईबाट २०७४।३।५ मा बाख्रा खोजेको खर्च भनि रु. १६,०००।- भुक्तानी गरेको देखियो । यस्तो खर्च खर्च मिल्ने आधार नदेखिएकोले असुल हुनुपर्दछ ।

२७. **ढुवानी :** अपाङ्गहरुको लागि ट्राइसाइकल खरिद गर्ने कार्यक्रम भएकोमा साइकल खरिद नगरि चितवन देखि टीकापुर हुदै साइकल ढुवानी गरेको भनि रु. ३१,०००।- खर्च लेखेकोमा ट्राइसाइकल प्राप्तीको श्रोत एवम् दाता उल्लेख नभएको र ढुवानी गर्नु परेको कारण बेगर खर्च लेखेको रकम नियमित गर्नुपर्दछ ।

२८. **निजी संस्थालाई अनुदानः** सेती कर्णाली साप्ताहिक पत्रिकालाई कम्प्युटर खरिद गर्न भनि रु. १९,९९०।- अनुदान खर्च लेखेको देखियो । यस प्रकार निजी प्रकाशन संस्थालाई अनुदान दिन मिल्ने आधार नभएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

२९. **थप पारिश्रमिक :** गाँउ विकास समितिमा निर्वाचित पदाधिकारीहरु समेत नभएको कारण कार्य वोझ बढन गई सांझ विहान समेत थप काम गर्नुपर्ने भएकोले साविक गाँउ विकास समितिका वडा सचिवहरुले गाँउ परिषदको निर्णय अनुसार मासिक रु.५,५००। थप पारिश्रमिक २०७३ श्रावण देखि आषाढसम्म आआफ्नो गा.वि.स.बाट भुक्तानी लिएको छ । सोही थप कार्यवोझको कारण जनाई जिल्ला विकास समितिले जिल्ला भित्रका सबै गा.वि.स.सचिवहरुलाई थप कामको आधारमा तलवको ५० प्रतिशतसम्म भत्ता दिने गरेकोले दोहोरो भत्ता खर्च लेख्नु औचित्यपूर्ण देखिएन ।

**नारायणपुर गाँउ विकास समिति**

३०. **आय व्यय विवरण** : नारायणपुर गाँउ विकास समितिको आ.व. ०७३।०७४ श्रावण देखि फागुन २७ सम्मको आय व्यव विवरण अनुसार गत वर्षको मौज्दात समेत आय रु. १७०,८६,१४६।- मध्ये खर्च रु. १२६,०९,०५५ कटाउदा बचत रहेको रु. ४४,७७,०९१।- मा जि.वि.स. फिर्ता रु. ४२,६९,९२३।- पछि बचत रहेको रकम रु. २,०७,१६८।- नगरपालिका कोषमा जम्मा गरेको आय व्यव विवरण पेश भएको छ ।

३१. **निर्माण कार्य :** निर्माण कार्य गर्दा लागत अनुमान तयार गरि स्वीकृत गराउनु पर्ने र काम सम्पन्न भएपछि सोको नापी लिई मुल्यांकन प्रतिवेदन सहित कार्य सम्पन्न प्रतिवेदन तयार गर्न पर्नेमा कार्यालयले वि.पि. निकुञ्जको टहरा निर्माण गरेको भनि उ.स. लाई रु. १,५०,०००।- भुक्तानी गरेकोमा सो कार्यको लागत इस्टिमेट नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन तयार नगरि खर्च लेखेको रु. १,५०,०००।- नियमित गर्नुपर्दछ ।

३२. **ह्युम पाइप खरिदः** गाँउ विकास समितिका विभिन्न वडाहरुको मागअनुसार भनि ह्युम पाइप खरिद, लेइङ, फिटिङ र फिक्सिङ समेतको सम्पूर्ण काम भनि रु. ७,१९,६५०।- को लागत अनुमान तयार गरि रु. ७,१३,८५३।- सेती ह्युम पाइप तथा विद्युत् पोल प्रा.लि. लाई भुक्तानी गरेको देखियो । स्वीकृत लागत अनुमान अनुसार लेइङ, फिटिङ भएको छैन । खरिद वापत कार्यमात्र गरि ल.ई. अनुसारको सबै रकम भुक्तानी गरेको र ती पाइपहरु प्रयोजनहीन अवस्थामा गा.वि.स. कार्यालयमा रहेकोले आवश्यकताका आधारमा काम हुने गरिएको देखिएन ।

३३. **भवन निर्माण** : गाँउपरिषद्को निर्णय अनुसार भानु पुस्तकालयको भवन निर्माण कार्यको लागि गा.वि.स.ले छुट्याएको रु. २,००,०००।- खर्च लेख्दा गत विगत वर्षमा निर्माण भैसकेको र तल्ला थप गर्ने कार्यको लागि भएको लागत इस्टिमेटमा पि.सि.सि. र प्लास्टरको काम उल्लेख भएकोमा संलग्न बिल अनुसार रु.१३०१७६।- ईटा खरिद गरेकोले प्लाष्टरको काममा इटा आवश्यक नपर्ने हुदा सो खर्च नियमित हुनु पर्दछ ।

३४. **दोहोरो खर्च** : मधेश लक्षित समुदायको नेतृत्व विकास तालिम गर्न रु. ५००००।- खर्च लेखेकोमा ०७४।३।१० सम्म कार्यक्रम सञ्चालन भएको भनि पेश गरेको फोटो १८।९।२०१६ अर्थात् २०७३।६।२ गतेको भएकोले छुट्टै कार्यक्रमको फोटो राखी खर्च लेखेको रकम नियमित गर्नुपर्दछ ।

३५. **कार्यक्रम नगरि भुक्तानी :** अपाङ्गहरुलाई समूहको लेखापरिक्षण, कम्प्युटर र मैनबत्ती बनाउने गरि ३ वटा तालिम सञ्चालन गर्न रु. १,८०,०००।- को रकम गाँउ परिषद्बाट विनियोजन भएकोमा कम्प्युटर तालिम सञ्चालन नगरी अन्य २ वटा तालिम मात्र भएकोले कम्प्युटर तालिमको खर्च लेख्न मिल्ने नदेखिएको

रु. ६०,०००।- असुल हुनुपर्दछ ।

३६. **बढी भुक्तानी** : गाँउ परिषद्को निर्णय अनुसार जुगुराम चौधरीको घरदेखि वडा नं. ३ सिमाना सम्मको बाटो ग्राभेल गर्ने कार्यको लागि रु. ७५,०००।- बजेट स्वीकृत भएकोमा रु. ८०,०००।- खर्च लेखेकोले स्वीकृत भन्दा बढी खर्च लेख्न नमिल्ने रु. ५,०००।-उपभोक्ता समितिबाट असुल हुनुपर्दछ ।

३७. **अनियमिति खर्च :** गाँउ परिषद्को निर्णय बेगर अरबरुवा नाला पक्की पुलको दाया बाया माटो पटानी गरेको भनि उपभोक्ता समतिको नाममा खर्च लेखेको रु. ६७,५००।- खर्च लेख्न मिल्ने नदेखिएको ।

३८. **थप पारिश्रमिक :** गाँउ विकास समितिमा निर्वाचित पदाधिकारीहरु समेत नभएको कारण कार्य वोझ बढन गई सांझ विहान समेत थप काम गर्नुपर्ने भएकोले साविक गाँउ विकास समितिका वडा सचिवहरुले गाँउ परिषदको निर्णय अनुसार मासिक रु.५,५००। थप पारिश्रमिक २०७३ श्रावण देखि आषाढसम्म आआफ्नो गा.वि.स.बाट भुक्तानी लिएको छ । सोही थप कार्यवोझको कारण जनाई जिल्ला विकास समितिले जिल्ला भित्रका सबै गा.वि.स.सचिवहरुलाई थप कामको आधारमा तलवको ५० प्रतिशतसम्म भत्ता दिने गरेकोले दोहोरो भत्ता खर्च लेख्नु औचित्यपूर्ण देखिएन ।

**बेरुजुको स्थिति**

लेखापरीक्षणबाट रु ८४ लाख ५६ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३ लाख ७ हजार, नियमित गर्नुपर्ने रु. ८१ लाख ४९ हजार र पेश्की रु. ५३ लाख रहेको छ ।

# घोडाघोडी नगरपालिका, कैलाली

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु ४७ लाख २४ हजार र यो वर्षको आय रु.२० करोड ७२ लाख ३९ हजार समेत रु.२१ करोड १९ लाख ६३ हजार आम्दानी भएकोमा रु.१७ करोड ३१ लाख ३९ हजार खर्च भई रु.३ करोड ८८ लाख २४ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **मौज्दातः** आर्थिक वर्षको अन्त्यमा रु.३,८८,२४,०८९।- वैंक मोज्दात देखाएकोमा रु.२,२०,१७,४५२।- आ.व.२०७४।७५ मा आम्दानी देखाएको छ। मौज्दात रकमको वैंक स्टेमेन्ट साथ वैंक हिसाव विवरण पेश गर्नुपर्दछ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था गरेको छ। त्यसै गरी कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको संस्थागत शासन व्यवस्था र वित्तीय व्यवस्थापनको जवाफदेहिता तथा उत्तरदायित्व पालना सम्बन्धी मूल्यांकन गर्दा दैनिक भ्रमण विलको भुक्तानी गर्दा प्रतिवेदन नलिएको तथा अभिलेख नराखेको, निर्माण कार्यको लागत अनुमान तयार गर्दा कार्यसम्पन्न गर्दा लाग्ने समयमावधि किटान नगरेको, नापी कितावमा नापी गरेको र रनिंग विल नम्बर राख्ने गरेको छैन। पुराना सामानहरुको मूल्य आंशिक रुपमा मात्र खुलेको, जिन्सी निरीक्षण नगराईएका जस्ता व्यहोराहरु देखिएका छन्। प्रचलिन ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ र प्रभावकारी बनाउनु पर्दछ।

३. **कार्य विवरण :** निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) मा नेपाल सरकारले स्वीकृत गरेको संगठनको कार्य विवरणको आधारमा विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू गर्नु पर्ने तथा त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपमा किटिएको पाइएन। तसर्थ ऐनको उक्त प्रावधान अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गर्नु पर्ने देखिन्छ।

४. **सम्पत्ति :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ परिच्छेद १० को दफा २१४ मा जिन्सी मालसामानको लगत तयार गर्ने सम्बन्धि व्यवस्था रहेको छ। साविक घोडाघाडी नगरपालिका र गाभिन आएको पहलवानपुर गाँउविकास समितिका सम्पत्तिहरुको यकिन गरी अभिलेख तयार गरेको देखिएन।

५. **सक्कल बिल :** सामान खरिदको खर्च गर्दा आर्थिक प्रशासन सम्वन्धि ऐनमा सामानको खरिदमुल्य खुलेको सक्कलै बिल संलग्न हनुपर्दछ । मिती २०७४।०३।२५ दमकल खरिद गर्दा नेशनल फायर सेफ प्रा.लि भक्तपुर को रु ४,४५,००,००।- को भुक्तानीमा फोटोकपी बिल पेश भइ भुक्तान भएको देखियको हुदा सक्कल बिल पेश हुनुपर्ने देन्छि।

६. **पेस्की वांकी** : आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई वांकी रहेको २१,४१,६००।०० पेस्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

७. **कार्यक्रम वेगर खर्च :** आर्थिक प्रशासन ऐन र नियम अनुसार कायक्रमा खर्चलेखिदा कार्यक्रमको औचित्य र उद्देश्य समेत संलग्न गरि खर्च गर्नुपर्ने व्यवस्था छ। हेल्थपोष्ट लाई रु १,५०,०००।- खर्च भुक्तान भएकोमा कुन कार्यक्रमको लागी खर्चभुक्तान भएको हो कार्यक्रम स्पष्ट हुन नसकेकोले कार्यक्रम पेश गर्नुपर्ने देखिन्छ।

८. **उपस्थिति :** आर्थिक प्रशासन ऐन र नियम अनुसार भेला सेमिनार जस्ता कार्यक्रको खर्च गर्दा उपस्थिती समावेश भएको हुनु पर्दछ साबिक पहलवानपुर गा.बि.स.को २०७३।११।२६ मा बालभेला कार्यक्रमको खर्चमा बालबालिकाको उपस्थिती र कार्यक्रम समावेश हुनुपर्नेमा खर्चबिल मात्र समावेश भएकोहुदा बालबालिका सम्वन्धि कार्यक्रम र बालबालबालिकाको उपस्थिती समाबेश हुनुपर्दछ।

९. **कोष खाता :** नगरपालिका अन्तरगत विभिन्न कोष खाताहरु संचालन रहेको देखिदा उक्त खाताहरुको आय व्यय तयार गरी लेखापरीक्षण गराउनु पर्नेमा लेखापरीक्षण भएको छैन। त्यस्ता कोष खाताहरुको एकिकृत आय व्यय तयार गरी लेखापरीक्षण गराउनु पर्दछ।

१०. **थप पारिश्रमिक :** गाँउ विकास समितिमा निर्वाचित पदाधिकारीहरु समेत नभएको कारण कार्य वोझ बढन गई सांझ विहान समेत थप काम गर्नुपर्ने भएकोले साविक गाँउ विकास समितिका वडा सचिवहरुले गाँउ परिषदको निर्णय अनुसार थप पारिश्रमिक २०७३ श्रावण देखि फागुनसम्म (गाँउपालिका गठन नहुदासम्म) आआफ्नो गा.वि.स.बाट भुक्तानी लिएको छ। सोही थप कार्यवोझको कारण जनाई जिल्ला विकास समितिले जिल्ला भित्रका सबै गा.वि.स.सचिवहरुलाई थप कामको आधारमा तलवको ५० प्रतिशतसम्म भत्ता दिने गरेकोले दोहोरो भत्ता खर्च लेख्नु औचित्यपूर्ण देखिएन।

### बेरुजू स्थिति

लेखापरीक्षणबाट रु. ६५ लाख ९२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजु फछ्र्यौट नगरेकोले रु. ६५ लाख ९२ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये नियमित गर्नुपर्ने रु. ४४ लाख ५० र पेश्की रु. २१ लाख ४२ हजार रहेको छ।

# लम्कीचुहा नगरपालिका, कैलाली

## लेखापरीक्षण प्रतिबेदन

गत बर्षको मौज्दात रु. ४८ लाख ४६ हजार र यो बर्षको आय रु. १९ करोड ७७ लाख २६ हजार समेत रु. २० करोड २५ लाख ७२ हजार आम्दानी भएकोमा रु. १८ करोड ९ लाख ३४ हजार खर्च भई रु. २ करोड १६ लाख ३८ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन ।

१. **जिम्मेवारी** : गतवर्षको अन्तिम लेखापरीक्षणले देखाएको मौज्दात रु.७९,२१,८१६। यस वर्ष जिम्मेवारी सार्नुपर्नेमा रु.४८,४६,६९६। मात्र जिम्मेवारी सारेकोले घटी जिम्मेवारी देखाएको रु.३०,७५,११९। यकिन गरी हिसाव मिलान हुनुपर्दछ ।

२. साविक प्रतापपुर गा.वि.स. यस नगरपालिकामा समायोजन हुदा न.पा.कोषको जम्मा हुने गरी रु.२,४३,५०६।- गा.वि.स.बाट प्राप्त रकम आय व्यय विवरणमा समावेश नगरेको जिम्मेवार पदाधिकारीलाई जिम्मेवार बनाई आम्दानी बाँध्नु पर्दछ ।

३. **मौज्दात** : आर्थिक विवरणमा आर्थिक वर्षको अन्त्यमा वांकी रु.२,१६,३८,३२९।- देखाएकामा बैंक स्टेटमेन्ट अनुसार रु.४,०८,०६,२४८। वांकी रहेको देखिन्छ । श्रेस्ता भन्दा वैंकमा बढी देखिएको रकम रु.१,९१,६७,९१८।- को सम्बन्धमा वैंक समायोजन विवरण नभएकोले मौज्दात यकिन हुन सकेन । वैंक बढी देखिएको रकम हिसाव मिलान हुनुपर्दछ ।

४. **कोषः** कार्यालयमा रहेका विभिन्न ४ कोषहरुको रु. २२,७६,७७४।- आम्दानी खर्च एकीकृत आय व्यय विवरणमा समावेश गरेकोले आगामी वर्ष देखि यस्ता कोषहरुको कारोवार समेत समावेश गरी आय व्यय विवरण तयार गर्नुपर्ने देखिएको छ ।

५. **वित्तीय विवरण :** कार्यालयको आय व्यय विवरण अनुसार गतवर्षको जिम्मेवारी रु.४८,४६,६९६।- मा यस वर्ष विभिन्न अनुदान निकासा तथा आन्तरिक आय रु.१८,०७,११,४९८।- समेत जम्मा रु.१८,५५,५८,१९४।- मा रु.१६,३९,१९,८६५।- खर्च भै रु. २,१६,३८,३२९।- मौज्दात रहेको आय व्यय विवरण पेश भएको छ । प्रस्तुत आय व्यय विवरणमा धरौटीतर्फ जम्मा आय रु.१८,४६,९५०।- मध्ये खर्च रु.६,८४,०००।- कटाउदा बचत रहने रकम रु.११,६३,९५०।- मात्र हुनेमा श्रेस्ता तथा वैंकमा रु.१४,०७,९५०।- वांकी देखिएकोले श्रेस्तामा लेखांकन नभएको रु.२४४०००। कसको धरौटी रकम हो यकिन गरी हिसाव मिलान गर्नुपर्दछ ।

६. **लेखा व्यवस्था –** नगरपालिले नगदमा आधारित लेखा व्यवस्था राखेकोले नगरपालिकाको वास्तविक सम्पति तथा दायित्व एकिन हुन सकेन ।

७. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरीक नियन्त्रण ब्यबस्था भरपर्दो र प्रभाबकारी बनाउनु पर्दछ । यस कार्यालयको आन्तरीक नियन्त्रण ब्यबस्थाको मुल्यांकन गर्दा आर्थिक कारोबारको संक्षिप्त अनुसुची १४ तयार नगरेको , सूचना अधिकारीको काम कर्तब्य र अधिकार नेतोकेको , सेवा ग्राही संग अन्तरक्रिया नगरेको , चौमासिक प्रगति तयार नगरेको ,नागरिक सूचनाको लागि हेल्प डेकस नराखेका बेरुजुको लगत नराखेको , जिन्सी निरीक्षण प्रतिबेदन तयार नगरेको , जस्ता ब्यहोरा देखिएका छन । प्रचलित नियममा भएका सबै ब्यबस्थाको पालना गरी आन्तरीक नियन्त्रण सुढृढ बनाउनु पर्दछ ।

८. **लागत अनुमान -** कार्यालयले लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा भएको व्यवस्था अनुसार स्थलगत रुपमा उपलब्ध हुने सामान सहितको विचार गरि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको लागत अनुमानको दर विश्लेषण लेखापरिक्षणमा पेश नभएकाले लागत अनुमानको तुलना हुन सकेन । लागत अनुमान तयार गर्दा मिति उल्लेख नहुने र काम गर्न लाग्ने अनुमानित समय समेत उल्लेख भएको छैन ।

९. **नापी किताब -** निर्माण कार्य ठेक्का पट्टा शिलबन्दी दरभाउपत्र तथा उपभोक्ता समिती मार्फत गराउँदा लिईने कामको अत्याधिक नापी गरेको देखिएन । कामको विवरण अनुसार विस्तृत नापी लिनु पर्ने, प्रत्येक रनिङ विलको भुक्तानी गर्दा अत्याधिक नापी लिनु पर्नेमा नलिई भुक्तानी प्रयोजनका लागि मात्र एउटै कामको छुट्टाछुट्टै नापी लिने गरेकोले फाईनल विल, कार्य सम्पन्न प्रतिवेदन एवं लागत अनुमानसँग नापी किताब भिडान हुन सकेको छैन । यस स्थितिमा निर्माण कार्यको वास्तविकता एकिन हुन सक्ने आधार देखिएन ।

१०. **प्रयोगशाला परीक्षण -** कालो पत्रे तथा कंक्रिडको काममा निर्माण सामाग्री तथा निर्मित संरचनाको गुणस्तर तोकिएको मापदण्ड अनुसार भए नभएको प्रयोगशाला परिक्षण गराउनु पर्नेमा (सम्झौतामा समेत उल्लेख भएको) कार्यालयले बोलपत्र तथा उपभोक्ता समितिले गरेको सडक कालो पत्रे ग्राभलिङ र भवन निर्माण कार्यको प्रयोगशाला परिक्षण नगरेकोले गुणस्तरको विषयमा विश्वस्त हुन सकिएन ।

११. **खरिद व्यवस्थापन** – सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ मा खरिदका विधि सम्बन्धमा विभिन्न व्यवस्था गरेको छ। सार्वजनिक निकायले खरिद गर्दा सो ऐन र नियमको विधी र प्रक्रिया अनुसार खरिद गर्नु पर्दछ। नगरपालिका कार्यालयले यस वर्ष खरिद कार्य गर्दा देखिएको व्यहोरा निम्नानुसार छ।

११.१. **सोझै खरिद** – सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा टुक्रा पारि खरिद गर्नु हुँदैन भन्ने उल्लेख छ। फर्निचर तथा मेशिनरी सामान खरिद गर्दा टुक्रा टुक्रा पारि सिधै खरिद गरेको देखियो । अतः नियमावलीको पालना गर्नुपर्दछ।

११.२. **रिटेन्सन मनि** - नगरपालिका अनुदान कार्यक्रम अर्न्तगत वोलपत्रको माध्यामबाट निम्न आपूर्तकसंग रोलर तथा दमकल खरिद गर्दा धरौटी कट्टा गरेको छैन । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) मा खरिद सम्झौतामा अन्यथा उल्लेख गरेको बाहेक ठेक्का रकमको वील भुक्तानी गर्दा रिटेन्सन मनि वापत ५ प्रतिशत कट्टा गरि राख्नु पर्ने व्यवस्था छ। नियमको उक्त व्यवस्था अनुसार खरिद सम्झौता गर्दा रिटेन्सन मनि कट्टा गर्न नपर्ने कारण उल्लेख नगरेको हुँदा उक्त नियमानुसार ५ प्रतिशत रिटेन्सन मनि रु.४,३६,६००।- कट्टा गर्नुपर्दछ।

१२. **अग्रिम कर** : लम्की चुहा सडकमा सौर्य बत्ती जडान गर्ने आपूर्तक सूर्यदिप इनर्जी प्रा.लि.धनगढीलाई मु.अ.कर समेत रु.४२७१६३६।५२ भुक्तानी गर्दा कर लाग्ने मुल्य रु.२९२४०१४।६२ मा अग्रिम कर १.५ प्रतिशतले हुने रु. ४३८६०।२२ कट्टी नगरेकोले असुल गरी राजस्व खातामा जम्मा हुनुपर्दछ।

१३. **राजस्व खर्च गरेको** : आपूर्तक तथा निर्माण व्यवसायीसंग कट्टी गरी राजस्व दाखिला गर्न बांकी रहेको रु.३५२८०। सम्बन्धित राजस्व खातामा दाखिला नगरी साइनवोर्ड लेखाईको विलबाट खर्च लेखेकोले उक्त रकम राजस्व खातामा दाखिला हुनुपर्दछ।

**१४.** **कर विजक** : मुल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३ मा मूल्य अभिवृद्धि कर भुक्तानी गर्दा तोकिए बमोजिमको कर विजक जारी गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायी रेखा निर्माण सेवालाई ठेक्का नं.१, २, ११ र १२ का निर्माण कार्य संचालन गर्दा गर्नुपर्ने वीमाको रकम विल बमोजिम भुक्तानी गर्ने सम्झौता अनुसार खर्च लेख्दा सम्बन्धित वीमा कम्पनीहरुको कर विजक नराखी विलका आधारमा रु.७११३१।२४ खर्च लेखेको रकम असुल गर्नुपर्दछ।

१५. **नर्म्स वेगर तालिम भत्ता** : नागरपालिकाबाट विभिन्न विषयमा विभिन्न वर्गहरुलाई प्रदान गर्ने प्रशिक्षण गोष्ठि सेमिनार, अभिमुखीकरण तथा भेला कार्यक्रमको लागि प्रशिक्षण भत्ता, कार्यपत्र प्रस्तुती, वैठक भत्ता, यातायात तथा खाना खाजा एवं अन्य व्यवस्थापन खर्चको लागि नर्म्स तयार गरी अर्थ मन्त्रालयबाट स्वीकृत भए बमोजिम खर्च गर्नु पर्दछ । स्थानिय निकायले नर्म्स तयार गरी स्वीकृत नगराएको अवस्थामा नेपाल सरकार अर्थ मन्त्रालयको निर्देशिका अनुसारनै खर्च गर्नुपर्ने हुन्छ । कार्यालयले यस वर्ष विभन्नि तालिम गोष्ठी तथा अभिमुखिकरणको कार्यक्रम संचालन गर्दा आफ्नो नर्म्स नभएको अवस्थामा अर्थ मन्त्रालयको स्वीकृत निर्देशिका अनुसार प्रति कक्षा जिल्ला स्तरमा रु.१०००। मात्र खर्च लेख्न मिल्नेमा रु.१५००। देखि रु.२५००। सम्म खर्च लेखेको देखियो।

१६. **कन्टेन्जेन्सी खर्च** : स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा स्थानिय निकायबाट संचालन गरिने कार्यक्रम पुजिगत लगानीको समष्टिगत रकमबाट नगरपालिकाले बढीमा ३ प्रतिशतसम्म कन्टेन्जेन्सी रकम छुट्याई परिषदको स्वीकृतिमा सर्वेक्षण, ड्इंग डिजाइन, योजना तर्जुमा, अनुगमन, सुपरिवेक्षण, प्राविधिक उपकरण, गुणस्तर परीक्षणलगायत तोकिएको काममा खर्च गर्ने र सोको अभिलेख खर्चको हिसाव) अनुसूची १० को ढांचामा राख्नु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष कन्टेन्जेन्सी खर्चको लागि छुट्याएको रकम र खर्च विवरणको अभिलेख नराखेकोले विश्लेषण हुन सकेन । अतः कार्यविधिले तोकेको ढांचामा कन्टेन्जेन्सी खर्चको हिसाव राख्नुपर्ने देखिएको छ।

१७. **मर्मत अभिलेख** : सवारी साधन मर्मत गर्दा फेर्नु पर्ने सामान तथा मर्मत गर्नुपर्ने पार्टको सम्बन्धित प्राविधिकद्धारा इष्टिमेट गराई पूर्व मर्मत आदेश लिई मर्मत गर्नुपर्ने र मर्मत गरे पश्चात फेरिएका सामान भण्डार दाखिला सहित म.ले.प.फा.नं.२ मा अभिलेख राख्नु पर्नेमा राखेको छैन।

१८. **विल वेगर खर्च** : नगरपालिका बाल भेलाको खर्च भनि खरिदार मनिराम खनालको नाममा रु.१० हजार खर्च लेखेकोमा विल भरपाई पेश नभएकोले असुल हुनुपर्दछ।

१९. **निर्माण कार्य** : नगरक्षेत्र पुर्वाधार अन्तर्गत यस वर्ष निम्न ६ वटा सडकहरु कालोपत्रे गर्ने सम्बन्धमा नगरपालिका बार्डबाट २०७३ माग ६ गते निर्णय भएअनुसार बोलपत्रको माध्यमबाट ६ सडक योजनाको रु ३०३५३हजारमो सम्झौता भएकोमा रु १४५५७ प्रथम रनिङ्ग बिल मात्र भुक्तानी भएको देखियो । सम्झौता अनुसार काम गराउनु पर्दछ। अन्य व्यहोरा निम्न छन।

१९.१. **बढी भुक्तानी** : उल्लेखित कार्य लागत सहभागिताको आधारमा संचालन भएको हुदा नगरपालिका वा उपभोक्ताबाट ५०प्रतिशत लागत व्यहोर्नु पर्ने भएको हुदा सो अनुसार नगरपालिका आफै वा उपभोक्ताले व्यहोर्नु पर्ने अंक समेतको रकम यस कार्यक्रमबाट खर्च लेखेको पाइयो । नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७३ अनुसार कार्य मूल्यांकनको ५० प्रतिशतले हुने रु.७२७८८६६।९१ मात्र खर्च लेख्नुपर्नेमा रु.१४५५७७३३।८२ खर्च लेखेको हुदा बढी खर्च लेखेको रु.७२७८८६६।९१ नियमित हुनु पर्दछ ।

१९.२. **म्याद थप** : वर्षाको समय भएको कारण कालोपत्रे गर्ने कार्यमा बाधा पुग्ने कारण जनाई उल्लेखित ६ वटै ठेक्काको अवधि ०७४ कार्तिक मसान्त सम्म अर्थात ५ महिना म्याद थप गर्दा सोही बमोजिम बैंक जमानतको समेत म्याद थप गनुपर्नेमा बैंक जमानतको म्याद थप गरेको छैन ।

२०. **नापी विवरण :** निर्माण व्यवसायीलाई रनिङ्ग बिलको भुक्तानी गर्दा ५ वटै ठेक्कामा ठेक्का बिल पेश नभएको तथा नापी किताबमा विस्तृत नापी नलिइएकोले कामको तुलना गर्न सकिएन ।

२१. **योजनाहरुको अभिलेख :** क्रमागत रुपमा १ वर्ष भन्दा बढी अवधि लाग्ने गरि कार्यक्रम स्वीकृत भएको योजना सञ्चालन गर्दा कुल लागत अनुमान मध्ये कुन वर्षका लागि कति कुन कुन काम कति परिमाण गर्ने हो सोको योजना अभिलेख र सम्पन्न भएको काम तथा भुक्तानी उल्लेख गरि योजनागत अभिलेख राख्नु पर्दछ । कार्यालयले गत वर्ष संचालन भई कार्यान्वयनमा रहेका सडकबोर्ड अन्तर्गतका निम्न ८ वटा सडक निर्माण कार्यको लागि रु.९,४०,०००। भुक्तानी भएकोमा ती सडकमा गत वर्षको कार्य विवरण र खर्चको अभिलेख नराखेकोले काम र भुक्तानीको तुलना हुन सकिएन ।

२२. **पेस्की :** आर्थिक वर्षको अन्त्य सम्म पनि २ उपभोक्ता समितिहरुलाई सम्झौता अनुसारको कार्य परिमाणको काम सम्पन्न गर्ने गरि सडक बोर्डले व्यहोर्ने रकमको ३० प्रतिशतले हुने रु ५,१०,०००।- बांकी रहेको पेश्की फछ्र्यौट हुनुपर्दछ ।

२३. **निर्वाचन क्षेत्र विकास कार्यक्रम :** ४ योजना र कार्यक्रमहरु निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत कायान्वयन गर्दा जि.वि.स. बाट कार्यक्रम स्वीकृत भएको पत्र पेश नभएकोले पेश गरी रु.८,४१,०००।- नियमित गर्नुपर्दछ ।

२४. **कार्यसम्पन्न :** नगरपालिका १०नं वडामा मा रु २०,००,०००।- वडा नं १मा २५,००,०००।- गरी रु ४५,००,०००।- योजना उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी गर्दा लागत अनुमान तथा कार्य मूल्यांकन प्रतिवेदन नभएकोले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

२५. **मूल्यांकन प्रतिवेदन :** ७ योजनाको भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत काम गराएको खर्च लेख्दा लागत अनुमानको तुलनामा उपभोक्ता समिति बाट भएको कामको मूल्यांकनको आधारमा भुक्तानी दिनुपर्ने मा सोको कार्य मूल्यांकन प्रतिवेदन तयार नगरि रु.१४२८७६८। खर्च लेखेकोले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

२६. **बजेट :** यस कायृक्रम अन्तर्गत चालुतथा पुँजीगत गरि यस वषृ रु १६,०९,०००।- रकम निकासा भएकोमा रु १४७५८६२।- खर्च भई बाँकी रकम रु. १,३३,१३८।- मध्ये रु. १,२३,१३८। नगरपालिकाको कोष खातामा जम्मा गरेको रु. १०,०००।- मिति २०७४।०४।३२ मा राजस्व खाता १०१११ मा जम्मा गरेको देखिन्छ ।

२७. **सम्झौता भन्दा बढी भुक्तानी** सामाजिक परिचालन गतिविधिमा तय गरिएको कार्यक्रम सञ्चालनको संयोजन गर्न भनि सामाजिक परिचालकको छाता संगठन कैलाली कञ्चनपुर ग्रामिण विद्युतिकरणको छाता संगठनसंग ०७३।०५।१३ मा भएको सम्झौता शर्तको १ न.. अनुसार ३ किस्तामा गरि रु ३०००००। उपलब्ध गराउने उल्लेख छ भने अन्य करहरुको सम्बन्धमा कुनै शर्त उल्लेख नभएकोमा मुल्य अभिवद्धिकर रु ३९०००। समेत भुक्तानी भएको देखिन्छ । दुई पक्ष बिच भएको सम्झौतामा मुल्य अभिवृद्धि कर लाग्ने भए सो समेत उल्लेख हुनु पर्नेमा नगरि सम्झौता भन्दा बढी भुक्तानी गरेको रु ३९०००। असुल हुनुपर्दछ ।

२८. **प्रमाण बेगर खर्च :** सार्वजनिक सुनुवाईको विज्ञापन प्रसारण गरेको भनि मालिका एफ.एम. लम्कीलाई रु. १०,०००।- भुक्तानी गरेकोमा प्रसारणँ गरेको दिन र समय उल्लेख सहित सी.डी. पेश नगरि भुक्तानी गरेकोले खर्चको प्रमाण पेश गर्नुपर्दछ ।

२९. **पेस्की** : नगरपालिकाको कार्यालय भवन निर्माण गर्न वोलपत्रको माध्यमबाट निर्माण व्यवसायी श्याम सुन्दर । साउद कन्स्ट्रक्सन जे.भि.धनगढीसंग मिति २०७४।२।१२ मा भएको सम्झौता अनुसार उपलब्ध गराएको कार्य संचालन पेस्की रु.४४,०१,१०४।- आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट हुन वांकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

**प्रतापपुर गाँउ विकास समिति**

३०. **आय व्यय विवरण :** प्रतापपुर गाँउ विकास समितिको आ.व. २०७३।७४ श्रावण देखि फागुन २७ सम्मको आय व्यय विवरण अनुसार गत वर्षको मौज्दात समेत आन्तरिक आय रु ५,९४,१०५।- जि.वि.स.को अनुदान तथा

निकासा रु. ६४,४०,८१०। सामाजिक सुरक्षा भत्ता रु.१,४६,१७,०००।- समेत जम्मा रु २,१६,५१,९१५।- मा खर्च रु. १,७०,१५,६१०।- कटाउदा बचत रहने रकम रु. ४६,३६,३०४।- मध्ये रु ४३,९२,७९८।- जि.वि.स. फिर्ता भएको र रु २,४३,५०९।- नगरपालिका कोषमा जम्मा हुने गरि मौज्दात रहेको दखिन्छ ।

३१. **जिम्मेवारी :** आ.व. २०७२।७३ को अन्तिम लेखापरिक्षँणबाट ०७३।७४ का लागि जिम्मेवारी सर्ने रकम भनि रु ८४२।- मौज्दात देखिएकोमा रु २४८।- मात्र जिम्मेवारी सारेकोले घटी जिम्मेवारी सारेको रकम रु ५९३।- सम्बन्धीत कर्मचारीबाट असुल गर्नुपर्दछ ।

३२. **दर विश्लेषण :** स्थानिय स्तरमा उपलब्ध हुने निमार्ण सामाग्री लाई विचार गरि स्वीकृत नर्म्स तथा जिल्ला दररेट अनुसार लागत अनुमान तयार गर्नु पर्दछ । गा.वि.स.ले बाटो ग्राबेल कार्य उपभोक्तता समिति मार्फत गराउँदा फरकफरक दरबाट लागत अनुमान गरेको सम्बन्धमा दरबिश्लेषणको मूल्यांकनका लागि माग गर्दा प्रविधिक नभएको जानकारी दिईएकोले दरबिश्लेषणको मूल्यांकन गर्न सकिएन । यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन् ।

३३. **क्रमागत योजना :** मुक्त कमैया शिबिर जाने बाटोमा कलभर्ट निमार्ण कार्यको लागि यस वर्ष रु १०००००। भुक्तानी गरि दुबै पट्टीको वाल वीङ्ग मात्र लगाईएको छ तर सो कामको नापी अभिलेख खचैको विवरण हालको न.पा.मा राखेको छैन । १ वर्ष भित्र सम्पन्न हुन नसकेको कार्यलाई दोहोरो पर्ने जोखिम बाट बच्न क्रमागत योजनामा राखि त्यसको भएको कायै परीमाण र खर्चको अभिलेख राख्नु पर्दछ ।

३४. **सामानको मौज्दात :** गा.वि.स. कार्यालयले सेती ह्युमपाईप तथा विद्युत पोल उद्योग प्रा.ली. संग एन.पी. ३, ३०० एम.एम. डायाको १२ थान (३० र.मी.) ह्युम पाईप खरिद गरि १,४९,७०२।० खर्च लेखिएकोमा ती पाईपहरु कुन ठाँउमा जडान गरियो सोको नापी किताब नभएको र जिन्सी खातामा दाखिला समेत नभएकोले दाखिला गर्नुपर्दछ ।

३५. **तालिम :** अपाङगहरुलाई कम्प्युटर तालिम प्रदान गर्न नलेज कम्प्युटर सेन्टर प्रतापपुरलाई रु ३५०००। भुक्तानी दिईएकोमा तालिम प्राप्त गरेको प्रमाण बेगर खर्च लेखिएको रकम रु ३५०००। असुल गर्नुपर्दछ ।

३६. **थप पारिश्रमिक :** गाँउ विकास समितिमा निर्वाचित पदाधिकारीहरु समेत नभएको कारण कार्य वोझ बढन गई सांझ विहान समेत थप काम गर्नुपर्ने भएकोले साविक गाँउ विकास समितिका ७ जना वडा सचिवहरुले गाँउ परिषदको निर्णय अनुसार रु.५,०००। थप पारिश्रमिक भनि २०७३ श्रावण देखि २०७४ आषाढसम्म आफ्नो गा.वि.स.बाट भुक्तानी लिएको देखिन्छ । सोही थप कार्यवोझको कारण जनाई जिल्ला विकास समितिले जिल्ला भित्रका सबै गा.वि.स.सचिवहरुलाई थप कामको आधारमा तलवको ५० प्रतिशत सम्म भत्ता दिने व्यवस्था गरेकोले दोहोरा भत्ता खर्च लेख्नु औचित्यपूर्ण देखिएन ।

**३७.** **पेश्की बाँकी :** आ.व. ०७३।७४ को अंत सम्म महिला सञ्जाल प्रतापपुर संग बाँकी रहेको पेश्की रकम रु १०,०००।- र गतविगत वर्षको पेश्की बाँकी रु ४,४५,०००।- समेत आर्थिक कार्यविधि नियमावली २०६४ का नियम ७७ अनुसार पेश्की रु.४,५५,०००।- फछ्र्यौट हुनुपर्दछ ।

**बेरुजुको स्थिति**

लेखापरीक्षणबाट रु १ करोड ६६ लाख ७६ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २ लाख २७ हजार, नियमित गर्नुपर्ने रु.१ करोड १० लाख ८३ हजार र पेश्की रु. ५३ लाख ६६ हजार रहेको छ ।

# भजनी नगरपालिका, कैलाली

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु. ४१ लाख २७ हजार र यो वर्षको आय रु. १६ करोड ५२ लाख ८४ हजार समेत रु. १६ करोड ९४ लाख ११ हजार आम्दानी भएकोमा रु. १४ करोड २४ लाख ४९ हजार खर्च भई रु. २ करोड ६९ लाख ६२ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **मौज्दात :** कारोवारको आर्थिक वर्षको अन्त्यमा वांकी देखाएको रु.२,६३,८३,७५०।- को वैक स्टेटमेन्ट पेश नभएकोले मौज्दात रकम यकिन भएको छैन। वैक स्टेटमेन्ट पेश गरी हिसाव मिलान गर्नुपर्दछ।

२. **नगद वांकी** : स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ अनुसार रु. २५ हजार सम्म मात्र नगद मौज्दात राख्न पाउनेमा ना.सु.ठग्गुराम कठरीयाको नाममा रु. ५,७८,०१५।- नगद वांकी रहेकोले उक्त रकम व्याज सहित असुल गरी दाखिला गर्नुपर्दछ।

३. **कार्य विवरण** : निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) मा नेपाल सरकारले स्वीकृत गरेको संगठनको कार्य विवरणको आधारमा विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू गर्नु पर्ने तथा त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपमा किटिएको हुनु पर्ने व्यवस्था छ। कार्यालयले ऐनको उक्त प्रावधान अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन। तसर्थ ऐनको उक्त प्रावधान अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गर्नु पर्ने देखिन्छ।

४. **भ्रमण अभिलेख** : भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमणमा खटिने कर्मचारीको भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था छ। कार्यालयले भ्रमण खर्चको अभिलेख राखेको छैन। कर्मचारी भ्रमणमा जाँदाको भ्रमण खर्चको यातायातको बिल, भ्रमण उद्देश्य आश्यकता आदी को प्रतिबेदन नराखि कर्मचारीहरु लाई भुक्तानी दिएको देखियो। तसर्थ आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गराई आर्थिक मितव्ययिता कायम गरिनु पर्ने देखिन्छ।

५. **मालसामानको लगत** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ परिच्छेद १० को दफा २१४ मा जिन्सी मालसामानको लगत तयार गर्ने सम्बन्धि व्यवस्था रहेको छ। नगरपालिका गठन भएपछि लगत खडा गरी सम्पत्तिहरुको यकिन गरी अभिलेख तयार गर्नुपर्ने देखिन्छ।

६. **सेवा प्रवाह :** सेवा प्रवाह गर्ने जनशक्तिमा स्वीकृत दरवन्दीमा १९ जनाको दरवन्दी भएतापनि ७ जना स्थायी र ३ जना करार सेवामा कर्मचारी कार्यरत रहेको अवस्था छ। यसैगरी ९ वटा वडा कार्यालयहरुमा २७ जनाको दरवन्दी भएतापनि लालबोझी चररामा १ जना अ.हे.व.,२ जना अनमी, ६ जना सहायक स्तरको कर्मचारी, र साविक थापापुर वडा कार्यालयमा २ जना सहायक स्तरका कर्मचारीबाट मात्र कार्य गरिरहनु परेको अवस्था रहेकोले जनतालाई नगरपालीबाट प्रदान गरिने सेवा प्रवाहमा ज्यादै कठिनाई परिरहेको अवस्था छ। तसर्थ सम्वन्धित निकायले नगरपालिका तथा वडा कार्यालयहरुमा तोकिएको स्वीकृत दरवन्दी अनुसारको कर्मचारीहरुको व्यवस्थापन अविलम्व गर्नुपर्ने देखिन्छ।

७. **वित्तिय विवरण मौज्दात रकम हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैतीसौं दिनमा कार्यालय खारिज भएको मानिने उल्लेख छ। यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिन भित्र नगदी वाकी भए मन्त्रालय वा विभागले त्यस्तो लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। नेपाल सरकारले मिति २०७३।११।२८ गते देखि साविकका गाँउ विकास समितिलाई नयाँ संरचना अनुसार नगरपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोवार हस्तान्तरण गर्न लगाएकोमा नगरपालिकाको एकिकृत आय व्यय विवरण अनुसार साविक गा.वि.स.थापापुरको २०७३ फाल्गुन २७ सम्म खर्च गरी बांकी रहेको मौज्दात रु.९४,८९,९३४।- मध्ये जि.वि.स.कार्यालयको खातामा फिर्ता गरेको रु. ४४,७०,९३३। र वांकी मौज्दात रु. ५०,१९,००१।- न.पा.को कोषमा साविक जिम्मेवारीको रुपमा आम्दानी जनाइएको छ।

८. **जिम्मेवारी :** नगरपालिका तर्फ साविक जिम्मेवारी रु. १,२६,३३,६७१।- र यस वर्षको आम्दानी रु. १०,४९,०२,२२५।- मा खर्च तर्फ रु. ९,०५,७४,१३२।- भई बाकी मौज्दात रु. २,६९,६१,७६४।- मध्ये कृषि विकास बैक सुखड शाखाको खातामा रु. २,४४,६५,६४२।- न.पा.को मुलकोष खाताले देखाएको व्यालेन्स अनुसार रहन आएको छ, भने बाँकी रु. २४,९६,१२२ को सम्बन्धमा स्पष्ट छैन। ले.प.को दौरान बैंक मौज्दातको व्यालेन्स सर्टिफिकेट उपलव्ध हुननसेको कारणले उक्त मौज्दात बैक स्टेटमेण्ट संग भिडान हुन वाकी रहेको छ। त्यसैगरी कुल मौज्दातमध्ये धरौटी खाताको व्यालेन्स रु ६,५६,९७६।- मध्ये न.पा.को लेजर व्यालेनस अनुसार कृषि विकास बैक सुखड शाखा स्थित खातामा रु ५,८१,०७६।- र ने.रा.बैक धनगढीमा रहेको खातामा रु ७५,०००।- रहेकोले रु. ९००।- हिसाब भिडान भएको छैन। त्यसैगरी लेजर व्यालेन्स अनुसार कर्मचारी कल्याण कोष खातामा रहेको मौज्दात रु १०,८४,५५६।- र विपद व्यवस्थापन कोष खाताको रु १,७६,५७५।- को समेत बैक समायोजन विवरण तयार गरेको छैन् बाँकी रहेको मौज्दात रु ५,७८,०१४।- ना.सु.श्री ठग्गुराम कठरीया जिम्मा रहेको देखिन आएकोले उक्त नगद जिम्मा रहेको रकलाई अविलम्व न.पा.को खातामा दाखिला गर्नुपर्दछ।

९. **अन्य कोष** : न.पा.संग रहेको अन्य कोष मध्ये धरौटी कोष, कर्मचारी कल्याण कोष तथा विपद व्यवस्थापन कोष संञ्चालनमा संञ्चालन विधि सहित नियमावली एंव निर्देशिका स्वीकृत गराएको छैन ।

१०. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था गरेको छ, तापनि आन्तरिक कार्यविधि बनाएको पाईएन । कार्यालयको संस्थागत शासन व्यवस्था र वित्तीय व्यवस्थापनको जवाफदेहिता तथा उत्तरदायित्व पालना सम्बन्धी मूल्यांकन सूची अनुसार मूल्यांकन गर्दा सेवा प्रवाहको अभिलेख नरहेको, निर्माण कार्यको लागत अनुमान तयार गर्दा कार्यसम्पन्न गर्दा लाग्ने समयमावधि किटान नगरेको, नापी कितावमा नापी गरेको र रनिंग विल नम्बर तथा ठेक्का बिल अद्यावधिक गरी राख्ने गरेको छैन । पुराना सामानहरुको मूल्य आंशिक रुपमा मात्र खुलेको, जिन्सी निरीक्षण गराई प्रतिवेदन लिएको भएता पनि प्रतिवेदनले औंल्याएका व्यहोरा माथि पूर्ण कारवाही नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, जस्ता व्यहोराहरु देखिएका छन् । प्रचलिन ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ र प्रभावकारी बनाउनु पर्दछ ।

११. **जिन्सी सामानको संरक्षण तथा हस्तान्तरण** : आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने कुरा उल्लेख छ । त्यसैगरी नियम ३३ (२) मा कुनै कार्यालय खारेज वा गाभ्ने भएको पैतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिन भित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले मिति २०७३।११।२८ गते देखि साविकका गाँउ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाँउपालिका तथा नगरपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोवार हस्तान्तरण गर्न लगाँउकोमा साविकका गा.वि.स.हरुको जिन्सी तथा स्थीर सम्पत्तीलाई नगरपालिकामा हस्तान्तरण भएको देखियो । तर ति सम्पत्तीहरुको मौद्रिक मूल्यमा मूल्याङ्कन नगरिएको हुदा सो सम्पत्तीको मौद्रिक मूल्यमा मूल्याङ्कन गरी मूल्याङ्कन सहीतको स्थीर सम्पत्तीको लगत तयार गनुपर्दछ ।

१२. **लागत अनुमान** : स्थानिय स्तरमा उपलब्ध हुने निर्माण सामग्री समेतलाई साविक गा.वि.स.ले उपभोक्ता मार्फत गराउने कार्यको लागत अनुमान मूल्याङ्कन गर्न दर विश्लेषण माग गर्दा उपलब्ध हुन सकेन । त्यसकारण भुक्तानी दर ठीक छ भन्ने आधार देखिएन् । स्थानीय स्तरमा पाइने निर्माण सामग्रीको भुक्तानीका लागी नगरपालिकाले स्पष्ट निती तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

१३. **सामाजिक सुरक्षा भत्ता** : लगत अद्यावधिक पश्चात मृत्यु, बसाई सराईको कारणले घट्न गएका लाभग्राहीको सामाजिक सुरक्षा भत्ता जिल्ला विकास समितिमा पेश्की फर्छ्यौट गर्दा फिर्ता गर्ने गरेको र नगरपालिका गठन पछि जिल्ला समन्वय समितिबाट निकासा भएको रकम रु ३,२६,९२,८००। मध्ये पेश्की वांकी रु ३,२४,३६,०००। रहेको पाइयो । न.पा.बाट फाल्गुन २७ गते भित्र सामाजिक सुरक्षा भत्ता वितरणका लागी विभिन्न कर्मचारी मार्फत गएको पेश्की रु २,३६,८१,२०० समेत गरी कुल सा.सु.अर्न्तगत गएको पेश्की रु ५,६१,१७,२००। रहन गएको देखिन्छ । फाल्गुन २७ भित्र गएको पेश्कीलाई फर्छ्यौट नगरीकनै फेरी दोश्रो अवधिको पेश्की भुक्तान गरेको पाईयो । जिल्ला समन्वय समितिबाट आ.व.को अन्त्यतिर निकासा भएकोले सामाजिक सुरक्षा भत्ता पेश्कीमा देखिन आएको भन्ने जवाफ प्राप्त हुन आएको छ ।

१४. **आन्तरीक आय तर्फ** : आन्तरीकआय आर्जनको लागी नगरपालिकाले यस आ.व.मा घाट ठेक्काबाट रु १३,७३,००१।- आय आर्जन गरेको पाइयो । अन्य आय तर्फ साविक गा.वि.स.र हाल वडा कार्यालय मार्फत नगरपालिकाले मालपोत,घरजग्गा, व्यवसाय कर, विज्ञापन कर, दस्तुर र अन्य आय शिर्षकमा मालपोत रसिद तथा अन्य रसिदको प्रयोग गरी आय उठाउने गरेको पाइयो । आय असुलीमा प्रयोग हुने रसिदको नियन्त्रण खाता राख्ने गरेको पाईएन् । कुन कुन रसिद प्रयोगमा आयो या आएन् सो को यकिन गर्ने आधार देखिएन् ।

१५. **पेस्की** :आर्थिक वर्षको अन्त्य सम्म पनि ७ कर्मचारीहको नाममा फर्छ्यौट नभई वांकी रहेको पेस्की रु. ५,७०,०००।- नियमानुसार फर्छ्यौट गर्नुपर्दछ ।

१६. सामाजिक सुरक्षा भत्ता वितरणको लेजर अनुसार रु. २,५६,८००.- को.लि.नि.का. रकम फिर्ता गर्न बाकी देखिएको । उक्त रकमलाई राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

१७. को.लि.नि.का.को मिति २०७४/३/२८ को अनुसूची फाराम न.२ बाट रु १,७५,८९,४२७/- रकम समायोजनको फँटवारी पठाएको पाइयो । तर न.पा.को पुजीगत खर्च खाताको व्यालेन्स रु १,३१,०१,७३३/- चालु अनुदान तर्फको व्यालेन्स रु २,७२,१०४।- र नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम खाताको व्यालेन्स रु २१,४३,२९४/- को कुल व्यालेन्स रु १,५५,१७,१३२/- हुन आँउछ । यसरी को.लि.नि.का.ले रकम समायोजन भनी पठाएको रु १,७५,८९,४२७/- मध्ये रु २०,७२,२८८/- बरावरको रकम फरक परेकोले उक्त रकमलाई आवश्यक समायोन गर्नपर्दछ ।

१८. मिति २०७४/०३/२५ मा आ.व.२०७३/०७४ को लागी स्वीकृत भएको विभिन्न कार्यक्रम संञ्चालनका लागी कर्मचारीहरुले भुक्तानी लिएको पेश्की रु ३,७५,०००.- सो आ.व.भित्र कार्यक्रम संञ्चालन गरेको पाईएन् । अम्वादत्त जोशी रु १,६०,०००/- र जय प्रसाद ढुंगान रु २,१५,०००/- थापापुर गा.वि.स.को खाताबाट खर्च भएको । उक्त पेश्कीलाई अविलम्व फछ्र्यौट हुनुपर्दछ ।

१९. नेपाल सरकारको पुजीगत खर्च खाताको मिति २०७३/११/११ मा सामाजिक परिचालक जितु के.सी.ले तालीम कार्यक्रम को लागी लिएको पेश्की फर्छ्यौट गर्दा पारिश्रमिक भत्तामा कर कट्टा गरेको रु.४५० दाखिला गरेको पाइएन् । उक्त कर दाखिला हुनुपर्दछ ।

२०. मिति द्दण्ठघरण्टरज्ञढ मा खेमराज चद्यैत मेकानिकल कन्स्ट्रक्सनलाई भुक्तानी भएको रु.३०,०००/- को भ्याट विल संलग्न गरेको नपाईएकोले निजबाट ज्ञछ प्रतिशत कर रु.४,५००. कट्टा गर्नुपर्नेमा रु.३९९. कट्टा गरेको पाइयो । बाँकी कर रु.४,१०१.- असूल गरी दाखिला गर्नुपर्दछ ।

२१. **पेश्की वांकी :** आर्थिक वर्षको अन्तसम्म पनि फछ्र्यौट नभई ७४जनाको नाममा वांकी रहेको रु.६,६६,९१,४८५।- रकम फछ्र्यौट गर्नुपर्दछ ।

२२. **आन्तरिक लेखापरीक्षणबाट औल्याइएको व्यहोराहरु :**

२२.१. नगद वांकी रकम रु.४,४३,४४३। जिम्मेवारी नसारेकोले उक्त रकम अविलम्ब वैंक दाखिला गर्नुपर्दछ ।

२२.२. नालि सरसफाई गरेको भनि ४ जनालाई रु.१७,२००। भुक्तानी दिएको भनिएकोमा एकै व्यक्तिले वुझेको भरपाई पेश भएकोले सम्बन्धितलाई वुझाई कहादेखि कहासम्म सरसफाई भएको हो प्रतिवेदन पेश गर्नुपर्दछ ।

२२.३. कर दाखिला गर्नुपर्ने भनि विगतको लेखापरीक्षणबाट रु.३,७१९। औल्याइएकोमा हालसम्म पनि उक्त रकम दाखिला भएको नदेखिएकोले दाखिला गर्नुपर्दछ ।

२२.४. मेकानिकल इन्जिनियर श्री खेमराज चटौतलाई म.ले.प.फा.नं. १८ विमा गतवर्षको भुक्तानी दिन वांकी भनि रु.३०,०००। भुक्तानी दिएकोले नियमित गर्नुपर्दछ ।

२२.५. कालिका फेन्सी । कालिका कन्स्ट्रक्सनलाई रु.५,२५,२००। भुक्तानी गर्दा अग्रिम कर कट्टा नगरेको रु.६,९७२। असुल गरी दाखिला गर्नुपर्दछ ।

२२.६. जि.वि.स. अनुदान तर्फ कर दाखिला गर्न वांकी रु.४५३९। असुल गरी दाखिला गर्नुपर्दछ ।

२२.७. नगरपालिका अनुदान पूजिगततर्फ महिला सामुदायिक भवन निर्माणका लागि भुक्तानी भएकोमा खर्च प्रमाणित कागजात नरहेकोले खर्चको पुष्ट्याई गर्नुपर्दछ ।

२२.८. विभिन्न कार्यक्रमबाट अग्रिम कर तथा धरौटी वापत कट्टा गरेको रु.५,६०,३२६। सम्बन्धित खातामा दाखिला गर्नुपर्दछ ।

**थापापुर गा.वि.स.**

२३. **पेश्की वाकी** : स्थानीय निकाय आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार वर्षको अन्त्य सम्ममा पेश्की फर्छ्यौट गरिसक्नुपर्ने व्यवस्था छ । साविक गा.वि.स.थापापुरको पेश्की फर्छ्यौट हुन वांकी रु १७,५४,६२७। र न.पा.को रु. ८८,१९,६५८।- गरी कुल पेश्की रु १,०५,७४,२८५।- देखिन आएको छ । जसमध्ये न.पा.को गत विगतको पेश्की रु २५,९७,३७३।- यस आ.व.मा पेश्की फर्छ्यौट गर्न कुनै पहल भएको देखिएन् । तसर्थ न.पा.ले उक्त पेश्की नियमानुसार फर्छ्यौट गर्नुपर्दछ ।

२४. गा.वि.स.थापापुरको आन्तरीक चालु खर्च तर्फ मिति २०७३.११.२३ मा कर्मचारीलाई खुवाएको तलवी विवरण अनुसार रु.२५,७६२ बैक खर्च लेख्नुपर्नेमा भौचरमा रु.५४,४१९ खर्च लेखेको पाइयो । यसरी फरक पर्न गएको रु. २८,७४६ लाई आवश्यक हिसाव मिलान गर्नुपर्दछ ।

२५. **थप पारिश्रमिक :** गाँउ विकास समितिमा निर्वाचित पदाधिकारीहरु समेत नभएको कारण कार्य वोझ बढन गई सांझ विहान समेत थप काम गर्नुपर्ने भएकोले साविक गाँउ विकास समितिका वडा सचिवहरुले गाँउ परिषदको निर्णय अनुसार थप पारिश्रमिक २०७३ श्रावण देखि फागुनसम्म (गाँउपालिका गठन नहुदासम्म) आआफ्नो गा.वि.स.बाट भुक्तानी लिएको छ । सोही थप कार्यवोझको कारण जनाई जिल्ला विकास समितिले जिल्ला भित्रका सबै गा.वि.स.सचिवहरुलाई थप कामको आधारमा तलवको ५० प्रतिशतसम्म भत्ता दिने गरेकोले दोहोरो भत्ता खर्च लेख्नु औचित्यपूर्ण देखिएन ।

**बेरुजु स्थिति**

लेखापरीक्षणबाट रु. ७ करोड १५ लाख ४२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजु फछ्र्यौट नगराएकोले रु. ७ करोड १५ लाख ४२ हजार नै बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १२ लाख ९८ हजार, नियमित गर्नुपर्ने रु. २७ लाख ८ हजार तथा पेश्की रु. ६ करोड ७५ लाख ३६ हजार रहेको छ ।

# गोदावरी नगरपालिका, कैलाली

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.२ करोड ७८ लाख ८१ हजार र यो वर्षको आय रु.२३ करोड ९६ हजार समेत रु.२५ करोड ७९ लाख ७७ हजार आम्दानी भएकोमा रु.२३ करोड ७२ लाख ६७ हजार खर्च भई रु.२ करोड ७ लाख १० हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **मौज्दात :** उल्लेखित आर्थिक विवरणमा आर्थिक वर्षको अन्त्यमा वांकी देखाएको रु.१,९८,३४,८०३।- को वैक स्टेटमेन्ट पेश भएको छैन। वैंक स्टेटमेन्ट पेश गरी अद्यावधिक गर्नु पर्दछ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था गरेको छ। त्यसै गरी कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको संस्थागत शासन व्यवस्था र वित्तीय व्यवस्थापनको जवाफदेहिता तथा उत्तरदायित्व पालना सम्बन्धी मूल्यांकन गर्दा दैनिक भ्रमण विलको भुक्तानी गर्दा प्रतिवेदन नलिएको तथा अभिलेख नराखेको, निर्माण कार्यको लागत अनुमान तयार गर्दा कार्यसम्पन्न गर्दा लाग्ने समयमावधि किटान नगरेको, नापी कितावमा नापी गरेको र रनिंग विल नम्बर राख्ने गरेको छैन। पुराना सामानहरुको मूल्य आंशिक रुपमा मात्र खुलेको, जिन्सी निरीक्षण नगराईएका जस्ता व्यहोराहरु देखिएका छन्। प्रचलिन ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ र प्रभावकारी बनाउनु पर्दछ।

३. **कार्य विवरण :** निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) मा नेपाल सरकारले स्वीकृत गरेको संगठनको कार्य विवरणको आधारमा विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू गर्नु पर्ने तथा त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपमा किटिएको हुनु पर्ने व्यवस्था छ। कार्यालयले ऐनको उक्त प्रावधान अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन। तसर्थ ऐनको उक्त प्रावधान अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गर्नु पर्ने देखिन्छ।

४. **जिन्सी संरक्षण तथा हस्तान्तरण :** अर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने कुरा उल्लेख छ। त्यसैगरी नियम ३३ (२) मा कुनै कार्यालय खारेज वा गाभ्ने भएको पैतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिन भित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। नेपाल सरकारले मिति २०७३।११।२८ गते देखि साविकका गाँउ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाँउपालिका तथा नगरपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोवार हस्तान्तरण गर्न लगाएकोमा साविकका गा.वि.स.हरुको जिन्सी तथा स्थीर सम्पत्तीलाई नगरपालिकामा हस्तान्तरण भएको देखियो। तर ति सम्पत्तीहरुको मौद्रिक मूल्यमा मूल्याङ्कन नगरिएको हुदा सो सम्पत्तीको मौद्रिक मूल्यमा मूल्याङ्कन गरी मूल्याङ्कन सहीतको स्थीर सम्पत्तीको लगत तयार गनुपर्ने देखिन्छ।

५. **सेवा प्रवाहमा** : सेवा प्रवाह प्रभावकारी वनाउन मानबिय र भौतिक साधनको प्रयाप्तता हुनुपर्ने हुन्छ। नगरपालिकामा दक्षप्राबिधिक कर्मचारीको अभावको कारण समयमा योजना कार्यान्यनमा समस्या रहेको देखिन्छ। हाल बिषयगत कार्यालयहरु स्थानिय निकायमा गाभिका र गाभिनेक्रममा रहेकाहुदा ति बिषयगत शाषाहरु संचालनमा भौतिक संरचनाको अभाव रहेको छ। केन्द्रिय सरकारले सेवाप्रवाह लाई प्रभावकारी र जनमुखि बनाउन नगरपालिको मानविय र भौतिक अवस्थाको पर्याप्तता थप्नुपर्ने दखिन्छ।

६. **बिजक :** सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. दश हजार माथीको बिल भुक्तानी खर्चमा भ्याट बिल समावेश हुनु पर्ने ब्वस्था रहेको छ। २०७४।२।२९ मा बिर बेताल ग्रिल उद्योगको रु. ६१,८५५।- को पान बिल समावेश गरि खर्च लेखिएको ले सो खर्चमा भ्याट बिल समावेश हुनु पर्दछ।

७. **खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ अनुसार एक लाख रुपैंया भन्दा माथिको खरिद प्रकृयामा कम्तीमा ३ वटा दरभाउपत्र लिई कम मुल्यको दरभाउपत्र पेशगर्ने फर्मसंग खरिद गर्नुपर्ने ब्यवस्था छ। गोदावरी नगरपालिको भौचर नं. ११८।२०७४।०३।०५ अनुसार सेतीहोम पाइप उद्योग बाट रु. ४,८८,३१८।- को हेमपाईप खरिद गरेको देखिएकोले कानुनको परिपालनातर्फ ध्यान दिनुपर्दछ।

८. **बढी भुक्तानी :** आर्थिक प्रशासन ऐन नियम अनुसार ठेक्कापट्टा द्वारा निर्माणको कार्य गर्दा सम्झौता भएको रकम भन्दाबढी भुक्तान गर्न नमिल्ने ब्यवस्था छ। नगरपालिकाले २०६४।०३।२५ मा कावेली कन्ट्रक्सन लाई सम्झौता अनुसार रु. १३,८७,३२४।- भुक्तानी गर्नुपर्नेमा रु. १४,४१,२४५।- भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रकम रु. ५३,९२१।- असुल गर्नुपर्दछ। यसैगरी पिपलचौतारा देखि ग्वासि समैजी मा.बि.सम्मको सडक कालोपत्रे

योजनामा डेभलभर्स ग्रूप प्रा.लि. लाई पनि सम्झौता भन्दा रु. ४९,२००।- बढी रकम भुक्तानी गरेको देखिएको हुँदा सो रकम पनि डेभलभर्स ग्रूप प्रा.लि. बाट असुल गर्नुपर्दछ ।

९. **पेश्की :** सामाजिक सुरक्षा भत्ता तथा अध्ययन भ्रमण वापतको पेस्की रु. ११,८८,१०००।- आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट नभएको नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

१०. **बिल भरपाई :** आर्थिक प्रशासन ऐन र नियम अनुसार बिल र भर्पाइ बिना कुनै पनि खर्च लेख्न पाइदैन साबिक गोदावरी गा.बि.स ले २०७३।७।१९ अनुसार दलित कार्यक्रमको को खर्च रकम रु २७,६४९।- मा बिल भर्पाइ समावेश नभई खर्च लेखिएको हुँदा सो कार्यक्रमको बिल भर्पाइ पेश गरिनु पर्दछ ।

११. सार्वजनिक खरिद ऐन, २०६३ अनुसार बीस हजार रुपैंया भन्दा माथीको भुक्तानी गर्दा मू. अ. कर विजक मार्फत गर्नुपर्ने व्यवस्था रहेको छ । साबिक अत्तरिया न.पा.ले २०७३।११।२५ अनुसार निलम न्यूज स्टेशनरी पसल बाट रु. १,१४,२००।- को मसलन्द खरिद मा पानबिल समावेश गरी खर्च लेखेकोले अनियमित देखियो ।

१२. **थप पारिश्रमिक :** गाँउ विकास समितिमा निर्वाचित पदाधिकारीहरु समेत नभएको कारण कार्य वोझ बढन गई सांझ विहान समेत थप काम गर्नुपर्ने भएकोले साविक गाँउ विकास समितिका वडा सचिवहरुले गाँउ परिषदको निर्णय अनुसार थप पारिश्रमिक २०७३ श्रावण देखि फागुनसम्म (गाँउपालिका गठन नहुदासम्म) आआफ्नो गा.वि.स.बाट भुक्तानी लिएको छ । सोही थप कार्यवोझको कारण जनाई जिल्ला विकास समितिले जिल्ला भित्रका सबै गा.वि.स.सचिवहरुलाई थप कामको आधारमा तलवको ५० प्रतिशतसम्म भत्ता दिने गरेकोले दोहोरो भत्ता खर्च लेख्नु औचित्यपूर्ण देखिएन ।

**बेरुजू स्थिति**

यो वर्ष नगरपालीकाको लेखापरीक्षणबाट रु १ करोड २७ लाख ९२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ४९ हजार, नियमित गर्नुपर्ने रु. ८ लाख ६२ हजार र पेश्की रु. १ करोड १८ लाख ८१ हजार रहेको छ ।

# गौरीगंगा नगरपालिका, कैलाली

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु १७ लाख ७२ हजार र यो वर्षको आय रु.११ करोड ४८ लाख ५० हजार समेत रु.११ करोड ६६ लाख २२ हजार आम्दानी भएकोमा रु.१० करोड ७४ लाख ५६ हजार खर्च भई रु ९१ लाख ६६ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **जिम्मेवारी:** साविक २ गाँउ विकास समिति तर्फको जिम्मेवारी रु.६५,४३,१६८।- सार्नुपर्नेमा रु. ६५,४०,०५८।- जिम्मेवारी सारी रु.३,११०।- घटी जिम्मेवारी सारेको रकम यकिन गरी असुल गर्नुपर्दछ।

२. **अन्तिम मौज्दात :** गौरीगंगा नगरपालिकाको आ.व. २०७३।७४ को अन्तिम मौज्दात रु.९१,६६,४२२।- देखाएकोमा वैंक स्टेटमेन्ट पेश भएको छैन। वैंक स्टेटमेन्ट पेश गरी मौज्दात यकिन गर्नुपर्दछ।

३. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था गरेको छ। त्यसै गरी कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको संस्थागत शासन व्यवस्था र वित्तीय व्यवस्थापनको जवाफदेहिता तथा उत्तरदायित्व पालना सम्बन्धी मूल्यांकन गर्दा दैनिक भ्रमण विलको भुक्तानी गर्दा प्रतिवेदन नलिएको तथा अभिलेख नराखेको, निर्माण कार्यको लागत अनुमान तयार गर्दा कार्यसम्पन्न गर्दा लाग्ने समयमावधि किटान नगरेको, नापी कितावमा नापी गरेको र रनिंग विल नम्बर राख्ने गरेको छैन। पुराना सामानहरुको मूल्य आंशिक रुपमा मात्र खुलेको, जिन्सी निरीक्षण नगराईएका जस्ता व्यहोराहरु देखिएका छन्। प्रचलिन ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ र प्रभावकारी बनाउनु पर्दछ।

४. **कार्य विवरण :** निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) मा नेपाल सरकारले स्वीकृत गरेको संगठनको कार्य विवरणको आधारमा विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू गर्नु पर्ने तथा त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपमा किटिएको हुनु पर्ने व्यवस्था छ। कार्यालयले ऐनको उक्त प्रावधान अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन। तसर्थ ऐनको उक्त प्रावधान अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गर्नु पर्ने देखिन्छ।

५. **राजश्व तर्फ :** आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार आर्थिक बर्ष समाप्त भएको ३५ दिन भित्र राजश्व लगत, असुल हुन बांक रकम समेतको आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ। राजश्व शाखाले ऐन, नियम अनुशार अद्यावधिक लेखा राखी राजस्वको आर्थिक विवरण पेश नगरेका कारण राजश्व विवरण यथार्थपरक हुन सकेको छैन। गाँउपालिकाले उठाउनुपर्ने राजश्वको मुल आधार तयार गरेको देखिएन। करदाताले घोषणा गरेको विवरणको आधारमा कर निर्धारण गर्ने गरेको पाईयो। करदाता स्वयं उपस्थित भई कर तिरेमा मात्र कर लिने अन्यथा कानून बमोजिम कर उठाउने संयन्त्रको विकास भएको पाईएन।

६. **समायोजन भएका स्थानीय निकायको सम्पत्ति :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ परिच्छेद १० को दफा २१४ मा जिन्सी मालसामानको लगत तयार गर्ने सम्बन्धि व्यवस्था रहेको छ। सम्पत्तिको सुरक्षा गर्नु पर्ने देखिन्छ।

७. **जिम्मेवारी :** नगरपालिकाको एकिकृत आय व्यय विवरण अनुसार साविक गा.वि.स.को २०७३ फाल्गुन २७ सम्म खर्च गरी बाकी रहेको मौज्दात रु ९३,९०,३६८।- मध्ये जि.वि.स.कार्यालयको खातामा फिर्ता गरेको रु. २८,४७,२००।-र बाँकी मौज्दात रु. ६५,४३,१६८।- पैसा मध्ये रु. ६५,४०,०५७।- पैसालाई न.पा.को कोष खातामा साविक जिम्मेवारीको रुपमा आम्दानी जनाइएको छ। साविक गा.वि.स.मसुरीयाको मौज्दात रकम मध्ये रु ३,११०।- पैसा मुखिया श्री बलराम चौधरी जिम्मा देखिएकोले उक्त रकम अविलम्व न.पा.को कोष खातामा दाखिला गर्नुपर्दछ।

८. **अन्य कोष** : साविक गा.वि.स.मसुरीयाको कर्मचारी कल्याणकोषको रकम ने.वै.ली.धनगढीमा रहेको व्यालेन्स रु १,८९,८५१।- देखिएकोले उक्त रकमलाई न.पा.को खातामा ट्रान्सफर गर्नुपर्दछ। साविक गा.वि.स.चौमालाको आ.व.२०७२।०७३ को ले.प.प्रतिवेदन अनुसार धरौटी जम्मा भनि रु २,३४,२०५।- देखिएकोले उक्त धरौटीलाई न.पा.को खातामा रकम ट्रान्सफर गर्नुपर्दछ।

९. **जिन्सी संरक्षण तथा हस्तान्तरण :** अर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने कुरा उल्लेख छ। त्यसैगरी नियम ३३ (२) मा कुनै कार्यालय खारेज वा गाभ्ने भएको पैतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिन भित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। नेपाल सरकारले मिति २०७३।११।२८ गते देखि साविकका गाँउ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाँउपालिका तथा नगरपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोवार हस्तान्तरण गर्न लगाएकोमा साविकका गा.वि.स.हरुको जिन्सी तथा स्थीर सम्पत्तीलाई नगरपालिकामा

हस्तान्तरण भएको देखियो । तर ति सम्पत्तीहरुको मौद्रिक मूल्यमा मूल्याङ्कन नगरिएको हुदा सो सम्पत्तीको मौद्रिक मूल्यमा मूल्याङ्कन गरी मूल्याङ्कन सहीतको स्थीर सम्पत्तीको लगत तयार गनुपर्ने देखिन्छ ।

१०. **लागत अनुमान विश्लेषण :** स्थानिय स्तरमा उपलव्ध हुने निर्माण सामग्री समेतलाई साविक गा.वि.स.ले उपभोक्ता मार्फत गराउने कार्यको लागत अनुमान मूल्याङ्कन गर्न दर विश्लेषण माग गर्दा उपलव्ध हुन सकेन । त्यसकारण भुक्तानी दर ठीक छ भन्ने आधार देखिएन् । स्थानीय स्तरमा पाइने निर्माण सामग्रीको भुक्तानीका लागी नगरपालिकाले स्पष्ट निती तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ ।

११. **सामाजिक सुरक्षा भत्ता** : साविक गा.वि.स.हरुमा रहेको सामाजिक सुरक्षा भत्ताको लाभग्राहीको लगत जिल्ला विकास समिति संगको समन्वयमा अद्यावधिक गर्ने गरेको पाइयो । लगत अद्यावधिक पश्चात मृत्यु, बसाई सराईको कारणले घट्न गएका लाभग्राहीको सामाजिक सुरक्षा भत्ता जिल्ला विकास समितिमा पेश्की फर्छयौट गर्दा फिर्ता गर्ने गरेको पाइयो । साविक गा.वि.स.चौमाला बाट जिम्मेवारी सरीआएको मुखिया श्री दिल बहादुर खत्रीको नाउँमा देखिएको पेश्की रु १,४९,०९,४००।– लाई न.पा.बाट पेश्की फर्छयौट गरेको पाइयो । त्यसैगरी साविक गा.वि.स.मसुरीयाबाट मुखिया श्री बलराम चौधरीको नाउमा देखिएको पेश्की रु ९,९१,२००।– र नगरपालिका गठन पछि जिल्ला समन्वय समितिबाट निकासा भएको रकम रु २,४७,३७,६००।– समेत गरी पेश्की बाँकी रु २,५७,२८,८००।– रहेको पाइयो ।

१२. **आन्तरीक आय तर्फ** : आन्तरीक आय आर्जनको लागी नगरपालिका तथा साविक गा.वि.स.ले कुनै पनि ठेक्का नलगाँउको जानकारी प्राप्त हुनआएको । अन्य आय तर्फ साविक गा.वि.स.र हाल वडा कार्यालय मार्फत नगरपालिकाले मालपोत,घरजग्गा, व्यवसाय कर, विज्ञापन कर, दस्तुर र अन्य आय शिर्षकमा मालपोत रसिद तथा अन्य रसिदको प्रयोग गरी आय उठाउने गरेकोमा रसिद नियन्त्रण खाता राखेको छैन ।

१३. **पेश्की वाकी :** स्थानीय निकाय आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गरिसक्नुपर्ने व्यवस्था छ । साविक गा.वि.स.चौमालाको गत आ.व.को पेश्की बाँकी रु ९४,५००।– ब र साविक गा.वि.स.मसुरीयाको गत आ.व.को पेश्की बाँकी ले.प.को मुख्य प्रतिवेदनमा नखुलेकोले किटान हुनसकेन । यस आ.व.को अन्त्यमा साविक गा.वि.स.दुईको पेश्की फर्छयौट हुन बाँकी रु १४,६४,२००।– रहेकोले उक्त पेश्की नियमानुसार फछ्यौंट गर्नुपर्दछ ।

१४. **मसुरीया गा.वि.स.**

१४.१. मिति २०७३।६।२ मा बाट आर्थिक सहयोग भनी सखी एफ मसुरीयालाई भुक्तानी भएको रु २,०००।- को भौचरमा भुक्तानी लिनेको निवेदन तथा विल संलग्न गरेको छैन ।

१४.२. मिति २०७३।५।१० मा सामाजिक सेवा अनुदान खर्च भनी भुक्तानी भएको रु १,५००।- कसलाई भुक्तानी गरिएको हो र भुक्तानीको औचित्य पुष्टि हुने प्रमाण संलग्न छैन ।

१४.३. मिति २०७३।११।८ मा बोगटी होटल धनगढीको विलको भुक्तानी रु १५,०००।- को खर्चको औचित्य पुष्टी गरेको छैन ।

१४.४. मिति २०७३।११।८ मा सामाजिक सेवा अनुदान खर्च भनी भुक्तानी भएको रु २,५००।- कसलाई भुक्तानी गरिएको हो र भुक्तानीको औचित्य पुष्टि हुने प्रमाण संलग्न गरेको छैन ।

१४.५. मिति २०७३।९।२७ मा सार्वजनिक निर्माण माटोपटान भनी विनोद कुमार बमलाई भुक्तानी गरेको रु ४३,३५०।- को भौचरमा भुक्तानी लिने व्यक्तिबाट सार्वजनिक कामको लागी गरेको समझौता पत्र, कामगरेको विलभपाई आदि प्रमाण संलग्न गरेको छैन ।

१५. **पेस्की वांकी :** विभिन्न व्यक्ति तथा संस्थाहरुको नाममा रहेको पेस्की रु. २७,१९३,०००।- आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्यौंट नभएकोले नियमानुसार फछ्यौंट गर्नुपर्दछ ।

१६. **थप पारिश्रमिक :** गाँउ विकास समितिमा निर्वाचित पदाधिकारीहरु समेत नभएको कारण कार्य वोझ बढन गई सांझ विहान समेत थप काम गर्नुपर्ने भएकोले साविक गाँउ विकास समितिका वडा सचिवहरुले गाँउ परिषदको निर्णय अनुसार थप पारिश्रमिक २०७३ श्रावण देखि फागुनसम्म (गाँउपालिका गठन नहुदासम्म) आआफ्नो गा.वि.स.बाट भुक्तानी लिएको छ । सोही थप कार्यवोझको कारण जनाई जिल्ला विकास समितिले जिल्ला भित्रका सबै गा.वि.स.सचिवहरुलाई थप कामको आधारमा तलवको ५० प्रतिशतसम्म भत्ता दिने गरेकोले दोहोरो भत्ता खर्च लेख्नु औचित्यपूर्ण देखिएन ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु २ करोड ८७ लाख २४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु३ हजार, नियमित गर्नुपर्ने रु.६४हजार र पेश्की रु २ करोड ८६ लाख ५७ हजार रहेको छ ।

# जानकी गाँउपालिका, कैलाली

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु ८ लाख १९ हजार र यो वर्षको आय रु.११ करोड १८ लाख ५६ हजार समेत रु.११ करोड २६ लाख ७५ हजार आम्दानी भएकोमा रु. १० करोड २१ लाख ८४ हजार खर्च भई रु १ करोड ४ लाख ९१ हजार मौज्दात  रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **गतवर्षको जिम्मेवारी :** गतवर्षको जिम्मेवारी ४ वटा गाँउंविकास समितिको रु.८१९३०८।४५ देखाएकोमा उक्त रकम आ.व. २०७२।७३ को लेखापरीक्षण प्रतिवेदनलाई आधार मानि समावेश गरिएको छ ।

२. **अन्तिम मौज्दात :** जानकी गाँउं पालिकाको आ.व. २०७३।७४ को अन्तिम मौज्दात रु.१०४९०९९६।७९ देखाएकोमा वैंक स्टेटमेन्ट पेश भएको छैन । वैंक स्टेटमेन्ट पेश गरी मौज्दात यकिन गर्नुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरीक नियन्त्रण ब्यबस्था भरपर्दो र प्रभाबकारी बनाउनु पर्दछ । यस कार्यालयको आन्तरीक नियन्त्रण ब्यबस्थाको मुल्यांकन गर्दा  आर्थिक कारोबारको संक्षिप्त  अनुसुची १४ तयार नगरेको , सूचना अधिकारीको काम कर्तब्य र अधिकार नेतोकेको , सेवा ग्राही संग अन्तरक्रिया नगरेको, चौमासिक प्रगति तयार नगरेको,नागरिक सूचनाको लागि हेल्प डेकस नराखेका बेरुजुको लगत नराखेको, जिन्सी निरीक्षण प्रतिबेदन तयार नगरेको, जस्ता ब्यहोरा देखिएका  छन  । प्रचलित नियममा भएका सबै ब्यबस्थाको पालना गरी आन्तरीक नियन्त्रण सुढृढ बनाउनु पर्दछ ।

४. **राजश्व तर्फ :** आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार आर्थिक बर्ष समाप्त भएको ३५ दिन भित्र राजश्व लगत, असुल हुन बांक रकम समेतको आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । राजश्व शाखाले ऐन, नियम अनुशार अद्यावधिक लेखा राखी राजस्वको आर्थिक विवरण पेश नृए नगरेका कारण राजश्व विवरण यथार्थपरक हुन सकेको छैन । गाँउपालिकाले उठाउनुपर्ने राजश्वको मुल आधार तयार गरेको देखिएन । करदाताले घोषणा गरेको विवरणको आधारमा कर निर्धारण गर्ने गरेको पाईयो । करदाता स्वयं उपस्थित भई कर तिरेमा मात्र कर लिने अन्यथा कानून बमोजिम कर उठाउने संयन्त्रको विकास भएको पाईएन ।

५. **समायोजन भएका स्थानीय निकायको सम्पत्ति :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ परिच्छेद १० को दफा २१४ मा जिन्सी मालसामानको लगत तयार गर्ने सम्बन्धि व्यवस्था रहेको छ । नेपालको संविधान बमोजिम संघिय, प्रदेश, स्थानीय सरकार व्यवस्था भए बमोजिम नेपाल सरकारबाट ७५३ स्थानीय निकाय गठन गरी जानकी गाँउपालिका ४ गा.वि.स. समायोजन गरी  गठन भएपछि गाँउपालिकाले लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छ, अधिकार प्राप्त अधिकारीले एक वर्षमा कम्तीमा एक पटक स्वयम् वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लिई राख्ने व्यवस्था गर्ने गरेको पाईएन ।  गाभिन आएका गाँउंविकास समितिका सम्पत्तिहरुको यकिन गरी अभिलेख तयार गर्नकोलागि विज्ञहरुको एक टोली गठन गरी प्रचलित ऐन कानून वमोजिम अध्यावधिक गर्नुपर्ने देखिन्छ । तसर्थ ती सम्पत्तिहरु तत्काल व्यवस्थित नभएका सम्भावित नोक्सानी जोखिम रहने भएकोले तत्काल सम्पत्तिको सुरक्षा गर्नु पर्ने देखिन्छ ।

६. **प्राविधि मूल्याङ्कन :** मिती २०७४।०३।२३ मा वा.न ९ को ग्रावेल योजनामा उपभोक्त समिती अध्यक्ष. दल बहादुर खडका लाई चेक न १६२५२५ बाट भुक्तानी भएको रु. १,६५,०००।- को खर्चमा बिलभर्पाइ तथा प्राबिधिक मुल्याङ्कन समावेश भएको नदेखियको हुदा सो योजनाको प्राबिधिक मुल्याङकन सहित कार्यसम्पन्न प्रतिबेदन पेश गर्नु पर्दछ । जानकी गाँउालिका वा.न ६ धर्मापुर खोपकेन्द्र निर्माण को खर्च रु. ३००,०००।- मा प्राबिधिक मुल्याङ्कन नभई खर्च लेखियको छ र यसैगरी सोहि वार्डको धर्मापुर देखि तोरैयापुर ग्रावेल कार्यका रु. २००,०००।- को खर्चमा पनि प्राबिधिक मुल्याङ्कन नगराई खर्च लेखिएको ले उक्त दुबै योजनाको प्राबिधिक मुल्याङ्कन सहित कार्यसम्पन्न प्रतिबेदन पेश गर्नु पर्दछ । साबिक मनुवा गा.बि.स.को मिति २०७३।७९ भौचर नं. ९ अनुसार पसुसेवा कार्यक्रमको रकम कार्यालयको नाममा भूक्तान हुनुपर्नेमा सोनभई कर्मचारी राम बहादुर रावलको नाममा रु ७५,०००।०० भुक्तान गरी खर्च लेखिएको हुँदा सो रकमको भुक्तानी कुन प्रयोजनमा भएको हो कार्यक्रको उद्देश्य पेश गर्नु पर्दछ ।

७. साबिक मनुवा गा.बि.स.को मिती २०७३।९।१३ मा खोपकेन्द्र निर्माण उपभोक्त समितीका अध्यक्ष दल बहादुर मगर को पे फ गर्दा प्राबिधिक मुल्याङ्कनमा तोकियको अनुदान  भन्दा रु २३,२१५।- बढी भुक्तान भएको देखियको ले  बढी भएको रकम असुल गर्नु पर्दछ ।

८. **पेश्की :** साविक दुर्गौली गाँउं विकास समितिको नाउँमा  रु.१,२२,०००।- पेस्की रहेकोले उक्त रकम नियमानुसार फछ्यौट गर्नुपर्दछ ।

९. **कर:** आय कर ऐन, २०५८ अनुसार कर कट्टी गरी गरी दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले विभिन्न कार्यको रकम भुक्तानी गर्दा अग्रीम कर रु.२,७७५। दाखिला गर्नुपर्नेमा उक्त दाखिला भएको नदेखिदा दाखिला गर्नुपर्दछ । साथै वडा कार्यालयहरुबाट विभिन्न तालिम कार्यक्रमहरु संचालन वापत भुक्तानी गर्दा कर कट्टी भएको रु. ५,७८९।- दाखिला गर्नुपर्नेमा दाखिला नभएकोले उक्त रकम दाखिला गर्नुपर्दछ ।

१०. **अनुगमन खर्च:** वडा कार्यालयमा निर्माण भएको सार्वजनिक शौचालय निर्माणको अनुगमन गरेको भनि रु.५,०००। अनुगमन खर्च लेखेको उक्त रकम लिन पाउने आधार विना खर्च लेखेको रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

११. **प्रोत्साहन भत्ता:** वडा सचिव श्री रामदुलारु चौधरीलाई रु. २८,०००।- तथा श्री नारदानन्द चौधरीलाई रु. २४,०००।- समेत रु. ५२,०००।- २०७३ चैत्र देखि २०७४ आषाढ सम्म प्रोत्साहन भत्ता भुक्तानी लिएकोमा सोको निर्णय नभएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

१२. **विलभरपाइ:** विभिन्न कार्यको लागि विभिन्न मितिबाट रकम भुक्तानी गर्दा विलभरपाई तथा आवश्यक कागजातहरु समावेश नगरी भुक्तानी भएको रु. ५,९८,७७८।- नियमित गर्नुपर्दछ ।

१३. **कार्यसम्पन्न प्रतिवेदन:** विभिन्न मितिबाट २ वटा योजनाहरुमा रु.१,८५,०००।- खर्च भएकोमा प्राविधिक मुल्यांकन तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

१४. **पेश्की:** सार्वजनिक सुनुवाई कार्यक्रमका लागि पेस्की दिइएकोमा कार्यक्रम संचालन नभई वांकी रहेको रु. १०,०००। असुल गर्नुपर्दछ ।

१५. साविक पत्थरीमा गाँउं विकास समितिको नाममा २ कर्मचारीको नाममा रु.१,१०,०००।- पेस्की रहेकोले उक्त रकम नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

१६. **थप पारिश्रमिक :** गाँउ विकास समितिमा निर्वाचित पदाधिकारीहरु समेत नभएको कारण कार्य वोझ बढन गई सांझ विहान समेत थप काम गर्नुपर्ने भएकोले साविक गाँउ विकास समितिका वडा सचिवहरुले गाँउ परिषदको निर्णय अनुसार थप पारिश्रमिक २०७३ श्रावण देखि फागुनसम्म (गाँउपालिका गठन नहुदासम्म) आआफ्नो गा.वि.स.बाट भुक्तानी लिएको छ । सोही थप कार्यवोझको कारण जनाई जिल्ला विकास समितिले जिल्ला भित्रका सबै गा.वि.स.सचिवहरुलाई थप कामको आधारमा तलवको ५० प्रतिशतसम्म भत्ता दिने गरेकोले दोहोरो भत्ता खर्च लेख्नु औचित्यपूर्ण देखिएन ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु १८ लाख ३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९९ हजार, नियमित गर्नुपर्ने रु. १५ लाख २४ हजार र पेश्की रु १ लाख ८० हजार रहेको छ ।

# वर्दगोरिया गाँउपालिका, कैलाली

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु. ५ लाख १८ हजार र यो वर्षको आय रु. ६ करोड ८० लाख ८७ हजार समेत रु. ६ करोड ८६ लाख ५ हजार आम्दानी भएकोमा रु. ६ करोड १३ लाख ८८ हजार खर्च भई रु. ७२ लाख १७ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **सेवा प्रवाह :** सेवा प्रवाहको लागि स्वीकृत दरवन्दी सिभिल र कम्प्यूटर इन्जिनियर सहित २७ जनाको भएतापनि हाल प्रमुख प्रशासकिय अधिकृत सहित ७ जना स्थायी र १२ जना करार कर्मचारीको रुपमा रही ८ पदरिक्त रहेकोले समयमै सेवा प्रदान गर्न कठिनाई हुने देखिन्छ। यसै गरी ६ वटा वडा कार्यालयमा १८ जना दरवन्दी भएतापनि २ वटा वडा सचिवले संचालन गर्नुपरेकोले सेवा प्रवाहमा कठिनाई उत्पन्न हुन सक्ने भएकोले स्वीकृत भएको दरवन्दी अनुसार जनशक्तिको व्यवस्थापन गर्नुपर्ने जरुरी देखिएको छ।

२. **आन्तरिक आय** : साविक गा.वि.स.संग २०७३ फागुन मसान्तमा नगद मौज्दात रहेको दोधराको रु. ५,०२८।- र कोटातुल्सीपुरको रु. ७,७०८।- समेत जम्मा रु. १२,७३६।- लेखापरीक्षणको क्रममा असुल भै गाँउपालिका कोषमा जम्मा भएको र कोटातुल्सीपुरको आर्थिक विवरण अनुसार कोष खाता रहेको भनि रु. ४,०५६।- देखाएकोमा लेखापरीक्षण अवधि सम्म गाँउपालिकामा जम्मा नगरेकोले असुल हुनुपर्ने सो रकम समेत रु. १६,७९१।- गाँउपालिको आय विवरणमा समवोश गरेको छैन।

३. **अन्य कोष** : साविक गाँउविकास समितिको वैंकमा रहेको कर्मचारी कल्याण कोषमा रु. ३,९७,९८४।- तथा विपद व्यवस्थापन कोषमा रु. १,२३,७५७- समेत रु. ५२१,७४१।- आय व्यय विवरणमा समावेश नगरेको र लेखापरीक्षणको क्रममा यस्तो कोषको रकम बाँकी देखिएकोले उक्त रकम समावेश गरी आय व्यय विवरण तयार गर्नुपर्दछ। साथै कोष संचालन विनियमावली तयार गर्नुपर्दछ।

४. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था गरेको छ, तापनि आन्तरिक कार्यविधि बनाएको पाईएन। कार्यालयको संस्थागत शासन व्यवस्था र वित्तीय व्यवस्थापनको जवाफदेहिता तथा उत्तरदायित्व पालना सम्बन्धी मूल्यांकन सूची अनुसार मूल्यांकन गर्दा सेवा प्रवाहको अभिलेख नरहेको, निर्माण कार्यको लागत अनुमान तयार गर्दा कार्यसम्पन्न गर्दा लाग्ने समयमावधि किटान नगरेको, नापी कितावमा नापी गरेको र रनिंग विल नम्बर तथा ठेक्का बिल अद्यावधिक गरी राख्ने गरेको छैन। पुराना सामानहरुको मूल्य आंशिक रुपमा मात्र खुलेको, जिन्सी निरीक्षण गराई प्रतिवेदन लिएको भएता पनि प्रतिवेदनले औंल्याएका व्यहोरा माथि पूर्ण कारवाही नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, जस्ता व्यहोराहरु देखिएका छन्। प्रचलिन ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ र प्रभावकारी बनाउनु पर्दछ।

५. **बजेट व्यवस्थापन :** यस वर्ष गाँउपालिको पूर्वाधार विकासको लागि मात्र बजेट व्यवस्था भएको र सो समेत वर्षको अन्तमा निकासा प्राप्त भएकोले विनियोजित बजेटको ४१ प्रतिशत मात्र खर्च हुन सकेको देखिन्छ। साविक गा.वि.स.तर्फ गाँउपरिषदले अवण्डाको रुपमा बजेट राखेको देखिएन।

६. **योजना कार्यान्वयन** : यस वर्ष २०७३।७४ मा गाँउपालिका गठनको अवधि ४ महिना मात्र अवधि भएकोले गाँउपालिका पूर्वाधारको कार्यक्रममात्र रहेकोले आवधिक योजना वार्षिक कार्यक्रम परीक्षण गर्ने स्थिति भएन। साविक गाँउ विकास समितितर्फ गाँउपरिषदले योजना छनौट तथा बजेट विनियोजन गर्ने र जिल्ला स्तरका योजनामा जिल्ला परिषदको निर्णय अनुसार निकासा दिएको देखिन्छ। गाँउपरिषद तथा जिल्लाबाट छनौट भएका योजना निर्माणको अनुगमन मूल्यांकन गा.वि.स. सचिवबाट मात्र हुदा प्रभावकारी देखिएको छैन।

७. **सार्वजनिक खरिद व्यवस्थापन** : सार्वजनिक खरिद निमायवली, २०६४ अनुसार निर्माण कार्य वाहेक अन्य सामानमा रु.३ लाख भन्दा बढीको खरिदमा शिलवन्दी दरभाउ पत्र एवंवोलपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था छ। खरिद कार्यलाई टुक्रा टुक्रा गर्ननहुने व्यवस्था समेत सो नियमावलीमा उल्लेख छ। गाँउपालिकाले कार्यालय व्यवस्थापन गर्न ३ वटा आपूर्तकबाट खुल्ला दरभाउपत्र लिई वैशाख र जेष्ठमा रु.७,७९,९१६।- को फर्निचर खरिद गरेको देखियो। नियममा भएको व्यवस्था पालना गरी प्रतिस्पर्धात्मक रुपमा खरिद गर्नेतर्फ ध्यान दिनु पर्दछ।

८. **लागत अनुमान** : स्थानिय स्तरमा उपलब्ध हुने निर्माण सामाग्री र जिल्ला दररेट समेतलाई विचार गरी लागत अनुमान तयार गर्नुपर्नेमा केही योजनाहरुको दर विश्लेषणमा ग्राभेल गर्ने कार्य प्रति घ.मि.रु.७९०।- देखि रु.१,१७२।- सम्म र ढुवानी प्रति ट्रिप रु.९४०। देखि रु.२,५००।- सम्मको दरबाट भुक्तानी भएको हुँदा निर्माण समाग्रीको उपलब्ध हुने स्थान र कार्य स्थलको दुरीको विश्लेषणको लागि दर विश्लेषण लेखापरीक्षणमा पेश नभएकोले मूल्यांकन हुन सकेको छैन। यस समबन्धमा गाँउपालिकाले स्पष्ट पार्नुपर्ने देखिएको छ।

९. **व्यक्तिगत घटना दर्ता** : केन्द्रीय पंजिकरण विभागको पत्र अनुसार व्यक्तिगत घटना दर्ता दिवस २०७४ साताव्यापी रुपमा मनाउँदाको प्रचार प्रसार, खाजा खाना, सहभागिलाई यातायात खर्च तथा प्रशिक्षण भत्ता समेत गरी रु. १,५२,२००।- ना.सु.गोविन्दराज रेग्मी मार्फत कार्य गराई भुक्तानी गर्दा प्रशिक्षण कक्षा भनि रु.२७,०००।- भत्ता वितरण गरेको देखियो । केन्द्रीय पंजिकरण विभागको पत्र लेखापरीक्षणमा पेश नभएकोले के कस्ता कार्यक्रम निर्धारण भएको थियो एकिन हुन सकेन । यस सम्बन्धमा लेखापरीक्षणलाई स्पष्ट पार्नुपर्ने देखिएको छ ।

१०. **ह्यूम पाइप खरिद** : सेती ह्यूम पाइप तथा विद्युत पोल उद्योग प्रा.लि.अत्तरियासंग ल९३ ६०० एम एम तथा ल९२ ४५ एम एम साइजका ह्यूम पाइप थान २९ खुल्ला दरभाउपत्रबाट खरिद गरी रु. ४,८५,३४६।- (मू.अ.कर ५५,८३६।- समेत) भुक्तानी गर्दा सूचिकृत नभएका रामदुल कंक्रिट उद्योग र कैलाली कंक्रिट इष्टष्ट्रिजको दरभाउपत्र समेत लिई प्रतिस्पर्धामा सामेल गराएको र खरिद ह्यूम पाइप मध्ये ७ थान मात्र जडान भएको प्रमाण पेश गरेको हुदा वांकी रु. ३,३७,३९९।- बराबरको २१ थान पाइपको स्थिति एकिन नभएको सम्बन्धमा एकिन हुनु पर्दछ ।

११. **ग्राभेल कार्य :** निर्माण सम्बन्धी कार्य गराउदा स्वीकृत नर्म्स तथा जिल्ला दररेट अनुसार तयार गरेको लागत अनुमानका आधारमा गराउनु पर्ने र कार्य सम्पन्न पश्चात सो कार्यको नापी लिई कार्य मूल्यांकन प्रतिवेदन तयार भएपछि भुक्तानी गर्नुपर्नेमा गाँउपालिकाले वडा नं १ छप्पावाग देखि साबिक कोटातुल्सीपुर गा.वि.स.को सिमानासम्म वाटो ग्राभेल गर्ने कार्य निर्माण व्यवसायी गुरुकृपा कन्स्ट्रक्सन वर्दगोरिया ४ कैलालीसंग खुल्ला दरभाउपत्रको माध्यमबाट गराई रु.२,५८,१०२।- ( मु.अ.कर रु.२९६९३। समेत) भुक्तानी गर्दा लागत अनुमान तयार नगरेको र सम्पन्न भएको कामको नापी समेत लिएको नदेखिदा नियमानुसार प्राविधिक मुल्यांकन गरी कार्य सम्पन्न गर्नुपर्दछ ।

१२. **विल भरपाई :** निर्वाचित पदाधिकारी सहितबाट ६ वटै वडामा भएको निर्माण कार्यको अनुगमन गर्दाको खर्च रु.९१,०००।- ना.सु. गोविन्द राज रेग्मीलाई भुक्तानी गर्दा संलग्न विल भरपाईको जोड जम्मा रु. ७८,४५५।- मात्र हुने हुदा विल भरपाई भन्दा बढी भएको रकम रु.१२,५४५।- असुल गरी दाखिला गर्नुपर्दछ ।

१३. **थप पारिश्रमिक :** गाँउ विकास समितिमा निर्वाचित पदाधिकारीहरु समेत नभएको कारण कार्य वोझ बढ्न गई सांझ विहान समेत थप काम गर्नुपर्ने भएकोले साविक गाँउ विकास समितिका वडा सचिवहरुले गाँउ परिषदको निर्णय अनुसार रु. ५,०००।- देखि ७,०००।- सम्म थप पारिश्रमिक भनि २०७३ श्रावण देखि फागुन सम्म गाँउपालिका गठन नहुदासम्म आआफ्नो गा.वि.स.बाट भुक्तानी लिएको देखिन्छ । सोही थप कार्यवोझको कारण जनाई जिल्ला विकास समितिले जिल्ला भित्रका सबै गा.वि.स.सचिवहरुलाई थप कामको आधारमा तलवको ५० प्रतिशत सम्म भत्ता दिने व्यवस्था गरेकोले दोहोरा भत्ता खर्च लेख्नु औचित्यपूर्ण देखिएन ।

१४. **पेस्की वांकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार वर्षको अन्तसम्ममा पेस्की फछ्र्यौट गरिसक्नु पर्ने व्यवस्था छ । गाँउपालिका तर्फ यस वर्षको पेस्की वांकी नभएतापनि साविक दोधारा गा.वि.स.तर्फ गत विगत वर्षको पेस्की फछ्र्यौट हुन वांकी रु.७,७०,०००।- देखिएको छ भने यस आ.व.२०७३।७४ मा सडकपुर वौनिया खानेपानी निर्माण समितिका अध्यक्ष भोजराज भट्टलाई दिएको पेस्की रु. १,५०,०००। आ.व.को अन्तसम्म पनि फछ्र्यौट भएको देखिएन । अतः उक्त नियमावलीमा भएको व्यवस्था अनुसार पेस्की फछ्र्यौट हुनुपर्दछ ।

१५. **सम्पत्ति संरक्षण र उपयोग :** गाँउपालिका कार्यालयमा रहेका भौतिक सम्पत्तिको अभिलेख जिन्सी खाताको रुपमा राख्ने गरेको छ भने आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन तयार गरेको छैन । साविक गाँउविकास समिति तर्फ खर्च भएर नजाने सामानको समेत एउटै सामानको अलग अलग पानामा लेखांकन गरेकोले सो खाता पाना एकिकृत गरी सामान अद्यावधिक सहित जिन्सी खाता व्यवस्थित गर्नुपर्ने र सम्पत्तिको संरक्षणमा विशेष ध्यान दिनु पर्ने देखियो ।

१६. **आन्तरिक आय :** आन्तरिक आय आर्जनको लागि गाँउपालिका तथा साविक गा.वि.स.ले कुनै पनि ठेक्का नलगाँउको जानकारी हुन आयो । अन्य आय तर्फ साविक गा.वि.स. र हाल वडा कार्यालयले मालपोत, घर जग्गा कर, व्यवसाय कर, विज्ञापन कर, दस्तुर र अन्य आय शिर्षकमा मालपोत रसिद तथा नगदी रसिदबाट आय रकम उठाउने गरेको देखियो । आय असुलीमा प्रयोग हुने रसिदहरु साविक गा.वि.स.ले आफैले छपाई गर्ने र सोको नियन्त्रण खाता समेत नराखेकोले कुन कुन रसिद प्रयोग भयो एकिन गर्ने आधार रहेन । यस्तो रकम गाँउपालिका गठन पश्चात रु. ७,२४,३६४।- उठेको र सो रकम गाँउपालिका खातामा जम्मा भएको छ । साविक गा.वि.स. हरुले २०७३ श्रावण देखि फागुनसम्म उठाएको आन्तरिक आय मध्ये खर्च गरी वांकी रहेको रकम रु.३,९१,६९०।- गाँउपालिकाले जिम्मेवारीमा देखाएको छ । गाँउपालिका गठन पश्चात मालपोत तथा नगदी रसिद नियन्त्रण खाता व्यवस्थित गरी जिम्मेवार कर्मचारी तोकेको जानकारी हुन आएको छ ।

१७. **राजस्वतर्फ :** गाँउपालिका र साविक गा.वि.स.मा मालपोत वाहेक अन्य लगती राजस्व नभएको, मालपोत समेतको लगत अद्यावधिक नगरेकोले के कति बक्यौता छ एकिन नभएको र मालपोत रकम हालमा स्थानिय निकायको आन्तरिक आयमा पर्ने र हस्वली राजस्व तर्फ आपूर्तकको आयकर कर्मचारीको सामाजिक सुरक्षा शुल्क तथा अन्यबाट उठेको करहरु सम्बन्धित राजस्व शिर्षकमा दाखिला हुने गरेको वाहेक अन्य राजस्वको कारोवार नभएकोले आयवृद्धि गर्नेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

१८. **गाँउ विकास समितितर्फ :** वर्दगोरिया गाँउपालिकामा साविक दोदोधरा गा.वि.स.हालको वडा नं. १,२ र ३ तथा साविक कोटातुल्सीपुर गा.वि.स.हालको वडा नं. ४, ५ र ६ पर्ने र ति गा.वि.स.को सैद्धान्तिक तथा केही अनियमित व्यहोरा गाँउपालिको प्रतिवेदनमा संयुक्त रुपमा परेको वाहेक अन्य व्यहोरा निम्नानुसार छन :

१८.१. **घरभाडा भुक्तानी :** गाँउविकास समितिको कार्यालयले आफ्नो ६ कोठे भवन शसस्त्र प्रहरी वेस क्याम्पलाई दिई आफु भाडाको घरमा बसेको भनि घर धनि पारस महतोलाई २०७३ भाद्र देखि मासिक रु.४,०००।- ले घर भाडा भुक्तानी दिएको छ।

१८.२. **विल भरपाई :** दोधरा हेल्थपोष्टको गुणस्तर सुधार भनि रु. ८१,४४०।- खर्च लेखेको तथा ईलाका प्रहरी कार्यालयको गाडी मर्मत खर्च भनि रु. २५,०८६।- भुक्तानी गरेकोमा अन्य निकायको खर्च भुक्तानी गर्नुको कारण सहित विल भरपाई नभएकोले रु. २५,०८६।- समेत रु. १,०६,५२६।- को पुष्ट्याई पेश गर्नुपर्दछ।

१८.३. **क्रमागत योजनाको अभिलेख** : गाँउ विकास समतिबाट संचालित क्रमागत योजनाहरुको कुल लागत अनुमान र सम्पन्न कार्य विवरण अनुसारको भुक्रानीको अभिलेख राखी कार्य सम्पन्न मूल्यांकनसंग तुलना गरी अन्तिम भुक्तानीको व्यवस्था गर्नुपर्नेमा कार्यालयले गा.वि.स. कार्यालय भवन निर्माणको वांकी काम सम्पन्न भएको भनि कन्टिजेन्सी रु. ३०,०८४।- सहित उपभोक्ता समितिलाई रु. १,३२,०००।- भुक्तानी गरेको छ। कार्य सम्पन्न प्रतिवेदन अनुसार रु. १०,३२,८८६।- कन्टेन्जेन्सी सहित भएको सो कामको लागत अनुमान समेत रु. १०,३२,८८६।- नै रहेकोले उपभोक्ता समितिबाट व्यहोरिएको अंश देखिएन। उपभोक्ता समितिबाट काम वांकी भएको विद्युतीकरणको रु. ५०,०००।- समेत भुक्तानी भएकोले पछि दोहोरो पर्ने स्थिति रहेको र कन्टेन्जेन्सीको रकम उपभोक्ताबाट काममा दिन नमिल्ने हुदा सो रकम रु. ३०,०८४।- असुल गर्नुपर्ने देखिएको छ।

१९. **भवन निर्माण :** अधुरो खोप केन्द्र भवन निर्माण उपभोक्ता समितिलाई रु. २,४०,०००।- भुक्तानी भएकोमा सोको कुल लागत इष्टिमेट तथा भुक्तानी रकमको लगत इष्टिमेट र कार्य सम्पन्न मूल्यांकन प्रतिवेदन नभएकोले उक्त खर्चको स्थिति स्पष्ट नभएको।

२०. **चालु वर्षको खरिदको भुक्तानी :** चालु वर्ष २०७४।७५ मा पर्ने विभिन्न खरिद र कामको रु. ८०,०००।- को भुक्तानी आर्थिक वर्ष २०७३।७४ मै भएको देखिदा किन र कसरी भुक्तानी भयो एकिन गरी जिम्मेवार पदाधिकारीबाट असुल गर्नुपर्दछ।

२१. **अग्रिम कर :** तालिममा प्रशिक्षण दिएको निम्न बमोजिमको प्रशिक्षण भत्तामा आय कर ऐन, २०५८ अनुसार १५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा नगरेकोले रु. ३,०००।- असुल गरी सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्दछ।

**कोटातुल्सीपुर गा.वि.स.**

२२. **लागत अनुमान :** सिचाईको लागि वोरिंग गरेको ज्याला तथा सामानको रकम उपभोक्ता समितिलाई सांसद विकास कोषको कार्यक्रमबाट रु. १,००,०००।- भुक्तानी गर्दा लागत अनुमान तयार गरेको छैन।

२३. **अग्रिम कर :** देहायका आपूर्तकसंग विभिन्न सामानको मु.अ.कर सहितको विल भुक्तानी गर्दा आयकर ऐन, २०५८ अनुसार मू.अ.कर वाहेकको विल रकममा १.५ प्रतिशतले अग्रिम कर कट्टी गर्नुपर्नेमा नगरेकोले रु.४,४५८।- असुल गरी राजस्व दाखिला हुनुपर्दछ।

२४. **प्रशिक्षण भत्ताको कर :** महिला शसक्तिकरण तथा नेतृत्व विकास सम्बन्धी तालिममा सहभागि महिला २९५ जनालाई यातायात खर्च, खाना, स्टेशनरी प्रशिक्षण भत्ताको विल समेतबाट खरिदार शेर वहादुर वडायकको पेस्की फछ्र्यौट र भुक्रानी समेत रु. २,००,०००।- खर्च लेख्दा कक्षा रुटिंन पेश नभएको र देहायका प्रशिक्षकलाई पारिश्रमिक भुक्तानी गर्दा आयकर ऐन, २०५८ अनुसार प्रशिक्षण भत्तामा १५ प्रतिशत कर कट्टी नगरेकोले रु. ६,४६०।- असुल गरी राजस्व खातामा दाखिला हुनुपर्दछ।

२५. **बढी भुक्तानी :** कार्यालयको निर्माण कार्यमा लागत अनुमान तयार गर्न, नापी लिनु र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने लगायत प्राविधिक कार्यको लागि श्री दुर्गा वोहरासंग २०७३।११।१६ देखि लागु हुने गरी कन्टेन्जेन्सी रकमबाट वार्षिक रु.९०,०००।- को दामासाहीले काम गरेको अवधिको भुक्तानी पाउने गरी करार गरेकोमा २०७३।११।१६ बाट २०७४ आषाढ मसान्त सम्म ४ महिना १५ दिन काम गरेको अवधि भएकोले सम्झौता रकमको दामासाहीले सो अवधिको रु.३३,४१२।- मात्र हुनेमा रु.४५,०००।- भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु. ११,५८८।- असुल गरी दाखिला गर्नुपर्दछ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु. ९ लाख ५८ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु. १ लाख १८ हजार, नियमित गर्नुपर्ने रु. ८ लाख ४० हजार बेरुजु रहेको छ।

## मोहन्याल गाँउपालिका

### लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु १ लाख १० हजार र यो वर्षको आय रु.५ लाख ९३ हजार ६० हजार समेत रु.५ करोड ९४ लाख ७० हजार आम्दानी भएकोमा रु.५ करोड ३६ लाख ६८ हजार खर्च भई रु.५८ लाख २ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्

**१.** **शुरु मौज्दात** : साविकका सुगरखालको रु. ७०,४५७-, पन्डोलको रु. ६,६९५।- तथा मोहन्यालको रु. ५३,६५७- समेत गाँउ विकास समितिहरुमा २०७३ साल फागुन २८ गते वांकी रहेको रु. १,३०,८०९।- रकम हालको मोहन्याल गाँउ पालिकामा जिम्मेवारी सार्नुपर्नेमा उक्त रकम जिम्मेवारी सारेको नदेखिदा जिम्मेवार पदाधिकारीबाट असुल गर्नुपर्दछ ।

२. **मौज्दात :** आ.व. २०७३।७४ को अन्तिम मौज्दात रु. ५४,५८,९८३।- देखाएकोमा वैंक स्टेटमेन्ट पेश भएको छैन । वैंक स्टेटमेन्ट पेश गरी मौज्दात यकिन गर्नुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था गरेको छ । त्यसै गरी कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको संस्थागत शासन व्यवस्था र वित्तीय व्यवस्थापनको जवाफदेहिता तथा उत्तरदायित्व पालना सम्बन्धी मूल्यांकन गर्दा अनुसार दैनिक भ्रमण विलको भुक्तानी गर्दा प्रतिवेदन आंशिक रुपमा लिएको, भ्रमण अभिलेख नराखेको, नापी किताबमा नापी गरेको र रनिंग विल नम्बर राखी अद्यावधिक विल राख्ने गरेको छैन । पुराना सामानहरुको मूल्य आंशिक रुपमा मात्र खुलेको, जिन्सी निरीक्षण नगराएको, जस्ता व्यहोराहरु देखिएका छन् । प्रचलिन ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ र प्रभावकारी बनाउनु पर्दछ ।

४. **कार्य विवरण :** निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) मा नेपाल सरकारले स्वीकृत गरेको संगठनको कार्य विवरणको आधारमा विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू गर्नुपर्ने तथा त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपमा किटिएको हुनु पर्ने व्यवस्था छ । कार्यालयले ऐनको उक्त प्रावधान अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन । तसर्थ ऐनको उक्त प्रावधान अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गर्नुपर्ने देखिन्छ ।

**५.** **राजश्व तर्फ :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार आर्थिक बर्ष समाप्त भएको ३५ दिन भित्र राजश्व लगत, असुल हुन बांकी रकम समेतको आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । राजश्व शाखाले ऐन, नियम अनुसार अद्यावधिक लेखा राखी राजस्वको आर्थिक विवरण पेश नगरेका कारण राजश्व विवरण यथार्थपरक हुन सकेको छैन । गाँउपालिकाले उठाउनुपर्ने राजश्वको मुल आधार तयार गरेको देखिएन । करदाताले घोषणा गरेको विवरणको आधारमा कर निर्धारण गर्ने गरेको पाईयो । करदाता स्वयं उपस्थित भई कर तिरेमा मात्र कर लिने अन्यथा कानून बमोजिम कर उठाउने संयन्त्रको विकास भएको पाईएन ।

६. **सम्पत्तिको संरक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ परिच्छेद १० को दफा २१४ बमोजिम गाभिन आएका गाँउंविकास समितिका सम्पत्तिहरुको यकिन गरी अभिलेख तयार अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

७. **सेवा प्रवाह** : सेवा प्रवाह गर्ने जनशक्तिमा स्वीकृत दरवन्दी सिभिल र कम्प्युटर इन्जिनियर सहित ३० जनाको दरवन्दी भएतापनि हाल प्रमुख प्रशासकिय अधिकृत सहित ५ जना स्थायी कर्मचारी कार्यरत रहेको अवस्था छ । यसैगरी गा.पा.को ७ वटा वडा कार्यालयहरुमा २१ जनाको दरवन्दी भएतापनि ७ जना कर्मचारीबाट सेवा प्रदान भई रहेकोले जनतालाई गाँउपालिकाबाट प्रदान गरिने सेवा प्रवाहमा ज्यादै कठिनाई परेको अवस्था छ ।

८. **वित्तिय विवरण** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३३ (२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैतीसौं दिनमा कार्यालय खारिज भएको मानिने उल्लेख छ । यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिन भित्र नगदी वाकी भए मन्त्रालय वा विभागले त्यस्तो लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले मिति २०७३।११।२८ गते देखि साविकका गाँउ विकास समितिलाई नयाँ संरचना अनुसार नगरपालिकामा गाभ्ने निर्णय भएको र आीर्थक कारोवार हस्तान्तरण गर्न लगाँउकोमा मौज्दात हस्तान्तरणको अवस्था देहाय बमोजिम रहेको देखियो ।

८.१. गाँउपालिकाको एकिकृत आय व्यय विवरण अनुसार साविक गा.वि.स.को २०७३ फाल्गुन २७ सम्म खर्च गरी बाँकी रहेको मौज्दात रु. ६०,९४,९८३।- मध्ये जि.वि.स.कार्यालयको खातामा फिर्ता गरेको रु. ५९,६४,१७४।- पैसा र बाँकी मौज्दात रु १,३०,८०९।- न.पा.को कोष खातामा साविक जिम्मेवारीको रुपमा आम्दानी जनाउनु पर्नेमा सो गरेको पाइएन् ।

८.२. साविक गा.वि.स.सुगरखालको नगद मौज्दातमा रहेको रु. ५८,९६५।- र आ.ले.प.प्रतिवेदनले नगद जिम्मा देखाएको रु ४५,०००।- गरी कुल नगद रु. १,०८,९६५ ।- सचिव श्री पुनराज उपाध्याय जिम्मा रहेको । उक्त नगदलाई गा.पा.ले अविलम्व असुलउपर गरी गा.पा.को.खातामा दाखिला गर्न लगाँउनु पर्ने देखिन्छ ।

८.३. साविक मोहन्याल गा.वि.स.को नगद मौज्दातमा देखिएको रु ४०,७८४।- सचिव श्री रमेशसिह ढाट जिम्मा रहेको छ । उक्त नगदलाई पनि गा.पा.ले.असुलउपर गरी खातामा दाखिला गर्न लगाँउनु पर्ने देखिन्छ ।

८.४. साविक तीन वटा गा.वि.स.को आय व्यय खाताले गा.पा.टान्सफर भनी उल्लेख गरेको रकम रु. ३१,०६०।- पैसा गा.पा.को खातामा ट्रान्सफर भई आएको नदेखिएकोले सो रकमलाई आ.व.२०७४।०७५ मा हिसाव मिलान गर्नहुन् ।

९. **अन्य कोष :** साविक गा.वि.स.मोहन्यालको कर्मचारी कल्याणकोषको रकम रु २८४४०६।- पैसा कृषि विकास बैक धनगढीमा र साविक गा.वि.स.पन्डोनको कर्मचारी कल्याणकोषको रकम रु १,३०,७२०।- पैसा कृषि विकास बैक धनगढीमा र विपद व्यवस्थापन कोषको रु ४०,६९९।- पैसा नवजिवन कोओपरेटिप लि.धनगढीमा रहेको छ । उपरोक्त कोषहरु गा.पा.को खातामा ट्रान्सफर गर्नुपर्ने देखिन्छ । साथै उपरोक्त कोष संञ्चालन निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउन पर्दछ ।

१०. नेपाल सरकारले मिति २०७३।११।२८ गते देखि साविकका गाँउ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाँउपालिका तथा नगरपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोवार हस्तान्तरण गर्न लगाँउकोमा साविकका गा.वि.स.हरुको जिन्सी तथा स्थीर सम्पत्तीलाई नगरपालिकामा हस्तान्तरण भएको देखियो । तर ति सम्पत्तीहरुको मौद्रिक मूल्यमा मूल्याङ्कन नगरिएको हुदा सो सम्पत्तीको मौद्रिक मूल्यमा मूल्याङ्कन गरी मूल्याङ्कन सहीतको स्थीर सम्पत्तीको लगत तयार गनुपर्ने सुझाव गरेका छौ ।

११. **योजना कार्यान्वयन :** यस आ.व.मा गाँउपालिका गठनको अवधी ४ महिना भएकोले आवधिक योजना र वार्षिक कार्यक्रम नरहेको, गाँउपालिका पूर्वाधारको कार्यक्रममात्र रहेकोले आवधिक योजना तथा वार्षिक कार्यक्रम परीक्षण गर्ने स्थिति रहेन् । साविक गाँउ विकास समिति तर्फ गाँउपरिषदले योजना छनौट तथा बजेट विनियोजन गर्ने र जिल्ला स्तरमा योजना जिल्ला परिषदको निर्णय अनुसार निकासा दिएको देखिन्छ । गाँउपरिषद तथा जिल्लाबाट छनौट भएका योजना निर्माणको अनुगमन तथा निरीक्षण गा.वि.स.सचिव स्तरबाट मात्रै हुने गरेको देखिएकोले योजना निर्माणको कार्य प्रभावकारी हुनसकेको देखिदैन् ।

**१२.** **लागत अनुमान :** स्थानिय स्तरमा उपलब्ध हुने निर्माण सामग्री समेतलाई साविक गा.वि.स.ले उपभोक्ता मार्फत गराउने कार्यको लागत अनुमान मूल्यांकन गर्न दर विश्लेषण माग गर्दा उपलब्ध नभएकोले भुक्तानी दर ठीक छ भन्ने आधार देखिएन् । स्थानीय स्तरमा पाइने निर्माण सामग्रीको भुक्तानीका लागी नगरपालिकाले स्पष्ट निति तर्जुमा गरी जिल्लादररेट अनुसार तयार गर्नुपर्दछ ।

१३. **पेश्की वाकी :** स्थानीय निकाय आर्थिक कार्यविधि नियमावली,२०६४ अनुसार वर्षको अन्त्य सम्ममा पेश्की फर्छ्यौट गरिसक्नुपर्ने व्यवस्था छ । साविक गा.वि.सहरुको पेश्की फर्छ्यौट हुन बाँकी रु १३,५०,६८६। र गा.पा.को रु ३०,०००। गरी कुल पेश्की रु १३,८०,६८६।- देखिएकोले उक्त पेश्की नियमानुसार फर्छ्यौट गर्नुपर्दछ

१४. **सामाजिक सुरक्षा भत्ता** : गा.पा.का गठन पछि जिल्ला समन्वय समितिबाट निकासा भएको रकम रु १,६२,९६,२०० मध्ये पेश्की वांकी रु ९२,२५,०००।- नियमानुसार फर्छ्यौट गर्नुपर्दछ ।

**१५. सुगरखाल गा.वि.स.:**

१५.१. मिति २०७३।८।११ स्वास्थ्य ईकाई केन्द्रको कर्मचारीलाई तलव खर्च भनी भुक्तानी भएको रु ३०,०००।- को भौचरमा निजको हाजीर तथा तलवी भर्पाई संलग्न गरेको पाइएन् ।

१५.२. मिति २०७३।९।८ मा सार्वजनिक निर्माण भनी भुक्तानी भएको रु ५०,०००।- को भौचरमा उक्त खर्चलाई पुष्टिगर्ने कुनै पनि कागजातहरु संलग्न गरेको पाइएन् ।

१५.३. खुला दिशा मुक्त क्षेत्र घोषणा कार्यक्रम अर्न्तगत भरत शाहलाई भुक्तानी भएको रु १२,००० को विल प्रमाण संलग्न छैन ।

**१६. पन्डोन गाँउ विकास समिति**

१६.१. मिति २०७४।३।२५ मा आ.ले.प.प्रतिवेदनमा उल्लेख भएको दाखिला गर्न वाकी अग्रिम कर रु २,४७६ राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

१६.२. मिति २०७४।३।२५ मा आ.ले.प.प्रतिवेदनमा उल्लेख भएको दाखिला गर्न वाकी अग्रिम कर रु २,२०० राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

१६.३. मिति २०७४।३।८ मा आ.ले.प.प्रतिवेदनमा उल्लेख भएको दाखिला गर्न वाकी अग्रिम कर रु ४,५०० राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

१६.४. मिति २०७३।९।७ मा बैक नगदी कितावमा कार्यालय सुदृढिकरण शिर्षक अर्न्तगत रु ३,८७५।- खर्च लेखेको भौचर पेश नभएकोले लेजरमा खर्च लेखाकन भईसकेकोले उक्त खर्च नियम विपरित देखिएकोले नियमित गर्नुपर्दछ ।

१६.५. मिति २०७३।११।१ मा आर्थिक सहयोग चन्दा शिर्षक अर्न्तगत एक पार्टीलाई भुक्तानी भएको रु १५,०००।- खर्च गर्न नमिल्ने भएकोले जिम्मेवार पदाधिकारीबाट असुल गर्नुपर्दछ ।

१७. **मोहन्याल गाँउ विकास समिति :** आन्तरिक लेखापरीक्षणबाट औल्याइएको बेरुजुहरु निम्न अनुसार छन् ।

१७.१. २०७४।१।२६ पावर वैंक १ थान रु.२७००। मा खरिद गरेकोमा जिन्सी दाखिला नगरेकोले दखिला गर्नुपर्दछ ।

१७.२. २०७४।२।१६ बाट जेभिआइसि १ थान, स्यामसुंग मोवाइल १ थान रु.१३,७००। मा खरिद गरेकोमा जिन्सी दाखिला हुनुपर्दछ ।

१७.३. २०७४।३।२५ बाट अपांगता भएका व्यक्तिहरुलाई रु.१,१३,५३०। को वाखा तथा सिलाई मेशिन वितरण गरेकोमा वितरण गरेको भरपाई पेश हुनुपर्दछ ।

१७.४. म्याचिंग फण्डको रकमबाट रु.९४,३४५। का विभिन्न कृषि सामाग्री खरिद गरेकोमा सरोकारवाला व्यक्तिलाई वुझाएको भरपाई पेश हुनुपर्दछ ।

१७.५. वाल वालिकालाई पोशाक वितरण गर्न कपडा खरिद तथा ढुवानीमा कर कट्टा नगरेको रु.२,४७६। असुल गरी दाखिला गर्नुपर्दछ ।

१७.६. मोन्याल गा.वि.स.को भवन मर्मत गर्न भनि वडा सचिव रमेश सिंह ढाडलाई ढुवानी वापत भुक्तानी दिएको रकममा कर रु.२२००। कट्टा नगरेकोले सो रकम दाखिला गर्नुपर्दछ ।

१७.७. पूर्ण खोप कार्यक्रम वापत रु.३०,०००। भुक्तानी गरेकोमा  कर कट्टी हुन वांकी रु.४५००। रकम असुल गरी दाखिला हुनुपर्दछ ।

१७.८. जेष्ठ नागरिक सम्मान कार्यक्र भनि रु.५,००,०००। खर्च गरेकोमा सोको उपस्थिति विवरण पेश नभएको उपस्थितिको प्रमाण राखी नियमित गर्नुपर्दछ ।

१७.९. कर्मचारी कल्याण कोषमा रु.२२,०५३।- जम्मा गरेको भनि खर्च लेखेकोमा सो रकम वैंक दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ ।

१७.१०. कर्मचारी कल्याण कोष खातामा रु.२९,२६४। जम्मा गरेको भनि खर्च लेखेकोमा सो रकम वैंक  दाखिला भएको प्माण पेश गर्नुपर्दछ ।

१७.११. कर्मचारी कल्याण कोष खातामा रु.५०,०३८। जम्मा गरेको भनि खर्च लेखेकोमा सो रकम वैंक  दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ ।

१८. **पेस्की** : आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट नभई वांकी रहेको २६ जनाको सामाजिक सुरक्षा पेश्की सहित रु. १०५,८५,६८६/ नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

**१९. थप पारिश्रमिक :** गाँउ विकास समितिमा निर्वाचित पदाधिकारीहरु समेत नभएको कारण कार्य वोझ बढन गई सांझ विहान समेत थप काम गर्नुपर्ने भएकोले साविक गाँउ विकास समितिका वडा सचिवहरुले गाँउ परिषदको निर्णय अनुसार थप पारिश्रमिक २०७३ श्रावण देखि फागुनसम्म (गाँउपालिका गठन नहुदासम्म) आआफ्नो गा.वि.स.बाट भुक्तानी लिएको छ । सोही थप कार्यवोझको कारण जनाई जिल्ला विकास समितिले जिल्ला भित्रका सबै गा.वि.स.सचिवहरुलाई थप कामको आधारमा तलवको ५० प्रतिशतसम्म भत्ता दिने गरेकोले दोहोरो भत्ता खर्च लेख्नु औचित्यपूर्ण देखिएन ।

**बेरुजू स्थिति**

यो वर्ष गाउंपालीकाको लेखापरीक्षणबाट रु १ करोड ११ लाख ४६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख ६४ हजार, नियमित गर्नुपर्ने रु.३ लाख ९६ हजार र पेश्की रु १ करोड ५ लाख ८६ हजार रहेको छ ।

# कैलारी गाँउपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु ६ लाख ४२ हजार र यो वर्षको आय रु.१२ करोड १८ लाख १६ हजार समेत रु.१२ करोड २४ लाख ५८ हजार आम्दानी भएकोमा रु. ११ करोड ५६ लाख ९१ हजार खर्च भई रु.६७ लाख ६७ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्

१. **जिम्मेवारी**: उल्लेखित आय व्यय विवरणको जिम्मेवारी रकम साविक गाँउविकास समितिहरुको आ.व. २०७२।७३ को लेखापरीक्षण प्रतिवेदनले औल्याइएकोबाट समावेश गरिएको छ ।

२. **मौज्दात** : साविक ६ गा.वि.स. विघटन भै गाँउपालिका गठन हुदा गा.वि.स.ले २०७३ फागुन २७ सम्म खर्च गरेर वांकी रहेको सोही मिति सम्मको आय व्यय अनुसार कोषखाता मौज्दात रु.१०६१६९२।६३ मात्र भएकोमा गाँउपालिकाले त्यस्तो रकम रु. १४३१८९२।६३ अघिल्लो मौज्दातको रुपमा लेखांकन गरेकोले ती गा.वि.स.ले आय व्यय विवरणमा देखाएको भन्दा बढी आम्दानी गरेको रु. ३६९८००। कहांको जिम्मेवारीमा समावेश भएको हो नखुलेकोले त्यस्तो रकम एकिन गरी वास्तविक रकम जिम्मेवारी सार्नुपर्ने देखिन्छ ।

३. **सेवा प्रवाह :** गाँउपालिकाबाट प्रदान हुने सेवा प्रवाहको लागि कार्यालय भवन भाडामा रहेको छ । दुई वटा सरकारी कार्यालयमा वडा कार्यालय रहेको छ । सेवा प्रवाहको लागि स्वीकृत दरवन्दी सिभिल र कम्प्यूटर इन्जिनियर सहित २७ जनाको भएतापनि हाल प्रमुख प्रशासकिय अधिकृत सहित ७ जना स्थायी र १२ जना करार कर्मचारीको रुपमा कार्यरत छन् । गाँउपालिकामा ५ जना कर्मचारीमात्र कार्यरत रहेकोले समयमै सेवा प्रदान गर्न सकिएको छैन । यसै गरी ६ वटा वडा कार्यालयमा १८ जना दरवन्दी भएतापनि २ वटा वडा सचिवले काम गर्नुपर्ने अवस्था देखिएको छ । गाँउपालिकामा प्राविधिक जनशक्ति नभउकोमा सव ओभरसियर करारमा नियुक्त गरेतापनि कार्यदक्षताको हिसावले प्राविधिक कार्य कमजोर रहेको जानकारी हुन आएको छ । कार्यालय स्थापना भए पछि तोकिएको सेवा प्रवाह गर्न स्वीकृत भएको दरवन्दी अनुसार जनशक्तिको व्यवस्थापन गर्नुपर्ने पनि जरुरी देखिएको छ । सरोकारवाला कर्मचारी नहुदा लक्षित उपलव्धी हासिल गर्न सम्भव नहुने र नागरिकलाई बढी खर्चिलो र समस्या सृजना हुने हुदा सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिएको छ । वित्तीय विवरण : गाँउपालिकाको एकिकृत आय व्यय विवरण अनुसार साविक गा.वि.स.कोषखाता तथा नगद मौज्दात सारेको रु.१४३१६९२।६३ मा यस वर्ष गाँउपालिकाको आम्दानी रु. ६०४७०१८०।२० समेत जम्मा रु. ६१९०१८०२।८० मध्ये रु. ५५०८८७८३।७९ (सा.सु.फिर्ता रु.२५४३७००। समेत) कटाउदा बचत रहनु पर्ने रु. ६८१३०८९।०४ देखिन्छ । वैंक स्टेटमेन्ट अनुसारको मौज्दात रु. ६७२०८१९।८४ र नगद मौज्दात रु. ४६२८४।६० समेत रु. ६७६७१०४।४४ मात्र मौज्दात वांकी देखिएकोले घटि मौज्दात देखिएको रु. ४४९८४।६० को एकिन गरी हिसाव मिलान हुनुपर्दछ ।

४. **निकासा वांकी रकम फिर्ता गरेको** : बजेट शिर्षक नं.६०२११०३ संघिय संरचना पूर्वाार विकास कार्यक्रमबाट रु. १००००००० निकासा भएको मध्ये खर्च भै वांकी रहेको रु. ५५९०२०३।९० निकासा फिर्ता गरी फिज गराउनु पर्नेमा कार्य अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको च.नं. ३५३१ मिति २०७४।३।१ को पत्र अनुसार श्रोत सुनिश्चितता प्रदान गरिएको रकम आथिृक वर्ष समाप्त हुदा फ्रिज नहुने व्यवस्था मिलाइएको भन्ने पत्रको आधारमा आर्थिक विवरण सम्पूर्ण रकम खर्च देखाई गाँउपालिकाको संचित कोष खाता २२०४९४५।००१।०४१।५२४ मा दाखिला भएको छ ।

५. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि यिनमावली २०६४ को नियम ९५ मा कुनैपनि कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ आफ्नो कामको प्रकृतिअनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था गरेको छ । त्यसै गरी कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको संस्थागत शासन व्यवस्था र वित्तीय व्यवस्थापनको जवाफदेहिता तथा उत्तरदायित्व पालना सम्बन्धी मूल्यांकन सूची अनुसार दैनिक भ्रमण विलको भुक्तानी गर्दा प्रतिवेदन आशिंक रुपमा लिएको, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा कार्यसम्पन्न गर्दा लाग्ने समयमावधि किटान नगरेको, नापी कितावमा नापी गरेको र रनिंग विल नम्बर राख्ने गरेको छैन । डोर हाजिर नियन्त्रण खाता (म.ले.प.फा.नं.१७५) राख्ने गरेको छैन । निर्माण कार्यको विस्तृत अभिलेखंकनको लागि प्रयोग गरिने, ठेक्का सम्बन्धी विवरण (म.ल.प.फा.नं.१९१) अद्यावधिक रुपमा राखेको छैन । पुराना सामानहरुको मूल्य आंशिक रुपमा मात्र खुलेको, जिन्सी निरीक्षण गराई प्रतिवेदन लिएको भएता पनि प्रतिवेदनले औल्याएका व्यहोरा माथि पूर्ण कारवाही नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्यक्रमगत खाता ठेक्का अभिलेख खाता नराखेको, जस्ता व्यहोराहरु देखिएका छन् । प्रचलिन ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ र प्रभावकारी बनाउनु पर्दछ ।

६. **योजना कार्यान्वयन** : गाँउपालिकाको गठन पश्चात गाँउपालिकाको पूर्वाधार कार्यालय स्थापना तथा सेवा प्रवाहको लागि बजेट निकासा गर्दा लक्ष्य कार्यक्रम सहितको योजना प्राप्त नभएकोले कार्यालय व्यवस्था तथा सेवा प्रवाहमा मात्र खर्च भएकोले विकास योजना कार्यान्वयन यो वर्ष संचालन भएको छैन । साविकमा गाँउ विकास समिति मार्फत सालवसाली योजना संचालन गर्दा गाँउपरिषदको निर्णय अनुसार संचालन भएको र सोको अनुगमन जिल्ला समन्वय समितिबाट हुने गरेको देखिएको छ भने योजनाको मूल्यांकन गा.वि.स.मै कार्यरत प्राविधिकहरुबाट मात्र हुने गरेको छ । लेखापरीक्षणको क्रममा जनससेवा प्रा.वि.को छाना ढलान र सोही विद्यालय नजिकको कलभर्ट तथा अनय १ कलभर्टको स्थलगत अनुगमन गर्दा कार्य सन्तोषजनक देखियो । यद्यपी विद्यालयको ढलानको लागि थप गरिएको गारोमा प्लाष्टर नभएकोले प्लाष्टर गरी विद्यालय भवनको संरक्षण गर्न सम्बन्धित निकायले ध्यान दिनु पर्दछ ।

७. **सार्वजनिक खरिद एवं निर्माण व्यवस्थापन** : साविक गा.वि.स. हरुले पभोक्तासंग सम्झौता गरी निर्माणाधिन सडक, सामुदायिक भवन, प्रसुती ग.ह निर्माण लगायतका कार्य सम्पन्न गर्न पेस्कीको रुपमा हालका वडा कार्यालयमा निकासा दिई कार्य सम्पन्न भएको भनि उपभोक्ता समितिबाट पेश भएका विल भरापईका आधारमा पेस्की फछ्र्यौट हुने गरेको छ । यस सम्बन्धमा लेखापरीक्षणको क्रममा केहि पक्की कल्भर्ट, प्रसुती गृह, सामुदायिक भवन हालसम्म निर्माणाधिन रहेको सम्बन्धमा वुझ्दा क्रमागत योजनाको रुपमा रहेको जानकारी हुन आयो । शुरु भएको वर्ष र हालसम्मको खर्च विवरण समेत साविक गाँउ गाँउ विकास समितिले राखेको देखिएन । गा.वि.स.मा सालवसाली परिषदले छुट्याएको रकमको आधारमा निर्माण गर्नुपर्ने मध्ये केही भागको ( कुनै विशेष काम जस्तै ४ कोठा मध्ये १ कोडा, १० झ्याल मध्ये ४ वटा झ्याल) लागत अनुमान गर्ने र सो काम पुरा भएपछि कार्य सम्पन्न गर्ने गरेको स्थिति देखियो । यसबाट उक्त भवन निर्माण कार्य सम्पन्न गर्दाको कुल लागत कति हुने एकिन नहुने र नापी किताव लुज सिटमा मात्र राखी वाण्डींग गर्ने व्यवस्था नभएकोले कामको परिमाण समेत एकिन हुन सकेन । अतः यस्ता वहुवर्षिय निर्माण कार्यको कूल लागत अनुमान तथा नापी किताव र हालसम्म भुक्तानी भएको विवरण राख्नुपर्ने देखिएको छ ।

८. **पेश्की** : आर्थिक वर्षको अन्तसम्म पनि २ संस्थाको नाममा बांकी रहेको पेस्की रु.१५००००। आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार फछ्र्यौट हुनुपर्दछ ।

९. **विगतको पेश्की**: गतविगत वर्षको पेस्की वांकी रु.१७७६६७६।२२ मध्ये यस आ.व.२०७३।७४ मा रु.१७१६८५। फछ्र्यौट गरेको विलभरपाई तथा गोश्वरा भौर मनासिवनै देखिएकोले वांकी पेस्की रु. १६०४९९१।२२ गाँउपलिकाको जिम्मेवारीमा आएकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने देखिएको छ ।

१०. **आन्तरिक आयः** यस गाँउपालिका गठन हुनु अघिका साविक गा.वि.स.ले आफनो आन्तरिक आय आय खातामानै दाखिला गर्ने गरेको र गाँउपालिका गठन पश्चात सबै खाता बन्द भएकोले वडा कार्यालयले उठाएको आयमा साविक गाँउपरिषदले निर्णय गरेको शिर्षकमा खर्च गरी बचत रकम गाँउपालिकाको आय खातामा जम्मा गर्ने गरेको देखियो । गापालिका गठन पछि वडा कार्यालयहरुबाट समेत उठेको आन्तरिक आय रु.५८११२२०।२७ मध्ये रु.४६४६६१९।७३ खर्च गरी वांकी रकम रु.१११८६१५।९४ गाँउपालिका आय खातामा जम्मा भएको देखिएको ।

११. **रसिद नियन्त्रण खाता :** गाँउपालिका गठन हुनु पूर्व नगदी रसिद तथा मालपोत रसिद समेत गा.वि.स. आफैले छपाई गर्ने र त्यसको नियन्त्रण खाता समेत नराख्ने गरेकोले सबै रसिदको करम आम्दानी खातामा जम्मा गरे नगरेको एकिन हुन सक्ने अवस्था छैन । लेखापरीक्षणमा पेश भएका रसिदहरु आम्दानी आय खातामा लेखांकन गरी देखाएको आय भिडेको देखिन्छ । गाँउपालिकाले चालु वर्ष देखि रसिद नियन्त्रण खाता राखी आय उठाउने जिम्मेवार व्यक्ति तोकेको जानकारी गराएको छ ।

**१२.** **धरौटीतर्फ :** गाँउपालिकाको यस वर्षको धरौटी खातामा साविक पवेरा गा.वि.स.ले ताल ठेक्का लगाँउको धरौटी रकम रु.१५२६६५। जिम्मेवारी सरेकोमा यस वर्षको आम्दानी रु.१२२०८०। समेत जम्मा धरौटी रु. २७४७४५। भएकोमा यो वर्ष खर्च नभई पुरै रकम वांकी देखिएको छ ।

१३. **अन्य कोष :** साविका गा.वि.स.हरुमा सालवसाली गा.परिषद गर्दा गा.वि.स. भित्र कुनै पनि दैविप्रकोप घटना हुन सक्ने भनि केही रकम छुट्याएर विपद व्यवस्थापन कोषको रुपमा जम्मा गर्ने गरेको र गा.वि.स.ले नियुक्त गरेका कर्मचारी अवकाश भै जांदा उपदानको रुपमा केही रकमको व्यवस्था गर्न सोही परिषदको निर्णय अनुसार कर्मचारी कल्याण कोष स्थापना गरेको देखियो । लेखापरीक्षणको क्रममा हसुलया गा.वि.स.ले मात्र यस्तो कोषको आय व्यय विवरण पेश गरेको छ । जस अनुसार विपत व्यवस्थापन कोषमा यो वर्षको अन्तसम्म रु. ४५०९२०।९९ र कर्मचारी कल्याण कोषमा रु.४५०३०। मौज्दात देखिएको छ । यस्तो कोषमा अन्य गा.वि.स.मा समेत रहेको रकमको आय व्यय माग गरी सबै कोषहरुको रकम एकिकृत गरी गाँउपालिकाको खातामा राख्नु पर्ने देखिएको र कोष स.चालन सम्बन्धी नियमावली एवं निर्देशिका तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराउनुपर्ने देखिएको छ ।

१४. **थप पारिश्रमिक :** गाँउ विकास समितिमा निर्वाचित पदाधिकारीहरु समेत नभएको कारण कार्य वोझ बढन गई सांझ विहान समेत थप काम गर्नुपर्ने भएकोले साविक गाँउ विकास समितिका ७ जना वडा सचिवहरुले गाँउ परिषदको निर्णय अनुसार रु.३५००। देखि १०५००। सम्म थप पारिश्रमिक भनि २०७३ श्रावण देखि २०७४ आषाढसम्म आआफ्नो गा.वि.स.बाट भुक्तानी लिएको देखिन्छ । सोही थप कार्यवोझको कारण जनाई जिल्ला विकास समितिले जिल्ला भित्रका सबै गा.वि.स.सचिवहरुलाई थप कामको आधारमा तलवको ५० प्रतिशत सम्म भत्ता दिने व्यवस्था गरेकोले दोहोरा भत्ता खर्च लेख्नु औचित्यपूर्ण देखिएन ।

**हसुलिया गा.वि.स.**

१५. **क्रमागत योजना** : ७|०७४|२|६ कार्यक्रम संचालन वर्षमा नटुङ्गिने योजनाको काम क्रमागत रुपमा कति वर्षमा सम्पनन गर्ने हो सोको कार्य योजना सहित कुल लागत रकम सहित योजना स्वीकृत भएपछि कार्य संचालन गरी चालु वर्षमा सम्पन्न भएको कार्यको नापी लिई नापी र भुक्तानीको अभिलेख राखी खर्च लेख्नुपर्नेमा वडा कार्यालयले हसुलिया गा.वि.स. ७ वनदेवी मन्दिर जाने बरुवानालामा पक्कि कल्भर्ट निर्माणको उपभोक्ता समितिलाई रु.५०००००। भुक्तानी गर्दा दुवै पट्टीको नालाको काम मात्र भएको कार्य सम्पन्न प्रतिवेदन बनाई अन्तिम किस्ता भनि खर्च लेखेको छ । तर उल्लेखित योजनाको स्ल्याव ढलान लगातको वांकी काम रहेकोले एकीकृत लागत अनुमान तयार गरी  योजना सम्पन्न गर्नुपर्दछ ।

१६. **बढी भुक्तानी :** ८|०७३|८|२५ साविक हसुलिया गाँउविकास समितिको वडा नं. १ र ८ को लागि विद्युत ट्रान्सफर खरिद गरी विद्युतीकरण गर्न अन्य सामान सहितको लागत अनुमान रु.१०३००००। मध्ये गा.वि.स.ले रु.१०१५०००। व्यहोर्ने गरी बजेट व्यवस्था भएकोमा उक्त कार्य सम्पन्न गर्दा जडान खर्च समेत गरी रु. १०३००००। खर्च भएको भनि सोही रकम भुक्तानी भएकोले उपभोक्ताले व्यहोर्नु पर्ने रकम खर्च लेख्न मिल्ने नदेखिएको रु.१५०००। असुल गर्नुपर्दछ ।

१७. **सटर भाडा** : साविक हसुलिया गा.वि.स.ले भाडामा लगाँउको कार्यालय भवनको जमिन तल्लाको ३ वटा सटरको मासिक रु.२६५०। को दरले वार्षिक रु.९५४००। घरभाडा असुल गर्नुपर्नेमा २०७३ पौषसम्मको भाडा रकम रु. ४७७००। असुल भएको र ततपश्चात २०७३ फागुन देखि उक्त भवन कैलारी गाँउपालिकामा स्वामित्वमा आएको वांकी अवधि २०७३ माघ देखि २०७४ आषाढसम्म ६ महिनाको भाडा रु.४७७००। असुल गर्नुपर्नेमा लेखापरीक्षण अवधि २०७४ पौष २२ सम्म पनि असुल भएको छैन । भाडा असुल गर्नेतर्फ गाँउपालिका र साविक गा.वि.स.ले सक्रियता देखाउनु पर्दछ ।

१८. **वहाल कर**: साविक गा.वि.स.ले सम्झौता गरी लगाँउको घरभाडामा आर्थिक ऐन २०५८ अनुसार घर वहाल कर १० प्रतिशतले हुने रु. ४७७०। सम्बन्धित राजस्व खातामा जम्मा गर्नुपर्नेमा  नगरेकोले सो रकम राजस्व जम्मा हुनुपर्दछ ।

**बसौटी गा.वि.स.**

१९. **लागत अनुमान :** बसौटी गा.वि.स.को वडा नं. ३ र ४ जोडने सडकमा ३३७.५ घ.मि.ग्राभेल गर्ने कार्यको रु.४९९८३०। को लागत अनुमान स्वीकृत गरी गा.वि.स.बाट ८० प्रतिशतले हुने रु.४०००००। र वांकी उपभोक्ता समितिले व्यहोर्ने गरी संझौता भई कार्य सम्पनन गर्दा तोकिएको परिमाण भन्दा ३३.६३घ.मि.अर्थात ३०३.८७ घ.मि.मात्र काम भएको नापी तथा कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएकोमा सोही अनुपातले रु.३६१२१९।८२ मात्र खर्च लेख्नुपर्नेमा गा.वि.स.अंशको पुरै रकम खर्च लेखेकोले बढी रु.३८७८०।१७ असुल गर्नुपर्दछ ।

२०. बसौटी गा.वि.स.वडा नं. २ उत्तरमाझरा कटैनी नदी टतवन्ध निर्माण गर्न गा.वि.स.ले रु.३ लाख र जनश्रमदान रु.६००००। गरी रु. ३६००००। मा काम सक्ने गरी लागत अनुमान तथा सम्झौता भएकोमा कार्य सम्पन्न हुदाको अनितम मूल्यांकन रु.३२८२५२।६९ मात्र भएकोले संझौता भन्दा घटी काम भएको अवस्थामा सोही अनुपातमा गा.वि.स.अंश समेत रु.२८८०००। मात्र खर्च लेख्नुपर्नेमा रु.३०००००। नै भुक्तानी गरेकोले रु.१२०००। बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

२१. अनुदान रकम वैक जम्माको भौचर पेश गर्नुपर्नेः टेरी सिचाई भवनमा रंगरोगन समेतको काम गर्न गाँउपरिषदको निर्णय अनुसार रु. ६००००। अनुदान खर्च लेखेकोमा सो रकम उक्त भवनको वैक खातामा दाखिला भएको भौचर पेश हुनुपर्दछ ।

२२. **आम्दानी बक्यौता** : साविक गा.वि.स.ले आफ्नो क्षेत्र भित्रका ७ वटा प्राकृतिक तालहरु माछापालन व्यवसायको लागि वार्षिक रु.६६५०००। मा ठेक्कामा लगाँउकोमा वर्षको अन्तसम्म रु.२४००००।  मात्र ठेक्काको रकम प्राप्त भएकोले वांकी रु.४२५०००। सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

२३. १७।०७४।३।२५ अधुरो खोप केन्द्र भवन निर्माण उपभोक्ता समितिलाई रु.२४००००। भुक्तानी भएकोमा सोको कुल लागत इष्टिमेट तथा भुक्तानी रकमको लगत इष्टिमेट र कार्य सम्पन्न मूल्यांकन प्रतिवदेन नभएकोले उक्त खर्चको पुष्ट्याई पेश गर्नुपर्दछ ।

**पवेरा गा.वि.स.**

२४. **गतवर्षको भुक्तानी** :ओमशान्ती ट्रेडर्स एण्ड सप्लायर्स नेपालगंजको गतवर्षको विल रु. ५५८३६१।२५ मध्ये भुक्तानी दिन वांकी भनि यस वर्ष रु.१२००००। पवेरा १ देखि ९ जनजाती आदिवासीलाई विद्युत सेवा उपभोक्ता समितिलाई भुक्तानी गरेकोमा गाँउविकास समितिले व्यहोर्नुपर्ने अंश मध्येको रकम भए नभएको नखुल्ने र गतवर्षको भुक्तानी वांकीको विवरण मे.ले.प.फा.नं १८ समेत नभएकोले उक्त रकम नियमित गर्नुपर्दछ ।

२५. **वैंक भौचर :** सुनहरा ताल नि.मा.वि.लाई अनुदान रकम रु.७०००। विद्यालयको वैंक खातामा जम्मा गरी दिने आदेश भएकोमा खर्च लेख्दा वैंक जम्मा गरेको भौचर पेश हुन नआएकोले वैंक दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ ।

२६. **व्याट्री :** मोहराइन टेक्नोलोजि प्रा.लि धनगढीलाई एसर ल्यापटपको व्याट्री खरिद गरेको रु.११००१। भुक्तानी गरेकोमा भुक्तानी अवधि २०७३।८।१७ सम्म कार्यालयको जिन्सी खातामा ल्यापटप कम्प्यूटर नै नभएकोले अनावश्यक खर्च लेख्नु मिल्ने नदेखिएको रु.११००१ असुल गरी दाखिला गर्नुपर्दछ ।

२७. **अनुदान शिर्षक :** गाँउविकास समितिमा कार्यरत कर्मचारीहरुको तलव भत्ता गा.वि.स.को चालु अनुदान तथा आन्तरिक श्रोतबाट खर्च लेख्नु पर्दछ । गा.वि.स.ले. २०७३ कार्तिक देखि पौषसम्मको तलव भत्ता रु.१८९६३८। – मध्ये रु. १६५२०१।– पूजिगत अनुदानबाट खर्च लेखेकोले नियमित गर्नुपर्दछ ।

२८. विभिन्न आपूर्तक तथा व्यक्तिगत विविध पूजिगतको भुक्तानी गर्दा कट्टी गरेको कर रु.८११९। दाखिला गर्न रकम नभएको भनी पुजिगत अनुदानबाट खर्च लेखेकोले उक्त रकम नियमित गर्नुपर्दछ ।

२९. **पेस्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा जुन कामको लागि पेस्की लिएको हो सो काम सम्पन्न भएपछि पेस्की फछ्र्योट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदार सोवुराम चौधरीको नाममा कम्प्यूटर खरिद गर्न लिउको पेस्की रु.१०००००। फछ्र्यौट गर्दा गत आर्थिक वर्ष २०७३।३।२६ मा खरिद गरेको २ थान मोवाइलको रु.३००००। र एन्टीभाइरसको रु.१६००। को विल राखी रु.१०००००। फछ्र्यौट गरेको देखियो । पेस्कीको प्रयोजन वेगर यस आ.व.संग असम्बन्धित र विल वेगर पेस्की फछ्र्यौट गरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

३०. **अनुदान रकम :** कार्यालयको विविध अनुदान शिर्षकबाट गाँउपरिषदको निर्णय अनुसार भनि निम्न संस्थालाई अनुदान रकम भुक्तानी दिएको रु.६३०४५६। खर्च लेखेकोमा ती संस्थाको वैंक नाममा वैंकमा रहेको खातामा रकम जम्मा गरेको भौचर पेश नभएकोले वैंक दाखिलाको प्रमाण पशे गर्नुपर्दछ ।

३१. **अग्रिम आयकर :** आपूर्तक भागेश्वर ह्यूम पाइप इडिष्ट्रिज प्रा.लि.मसुरियासंग ह्यूम पाइप खरिद गर्दा मु.अ.कर वाहेकको विल रकम रु.२८३७५०। को १.५ प्रतिशत अग्रिम आयकर वापतको रु.४२५६।२५ र ढुवानी भाडा रु.५६७५०। को १० प्रतिशतले हुने रु.५६७५। रु.९९३१।२५ आयकर ऐन, २०५८ अनुसार असुल गरी सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्नेमा नभएकोले उक्त रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

**गदरिया गा.वि.स.**

३२. **अग्रिम आय कर कट्टा नगरेको :** आर्थिक ऐन, २०५८ अनुसार आपूर्तक सप्लायर्सको कर विजकको भुक्तानी गर्दाखुल विल रकममा १.५ प्रतिशत अग्रिम आयकर कट्टा गर्नुपर्नेमा २ आपूर्तकलाई भुक्तानी गर्दा कर कट्टा गरेको नदेखिएकोले निजहरुबाट रु.३७९६।४४ असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

३३. **बढी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा विल भरपाई संलग्न राखेपछि मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले विल रकम ३१८२९४ भएकोमा रु. ३५७७३८ भुक्तानी भएकोले ३९४४४.० जोडजम्मामा फरक पारी बढी खर्च लेखेकोले असुल दाखिला गर्नुपर्दछ ।

३४. **जिन्सी सामान फिर्ता नगरेको :** ३९।०७३।११।१५ इलेक्ट्रोनिक्स एण्ड इलेक्ट्रीकल गदरियाबाट खिरद गरेको लाभा क्ज्ञ मोवाइल तत्कालिन सचिव पदम वहादुर शाहीको लागि खरिद गरेकोमा निज अन्यत्र सरुवा जांदा फिर्ता दाखिला गर्नुपर्नेमा नगरेकोले फिर्ता लिनुपर्ने अन्यथा खरिद मूल्य रु.७०००। असुल गर्नुपर्दछ ।

**रतनपुर गा.वि.स.**

३५. **अनुदान रकम :** गाँउविकास समिति र सेवक नेपालको संयुक्त साझेदारीमा रतनपुर हालको वडा नं. ७ मा १६५ वटा हेण्डपम्प जडान गरी ८९४ जना व्यक्तिलाई स्वच्छ खानेपानी पुर्‍याउने उद्देश्यले गा.वि.स.बाट रु.१५००००। सेवक नेपाल सेफ वासबाट रु.२०४५८४।७८ र जनसमुदायबाट रु.८३६८३।५२ गरी रु.४३८२६८।३० को लागत तयार गरी कार्यक्रम संचालन गर्न गा.वि.स.बाट रु १५००००। नवजीवन वैंकमा रहेको उपभोक्ता समितिको नाममा रहेको खातामा रकम जम्मा गरी दिएकोमा हाल के कस्तो प्रगति भयो सोको अनुगमन हुनुपर्दछ ।

३६. **भवन निर्माण :** २६।०७४।३।२० अपाङ्गहरुको संस्थाको लागि भवन निर्माण गर्न उपभोक्ता समितिका नाममा रु.२४७७५०। भुक्तानी भएकोमा भवन निर्माणको लागत अनुमान रु.२९३८४९।९१ मध्ये कुन कुन कामको श्रोत व्यहोर्ने निकाय सहतिको कार्य योजना हुनुपर्नेमा सो नभई गा.वि.स.श्रोतको रु.१०००००। र जि.वि.स. अनुदान रु.१४७७५०। गरी रु.२४७७५०। गाँउ विकास समितिले भुक्तानी गरेको छ भने भवन निर्माणाधिनको अवस्था रहेकोले समयमै भवन निर्माण गरी हस्तान्तरण गर्नुपर्दछ ।

३७. **ग्रामिण विद्युत विस्तार :** ३४।०७३।११।१९, ३९।०७४।३।२० रतनपुर गा.वि.स.का केही बस्तीहरुमा विद्युत प्रसारण लाईनको विस्तार गरी विद्युत प्रशारण गर्न रु. ८३२०००। को लागत अनुमान मध्ये गा.वि.स.ले रु.७५००००। व्यहोर्ने गरी उपभोक्ता समितिसंग सम्झौता भएकोमा ४.४ कि.मि.को लागि पोल तथा तारहरु खरिद गरी लाइन विस्तार गर्दा रु.८३१२०९। खर्च भई प्राविधिक मूल्यांकन रु.८३२२४४।९२ भएकोमा सोही उपभोक्ता समितिलाई गा.वि.स. पुजिगत अनुदानबाट लागत अनुमान र प्राविधिक मूल्यांकन भन्दा बढी भुक्तानी भएको रु.१८५२३६। भुक्तानी दिएको देखिदा उक्त रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ ।

३८. **रकम फिर्ता :** ४६।०७३।११।२७ खोनपानी सरसफाई रकम भनि नवजीवन को अपरेटीभमा रु.१०००००। जम्मा गरेकोमा हालसम्म कुनै कार्यक्रम नभएको खातामा संचालक गा.वि.स. सचिवबाट जानकारी भएकोले सो रकम गाँउपालिका खातामा जम्मा गर्नुपर्दछ ।

३९. **ह्यूम पाइप खरिद :** ५१।०७३।११।२७ सेती ह्यूम पाइप तथा विद्युत वोल उद्योग प्रा.लि.अन्तरियको विजक ७७।०७३।११।२६ बाट ह्यूम पाइप खरिद गर्दा रु. ५०००००। भुक्तानी गरेकोमा रु.४९७४४९। को मात्र विजक भएकोले बढी भुक्तानी भएको रु.२५५१। असुल गरी दाखिला गर्नुपर्दछ ।

**उदासीपुर गा.वि.स.**

४०. **कर रकम अन्य कार्यमा खर्च :** गाँउ विकास समितिको कार्यालयले विभिन्न खरिद तथा भुक्तानीमा कट्टी गरी वैंक नगदी कितावमा विविध क्रेडिट गरी राखेको जम्मा रु.२३५२५। वर्षको अन्यसम्म सम्बन्धित राजस्व खातमा जम्मा नगरेको र अन्य शिर्षकमा खर्च गरी वैंक मौज्दात पनि वांकी नभएकोले राजस्वको दायित्व रकम खर्च गर्न नमिल्ने हुदा दाखिला हुनुपर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु १५ लाख ७५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ९ लाख २५ हजार, नियमित गर्नुपर्ने रु.६ लाख ३५ हजार र पेश्की रु १५ हजार रहेको छ ।

# जोशीपुर गाँउपालिका , कैलाली

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु ७६ हजार र यो वर्षको आय रु.६ करोड ३४ लाख ४३ हजार समेत रु.६ करोड ३५ लाख १९ हजार आम्दानी भएकोमा रु ५ करोड ७९ लाख ६९ हजार खर्च भई रु.५५ लाख ५० हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **मौज्दात** : उल्लेखित आर्थिक विवरणमा आर्थिक वर्षको अन्त्यमा वांकी देखाएको रु.५४९३५२९।४४ को वैक स्टेटमेन्ट पेश भएको छैन। वैंक स्टेटमेन्ट पेश गरी अद्यावधिक गर्नु पर्दछ।

२. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरीक नियन्त्रण ब्यबस्था भरपर्दो र प्रभाबकारी बनाउनु पर्दछ । यस कार्यालयको आन्तरीक नियन्त्रण ब्यबस्थाको मुल्यांकन गर्दा आर्थिक कारोबारको संक्षिप्त अनुसुची १४ तयार नगरेको , सूचना अधिकारीको काम कर्तब्य र अधिकार नेतोकेको , सेवा ग्राही संग अन्तरक्रिया नगरेको, चौमासिक प्रगति तयार नगरेको,नागरिक सूचनाको लागि हेल्प डेकस नराखेका बेरुजुको लगत नराखेको, जिन्सी निरीक्षण प्रतिबेदन तयार नगरेको, जस्ता ब्यहोरा देखिएका छन । प्रचलित नियममा भएका सबै ब्यबस्थाको पालना गरी आन्तरीक नियन्त्रण सुद्रृढ बनाउनु पर्दछ।

३. **कार्य विवरण :** निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) मा नेपाल सरकारले स्वीकृत गरेको संगठनको कार्य विवरणको आधारमा विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू गर्नु पर्ने तथा त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपमा किटिएको हुनु पर्ने व्यवस्था छ । तसर्थ ऐनको उक्त प्रावधान अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गर्नु पर्ने देखिन्छ।

४. **करारमा कर्मचारी नियुक्ती सम्बन्धमा :** स्थानीय निकायको कर्मचारी सम्बन्धी ब्यवस्थाको परिच्छेद १ मा पदपूर्ति गर्नको लागि करारमा नियुक्ति गर्ने ब्यवस्था (१) र (१क) अनुसार कुनै व्यक्तिलाई स्थानीय निकायले स्वीकृत दरबन्दीको प्राविधिक पदमा पदपुर्ति गर्नुपर्ने कारण समेत खुलाई खुल्ला प्रतियोगिताद्वारा कुनै व्यक्तिलाई खास अवधिको लागि करारमा नियुक्ति गर्न सक्ने व्यवस्था भएतापनि यस गाँउपालिकाले प्राविधिक कर्मचारीहरुलाई नियुक्ति गर्नुपर्ने कारण नखुलाई प्रात्रिधिक कर्मचारी लाई तलब खुवाएको देखिन आएको करारको हो वा मासिक ज्यालादारी हो सो पनि स्पष्ट हुन नसकिएको हुनाले यस गाँउपालिकाको पदपूर्ति प्रक्रियानै नियम संगत भएको नदेखिदा नियमानुसार पदपूर्ति गर्नुपर्दछ।

५. **प्रयोजन नखुलेको :** हाल कायम भएको जोशीपुर गाँउपालिका को लेखास्रेस्ता अनुसार आवश्यक प्रयोजन तथा कागजात समावेश नभइ रकम खर्च नहनुपर्नेमा रकम रु १२,००,०००।- मात्रको खर्च को प्रयोजन तथा आवश्यक कागजात नदेखिएको र मौज्दातमा पनि नदेखिएको हुदा सो रकम कुन प्रयोजनमाको लागी को लाई भुक्तानी भएको हो त्यसको आवश्यक कागजात सहित बिवरण पेशहुनुपर्ने र उक्त रकम कोषमा आम्दानी बाधिनु पर्दछ।

६. मिती २०७४।०३।२९ को कार्यालय सामान खर्च मा रु १३८२।- को बिल नराखि खर्च लेखिएको देखिन आएको हुदा उक्त रकम असुल हुनु पर्दछ ।

७. आर्थिक वर्षको अन्तसम्म पनि पेस्की फछ्र्यौट नभएको २ संस्थाको नाममा रहेको रु. २,२५,०००।- पेस्की वांकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

८. **आन्तरिक लेखापरीक्षणले औल्याएको व्यहोरा :**

(क) सिद्धराज जोशीको नामको भुक्तानी गर्दा खर्चसंग सम्बन्धित विल भरपाई संलगन राखी खर्च लेख्नुपर्नेमा विल भरपाई संलग्न नभएको रु.७५,०००।- नियमति गर्नुपर्दछ।

(ख) रु.९१,२५०।- भुक्तानी भएकोमा उक्त रकम भुक्तानीको स्पष्ट आधार नभएकोले उक्त रकम खर्च पुष्ट्याई पेश हुनुपर्दछ।

९. उपस्वास्थ्य चौकी निर्माणको पेश्की फछ्र्यौट गर्दा दशहजार माथीको निर्माण सामग्री भ्याट दर्ता भएको फर्म बाट खरिद भएको हुनुपर्नेमा उपभोक्ता समिती अध्यक्ष रुदनलाल कुश्मीले पेशगरेको निर्माण सामग्रीको रु. १,६१,३१०।- को बिल अनुसार पानमा दर्ताभएको फर्म अबिनाश ट्रेडर्सबाट खरिद भएको पेश गरिएकोको ले नियमानुसार भ्याट बिल पेश हुनुपर्ने देखिन्छ ।

१०. **पेश्की :** पेस्की रकम रु.७० हजार आर्थिक वर्षको अन्तसम्म पनि फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट गर्नु पर्दछ।

११. साबिक बौनिया गा.बि.स.को मिती २०७३।१०।१९ मा रु. ३०६०।- र मिति २०७३।११।२६ मा रु. ६००।- को भत्ता बितरण गर्दा रकम बुझिलिने को भर्पाइमा बुझिलिनेको दस्तगत हुनुपर्नेमा दस्तगत नभएको हुँदा उक्त रकम बझिलिएको प्रमाण पेश हुनु पर्दछ ।

१२. **पेश्की :** विभिन्न ४ जना कर्मचारीको नाममा रहेको रकम रु.१ लाख ७६ हजार आर्थिक वर्षको अन्तसम्म पनि फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

१३. **थप पारिश्रमिक :** गाँउ विकास समितिमा निर्वाचित पदाधिकारीहरु समेत नभएको कारण कार्य वोझ बढन गई सांझ विहान समेत थप काम गर्नुपर्ने भएकोले साविक गाँउ विकास समितिका वडा सचिवहरुले गाँउ परिषदको निर्णय अनुसार थप पारिश्रमिक २०७३ श्रावण देखि फागुनसम्म (गाँउपालिका गठन नहुदासम्म) आआफ्नो गा.वि.स.बाट भुक्तानी लिएको छ । सोही थप कार्यवोझको कारण जनाई जिल्ला विकास समितिले जिल्ला भित्रका सबै गा.वि.स.सचिवहरुलाई थप कामको आधारमा तलवको ५० प्रतिशतसम्म भत्ता दिने गरेकोले दोहोरो भत्ता खर्च लेख्नु औचित्यपूर्ण देखिएन ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु. १७ लाख ६८ हजार बेरुजू देखिएको छ ।सोमध्ये असुल गर्नुपर्ने रु. १ हजार, नियमित गर्नुपर्ने रु. १७ लाख ६७ हजार रहेको छ ।

# चुरे गाँउपालिका कार्यालय

## लेखापरीक्षण प्रतिवेदन

गाँउपालिको गत वर्षको मौज्दात रु १ लाख ३८ हजार र यो वर्षको आय रु.५ करोड १३ लाख २८ हजार समेत रु.५ करोड १४ लाख ६६ हजार आम्दानी भएकोमा रु.४ करोड ४३ लाख ९९ हजार खर्च भई रु.७० लाख ६७ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन ।

१. **जिम्मेवारी :** नेपाल सरकारले मिति २०७३।११।२८ गते देखि साविकका गाँउ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाँउपालिका तथा नगरपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोवार हस्तान्तरण गर्न लगाँउअनुरुप साविकका गाँउ विकास समितिहरुको २०७३ फागुन २७ गते मौज्दात वांकी हाल कायम भएको गांउपालिकामा सार्नुपर्नेमा गाँउविकास समिति सहजपुर को रु. ८१,६७० र गाँउ विकास समिति, खैरालाको रु. ३३,१३३ गरी जम्मा रु. १,१४,८०४ हालको चुरे गाँउपालिकामा जिम्मेवार सारेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

२. **मौज्दात** : उल्लेखित आय व्यय विवरणमा आर्थिक वर्षको अन्त्यमा रु.५२,६०,२०४।- वैंक मौज्दात देखाएकोमा त्यसको वैंक स्टेटमेन्ट पेश भएको छैन । वैंक स्टेटमेन्ट पेश गरी अद्यावधिक गर्नुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था गरेको छ । त्यसै गरी कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको संस्थागत शासन व्यवस्था र वित्तीय व्यवस्थापनको जवाफदेहिता तथा उत्तरदायित्व पालना सम्बन्धी मूल्यांकन गर्दा नापी कितावमा नापी गरेको र रनिंग विल नम्बर राखी बिल अद्यावधिक नगरेको, पुराना सामानहरुको मूल्य आंशिक रुपमा मात्र खुलेको, जिन्सी निरीक्षण नगराईएका जस्ता व्यहोराहरु देखिएका छन् । प्रचलिन ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ र प्रभावकारी बनाउनु पर्दछ ।

४. **कार्य विवरण :** निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) मा नेपाल सरकारले स्वीकृत गरेको संगठनको कार्य विवरणको आधारमा विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू गर्नु पर्ने तथा त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपमा किटिएको हुनु पर्ने व्यवस्था छ । कार्यालयले ऐनको उक्त प्रावधान अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन । तसर्थ ऐनको उक्त प्रावधान अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गर्नु पर्ने देखिन्छ ।

५. **राजश्व तर्फ :** आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार आर्थिक बर्ष समाप्त भएको ३५ दिन भित्र राजश्व लगत, असुल हुन बांक रकम समेतको आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । राजश्व शाखाले ऐन, नियम अनुशार अद्यावधिक लेखा राखी राजस्वको आर्थिक विवरण पेश नृए नगरेका कारण राजश्व विवरण यथार्थपरक हुन सकेको छैन । गाँउपालिकाले उठाउनुपर्ने राजश्वको मुल आधार तयार गरेको देखिएन । करदाताले घोषणा गरेको विवरणको आधारमा कर निर्धारण गर्ने गरेको पाईयो । करदाता स्वयं उपस्थित भई कर तिरेमा मात्र कर लिने अन्यथा कानून बमोजिम कर उठाउने संयन्त्रको विकास भएको पाईएन

६. **सम्पत्ति संरक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ परिच्छेद १० को दफा २१४ मा जिन्सी मालसामानको लगत तयार गर्ने सम्बन्धि व्यवस्था रहेको छ । नेपालको संविधान बमोजिम संघिय, प्रदेश, स्थानीय सरकार व्यवस्था भए बमोजिम नेपाल सरकारबाट ७५३ स्थानीय निकाय गठन गरी जानकी गाँउपालिका ४ गा.वि.स. समायोजन गरी गठन भएपछि गाँउपालिकाले लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छ, अधिकार प्राप्त अधिकारीले एक वर्षमा कम्तीमा एक पटक स्वयम् वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लिई राख्ने व्यवस्था गर्ने गरेको पाईएन । गाभिन आएका गाँउविकास समितिका सम्पत्तिहरुको यकिन गरी अभिलेख तयार गर्नकोलागि विज्ञहरुको एक टोली गठन गरी प्रचलित ऐन कानून वमोजिम अध्यावधिक गर्नुपर्ने देखिन्छ । तसर्थ ती सम्पत्तिहरु तत्काल व्यवस्थित नभएका सम्भावित नोक्सानी जोखिम रहने भएकोले तत्काल सम्पत्तिको सुरक्षा गर्नु पर्ने देखिन्छ ।

७. **सेवा प्रवाह** : सेवा प्रवाह गर्ने जनशक्तिमा गाँउपालिकाको कार्यालय १ जना सिभिल र १ जना कम्प्युटर इन्जिनियर सहित ९ जनाको दरवन्दी भएतापनि हाल प्रमुख प्रशासकिय अधिकृत सहित ३ जना स्थायी र १ जना करार सेवामा कर्मचारी कार्यरत रहेको अवस्था छ । यसैगरी गा.पा.को ६ वटा वडा कार्यालयहरुमा १८ जना कर्मचारीको दरवन्दी सृर्जना हुने व्यवस्था भएतापनि हाल ७ जना कर्मचारी वडा सचिव,मुखिया,तथा कार्यालय सहयोगी मार्फत वडा कार्यालयहरु संञ्चालनमा आएको देखिन्छ । अर्को तर्फ गा.पा.मा प्राविधिक जनशक्ति

नरहेको अवस्था देखियो । गा.पा.मा दक्ष जनशक्तिको कमी तथा कर्मचारी संख्या समेत थारै देखिकोले जनतालाई गाँउपालिकाबाट प्रदान गरिने सेवा प्रवाहमा ज्यादै कठिनाई परिरहेको अवस्था छ ।

८. **वित्तिय विवरण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३३ ( २ ) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैतीसौं दिनमा कार्यालय खारिज भएको मानिने उल्लेख छ । यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिन भित्र नगदी वाकी भए मन्त्रालय वा विभागले त्यस्तो लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले मिति २०७३।११।२८ गते देखि साविकका गाँउविकास समितिलाई नयाँ संरचना अनुसार गाँउपालिकामा गाभ्ने निर्णय भएको र अर्थिक कारोवार हस्तान्तरण गर्न लगाँउकोमा मौज्दात हस्तान्तरणको अवस्था देहाय बमोजिम देखियो ।

८.१. गाँउपालिकाको एकिकृत आय व्यय विवरण अनुसार साविक गा.वि.स.हरुको २०७३ फाल्गुन २७ सम्म खर्च गरी बाँकी रहेको मौज्दात रु १,१२,४९,७६९।- मध्ये जि.वि.स.कार्यालयको खातामा फिर्ता गरेको रु १,११,५२,५६४।- र बाँकी मौज्दात रु ९७,२०४।- लाई गा.पा.को कोष खातामा साविक जिम्मेवारीको रुपमा आम्दानी जनाएको हुनुपर्नेमा सो गरेको देखिएन् ।

८.२. साविक गा.वि.स.सहजपुरको मौज्दात रकम मध्ये रु ३,३१९।- प्रा.स.श्री देव बहादुर शाह जिम्मामा रहेकोले असुल गरी कोषमा दाखिला गनुपर्दछ ।

९. **लागत अनुमान** : स्थानिय स्तरमा उपलव्ध हुने निर्माण सामग्री समेतलाई साविक गा.वि.स.ले उपभोक्ता मार्फत गराउने कार्यको लागत अनुमान मूल्याङन गर्न दर विश्लेषण माग गर्दा उपलव्ध हुन सकेन । त्यसकारण भुक्तानी दर ठीक छ भन्ने आधार देखिएन् । स्थानीय स्तरमा पाइने निर्माण सामग्रीको भुक्तानीका लागी गाँउपालिकाले स्पष्ट निती तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सुझाव पेश गरेका छौ ।

१०. **पेश्की वाकी** : स्थानीय निकाय आर्थिक कार्यविधि नियमावली,२०६४ अनुसार वर्षको अन्त्य सम्ममा पेश्की फर्छयौट गरिसक्नुपर्ने व्यवस्था छ । साविक गा.वि.स.सहजपुरको गत आ.व.को पेश्की बाँकी रु.२,७०,०००।- साविक गा.वि.स.निगालीको गत आ.व.को पेश्की बाँकी रु १,४०,०००। र साविक गा.वि.स.खैरलाको गत आ.व.को पेश्की बाँकी ले.प.मुख्य प्रतिवेदनमा नखुलेकोले किटान हुनसकेन । यस आ.व.को अन्त्यमा गा.पा.को पेश्की फर्छयौट हुन बाँकी रु १०,०९,०००। देखिएकोले उक्त पेश्की नियमानुसार फर्छयौट गर्नुपर्दछ ।

११. **आन्तरीक आय तर्फ :** आन्तरीक आय आर्जनको लागी नगरपालिका तथा साविक गा.वि.स.ले कुनै पनि ठेक्का नलगाँएको जानकारी प्राप्त हुनआएको छ । अन्य आय तर्फ साविक गा.वि.स.र हाल वडा कार्यालय मार्फत गाँउपालिकाले मालपोत,घरजग्गा, व्यवसाय कर, विज्ञापन कर, दस्तुर र अन्य आय शिर्षकमा मालपोत रसिद तथा अन्य रसिदको प्रयोग गरी आय उठाउने गरेको पाइयो । आय असुलीमा प्रयोग हुने रसिदहरु साविक गा.वि.स.ले आफैले छाप्ने गरेको र सोको रसिद नियन्त्रण खाता राख्ने गरेको पाईएन् । कुन कुन रसिद प्रयोगमा आयो या आएन् सो को यकिन गर्ने आधार देखिएन् । गाँउपालिकाले नगदी रसिदहरुको नियन्त्रण खाताको अभिलेख राखी सो मार्फत मात्रै आम्दानी जनाउने व्यवस्था मिलाउनु पर्दछ ।

१२. **राजश्व दाखिला तर्फ** : साविक गा.वि.स.तथा गा.पा.ले आफ्नो कारोवार संञ्चालनको क्रममा कट्टा गरीराखेको अग्रिम कर तथा सा.सु.कर निम्नानुसार राजश्व खातामा दाखिला गरेको पाइयो । साविक गा.वि.स.सहजपुरले रु ४२,५५५।- साविक गा.वि.स.निगालीले रु २५,९५०।- साविक गा.वि.स. खैरालाले रु ३,६३७ र गा.पा.ले रु ५२,७८८।- गरी कुल जम्मा रु १,२४,९३०।- राजश्व दाखिला गरेको पाईयो ।

१३. **जिम्मेवारी :** साविक गा.वि.स.सहजपुर र खैरलाले मौज्दातमा देखिएको रकमलाई गा.पा.टान्सफर भनी उल्लेख गरेको तर गा.पा.को खातामा जिम्मेवारी सरीआएको नदेखिएको हुदा नगद मौज्दातलाई घटाई हुनआउने व्यालेन्स रु ९३,८८५।- लाई आ.व.२०७४।०७५ भित्र हिसाव मिलान गर्नुपर्दछ । कुल मौज्दात रु २३,४४,६३४।- वडाले गा.पा.को खातामा रकम टान्सफर भनी उल्लेख गरेको तर गा.पा.ले वडालाई दिएको कुल पेश्की रु २,२३,४४,१८३।- देखिएकोमा वडाले गा.पा.बाट प्राप्त भनी आम्दानी जनाएको रु २,४४,५४,६६३।- देखिएको यसरी गा.पा.ले.जनाएको खर्च भन्दा वडाले रु २१,१०,४७९।- ले वढी आम्दानी बाँधेको देखिन्छ । जसका कारण वडाको मौज्दात रकम बढ्न गएको देखिन्छ । यसरी समर्गमा कुल मौज्दातको व्यालेन्स रकममा रु २,३४,१५४।- गा.पा.को मुलकोष खातामा जिम्मेवारी सरीआएको नदेखिएको हुँदा उक्त कारोवारलाई आ.व.२०७४।०७५ भित्र हिसाव मिलान गर्नुपर्दछ ।

१४. **अन्य कोष :** साविक गा.वि.स.हरुको कर्मचारी कल्याणकोषको रकम रु ५,५०,३५१.४४ पैसा कृषि विकास बैक धनगढीमा र धरौटी वापतको रकम रु १०,००० ने.रा.बैक धनगढीमा रहेको । गा.पा.ले उक्त कोष संञ्चालन निर्देशिका बनाई कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

**१५. निगाली गाँउं विकास समिति**

**१५.१.** गा.वि.स.निगालीको गत वर्षको ले.प.प्रतिवेदनले औलाएका सम्पुर्ण बुदाहरुका सम्वन्धमा कैफियत सुधार तथा बेरुजु असुली भएको देखिएन् । सो सम्वन्धमा प्रतिवेदनले औलाएका कैफियत तथा बेरुजु असुली गर्ने सम्वन्धमा गाँउपालिकाले गम्भीर रुपमा पहल गर्न सुझाव पेश गरेका छौ ।

१५.२. गा.वि.स.सहजपुरको आय व्यय खाताले देखाएको मौज्दात व्यालेन्स रु ६४,०७१।- र साविक खैरला गा.वि.स.को आय व्यय खाताले देखाएको मौज्दात व्यालेन्स रु ३३,१३४।- गरी कुल रु ९७,२०५।- मध्ये साविक सहजपुरले नगद जिम्मा देखाएको रु ३,३२० वाहेक वाकी मौज्दात रु ९३,८८५।- गाँउपालिको खाताले शुरु मौज्दात देखाउनु पर्नेमा सो गरेको पाइएन् । साविक गा.वि.स.ले गा.पा.को खातामा रकम टान्सफर भनी खर्च जनाएकोले उक्त रकमको भिडान ले.प.को क्रममा नभएको हुदा गा.पा.ले भिडान गरी आवश्यक हिसाव मिलान गर्नुपर्दछ ।

१५.३. ०७४ अषाढ मसान्त सम्म कृषि विकास बैक धनगढी स्थित गा.पा.को कर्मचारी कल्याणकोष खातामा रु ५,५०,३५१।- र ने.रा.बैक धनगढी स्थित धरौटी खातामा रु १०,०००।- मौज्दात व्यालेन्स रहेको पाइयो ।

१५.४. **३ न.वडा कार्यालय** : मिति २०७४।३।२५ मा स्वास्थय चौकी सहजपुरको खोप केन्दमा फनिचर निर्माण भनी भुक्तानी भएको रु २०,०००।- को विल प्रमाण संलग्न नभएकोले खर्च पुष्ट्याई गर्ने कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

१६. **पेस्की** : आर्थिक वर्षको अन्त्य सम्म पनि फछ्र्योट नभई वांकी रहेको पेस्की रकम अविलम्ब फछ्र्योट गर्नुपर्दछ । खैराला गाँउ विकास समितिको आ.व २०७३।७४ मा विभिन्न व्यक्ति तथा संस्थाको नाममा रु. १,०१३,०००।- पेश्की बाँकी रहेकोमा नियमावली अनुसार फछ्र्योट गर्नुपर्दछ ।

**१७. आन्तरिक लेखापरीक्षणले औल्याइएका व्यहोराहरु**

**१७.१.** विलभरपाईः सचिव श्री डम्बर वहादुर थापालाई रु.५९,५५०। भुक्तानी गर्दा रु. ५,०००, भावना वि.क.को नामको नागरिक सचेतना केन्द्रसंग सम्बन्धित रु.४०,०००। खर्च लेखेकोमा विल भरपाई पेश नभएकोले विल भरपाई पेश गर्नुपर्दछ ।

**१७.२.** आ.व. २०६६।६७ मा विनियोजित दलित कार्याक्रम संचालनहर्क वहादुर नेपालिका नाममा रहेको पेश्की रकम रु.४०,०००। फछ्र्योट गर्दा पेश गरेको प्रमाणले फछ्र्योट गर्ने पुष्ट्याई पेश हुनुपर्दछ ।

१७.३. कर दाखिला हुन वांकी रु.३०,५६५।- दाखिला गरेको प्रमाण पेश नभएकोले दाखिला गर्नुपर्दछ ।

१७.४. यस अवधिमा दायित्व वांकी रहेको रु.२६५३।८३ स्याद भित्र दाखिला गर्नुपर्दछ

१७.५. कृषि विकास वैंक धनगढी शाखामा रहेको यस कार्यालयको खातामा रु.२,२७,४१७।- रहेकोलेमा आय व्ययमा समावेश गरिएको छैन ।

१८. **थप पारिश्रमिकः** गाँउ विकास समितिमा निर्वाचित पदाधिकारीहरु समेत नभएको कारण कार्य वोझ बढनगई सांझ विहान समेत थप काम गर्नुपर्ने भएकोले साविक गाँउ विकास समितिका वडा सचिवहरुले गाँउ परिषदको निर्णय अनुसार थप पारिश्रमिक २०७३ श्रावण देखि फागुनसम्म (गाँउपालिका गठन नहुदासम्म) आआफ्नो गा.वि.स.बाट भुक्तानी लिएको छ । सोही थप कार्यवोझको कारण जनाई जिल्ला विकास समितिले जिल्ला भित्रका सबै गा.वि.स.सचिवहरुलाई थप कामको आधारमा तलवको ५० प्रतिशतसम्म भत्ता दिने गरेकोले दोहोरो भत्ता खर्च लेख्नु औचित्यपूर्ण देखिएन ।

**बेरुजू स्थिति**

यो वर्ष गाँउपालिको लेखापरीक्षणबाट रु १५ लाख ९४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३ लाख ८२ हजार, नियमित गर्नुपर्ने रु.१ लाख ९९ हजार र पेश्की रु १० लाख १३ हजार रहेको छ ।

# भीमदत्त नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु. ६ करोड ७२ लाख ६८ हजार र यो वर्ष आय रु.३२ करोड ५६ लाख ६६ हजार समेत रु. ३९ करोड २९ लाख ३४ हजार आम्दानी भएकोमा रु. ३० करोड ११ लाख २९ हजार खर्च भई रु.९ करोड १८ लाख ५ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आम्दानी दाखिला -** स्थानीय निकाय आर्थिक प्रशासन नियमाावली, २०६४ को नियम २० को उप नियम (२) मा नगरपालिकालाई प्रचलित कानुन बमोजिम प्राप्त भएको रकम गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्ट सम्ममा बैङ्क दाखिला गर्नु पर्नेछ भन्ने व्यवस्था छ । भीमदत्त नगरपालीकाले आम्दानी गरेका राजस्व रकम समयमा बैङ्क दाखिला नगरी ढीलो दाखिला गर्ने गरको पाइयो । नगरपालीकाले राजस्व रकम समयमा बैङ्क दाखिला गर्नु पर्दछ ।

२. **धरौटी खाता -** स्थानीय निकाय आथिक प्रशासन नियमाावली २०६४ को नियम १८१ को उप नियम (३) अनुसार धरौटी स्रेस्तामा आम्दानी नजनिएको तर बैङ्क खातामा जम्मा भएको रकमको सम्बन्धमा सम्बन्धित व्यक्तिबाट रकम दाखिला भएको नब्बे दिनभित्र दाखिला प्रमाण पेश हुन नआएमा त्यस्तो रकम नियम १७५ बमोजिम आम्दानी गरी स्थानीय निकायको कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ । नगरपालीकाको आ.ब. २०७३।७४ को धरौटीको आर्थिक विवरणमा श्रेस्ता अनुसार रु.४८,८४,६९२/- बाँकी देखिएकोमा बैंक स्टेटमेण्ट अनुसार रु.५२,६२,६३५/-बैंक बाँकी देखिएकोले बैङ्का वढी देखाएको रु.३,७७,९४३/-नियम १७५ बमोजिम आम्दानी गरी स्थानीय निकायको कोषमा दाखिला गर्नु पर्दछ ।

३. **प्रशासनिक खर्च -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ मा नगरपालिकाले स्वीकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको एककरोड रूपैयाँ भन्दा बढी आम्दानी हुने नगरपालिकाको हकमा पच्चीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न पाइने छैन भन्ने व्यवस्था छ ।नगरपालीकाको आ.ब. २०७३।७४ को बार्षिक आन्तरिक अम्दानी रु. ३,९७,२९,८०१/- रहेकोमा सो रकमको २५% ले रु ९९,३२,४५०/- खर्च गर्न मिल्नेमा रु ४,४८,१४,६२९/- खर्च गरेको छ ।यसरी नियमानुसार तोकिएको रकमभन्दा बढि खर्च गरेको रकम रु ३,४८,८२,१७९/- नियमसम्मत देखिएन । नगरपालीकाले नियममा तोकिएको सिमा भित्र रहेर खर्च गर्नुपर्दछ ।

४. **अग्रीम कर -** आयकर ऐन २०५८ को दफा ८७, ८८, ८९, अग्रीम रुपमा कर कट्टी गरिएको रकम दफा ९० बमोजिम महिना भुक्तान भएको २५ दिन भित्र आन्तरिक राजस्व कार्यालयमा दखिला गर्नु पर्ने व्यवस्था छ । नगरपालीकाले नियमानुसार कट्टी गरेको अग्रिम कर प्रत्येक महिनामा दाखिला नगरीबर्षान्तमाबुझाउने गरको पाइयो । साथै आयकर र सामाजिक सुरक्षा कर एउटै राजश्व शिर्षक मा दाखिला गरेको छ । नगरपालीकाले नियमानुसार कट्टी गरेको अग्रिम कर तोकिएको समयमा र निर्धारित राजस्व शिर्षककमा दाखिला गर्नुपर्दछ ।

५. **कन्टीन्जेन्सी रकम :** योजना संचालनमा सरकारी रकम खर्च गर्ने प्रत्येक सार्वजनिक निकायले कण्टेन्जेन्सी रकम खर्च गर्दा योजनासंग सम्वन्धित खर्चमात्र सो योजनामा खर्च लेख्नु पर्दछ । भीमदत्त नगरपालीका कार्यालयले आ.ब.२०७३।७४ मा ठेक्का प्रकृया तथा उपभोक्त समूह मार्फत संचालि योजनाहरुको खर्च भुक्तानी गर्दा ठेक्का सम्वन्धि विलको मु.अ.कर वाहेकको भुक्तानी पाउने रकमको २.५ प्रतिशतले हुने रकम जोडी योजनाको खर्च देखाई जम्मा रु.११,१७,१६७- नगरपालिकाको विपद व्यवस्थापन तथा मर्मत सम्भार कोषमा सारी खर्च गर्ने गरेको छ । सम्वन्धित योजनामा खर्च नगरि नगरपालिकाको विपद व्यवस्थापन तथा मर्मत सम्भार कोषमा सारी खर्च गरेको रु.११,१७,१६७- सो रकम सम्वधित योजनामा खर्च नहुने हुदा नियमित खर्च भन्न मिलेन ।

६. **आन्तरिक लेखापरीक्षण -** स्थानीय निकाय आर्थिक प्रशासन एनको दफा १३५ को उपदफा (१) को प्रयोजनको लागि वार्षिक एक करोड रूपैयाँभन्दा बढी आम्दानी हुने नगरपालिकाले अधिकृतस्तरको कर्मचारी सहित र सोभन्दा कम आम्दानी हुने नगरपालिकाले सहायकस्तरको कर्मचारी सहितको आन्तरिक लेखापरीक्षण शाखा खडा गर्नु पर्ने तथा आय व्यय र धरौटीको स्रेस्ताको मासिक रूपमा लेखापरीक्षण गर्नु पर्ने र नियम ३७ को देहाय (घ) अनुसार आन्तरिक लेखापरीक्षणबाट देखिएका त्रुटीका

सम्बन्धमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरेको मितिले सात दिनभित्र प्रमुख र सचिवलाई प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। नगरपालीकको वार्षिक अम्दानी एककरोड रूपैयाँभन्दा बढी रहेकोले आन्तरिक लेखापरीक्षण शाखा खडा गरी कार्यालयको आम्दानी तथा खर्चको प्रत्येक महिनामा आन्तरिक लेखापरिक्षण गरी सो को प्रतीवदन पेस गर्नुपर्नेमा सो अनुरुप आ.ले.प शाखा खडा गरेको छैन साथै आन्तरि लेखापरीक्षण मासिक रुपमा गरी प्रतिवेदन पेश भएको छैन । नगरपालीकाले ऐन नियमको पालना गर्नुपर्दछ।

७. **मूल्य अभिबृद्धि कर**- कार्यालयले मूल्य अभिबृद्धि कर भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालयलाई दिने गरे तापनि मू.अ.कर दर्ता नम्बर नखुलाई पार्टीको नाम र मू.अ.कर मात्र खुलाई दिने गरेको देखियो । विना मू.अ.अ.कर दर्ता नम्बर दिएको जानकारीबाट कर कार्यालयले पार्टीको कर भिडान गर्न सक्ने नदेखिँदा मू.अ.कर नम्बर खुलाएर मात्र जानकारी दिनुपर्ने देखिन्छ।

८. **बीमा** - स्थानीय निकाय आथिक प्रशासन नियमाावली २०६४ को नियम १२० को उप नियम (१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक दशलाख रूपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले वीमा गराउनु पर्ने व्यवस्था छ । नगरपालीकाले दशलाख रूपैयाँ भन्दा बढी मूल्यका ४ निमार्ण कार्यमा रु १८३६७६९८/- भुक्तानी गरेकोमा निर्माण व्यवसायीले वीमा गराएको पाइएन । नगरपालिकालेनियमको पालना गर्नुपर्ने देखिन्छ।

९. स्थानीय निकाय आथिक प्रशासन नियमाावली २०६४ को नियम ३९ अनुसार नगरपालिकाले नापि किताब नियन्त्रणको लागी अनुसूची ६४ बमोजिमको ढाँचामा नापि नियन्त्रण खाता राख्नुपर्ने व्यवस्था भएकोमा नगरपालीककाले नापि किताब नियन्त्रण खाता राखेको छैन । नियमानसुसार नापि किताब नियन्त्रण खाता राख्नु पर्दछ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालीकको लेखापरीक्षणबाट रु. ३ करोड ५९ लाख ९९ हजार बेरुजू देखिएको छ। सो मध्य नियमित गर्नुपर्ने रु.३ करोड ५९ लाख ९९ नै बाँकी रहेको छ।

## पुनर्वास नगरपालिकाको कार्यालय, कञ्चनपुर

### लेखापरीक्षण प्रतिवेदन

नगरपालीकाको गत वर्षको मौज्दात रु ५२ लाख २६ हजार र यो वर्ष आय रु.१७ करोड २ लाख ७४ हजार समेत रु.१७ करोड ५५ लाख आम्दानी भएकोमा रु. १५ करोड ८ लाख ३७ हजार खर्च भई रु.२ करोड ४६ लाख ६३ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आम्दानी दाखिला :** स्थानीय निकाय आर्थिक प्रशासन नियमाावली २०६४ को नियम २० (२) मा नगरपालिकालाई प्रचलित कानुन बमोजिम प्राप्त भएको रकम गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्ट सम्ममा बैङ्क दाखिला गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ । गाँउपालीकाद्धारा संकलन गरीएको आन्तरीक आय समयमा दाखिला भएको छैन । साथै राजस्व दाखिला गर्दा सम्पूर्ण मौज्दात रकम दाखिला गरीएको छैन । तोकिएको समयमा राजस्व दाखिला गर्नुपर्दछ ।

२. **बैंक हिसाब मिलान :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा प्रत्येक कार्यालयले आर्थिक कारोबारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले २०७४ मसान्तमा स्रेस्ता र बैंक फरक देखिएकोमा बैंक समायोजन हिसाब ( म.ले.प.फा.नं.१५) तयार गरेको छैन । लेखापरीक्षणमा प्राप्त बैंक स्टेटमेन्ट अनुसार २०७४ आषाढ मसान्तमा विभिन्न बैंक खातामा रु.२१८४८६६८।– बाँकी देखिएकोमा स्रेस्ता अनुसार बैंक बाँकी रु.२१७१४९२८।- देखिएकोले बैंक बढी देखिएको रु.१३३७३९।- सम्बन्धमा बैंक समायोजन हिसाब तयार गरेर बैंक हिसाब मिलान गर्नु पर्दछ ।

३. **पेश्की फछ्र्यौट :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) मा पेश्की लिएको रकम फांटबारी सहित तोकिएको समयमै विल भरपाई सहित पेश्की फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । नेपाल दलित समाज संघ कालिकाको गतविगतको श्रेस्ता अनुसार पेश्की रकम रु ८५८००।- नियम बमोजिम फर्छ्यौट गर्नुपर्दछ । साथै यो बर्ष रोयल कन्स्ट्रक्सनको नाममा दिएको मोबिलाइजेशन पेश्की रु ६५,००,०००।- नियम बमोजिम फर्छ्यौट हुनुपर्ने देखिन्छ ।

४. **प्रशासनिक खर्च -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ मा ऐनको नगरपालिकाले स्वीकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको, पचासलाख देखि एक करोड रूपैयाँसम्म आम्दानी हुने नगरपालिकाले अधिकतम, तीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न पाइने छैन भन्ने व्यवस्था छ । उक्त सीमा अनुसार रु ९११६१५०/- आयको तीस प्रतिशतले रु.२७३४८४५/- खर्च गर्न पाउनेमा रु ६३४६८००/- खर्च भई रु. ३६११९४५.९० बढी खर्च नियससम्मत देखिएन । खर्च गर्दा तोकिएको सीमा भित्र रहेर खर्च गर्नुपर्दछ ।

५. **कर्मचारी कल्याण कोषः** कार्यालयका कर्मचरीहरुलाई कर्मचारी कल्याण कोष बाट ऋण लगानी गरी बजेट खर्च गरेकोमा आषाढ मसान्तमा रहेको ऋण रु ५७९५००।– रहेकोमा ऋण तथा व्याज को हिसाब अध्यावधिक गरी नियम बमोजिम ऋण तथा व्याज को रकम असुल गर्नुपर्ने हुन्छ ।

६. **वित्तीय जवाफदेहिताः** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरुको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । सो सम्बन्धमा नगरपालिकाले बैंक हिसाबको विवरण भनाई बैंक भिडान नगरेको, कार्यालयको लक्ष्य तथा कार्यक्रमको बारेमा सेवाग्राहीसंग अन्तरक्रिया कार्य गर्ने नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, सेवा प्रवाह सुधारको लागि इन्टरनेट वा वेभको माध्यमबाट बैकल्पिक व्यवस्था नअपनाएको , सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने गरेको, सञ्चालित कार्यक्रमको तोकिएको समयमै अनुगमन मूल्याङ्कन नगरेको, अन्तिम लेखापरीक्षण हुनुपूर्व नै आन्तरिक लेखापरीक्षणको

बेरुजू फछ्र्यौट नगरेको, कार्यालयको गत विगतका सम्पूर्ण बेरुजु फछ्र्यौट गर्ने गरी आन्तरिक रणनीति तयार गरी कार्यान्वयनमा ल्याएकोले प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

७. **भ्रमण प्रतिवेदन :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) बमोजिम भ्रमणमा खटिने पदाधिकारी/कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ भनी उल्लेख गरिएको भएतापनि भ्रमण खर्च भुक्तानीमा भ्रमण प्रतिवेदन अनिवार्य पेश गरेको देखिएन । भ्रमण प्रतिवेदन नहुँदा भ्रमण गर्न पर्नाको कारण र सो को लागि भुक्तनी गर्नपर्नको आवश्यकता पुष्टि हुने देखिदैन । तसर्थ भ्रमण प्रतिवेदन पेश भएपछि मात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्ने देखिन्छ ।

८. **प्रगतिः** सामुदायिक विकास कोषको घुम्ती कोष बृद्धि कार्यक्रमका लागि भनि रु ६००००।- बजेट खर्च जनाएकोमा उक्त कोषको आय-व्यय विवरण, ऋण, लगानी,असुली सहितको प्रगती विवरण पेश गर्नु पर्दछ ।

**बेरुजु स्थितिः -**

यो वर्ष नगरपालीकाको लेखापरीक्षणबाट रु ७८ लाख ८० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१३ लाख २० हजार, नियमित गर्नुपर्ने रु. ६० हजार, र पेश्की बाँकी रु ६५ लाख रहेको छ ।

# बेदकोट नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिको गत वर्षको मौज्दात रु ८४ लाख २२ हजार र यो वर्ष आय रु.१९ करोड १६ लाख ३६ हजार समेत रु.२० करोड ५८ हजार आम्दानी भएकोमा रु. १५ करोड १ लाख ३२ हजार खर्च भई रु.४ करोड ९९ लाख २६ हजार हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **प्रशासनिक खर्चको हद -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ मा ऐनको दफा १२६ को उपदफा (६) को प्रयोजनको लागि नगरपालिकाले स्वीकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको पच्चीसदेखि पचासलाख रूपैयासम्म आम्दानीहुने नगरपालिकाले अधिकतम चालिस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न पाइने छैन भन्ने व्यवस्था छ । गाउँपालीकाको बार्षिक आन्तरीक अम्दानीरु ४९८६७५४/-भएकोमा सो रकमको ४० प्रतिशतले रु.१९९४७०१।- खर्च गर्न मिल्नेमा रु ५१३८४३३।- बढी खर्च लेखेको रकम नियमसम्मत देखिएन । खर्च गर्दा नियमानुसार तोकिएको सिमा भित्र रहेर खर्च लेख्नु पर्दछ ।

२. **अग्रीम कर -** आयकर ऐन २०५८ को दफा ८७, ८८, ८९, अग्रीम रुपमा कर कट्टी गरिएको रकम दफा ९० बमोजिम महिना भुक्तान भएको २५ दिन भित्र आन्तरिक राजस्व कार्यालयमा दखिला गर्नुपर्ने व्यवस्था भएकोमा गांउपालीकाले अग्रीम कर कट्टी रकम प्रत्येक महिनामा दाखिला नगरी बर्षान्तमा एकैचोटी दाखिला गरेको पाइयो । आयकर तोकिएको समयमा राजस्व दाखिला गर्नुपर्दछ ।

३. **आन्तरिक लेखापरीक्षण** - स्थानीय निकाय आथिक प्रशासन एनको दफा १३५ को उपदफा (१) को प्रयोजनको लागि वार्षिक एककरोड रूपैयाँभन्दा बढी आम्दानी हुने नगरपालिकाले अधिकृतस्तरको कर्मचारी सहित र सोभन्दा कम आम्दानी हुने नगरपालिकाले सहायकस्तरको कर्मचारी सहितको आन्तरिक लेखापरीक्षण शाखा खडा गर्नु पर्ने छ तथा आय व्यय र धरौटीको स्रेस्ताको मासिक रूपमा लेखापरीक्षण गर्नु पर्ने र नियम ३७ को (घ) अनुसार आन्तरिक लेखापरीक्षणबाट देखिएका त्रुटीका सम्बन्धमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरेको मितिले सात दिनभित्र प्रमुख र सचिवलाई प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकको वार्षिक अम्दानी एककरोड रूपैयाँभन्दा बढी रहेकोले अधिकृतस्तरको कर्मचारी सहितको आन्तरिक लेखापरीक्षण शाखा खडा गरी कार्यालयको आम्दानी तथा खर्चको प्रत्येक महिनामा आन्तरिक लेखापरिक्षण गरी सो को प्रतिवेदन पेस गर्नुपर्नेमा सो अनुरुप गरेको पाइएन । गाउँपालिकाले ऐन नियमको पालना गर्नुपर्दछ ।

४. **धरौटी खाता** - स्थानीय निकाय आथिक प्रशासन नियमाावली २०६४ को नियम १८१ को उप नियम (३) अनुसार धरौटी स्रेस्तामा आम्दानी नजनिएको तर बैङ्क खातामा जम्मा भएको रकमको सम्बन्धमा सम्बन्धित व्यक्तिबाट रकम दाखिला भएको नब्बे दिनभित्र दाखिला प्रमाण पेश हुन नआएमा त्यस्तो रकम नियम १७५ बमोजिम आम्दानी गरी स्थानीय निकायको कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ । गाउँपालीकको आ.ब. २०७३।७४ को धरौटीको आर्थिक विवरणमा देखाएको बैंक बाँकी भन्दा बैंक स्टेटमेण्टले देखाएको बैंक बाँकी रु ६०३०/-वढी देखिएकोले फरक रकम आम्दानी गरी स्थानीय निकायको कोषमा दाखिला गर्नु पर्दछ ।

### बेरुजू स्थितिः-

लेखापरीक्षणबाट रु. ५१ लाख ३८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि फछ्र्यौट नगरेकोले नियमित गर्नुपर्ने रु. ५१ लाख ३८ हजार बेरुजु बांकी रहेको छ ।

# महाकाली नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु १ करोड ६६ लाख ७४ हजार र यो वर्ष आय रु.१४ करोड ८१ लाख ३२ हजार समेत रु. १६ करोड ४८ लाख ६ हजार आम्दानी भएकोमा रु. १३ करोड ५७ लाख ९९ हजार खर्च भई रु.२ करोड ९० लाख ७ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **सामाजिक सुरक्षा भत्ता :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ मा लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । सामाजिक सुरक्षा भत्ता वितरण गर्दा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

१.१. सामाजिक सुरक्षा भत्ता वितरण गर्न महाकाली विकास बैंकलाई दिईएको रकम रु ५१८३९०००/- मध्ये बैंकबाट जम्मा वितरण भएको रु ५१६८३५४२/- घटाई बाँकी रकम रु. १,५५,४५८/- र २०७३ श्रावणमा अ.ल्या रकम ८१०००/- समेत रु. २३६४५८/- बेरुजु खातामा दाखिला हुनुपर्दछ ।

१.२. सामाजिक सुरक्षा भत्ताको लगत कायम गर्दा दोहोरो नाम समाबेस भएको देखिएकाले वास्तविक लाभग्राही भन्दा बढिको लगत कायम भएको देखिन्छ । नगरपालिकाले यथार्थ लगत तयार गरेर मात्र सामजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने देखिन्छ ।

१.३. सामाजिक सुरक्षा भत्ताको लगत कायम गर्दा दोहोरो नाम समाबेस भएको कारण ५ जनालाई रु.४००० दरले रु २००००/- र १ जनालाई रु ८०००/- गरी जम्मा रु २८०००/- दोहोरो भुक्तानी भएको पाइयो । यसरी दोहोरो भुक्तानी भएको रकम प्रति किस्ता रु. २८०००।- का दरले तीन किस्ताको रु. ८४०००।- असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्दछ ।

२. **धरौटी खाता :** नगरपालीकाको धरौटी खाताको बाँकी मौज्दात परीक्षण गर्दा बैंक स्टेटमेन्टअनुसार रु २३२९१५२।- र व्यक्तिगत धरौटी खाता अनुसार रु २२९८५१४।- धरौटी बाँकी देखिएकोले फरक देखीन आएको धरौटी रकम रु. ३०६३८।- एकिन गरी सदरस्याहा गर्नुपर्दछ ।

३. **मू.अ.कर बिजक** :स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७१(२)(क) मा पाचहजार रूपैया भन्दा बढी रकमको माल सामान खरिद गर्दा वा निर्माण कार्य गराउदा मू.अ.कर मा दर्ता भएको व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरीद गर्नु पर्ने व्यवस्था छ । नगरपालीकाले आन्तरीक श्रोत तर्फ गो.भौ.नं. १९,२०७४।०१।०७बाट प्यान नं ३०१७८४०२५ भएको जगनन्नाथ स्टेसनरी सेन्टरबाट फोटोकपी र बुक बाइन्डीङ गराए वापतको रु. ६५४२०।- र गो.भौ.न.४०, २०७४।०२।२१ बाट प्यान नं ३०५३३४६८६ भएको सूर्योदय सोलार सेन्टर कञ्चनपुरबाट सोलार खरीद गरे वापत ९५५००।– गरी जम्मा रु.१६०९२०।– भुक्तानी गरेको नियमम्मत देखिएन । नगरपालीकाले नियमावलीको पालना गर्नुपर्दछ ।

४. **प्रशासनिक खर्च -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ मा ऐनको नगरपालिकाले स्वीकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको, पच्चीसदेखि पचासलाख रूपैयासम्म आम्दानी हुने नगरपालिकाले अधिकतम चालिस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न पाइने छैन भन्ने व्यवस्था छ । उक्त सीमा अनुसार रु ३०८९३०९।– आयको चालिस प्रतिशतले रु. १२२३५८१।– खर्च गर्न पाउनेमा रु ४१३२८८०।– बढी खर्च लेखेकोले उक्त रकम नियमसम्मत देखिएन । नगरपालीकाले नियमानुसार तोकिएको सिमा भित्र रहेर खर्च गर्नुपर्दछ ।

५. **आन्तरिक लेखापरीक्षण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को प्रयोजनको लागि वार्षिक एक करोड भन्दा बढी आम्दानी हुने नगरपालिकाले अधिकृतस्तरको कर्मचारी सहितको आन्तरिक लेखापरीक्षण शाखा खडा गर्नु पर्नेछ तथा आय व्यय र धरौटीको स्रेस्ताको मासिक रूपमा लेखापरीक्षण गर्नु पर्ने र नियम ३७ अनुसार आन्तरिक लेखापरीक्षणबाट देखिएका त्रुटीका सम्बन्धमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरेको मितिले सात दिनभित्र प्रमुख र सचिवलाई प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। नगरपालीकाको वार्षिक अम्दानी १४९८१०३०४/- रूपैयाँ रहेकोले नियम बमोजिम आन्तरिक

लेखापरीक्षण शाखा खडा गरी कार्यालयको आम्दानी तथा खर्चको प्रत्येक महिनामा आन्तरिक लेखापरिक्षण गरी सो को प्रतीवदन पेस गर्नुपर्ने हुन्छ ।

६. **वित्तीय जवाफदेहिता** - आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरुको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । सो सम्बन्धमा नगरपालिकाले बैंक हिसाबको विवरण भनाई बैंक भिडान नगरेको, कार्यालयको लक्ष्य तथा कार्यक्रमको बारेमा सेवाग्राहीसंग अन्तरक्रिया कार्य गर्ने नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, सेवा प्रवाह सुधारको लागि इन्टरनेट वा वेभको माध्यमबाट बैकल्पिक व्यवस्था नअपनाएको , सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने गरेको, सञ्चालित कार्यक्रमको तोकिएको समयमै अनुगमन मूल्याङ्कन नगरेको, अन्तिम लेखापरीक्षण हुनुपूर्व नै आन्तरिक लेखापरीक्षणको बेरुजू फछ्र्यौट नगरेको, कार्यालयको गत विगतका सम्पूर्ण बेरुजु फछ्र्यौट गर्ने गरी आन्तरिक रणनीति तयार गरी कार्यान्वयनमा ल्याएकोले प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

७. **भ्रमण प्रतिवेदन :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) बमोजिम भ्रमणमा खटिने पदाधिकारी/कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ भनी उल्लेख गरिएको भएतापनि भ्रमण खर्च भुक्तानीमा भ्रमण प्रतिवेदन अनिवार्य पेश गरेको देखिएन । भ्रमण प्रतिवेदन नहुँदा भ्रमण गर्न पर्नाको कारण र सो को लागि भुक्तानी गर्नपर्नको आवश्यकता पुष्टि हुने देखिदैन । तसर्थ भ्रमण प्रतिवेदन पेश भएपछि मात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्ने देखिन्छ ।

८. **आन्तरिक लेखापरीक्षण :** आन्तरिक लेखापरीक्षणवाट औल्याइएका देहायका व्यहोराहरु फछ्यौंट गर्नुपर्दछ :

८.१. **अग्रिम कर:** आयकर ऐन, २०५८ को नियम ८९ बमोजिमको भुक्तानीमा १.५ प्रतिशतका दरले अग्रिम आयकर कट्टा गर्नुपर्ने व्यवस्था भएकोमा सामाजिक परिचालन कार्यक्रमको थागिल सोसिएल डेभलपमेन्ट एशोसिएसन महेन्द्रनगरलाई प्रथम र दोस्रो किस्ताको सम्झौता बमाजिमको रु. २०००००।- (मू.अ.कर बाहेक) भुक्तानी भएकोमा अग्रिम कर कट्टी गरेको नदेखिएकोले रु ३०००।-कर कट्टी राजस्व दाखिला गर्नुपर्ने देखिन्छ ।

८.२. नगरपालिकाको विभिन्न कार्यहरु (गतिविधि) को मिडिया प्रमोशन गर्नका लागि डकुमेन्ट्री तयार गरेको भनि विश्वास मुभिज पोइन्ट झलारीलाई रु १०००००।- भुक्तानी गरेकोमा उक्त संस्थासंग नियमानुसार खरिद सम्झौता समेत नगरी भुत्तानीदिएको र डकुमेन्ट्री रमेत तयार नभएकोले डकुमेन्ट्री प्राप्त गर्नुपर्ने अन्यथा उक्त रकम असुल गरी बेरुजु खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

### बेरुजू स्थिति

लेखापरीक्षणबाट रु.४७ लाख १७ हजार बेरुजू देखिएको छ । सो असुल गर्नुपर्ने रु.३ लाख २३ हजार , नियमित गर्नुपर्ने रु.४३ लाख ९४ हजार बेरुजु बांकी रहेको छ ।

# शुक्लाफाँटा नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु २२ लाख २८ हजार र यो वर्ष आय रु. १४ करोड ९८ लाख ११ हजार समेत रु. १५ करोड २० लाख ३९ हजार आम्दानी भएकोमा रु. १२ करोड ९४ लाख ६९ हजार खर्च भई रु. २ करोड २५ लाख ७० हजार मौज्दात  रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **सामाजिक सुरक्षा भत्ता :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ मा लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । सामाजिक सुरक्षा भत्ताको लगत कायम गर्दा ११, ज्येष्ठ नागरिक ३विधवा, ३पूर्ण अपाङ्ग र ३ बालबालिका गरी जम्मा १९ जनाको नाम दोहोरो समाबेस लगत कायम भएको देखिन्छ । यसरी दाहोरो नाम कायम हुँदा भविष्यमा दोहोरो भुक्तानी हुन सक्ने भएकाले गाँउपालीकाले यथार्थ लगत तयार गरेर मात्र सामजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने देखिन्छ ।यसरी दोहोरो भुक्तानी भएको/नभएको छानविन गरीएकिन गर्नुपर्दछ। दोहोरो नाम भएको लगत कट्टी गरी लगत अध्यावधिक गर्नु पर्दछ।

२. **आम्दानी दाखिला :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २० को उप नियम (२) मा नगरपालिकालाई प्रचलित कानुन बमोजिम प्राप्त भएको रकम गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्ट सम्ममा बैङ्क दाखिला गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ । यस कार्यालयद्धारा संकलन गरीएको राजश्व समयमा दाखिला भएको छैन र बैंक दाखिला गरीने समयमा सम्पूर्ण नगद मौज्दात दाखिला गरीएको छैन । आर्थिक वर्षको अन्त्यमा रु १६१०५६।- नगद बाँकी देखिन्छ। नगरपालीकाले संकलन गरेको राजस्व समयमा दाखिला गर्नुपर्दछ।

३. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) मा पेश्की लिएको रकम फांटबारी सहित तोकिएको समयमै विल भरपाई सहित पेश्की फछ्र्यौट गर्नुपर्ने व्यबस्था रहेको छ । आर्थिक वर्षको अन्त्यमा पनि फछ्र्यौट नभएको अस्मिता विल्डर्स एण्ड कन्स्ट्रकसन प्रा.लि. रु.३८००००।-, एम.डि.ग्रुपको रु.१३०००००।-, पन्चकोटी निर्माण सेवाको रु.३६००००।-, बैजनाथ वावा कन्स्ट्रक्सनको रु.४६००००।-, एम. डि.ग्रुपको रु.५१००००।- र खरिदार राजेन्द्र ब. सिंहको नाममा रहेका रु. ७००००।- गरी जम्मा रु.३०८००००।-बाँकी  पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

४. **प्रशासनिक खर्च -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ मा ऐनको नगरपालिकाले स्वीकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको, पचासलाख देखि एक करोड रूपैयाँसम्म आम्दानी हुने नगरपालिकाले अधिकतम, तीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न पाइने छैन भन्ने व्यवस्था छ। उक्त सीमा अनुसार रु ५६७२९७१.६३ आयको तीस प्रतिशतले रु १७०१८९१.४९ खर्च गर्न पाउनेमा रु ५८५,५०९.२१ बढी खर्च लेखेको रकम नियमसम्मत देखिएन । नगरपालीकाले नियममा तोकिएको सिमाभित्र खर्च गर्नुपर्दछ।

**५.** **आन्तरिक लेखापरीक्षण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को प्रयोजनको लागि वार्षिक एक करोड भन्दा बढी आम्दानी हुने नगरपालिकाले अधिकृतस्तरको कर्मचारी सहितको आन्तरिक लेखापरीक्षण शाखा खडा गर्नु पर्नेछ तथा आय व्यय र धरौटीको स्रेस्ताको मासिक रूपमा लेखापरीक्षण गर्नु पर्ने र नियम ३७ अनुसार आन्तरिक लेखापरीक्षणबाट देखिएका त्रुटीका सम्बन्धमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरेको मितिले सात दिनभित्र प्रमुख र सचिवलाई प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। नगरपालीकाको वार्षिक अम्दानी रु.१५२०३८५४८/- रूपैयाँ रहेकोले नियम बमोजिम आन्तरिक लेखापरीक्षण शाखा खडा गरी कार्यालयको आम्दानी तथा खर्चको प्रत्येक महिनामा आन्तरिक लेखापरिक्षण गरी सो को प्रतिवदन पेस गर्नुपर्दछ**।**

**६.** **वित्तीय जवाफदेहिताक** -आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरुको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । सो सम्बन्धमा नगरपालिकाले बैंक हिसाबको विवरण भनाई बैंक भिडान

नगरेको, कार्यालयको लक्ष्य तथा कार्यक्रमको बारेमा सेवाग्राहीसंग अन्तरक्रिया कार्य गर्ने नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, सेवा प्रवाह सुधारको लागि इन्टरनेट वा वेभको माध्यमबाट बैकल्पिक व्यवस्था नअपनाएको , सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने गरेको, सञ्चालित कार्यक्रमको तोकिएको समयमै अनुगमन मूल्याङ्कन नगरेको, अन्तिम लेखापरीक्षण हुनुपूर्व नै आन्तरिक लेखापरीक्षणको बेरुजू फछ्र्यौट नगरेको, कार्यालयको गत विगतका सम्पूर्ण बेरुजु फछ्र्यौट गर्ने गरी आन्तरिक रणनीति तयार गरी कार्यान्वयनमा ल्याएकोले प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

७. **भ्रमण प्रतिवेदन :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) बमोजिम भ्रमणमा खटिने पदाधिकारी/कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ भनी उल्लेख गरिएको भएतापनि भ्रमण खर्च भुक्तानीमा भ्रमण प्रतिवेदन अनिवार्य पेश गरेको देखिएन । भ्रमण प्रतिवेदन नहुँदा भ्रमण गर्न पर्नाको कारण र सो को लागि भुक्तनी गर्नपर्नको आवश्यकता पुष्टि हुने देखिदैन । तसर्थ भ्रमण प्रतिवेदन पेश भएपछि मात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्ने देखिन्छ ।

८. **आन्तरिक लेखापरीक्षण :** आन्तरिक लेखापरीक्षणवाट औल्याइएका देहायका बेरुजुहरु फछ्र्यौट गर्नुपर्दछ :

८.१. **अग्रिम कर** - आय कर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला हुनुपर्दछ । गो भौ. नं.१०१, मिति०७३/११/२७बाट कट्टा गरेको रु.२७८३.००पारीश्रमिक कर, गो भौ. नं.१०४, मिति०७३/११/२७बाट कट्टा गरेको रु. र ८६३५.०० बहाल कर र पारीश्रमिक कर एवं आन्तरिक कोष तर्फको रु ७१५.०० गरी जम्मा रु. १२१३३.०० को कर दाखिला भौचर पेश गरेको नदेखिँदा रु. १२१३३.०० दाखिला गरेको भौचर पेश हुनुपर्ने तथा धरौटी खर्च जनाएको रु ३२८५.०० गत आर्थिक बर्षमा इको कोड नेपाल प्रा लि लाई रु २४७४७०.०० भुक्तानी गरको रकमको करकट्टी गरी सम्बन्धीत राजस्व खातामा दाखिला नगरी धरौटी खातामा खर्च जनाएको रु ३२८५ अविलम्ब सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

८.२. **बढि भुक्तानीः** ठेक्का नं ११ सपिङ कम्प्लेक्स निर्माण कार्यको भुमिराज केदार कन्ष्ट्रक्सन लाई पहिलो रनिङ वलिको भुक्तानी दिदा रु ३८४३२३२.०० भुक्तानी दिनुपर्नेमा रु ४४७९१९२ भुक्तानी दिइ रु ६३५९६० बढि भुक्तानी दिएकोमा मिति २०७४।६।१० मा अन्तिम वील भुक्तानी दिँदा बढि भुक्तानी भएको भनी रु ६२४०७७.०० मात्र कट्टी गरिएकाले नपुग रकम रु ११८८३.०० असुल गर्नुपर्ने देखिन्छ ।

८.३. **लागत अनुमानः** ठेक्का नं ११ सपिङ कम्प्लेक्स निर्माण कार्यका लागी टेक्नीकल सर्भिएण्ड सोलुसन कन्सलटेन्सी प्रा. लि. ले तयार पारेको रु ७८४४११३.३१ (मू. अ. कर सहित) को लागत अनुमान अधिकार प्राप्त अधिकारी बाट स्वीकृत नगरी खरीद सम्झौता गरी यस आ ब मा ५०३६७२०.०० बजेट खर्च जनाएकोले नियमाअनुसार तोकिएको अधिकारी बाट स्वीकृत गरी नियमित गर्नु पर्ने ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालीकाको लेखापरीक्षणबाट रु ३६ लाख ९३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२७ हजार , नियमित गर्नुपर्ने रु. ५ लाख ८६ हजार र पेश्की रु ३० लाख ८० हजार रहेको छ ।

# बेलौरी नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिको गत वर्षको मौज्दात रु १ करोड ३८ लाख ३६ हजार र यो वर्ष आय रु.१८ करोड १० लाख ५० हजार समेत रु. १९ करोड ४८ लाख ८६ हजार आम्दानी भएकोमा रु. ११ करोड ९५ लाख ४१ हजार खर्च भई रु.७ करोड ५३ लाख ४४ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **सामाजिक सुरक्षा भत्ता :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ मा लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । सामाजिक सुरक्षा भत्ता वितरण गर्दा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

१.१. सामाजिक सुरक्षा भत्ता वितरण गर्ने विभिन्न बैंकहरुलाई दिईएको रकम मध्ये खर्च नभएर बैंक बाकी रहेको महाकाली विकास बैंक मा रु. ३१७९४०.००, साझा विकास बैंक मा रु ३६९५०.०० र महालक्ष्मी विकास बैंकमा रु ४८४६५२.०० गरी जम्मा रु. ८३९५४२.००बेरुजु खातामा दाखिला हुनु पर्दछ । उक्त मौज्दात रकम फिर्ता स्वरुप चेक र नगद नगरपालिकाले प्राप्त गरीसकेको जनाएको छ । लेखा प्रमूख बिदामा रहेको कारण दाखिला हुन नसकेको कार्यालयको भनाई रहेको छ । अविलम्व दाखिला गरी पेश गर्नु पर्दछ ।

१.२. ज्येष्ठ नागरीक श्याम कुमारी चौधरीको खाताको बैंक स्टेटमेन्ट परीक्षण गर्दा यो वर्ष २४०००।- भुक्तानी गर्नु पर्नेमा तीन किस्तामा कुमारी बैंक बेलौरी शाखा बाट रु ३२०००।- भुक्तानी गरेकोले बढी भुक्तानी रु ८०००।- आषाढ मसान्तमा खातामा मौज्दात रहेकोले सो मौज्दात बाट फिर्ता लिई रु बेरुजु खातामा दाखिला गर्नु पर्दछ ।

२. **पेश्की:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) मा पेश्की लिएको रकम फांटबारी सहित तोकिएको समयमै विल भरपाई सहित पेश्की फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । आ.व. २०७२।७३ को अ.ल्या. गरीएको पेश्की रकम रु ४७९३२६८.०० मध्ये रु १९०८३००.०० मात्रै फर्छ्यौट भई बाँकी रहेको रकम रु २८८४९६८.०० नियमानुसार फर्छ्यौट हुनु पर्दछ ।

३. **जिम्मेवारी फरक:** आ. व. २०७२।७३ को अन्तिम लेखापरीक्षण प्रतीवेदन अनुसार २०७३ आषाढ महिनाको अन्तिम बैंक तथा नगद मौज्दात रु १४८३३१२०.५७ रहेकोमा यस आ.व. मा अ.ल्या गर्दा १४७०२४८४.५७ मात्रै गरीएकोले घटी भएको रकम रु १३०६३६/- कोष खातामा दाखिला गरी आम्दानी दखाउनु पर्दछ ।

४. **प्रशासनिक खर्च-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ मा ऐनको नगरपालिकाले स्वीकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको, पचासलाख देखि एक करोड रूपैयाँसम्म आम्दानी हुने नगरपालिकाले अधिकतम, तीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न पाइने छैन भन्ने व्यवस्था छ । उक्त सीमा अनुसार रु.९४५७०३१/- आयको तीस प्रतिशतले रु.२८३७१०९/- खर्च गर्न पाउनेमा रु ८०१२४८३/- खर्च भई रु. ५१७५३७४/- बढी खर्च अनियमित देखिन्छ । नगरपालीकाले नियममा तोकिएको सिमा भित्र रहेर रकम खर्च गर्नुपर्दछ ।

५. **आन्तरिक लेखापरीक्षण-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को प्रयोजनको लागि वार्षिक एक करोड भन्दा बढी आम्दानी हुने नगरपालिकाले अधिकृतस्तरको कर्मचारी सहितको आन्तरिक लेखापरीक्षण शाखा खडा गर्नु पर्नेछ तथा आय व्यय र धरौटीको स्रेस्ताको मासिक रूपमा लेखापरीक्षण गर्नु पर्ने र नियम ३७ अनुसार आन्तरिक लेखापरीक्षणबाट देखिएका त्रुटीका सम्बन्धमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरेको मितिले सात दिनभित्र प्रमुख र सचिवलाई प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । बेलौरी नगरपालिकाको यस वर्षको वार्षिक अम्दानी १६६३४८१८०/- रूपैयाँ रहेकोले नियम बमोजिम आन्तरिक लेखापरीक्षण शाखा खडा गरी कार्यालयको आम्दानी तथा खर्चको प्रत्येक महिनामा आन्तरिक लेखापरिक्षण गरी सो को प्रतीवदन पेस गर्नुपर्ने हुन्छ ।

६. **वित्तीय जवाफदेहिता** - आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरुको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । सो सम्बन्धमा नगरपालिकाले बैंक हिसाबको विवरण भनाई बैंक भिडान नगरेको, कार्यालयको लक्ष्य तथा कार्यक्रमको बारेमा सेवाग्राहीसंग अन्तरक्रिया कार्य गर्ने नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, सेवा प्रवाह सुधारको लागि इन्टरनेट वा वेभको माध्यमबाट बैकल्पिक व्यवस्था नअपनाएको , सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने गरेको, सञ्चालित कार्यक्रमको तोकिएको समयमै अनुगमन मूल्याङ्कन नगरेको, अन्तिम लेखापरीक्षण हुनुपूर्व नै आन्तरिक लेखापरीक्षणको बेरुजू फछ्र्यौट नगरेको, कार्यालयको गत विगतका सम्पूर्ण बेरुजु फछ्र्यौट गर्ने गरी आन्तरिक रणनीति तयार गरी कार्यान्वयनमा ल्याएकोले प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

७. **भ्रमण प्रतिवेदनः** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) बमोजिम भ्रमणमा खटिने पदाधिकारी/कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ भनी उल्लेख गरिएको भएतापनि भ्रमण खर्च भुक्तानीमा भ्रमण प्रतिवेदन अनिवार्य पेश गरेको देखिएन । भ्रमण प्रतिवेदन नहुँदा भ्रमण गर्न पर्नाको कारण र सो को लागि भुक्तनी गर्नपर्नको आवश्यकता पुष्टि हुने देखिदैन । तसर्थ भ्रमण प्रतिवेदन पेश भएपछि मात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्ने देखिन्छ ।

८. **अग्रिम कर** -आय कर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला हुनुपर्दछ । विभिन्न गोश्वरा भौचर र मितिबाट इन्धन भुक्तानी र ढुवानी कर वापतको कट्टा गरेको अग्रिम कर दाखिलाको भौचर पेश गरेको नदेखिएकाले रु. १५५२३/- दाखिला गरेको भौचर पेश हुनुपर्ने देखिन्छ ।

## बेरुजू स्थितिः

यो वर्ष नगरपालीकको लेखापरीक्षणबाट रु. ९० लाख ५४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ८ लाख ६३ हजार, नियमित गर्नुपर्ने रु. ५३ लाख ६ हजार र पेश्की रु.२८ लाख ८५ हजार रहेको छ ।

# कृष्णपुर नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु ३१ लाख ७६ हजार र यो वर्ष आय रु.१८ करोड २ लाख ८९ हजार समेत रु.१८ करोड ३४ लाख ६५ हजार आम्दानी भएकोमा रु. १५ करोड ७२ लाख ५० हजार खर्च भई रु. २ करोड ६२ लाख १५ हजार मौज्दात  रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आम्दानी दाखिला :** स्थानीय निकाय आथिक प्रशासन नियमाावली २०६४ को नियम २० को उप नियम (२) मा नगरपालिकालाई प्रचलित कानुन बमोजिम प्राप्त भएको रकम गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्ट सम्ममा बैङ्क दाखिला गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ । साथै नियम २१ मा नगरपालिकाले आफ्नो आम्दानीको लेखा अद्यावधिक बनाई राख्नु पर्नेछ । नगरपालीकको आम्दानी दाखिला सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् ।

१.१. कृष्णपुर नगरपालिकाको कार्यालयद्धारा संकलन गरीएको राजश्व समयमा दाखिला गरेको छैन र बैंक दाखिला गरीने समयमा सम्पूर्ण नगद मौज्दात दाखिला गरीएको छैन ।

१.२. आ.ब. २०७३/७४ मा प्राप्त भएको राजश्व रकम रु २६१८६८८/- बैंक मध्ये रु १४३०७३२।- मात्रै दाखिला भएको भौचर पेश गरेको छ । बाँकी रकम रु.११८७९५६.०० दाखिला गरी सकेको कार्यालयको भनाई रहेता पनि सो को भौचर लेखापरीक्षणको लागी पेश भएन । दाखिला भौचर पेश हुनु पर्दछ ।

२. **सामाजिक सुरक्षा भत्ता :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ मा लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । सामाजिक सुरक्षा भत्ता वितरण गर्दा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

२.१. सामाजिक सुरक्षा भत्ता वितरण गर्न एन.सी.सी. बैंकलाई दिईएको रकम मध्ये बाँकी रकम रु २०८४५००।-बेरुजु खातामा दाखिला गर्नु पर्दछ ।

२.२. सामाजिक सुरक्षा भत्ताको लगत कायम गर्दा दोहोरो नाम समाबेस भएको देखिएकाले वास्तविक लाभग्राही भन्दा बढिको लगत कायम भएको देखिन्छ । नगरपालीकाले यथार्थ लगत तयार गरेर मात्र सामजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने देखिन्छ ।

२.३. सामाजिक सुरक्षा भत्ताका लगत कायम गरेको कारण विभिन्न ८ज्येष्ठ नागरीकहरुलाई बैंक मार्फत भत्ता भुक्तानी गर्दा भाद्र महिनामा दुई पटक खातामा रु. ६४००० भुक्तानी पठाइ पाउने भन्दा बढी भुक्तानी गरेको पाइयो । यसरी पाउने भन्दा बढी भुक्तानी  सम्बन्धमा छानविन गरी असुल गर्नू पर्दछ ।

३. **प्रशासनिक खर्च-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ मा ऐनको नगरपालिकाले स्वीकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको, पचासलाख देखि एक करोड रूपैयाँसम्म आम्दानी हुने नगरपालिकाले अधिकतम, तीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न पाइने छैन भन्ने व्यवस्था छ । उक्त सीमा अनुसार रु ५६७२९७१।- आयको तीस प्रतिशतले रु. १७०१८९१।– खर्च गर्न पाउनेमा रु ७८६८५४८।- बढी खर्च नियमसम्मत देखिएन । नगरपालीकाले नियम अनुसार तोकिएको सिमा भित्र खर्च गर्नुपर्दछ ।

४. **आन्तरिक लेखापरीक्षण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को प्रयोजनको लागि वार्षिक एक करोड भन्दा बढी आम्दानी हुने नगरपालिकाले अधिकृतस्तरको कर्मचारी सहितको आन्तरिक लेखापरीक्षण शाखा खडा गर्नु पर्नेछ तथा आय व्यय र धरौटीको स्रेस्ताको मासिक रूपमा लेखापरीक्षण गर्नु पर्ने र नियम ३७ अनुसार आन्तरिक लेखापरीक्षणबाट देखिएका त्रुटीका सम्बन्धमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरेको मितिले सात दिनभित्र प्रमुख र सचिवलाई प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाको वार्षिक अम्दानी रु.२०५२५४४३५/- रूपैयाँ रहेकोले नियम बमोजिम आन्तरिक लेखापरीक्षण शाखा खडा गरी कार्यालयको आम्दानी तथा खर्चको प्रत्येक महिनामा आन्तरिक लेखापरिक्षण गरी सो को प्रतिवेदन पेस गर्नुपर्ने देखिन्छ ।

५. **वित्तीय जवाफदेहिता** - आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरुको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । सो सम्बन्धमा नगरपालिकाले बैंक हिसाबको विवरण भनाई बैंक भिडान नगरेको, कार्यालयको लक्ष्य तथा कार्यक्रमको बारेमा सेवाग्राहीसंग अन्तरक्रिया कार्य गर्ने नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, सेवा प्रवाह सुधारको लागि इन्टरनेट वा वेभको माध्यमबाट बैकल्पिक व्यवस्था नअपनाएको , सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने गरेको, सञ्चालित कार्यक्रमको तोकिएको समयमै अनुगमन मूल्याङ्कन नगरेको, अन्तिम लेखापरीक्षण हुनुपूर्व नै आन्तरिक लेखापरीक्षणको बेरुजू फछ्र्यौट नगरेको, कार्यालयको गत विगतका सम्पूर्ण बेरुजु फछ्र्यौट गर्ने गरी आन्तरिक रणनीति तयार गरी कार्यान्वयनमा ल्याएकोले प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

६. **भ्रमण प्रतिवेदन :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) बमोजिम भ्रमणमा खटिने पदाधिकारी/कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ भनी उल्लेख गरिएको भएतापनि भ्रमण खर्च भुक्तानीमा भ्रमण प्रतिवेदन अनिवार्य पेश गरेको देखिएन । भ्रमण प्रतिवेदन नहुँदा भ्रमण गर्न पर्नाको कारण र सो को लागि भुक्तनी गर्नपर्नको आवश्यकता पुष्टि हुने देखिदैन । तसर्थ भ्रमण प्रतिवेदन पेश भएपछि मात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्ने देखिन्छ ।

७. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) मा पेश्की लिएको रकम फांटबारी सहित तोकिएको समयमै विल भरपाई सहित पेश्की फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ ।सामाजिक सुरक्षा भत्ता वितरण गर्न ना.सू. प्रेम बहादुर बिष्टलाई दिईएको पेश्की रु १८२०००।- फछ्र्यौट गरेको पाइएन ।नगरपालिकामा यस्तो भत्ता बैंक मार्फत भुत्तानी गर्नुपर्नेमा कर्मचारीलाई पेश्की दिनुपर्ने कारण खुलाएको छैन । कारण खुलाइ अविलम्व पेश्की फछ्र्यौट गर्नु पर्दछ ।

८. **आन्तरिक लेखापरीक्षण :** आन्तरिक लेखापरीक्षणवाट औल्याइएका देहायका बेरुजुहरु फछ्र्यौट गर्नुपर्दछ :

८.१. **कर कट्टि:** आयकर ऐन २०५८ को दफा ८७, ८८, ८९, अग्रीम रुपमा कर कट्टी गरिएको रकम दफा ९० बमोजिम महिना भुक्तान भएको २५ दिन भित्र आन्तरिक राजस्व कार्यालयमा दखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालय भवन निर्माणको डिजायन, इष्टिमेट र टेण्डर डकूमेन्ट तयार पारेको पहिलो किस्ता भुक्तानी भनि इको कन्सल्ट प्रा.लि. काठमाण्डौलाई रु.७८९३८०/- भूक्तानी दिई बजेट खर्च जनाउदा भ्याट बाहेकको रकम रु.७०७९६४.६० मा अग्रिम कर दाखिला नगरेको रु.१०६१९, र आयकर ऐन २०५८ को दफा ८८ अनुसारको भुक्तानीमा १५ प्रतिशत अग्रीम कर कट्टी दखिला गर्नु पर्ने व्यवस्था छ ।खरिदार दिपक सिंह धामीको पेश्कि फछ्र्यौट सहित भुक्तानी दिइ रु.२४४३३५ बजेट खर्च जनाउदा बैठक भत्तामा कट्टि गरिएको पारिश्रमिक कर रु.२१६०० दाखिला गर्नुपर्नेमा रु.१४१०० मात्र दाखिला गरेकाले घटि कर दाखिला गरेको रकम रु.७५०० असुलउपर गरी सम्वन्धित खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

८.२. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) अनुसार कुनै पनि रकम भुक्तानी दिँदा रित पुग नपुगेको जाँच गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कर्मचारीहरुलाई फाल्गून महिनाको तलव भत्ता भूक्तानी दिँदा लेखापाल चेत बहादुर खत्री रु. १५००, ना.सू. प्रेम बहादूर विष्ट रु.१५००.००,प्रा.स. लोक राज भट्ट रु.१५००.००, स.क.अ. दिपक सिंह धामीलाई रु.३१५०० गरी जम्मा रु.३६०००/- स्थानीय सहुलियत भत्ता शिर्षकमा थप भूक्तानी दिई बजेट खर्च जनाएकाले तोकिएको भन्दा बढि भूक्तानी भएको रकम असुलउपर गरी दाखिला गर्नुपर्ने देखिन्छ ।

८.३. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०(२) बमोजिम नगरपालिकालाई प्राप्त हुने नगद रकम गोश्वारा भौचर उठाइ सम्वन्धित खातामा शिर्षक आम्दानी बाधीं नगद प्राप्त भएको भोलीपल्टसम्ममा मुल कोष खातामा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा विभिन्न शिर्षकमा

नगरपालिकामा नगद प्राप्त भइ नगदी रसिद काटिएको विवरणबाट ०७३ श्रावणदेखि ०७३ फाल्गुनसम्म विविध कर असुलीबाट रु.१४०६६९६/- र मालपोत तथा भूमिकर असुलीबाट रु.२१८९८८/- गरी जम्मा रु.१६२५६८४/- प्राप्त भएकोमा श्रेस्ताबाट विविध कर असुलीबाट रु.८५७०३३/- र मालपोत तथा भूमिकर असुलीबाट रु.१४२११२/- गरी जम्मा रु.९९९१४५/- आम्दानी भएको देखिएको तर श्रेस्तामा आम्दानी भएको नदेखिएको उक्त रकम रु.६२६५३९/- सम्वन्धित शिर्षकमा आम्दानी बाँधी बैक दाखिला गर्नुपर्ने देखिन्छ ।

८.४. **अग्रिम करः** नगरपालिकाको प्रोफाइल तयार पारेको भनि समाज विकासमा गतिशिलता धनगढी कैलालीलाई रु.४९९९६९/- भुक्तानी दिइ बजेट खर्च जनाउदा भ्याट बाहेकको रकम रु.४४२४४७/-मा अग्रिम आयकरको रकम रु.६६३६/- कट्टि भइ दाखिला नगरेकाले करको रकम असुलउपर गरी गर्नुपर्ने देखिन्छ । शाथै दिगो विकास अध्ययन अनुसन्धान तथा परामर्श केन्द्रलाई पान दर्ताको वीलमा रु.१९९७३१/- बजेट खर्च जनाइ भुक्तानी दिंदा १५ प्रतिशतले रु.२९९६०/- करकट्टि गनुपर्नेमा रु.२९९६/- मात्र कर कट्टि गरी भुक्तानी दिएकाले बाँकी रकम रु.२६९६४/- असुलउपर गरी राजस्व दाखिला गर्नुपर्ने देखिन्छ ।

८.५. **बढि भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) अनुसार कुनै पनि रकम भुक्तानी दिँदा रित पुग नपुगेको जाँच गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । ठे.नं. १५ सडक कालोपत्रे गर्ने कार्यको श्रीपुर डेभलोपर्स प्रा.लि. अत्तरिया कैलालीलाई ठेक्का वील तथा कर विजक अनुसार रु.१९६७३५७.९३ भुक्तानी दिनु पर्नेमा रु.१९७०७६०/- दिएको देखिएकोले बढि भुक्तानी भएको रु.३४०२.००, ठे.नं. ४ नगरपालिकाको ब्यापारिक भवन निर्माणको जय श्री वैजनाथ वावा कन्स्ट्रक्सनलाई कार्य सम्पादन मूल्यांकन भएको ठेक्का वील अनुसार भ्याट सहित रु.७२९९२२८/- भुक्तानी दिनु पर्नेमा रु.७३०७५६४/- भुक्तानी दिएको देखिएकोले बढि भुक्तानी भएको रु ८३३६/- र मेजिङ ट्रेड कन्सर्न धनगढीलाई फोटोकपी मेशिन ब्रान्डेडको BOQ मा रु.१०००००/- (भ्याट बाहेक) कवोल गरेकोमा भूक्तानी दिदा रु.१३०५००/-(भ्याट बाहेक) वील पेश भई भूक्तानी दिएको देखिकोले कवोल दर भन्दा बढि भुक्तानी भएको रकम रु.३४४६५/- (भ्याट सहित) असुल गर्नुपर्ने देखिन्छ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालीकको लेखापरीक्षणबाट रु .१ करोड २० लाख ७६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२८ लाख ३८ हजार , नियमित गर्नुपर्ने रु. ९० लाख ५६ हजार र पेश्की रु १ लाख ८२ हजार रहेको छ ।

# बेलडांडी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु १३ लाख ९९ हजार र यो वर्ष आय रु.१२ करोड ९३ लाख ३४ हजार समेत रु. १३ करोड ७ लाख ३३ हजार आम्दानी भएकोमा रु. ८ करोड ५९ लाख ३३ हजार खर्च भई रु.४ करोड ४७ लाख ९६ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरीक आम्दानी दाखिला :** स्थानीय निकाय आथिक प्रशासन नियमाावली २०६४ को नियम २० को उप नियम (२) मा गाउँपालिकालाई प्रचलित कानुन बमोजिम प्राप्त भएको रकम गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्ट सम्ममा बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले संकलन गरको राजश्व समयमा दाखिला भएको छैन । राजस्व दाखिलाको स्थिति हेर्दा संकलन भएको एक महिना पछि मात्र राजस्व दाखिला गर्ने गरेको र दाखिला गर्दा संकलित सम्पूण मौज्दात दाखिला गरीएको छैन । तोकिएको समयमा राजस्व दाखिला गर्नुपर्दछ ।

२. **सामाजिक सुरक्षा भत्ताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ मा लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । सामाजिक सुरक्षा भत्ता वितरण गर्दा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

२.१. सामाजिक सुरक्षा भत्ताको लगत कायम गर्दा दोहोरो नाम समाबेस भएको देखिएकाले वास्तविक लाभग्राही भन्दा बढिको लगत कायम भएको देखिन्छ । गांउपालीकाले यथार्थ लगत तयार गरेर मात्र सामजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने देखिन्छ ।

२.२. सामाजिक सुरक्षा भत्ताको लगत कायम गर्दा दोहोरो नाम समाबेस भएकोले एउटै व्यक्तिको दुई वटा बैंक खाता रहेको र सो अनुरुप दुबै बैंक खातामा सामाजिक सुरक्षा भत्ता पठाएको देखिन्छ । सामजिक सुरक्षा भत्ता बैंकमा पठाएको विवरण परीक्षण गर्दा ४ जनाको नाममा रु २४००० हजारका दरले रु. ९६०००/- , २ जनाको नाममा रु.१२,००० का दरले रु .२४,०००/- , १ जनाको रु १६०००/- र ३ जनाको नाममा ८००० का दरले रु.२४०००/- गरी जम्मा रु १६००००/- दोहोरो भुक्तानी भएको देखिएकोले सो सम्बन्धमा छानविन गरी उक्त रकम असुल गर्नुपर्दछ ।

३. **भ्रमण प्रतिवेदन :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) बमोजिम भ्रमणमा खटिने पदाधिकारी/कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ भनी उल्लेख गरिएको भएतापनि भ्रमण खर्च भुक्तानीमा भ्रमण प्रतिवेदन अनिवार्य पेश गरेको देखिएन । भ्रमण प्रतिवेदन नहुँदा भ्रमण गर्न पर्नाको कारण र सो को लागि भुक्तनी गर्नुपर्नाको आवश्यकता पुष्टि हुने देखिदैन । तसर्थ भ्रमण प्रतिवेदन पेश भएपछि मात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्ने देखिन्छ ।

४. **वित्तीय जवाफदेहिता** -आर्थिक कार्यविधि निमयमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले रकम निकास दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले अम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोवार सम्बन्धि व्यवस्था र नियम प्रयाप्त छन् र तिनिहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनु पर्ने उल्लेख छ । गुनासो पेटीकाको प्रयोग गरी प्राप्त गुनासो वा उजुरीको अभिलेख राख्ने व्यवस्था नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, म.ले.प.फा.नं.२ मा अभिलेख राख्ने नराखेको, जिन्सी हस्तान्तरण प्रक्रियामा आवश्यक प्रमाण संलग्न नगरेको, सञ्चालित कार्यक्रमको तोकिएको समयमै अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन आंशिक रुपमा मात्र तयार गर्ने नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्यक्रम सञ्चालनको अनुगमन तथा सुपरीवेक्षण उच्च तहबाट नभएको, अन्तिम लेखापरीक्षण हुनुपूर्व नै आन्तरिक लेखापरीक्षणको बेरुजू फछ्र्यौट नगरेको, कार्यालयको गत विगतका सम्पूर्ण वेरुजु फछ्र्यौट गर्ने गरी आन्तरिक रणनीति तयार गरी कार्यान्वयनमा ल्याएको नदेखिएकोले प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

### बेरुजू स्थिति

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु १ लाख ६० हजार बेरुजू देखिएको छ । सो मध्य असुल गर्नुपर्ने रु.१ लाख ६० हजार बाँकी रहेको छ ।

# लालझाडी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु १८ लाख २५ हजार र यो वर्ष आय रु.५ करोड ६० लाख २३ हजार समेत रु.५ करोड ७८ लाख ४८ हजार आम्दानी भएकोमा रु. ५ करोड २ लाख १८ हजार खर्च भई रु.७६ लाख ३० हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **सामाजिक सुरक्षा भत्ता :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ मा लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । गाँउपालीकाको सामाजिक सुरक्षा भत्ताको लगत परीक्षण गर्दा २ एकल महिला, ८ विधवा, २ अति अशक्त अपाङ्ग र ६ ज्येष्ठ नागरिक गरी जम्मा १८ जनाको नाम दोहोरो समाबेस भएको देखिएकाले वास्तविक लाभग्राही भन्दा बढिको लगत कायम भएको देखिन्छ । यसरी दाहोरो नाम कायम हुँदा भविष्यमा दोहोरो भुक्तानी हुन सक्ने भएकाले गाँउपालीकाले यथार्थ लगत तयार गरेर मात्र सामजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने देखिन्छ ।

२. **आम्दानी दाखिला :** स्थानीय निकाय आथिक प्रशासन नियमाावली २०६४ को नियम २० को उप नियम (२) मा गाउँपालिकालाई प्रचलित कानुन बमोजिम प्राप्त भएको रकम गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्ट सम्ममा बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ । गाँउपालीकाले संकलन गरको राजश्व समयमा दाखिला भएको छैन साथै राजस्व दाखिला गर्दा सम्पूर्ण मौज्दात रकम दाखिला गरीएको छैन । यसरी राजश्व आम्दानी समयमा दाखिला नहुँदा रकमको दुरुपयागे हुने सम्भावना देखियो । तोकिएको समयमा राजस्व दाखिला गर्नुपर्दछ ।

३. **मू.अ. कर बिजक:** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा ३ सँग सम्बन्धित मूल्य अभिबृद्धि कर छुट हुने वस्तु वा सेवा बाहेक अन्य वस्तुमा अनिवार्य मूल्य अभिबृद्धि कर विजकको आधारमा भुक्तानी गर्न र निर्माण कार्यको लागत अनुमान तयार गर्दा मूल्य अभिबृद्धि कर समावेश गरी तयार पारिएको अवस्थामा सो निर्माण सम्बन्धी कार्यको भुक्तानी गर्दा अनिवार्य मूल्य अभिवृद्धि कर बिजक संलग्न गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले गो भौ नं ४ मिति २०७३-६-११ बाट मु .अ. कर मा दर्ता नभएको श्री अर्जुन ग्रिल उद्योगबाट रु ४४६२५.०० बराबरको सामान खरीद गरिएको साथै गो भौ नं.१२, मिति २०७४-१-१४ मा प्रदिप इलेक्ट्रीकल्सबाट रु ६९९२५.०० बराबरको खरीद गर्दा बिल टुक्रा पारी पान विल बाट खरीद गरी भुक्तानी गरेको पाइयो । यसरी नियम विपरित भुक्तानी दिएको रकम नियमसम्मत देखिएन ।

४. **भ्रमण प्रतिवेदन:** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) बमोजिम भ्रमणमा खटिने पदाधिकारी/कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ भनी उल्लेख गरिएको भएतापनि भ्रमण खर्च भुक्तानीमा भ्रमण प्रतिवेदन अनिवार्य पेश गरेको देखिएन । भ्रमण प्रतिवेदन पेश भएपछि मात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्ने देखिन्छ ।

५. **भ्रमण अभिलेख :**भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमणमा खटिने पदाधिकारी/कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची ६ अनुसारको ढाँचामा भ्रमण अभिलेख राख्न पर्ने व्यव्स्था भएकोमा गाँउपालीकाले सो अनुरुप राखेको पाइएन । अनुसूची ६ बमोजिमको भ्रमण अभिलेख खाता राख्नपर्ने देखिन्छ ।

६. **वित्तीय जवाफदेहिता-** आर्थिक कार्यविधि निमयमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले रकम निकास दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले अम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोवार सम्बन्धि व्यवस्था र नियम पर्याप्त छन् र तिनिहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनु पर्ने उल्लेख छ । नगरपालिकाले गुनासो पेटीकाको प्रयोग गरी प्राप्त गुनासो वा उजुरीको अभिलेख राख्ने व्यवस्था नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, म.ले.प.फा.नं.२ मा अभिलेख राख्ने नगरेको, जिन्सी हस्तान्तरण प्रक्रियामा आवश्यक प्रमाण संलग्न नगरेको, सञ्चालित कार्यक्रमको तोकिएको समयमै अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन आंशिक रुपमा मात्र तयार गर्ने गरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको

कार्यक्रम सञ्चालनको अनुगमन तथा सुपरीवेक्षण उच्च तहबाट नभएको, अन्तिम लेखापरीक्षण हुनुपूर्व नै आन्तरिक लेखापरीक्षणको बेरुजू फछ्र्यौट नगरेको, कार्यालयको गत विगतका सम्पूर्ण वेरुजु फछ्र्यौट गर्ने गरी आन्तरिक रणनीति तयार गरी कार्यान्वयनमा नल्याएकोले प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

७. **ठेक्कामा मूल्य अभिवृद्धि कर** : साविक बाइसे विचवामा रेखा निर्माण सेवा बलिया, कैलाली संग आ.ब. २०७३।७४ का लागी विदेशी सवारी साधनमा कर उठाउने ठेक्का रु २७५६१०० रकमको १३ प्रतीसतले हुने भ्याट रकम रु.३५८२९३ असुल गरी दाखिला गरेको पाइएन ।

**बेरुजू स्थितिः**

यो वर्ष गाँउपालीकाको लेखापरीक्षणबाट रु. ४ लाख ७३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३ लाख ५८ हजार, नियमित गर्नुपर्ने रु.१ लाख १५ हजार रहेको छ ।

# अमरगढी नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

नगरपालीकाको गत वर्षको मौज्दात रु २४ लाख ६८ हजार र यो वर्ष आय रु १३ करोड १६ लाख २९ हजार समेत रु १३ करोड ४० लाख ९७ हजार आम्दानी भएकोमा रु.११ करोड ५८ लाख ७३ हजार खर्च भई रु १ करोड ८२ लाख २४ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **लेखा परिक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियामावली २०६४ अनुसार स्थानीय निकायले आन्तरिक लेखापरिक्षण गराई अन्तिम लेखापरिक्षण गराउने र सोको प्रतिवेदन उपर कार्वाहि समेत गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आर्थिक बिवरणबाट केन्द्रिय अनुदान र अन्तरिक आय समेत रु. **१३,४०,९६,९८१.००** आम्दानी भएको देखिन्छ । सार्वजानिक निर्माणको अभिलेखहरु व्यवस्थित नदेखिएको कारण नगरपालिकाको लेखापालन, सम्पती तथा दायित्व सम्वन्धमा एकिन गर्न नसकिएको अवस्था छ । विकट भौगोलिक दुरता र सिमित समयको कारण लेखापरिक्षण समूहले नगरपालिका र त्यसका वडाहरुको पर्याप्त स्थलगत निरिक्षण गर्न सकेको छैन् । नगरपालिकाले सामाजिक सुरक्षा भत्ता वापत कोष तथा लेखा नियन्त्रक कार्यालयवाट निकासा प्राप्त रकम आय र वितरण तथा फिर्ता गरेको रकमलाई व्ययमा उल्लेख गरीएको देखिन्छ ।

२. **योजना छनौट र कार्यान्वयन:** स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ बमोजिम स्थानीय निकायले संचालन गर्ने योजना छनौट तथा कार्यान्वयनमा समाबेशी, पारदर्शिता र गाउं/नगर परिषदबाट पारित हुनु पर्नेमा योजना छनौट तथा कार्यान्वयन सन्दर्भमा प्रगती प्रतिवेदन पेश नभएकाले परिषदबाट पारित नभएका योजना संचालन गरेका विश्लेषण गर्न सकिएन । सम्पन्न योजना उपभोक्ता समितिमा हस्तान्तरण भएको देखिएन ।

३. **बजेट संकेत:-** स्थानीयनिकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(१) मा स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बजेट संकेत नंबर बमोजिम खर्च लेखेको छैन । यसले खर्चमा नियन्त्रण हुन नसक्ने भएकाले बजेट संकेत नंम्बर बमोजिम खर्च लेख्नु पर्दछ ।

४. **पूँजीगत खर्च:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२९ (१) अनुसार खरिद सम्झौतामा पूर्व निर्धारित क्षतिपूर्तिका सम्बन्धमा व्यवस्था गर्न सकिने उल्लेख छ । जस अनुसार आपूर्तिकर्ता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले स्थानीय निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नवढ्ने गरी प्रति दिन सम्झौता रकमको शुन्य दशमलब शुन्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ । सोही मुताविक ठेक्का सम्झौता गर्दा यस नगरपालिकाले प्रत्येक सम्झौताहरुको बूँदा नम्वर १८ मा समयमा काम नसकेमा ठेक्का अँकको ०.०५ प्रतिशत प्रति दिनका दरले हुने रकम निर्माण व्यवसायीले नगरपालिका कार्यालयलाई क्षतिपूर्ति स्वरुप बुझाउनु पर्ने उल्लेख गरेको देखिन्छ । नगरपालिका अनुदान तथा नगरपालिकाको आन्तरिक आय समेतवाट यस वर्ष पूँजीगत खर्च रु ५ करोड ९३ लाख ८२ हजार भएको देखिन्छ । सो मध्ये यस वर्ष बोलपत्र मार्फत प्रमुख ठेक्का पट्टाबाट भएका कार्यहरुमा देखिएका उल्लेखनिय व्यहोराहरु निम्न लिखित रहेका छन् :

४.१. **अमरगढी नगरपालिका भवन निर्माण** : नियम १२० अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक दशलाख रूपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यको प्रतिस्थापन खर्च, व्यक्तिलाई लाग्ने चोटपटक तथा सम्पत्तिमा हुने नोक्सानीको लागी बीमा गराउनुपर्ने उल्लेख छ । साथै ठेक्का सम्झौताको GCC १९ मा पनि सोही मुताविक बिमा गराउनु पर्ने उल्लेख छ । मुल्य अभिवृद्धिकर समेत स्विकृत लागत अनुमान रु ७,४८,८८,२८५।- को कार्य बोलपत्रको प्रक्रियावाट गर्न ठेक अँक रु ६,९८,३३,२२०।- मा मिति २०७७।०३।२७ भित्र कार्य सक्ने गरी २०७४।०३।२८ मा रोयल कन्सट्रक्सन अमरगढी डडेल्धुरा सँग सम्झौता भएको र सो कार्यको लागी यस आर्थिक वर्षमा रु ६१,००,०००।- पेश्की रकम भुक्तानी दिएको देखिन्छ । नगरपालिकाले निर्माण व्यवसायीबाट कार्यतालिका नलिएकोले तोकिएको समयमै कार्य सक्ने गरी निर्माण कार्यको प्रगति भए नभएको बारेमा प्रभावकारी अनुगमन नगरपालिकावाट हुन सकेको देखिएन । साथै लागत अनुमानको तयारीमा र सम्झौतासँग सम्वन्धित कामको इकाई तथा परिमाणमा पनि बिमा कार्य उल्लेख नगरेको र बिमा गराउने कार्य भएगरेको छैन । यस सम्वन्धमा सम्वन्धित पदाधिकारीलीई जिम्मेवार बनाई बिमा गर्नु गराउनु पर्दछ ।

४.२. **लोडर खरिद** : मुल्य अभिवृद्धिकर समेत स्विकृत बजेट रु ४८,००,०००।- भएकोमा खरिद कार्य बोलपत्रको प्रक्रियावाट गर्न ठेक अँक रु ४६,८०,०००।- मा मिति २०७४।०३।२८ मा बीएस ट्र्याक्टर सप्लायर्स बुटवल कालिकानगरसँग सम्झौता भएको र सो सो खरिद कार्य वापत रु ४६,८०,०००।- भुक्तानी खर्च लेखेको देखिन्छ । सो सम्वन्धमा मेकानिकल इन्जिनिएर रितेश कुमार शाहले पेश गरेको प्राविधिक मूल्याँकन प्रतिवेदन अनुसार २ बर्षको वारेन्टी भएको उल्लेख छ । तर नगरपालिकासँग सो वारेन्टी सम्वन्धी अभिलेख सुरक्षित नभएकोले यस्ता अभिलेखहरु सुरक्षित साथ राख्न सम्वन्धित पदाधिकारीलीई जिम्मेवार बनाइनु पर्दछ ।

४.३. **हर्जाना** : मुल्य अभिवृद्धिकर समेत स्विकृत लागत अनुमान रु ५०,००,१७४।४५ को कार्य बोलपत्रको प्रक्रियावाट गर्न ठेक अँक रु २६,९०,०१२।९१ मा मिति २०७४ जेठ मसान्त सम्ममा कार्य सक्ने गरी २०७३।१२।२९ मा कालिका निर्माण सेवा डडेल्धुरासँग सम्झौता भएको देखिन्छ । सो कार्य वापत यस आर्थिक वर्षमा पहिलो रनिँग विलवाट मुल्य अभिवृद्धिकर समेत रु ११,०५,५१७।- भुक्तानी खर्च लेखेको देखिन्छ । ठेकेदारले सम्झौता अनुसारको अवधिमा कार्य सम्पन्न गर्न नसकिने भनि कुनै कारण उल्लेख नगरी निवेदन दिएको आधारमा नगरपालिकाले २०७४।०३।०१ देखि २०७४ मार्ग मसान्त सम्म ६ महिनाको लागि म्याद थप गरेको देखिन्छ । तर उक्त अवधि पछि पनि लेखापरीक्षणको अवधि २०७४।१०।१० सम्ममा कार्य सम्पन्न गरेको देखिदैन । साथै पुनः म्याद थप गर्नुपर्ने अवस्था देखिएकोले ठेक्का अवधि थप लम्बिने देखिन्छ । तसर्थ सम्झौता अनुसारको हर्जाना क्षतिपूर्ति स्वरुप असुल गर्ने नगर्ने सम्वन्धमा उपयुक्त निर्णय गरी सीघ्र कार्य सम्पन्न गर्नु गराउनु पर्ने देखियो ।

५. **कन्टिन्जेन्सी खर्च** : नेपाल सरकार मन्त्री परिषदको २०७०।१।१५ को निर्णयानुसार लागत गणना गर्दा समावेश गरिने ५ प्रतिशत कन्टिन्जेन्सी वापतको रकम मध्येबाट २ प्रतिशत रकम आवश्यकता अनुसार पूजिँ निर्माण तथा सम्पत्ति खरिद सम्बन्धि शीर्षकहरुमा अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमतिमा खर्च गर्नु पर्ने व्यवस्था छ । स्थानीय निकाय श्रोतपरिचालन तथा व्यवस्थापन कार्यविधी २०६९ को बूँदा १४(१) मा आयोजनाको पूँजीगत खर्चको ४ प्रतिसत कन्टिन्जेन्सीमा खर्च गर्न पाइने व्यवस्था छ । कार्यालयले कन्टिन्जेन्सी सम्बन्धी आयोजनागत अभिलेख राखेको देखिएन । अभिलेख व्यवस्थित गरी सोको आधारमा कन्टिजेन्सी खर्च लेख्नु पर्दछ ।

**आन्तरिक आयतर्फ**

६. **प्रशासनिक खर्चः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ३४ अनुसार ऐनको दफा १२६ को उपदफा (६) को प्रयोजनको लागि नगरपालिकाले स्वीकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको पच्चीसलाख रुपैयाँसम्म आन्तरिक आम्दानी हुने नगरपालिकाले अधिकतम साठी प्रतिशत, पच्चीस देखि पचासलाख रुपैयाँसम्म आम्दानी हुने नगरपालिकाले अधिकतम चालीस प्रतिशत, पचासलाख देखि एककरोड रुपैयाँसम्म आम्दानी हुने नगरपालिकाले अधिकतम तीस प्रतिशत र एककरोड रुपैयाँ भन्दा बढी आम्दानी हुने नगरपालिको पच्चीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न पाइने छैन । कार्यालयले यो वर्ष कर, दस्तुर र शुल्क बाट रु ८३,१६,१७० आन्तरिक आय गरेकोमा नियमावलीले तोकेवमोजिम रु २४,९४,८५१ मात्र खर्च गर्नु पर्नेमा रु ३५,८३,२२० खर्च गरेकोले रु १०,८८,३६९ वढी खर्च भएकोले आन्तरिक आयबाट तोकिएको सीमाको पालना गरेको देखिएन ।

७. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । नगरापालिकाले वाटो कालोपत्रे गर्न माया कन्सट्रक्सन एण्ड सुशिल सप्लायर्सलाई रु ५,५०,१५० , भवन निर्माण गर्न रोयल कन्सट्रक्सनलाई रु ६१,००,००० र बाटो कालोपत्रे गर्न निश्चल कन्सट्रक्सनलाई रु ४,००,००० गरी रु. ७०,५०,१५०।- आर्थिक वर्षको अन्त्य सम्ममा फछ्र्यौट भएको पाइएन । उक्त पेश्की नियमानुसार असुल फर्छौट हुनुपर्दछ ।

८. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने व्यवस्था छ । कार्यालयमा ५२ कर्मचारी कार्यरत रहेकोमा २७ जना साविक नेपाल सरकारको कार्यालयवाट तलव भत्ता पाउने गरी काजमा कार्यरत रहेका छन् । नगरपालिकाको उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान नगरेको, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ३६ बमोजिम आन्तरिक लेखापरीक्षण शाखाबाट आय, व्यय र धरौटीको स्रेस्ताको मासिक रूपमा लेखापरीक्षण गर्नुपर्ने उल्लेख भएकोमा मासिक लेखापरीक्षण गरेको नदेखिएको, भ्रमण अभिलेख खाता नराखेर मूल चलानी मात्र गरिएको अवस्था रहेको छ । यस्ता अवस्थामा सुधार गर्न कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नु पर्दछ ।

९. **बेरुजु अभिलेख र फछ्र्यौटः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख अद्यावधिक गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । नगरपालिकाले पेश गरेको बेरुजुको विवरण अनुसार गत बर्ष २०७२।७३ सम्मको नियमित गर्ने, असुल एवं पेश्की गरी कुल बेरुजु रु २९,६७,२१४।- भएकोमा यस आर्थिक वर्ष २०७३।७४ मा रु. २२,६४,९६०।- फछ्र्यौट भएको उल्लेख छ । बाँकी बेरुजु सिघ्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष नगरपालीकाको लेखापरीक्षणबाट रु ७० लाख ५० हजार बेरुजू देखिएको छ । सोमध्ये सबै पेश्की रु ७० लाख ५० हजार रहेको छ ।

# पर्शुराम नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालीकाको गत वर्षको मौज्दात रु १५ लाख ३४ हजार र यो वर्ष आय रु १५ करोड ६७ लाख १० हजार समेत रु १५ करोड ९२ लाख ४४ हजार आम्दानी भएकोमा रु.१३ करोड ५६ लाख १८ हजार खर्च भई रु. २ करोड ३६ लाख २६ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **मु.अ.कर भुक्तानीको जानकारी** :मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क बमोजिम ठेक्का दिने सरकारी निकायले आफूले गरेको ठेक्का संझौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिई कर भुक्तानी सम्बन्धित ठेकदारलाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको कार्यालयले विभिन्न आपूर्तिकर्ता तथा निर्माण व्यवसायीलाई रु. ६७६३६८/- भुक्तानी हदाँ मू.अ.कर वापत रु. ८७५३२/- भूत्तानी गरेकोमा मूल्य अभिवृद्धि कर भुत्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई दिएको देखिएन । नियमावली अनुसार जानकारी नदिदाँ दाखिला एवं समायोजन भएको यकिन गर्न नसकिने भएको हुंदा रु. रु. ८७५३२/- को कर समायोजन पत्र पेश गर्नु पर्दछ ।

२. **पेश्की बाँकी** :स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । नगरापालिकाले नगरपालिकाको भवन निमाणार्थ सिद्धनाथ/राजेन्द्र जे. भि. लाई रु. २८९७८२६।- दिएको पाईयो । आर्थिक वर्षको अन्त्य सम्ममा फछ्र्यौट भएको पाइएन । उक्त पेश्की नियमानुसार असुल फर्छौट हुनुपर्दछ ।

३. **अन्य कार्यालयको खर्च :-** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ६ मा मातहत कार्यालयको लागि तालुक मन्त्रालय/विभागवाट रकम खर्च गर्ने अख्तियारी दिने र मातहतका कार्यालयले तालुक कार्यालयवाट प्राप्त अख्तियारीको सिमा भित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ । यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका जिल्ला स्थित अन्य इलाका प्रहरी कार्यालयलाई प्रतिक्षलय निमार्णको लागि रु १२५०००/- र नेपाली सेनालाई भवन निमार्ण गर्न रु २०००००/- अनुदान दिएकोले नियम विपरित यस्ता खर्च लेख्न बन्द गर्नुपर्ने देखिन्छ ।

४. **फीज :** अर्थ मन्त्रालयको निर्देशिका वमोजिम सामाजिक सुरक्षा कार्यक्रम वापत निकासा भएको रकम मध्य आर्थिक वर्षको अन्त सम्म खर्च भई वांकी रहेको रकम फ्रिज हुनु पर्दछ । नगरपालिकाले सामाजिक सुरक्षा कार्यक्रम वापतको रकम यस बर्ष रु १६६६१४००। निकाशा भएकोमा रु १६४२७६००। खर्च भइ रु २३३८००। बाकी रहेको देखियो **सो र**कम फीज भएको नदेखिएकोले सो रकम राजश्व दाखिला गर्नु पर्दछ ।

५. **असूलः** लालढुङ्गा वसपार्क पत्तुरा सडक कालोपत्रे गर्न कार्यको लागि रु.४४०२३१८४। गौरी अर्जुन लाई भुक्तानी दिएको देखियो । शुरु सम्झौतामा Supply and laying of pipe 30 cm ७.५ र.मि.को रु.७०००। प्रति र.मि का दरले जम्मा ५२,५००। भुक्तानी गर्ने गरी सम्झौता भएकोमा पछि भेरिएसनवाट ६० सी.एम को राख्ने उल्लेख गरि रु.१३६४०। प्रति र.मि.का दरले १०२३००। भुक्तानी दिएको देखियो । उक्त नर्मस दर विष्लेषणको प्रमाण पेश नभएको र सम्झौता गर्दा निर्माण व्यवशायीले जुन दरमा घटेको छ सो नयां दरमा सोही अनुपातमा घटेको प्रमाण पेश हुनु पर्ने । अन्यथा शुरु सम्झौता भन्दा वढि भुक्तानी रु.४९८००। यकिन गरि असुल गर्नु पर्दछ । त्यस्तै भागेश्वर मा.वि.सलोन संग earth work in excavaton को कार्य सुरु सम्झौता ७३.४५ घ.मि. को कार्य गर्न प्रति घ.मि.रु.३२४। ले जम्मा रु.२३७९७८। मा सम्झौता भएकोमा भुक्तानी दिदा ५२५। प्रति घ.मि. का दरले ३८.६६ वर्गमिटर कामको भुक्तानी दिएको देखियो । विना आधार प्रमाण प्रति घ.मि. रु.२००।५५ वढी दरले ३८.६६ घ.मि.को वढी भुक्तानी रु.७७३२। सम्वन्धीतवाट असूल गर्नु पर्दछ । - त्रिवेणी वहुमुखी क्याम्पस फिल्ड निर्माण गर्न उपभोक्ता समितिलाई रु.५ लाख दिएको देखियो । लागत अनुमान तयार गर्दा मानिसद्धारा Back Filling गर्ने इस्टिमेट वनाई प्रति घ.मि. रु.१३१।२५ प्रति घ.मि. का दरले १६८८।२७ घ.मि.को २२१५८५। भुक्तानी दिएको देखियो । उपभोक्ता समितिको सार्वजनिक सुनुवाई ,रिपोर्टमा J.C.B. Field मिलाउने कार्य वापत रु.११५,५००। भनि खर्च अनुमोदन गरेको सोही फिल्ड सम्याउन डोजरको प्रयोग गरी रु.७७।७४ प्रति घ.मि.का दरले भुक्तानी गरेकोले माटोको काममा मानिस लगाउनु वास्तविक पनि नदेखिएकोले १६८८।२७ घ.मि.को रु.७७।७४ प्रति घन मिटरका दरले हुने १३०४०१।- कटाई वांकी रु.९१३१।- सम्वन्धमा छानविन गरी असुल गर्नु पर्दछ ।

६. **प्रशासनिक खर्चः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ३४ अनुसार ऐनको दफा १२६ को उपदफा (६) को प्रयोजनको लागि नगरपालिकाले स्वीकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको पच्चीसलाख रुपैयाँसम्म आन्तरिक आम्दानी हुने नगरपालिकाले अधिकतम साठी प्रतिशत, पच्चीस देखि पचासलाख रुपैयाँसम्म आम्दानी हुने नगरपालिकाले अधिकतम चालीस प्रतिशत, पचासलाख देखि एककरोड रुपैयाँसम्म आम्दानी हुने नगरपालिकाले अधिकतम तीस प्रतिशत र एककरोड रुपैयाँ भन्दा बढी आम्दानी हुने नगरपालिको पच्चीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न पाइने छैन । कार्यालयले यो वर्ष आन्तरिक आयबाट तोकिएको सीमाभन्दा रु. १०६८८९५।९८ बढी खर्च गरेकोले नियमको पालना गरेको देखिएन ।

७. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न प्रत्येक पदको कार्य विवरण बनाई कार्यान्वयन नगरेको, ,लागत अनुमान तयार नगरेको , भ्रमण अभिलेख व्यवस्थित नभएको , भ्रमण प्रतिवेदन तयार नगरेको , खरिद योजना नबनाएको, टुक्रा पारी खरिद गरेको आदि अवस्था रहेको छ । कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्य सम्पादनलाई नियन्त्रण, मितव्ययी र पारदर्शी एवं भरपर्दो बनाउनु पर्दछ ।

८. **बेरुजु अभिलेख र फछ्र्यौटः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौटतथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँ बिकास समितिको कार्यालय र नगरपालिका बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्र्यौटको अभिलेख रहेको पाईएन ।

**बेरुजू स्थिति**

यो वर्ष नगरपालीकाको लेखापरीक्षणबाट रु १६ लाख ९४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ६७ हजार, नियमित गर्नुपर्ने रु १६ लाख २७ हजार रहेको छ ।

# आलिताल गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालीकाको गत वर्षको मौज्दात रु ९ लाख ४५ हजार र यो वर्ष आय रु.५ करोड ३५ लाख ६६ हजार समेत रु.५ करोड ४५ लाख ११ हजार आम्दानी भएकोमा रु४ करोड ८९ लाख ३९ हजार खर्च भई रु ५५ लाख ७२ हजार मौज्दात  रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **जिन्सी/सम्पत्ति संरक्षण र हस्तान्तरण :** साविकका कुनै पनि गाउँ विकास समितिहरुले सम्पत्तिको अभिलेख व्यवस्थित गरेर जिन्सी हस्ताण्तरण गाउँपालिकामा गरेको देखिएन । जिन्सी र सम्पत्तिको अभिलेख व्यवस्थित गरी   गाउँपालिकामा सम्पत्ति हरुतान्तरण गरी  वडा कार्यालयहरुले सम्पत्तिको प्रयोग गर्नु पर्दछ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न जना दरवन्दी रहेकोमा  कर्मचारी कार्यरत रहेकोमा प्रत्येक पदको कार्य विवरण बनाई कार्यान्वियन नगरेको, लागत अनुमान तयार नगरेको, भ्रमण अभिलेख व्यवस्थित नभएको, भ्रमण प्रतिवेदन तयार नगरेको , खरिद योजना नबनाएको, संक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको, टुक्रा पारी खरिद गरेको आदि अवस्था रहेको छ । कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली  तयार गरी कार्य सम्पादनलाई नियन्त्रण, मितव्ययी र पारदर्शी  एवं भरपर्दो बनाउनु पर्दछ ।

३. **बांकी  रकम:** जिल्ला विकास समितिले पूंजीगत अनुदानको रुपमा साविकका गाउं विकास समिति र हालका वडा कार्यालयहरु लाई दिइएको रकम रु १०५९९४६४।८८ मध्ये रु ९८८९३०७।६४ खर्च भई बांकी रहेको रु ७१०१५७।२४ असुल  गरी राजस्व दाखिला गर्नुपर्दछ ।

४. **मु.अ.कर भुक्तानीको जानकारी** :मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क बमोजिम ठेक्का दिने सरकारी निकायले आफूले गरेको ठेक्का संभौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिई कर भुक्तानी सम्बन्धित ठेकदारलाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न (सात ओटा) आपूर्तिकर्ता तथा निर्माण व्यवसायीलाई रु. ११५७९९५.५८ भुक्तानी हुदाँ मू.अ.कर वापत रु ६७६९७.१९.भूक्तानी गरेकोमा मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी  सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई दिएको देखिएन  । नियमावलीको अनुसार मू.अ.कर भुक्तानी नदिदाँ दाखिला एवं समायोजन भएको यकिन गर्न नसकिने भएको हुंदा रु. ६७६९७/- को कर समायोजन पत्र पेश गर्नु  पर्दछ ।

५. **अन्य कार्यालयको खर्च :-** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ६ मा मातहत कार्यालयको लागि तालुक मन्त्रालय/विभागवाट रकम खर्च गर्ने अख्तियारी दिने र मातहतका कार्यालयले तालुक कार्यालयवाट प्राप्त अख्तियारीको सिमा भित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ । यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका जिल्ला स्थित स्वास्थ्य चौकी आलिताल लाई स्वास्थ्य सम्वन्धी कार्यक्रम संचालन गर्न रु ३ लाख र कृषि विकास कार्यालय सम्पर्क कार्यालयलाई फर्निचर खरिद गर्न रु २० हजार गरी जम्मा रु ३ लाख २० हजार अन्य कार्यालयको लागि खर्च लेखेको देखिएकोले नियम विपरित को खर्चमा नियन्त्रण हुनु पर्दछ ।

६. **बजेट संकेत:-** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(१) मा स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले वजेट संकेत प्रयोगर गरे पनि साविक गाउँ विकास समितिहरुले बजेट संकेत नंबर बमोजिम खर्च लेखेको छैन । यसले खर्चमा नियन्त्रण हुन नसक्ने भएकाले बजेट संकेत नंबर बमोजिम खर्च गरिनुपर्दछ ।

७. **मु.अ.कर भुक्तानीको जानकारी :** मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क बमोजिम ठेक्का दिने सरकारी निकायले आफूले गरेको ठेक्का संभौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिई कर भुक्तानी सम्बन्धित ठेकदारलाई गर्नुपर्ने व्यवस्था छ ।  गाकंखेत गाउँ विकास समितिको कार्यालयले विभिन्न आपूर्तिकर्ता तथाा व्यवसायीलाई रु. २४६७९८/- भुक्तानी हदाँ मू.अ.कर वापत रु. ३२०८३/- भूत्तानी गरेकोमा मूल्य अभिवृद्धि कर भुत्तानीको जानकारी  सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई दिएको देखिएन । नियमावलीको व्यवस्था अनुसार मू.अ.कर जानकारी

नदिदाँ दाखिला एवं समायोजन भएको यकिन गर्न नसकिने भएको हुंदा रु ३२०८३.३४ को कर समायोजन पत्र पेश गर्नु पर्दछ ।

८. **बिल भरपाइः** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ४६ (३) मा सम्बन्धित बजेट शिर्षकमा खर्चको रकमको विल भरपाई सहितको लेखा अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ । व्येष्ठ नागरिक सम्मान कार्यक्रमको कम्मल खरिदको लागि रु. ८१०००।- भुक्तानी भएकोमा बुझेको भरपाई श्रेस्ता साथ रोखेको छैन । खर्च लेख्दा खर्चलाई पुष्ट्याई गर्ने रु. ८१००० बाडेको भरपाई प्रमाण पेश हुनु पर्दछ ।

९. **अन्य कार्यालयको खर्च :-** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ६ मा मातहत कार्यालयको लागि तालुक मन्त्रालय/विभागवाट रकम खर्च गर्ने अख्तियारी दिने र मातहतका कार्यालयले तालुक कार्यालयवाट प्राप्त अख्तियारीको सिमा भित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ । यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका जिल्ला स्थित प्रहरी चौकी गाकंखेतलाई चौकी व्यवस्थापन वापत रु १५ हजार खर्च लेखेको देखिएकोले नियम विपरित यस्ता खर्च नियन्त्रण हुनु पर्दछ ।

१०. **नर्म्सको बढी दरः** डडेल्धरा जिल्लाको जिल्ला दररेट निर्धारण समितिले आ.व. २०७३।७४ का लागि जिल्लाको लागि तोकेको दररेटमा ज्यामी तथा अन्य मालसामानको दर निर्धारण गरेको र निर्माण कार्यका लागि स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलीडार) ले नर्म्स निर्धारण गरेको छ । कार्यालयले उपभोक्ता समितिबाट निर्माण कार्य गरेका दुई योजनाको लागत अनुमान तथा मूल्याङ्कन गर्दा फरक दररेट बिश्लेषण गरी लागत अनुमान तथा मुल्याङ्कन गर्दा नर्म्स भन्दा बढी भुक्तानी रु ६५५६६/- भएको छ । अतः कार्यालयले नर्म्सको पालना गरी बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल उपर गर्नुपर्दछ ।

११. आलिताल गाउँ विकास समितिको कार्यालयले गो भो न १९ २०७३।११।२७ बाट दलित लक्षित कार्यक्रम अन्तर्गत बाखा खरिद ,आरन खरिद बापत रु २४०००० भुक्तानी खर्च लेखेकोमा सो गो भौ साथ रु. २३६७१५ को मात्र बिल भरपाई संलग्न रहेकोले संलग्न बिल भरपाई भन्दा बढी खर्च लेखेको रु.३२८५ सम्बनिधत बाट असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१२. **बेरुजु अभिलेख र फछ्र्यौटः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौटतथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँ बिकास समितिको कार्यालय र गाउंपालिकामा बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्र्यौटको अभिलेख रहेको पाईएन।

**बेरुजू स्थिति**

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु. ११ लाख ८० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ७ लाख ७९ हजार, नियमित गर्नुपर्ने रु.४ लाख १ हजार रहेको छ ।

# भागेश्वर गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.४ लाख ९८ हजार र यो वर्ष आय रु. ४ करोड ५६ लाख ९६ हजार समेत रु. ४ करोड ६१ लाख ७४ हजार आम्दानी भएकोमा रु.४ करोड १० लाख २६ हजार खर्च भई रु. ५१ लाख ४८ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **बैङ्क समायोजन:** गाउपालिका कार्यालयको आय व्ययको विवरण अनुसार जम्मा मौज्दात रकम रु ५१,४७,७५२/- मध्ये बैंक मौज्दात रु. ५०,६९,७१९।- रहेको छ । श्रेस्ता अनुसारको मौज्दात रकमलाई आवधिक रुपमा बैक स्टेटमेण्ट लिई भिडान गर्ने गरेको देखिदैन । साथै आषाढ मसान्तको बैंक मौज्दात खुल्ने बैंक स्टेटमेण्ट बैंकवाट लिई कार्यालयले आफ्नो श्रेस्तामा देखिएको रकमको सम्बन्धित बैङ्कको हिसाब विवरण वा स्टेटमेण्टसँग भिडाएको बैङ्क हिसाब मिलान विवरण तयार गरिएको नपाइएकोले उक्त बैंक मौज्दात रकमको बैङ्क समायोजन विवरण तयार गरी यकिन गर्नुपर्दछ ।

२. **वडाहरुको मौज्दात:** साविक गाउविकास समितिहरु गाउँपालिकाको वडाहरुमा परिणत भैसकेपछि आर्थिक बर्ष २०७३।७४ को अन्तमा ति वडाहरुको बैंक मौज्दात देखिएको रकम वडा नम्वर १ को रु ७,००,८३०।–, वडा नम्वर ३ को बैंक मौज्दात रु १,६३,००९।- तथा नगद मौज्दात रु २१,६१६।– समेत रु १,८४,६२४।– वडा नम्वर ४ को रु ८,०८,२९९।– र वडा नम्वर ५ को रु ५,६९,९९०।– समेत जम्मा रु २२,६३,७१४।– गाउंपालिकाको मुल खातामा आम्दानी बाध्नु पर्दछ ।

३. **जिन्सी/सम्पत्ति संरक्षण र हस्ताणतरण** : साविकका कुनै पनि गाउँ विकास समितिहरुले सम्पत्तिको अभिलेख व्यवस्थित गरेर जिन्सी हस्तान्तरण गाउँपालिकामा गरेको देखिएन । जिन्सी सम्पत्तिको अभिलेख व्यवस्थित गरी गाउँपालिकामा सम्पत्ति हरुतान्तरण गरी वडा कार्यालयहरुले सम्पत्तिको प्रयोग गर्नु पर्दछ ।

४. **योजना छनौट र कार्यान्वयन:** स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ बमोजिम स्थानीय निकायले संचालन गर्ने योजना छनौट तथा कार्यान्वयनमा समाबेशी, पारदर्शिता र गाउं /नगर परिषदबाट पारित हुनु पर्नेमा योजना छनौट तथा कार्यान्वयनमा सम्पन्न योजना उपभोक्ता समितिमा हस्तान्तरण भएको देखिएन ।

५. **बजेट संकेत:-** स्थानीयनिकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(१) मा स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बजेट संकेत नंबर प्रयोग गरी खर्च लेखेको भए पनि साविक गाउँ विकास समितिले प्रयोग गरेको छैन् । यसले खर्चमा नियन्त्रण हुन नसक्ने भएकाले बजेट संकेत नंबर बमोजिम खर्च गरिनुपर्दछ ।

६. **कन्टिन्जेन्सी खर्च** : नेपाल सरकार मन्त्री परिषदको २०७०।१।१५ को निर्णयानुसार लागत गणना गर्दा समावेश गरिने ५ प्रतिशत कन्टिन्जेन्सी वापतको रकम मध्येबाट २ प्रतिशत रकम आवश्यकता अनुसार पूजिँ निर्माण तथा सम्पत्ति खरिद सम्बन्धि शीर्षकहरुमा अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमतिमा खर्च गर्नु पर्ने व्यवस्था छ । स्थानीय निकाय श्रोतपरिचालन तथा व्यवस्थापन कार्यविधी २०६९ को बूँदा १४(१) मा आयोजनाको पूँजीगत खर्चको ४ प्रतिसत कन्टिन्जेन्सीमा खर्च गर्न पाइने व्यवस्था छ । कार्यालयले कन्टिन्जेन्सी सम्बन्धी आयोजनागत अभिलेख राखेको देखिएन । यसैले कन्टिन्जेन्सी खर्च रकमको स्पष्टता खुल्न सक्ने अवस्था रहेन । अभिलेख व्यवस्थित गरी सोको आधारमा मात्र कन्टिजेन्सी खर्च लेख्नु पर्दछ ।

७. **सामाजिक सुरक्षा भत्ता:** आयव्यय विवरण अनुसार नगद मौज्दात रु ७८,०३३।- देखिएकोमा उक्त रकम सामाजिक सुरक्षा भत्ता वापत वितरण नभएको रकम हुनाले रु ७१,४००।- असुल भै केन्द्रीय राजस्व खातामा दाखिला भएको छ । बाँकी रु ६,६३३।- नगद मौज्दात सम्वन्धित व्यक्तिलाई जिम्मेवार बनाई उक्त रकम असुली गरी गाउँपालिकाको खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

८. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । गाउँपालिकाले ५ वटा वडालाई विभिन्न कार्यक्रम सञ्चालनको लागी वडाको खातामा जम्मा हुने गरी पेश्की दिएकोमा वडा मार्फत ५ जना व्यक्तिलाई पेश्की दिएको रकम रु २,६२,७००।- लेखापरीक्षणको अवधिसम्म पनि असुल फछ्र्यौट नभएकोले अविलम्व असुल फछ्र्यौट गर्न सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

९. **पेश्की बाँकी :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । रुपाल गाउँ विकास समितिले विभिन्न पेश्की दिएको मध्ये सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत रुपाल स्वास्थ्य चौकीलाई पेश्की दिएको रकम रु १,९००।- लेखापरीक्षणको अवधिसम्म पनि असुल फछ्र्यौट नभएकोले अविलम्व असुल फछ्र्यौट गर्न सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

१०. **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न ११ दरवन्दी रहेकामा ८ कर्मचारी कार्यरत रहेको छ । प्रत्येक पदको कार्य विवरण बनाई कार्यान्वयन नगरेको, भ्रमण प्रतिवेदन कतिपय तयार नगरेको, निर्माण कार्यमा बिनामितिको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको आदि अवस्था रहेको छ । कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्य सम्पादनलाई नियन्त्रण, मितव्ययी र पारदर्शी एवं भरपर्दो बनाउनु पर्दछ ।

११. **बेरुजु अभिलेख र फछ्र्यौटः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँ बिकास समितिको कार्यालय र गाउँपालिकामा बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्र्यौटको अभिलेख रहेको पाईएन ।

**बेरुजू स्थिति**

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु. २ लाख ७२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.७ हजार, र पेश्की रु रु.२ लाख ६५ हजार रहेको छ ।

# नवदुर्गा गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालीकाको गत वर्षको मौज्दात रु १२ लाख ५२ हजार र यो वर्ष आय रु ६ करोड ८३ लाख ३० हजार समेत रु ६ करोड ९५ लाख ८२ हजार आम्दानी भएकोमा रु. ६ करोड २६ लाख ७० हजार खर्च भई रु. ६९ लाख १२ हजार मौज्दात  रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्।

१. **लेखापरीक्षणः** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियामावली २०६४ अनुसार स्थानीय निकायले आन्तरिक लेखापरिक्षण गराई अन्तिम लेखापरिक्षण गराउने र सोको प्रतिवेदन उपर कार्वाहि समेत गर्नुपर्ने व्यवस्था छ। यो वर्ष आर्थिक बिवरणबाट केन्द्रिय अनुदान र अन्तरिक आय समेत रु.७६४२३५७७.० आम्दानी भई रु.६२६७०४५४.० खर्च भएको देखिन्छ। साविकका गाउँ विकास समितिहरुको आन्तरिक आय गरे पनि मुल खातामा देखाएको छैन। साथै साविक गाविसहरुले आफै आम्दानी गरी नगदै खर्च गरेको पनि देखियो। गाविसहरुले गरेको आम्दानी आय व्यय विवरणमा आंशिक उल्लेख गरेकोले सबै साविक गा.वि.स. र हालका वडाको आन्तरिक आयको लेखापरीक्षण गरिएको छैन। साविक गाउँ विकास समितिहरुले सामाजिक सुरक्षा भत्ता वापत जिल्ला विकास समितिवाट पेश्की प्राप्त रकम आय र वितरण तथा जिल्ला विकास समिति फिर्ता गरेको रकमलाई व्ययमा उल्लेख गरी सो को सक्कल प्रति श्रेस्ता जिल्ला विकास समितिमा पेश गरेको देखिन्छ।

२. **जिन्सी/सम्पत्ति संरक्षण र हस्तान्तरण :** साविकका कुनै पनि गाउँ विकास समितिहरुले सम्पत्तिको अभिलेख व्यवस्थित गरेर जिन्सी हस्ताण्तरण गाउँपालिकामा गरेको देखिएन। जिन्सी सम्पत्तिको अभिलेख व्यवस्थित गरी गाउँपालिकामा सम्पत्ति हरुतान्तरण गरी वडा कार्यालयहरुले सम्पत्तिको प्रयोग गर्नु पर्दछ।

३. **योजना छनौट र कार्यान्वयनः** स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ बमोजिम स्थानीय निकायले संचालन गर्ने योजना छनौट तथा कार्यान्वयनमा समाबेशी, पारदर्शिता र गाउँ/नगर परिषद्‌बाट पारित हुनु पर्नेमा योजना छनौट तथा कार्यान्वयनमा प्रगती प्रतिवेदन पेश नभएकाले परिषदबाट पारित नभएका योजना संचालन गरेको बारेमा विश्लेषण गर्न सकिएन। साथैसम्पन्न योजना उपभोक्ता समितिमा हस्तान्तरण भएको देखिएन।

४. **बजेट संकेतः-** स्थानीयनिकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(१) मा स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले बजेट संकेत नंबर प्रयोग गरी खर्च लेखेको भए पनि साविक गाउँ विकास समितिले प्रयोग गरेको छैन्। यसले खर्चमा नियन्त्रण हुन नसक्ने भएकाले बजेट संकेत नंबर बमोजिम खर्च गरिनुपर्दछ।

५. **कन्टिन्जेन्सी खर्च** : नेपाल सरकार मन्त्री परिषदको २०७०।१।१५ को निर्णयानुसार लागत गणना गर्दा समावेश गरिने ५ प्रतिशत कन्टिन्जेन्सी वापतको रकम मध्येबाट २ प्रतिशत रकम आवश्यकता अनुसार पूजिँ निर्माण तथा सम्पत्ति खरिद सम्बन्धि शीर्षकहरुमा अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमतिमा खर्च गर्नुपर्ने व्यवस्था छ। स्थानीय निकाय श्रोतपरिचालन तथा व्यवस्थापन कार्यविधी २०६९ को बूँदा १४(१) मा आयोजनाको पूँजीगत खर्चको ४ प्रतिसत कन्टिन्जेन्सीमा खर्च गर्न पाइने व्यवस्था छ। कार्यालयले कन्टिन्जेन्सी सम्बन्धी आयोजनागत अभिलेख राखेको देखिएन। यसैले कन्टिन्जेन्सी खर्च रकमको स्पष्टता खुल्न सक्ने अवस्था रहेन। अभिलेख व्यवस्थित गरी सोको आधारमा मात्र कन्टिजेन्सी खर्च लेख्नु पर्दछ ।

६. **पेश्की बाँकी :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ। गाउँपालिकाले वडा नं ३ का १ जना प्राविधिक सहायकलाई वालवालिका लक्षित कार्यक्रम संचालनको लागि वडाको खातामा जम्मा हुने गरी रु २९२४५० पेश्की दिएकोमा लेखापरीक्षणको अवधिसम्म पनि असुल फछ्र्यौट नभएकोले अविलम्व असुल फछ्र्यौट गर्न सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

७. **नगद मौज्दात :** मणीलेक गाउँ विकास समितिको कार्यालयले गत वर्षवाट जिम्मेवारी सारेको र यस वर्षको अन्तसम्म नगद मौज्दातको रुपमा रहेको रु ३५,०००।- तत्कालिन गाविस सचिव भक्त कुँवरको जिम्मामा रहेको नगद मौज्दात भनी श्रेस्तामा उल्लेख गरेको देखियो। गत विगत वर्ष देखि नै असुल नगरी राखेको उक्त रकम आवस्यक कारवाही गरी व्याज सहित असुल गर्न सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ।

८. **अग्रिमकर :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार सेवासुल्क भुक्तानीमा १५ र भ्याट दर्तावालाको हकमा १.५ प्रतिशत, भाडा भूक्तानीमा १० प्रतिशत र सोही ऐनको दफा ८७ तथा अनुसुची १ अनुसार पारिश्रमिक भुक्तानीमा १ प्रतिशत सामाजिक सुरक्षा कर कटाउनु पर्ने उल्लेख छ। कोटेली गाउँ विकास समितिले विभिन्न खरिद तथा भुक्तानीमा नियमावली वमोजिम करकट्टा गर्नुपर्ने रुरु ४,१०२।- असुल गरी राजस्व दाखिला गर्न सम्वन्धित पदाधिकारी जिम्मेवार बनाउनु पर्ने देखिन्छ।

९. **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारि बनाउनु पर्ने व्यवस्था छ। कार्यालयले विभिन्न १३ कर्मचारी कार्यरत रहेकोमा प्रत्येक पदको कार्य विवरण बनाई कार्यान्वयन नगरेको, भ्रमण अभिलेख व्यवस्थित नभएको , भ्रमण प्रतिवेदन तयार नगरेको , खरिद योजना नबनाएको, टुक्रा पारी खरिद गरेको, निर्माण कार्यमा बिनामितिको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको आदि अवस्था रहेको छ। कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्दछ।

१०. **बेरुजु अभिलेख र फछ्र्यौट :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ। गाउँ बिकास समितिको कार्यालय र गाउँपालिकामा बेरुजु अभिलेख, पेश्की बाँकीको विवरण तथा सो को फछ्र्यौटको अभिलेख रहेको पाईएन।

**बेरुजू स्थिति**

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु. ३ लाख ३१ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु. ३९ हजार र पेश्की रु. २ लाख ९२ हजार रहेको छ।

# अजयमेरु गाउँपालिका, डडेलधुरा

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालीकाको गत वर्षको मौज्दात रु. १४ लाख ८१ हजार र यो वर्ष आय रु. ६ करोड ६४ लाख ३२ हजार समेत रु. ६ करोड ७९ लाख १३ हजार आम्दानी भएकोमा रु. ६ करोड ६ लाख ४९ हजार खर्च भई रु. ७२ लाख ६४ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

१. **लेखा परीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियामावली २०६४ अनुसार स्थानीय निकायले आन्तरिक लेखापरिक्षण गराई अन्तिम लेखापरिक्षण गराउने र सोको प्रतिवेदन उपर कार्वाहि समेत गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आर्थिक बिवरणबाट केन्द्रिय अनुदान र अन्तरिक आय समेत रु ७,२३,९०,६४८.०० आम्दानी भई रु. ६,०६,४९,१२७.०० खर्च भएको देखिन्छ । साविकका गाउँ विकास समितिहरुको आन्तरिक आय गरे पनि मुलखातामा देखाएको छैन । साथै साविक गाविसहरुले आफै आम्दानी गरी नगदै खर्च गरेको पनि देखियो । गाविसहरुले गरेको आम्दानी आय व्यय विवरणमा आंशिक उल्लेख गरेकोले सबै साविक गाविस र हालका वडाको आन्तरिक आयको लेखापरीक्षण गरिएको छैन । गाउँपालिका सहित साविक गाउँ विकास समितिहरुले सामाजिक सुरक्षा भत्ता वापत जिल्ला विकास समितिवाट प्राप्त रकम आय र वितरण तथा जिल्ला विकास समिति फिर्ता गरेको रकमलाई व्ययमा उल्लेख गरी सो को सक्कल प्रति श्रेस्ता जिल्ला विकास समितिमा पेश गरेको देखिन्छ ।

२. **बैङ्क समायोजन:** गाउपालिका कार्यालयको आय व्ययको विवरण अनुसार जम्मा बैंक मौज्दात रु.७२,६३,७३४।० रहेको छ । उक्त श्रेस्ता अनुसारको मौज्दात रकमलाई आवधिक रुपमा बैक स्टेटमेन्ट लिई भिडान गर्ने गरेको देखिदैन । साथै आषाढ मसान्तसम्मको बैंक मौज्दात खुल्ने बैंक स्टेटमेन्ट बैंकवाट लिई कार्यालयले आफ्नो श्रेस्तामा देखिएको रकमको सम्बन्धित बैङ्कको हिसाब विवरण वा स्टेटमेन्टसँग भिडाएको बैङ्क हिसाब मिलान विवरण तयार गरिएको नपाइएकोले उक्त बैंक मौज्दात रकमको बैङ्क समायोजन विवरण तयार गरी यकिन गर्नुपर्दछ ।

३. **जिन्सी/सम्पत्ति संरक्षण र हस्तान्तरण :** साविकका कुनै पनि गाउँ विकास समितिहरुले सम्पत्तिको अभिलेख व्यवस्थित गरेर जिन्सी हस्ताण्तरण गाउँपालिकामा गरेको देखिएन । जिन्सी सम्पत्तिको अभिलेख व्यवस्थित गरी गाउँपालिकामा सम्पत्ति हरुतान्तरण गरी वडा कार्यालयहरुले सम्पत्तिको प्रयोग गर्नु पर्दछ ।

४. **योजना छनौट र कार्यान्वयन:** स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ बमोजिम स्थानीय निकायले संचालन गर्ने योजना छनौट तथा कार्यान्वयनमा समाबेशी, पारदर्शिता र गाउं/नगर परिषदबाट पारित हुनु पर्नेमा योजना छनौट तथा कार्यान्वयनमा प्रगती प्रतिवेदन पेश नभएकाले परिषदबाट पारित नभएका योजना संचालन गरेका विश्लेषण गर्न सकिएन । शाथै सम्पन्न योजना उपभोक्ता समितिमा हस्तान्तरण भएको देखिएन ।

५. **बजेट संकेत:-** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(१) मा स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बजेट संकेत नंबर प्रयोग गरी खर्च लेखेको भए पनि साविक गाउँ विकास समितिले प्रयोग गरेको छैन् । यसले खर्चमा नियन्त्रण हुन नसक्ने भएकाले बजेट संकेत नंबर बमोजिम खर्च गरिनुपर्दछ ।

६. **कन्टिन्जेन्सी खर्च** : नेपाल सरकार मन्त्री परिषदको २०७०।१।१५ को निर्णयानुसार लागत गणना गर्दा समावेश गरिने ५ प्रतिशत कन्टिन्जेन्सी वापतको रकम मध्येबाट २ प्रतिशत रकम आवश्यकता अनुसार पूजिँ निर्माण तथा सम्पत्ति खरिद सम्बन्धि शीर्षकहरुमा अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमतिमा खर्च गर्नु पर्ने व्यवस्था छ । स्थानीय निकाय श्रोतपरिचालन तथा व्यवस्थापन कार्यविधी २०६९ को बूँदा १४(१) मा आयोजनाको पूँजीगत खर्चको ४ प्रतिसत कन्टिन्जेन्सीमा खर्च गर्न पाइने व्यवस्था छ । कार्यालयले कन्टिन्जेन्सी सम्बन्धी आयोजनागत अभिलेख राखेको देखिएन । अभिलेख व्यवस्थित गरी सोको आधारमा कन्टिजेन्सी खर्च लेख्नु पर्दछ ।

७. **अग्रिमकर:** आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवासुल्क भुक्तानीमा १५ र भ्याट दर्तावालाको हकमा १.५ प्रतिशत, भाडा भूक्तानीमा १० प्रतिशत र सोही ऐनको दफा ८७ तथा अनुसुची १ अनुसार पारिश्रमिक भूक्तानीमा कटाउनु पर्ने १ प्रतिशत सामाजिक सुरक्षा कर काट्नु पर्ने व्यवस्था भएकोमा देवल दिव्यपुर गाउँ विकास समितिले ऐन वमोजिम विभिन्न खरिद तथा भुक्तानीमा रु. १०२५९ करकट्टा नगरेकोले उक्त रकम असुल गरी राजस्व दाखिला गर्नुपर्ने देखिन्छ ।

८. **सञ्चयकोष कट्टी दाखिला:** अजयमेरु गाउँ विकास समितिले विभिन्न समयमा कर्मचारीको तलव भूक्तानी गर्दा कर्मचारीहरुको सञ्चयकोष कटाएको रकम सञ्चयकोष दाखिला नगरेको भनी आन्तरिक लेखापरीक्षणले समेत औल्याएको रु ६४,५४४।- अविलम्व दाखिला हुनुपर्ने देखिन्छ ।

९. **रकम ट्रान्सफर**: स्थानीय तह सञ्चालन आदेश २०७३ को बुँदा ३१ अनुसार अजयमेरु गाविसले २०७३।११।२७ पछि आर्थिक कारोवार नगर्नुपर्नेमा २०७३।१२।२ मा कोष खाताबाट रु १,८१,०००।- चालु खर्च खातामा रकम ट्रान्सफर गरी रु १,५२,०१०।- खर्च लेखेको नियमित देखिएन ।

१०. **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न २५ कर्मचारी कार्यरत रहेकोमा प्रत्येक पदको कार्य विवरण बनाई कार्यान्वयन नगरेको, लागत अनुमान तयार नगरेको, भ्रमण अभिलेख व्यवस्थित नभएको, भ्रमण प्रतिवेदन तयार नगरेको, खरिद योजना नबनाएको, टुक्रा पारी खरिद गरेको आदि अवस्था रहेको छ । कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्य सम्पादनलाई नियन्त्रण, मितव्ययी र पारदर्शी एवं भरपर्दो बनाउनु पर्दछ ।

११. **बेरुजु अभिलेख र फछ्र्यौट:** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौटतथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँ बिकास समितिको कार्यालय र गाउँपालिकामा बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सोको फछ्र्यौटको अभिलेख रहेको पाईएन ।

**बेरुजू स्थिति**

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु २ लाख २७ हजार बेरुजू देखिएका छ । सोमध्ये असुल गर्नुपर्ने रु १० हजार र नियमित गर्नुपर्ने रु. २ लाख १७ हजार हजार रहेको छ ।

# गन्यापधुरा गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालीकाको गत वर्षको मौज्दात रु ३ लाख ९ हजार र यो वर्ष आय रु ५ करोड १ लाख ८९हजार समेत रु ५ करोड ४ लाख ९८ हजार आम्दानी भएकोमा रु ४ करोड ५० लाख ३८ हजार खर्च भई रु ५४ लाख ५९ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **विल भरपाई** :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च लेख्दा खर्च पुष्ट्रयाँई गर्ने विल भरपाई समेत संलग्न राख्नु पर्ने व्यवस्था छ । समपुरक कार्यक्रम अर्न्तगत सब सेन्टर खानेपानी तथा सरसफाई लाई रु २,५०,००० र सिमकालढुगां लाई दिएको रु २,५०,०००। समेत रु ५ लाखको भुक्तानी भएकोमा बिल भरपाई समावेश भएको देखिएन । तर्सथ नियममा व्यवस्था भए अनुसार खर्च रु. ५ लाखको खर्च समर्थन गनुपर्दछ ।

२. **संचित कोषः** जिल्ला विकास समितिले पूंजीगत अनुदानको रुपमा साविकका गाउं विकास समिति र हालका वडा कार्यालयहरु लाई दिइएको रकम मध्ये तिन गाउँ विकास समितिको खर्च नभई वांकी रहेको रकम रु ८,३६८ हाल सम्म गा. बि. स को खातामा रहेकोले फिर्ता गरी राजस्व दाखिला गर्नुपर्दछ ।**बजेट संकेतः-** स्थानीयनिकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(१) मा स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बजेट संकेत नंबर बमोजिम खर्च लेखेको छैन । यसले खर्चमा नियन्त्रण हुन नसक्ने भएकाले बजेट संकेत नंबर बमोजिम खर्च गरिनुपर्दछ ।

३. **मु.अ.कर भुक्तानीको जानकारी** :मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क बमोजिम ठेक्का दिने सरकारी निकायले आफूले गरेको ठेक्का संझौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिई कर भुक्तानी सम्बन्धित ठेकदारलाई गर्नुपर्ने व्यवस्था छ । आसिग्राम गाउँ विकास समिति कार्यालयले विभिन्न आपूर्तिकर्ता तथा व्यवसायीलाई रु. २,८५,७७५।- भुक्तानी हुदाँ मू.अ.कर वापत रु.३३,४१३ मष्टामाण्डौ गाउँ विकास समितिको कार्यालयले विभिन्न आपूर्तिकर्ता तथा निर्माण व्यवसायीलाई रु. ५,८८,१२१ भुक्तानी हदाँ मू.अ.कर वापत रु. ७६,४५५ भूक्तानी गरेकोमा मूल्य अभिवृद्धि कर भुत्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई दिएको देखिएन । नियमावलीको व्यवस्था अनुसार मू.अ..कर जानकारी नदिदाँ दाखिला एवं समायोजन भएको यकिन गर्न नसकिने भएको हुंदा रु ७६,४५५.को कर समायोजन पत्र पेश गर्नुपर्दछ ।

४. **कर दाखिलाः** गणेशपुर गाउँ विकास समितिको कार्यालयले गो भो न ४२।७३।१०।१० र २२।१०।२७ बाट स्वास्थय सेवा कार्यक्रमबाट कट्टा गरिएको रु २७५० र लेखापरीक्षण पारीश्रमिकबाट कट्टा कर रु १५०० समेत ४२५० कर राजस्व दाखिला गरेको नदेखिएकोले राजस्व दाखिला गर्नुपर्दछ ।

५. **जिन्सी आम्दानी :** मष्टामाण्डौ गाउँ विकास समितिको कार्यालयले भौ .न । मिति ४।७३।१०।१० जनता उ.मा.वि सआयललाई दुई थान ल्यापटप खरिद गरि भुक्तानी दिएको भनि रु १ लाख खर्च लेखेकोमा उक्त ल्यापटप विद्यालयले आम्दानी बाधेको प्रमाण पेश गरी नियमित गर्नुपर्ने अन्यथा असुल गर्नु पर्दछ ।

६. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न दरवन्दी रहेकोमा कर्मचारी कार्यरत रहेकोमा प्रत्येक पदको कार्य विवरण बनाई कार्यान्वयन नगरेको, लागत अनुमान तयार नगरेको , भ्रमण अभिलेख व्यवस्थित नभएको , भ्रमण प्रतिवेदन तयार नगरेको, खरिद योजना नबनाएको, टुक्रा पारी खरिद गरेको आदि अवस्था रहेको छ । कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्य सम्पादनलाई नियन्त्रण, मितव्ययी र पारदर्शी एवं भरपर्दो बनाउनु पर्दछ।

७. **बेरुजु अभिलेख र फछ्र्यौटः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौटतथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँ बिकास समितिको कार्यालय र गाउंपालिकामा बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्र्यौटको अभिलेख रहेको पाईएन।

### बेरुजू स्थिति

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु ७ लाख २३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै वेरुजु फछ्र्यौट नगरेकोले रु ७ लाख २३ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु ४ हजार नियमित गर्नुपर्ने रु ७ लाख १९ हजार रहेको छ ।

## दशरथचन्द्र नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु. ९१ लाख ९८ हजार र यो वर्ष आय रु. १८ करोड ९९ लाख ७७ हजार समेत रु. १९ करोड ९१ लाख ७५ हजार आम्दानी भएकोमा रु. १६ करोड २० लाख ८१ हजार खर्च भई रु. ३ करोड ७० लाख ९४ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण प्रणाली** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्याङ्कन गर्दा दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्नेमा सो अनुसार व्यवस्था नगरेको, कार्यक्रमगत आम्दानी खर्च खाता नराखेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको, कार्यालयले उद्देश्य प्प्तिमा आइपर्ने सम्भावित जोखिमहरु परिचान नगरेको, अन्तिम लेखापरीक्षणबाट औंल्याएको बेरुजू अभिलेख व्यवस्थित नराखेको, कार्यविवरण तयार गरि कर्मचारीको अधिकार जिम्मेवारी नदिएको, वार्षिक रुपमा जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापनको कार्य नभएको तथा नगरपालिकावाट सम्वन्धित वडाहरुलाई खाता संचालन गरी वडाको खातामा रकम जम्मा गरिए पनि समयमा नै पेश्कि फर्छ्यौट गरि वडाका खाताहरु प्रमाणित नगरिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

२. **खरिद योजना :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो बर्ष खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन। सार्बजनिक खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आबश्यक पर्ने भएकोले नियमको पालना हुनुपर्दछ।

३. **बरबुझारथः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३.४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ।

४. **सम्पत्ति हस्तान्तरणः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेकोले हस्तान्तरण भएको छैन।

५. **लगत :** आ.व. २०७२।०७३ को लेखापरीक्षणको प्रतिवेदनवाट उल्लेखित योजनागत पेश्की वेरुजु लगतको अभिलेख, जिन्सी लगत एवं सो का कैफियत व्यहोराहरुको अद्यावधिक गरी फछ्र्यौट एवं नियमित गर्ने पध्दतीको विकास गरिएको देखिएन। अतः लेखापरीक्षण प्रतिवेदनको लगत राखी बेरुजु फछ्र्यौट एवं नियमित गर्नुपर्दछ।

६. **बैंक मौज्दात :** नगरपालीका कार्यालयले पेश गरेको आर्थिक वर्ष २०७३।७४ को आर्थिक विवरण अनुसार २०७४ असार मसान्तमा कार्यालयलको बैंक मौज्दात रु.३,७०,९३,८७४।- देखिएको छ। लेखापरीक्षणको सिलसिलामा उक्त रकमको बैंक स्टेटमेन्ट पेश नभएकोले वास्तविक मौज्दात यकिन हुन सकेन।

७. **गतको जिम्मेवारी :** कार्यालयबाट प्राप्त आर्थिक विवरण र पेश भएको श्रेस्ता अनुसार २०७३।४।१ मा रु. ८३,९६,७३५।- बैंक मौज्दात रहेको देखिएकोमा आर्थिक वर्ष २०७२।७३ को लेखापरीक्षणको अन्तिम प्रतिवेदन सहितको प्रमाणित आर्थिक विवरणको वासलातमा रु.५०,६१,९३५।- बैंक मौज्दात रहेको उल्लेख भएता पनि कार्यालयको श्रेस्ता अनुसारको मौज्दात आर्थिक वर्ष २०७३।७४ को आय व्यय विवरणमा जिम्मेवारी सारेको देखिएको छ।

८. **कार्यक्रम बेगर खर्चः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा स्वीकृत बजेट तोकिएको कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयले ब.उ.शि.नं. ६०२११० (संघिय संरचना पूर्वाधार विकास कार्यक्रम) बाट प्राप्त रु.१,००,००,०००। मध्ये रु.११,०७,७०१।०० कार्यालयले नगरपालीका चालु अनुदानमा सारी प्रशासनिक कार्यमा खर्च गरेको तथा ब.उ.शि.नं. ३६५८०३३ (नगरपालीका पूँजिगत अनुदान)

को बजेट मध्ये रु.३६,९४,७८७५० सोही शिर्षकका क्रियाकलापमा खर्च नगरी ब.उ.शि.नं. ३६५८१७३ (नगर क्षेत्र पूर्वाधार विकास) का कार्यमा स्वीकृती वेगर खर्च गरेकोले नियमको पालना गरेको देखिएन ।

९. **म्याद थपः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२८ मा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा तोकिएको प्रक्रिया अनुसार म्याद थप गर्नुपर्ने व्यवस्था छ । नियम १२९(१) मा निर्माण व्यवसायीको ढिलाइको कारणले तोकिएको म्यादमा सम्झौता अनुसारको काम सम्पन्न नभएमा सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनले वा सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरी पूर्व निर्धारित क्षतिपूर्ती लिई म्याद थप गर्न सकिने उल्लेख छ । कार्यालय भवन, चक्रपथ, जर्ग सडक, तथा वन डिभिजन जाने सडक निर्माण कार्यको सम्झौतामा तोकिएको म्यादमा सम्पन्न नभएकोले म्याद थप भएकोमा थप म्यादमा समेत निर्माण कार्य सम्पन्न गरेको देखिएन । तोकिएको म्यादभित्र कार्य सम्पन्न हुन नसक्नुको कारणको विश्लेषण गरि उल्लेखित नियम अनुसार म्याद थप गरी निर्माण कार्य सम्पन्न गर्न कार्यालयले ध्यान दिनुपर्दछ ।

१०. **कार्य सम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (डिफेक्ट लियाविलिटिज) को अवधि भन्दा कम्तीमा १ महिना बढि अवधिको कार्य सम्पादन जमानत हुनुपर्ने व्यवस्था छ । ४ निर्माण व्यवसायीहरुलाई सम्झौता अनुसारको अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न नसकी म्याद थप गरिएकोमा कार्य सम्पादन जमानतको म्याद थप गरेको देखिएन । म्याद थप गरेको कार्य सम्पादन जमानत लिनुपर्दछ ।

११. **जर्ग सडक निर्माण कार्य (चेनेज ०+००० देखि ०+५००) :** जर्ग सडक निर्माणको लागत अनुमान रु.४४,१४,८६०। (मु.अ.कर समेत) को कार्य कैलास कन्स्ट्रक्सन संग मिति २०७४।१।२५ मा सम्पन्न गर्ने गरी रु.२३,९९,४३६।- (मु.अ.कर समेत) को ठेक्का निर्माण कार्य मिति २०७३।११।२८ मा सम्झौता भई प्रथम रनिङ विलको रु.११,७०,१३४।- भुक्तानी भएकोमा देखिएको व्यहोरा निम्न बमोजिम छन्:

११.१. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँचगर्नु पर्ने व्यवस्था छ । निर्माण कार्यको प्रथम रनिङ विलको जोड जम्मा मु.अ.कर समेत रु.११,५७,७०४। भएकोमा रु.११,७०,१३४।- उल्लेख गरी रु.१२,४२९।- बढि भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

११.२. निर्माण व्यवसायीले सडक खन्ने कार्य सम्पन्न गरेको छैन । २०० मिटर ड्रेन निर्माण वापत रु.१,०८,४८०।- भुक्तानी भएकोमा स्थलगत अवलोकन गर्दा उक्त ड्रेनको अधिकांश भाग भत्किएर काम नलाग्ने अवस्थामा देखियो । सडक खन्ने कार्यमा स्लोप नमिलाई कटिङ गर्दा माथिबाट खस्ने क्रमले निर्मित ड्रेन काम नलाग्ने अवस्थामा छ । निर्माण व्यवसायीलाई सम्झौता अनुसारको कार्य सम्पन्न गराउने र विग्रे भत्केको कार्य पुनः सम्झौता अनुसार गर्न लगाउनु पर्दछ ।

११.३. यस सडक निर्माणको संलग्न नापी कितावमा २४० मिटर सडकको लागि माटो कटिङ गरेको आधारमा खर्च लेखिएको छ । उक्त सडकको मिति २०७४।१०।३ मा कार्यकारी अधिकृत र इन्जिनियर समेतको उपस्थितिमा स्थलगत अवलोकन गर्दा २०० मिटर मात्रै सडक निर्माणको लागि माटो कटिङ गरेको देखिएकोले बढि कटिङ गरेको देखाइएको ४० मिटरको हुने ३२५ घ.मि.को प्रति घ.मि. रु.२००। ले मु.अ.कर समेत रु.७३,४५०। निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

१२. **भवन निर्माण :** दशरथचन्द्र नगरपालिका वार्ड नं. १ गढी स्थित पुरानो भवन भत्काई नयाँ भवन निर्माणको लागत अनुमान रु.७३,३०,९७३।८१ (मु.अ.कर समेत) को कार्य सुदुर पश्चिम निर्माण सेवा प्रा.लि. संग मिति २०७४।३।१५ भित्र सम्पन्न गर्ने गरी रु.४९,०८,११४।७१ (मु.अ.कर समेत) को ठेक्का मिति २०७३।११।१० मा सम्झौता भएको छ । सम्झौता अनुसार निर्माण व्यवसायीलाई प्रथम रनिङ विलको रु.१,९६,४४५। भुक्तानी दिएको छ । सो सम्बन्धमा निम्न व्यहोरा देखियो ।

१२.१. सम्झौताको बुँदा नं. १ मा ३ महिना भित्र अर्थात ०७४।३।१५ भित्र सम्झौता अनुसार सम्पूर्ण कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था गरिएकोमा वर्षात, निर्वाचन, कामदारको अभाव जस्ता कारण उल्लेख गरी २०७४।३।९ को म्याद थपको निवेदन अनुसार कार्यालयबाट २०७४।७।१५ सम्म म्याद थप गरेको छ । म्याद थपको अवधि सम्म पनि निर्माण व्यवसायीले सम्झौता अनुसार कार्य सम्पन्न गर्न सकेको अवस्था छैन । पुरानो भवन भत्काई पिलरको लागि जग खन्ने कार्य सम्म भएको लेखापरीक्षणको स्थलगत निरीक्षणबाट देखियो । लेखापरीक्षण अवधि ( २०७४।१०।२५) सम्म पनि निर्माण कार्यको थप प्रगति गरेको नदेखिएकोले नियमानुसार म्याद थप गरी निर्माण कार्यलाई सुचारु गर्नुपर्दछ ।

१२.२. सम्झौताको बुँदा नं. २ मा निर्माण स्थलमा नगरपालिकाले उपलब्ध गराएको ढाँचामा सबैले देख्ने गरी योजनाको विवरण खुल्ने गरी होडिङ बोर्ड राख्नुपर्ने उल्लेख छ । निर्माण कार्यस्थलमा होर्डिङ बोर्ड राखिएको छैन ।

१२.३. सम्झौताको बुँदा नं. १२ मा पुरानो भवन भत्काउँदा सो भवनमा रहेका पुनः प्रयोगमा आउने सामाग्री (झ्याल, ढोका, ग्रील) कार्यालयलाई बुझाउनु पर्ने उल्लेख छ । पुरानो भवन भत्काइसकेकोले सामाग्री (झ्याल, ढोका, ग्रील)हरु बुझाएको नपाइएकोले ति सामान कहाँ कुन अवस्थामा रहेको छ कार्यालयले यकिन गरी जिन्सी दाखिला गर्नुपर्दछ ।

१३. **चक्रपथ निर्माण (चेनेज नं. ०+००० देखि १+०००) :** लागत अनुमान रु.२,४१,५६,३८२।(मु.अ.कर) को सडक निर्माण कार्य चन्द्र एण्ड वसन्त ग्वालेक जे.भी. संग २०७४।२।२५ सम्म कार्य सम्पन्न गर्ने गरी रु.२,४०,५६,९२४।- को ठेक्का २०७३।११।१९ मा सम्झौता भई प्रथम रनिङ विल रु.१,५५,७१,४८४। भुक्तानी गरेको सम्बन्धमा देखिएका व्यहोरा निम्न बमोजिम छन् :

१३.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गर्ने मेशिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च तथा निर्माण कार्यमा संलग्न हुने कामदारहरुको निर्माण कार्य सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गरिने मिति सम्मको विमा गर्नुपर्ने व्यवस्था भए अनुसार ठेक्का सम्झौतामा व्यवस्था गरिएकोमा प्रथम रनिङ विलको रु.१,५५,७१,४८४। को कार्य गरि सक्दा पनि नियमानुसार निर्माण व्यवसायीले विमा गरेको छैन । सम्झौता अनुसार विमा गर्नु गराउनुपर्दछ ।

१३.२. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२८ मा सम्झौताको म्याद सकिनु कम्तीमा ७ दिन अगावै मनासिव कारण उल्लेख गरी म्याद थपको निवेदन दिनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले म्याद थप गर्नुपर्नाको कारण सहित म्याद थपको लागि गरेको निवेदन फाइलमा संलग्न छैन । सम्झौताको अवधि भित्र कार्य सम्पन्न गर्न नसकेको र कार्यकारी अधिकृतको निर्णयबाट पहिलो पटक २०७४।३।१२ सम्म दोस्रो पटक २०७४।६।२५ सम्म नगर प्रमुखबाट वोर्डबाट अनुमोदन गर्ने गरी २०७४।९ मसान्त सम्म म्याद थप गरेकोमा उक्त निर्णय वोर्डबाट अनुमोदन भएको छैन ।

१४. **सौर्य बत्ति जडान :** विभिन्न ४५ स्थानमा सौर्यबत्ति जडान गर्न उपभोक्ता समिति संग २०७३।११।२८ मा रु.५१,०६,०९१।८४ को ठेक्का सम्झौता भएको मध्ये समितिले रु.७,८२,३०७।- र नगरपालिकाले रु.४३,२३,७८४।८४ व्यहोर्ने उल्लेख छ । उक्त कार्यमा रु.५१,०६,०९१।- खर्च लेखेकोमा देखिएका व्यहोरा यस प्रकार छन्:

१४.१. **खर्चको प्रमाण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको स्पेशिफिकेशनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्दछ । लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानिय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधार लिई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सोलार होम्स नेपाल प्रा.लि., सौर्य इनर्जी प्रा.लि. काठमाण्डौ र उज्यालो उर्जा प्रा.लि. काठमाण्डौको दररेट लिई लागत अनुमान तयार गरेको छ । नियममा भएको उल्लेखित सबै आधारको प्रयोग गरेर लागत अनुमान तयार नगरेकोले वास्तविक लागत यकिन हुन सकेन ।

१४.२. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ को ५(झ) मा बढि जटिल प्राविधिक पक्ष समावेश भएको र मेशिनरी बढि प्रयोग हुने बाहेक श्रमप्रधान प्रविधि अपनाइने कार्यक्रममा मात्र उपभोक्ता समिति मार्फत कार्य गराउनुपर्ने व्यवस्था छ । कार्यालयले उच्च प्रविधि युक्त सोलार बत्ति जडान गर्ने कार्य उपभोक्ता समिति मार्फत गराएकोले उल्लेखित नियमको पालना भएको देखिएन । नियमानुसार समितिको कार्यक्षमताको विचार समेत नगरी कार्य गराएकोले कार्यसम्पादन स्तरमा समेत असर हुन सक्ने देखिन्छ । नियमको पालनामा ध्यान दिनुपर्दछ ।

१४.३. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम, १५५(५) मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख तथा मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिले सौर्य बत्ति जडानका कार्य सम्पन्न गरी प्राविधिक मुल्याङ्कन अनुसार सम्झौताको सम्पूर्ण रकम भुक्तानी भै सकेको तर नियममा व्यवस्था भएअनुसार सौर्य बत्तिको रेखदेख तथा मर्मत सम्भार गर्ने जिम्मेवारी तोकी हस्तान्तरण गरेको देखिएन । नगरपालिकाबाट कार्यालयले उपभोक्ता समितिलाई रेखदेख तथा मर्मत सम्भार गर्ने जिम्मेवारी तोकी हस्तान्तरण गर्नुपर्दछ ।

१४.४. आयकर ऐन, २०५८ को दफा ८९ मा रु. ५०,०००।- भन्दा बढि भुक्तानी गर्दा १.५ प्रतिशतले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता संग भएको सम्झौताको शर्त नं. ४ मा भुक्तानी दिँदा नियमानुसार लाग्ने अग्रिम आयकर कट्टी गरिने उल्लेख छ । उपभोक्ता समितिले सुर्य रोशनी इण्डष्ट्रीजबाट मिति २०७४।११।२६ को विजक नं. ३०७५ बाट मु.अ.कर समेत रु. ४५,७६,१०४।- को सामान खरिद गरेको विल संलग्न छ । आयकर ऐन अनुसार उक्त आपूर्तीकर्तालाई रकम भुक्तानी गर्दा १.५ प्रतिशत कर रु. ६८,६४१।- कट्टी गरी राजश्व खातामा दाखिला गरेको प्रमाण संलग्न छैन । अतः सम्झौता तथा आयकर ऐन अनुसार कर कट्टा गरी राजश्व खातामा दाखिला गरेको प्रमाण नलिएकोले नेपाल सरकारलाई प्राप्त हुने राजश्व रु. ६८,६४१।- प्राप्त नभएको अवस्था छ । कार्यालयले उक्त रकम असुल गराउन उपभोक्ता समितिसँग समन्वय गर्नुपर्दछ ।

१५. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । जिल्ला अस्पताल बैतडीको भवन निर्माण गर्न २०७० साल बैशाखमा अस्पताल सँग जोडिएको दशरथचन्द्र नगरपालिका वडा नं. १ का महेशलाल शाहको जमिन खरिदका बखत त्यस

कार्यालयबाट प्रतिवद्धता गरे अनुसार रु. २,००,०००।- को.ले.नि.का. को एकल हिसाव नं. ४०५०२०६००००००० जम्मा गरिदिन जिल्ला स्वास्थ्य कार्यालयको च.नं. ९४३-०७३।८।२२ को पत्र संलग्न गरी रु. २,००,०००।- खर्च लेखेको छ । उक्त रकम सम्बन्धित संस्थाले प्राप्त गरेको प्रमाण संलग्न छैन । अतः सम्बन्धित संस्थाले प्राप्त गरी खर्च गरेको प्रमाण पेश हुनुपर्दछ ।

१६. **जनसहभागिता :** दशरथचन्द नगरपालिका वडा नं. ४ खेत पाताल वगरोडा खानेपानी योजना मर्मत कार्यको लागत अनुमान रु. ४८,०००।- को काम २०७३।११ मसान्तमा सम्पन्न गर्ने गरी २०७३।९।२५ मा उपभोक्ता समितिसंग सम्झौता भएकोमा २०७३।१२।३० मा सम्पन्न गरी उपभोक्ता समितिका अध्यक्षललाई रु. ४८,०००।- भुक्तानी दिएको देखियो । पुनः मिति उल्लेख नगरीएको सम्झौताबाट कार्य सम्पन्न गरिएको रु.१,२०,८४०।- को प्राविधिक मुल्याङ्कनबाट रु. ९०,०००।- भुक्तानी गरेको छ । पहिला रु. ४८,०००।- को लागत अनुमानमा जनसहभागिता रकम रु. ८,०००।- नगरपालिकामा जम्मा गरिएको र सो कार्य सम्पन्न गरिएको प्राविधिक मुल्याङ्कनका आधारमा रु.४८,०००।- भुक्तानी लिएकोमा पछिल्लो लागत अनुमान रु. ९६,०००।- मा जनसहभागिता रु. १६,०००।- (कार्यालयमा जम्मा नभएको) र प्राविधिक मुल्याङ्कन रु. १,२०,८४०।- गरी कार्यालयबाट रु. ९०,०००।- भुक्तानी गरिएको अवस्था छ । एउटै उपभोक्ता समितिलाई एउटै काम एकै पटक कार्य सम्पन्न गरेको उल्लेख गरी एउटामा जनसहभागिता रकम जम्मा गराई रु. ४८,०००।- भुक्तानी दिए पछि पुनः जनसहभागिता रकम जम्मा नगराई रु. ९०,०००।- भुक्तानी दिएको देखिएकोले नगरपालिका कार्यालयबाट वास्तविकता यकिन गरी दोहोरो भुक्तानी भएको ठहरेमा असुल गर्नुपर्दछ ।

१७. **भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च लेख्दा खर्चको विल भरपाई समेतको स्रेस्ता राख्नुपर्ने व्यवस्था छ । बालकोषमा जम्मा गरेको उल्लेख गरी रु.८,६५,८६०।- खर्च लेखेकोमा कोषमा जम्मा गरेको प्रमाण संलग्न छैन । अतः बालकोषमा आम्दानी गरेको प्रमाण पेश हुनुपर्ने तथा खेलकुद प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत वैतडी जिल्ला खेलकुद विकास समितिलाई ५ जना खेलाडीको लागि खेलाडी पोशाक खरिद विल संलग्न गरि रु.३५,०००।- खर्च लेखेको छ । खेलाडीहरुलाई पोशाक वितरण गरेको भरपाई तथा खेलाडीको विवरण सम्म पनि संलग्न नगरी खर्च गरेकोले खेलाडीलाई पोशाक वितरण गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१८. **दाखिला :** त्रिपुरा प्राथमिक स्वास्थ्य चौकीको वर्थिङ सेन्टर व्यवस्थापन तथा भवन मर्मतको लागि छुट्याएको रकमबाट वर्थिङ सेन्टरका लागि सामान खरिद गरेको रु.१,१७,५७०।- को विल संलग्न गरि त्रिपुरा स्वास्थ्य चौकी मर्मत सम्भार उपभोक्ता समितिका अध्यक्ष विर सिंह गुरुङलाई भुक्तानी गरिएको छ । उक्त स्वास्थ्य संस्थाको लागि छुट्याएको रकम सम्बन्धित स्वास्थ्य संस्थालाई खातामा जम्मा नगरी उपभोक्ता समितिका अध्यक्षलाई खरिद विल संलग्न गरी रकम भुक्तानी गरिएकोले खरिद सामाग्री त्रिपुरा प्राथमिक स्वास्थ्य चौकीको जिन्सी खातामा दाखिला गरि खर्च नियमित गरेको प्रमाण पेश हुनुपर्दछ ।

१९. **खरिद :** फर्निचर आपूर्ती गर्न रु.११,४५,१९८।- को लागत अनुमानमा शिलबन्दी दरभाउ पत्रको माध्यमबाट आपूर्तीकर्ता जयमा भगवती निर्माण सेवा एण्ड सप्लायर्स संग २०७४।३।१२ भित्र आपूर्ती गर्नुपर्ने गरी रु.८,५४,९००।- को २०७४।३।५ मा सम्झौता भएकोमा आपूर्तीकर्ताले सम्झौता अवधि भित्र सामान आपूर्ती गर्न सकेको छैन । सम्झौता अवधि भन्दा १३ दिन ढिला गरी (मिति २०७४।३।२५मा) आपूर्ती गरेको विलबाट रु.८,५४,९००।- खर्च लेखेकोमा निम्न व्यहोरा देखियो :

१९.१. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२९ मा आपूर्तीकर्ताले सम्झौतामा तोकिएको म्याद भित्र आपूर्ती गर्न नसकेमा सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनका दरले पूर्व निर्धारित क्षतिपूर्ती लिनुपर्ने व्यवस्था छ । आपूतीकर्ता जयमा भगवानी नि.से.एण्ड सप्लायर्सले २०७४।३।१२ भित्र फर्निचर आपूर्ती गर्ने गरी रु.८,५४,९००।- ठेक्का सम्झौता भएकोमा १३ दिन ढिला गरी (मिति २०७४।३।२५मा मात्र) सामान आपूर्ती गरेकोले सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनले हुने रु.५,५५७।- असुल गर्नुपर्ने देखियो ।

१९.२. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । आपूर्तीकर्ता जयमा भगवती निर्माण सेवा एण्ड सप्लायर्सको मिति २०७३।३।२५ को कर विजक नं.१३ मा रु. ८,२४,९००।- मात्र उल्लेख भएकोमा रु. ८,५४,९००।- भुक्तानी भएकोले विल भन्दा बढि भुक्तानी भएको रु. ३०,०००।- असुल हुनुपर्दछ ।

२०. कम्प्युटर र प्रिन्टर आदि खरिद गर्न रु.१३,६२,६९८।६३ मु.अ.कर समेतको लागत अनुमानमा शिलवन्दी दरभाउ पत्रको माध्यमबाट आपूर्तीकर्ता समृद्धि ट्रेड एण्ड सप्लायर्स संग २०७४।३।१२ मा आपूर्ती गर्ने गरी मु.अ.कर समेत रु.११,९०,००२। को मिति २०७४।३।५ मा सम्झौता भई आपूर्तीकताले २०७४।३।२७ मा सामान आपूर्ती गरेको विल अनुसार रु.११,२७,८५२। भुक्तानी गरेको छ । सो सम्बन्धमा निम्न व्यहोरा देखियो :

२०.१. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२१ मा आपूर्तीकर्ताले सम्झौतामा तोकिएको म्याद भित्र आपूर्ती गर्न नसकिएमा सम्झौता रकमको ०.०५ प्रतिशत प्रति दिनका दरले पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । आपूर्तीकर्ताले सम्झौता अवधि समाप्त भएको १५ दिन पछि मात्र (मिति २०७४।३।२७ मा) सामान आपूर्ती गरेकोले पूर्वनिर्धारित क्षतिपूर्ती १५ दिनको रु.८९२५ असुल गरी राजश्व दाखिला हुनुपर्दछ ।

२०.२. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२३ मा आपूर्ती गरिएका मालसामान सम्झौतमा उल्लेखित प्रविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । आपूर्ती गरिएका सामान नियमानुसार निरीक्षण परीक्षण नगरी जिन्सी दाखिला गरी भुक्तानी दिएको र २०७४।५।१९ गतेको चलानी नं. २८० को कार्यालयको पत्रमा ब्रान्डेड डेक्सटप, 1 TB hard disk, 4gb RAM, 6th generation on with 18.5" led ८ वटाको मु.अ.कर वाहेक रु.३,२०,०००। सप्लाई गर्नुपर्नेमा Processor Intel Celeron देखिएकोले सो मोडेल बजार मुल्य बुझी सोही बजार मुल्यलाई कायम गरी सप्लायर्सको कार्य सम्पादन जमानतबाट फरक पर्ने रकम कट्टा गरी मात्र धरौटी फिर्ता गर्नु भनी योजना तथा प्राविधिक शाखा र लेखालाई पत्र लेखेको छ । शिलबन्दी दरभाउपत्रको माध्यमबाट आपूर्ती गरिएका सामान स्पेशिफिकेशन अनुसारको छ छैन यकिन नगरी स्वीकार गरिएको पाइयो । स्पेशिफिकेशन अनुसार आपूर्ती नगरिको सामान जिन्सी दाखिला तथा भुक्तानी समेत भएको देखिन्छ । यस सम्बन्धमा कार्यालयले आपूर्ती गरिएको सामान ठिक बेठिक निरीक्षण गरी ठीक भएमा सो पत्र अनुसार बजार मुल्य अनुसार आपूर्तीकर्ताको सम्झौता तथा लागतको अनुपातमा कायम गरी बढि रकम असुल गरी राजश्व जम्मा गर्नुपर्दछ ।

२१. **नापी किताव :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (५घ) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मुल्यांकन र नापी कितावको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । विभिन्न ५ वटा उपभोक्ता समितिद्वारा संचालित योजनामा नापी किताव वेगर रु.१७,८०,९६४।- अन्तिम भुक्तानी गरेको देखिएकोले सम्बन्धित योजनाको नापी किताव पेश हुनुपर्दछ ।

२२. **जिन्सी खाताः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार कार्यालयमा रहेको जिन्सी मालसामान हिनामिना नहुने गरी लगत श्रेस्ता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । पुँजीगत प्रकृतिका मालसामान खर्च भएर नजाने जिन्सी खातामा लेखांकन गर्नुपर्नेमा रु.२,००,२००।- को फर्निचर तथा मेसिनरी सामानहरु खरिद गरि खर्च भएर जाने जिन्सी खातामा प्रविष्टी गरेको पाइयोले उक्त सामानहरु खर्च भएर नजाने जिन्सी खातामा सारी सो को प्रमाण पेश गर्नुपर्दछ ।

२३. **जिन्सी दाखिला :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार कार्यालयमा रहेको र खरिद गरि वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी श्रेष्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । एक सप्लायर्सबाट ब्रान्डेड डेक्सटप १२ थान, कम्प्युटर टेवल १३ थान, तथा युपिएस १३ थान लगायतका सामानहरु खरिद गरी रु.११,२७,८५२।- खर्च लेखेको पाइयो । कार्यालयको स्टोर अवलोकन गर्दा ९ सेट मात्र ब्रान्डेड डेक्सटप, कम्प्युटर टेवल र युपिएस मौज्दात रहेको पाइयो । कार्यालयले रु.२०८०००।- मूल्यको विभिन्न सामानहरु वडा कार्यालयमा पठाएको जानकारी दिए पनि जिन्सी हस्तान्तरण फाराम उपलब्ध नभएकोले उक्त सामानहरु सम्बन्धित वडा कार्यालयले बुझेको प्रमाण पेश हुनुपर्दछ ।

२४. **वडा नं. ११ (नागार्जुन)**

२४.१. **आनुपातिक कट्टी :** स्थानीय निकाय आर्थिक प्रशासन निमावली, २०६४ को नियम १५५(ढ) मा खण्ड (ड) बमोजिम कायम भएको उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ विल र मूल्याङकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने व्यवस्था छ । सिम भारीपौडा सडक निर्माण योजना उपभोक्ता समितिलाई मूल्यांकन प्रतिवेनको रकम भुक्तानी गर्दा सम्झौतामा उल्लेखित उपभोक्ता समितिको योगदानको अनुपातिक हिसावले भुक्तानी गर्नुपर्ने भन्दा रु.७१,९४२।- बढि भुक्तानी गरेकोले असुल गर्नुपर्दछ ।

२४.२. **अमानत :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४५(१) मा समान प्रकृतिको मर्मत सम्भार सानातिना नियमित कार्य वा सरसफाई जस्ता कार्य अमानतबाट गर्न वा उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ को उपनियम (१) मा सार्वजनिक निकायले अमानतबाट कार्य गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृती लिनुपर्ने, उपनियम (३) मा नियमावली बमोजिम अमानतबाट निर्माण कार्य गर्नुपरेमा त्यस्तो काम एक लाख रुपैयामा नबढाई खण्ड खण्ड गरी वार्ताबाट गराउन सकिने व्यवस्था रहेकोमा वडा कार्यालयको छाना मर्मत कार्य वडा सचिव श्री वलदेव ओझा मार्फत गराई सामाग्री खरिदमा रु.१,६५,७७०।- र डोर हाजिरीमा रु.१,०१,८९४।- समेत रु.२,६७,६६४।- खर्च गरेकोमा उल्लेखित नियमको पालना गरेको छैन । अतः नियमको पालना नगरी भुक्तानी भएको रकम नियमित गर्नुपर्दछ ।

२५. **बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ मा भाडा रकम भुक्तानी गर्दा भुक्तानी रकमको १० प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । ढुवानी भाडा बापत रकम भुक्तानी गर्दा बहाल कर कट्टी नगरी भुक्तानी गरिएको हुँदा सम्बन्धितबाट रु.१४,५६०।- असुल गरी दाखिला गर्नुपर्दछ ।

२६. **कार्यसम्पन्न प्रतिवेदन तथा नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने

व्यवस्था छ । ३ योजनाको भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदन तथा नापी किताब वेगर रु.६,६९,०००।- भुक्तानी गरेको पाईयोले सम्बन्धित योजनाको कार्यसम्पन्न प्रतिवेदन तथा नापी किताब पेश हुनुपर्दछ ।

२७. **जिन्सी आम्दानी :** एक म्युजिक एण्ड इलेक्ट्रोनिक सेन्टरलाई २४ थान स्पीकर खरिद वापत मुल्य अभिवृद्धि कर समेत रु.१,२०,०००।- भुक्तानी गरेकोमा उक्त मालसामानको दाखिला प्रतिवेदन तथा जिन्सी खातामा आम्दानी बाँधेको पाइएन । दाखिला प्रतिवेदन तथा जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्दछ ।

२८. **आन्तरिक लेखापरीक्षण :** आन्तरिक लेखापरीक्षकको प्रतिवेदनमा समेत औंल्याइएका निम्न ब्यहोराहरु अन्तिम लेखापरीक्षणको अवधिमा समेत असुल फछ्र्यौट गरेको देखिएन ।

२८.१. स्थानीय निकाय आर्थिक प्र.सम्बन्धि नियमावली, २०६४ को नियम ७० को उपनियम १ मा खरिद ऐन वा यस नियमावली बमोजिम विभिन्न खरिद सम्बन्धि सूचनाको अभिलेख राख्ने प्रयोजनको लागि खरिदको प्रकृतिअनुसार आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायक र गैरसरकारी संस्था समेतका छुट्टा छुट्टै मौजुदा सूची तयार गर्नुपर्नेछ भनि उल्लेख भएकोमा कार्यालयले सो अनुसारको मौजुदा सुची तयार गरेको देखिएन । नियमको पालना हुनुपर्दछ ।

२८.२. विभिन्न मितिमा विभिन्न गोश्वारा भौचर नं. बाट इन्धन विल भुक्तानी दिँदा पेश गरेको लगबुक र विल नमिलेको, लग बुकमा सवारी चढ्ने कर्मचारी/पदाधिकारी/कार्यकारी अधिकृतको दस्तखत हुनुपर्नेमा सो दस्तखत भएको देखिएन ।

२८.३. स्थानीय निकाय श्रोत परिचालन कार्यविधि, २०६९ को दफा २२ (१) (ण) मा नगरपालिकाले कार्यक्रम स्वीकृत र लागत अनुमान तयार भै सकेपछि आयोजनाहरुको अनुसुची (१२) बमोजिमको आयोजना लगत खाता राख्नुपर्नेमा सो अनुसार लगत राखेको देखिएन ।

२८.४. स्थानयि निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३९(१) (क) अनुसार अनुसुची ६४ को ढाँचामा नापी किताव नियन्त्रण खाता राखी नापी किताव मुद्रित हुना साथ दर्ता गरिनुपर्ने र बुझिलिनेले बुझेको तथा फर्काएको अभिलेख अनिवार्य रुपले राख्नुपर्ने साथै नापी किताव सम्बन्धित सुपरिवेक्षण र जाँच गर्ने प्राविधिकलाई जिम्मा दिँदा नापी किताब नियन्त्रण खातामा चढाई दस्तखत गराई दिनुपर्नेमा कार्यालयले सो अनुसार गरेको देखिएन ।

२८.५. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, ६४ को नियम २५ को उपनियम ६ अनुसार कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्नेछ, खर्च भएको सबै रसिद विल भपरपाई सिल सिलेवार नम्बर राखी आर्थिक प्रशासन शाखा प्रमुखले भुक्तानी भएको जनाई कार्यालय प्रमुखबाट दस्तखत गरी प्रमाणीत गर्नुपर्नेमा कार्यालयले सो अनुसार गरेको देखिएन ।

२८.६. आयकर ऐन, २०५८ को दफा ८८ मा भाडा भुक्तानीमा १० प्रतिशतले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ना.२ च. ४५५१ जिपको भाडा रु.१७,५०० भुक्तानी गर्दा १० प्रतिशतले हुने बहाल कर रु.१,७५०। कट्टी नगरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

२९. **पेश्की :** दशरथचन्द्र नगरपालिकाले चालु आ.व.मा दिइएको पेश्की रु. २,७३,८०,५०८/१६ आर्थिक बर्षको अन्त सम्म पनि फछ्र्यौट नभएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० र १९२ अनुसार फछ्र्यौट गर्नुपर्ने देखियो ।

**देहीमाण्डौ गाउँ विकास समिति**

३०. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक आपूर्तीकर्तालाई रु. १,०१,७६०।- (मु.अ.कर बाहेक) भुक्तानी गर्दा अग्रिम कर कट्टी नगरिएकाले रु.१,५२६।- सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

३१. **जिन्सी दाखिला** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम २१२ मा स्थानीय निकायमा रहेको र खरिद गरी वा हस्तानतरण भई आएको सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको मालसामानको विवरण र मूल्य समेत खुलाई मालसामान प्राप्त भएको मितिले सात दिनभित्र जिन्सी किताबमा आम्दानी बाँधी लगत तयार गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । गाउँ विकास समितिको कार्यालयले सामान खरिद गरी रु.१४,६३५।- भुक्तानी गरिएकोमा जिन्सी खातामा आम्दानी तथा दाखिला प्रतिवेदन पेश नगरेकोले दाखिला प्रतिवेदन पेश गर्नुपर्दछ ।

३२. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । २०७३।११।२७ सम्म पनि पेश्की रु.४,५९,०००।- फछ्र्यौट गरेको देखिएन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

**ग्वाल्लेक गाउँ विकास समिति**

३३. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । विभिन्न ९ वटा उपभोक्ता समितिद्धारा संचालित योजनामा नापी किताब संलग्न नगरी रु.७,८९,८२३। अन्तिम भुक्तानी गरेको पाईयो । सम्बन्धित योजनाको नापी किताब पेश हुनुपर्दछ ।

३४. **पेश्की फछ्र्यौट** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । २०७३।११।२७ सम्म पेश्की रु.७,२५,०००।- फछ्र्यौट गरेको देखिएन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

३५. गत विगतको पेश्की : यस गाउँ विकास समितिले गत विगत वर्ष देखि फछ्र्यौट गर्न बाँकी रहेको १२ जनाको नाममा रहेको पेश्की रु.११,३४,४८४। फछ्र्यौट नभएकोले उक्त पेश्की यस नगरपालिकाको लेखामा जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**नागार्जुन गाउँ विकास समिति**

३६. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३६(३) मा विलभरपाई सहित रकम भुक्तानी गर्ने व्यवस्था छ । कार्यालयले २ कार्यक्रममा रु.१,०६,०००। खर्च गरेकोमा विल भरपाई संलग्न नभएकोले विलभरपाई पेश गर्नुपर्दछ ।

३७. **पेश्की फछ्र्यौट** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । २०७३।११।२७ सम्म पेश्की रु.४,०५,५००।- फछ्र्यौट गरेको देखिएन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

३८. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मुल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक वासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५% का दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । गुरुखोला गाउँ विकास समितिले एक आपूर्तिकर्तालाई भुक्तानी गर्दा अग्रिम कर कट्टी नगरेको हुँदा सम्बन्धितबाट रु.१९९।१५ असुल गरि राजश्व दाखिला हुनुपर्दछ ।

**दुर्गाभवानी गाउँ विकास समिति**

३९. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३६(३) मा रकम भुक्तानी गर्दा विलभरपाई राखी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । अनुसार भुक्तानी गरेको रकम विल भरपाई विना भुक्तानी नगर्ने व्यवस्था छ । गा.वि.स. हक हित संरक्षण केन्द्र नेपाललाई क्षमता विकास तालिम कार्यक्रमको लागि उक्त केन्द्रको खातामा रु.९४,१००।- जम्मा गरेकोमा विल भरपाई नभएकोले विल भरपाई पेश हुनुपर्दछ ।

४०. **पेश्की फछ्र्यौट** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । २०७३।११।२७ सम्म पनि पेश्की रु.३,०९,०००।- फछ्र्यौट गरेको देखिएन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु. ७ करोड ८४ लाख ७९ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २ लाख ९१ हजार, नियमित गर्नुपर्ने रु. ४ करोड ७७ लाख ७५ हजार र पेश्की रु. ३ करोड ४ लाख १३ हजार रहेको छ ।

# पाटन नगरपालिका, बैतडी

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु. ४ लाख ३९ हजार र यो वर्ष आय रु. १२ करोड ९५ लाख ९६ हजार समेत रु. १३ करोड ३५ हजार आम्दानी भएकोमा रु. ९ करोड ९६ लाख २ हजार खर्च भई रु. ३ करोड ४ लाख ३३ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **बैंक मौज्दात :** नगरपालिका कार्यालयबाट प्राप्त आर्थिक विवरण अनुसार २०७४।३ मसान्तमा विभिन्न खातामा रु.३,०४,३३,२३१।५६ बाँकी देखिएकोमा कार्यालयबाट प्राप्त बैक स्टेटमेन्ट अनुसार उक्त मितिमा विभिन्न बैंक खातामा रु.३,९०,३१,६९४। रहेको देखिएको छ । कार्यालयको लेखामा भन्दा बैंकमा रु.८५,९८,४६३। बढि देखिएकोले बाँकी मौज्दातको बैंक हिसाव मिलान विवरण तयार गरी मौज्दात यकिन गर्नुपर्दछ।

२. **गतको जिम्मेवारी :** कार्यालयले सम्बन्धित खातामा रहेको गत वर्षको मौज्दात २०७३।७४ को शुरु मौज्दातको रुपमा रु.४४,४३,४२२।१० जिम्मेवारी सारेको छ । गत वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा रु.१४,७५,६४७। मात्रै अन्तिम मौज्दात देखाएकोले कार्यालयको अभिलेख अनुसारको मौज्दात जिम्मेवारी सारेको आधारमा यो वर्षको वित्तिय विवरण तयार भएको छ।

३. **आन्तरिक नियन्त्रण प्रणाली** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्नेमा सो अनुसार  व्यवस्था नगरेको, कार्यक्रमगत आम्दानी खर्च खाता नराखेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको, कार्यालयले उद्देश्य प्प्तिमा आइपर्ने सम्भावित जोखिमहरु परिचान नगरेको, अन्तिम लेखापरीक्षणबाट औल्याएको बेरुजू अभिलेख व्यवस्थित नराखेको, कार्यविवरण तयार गरि कर्मचारीको अधिकार जिम्वेवारी नदिएको, वार्षिक रुपमा जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य नभएको, गाउँपालिकावाट सम्वन्धित वडाहरुलाई खाता संचालन गरी रकम पेश्की स्वरुप कार्यक्रम गत खातामा जम्मा गरिए पनि समयमा नै पेश्की फर्छयौट गरि वडाका खाताहरु प्रमाणित नगरिएको देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

४. **राजश्व असुली** : आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १२,१३ ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भए पछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ। त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको छैन । अत : कानुनको पालना गर्नुपर्दछ।

५. **वार्षिक खरिद :** स्थानीय निकाय आर्थिक प्रशासननियमावली २०६४ को नियम ६२ (५) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैंयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम ब.उ.शि.नं.३६५८१७३ मा मात्र सार्वजनिक निर्माणको लागि रु.१,५१,१३,०००। बजेट व्यवस्था भएता पनि कार्यालयले वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन । सार्बजनिक खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आबश्यक पर्ने भएकोले नियमको पालना हुनुपर्दछ।

६. **बरबुझारथ :**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३.४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ।

७. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी  आदेश, २०७४ को दफा ७७ अनुसार गाँउपालिका वा  नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने

व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । नगरपालिकाबाट साविक गा.वि.स.मा रहेका जिन्सी सामान यकिन गरि नगरपालिकाको अभिलेखमा समाहित गर्नुपर्दछ ।

८. **स्थानीय संचित कोष :** स्थानिय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश २०७४ को दफा ६३ अनुसार गाउँपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वांकि रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि  वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले रु.१४,१६८।०९ संचित कोषमा दाखिला गरिनु पर्दछ ।

९. **लगत :** आ.व. २०७२।०७३ को लेखापरीक्षणको प्रतिवेदनवाट उल्लेखित योजनागत पेश्की वेरुजु लगतको अभिलेख, जिन्सी लगत एवं सो का कैफियत व्यहोराहरुको अद्यावधिक गरी फछ्र्यौट एवं नियमित गर्ने पध्दतीको विकास गरिएको देखिएन । अतः लेखापरीक्षण प्रतिवेदनको लगत राखी बेरुजु फछ्र्यौट एवं नियमित गर्नुपर्दछ ।

१०. **दमकल खरिद :** २०७३।१२।२० मा कार्यालयमा दमकल दाखिला गर्ने गरी एक जे.भि. संग २०७३।११।४ मा रु.५९,९६,९८८। को खरिद सम्झौता भए अनुसार कार्यालयले उक्त दमकल २०७४।१।३ मा दाखिला गरेको आधारमा रु.५९,९६,९८८। खर्च लेखेको फाइल परीक्षण गर्दा निम्न बमोजिम भएको देखियो ।

१०.१. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६५ अनुसार लागत अनुमान तयार नगरेकोले नियमित देखिएन । नियमको पालन गरेर खरिद कार्य गर्नुपर्दछ ।

१०.२. सम्झौता हुँदाका बखत भन्सार छुट दिने व्यवस्था नभएकोमा कार्यालयले च.नं. १४७६ मिति २०७३।१२।२१ मा भैरहवा भन्सार कार्यालयलाई उक्त दमकलको भन्सार छुटको लागि पत्राचार भएकोमा के कति रकम छुट भयो लेखापरीक्षणमा भन्सार छुटको रकम उपलब्ध भएन । सम्झौता गर्दाको बखत उल्लेखित मुल्यमा सामान आपूर्ती गर्नुपर्दछ । भन्सार छुट पाएको रकम यकिन गरी पाएको उक्त रकम भएमा नेपाल सरकारको संचित कोष खातामा दाखिला गर्नुपर्दछ ।

१०.३. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२९ मा आपूर्तकको ढिलाइको कारणले तोकिएको म्यादमा सामान आपूर्ति नगरेमा सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनले पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । सम्झौतामा २०७३ चैत्र २० गते दमकल आपूर्ती गर्न पर्नेमा २०७४।१।३ मात्रै दाखिला भएकोले ढिला दिन १३ को पूर्वनिर्धारित क्षतिपूर्ति प्रति दिन ०.०५ प्रतिशत (सम्झौता रकमको) ले रु. ३४,४९६।- असुल गर्नुपर्दछ ।

११. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा रु.१ लाख भन्दा बढिको खरिद गर्न लागत अनुमान तयार गर्नुपर्ने, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६५ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धीत सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेका जिल्लाहरुको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकतिको खरिद गर्दा लागेको वास्तविक लागत स्थानिय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई आधार लिइ लागत अनुमान तयार गर्ने व्यवस्था छ । नगरपालिका कार्यालयले आवश्यक कम्प्युटर, फोटोकपी मेशिन आदि खरिद गर्न लमसम रु.१२,००,०००। लागत अनुमान तयार गरी शिलवन्दी दरभाउपत्र द्वारा एक आपूर्तीकर्तासंग रु.११,९६,६००। मा खरिद गरेको छ । नियमानुसार प्रत्येक सामानको लागत अनुमान तयार गरी खरिदको सीमा भित्र शिलबन्दी दरभाउपत्र, बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गरी गराई खरिद गर्ने व्यवस्था हुनुपर्दछ ।

१२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा रु.१ लाख भन्दा बढिको खरिद गर्न लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । स्थानीय नियका आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८३ मा मालसामान खरिद गर्दा सोझै आपूर्तीकतालाई भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयको लागी आवश्यक टेवल १० थान सोफा सेट, कुर्सी १० थान, दराज २ थान समेत खरिद गर्न लागत अनुमान तयार नगरी एक कर्मचारीलाई पेश्की रु.४,००,०००। उपलब्ध गराई सामान खरिद गरेको छ । सामान खरिद गर्न नियमानुसार लागत अनुमान तयार गरी नियमानुसारको प्रक्रियाबाट खरिद गरी सम्बन्धितलाई भुक्तानी गरेको नदेखिएकोले नियमको पालनामा ध्यान दिनुपर्दछ ।

१३. **अभिलेख व्यवस्थापन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ती छुट्टै फाइल खडा गरी राख्नु पर्ने र खरिदको लागि सूचना प्रकाशित देखि खरिद क्रियाकलापको सम्पूर्ण कागजातहरुको फाइलको पंजिका तयार गरी फाइल खडा गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीहरुलाई निर्माण कार्यको रनिङ विल पेश भए अनुसार भुक्तानी भएको छ । उक्त निर्माण कार्यगर्न के कति लागत अनुमान तयार भई कसबाट लागत अनुमान स्वीकृती भई कुन पत्रिकामा कहिले सूचना प्रकाशित

भयो सुचना प्रकाशित भए अनुसार के कति बोलपत्र तथा दरभाउपत्र विक्रि भई के कति दरभाउ पत्र दर्ता भएको छ, दर्ता भएका बोलपत्र तथा दरभाउपत्र कहिले कुन स्थानमा खोलिएको र बोलपत्र तथा दरभाउपत्र मुल्याङ्कन समितिबाट शिफारिश गरिएको र कहिले आसय पत्रको सूचना जारी गरी कहिले सम्झौता भई कहिले सम्म सम्पन्न गर्नुपर्ने अवधि छ । निर्माण व्यवसायीले सम्झौता अवधि भित्र सम्पन्न गर्न नसकी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसारको अवधिभित्र मनासिव कारण समेत उल्लेख गरी म्याद थपको निवेदन दिएको र कार्यालयबाट सो निवेदन तथा कारण मनासिव भए नभएको जाँचबुझ तथा परीक्षण भएको छ छैन यकिन गर्ने गरी खरिदको फाइल व्यवस्थापन गर्नुपर्नेमा कार्यालयले सो अनुसार फाइल व्यवस्थापन गरको देखिएन । यसले गर्दा हरेक ठेक्काको सूचना तत्काल पाउन नसकिने अवस्था रहेको छ । सार्वजनिक खरिद सम्बन्धि फाइल व्यवस्थापन गर्न कार्यालयले ध्यान दिनुपर्दछ ।

१४. **उपभोक्ता समितिबाट गराएको काम :**

१४.१. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५) ग मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धीत सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति तथा लाभग्राही सबै उपस्थीतमा खर्चको विल भरपाई तथा खर्चको विवरण अनुमोदन गराई पेश गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारीहरुमात्रको उपस्थितीमा खर्चको विवरण अनुमोदन गर्ने गरेको छ । लाभग्राही समुदायहरु लगायतको उपस्थितिमा खर्चको विल भरपाई र खर्चको विवरण र फोटो सहितको प्रमाण संलग्न गरी सार्वजनिक लेखापरीक्षण प्रतिवेदन लिइ मात्र उपभोक्ता समितिलाई अन्तिम भुक्तानी गर्ने व्यवस्था हुनुपर्दछ ।

१४.२. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (ङ) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको कुल खर्चको विवरण तथा निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान सुपरीवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । नगरपालिका कार्यालयले अभिलेख राख्ने व्यवस्था गरेको छैन । उपभोक्ता समितिले निर्माण कार्य समितिले निर्माण कार्य सम्पन्न गरी सकेपछि नियमानुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरी स्थायी रुपमा अद्यावधिक अभिलेख राख्ने व्यवस्था हुनुपर्दछ ।

१४.३. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५) ज निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिका कार्यालयले उपभोक्ता समितिबाट निर्माण कार्य सम्पन्न भए पछि सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी तोकी हस्तान्तरण गर्ने कार्य भए गरेको छैन । उपभोक्ता समितिबाट निर्माण कार्य सम्पन्न भएपछि नियमानुसार जिम्मेवारी तोकी हस्तान्तरण गर्ने व्यवस्था हुनुपर्दछ ।

१४.४. आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करारवापत रु.५०,०००।- भन्दा बढि रकम भुक्तानी दिँदा भुक्तानी रकममा १.५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । एक सडक निर्माण उपभोक्ता समितिले एक निर्माण सेवाको मुल्य अभिवृद्धि कर बाहेक रु.४,८८,७००।- को विजकमा १.५ प्रतिशतले रु.७,३३१। कर कट्टा गर्नुपर्नेमा रु.७९७। मात्र कट्टी गरेकोले नपुग कर रु.६,५३४। प्राप्त भएको देखिएन । नियमानुसार कर कट्टा गरी राजश्व दाखिला गर्ने सम्बन्धमा कार्यालयबाट अनुगमन गरी असुल गर्ने आवश्यक व्यवस्था गर्नुपर्दछ ।

१५. स्थानीय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँचगर्नुपर्ने व्यवस्था छ । एक कर्मचारीलाई बाल मैत्री घोषणा तथा वाल मैत्री प्रोफाइल पाटन नगरपालिका वडा नं. २ र ३ को तयारी गरेको भनी प्रोफाइल संलग्न नगरी निजको पेश्की रु.२,००,०००। फछ्र्यौट गरेको छ। बाल मैत्री घोषणा तथा बालमैत्री प्रोफाइल पेश नगरी विल भरपाईको आधारमा पेश्की फछ्र्यौट गरेको नियमित देखिएन । अतः उक्त प्रोफाइल तयार गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१६. **नापी किताव :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (५घ) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मुल्यांकन र नापी कितावको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी कितावको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । ८ वटा उपभोक्ता समितिद्वारा संचालित योजनामा नापी किताव संलग्न नगरी अन्तिम भुक्तानी रु.९,७७,६८५। गरेको पाइयो । सम्बन्धित योजनाको नापी किताव पेश हुनुपर्दछ ।

१७. **कर विजक :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको विलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । ५-०७३/८/२ तथा ९-०७३/६/१७ गोश्वारा भौचरहरुबाट रकम भुक्तानी गर्दा फोटोकपि विलको आधारमा रु.२,९९,५०७। भुक्तानी गरेको पाइयो । सक्कल विल पेश हुनुपर्दछ ।

१८. **अनुदान :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा तोकिएको बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने तथा नियम ४६(३) मा खर्च गर्दा खर्चको विलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गो.भौ.नं. २३ मिति २०७४।३।२० बाट भुमेश्वर सामुदायिक विकास संघलाई रु.२,३९,०००। अनुदान रकम भुक्तानी दिएकोमा खर्चसाथ खर्चलाई पुष्ट्याई गर्ने प्रमाण संलग्न गरेको छैन । सम्बन्धित संस्थाले उक्त रकम आफ्नो आय विवरणमा समावेश गरेको देखिने गरि तयार भएको लेखापरीक्षण प्रतिवेदन समेत पेश हुनुपर्दछ ।

१९. **पेश्की बाँकी :** पाटन नगरपालिकाले चालु आ.व.मा दिइएको पेश्की रु. १,३२,५०,६७९ आर्थिक बर्षको अन्त सम्म पनि फछ्र्यौट नभएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४को नियम १९० र १९२ अनुसार फछ्र्यौट गर्नुपर्ने देखियो ।

२०. **विगतको पेश्की :** साविक निम्न गाउँ विकास समितिले फछ्र्यौट गर्न बाँकी रहेको पेश्की रु.३,४८,१२५। फछ्र्यौट नभएकोले उक्त पेश्की यस नगरपालिकाको लेखामा जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**सिद्धेश्वर गाउँ विकास समिति बैतडी**

२१. **असुलः** गाउँ विकास समितिको मिति २०७३।११।२७ गतेको बैंक नगदी कितावमा नगद महलमा देखिएको बाँकी रु.९८७१३। मध्ये रु.८८,८९९।२ नगरपालिकाको संचित खातामा जम्मा गरी बाँकी रु.९,८१३।८० रहेकोमा सम्बन्धित जिम्मेवार निकायले नगरपालिकाको संचित खातामा जम्मा गर्नुपर्ने देखिएकोले असुल उपर गरी दाखिला गर्नुपर्दछ ।

२२. **नापी किताव :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (५घ) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मुल्यांकन र नापी कितावको आधारमा भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी कितावको आधारमा अन्तिम भुक्तानी दिने व्यवस्था छ । ४ वटा उपभोक्ता समितिद्वारा संचालित योजनामा नापी किताव संलग्न नगरी अन्तिम भुक्तानी रु.४,००,०००। गरेको पाइयो । सम्बन्धित योजनाको नापी किताव पेश हुनुपर्दछ ।

२३. **दाखिला :** कैलपाल गाउँ विकास समितिको मिति २०७३।११।२७ गतेको बैंक नगदी कितावमा नगद महलमा देखिएको बाँकी रु.५,९६६।८ सम्बन्धित जिम्मेवार निकायले नगरपालिकाको संचित खातामा जम्मा गर्नुपर्ने देखिएकोले असुल उपर गर्नुपर्दछ ।

**२४. सिद्धपुर गाउँ विकास समिति**

२४.१. गा.वि.स.को मिति २०७३।११।२७ गतेको बैंक नगदी कितावमा नगद महलमा देखिएको बाँकी रु.२९,८२१। सम्बन्धित जिम्मेवार निकायले नगरपालिकाको संचित खातामा जम्मा गर्नुपर्ने देखिएकोले असुल उपर गर्नुपर्दछ ।

२४.२. आयकर ऐन, २०५८ अनुसार भुक्तानीमा कट्टी भई दाखिला गर्न बाँकी रु.३,३७३। राजश्व दाखिला गर्नुपर्दछ ।

२४.३. गाउँ विकास समितिको आय-व्ययमा कर्मचारी संचय कोष कट्टी रु.५६,८५४। दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

२४.४. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (५घ) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मुल्यांकन र नापी कितावको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी कितावको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । ६ वटा उपभोक्ता समितिद्वारा संचालित योजनामा नापी किताव संलग्न नगरी अन्तिम भुक्तानी रु.९,०५,०००। गरेको पाइयो । सम्बन्धित योजनाको नापी किताव पेश हुनुपर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु. २ करोड ५३ लाख ८० हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ९० हजार, नियमित गर्नुपर्ने रु. १ करोड २० लाख ३९ हजार र पेश्की रु. १ करोड ३२ लाख ५१ हजार रहेको छ ।

# मेलौली नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु. ७ लाख ७६ हजार र यो वर्ष आय रु. ७ करोड ५६ लाख ९४ हजार समेत रु. ७ करोड ६४ लाख ७० हजार आम्दानी भएकोमा रु. ७ करोड ३ लाख ४१ हजार खर्च भई रु. ६१ लाख २९ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **लेखाप्रणाली**ः स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउँ बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि आन्तरिक आयतर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्नेमा सो अनुसार व्यवस्था नगरेको, कार्यक्रमगत आम्दानी खर्च खाता नराखेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु परिचान नगरेको, अन्तिम लेखापरीक्षणबाट औल्याएको बेरुजू अभिलेख व्यवस्थित नराखेको, कार्यविवरण तयार गरि कर्मचारीको अधिकार जिम्वेवारी नदिएको, वार्षिक रुपमा जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य नभएको, गाउँपालिकावाट सम्वन्धित वडाहरुलाई खाता संचालन गरी रकम पेश्की स्वरुप कार्यक्रम गत खातामा जम्मा गरिए पनि समयमा नै पेश्की फर्छ्यौट गरि वडाका खाताहरु प्रमाणित नगरेको देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

३. **राजश्व असुली** : आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १२,१३ ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भए पछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको छैन । अत : कानुनको पालना गर्नुपर्दछ ।

४. **श्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिकारनगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा

गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

५. **खरिद योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैंयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयको पूँजिगत तर्फ ८०,००,०००। बजेट व्यवस्था भएकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन । सार्बजनिक खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आबश्यक पर्ने भएकोले नियमको पालना हुनुपर्दछ ।

६. **बरबुझारथः-** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३.४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

७. **सम्पत्ति हस्तान्तरण : स्**थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको

अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । गाउँपालिकाबाट साविक गा.वि.स.मा रहेका जिन्सी सामान यकिन गरि गाउँपालिकाको अभिलेखमा समहित गर्नुपर्दछ ।

८. **स्थानीय संचित कोष :** स्थानिय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउँ पालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवध्द हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सबै वांकि रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले रु. ११०१६६९/६५ संचित कोषमा दाखिला गरिनु पर्दछ ।

९. **लगत :** आ.व. २०७२।०७३ को लेखापरीक्षणको प्रतिवेदनवाट उल्लेखित योजनागत पेश्की वेरुजु लगतको अभिलेख, जिन्सी लगत एवं सो का कैफियत व्यहोराहरुको अद्यावधिक गरी फछ्र्यौट एवं नियमित गर्ने पध्दतीको विकास गरिएको देखिएन । अतः लेखापरीक्षण प्रतिवेदनको लगत राखी बेरुजु फछ्र्यौट एवं नियमित गर्नुपर्दछ ।

१०. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । २ योजनाहरुलको नापी किताब तयार नगरी रु.४०५०००। भुक्तानी गरेको पाईयो । उक्त कामको नापी किताब पेश हुनुपर्दछ ।

११. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(१) मा व्यक्तिलाई पारिश्रमिक भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एक व्यक्तिलाई गा.वि.स.हरुको थप काम गरेवापत भुक्तानी गरेको रु. ७०,०००। को १५% ले हुने रु. १०,५००। असुल गर्नुपर्दछ ।

१२. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । आर्थिक बर्षको अन्त्यसम्मको पेश्की रु.३,१६,०००।- फछ्र्यौट गरेको देखिएन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

**विशालपुर गाउँ विकास समिति बैतडी**

१३. **मौज्दातः** कार्यालयको आ.ले.प. प्रतिवेदन अनुसार बैंक नगदी कितावमा गा.वि.स. को आन्तरिक आम्दानी रु.६३,८०६।- नदेखाएकोले सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

१४. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(१) मा व्यक्तिलाई पारिश्रमिक भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एक व्यक्तिलाई मालपोत लगत उतार कार्य गरेवापत भुक्तानी गरेको रु.६,०००। को १५% ले हुने रु.९००। असुल गरि दाखिला गर्नुपर्दछ ।

१५. **अनुदान :** कार्यालयले स्थास्थ्य चौकी विशालपुरलाई रु.१,७६,५००। अनुदान दिएकोमा उक्त रकम संस्थाको आय विवरणमा समावेश भएको लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।

१६. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । २०७३।११।२७ सम्मको पेश्की रु.८,३९,६००।- फछ्र्यौट गरेको देखिएन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

१७. **विगत बर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि २६ जनाको नाममा बाँकी रहेको पेश्की रु. १६,४३,३३९। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**मेलौली गाउँ विकास समिति बैतडी**

१८. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(१) मा व्यक्तिलाई पारिश्रमिक भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । मालपोत लगत उतार गरे बापत एक व्यक्तिलाई पारिश्रमिक रु.१२,०००। भुक्तानी दिँदा १५ प्रतिशतले हुने कर रु.१,८००। असुल हुनुपर्दछ ।

१९. **अनुदान** : कार्यालयले स्वास्थ्य चौकी, मेलौलीलाई रु.६०,०००। अनुदान उपलव्ध गराईएकोमा जुन कामको लागि उक्त रकम उपलब्ध गराएको हो सो काममा खर्च गरे नगरेको, लक्ष्य अनुसार गरे वा नगरेको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नुपर्ने तथा अनुदान उपलव्ध गराईएको रकम संस्थाको आय विवरणमा समावेश भएको लेखापरीषण प्रतिवेदन पेश हुनुपर्दछ ।

२०. **लागत अनुमानः** कार्यालयले एक उपभोक्ता समितिको अध्यक्षलाई ५ वर्ष पहिलेको जि.आइ.जेड र गा.वि.स को संयुक्त लगानीमा गा.वि.स. भवन निर्माण गर्दाको रकम रु.४०,०००। भुक्तानी गरेको देखियो । गोश्वारा भौचर संग कार्य सम्पन्न, ल.ई., विल, विवरण संलग्न रहेको छैन ।

२१. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । २०७३।११।२७ सम्मको पेश्की रु.२,९०,०००।- फछ्र्यौट गरेको देखिएन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

२२. **विगत बर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि १०० जनाको नाममा बाँकी रहेको पेश्की रु. ३३,७४,७४०। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**दुर्गास्थान गाउँ विकास समिति**

२३. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । आपूर्तिकर्ताहरुलाई रु. २४४६५९.७५ भुक्तानी गर्दा अग्रिम कर कट्टी नगरिएको रु.३,६६९।९० सम्बन्धितबाट असुल गरी राजश्व दाखिला हुनुपर्दछ ।

२४. **विगत बर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि ३२ जनाको नाममा बाँकी रहेको पेश्की रु. ३०,२२,६१०। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**सलेनागाउ गाउँ विकास समिति**

२५. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नमुना अटो पार्टस एण्ड सप्लायर्सबाट मोटरसाइकल खरिद गर्दा रु.१,६३,६२८।३२ भुक्तानी गरेकोमा अग्रिम कर कट्टि नगरेको रु.२,४५४।४२ असुल गरि दाखिला गर्नुपर्दछ ।

२६. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । विभिन्न ४ योजनाहरुको नापी किताब तयार नगरी भुक्तानी रु.४,६३,८७०। गरेको पाईयो । उक्त कामको नापी किताब पेश हुनुपर्दछ ।

२७. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । २०७३।११।२७ सम्मको पेश्की रु.१,४०,०००।- फछ्र्यौट गरेको देखिएन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

२८. **विगत बर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ। गा.वि.स.ले गत विगत बर्षदेखि ११ जनाको नाममा बाँकी रहेको पेश्की रु. २,८२,२७५। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ।

**महारुद्र गाउँ विकास समिति**

२९. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। मेसिनरी सामान आपूर्तिकर्तालाई रु. १७६९९२।- भुक्तानी गर्दा अग्रिम कर कट्टी नगरिएको रु.२६५५।- सम्बन्धितबाट असुल गरी राजश्व दाखिला हुनुपर्दछ।

३०. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ। उपभोक्ता समितिद्धारा सम्पन्न योजनामा नापी किताब तयार नगरी रु.१,००,०००। भुक्तानी गरेको पाईयो। उपभोक्ता समितिले गरेको कामको नापी किताब पेश हुनुपर्दछ।

३१. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। २०७३।११।२७ सम्मको पेश्की रु.२,०५,०००।- फछ्र्यौट गरेको देखिएन। नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

३२. **विगतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ। गा.वि.स.ले गत विगत बर्षदेखि १३ जनाको नाममा बाँकी रहेको पेश्की रु. ७,६९,०००। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु. १ करोड ३३ लाख १५ हजार बेरुजू रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु. ८६ हजार, नियमित गर्नुपर्ने रु. २३ लाख ४७ हजार र पेश्की रु. १ करोड ८ लाख ८३ हजार रहेको छ।

# पुर्चौडी नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु. ४ लाख १० हजार र यो वर्ष आय रु. १२ करोड १४ लाख ६३ हजार समेत रु. १२ करोड १८ लाख ७३ हजार आम्दानी भएकोमा रु. १० करोड ९३ लाख २३ हजार खर्च भई रु. १ करोड २५ लाख ५० हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **लेखाप्रणाली** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउँ बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि आन्तरिक आय तर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्नेमा सो अनुसार व्यवस्था नगरेको, कार्यक्रमगत आम्दानी खर्च खाता नराखेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको, कार्यालयले उद्देश्य प्रप्तिमा आइपर्ने सम्भावित जोखिमहरु परिचान नगरेको, अन्तिम लेखापरीक्षणबाट औल्याएको बेरुजू अभिलेख व्यवस्थित नराखेको, कार्यविवरण तयार गरि कर्मचारीको अधिकार जिम्वेवारी नदिएको, वार्षिक रुपमा जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य नभएको, गाउँपालिकावाट सम्वन्धित वडाहरुलाई खाता संचालन गरी रकम पेश्की स्वरुप कार्यक्रम गत खातामा जम्मा गरिए पनि समयमा नै पेश्की फर्छ्यौट गरि वडाका खाताहरु प्रमाणित नगरिएको देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

३. **राजश्व असुली** : आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १२,१३ ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भए पछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको छैन । अत : कानुनको पालना गर्नुपर्दछ ।

४. **श्रोतनक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउंपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा गाँउ पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

५. **खरिद योजना :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैंयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु २७,२९,८७७००को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन । सार्बजनिक खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आबश्यक पर्ने भएकोले नियमको पालना हुनुपर्दछ ।

६. **बरबुझारथ :**संघीय मामीला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३.४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

७. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने

व्यवस्था गरेकोमा नगर पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । गाउँपालिकाबाट साविक गा.वि.स.मा रहेका जिन्सी सामान यकिन गरि नगरपालिकाको अभिलेखमा समहित गर्नुपर्दछ ।

८. **स्थानीय संचित कोष :** स्थानिय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउँ पालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवध्द हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वांकि रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रु. ३६,९८,६४०।४६ सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गरिनु पर्दछ ।

९. **लगत :** आ.व. २०७२।०७३ को लेखापरीक्षणको प्रतिवेदनवाट उल्लेखित योजनागत पेश्की वेरुजु लगतको अभिलेख, जिन्सी लगत एवं सो का कैफियत व्यहोराहरुको अद्यावधिक गरी फछ्र्यौट एवं नियमित गर्ने पध्दतीको विकास गरिएको देखिएन । अतः लेखापरीक्षण प्रतिवेदनको लगत राखी बेरुजु फछ्र्यौट एवं नियमित गर्नुपर्दछ ।

१०. **अनुदान सम्बन्धमा** : २०७४।३।२२ मा त्रिवेणी वातावरण समूहलाई दिएको पेश्की रु.५,६०,०००।- पेश्की फछ्र्यौट गरेकोमा भौचरसाथ फोटोकपी बिल संलग्न गरेको पाईयो । जुन कामको लागि उक्त रकम उपलव्ध गराईएको हो सो काममा खर्च गरे नगरेको , लक्ष्य अनुसार गरे वा नगरेको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नुपर्ने तथा अनुदान उपलव्ध गराईएको रकम संस्थाको आय विवरणमा समावेश भएको लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।

११. **कार्यसम्पन्न प्रतिवेदन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने व्यवस्था छ । नगर सभाहल तथा शौचालय मर्मतका लागि ३,००,०००। खर्च लेखिएकोमा नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन भौचरसाथ संलग्न छैन । नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

१२. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले रु.१,००,०००। भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैंया सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला शिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था रहेको छ । नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट ५ लाखभन्दा बढि रकमको सोझै खरिद गर्न नपाउने, त्यसैगरी नियम ८५(४) अनुसार १ लाख रुपैंया भन्दा बढि रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । तर कार्यालयले एउटै फर्मबाट सीमाभन्दा बढी रकमको सोझै खरिद गरेको पाईयो । नियममा भएको व्यवस्था बमोजिम प्रतिस्पर्धात्मक तथा मितव्ययी तवरले खरिद कार्य गर्नुपर्दछ ।

१३. **बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ मा भाडा रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १० प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । ढुवानी भाडा बापत रकम भुक्तानी गर्दा बहाल कर कट्टी नगरी भुक्तानी गरिएको हुँदा सम्बन्धितबाट असुल गरी रु.५१,४६०। राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

१४. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । वडाहरुमा सन्चालित योजनाको भुक्तानी गर्दा नापी किताब नराखी रु.५७,७५,०७०। भुक्तानी गरेको पाईयो । सम्बन्धित योजनाको नापी किताब पेश हुनुपर्दछ ।

१५. **जिन्सी दाखिला** वडाहरुले संस्थाहरुलाई विभिन्न सामान खरिदको लागि रकम भुक्तानी दिएकोमा उक्त संस्थाहरुले सामान खरिद गरी आफनो जिन्सी खातामा दाखिला गरेको जिन्सी दाखिला प्रतिवेदन पेश गरेको छैन । जिन्सी दाखिला प्रतिवेदन पेश हुनुपर्दछ ।

१६. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । आपूर्तिकर्ताहरुलाई रु. १३०८६३।- भुक्तानी गर्दा अग्रिम कर कट्टी नगरिएको रु.१,९६४। सम्बन्धितबाट असुल गरी राजश्व दाखिला हुनुपर्दछ ।

१७. **कर दाखिला** : आयकर ऐन, २०५८ अनुसार भुक्तानीमा कर कट्टी गरिएको रकम राजश्व दाखिला गर्नुपर्ने व्यवस्था छ । स्वास्थ्य चौकी कर्मचारीलाई पारिश्रमिक भुक्तानी गर्दा अग्रीम कर कट्टी गरिएको रु.६६०। राजश्व खातामा दाखिला गरेको देखिएन । उक्त रकम राजश्व खातामा दाखिला हुनुपर्दछ ।

१८. **समपूरक कोष :** समपुरक कोष वापत ५ योजनाहरुलाई रु. १४,३३,७२८।-भुक्तानी दिइएकोमा यस कार्यालयबाट दिईएको समपूरक कोषबापतको रकम समावेश भएको देखिने गरी तयार भएको प्रमाण तथा कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन । यस कार्यालयको समपूरक कोष समावेश भएको देखिने प्रमाण तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

१९. **अनुदान :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा स्वीकृत बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । विभिन्न वडाहरुले ७ संस्थाहरुलाई रु. १०,८०,५००। अनुदान उपलव्ध गराईएकोमा जुन कामको लागि उक्त रकम उपलव्ध गराईएको हो सो काममा खर्च गरे नगरेको , लक्ष्य अनुसार गरे वा नगरेको सम्बन्धमा नगरपालिकाले अनुगमन गर्नुपर्ने तथा अनुदान उपलव्ध गराईएको रकम संस्थाको आय विवरणमा समावेश भएको लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।

२०. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ । ३ नं. वडा कार्यालयले एक संस्थालाइ रगत अभाव मुक्त क्षेत्र घोषणा गर्ने उद्देश्यले नेगेटिभ ब्लड ग्रुप रिसर्च सम्बन्धि जनचेतना अभिवृद्धि मुलक कार्यक्रम संचालन गर्न दिइएको रु.५०,०००। को विल भरपाई पेश भएन । अत विल भरपाई पेश हुनुपर्दछ ।

२१. **लागत अनुमान :**सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने उल्लेख छ । ४ नं. वडा कार्यालयले जेष्ठ नागरीक कार्यक्रम अन्तरगत रु. २,८८,०१४। कम्बल खरिद गर्दा लागत अनुमान तयार नगरी खरिद गरेको पाईयो । खरिद प्रकृयाको मुख्य अंगको रुपमा रहेको लागत अनुमानलाई नियमानुसार तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२२. **लक्षित कार्यक्रम :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने छ । ५ नं. वडा कार्यालय ले अपांग लक्षित कार्यकममा रु.२२३४६४। खर्च लेखेकोमा खर्च पुष्ट्याइ गर्ने कागजात भौचरसाथ संलग्न नभएकोले उक्त खर्च पुष्ट्याइ गर्ने कागजात पेश गर्नुपर्दछ ।

२३. **भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । ६ नं.वडा कार्यालयले तलव खर्च रु. ३५११३०। लेखेकोमा तलवी भर्पाइ संलग्न गरेको छैन । तलबी भरपाई पेश हुनुपर्दछ ।

२४. कर्मचारी संचयकोष कट्टी रु.६५५३३। गरेकोमा दाखिला गरेको भौचर संलग्न गरेको छैन । दाखिला भौचर पेश हुनुपर्दछ ।

२५. **कर:** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार प्रशिक्षक भत्ता भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । ७ नं.वडा कार्यालयले लक्षित कार्यक्रम अन्तरगत महीला संजाल समिति कार्यक्रमका एक प्रशिक्षकलाइ रु. ६०००। भुक्तानी दिइएकोमा कर रु.९००। कट्टी गरेको नदेखिएको तथा ८ नं. वडा कार्यालयले तलब भत्ता भुक्तानी गर्दा सामाजिक सुरक्षा कर १ प्रतिशत कट्टा गर्नुपर्ने व्यवस्था छ । कर्मचारीहरुलाई तलव भत्ता भुक्तानी गर्दा रु.१९८०। सा.सु कर कट्टी गरिएकोमा दाखिला गरेको छैन ।

**हाट गाउँ विकास समिति**

२६. आयकर ऐन २०५८ को दफा ८९ को उपदफा १ अनुसार कुनै वासिन्दा ब्यक्ति वा ठेक्का वा करार वापत रु ५००००। भन्दा माथि रकमको भुक्तानी दिदा भुक्तानीको कूल रकममा १.५ प्रतिशतका दर कर कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले एक सप्लायर्सबाट रु.७४८२३ सोलार सेट खरिद गर्दा कर कट्टी गरेको नदेखिएकोले रुं ११२३।०० असुल गरी दाखिला गर्नुपर्दछ ।

२७. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । बिद्यालय फिल्ड निर्माण वापत एक निर्माण सेवालाई रु.१,१५,०७२। (भ्याट वाहेक ) भुक्तानी दिदा कर कट्टी नगरी भुक्तानी दिएकोले रु.१,७२७००असुल गरी दाखिला गर्नुपर्दछ ।

२८. **विगत बर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको

हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि १० जनाको नाममा बाँकी रहेको पेश्की रु. २,३९,०००। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

२९. गा.बि.स.सचिव श्री गोबिन्दराज जोशीसंग रहेको गा.वि.स.को अन्तिम नगद मौज्दात रु. १४८००।०० नगरपालिकाको संचित कोषमा दाखिला गर्नुपर्नेमा नगरेको हुदा उक्त रकम दाखिला गर्नुपर्दछ ।

**महादेवस्थान गाउँ विकास समिति बैतडी**

३०. **कर कट्टी :** आयकर ऐन २०५८ को दफा ८७ अनुसार तलब भत्ता भुक्तानी गर्दा सामाजिक सुरक्षा कर १ प्रतिशत कट्टा गर्नुपर्ने व्यवस्था छ । गा.बि.स.का एक सामाजिक परिचालकलाई पारिश्रमिक वापत रु.४०,०००।०० भुक्तानी दिइएकोमा अनुसार १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गरेको नदेखिएको रु.४००।०० असुल गरि दाखिला गर्नुपर्दछ ।

३१. **अनुदानः** एक सहकारी संस्थालाइ अनुदान वापत रु.६,००,०००।- भुक्तानी गरिएकोमा उक्त संस्थावाट खर्च पुष्ट्याइ गर्ने प्रमाण वा लेखापरीक्षण प्रतिबेदन पेश गर्नुपर्दछ ।

३२. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पेश्की बाँकी रहेको रु.७०,०००।- फछ्र्यौट गरिएको छैन । उक्त रकम नियमानुसार जिम्मेवारी सारी फछ्र्यौट हुनुपर्दछ ।

३३. **नगद मौज्दातः** गा.बि.स.सचिवसंग रहेको गा.वि.स. को अन्तिम नगद मौज्दात रु. ३९,६००।- नगरपालिकाको संचित कोषमा दाखिला गर्नुपर्नेमा नगरेको हुदा दाखिला गरी सोको प्रमाण पेश हुनुपर्दछ ।

**न्वादेउ गाउँ विकास समिति**

३४. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । ३ वटा योजनाको भुक्तानी गर्दा नापी किताब नराखी भुक्तानी गरेको पाईयो । सम्बन्धित योजनाको नापी किताब पेश हुनुपर्दछ ।

३५. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक सप्लार्सवाट बिभिन्न मेसिनरी औजारहरु खरिद वापत रु.१,२०,१७७।- (भ्याट वाहेक ) भुक्तानी दिदा रु. १८०३।०० कर कट्टी गरेको छैन । उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

३६. **नगद मौज्दातः** गा.बि.स.सचिवसंग रहेको गा.वि.स. को अन्तिम नगद मौज्दात रु. ५३,३८२।- नगरपालिकाको संचित कोषमा दाखिला गर्नुपर्नेमा नगरेको हुदा उक्त रकम दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।

३७. बिभिन्न मितिमा कट्टी गरिएका कं.सं.कोष, अग्रिम आयकर, सामाजिक सुरक्षा कर रु. १,९९५।०० दाखिला गरेको पाईएन । उक्त रकम दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।

**भटना गाउँ विकास समिति**

३८. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पेश्की बाँकी रहेको रु.९,०५,०००।- फछ्र्यौट गरिएको छैन । उक्त रकम नियमानुसार जिम्मेवारी सारी फछ्र्यौट हुनुपर्दछ ।

३९. **नगद मौज्दातः** गा.बि.स.सचिवसंग रहेको गा.वि.स. को अन्तिम नगद मौज्दात रु.१,८२,५८१।०० नगरपालिकाको संचित कोषमा दाखिला गर्नुपर्नेमा नगरेको हुदा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

४०. बिभिन्न मितिमा कट्टी गरिएका कं.सं.कोष, अग्रिम आयकर, सामाजिक सुरक्षा कर रु.६,४८६।०० दाखिला नगरेको हुँदा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

४१. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने छ । कार्यालयले पशु प्राविधिक सेवा कार्यलयलाई रु ८००००।०० खर्च लेखेकोमा खर्च पुष्ट्याइ गर्ने कागजात भौचरसाथ संलग्न नभएकोले उक्त खर्च पुष्ट्याइ गर्ने कागजात पेश गर्नुपर्दछ ।

**कुवाकोट गाउँ विकास समिति**

४२. **नगद मौज्दात:** गा.बि.स.सचिव श्री पृथ्वीराज अवस्थीसंग रहेको गा.वि.स.को अन्तिम नगद मौज्दात रु.१,७८,४११।९८ नगरपालिकाको संचित कोषमा दाखिला गर्नुपर्नेमा नगरेको हुदा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

४३. बिभिन्न मितिमा कट्टी गरिएका कं.सं.कोष, अग्रिम आयकर, सामाजिक सुरक्षा कर रु.९,९०७।०० दाखिला गरिएको नदेखिएकोले उक्त रकम दाखिला गरी सोको प्रमाण पेश हुनुपर्दछ ।

४४. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने उल्लेख छ । गाउँ विकास समितिले रु.२,०६,९००। मूल्य पर्ने मोटरसाइकल खरिद गर्दा लागत अनमान स्वीकृत बिना नै खरिद गरेको देखिएकोले नियमानुसार गरेको देखिएन ।

४५. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । वडामा सन्चालित २ योजनाको भुक्तानी गर्दा नापी किताब नराखी भुक्तानी गरेको पाईयो । सम्बन्धित योजनाको नापी किताब पेश हुनुपर्दछ ।

४६. **जिन्सी दाखिला** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम २१२ मा स्थानीय निकायमा रहेको र खरिद गरी वा हस्तान्तरण भई आएको सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको मालसामानको विवरण र मूल्य समेत खुलाई मालसामान प्राप्त भएको मितिले सात दिनभित्र जिन्सी किताबमा आम्दानी बाँधी लगत तयार गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । फर्निचर खरिद वापत रु.४०,०००।०० भुक्तानी गरिएकोमा उक्त विद्यालयले आफनो जिन्सी खातामा आँम्दानी बाँधी जिन्सी दाखिला प्रतिबेदन पेश गर्नुपर्दछ ।

४७. आयकर ऐन २०५८ को दफा ९० को उपदफा ४ मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिन भित्र दाखिला गर्नुपर्ने ब्यवस्था छ । गा.बि.स.वाट कुवाकोट स्वास्थ्य चौकिलाई अनुदान दिइएकोमा स्वास्थ्य संस्थावाट बिभिन्न ब्यक्तिलाई भत्ता बितरण गर्दा रु.२,८८५।०० कर कट्टी गरी भुक्तानी दिइएकोमा उक्त रकम दाखिला छैन । उक्त रकम दाखिला गर्नुपर्दछ ।

४८. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले दिएको पेश्की रु.५,०५,०००। आर्थिक बर्षको अन्त्यसम्म पनि फछ्र्यौट नभएकोले उक्त पेश्की गाउँपालिकामा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्दछ ।

४९. **विगतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि ९ जनाको नाममा बाँकी रहेको पेश्की रु. ६९२६७०। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**भूमिराज गाउँ विकास समिति**

५०. गा.बि.स.सचिवसंग रहेको गा.वि.स. को अन्तिम नगद मौज्दात रु. १७४८००।०० नगरपालिकाको संचित कोषमा दाखिला गर्नुपर्नेमा नगरेको हुदा दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

५१. बिभिन्न मितिमा कट्टी गरिएका कं.सं.कोष, अग्रिम आयकर , सामाजिक सुरक्षा कर रु. १६७३०।३८ दाखिला नगरेकोले दाखिला गरी प्रमाण पेश हुनुपर्दछ ।

५२. गा.बि.स.को आय ब्यय बिवरणमा गा.बि.स.को बैंक मौज्दात नेपल बैंक लिमिटेड शाखा कार्यालय डडेल्धुरामा रहेको रहेको उल्लेख भएकोमा सोका बैंक स्टेटमेन्ट प्राप्त हुन नसेकोले मौज्दात रु.२,३०९।०५ यकिन गर्न सकिएन ।

५३. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले एक कन्स्ल्टेन्सीको नाममा दिएको पेश्की रु.१,००,०००। आर्थिक बर्षको अन्त्यसम्म पनि फछ्र्यौट नभएकोले उक्त पेश्की गाउँपालिकामा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्दछ ।

५४. **विगत बर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि १० जनाको नाममा बाँकी रहेको पेश्की रु. ६,९०,५००। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

५५. आयकर ऐन, २०५८ को दफा ८८(१) मा व्यक्तिलाई पारिश्रमिक भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । भौ.नं. ३/२०७३।५।१२ गाउ बिकास समितिको मालपोत लगत उतार बापत एक व्यक्तिलाई १००००।०० भुक्तानी दिइएकोमा कर कट्टी गर्नु पर्नेमा कर कट्टी बिना नै भुक्तानी दिइएकोले निजवाट कर रु. १५००।०० असुल गरी दाखिला गर्नुपर्दछ ।

५६. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने उल्लेख छ । गाउँ विकास समितिले रु.२०६९००। मूल्य पर्ने मोटरसाइकल खरिद गर्दा लागत अनमान स्वीकृत बिना नै खरिद गरेको देखिएकोले नियमानुसार गरेको देखिएन ।

**कोटिला गाउँ बिकास समिति**

५७. **नगद मौज्दातः** गा.बि.स.सचिवसंग रहेको गा.वि.स. को अन्तिम नगद मौज्दात रु. ४२,८००।- नगरपालिकाको संचित कोषमा दाखिला गर्नुपर्नेमा नगरेको हुदा दाखिला गरी सोको प्रमाण पेश हुनुपर्दछ ।

५८. बिभिन्न मितिमा कट्टी गरिएका कं.सं.कोष, अग्रिम आयकर, सामाजिक सुरक्षा कर रु. १,११०।०० दाखिला नगरिएको हुँदा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

५९. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । ३ वटा योजनाको लागि रु. ३,१०,०००।- भुक्तानी गर्दा नापी किताब नराखी भुक्तानी गरेको पाईयो । सम्बन्धित योजनाको नापी किताब पेश हुनुपर्दछ ।

६०. **विगत बर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि ८ जनाको नाममा बाँकी रहेको पेश्की रु.४,९७,७००। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**मल्लादेही गाउँ बिकास समिति**

६१. बिभिन्न मितिमा कट्टी गरिएका कं.सं.कोष, अग्रिम आयकर, सामाजिक सुरक्षा कर ४९८२२।०० दाखिला गरिएको छैन । उक्त रकम दाखिला हुनुपर्दछ ।

६२. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । एक व्यक्तिलाई दिएको पेश्की रकम मध्ये रु.२,००,०००।- आर्थिक बर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट गरेको छैन । उक्त रकम नियमानुसार जिम्मेवारी सारी फछ्र्यौट हुनुपर्दछ ।

६३. **विगत बर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि ६ जनाको नाममा बाँकी रहेको पेश्की रु.१२,९०,५००। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**तल्लादेही गाउँ बिकास समिति**

६४. **नगद मौज्दातः** गा.बि.स. सचिवसंग रहेको अन्तिम नगद मौज्दात रु.१,९४,४००।- नगरपालिकाको संचित कोषमा दाखिला गर्नुपर्नेमा नगरेको हुँदा रु. १,९४,४००।०० दाखिला गर्नुपर्दछ ।

६५. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले दिएको पेश्की रकम मध्ये रु.४,७५,०००।- आर्थिक बर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट गरेको छैन । उक्त रकम नियमानुसार जिम्मेवारी सारी फछ्र्यौट हुनुपर्दछ ।

६६. आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । लक्षीत कार्यक्रम अन्तरगत कुखुरा खरिद वापत पोल्ट्री फर्मलाई रु.५१,२१०। भुक्तानी दिइएको रकममा कर कट्टी गरेको नदेखिएकोले रु.७६९।०० तथा आयकर ऐन २०५८ को दफा ८७ अनुसार तलब भत्ता भुक्तानी गर्दा सामाजिक सुरक्षा कर १ प्रतिशत कट्टा गर्नुपर्ने व्यवस्था छ । एक कर्मचारीलाई पारिश्रमिक भुक्तानी कर रु. ३२८।०० कट्टी गरेको नदेखिएकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

६७. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । एक योजनालाई रु. १२८०००।०० भुक्तानी गर्दा भौचर साथ खर्च पुष्ट्याइ गर्ने कागजात संलग्न नरहेको तथा ज्येष्ठ नागरीक लक्षीत कार्यक्रम संचालनका लागि २ कर्मचारीलाई रु.८०००। दरले रु. १६,०००। बिल भर्पाइ बिना नै भुक्तानी गरिएकोमा खर्चको बिल भर्पाइ संलग्न नभएकोले विल भरपाई पेश गर्नुपर्दछ ।

६८. आयकर ऐन २०५८ को दफा ८७ अनुसार तलब भत्ता भुक्तानी गर्दा सामाजिक सुरक्षा कर १ प्रतिशत कट्टा गर्नुपर्ने व्यवस्था छ । एक सामाजिक परिचालकलाई पारिश्रमिक कर रु.९६०। कट्टी गरेको नदेखिएको असुल गरी दाखिला गर्नुपर्दछ ।

**बिजयपुर गाउँ बिकास समिति**

६९. **नगद मौज्दातः** गा.बि.स.सचिवसंग रहेको गा.वि.स. को अन्तिम नगद मौज्दात रु.९२००। नगरपालिकाको संचित कोषमा दाखिला गर्नुपर्नेमा नगरेको हुदा उक्त रकम दाखिला गर्नुपर्दछ । तथा बिभिन्न कट्टी गरिएको रकम रु.७३,३५७।०० दाखिला गर्न बाँकी देखिएकोले दाखिला गर्नुपर्दछ ।

७०. **विगतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि ६ जनाको नाममा बाँकी रहेको पेश्की रु.१,२७,०००। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

७१. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । फर्निचर खरिद वापत एकसप्लायर्सलाई रु.१,६३,०००।(भ्याट वाहेक) भुक्तानी गरिएकोमा रु.२,४४५। अग्रिम आयकर कट्टी गरेको छैन । उक्त रकम असुल हुनुपर्दछ ।

७२. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । २ योजनाको भुक्तानी गर्दा नापी किताब नराखी रु.४,००,०००। भुक्तानी गरेको पाईयो । सम्बन्धित योजनाको नापी किताब पेश हुनुपर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु. २ करोड ३ लाख ४६ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ५८ लाख ५९ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ४४ लाख ८७ हजार रहेको छ ।

# सुर्नया गाउँपालिका, बैतडी

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु. ६७ हजार र यो वर्ष आय रु. ६ करोड ६४ लाख ६८ हजार समेत रु. ६ करोड ६५ लाख ३५ हजार आम्दानी भएकोमा रु. ६ करोड ३ लाख १० हजार खर्च भई रु. ६२ लाख २५ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **लेखाप्रणाली** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमादवली २०६४ बमोजिम गाउँ बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएकोमा आन्तरिक आयतर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्नेमा सो अनुसार व्यवस्था नगरेको, कार्यक्रमगत आम्दानी खर्च खाता नराखेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको, कार्यालयले उद्देश्य प्रप्तिमा आइपर्ने सम्भावित जोखिमहरु परिचान नगरेको, अन्तिम लेखापरीक्षणबाट औल्याएको बेरुजू अभिलेख व्यवस्थित नगरेको, कार्यविवरण तयार गरि कर्मचारीको अधिकार जिम्मेवारी नदिएको, वार्षिक रुपमा जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य नभएको, गाउपालिकावाट सम्वन्धित वडाहरुलाई खाता संचालन गरी वडाको खातामा रकम जम्मा गरिए पनि समयमा नै पेश्की फर्छ्यौट गरि वडाका खाताहरु प्रमाणित नगरिएको देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

३. **राजश्व असुली** : आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १२,१३ ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भए पछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ। त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको छैन। अत : कानुनको पालना गर्नुपर्दछ।

४. **श्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली, २०५६ बमोजिम प्रत्येक गाउंपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा गाँउ पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन।

५. **बरबुझारथ :-**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३.४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ।

६. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेको देखिएन। यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ।गाउँपालिकाबाट साविक गा.वि.स.मा रहेका जिन्सी सामान यकिन गरि गाउँपालिकाको अभिलेखमा समहित गर्नुपर्दछ।

७. **स्थानीय संचित कोष :** स्थानिय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश २०७४ को दफा ६३ अनुसार गाउँ पालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवध्द हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वांकि रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि वडा नं. १-७ सम्मको मौज्दात आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले रु. ८,६९,८७७।०० संचित कोषमा दाखिला गरिनु पर्दछ ।

८. **लगत :** आ.व. २०७२।०७३ को लेखापरीक्षणको प्रतिवेदनवाट उल्लेखित योजनागत पेश्की वेरुजु लगतको अभिलेख, जिन्सी लगत एवं सो का कैफियत व्यहोराहरुको अद्यावधिक गरी फछ्र्यौट एवं नियमित गर्ने पध्दतीको विकास गरिएको देखिएन । अतः लेखापरीक्षण प्रतिवेदनको लगत राखी बेरुजु फछ्र्यौट एवं नियमित गर्नुपर्दछ ।

९. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा पाँचलाख रुपैया सम्मको लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने, नियम ८४ मा बीसलाख रुपैया सम्मको मालसामान सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्न सकिने तथा नियम ३१ अनुसार बीसलाख भन्दा वढी लागत अनुमान भएको मालसामान वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले उल्लेखित नियमको पालना नगरी मेशिनरी औजारमा रु.१४,७६,९३९।४२ र फर्निचर खरिदमा रु.९,८५,९५२।५ समेत रु.२४,६२,८९१।९२ उल्लेखित नियमको पालना नगरी खर्च गरेको छ । नियम विपरित खर्च भएको रकम नियमित गर्नुपर्दछ ।

१०. **बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ मा भाडा रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १० प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । ढुवानी भाडा बापत रकम भुक्तानी गर्दा बहाल कर कट्टी नगरी भुक्तानी गरिएको हुँदा सम्बन्धितबाट असुल गरी रु. १५,१००।- राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

११. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । आपूर्तिकर्ताहरुलाई रकम भुक्तानी गर्दा अग्रिम कर कट्टी नगरिएको हुँदा सम्बन्धितबाट रु.२,१३८। असुल गरी राजश्व दाखिला हुनुपर्दछ ।

१२. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । विभिन्न वडाको नाममा गएको पेश्की रकम मध्ये रु. १५,८८,०००।- आर्थिक बर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट गरेको छैन । उक्त रकम नियमानुसार जिम्मेवारी सारी फछ्र्यौट हुनुपर्दछ ।

**१३. विगतको पेश्की:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । निम्न गाउँ विकाससमितिहरुले गतविगतको पेश्की फछ्र्यौट नगरेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| नाम | विवरण | रकम |
|---|---|---|
| बासुलिंग गाउँ विकास समिति | ४ जनाको नाममा रहेको | १,३५,४००।- |
| रौलेश्वर गाउँ विकास समिति | १६ जनाको नाममा | १६,१४,०००। |
| हटैराज गाउँ विकास समिति | ३० जनाको नाममा | १५,०८,००३।०० |

१४. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । निम्न गाउँ विकास समितिहरुले आर्थिक वर्षको अन्तसम्म पनि पेश्की फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| नाम | विवरण | रकम |
|---|---|---|
| शंकरपुर गाउँ विकास समिति | २ जनाको नाममा रहेको | २२००००।- |
| रौलेश्वर गाउँ विकास समिति | विभिन्न संस्थाको नाममा | ८,३५,८६८।- |

| | | |
|---|---|---|
| हटैराज गाउँ विकास समिति | विभिन्न संस्थाको नाममा | ७,३३,०००।- |
| भौनेली गाउ विकास समिति | विभिन्न संस्थाको नाममा | ३,५३,५००।- |

१५. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । निम्न **गाउँ विकास समितिले** अग्रीम आय कर कट्टी नगरेकोले असुल हुनुपर्दछ ।

| नाम | विवरण | रकम |
|---|---|---|
| रौलेश्वर गाउँ विकास समिति | १.५ प्रतिशत कर | ८६३।०० |
| हटैराज गाउँ विकास समिति | १० प्रतिशत कर | १२००।- |
| हटैराज गाउँ विकास समिति | १.५ प्रतिशत कर | ३१३२। |
| भौनेली गाउँ विकास समिति | विभिन्न संस्थाको नाममा | १८५९।०० |

१६. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । रौलेश्वर गाउँ विकास समितिले बमोजिम उपभोक्ता समितिद्धारा संचालित योजनामा नापी किताब संलग्न नगरी रु.९,७५,०००। अन्तिम भुक्तानी गरेको पाईयो । नापी किताब पेश हुनुपर्दछ ।

१७. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने उल्लेख छ । हटैराज गाउँ विकास समितिको कार्यालयले यो बर्ष लागत अनुमान तयार नगरी एक सप्लायर्सबाट रु. २३५९०६।०० को पल्सर मोटरसाईकल खरिद गरेको पाईयो । खरिद प्रकृयाको मुख्य अंगको रुपमा रहेको लागत अनुमानलाई नियमानुसार तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## बेरुजू स्थिति

लेखापरीक्षणबाट रु. १ करोड १५ लाख ६२ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३० हजार, नियमित गर्नुपर्ने रु. ४५ लाख ४४ हजार र पेश्की रु. ६९ लाख ८८ हजार रहेको छ ।

# सिगास गाउँपालिकामो कार्यालय

## लेखापरीक्षण प्रतिवेदन

गाँउपालिकाको गत वर्षको मौज्दात रु. ३ लाख १० हजार र यो वर्ष आय रु. ७ करोड ५ लाख ३२ हजार समेत रु. ७ करोड ८ लाख ४२ हजार आम्दानी भएकोमा रु. ५ करोड ७९ लाख ४७ हजार खर्च भई रु. १ करोड २८ लाख ९५ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **लेखाप्रणाली** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउँ बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि आन्तरिक आयतर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन।

२. **आन्तरिक नियन्त्रण प्रणाली :** विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्नेमा सो अनुसार व्यवस्था नगरेको, कार्यक्रमगत आम्दानी खर्च खाता नराखेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको, कार्यालयले उद्देश्य प्रप्तिमा आइपर्ने सम्भावित जोखिमहरु परिचान नगरेको, अन्तिम लेखापरीक्षणबाट औल्याएको बेरुजू अभिलेख व्यवस्थित नगरेको, कार्यविवरण तयार गरि कर्मचारीको अधिकार जिम्मेवारी नदिएको, वार्षिक रुपमा जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य नभएको, गाउपालिकावाट सम्वन्धित वडाहरुलाई खाता संचालन गरी वडाको खातामा रकम जम्मा गरिए पनि समयमा नै पेश्की फर्छ्यौट गरि वडाका खाताहरु प्रमाणित नगरिएको देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

३. **राजश्व असुली** : आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १२,१३ ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भए पछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ। त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको छैन। अत : कानुनको पालना गर्नुपर्दछ।

४. **श्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा गाँउ पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन।

५. **खरिद योजना :** स्थानीय निकाय आर्थिक प्रशासननियमावली २०६४ को नियम ६२(५)ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो बर्ष रु ३१४२४१२।२८को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन। सार्बजनिक खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आबश्यक पर्ने भएकोले नियमको पालना हुनुपर्दछ।

६. **बरबुझारथः**-संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३.४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ।

७. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने

व्यवस्था गरेकोमा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ। गाउँपालिकाबाट साविक गा.वि.स.मा रहेका जिन्सी सामान यकिन गरि गाउँपालिकाको अभिलेखमा समाहित गर्नुपर्दछ ।

८. **स्थानीय संचित कोष :** स्थानिय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश २०७४ को दफा ६३ अनुसार गाउँ पालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवध्द हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वांकि रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति रु.३,३९,५१३।४७ र वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले रु.६४,७०,६०७।१८ संचित कोषमा दाखिला गरिनु पर्दछ ।

९. **लेखापरीक्षण :** गाउँपालिकाले वडा नं. १ लाई उपलब्ध गराएको रकम मध्ये रु.१६,३५,२००।- को लेखापरीक्षणको क्रममा स्रेस्ता पेश नभएकोले लेखापरीक्षण भएको छैन । विवरण पेश गरी लेखापरीक्षण गर्नुपर्दछ ।

१०. **लगत :** आ.व. २०७२।०७३ को लेखापरीक्षणको प्रतिवेदनवाट उल्लेखित योजनागत पेश्की वेरुजु लगतको अभिलेख, जिन्सी लगत एवं सो का कैफियत व्यहोराहरुको अद्यावधिक गरी फछ्र्यौट एवं नियमित गर्ने पध्दतीको विकास गरिएको देखिएन । अतः लेखापरीक्षण प्रतिवेदनको लगत राखी बेरुजु फछ्र्यौट एवं नियमित गर्नुपर्दछ ।

११. **बहाल कर** : आयकर ऐन, २०५८ को दफा ८८ मा भाडा रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १० प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । ढुवानी भाडा बापत रकम भुक्तानी गर्दा बहाल कर कट्टी नगरी भुक्तानी गरिएको हुँदा सम्बन्धितबाट असुल गरी रु.८,८९५। राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

१२. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । निम्न गोश्वारा भौचरहरुबाट मूल्य अभिवृद्धि करमा दर्ता भएका आपूर्तकहरुलाई रकम भुक्तानी गर्दा अग्रिम कर कट्टी नगरिएको हुँदा सम्बन्धितबाट रु.१,८६३। असुल गरी राजश्व दाखिला हुनुपर्दछ ।

१३. **कार्यसम्पन्न प्रतिवेदन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । वडाहरुमा सन्चालित योजनाको भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदन तथा नापी किताब नराखी भुक्तानी गरेको पाईयो । सम्बन्धित योजनाको रु.२९,४४,०००।- कार्यसम्पन्न प्रतिवेदन तथा नापी किताब पेश हुनुपर्दछ ।

१४. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६ (३) मा खर्चगर्दा खर्चको विल भपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउघर क्लिनिक भवन निर्माण उ.स.स.का अध्यक्षलाई रु.६९,५००।०० भुक्तानी गरिएकोमा रु.५५४३०।०० को बिल भरपाई नभएकोले विल पेश गर्ने अन्यथा उक्त रकम असुल हुनुपर्दछ ।

**गाँजरी गाउँ विकास समिति**

१५. प्राप्त आर्थिक विवरणमा आर्थिक बर्षको अन्तमा रु.९४३२०। नगद मौज्दात देखिएको छ । उक्त रकम गाउँपालिकाको खातामा दाखिला गर्नुपर्दछ ।

१६. आर्थिक बर्षको अन्त्यमा दाखिला गर्न बाँकी रहेको कर्मचारी सन्चय कोष रु.४९,२६०। - तथा आयकर रु.२७१४।- सम्बन्धित निकायको खातामा दाखिला गर्नुपर्दछ ।

१७. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । आपूर्तिकर्ताहरुलाई रकम भुक्तानी गर्दा अग्रिम कर कट्टी नगरिएको रु.३८५४।- सम्बन्धितबाट असुल गरी राजश्व दाखिला हुनुपर्दछ ।

१८. **कर दाखिला** : आयकर ऐन,२०५८ अनुसार भुक्तानीमा कर कट्टी गरिएको रकम राजश्व दाखिला गर्नुपर्ने व्यवस्था छ । निम्न गोश्वारा भौचरहरुबाट पारिश्रमिक भुक्तानी गर्दा अग्रीम कर कट्टी गरिएको रु.५,६५०।- राजश्व खातामा दाखिला गरेको देखिएन । उक्त रकम राजश्व खातामा दाखिला हुनुपर्दछ ।

१९. **कार्यसम्पन्न प्रतिवेदन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य

सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । एक मा.वि.लाई रकम भुक्तानी गर्दा प्राबिधिक कार्य सम्पन्न प्रतिवेदन तथा नापी किताब बिना रु.१,००,०००।- भुक्तानी गरिएको छ । कार्यसम्पन्न प्रतिवेदन तथा नापी किताब पेश हुनुपर्दछ ।

२०. **जिन्सी दाखिला** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम २१२ मा स्थानीय निकायमा रहेको र खरिद गरी वा हस्तान्तरण भई आएको सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको मालसामानको विवरण र मूल्य समेत खुलाई मालसामान प्राप्त भएको मितिले सात दिनभित्र जिन्सी किताबमा आम्दानी बाँधी लगत तयार गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वास्थ्य चौकी लाई जमिन तथा ल्याब सञ्चालनको लागी रु. ५०,०००।०० भुक्तानी गरिएकोमा उक्त संस्था बाट जिन्सी दाखिला प्रतिवेदन पेश गर्नुपर्दछ ।

२१. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख)मा मालपोत वा भूमिकरबाट उठेको राजश्व २५% जिल्ला समन्वय समितिलाई बुझाउनु पर्ने उल्लेख छ । मालपोत रकमको २५ प्रतिशतले हुन आउने रकम जि.स.स. को खातामा दाखिला गर्नुपर्नेमा दाखिला नगरिएको रु.१,२५५।- जि.स.स.को खातामा जम्मा गर्नुपर्दछ ।

२२. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । २०७३।११।२७ सम्म पनि रु.१,६२,०००। फछ्र्यौट गरेको देखिएन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

२३. **विगत बर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि बाँकी रहेको पेश्की रु.३,४३,०००। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

२४. गा.वि.स. को अन्तिम मौज्दात फिर्ता गर्दा बैंक बाट रु.१,०००।- फिर्ता नगरेकोले सो रकम गाउँपालिकाको खातामा ट्रान्सफर हुनुपर्दछ ।

**सिगास गाउँ विकास समिति**

२५. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने उल्लेख छ । स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धि नियमावली, २०६४ को नियम ६५ मा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष लागत अनुमान तयार नगरी एक ईन्टरप्राइजेजबाट रु. २०७९००।०० को बजाज मोटरसाईकल V15 खरिद गरेको पाईयो । खरिद प्रकृयाको मुख्य अंगको रुपमा रहेको लागत अनुमानलाई नियमानुसार तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२६. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(१) मा व्यक्तिलाई पारिश्रमिक भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । मालपोत लगत उतार गरे बापत एक व्यक्तिलाई पारिश्रमिक रु. ८,०००।०० भुक्तानी दिदा पारिश्रमिक कर कट्टी नगरेको रु. १,२००।०० असुल हुनुपर्दछ ।

२७. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । उपभोक्ता समितिद्धारा संचालित योजनामा नापी किताब संलग्न नगरी रु.३,६५,०००।- अन्तिम भुक्तानी गरेको पाईयो । सम्बन्धित योजनाको नापी किताब पेश हुनुपर्दछ ।

२८. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । २०७३।११।२७ सम्म रु.४,७०,०००। फछ्र्यौट गरेको देखिएन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

२९. गत विगत आर्थिक बर्षको पेश्की : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा

अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि बाँकी रहेको पेश्की रु.३,८२,०००। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**ढुंगाड गाउँ विकास समिति**

३०. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक सप्लायर्सबाट वाल विकास सामग्री खरिद गरी रु. १४१०३८।२२ भुक्तानी दिईएकोमा अग्रीम कर रु. २११५।५७कट्टी नगरी भुक्तानी गरिएको हुँदा कर असुल गरी दाखिला हुनुपर्दछ ।

३१. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । उपभोक्ता समितिले गरेको कामको नापी किताब तयार नगरी रु.२,००,०००। भुक्तानी दिईएको हुँदा नापी किताब पेश हुनुपर्दछ ।

३२. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(१) मा व्यक्तिलाई पारिश्रमिक भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । मालपोत लगत उतार गरे बापत एक व्यक्तिलाई पारिश्रमिक रु. ८०००।०० भुक्तानी दिदा पारिश्रमिक कर कट्टी नगरेको रु.१२००।- असुल हुनुपर्दछ ।

३३. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । २०७३।११।२७ सम्म रु.२४,०००। फछ्र्यौट गरेको देखिएन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

३४. गत विगत आर्थिक बर्षको पेश्की : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि बाँकी रहेको पेश्की रु.३,७१,०३०। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**थलाकाडा.गाउँ विकास समिति**

३५. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(१) मा व्यक्तिलाई पारिश्रमिक भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । मालपोत लगत उतार गरे बापत एक व्यक्तिलाई पारिश्रमिक रु. ६०००।०० भुक्तानी दिदा पारिश्रमिक कर कट्टी नगरेको रु. ९००।- असुल हुनुपर्दछ ।

३६. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । उपभोक्ता समितिद्वारा सम्पन्न योजनामा नापी किताब तयार नगरी रु.९,२८,७८५। भुक्तानी गरेको पाईयो । उपभोक्ता समितिले गरेको कामको नापी किताब पेश हुनुपर्दछ ।

३७. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक सप्लायर्सबाट प्रिनटर खरिद गर्दा बिल रकम रु. ७५,०००।०० को अग्रीम आय कर रु.९९५।५७ कर कट्टी गरेको छैन । उक्त रकम असुल हुनुपर्दछ ।

३८. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । २०७३।११।२७ सम्म पनि निम्नानुसारको पेश्की रु.१,८०,०००।- फछ्र्यौट गरेको देखिएन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

**शिबलिङ्ग गाउँ विकास समिति**

३९. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । आपूर्तिकर्ताहरुलाई रकम भुक्तानी गर्दा अग्रिम कर कट्टी नगरिएको रु.३,८५४।- सम्बन्धितबाट असुल गरी राजश्व दाखिला हुनुपर्दछ ।

४०. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । उपभोक्ता समितिद्धारा सम्पन्न योजनामा नापी किताब तयार नगरी रु.५,१३,४२९।- भुक्तानी गरेको पाईयो । उपभोक्ता समितिले गरेको कामको नापी किताब पेश हुनुपर्दछ ।

४१. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक सप्लायर्सबाट सामग्री खरिद रु.१,१९,५००।०० भुक्तानी गर्दा अग्रीम कर रु. १,७९२।५०कट्टी नगरिएको हुँदा सम्बन्धितबाट असुल गरी राजश्व दाखिला हुनुपर्दछ ।

४२. **बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ मा भाडा रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १० प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक सप्लायर्सबाट सामग्री खरिद गरी उक्त सामान ढुवानी बापत रु.२०,०००।०० भुक्तानी गरिएकोमा बहाल कर रु.२,०००।०० कर कट्टी गरिएको छैन । उक्त रकम असुल हुनुपर्दछ ।

४३. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । २०७३।११।२७ सम्म रु.१,४४,३००।- फछ्र्यौट गरेको देखिएन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

४४. **विगत बर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि बाँकी रहेको पेश्की रु.१८,०००। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**चौखाम विकास समिति**

४५. वित्तीय विवरणमा देखिएको कर चौखाम गाउ विकास समितिले नियमानुसार दाखिला गर्नुपर्ने रु २१३०।०० राजश्व खातामा दाखिला गर्नुपर्ने देखियो ।

४६. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । २०७३।११।२७ सम्म यस वर्षको रु.४०,०००। फछ्र्यौट गरेको देखिएन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

४७. गत विगत आर्थिक बर्षको पेश्की : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि बाँकी रहेको पेश्की रु.१,०९,७००। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु १ करोड ५८ लाख ९९ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३६ लाख २१ हजार र पेश्की रु. २२ लाख ४४ हजार रहेको छ ।

# शिवनाथ गाउँपालिका

लेखापरीक्षण प्रतिवेदन

गाँउपालिकाको गत वर्षको मौज्दात रु. ४ लाख ८९ हजार र यो वर्ष आय रु. ५ करोड ४४ लाख ७४ हजार समेत रु. ५ करोड ४९ लाख ६३ हजार आम्दानी भएकोमा रु. ४ करोड ९१ लाख ९० हजार खर्च भई रु. ५७ लाख ७३ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **लेखाप्रणाली** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमादवली २०६४ बमोजिम गाउँ बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि आन्तरिक आयतर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन।

२. **आन्तरिक नियन्त्रण प्रणाली :** विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्नेमा सो अनुसार व्यवस्था नगरेको, कार्यक्रमगत आम्दानी खर्च खाता नराखेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको, कार्यालयले उद्देश्य प्रप्तिमा आइपर्ने सम्भावित जोखिमहरु परिचान नगरेको, अन्तिम लेखापरीक्षणबाट औल्याएको बेरुजू अभिलेख व्यवस्थित नगरेको, कार्यविवरण तयार गरि कर्मचारीको अधिकार जिम्मेवारी नदिएको, वार्षिक रुपमा जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य नभएको, गाउपालिकावाट सम्वन्धित वडाहरुलाई खाता संचालन गरी वडाको खातामा रकम जम्मा गरिए पनि समयमा नै पेश्की फर्छ्यौट गरि वडाका खाताहरु प्रमाणित नगरिएको देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

३. **राजश्व असुली** : आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १२,१३ ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भए पछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ। त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको छैन। अत : कानुनको पालना गर्नुपर्दछ।

४. **श्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिकारनगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा गाँउ पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन।

५. **वार्षिक खरिद :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैंयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाको लागि पूँजिगत अनुदान रु.८०,००,०००। बजेट व्यवस्था भएकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन। सार्बजनिक खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आबश्यक पर्ने भएकोले नियमको पालना हुनुपर्दछ।

६. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३.४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ।

७. **सम्पत्ति हस्तान्तरण : स्**थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने

व्यवस्था गरेकोमा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । गाउँपालिकाबाट साविक गा.वि.स.मा रहेका जिन्सी सामान यकिन गरि गाउँपालिकाको अभिलेखमा समहित गर्नुपर्दछ ।

८. **लगत :** आ.व. २०७२।०७३ को लेखापरीक्षणको प्रतिवेदनवाट उल्लेखित योजनागत पेश्की वेरुजु लगतको अभिलेख, जिन्सी लगत एवं सो का कैफियत व्यहोराहरुको अद्यावधिक गरी फछ्र्यौट एवं नियमित गर्ने पध्दतीको विकास गरिएको देखिएन । अतः लेखापरीक्षण प्रतिवेदनको लगत राखी बेरुजु फछ्र्यौट एवं नियमित गर्नुपर्दछ ।

९. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । खेलकुद सामाग्री आपूर्तिकर्तालाई रु. ४०,६००।- भुक्तानी गर्दा अग्रिम कर कट्टी नगरिएको रु.६०९।- सम्बन्धितबाट असुल गरी राजश्व दाखिला हुनुपर्दछ ।

१०. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । वडा नं. २, ३, ४ र ६ वडाहरुमा सन्चालित योजनाको भुक्तानी गर्दा नापी किताब नराखी रु.६१,४३,२५४। भुक्तानी गरेको पाईयो । सम्बन्धित योजनाको कार्यसम्पन्न प्रतिवेदन तथा नापी किताब पेश हुनुपर्दछ ।

११. **अनुदान :** (वडा नं.४) स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा तोकिएको बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने तथा नियम ४६(३) मा खर्च गर्दा खर्चको विलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गोश्वारा भौचर नम्बर ८ मिति २०७४।३।४ बाट उदयदेव स्वास्थ्य चौकीलाई साविक उदयदेव गा.वि.स.ले दिएको पेश्की रु.३,००,०००। फछ्र्यौट गरी रु.३२२३२३। भुक्तानी समेत गरी रु.६,२२,३२३। अनुदान उपलव्ध गराईएकोमा जुन कामको लागि उक्त रकम उपलव्ध गराईएको हो सो काममा खर्च गरे नगरेको, लक्ष्य अनुसार गरे वा नगरेको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नुपर्ने तथा अनुदान उपलव्ध गराईएको रकम संस्थाको आय विवरणमा समावेश भएको लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।

१२. **अनुदान :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा तोकिएको बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने तथा नियम ४६(३) मा खर्च गर्दा खर्चको विलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गोश्वारा भौचर नम्बर ७ मिति २०७४।२।२९ बाट शर्माली स्वास्थ्य चौकीलाई दिएको पेश्की रु.४,५०,०००। फछ्र्यौट गरी रु.११३०००। भुक्तानी समेत गरी रु.५,६३,०००। अनुदान उपलव्ध गराईएकोमा जुन कामको लागि उक्त रकम उपलव्ध गराईएको हो सो काममा खर्च गरे नगरेको, लक्ष्य अनुसार गरे वा नगरेको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नुपर्ने तथा अनुदान उपलव्ध गराईएको रकम संस्थाको आय विवरणमा समावेश भएको लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।

१३. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । ३ संस्थालाई दिएको पेश्की रकम मध्ये रु. १,४८,०००।- आर्थिक बर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट गरेको छैन । उक्त रकम नियमानुसार जिम्मेवारी सारी फछ्र्यौट हुनुपर्दछ ।

**शिवनाथ गाउँ विकास समिति**

१४. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । मेसिनरी सामान तथा मोटरसाईकल आपूर्तिकर्ताहरुलाई रु. ३८०५३५।-(मु.अ.कर बाहेक) भुक्तानी गर्दा अग्रिम कर कट्टी नगरिएको रु.५७०७।- सम्बन्धितबाट असुल गरी राजश्व दाखिला हुनुपर्दछ ।

१५. **अनुदान :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा तोकिएको बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने तथा नियम ४६(३) मा खर्च गर्दा खर्चको विलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गोश्वारा भौचर नम्बर २३ मिति २०७३।११।१९ बाट शिवनाथ स्वास्थ्य चौकीलाई रु.२,८४,०००। अनुदान उपलव्ध गराईएकोमा जुन कामको लागि उक्त रकम उपलव्ध गराईएको हो सो काममा खर्च गरे नगरेको, लक्ष्य अनुसार गरे वा नगरेको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नुपर्ने तथा अनुदान उपलव्ध गराईएको रकम संस्थाको आय विवरणमा समावेश भएको लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।

१६. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । विभिन्न व्यक्तिलाई दिएको पेश्की रु.४,२५,०००। आर्थिक बर्षको अन्त्यसम्म पनि फछ्र्यौट नभएकोले उक्त पेश्की गाउँपालिकामा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्दछ ।

१७. **विगतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि १८ जनाको नाममा बाँकी रहेको पेश्की रु. ८३०२५३। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**उदयदेव गाउँ विकास समिति बैतडी**

१८. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ ३६(३) अनुसार भुक्तानी गरेको रकम विल भरपाई विना भुक्तानी नगर्ने व्यवस्था छ । कार्यालयले एक व्यक्तिलाई जग्गा नाप गरे वापतका साथै भ्रमण खर्च भनी रु.२५,०००। भुक्तानी दिएकोमा विलभरपाई संलग्न नभएकोले विलभरपाई पेश गर्नुपर्दछ ।

१९. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(१) मा व्यक्तिलाई पारिश्रमिक भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक कर्मचारीलाई पारिश्रमिक रु. ८०००।०० भुक्तानी दिदा पारिश्रमिक कर कट्टी नगरेको रु. १२००।०० असुल हुनुपर्दछ ।

२०. **दाखिला :** कर्मचारीको तलव भत्ता भुक्तानी गर्दा कट्टी गरिएको कर्मचारी संचयकोष रकम र सा.सु. कर कट्टी रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्नेमा कट्टी गरि दाखिला नगरेकोले कर्मचारी संचयकोष रकम रु.५३,४९५। र सा.सु. कर कट्टी रकम रु.३,०७८। समेत रु.५६,५७३। सम्बन्धित खातामा दाखिला गरि सोको प्रमाण पेश हुनुपर्दछ ।

२१. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ३ संस्थाको नाममा दिएको पेश्की रकम मध्ये रु.४,२०,००० ।- आर्थिक बर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट गरेको छैन । उक्त रकम नियमानुसार जिम्मेवारी सारी फछ्र्यौट हुनुपर्दछ ।

२२. **विगतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि १७ जनाको नाममा बाँकी रहेको पेश्की रु. ४,१९,०५६।- यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**सर्माली गाउँ विकास समिति**

२३. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । ५ योजनाको उपभोक्ता समितिले गरेको कामको नापी किताब तयार नगरी रु.२,००,०००। भुक्तानी दिईएको हुँदा नापी किताब पेश हुनुपर्दछ ।

२४. **जिन्सी दाखिला** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२ मा स्थानीय निकायमा रहेको र खरिद गरी वा हस्तानतरण भई आएको सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको मालसामानको विवरण र मूल्य समेत खुलाई मालसामान प्राप्त भएको मितिले सात दिनभित्र जिन्सी किताबमा आम्दानी बाँधी लगत तयार गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले एक प्रहरी चौकीलाई रु.१०,०००। को फर्निचर खरिदको लागि भुक्तानी गरिएकोमा प्रहरी चौकीबाट जिन्सी दाखिला प्रतिवेदन पेश गर्नुपर्दछ ।

२५. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(१) मा व्यक्तिलाई भत्ता भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । अनुगमन समितिका व्यक्तिहरुलाई भत्ता वापत रु. ४५,०००।- वितरण गर्दा पारिश्रमिक कर कट्टी नगरेकोले उक्त रकम रु.४५००। असुल गर्नुपर्दछ ।

२६. **अनुदान :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा स्वीकृत बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वास्थ्य चौकी शर्मालीलाई अनुदान वापत उपलब्ध गराइएको रु.४,५०,०००।- को स्वास्थ्य चौकीले आफ्नो आयविवरणमा समावेश गरेको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ ।

२७. **विगतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि ३ जनाको नाममा बाँकी रहेको पेश्की रु. ४५६,०००। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

लेखापरीक्षणबाट रु १ करोड १० लाख ६४ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १२ हजार, नियमित गर्नुपर्ने रु. ८३ लाख ५४ हजार र पेश्की रु. २६ लाख ९८ हजार रहेको छ ।

# पञ्चेश्वर गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु. ३ लाख ७६ हजार र यो वर्ष आय रु. ७ करोड २२ लाख ६५ समेत रु. ७ करोड २५ लाख ७६ हजार आम्दानी भएकोमा रु. ६ करोड ७४ लाख ६५ हजार खर्च भई रु. ५१ लाख ११ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **लेखाप्रणाली** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमादवली, २०६४ बमोजिम गाउँ बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि आन्तरिक आयतर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्नेमा सो अनुसार व्यवस्था नगरेको, कार्यक्रमगत आम्दानी खर्च खाता नराखेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको, कार्यालयले उद्देश्य प्रप्तिमा आइपर्ने सम्भावित जोखिमहरु परिचान नगरेको, अन्तिम लेखापरीक्षणबाट औंल्याएको बेरुजू अभिलेख व्यवस्थित नराखेको, कार्यविवरण तयार गरि कर्मचारीको अधिकार जिम्वेवारी नदिएको, वार्षिक रुपमा जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य नभएको, गाउँपालिकावाट सम्वन्धित वडाहरुलाई खाता संचालन गरी रकम पेश्की स्वरुप कार्यक्रम गत खातामा जम्मा गरिए पनि समयमा नै पेश्की फर्छ्यौट गरि वडाका खाताहरु प्रमाणित नगरिएको देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

३. **राजश्व असुली** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १२,१३ ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भए पछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने, प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ। त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको छैन। अत : कानुनको पालना गर्नुपर्दछ।

४. **श्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिकारनगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा गाँउ पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन।

५. **वार्षिक खरिद :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैंयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो बर्ष रु ३१४२४१२।२८को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन। सार्बजनिक खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आबश्यक पर्ने भएकोले नियमको पालना हुनुपर्दछ।

६. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३.४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ।

७. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको

अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । गाउँपालिकाबाट साविक गा.वि.स.मा रहेका जिन्सी सामान यकिन गरि गाउँपालिकाको अभिलेखमा समहित गर्नुपर्दछ ।

८. **स्थानीय संचित कोष :** स्थानिय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउँ पालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवध्द हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सबै बांकि रकम सम्बन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि वडाहरुले आर्थिक वर्षको अन्त्यमा बांकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले रु. ८,३९,२२२.६६ संचित कोषमा दाखिला गरिनु पर्दछ ।

९. **लगत :** आ.व. २०७२।०७३ को लेखापरीक्षणको प्रतिवेदनवाट उल्लेखित योजनागत पेश्की वेरुजु लगतको अभिलेख, जिन्सी लगत एवं सो का कैफियत व्यहोराहरुको अद्यावधिक गरी फछ्र्यौट एवं नियमित गर्ने पध्दतीको विकास गरिएको देखिएन । अतः लेखापरीक्षण प्रतिवेदनको लगत राखी बेरुजु फछ्र्यौट एवं नियमित गर्नुपर्दछ ।

१०. **कार्यसम्पन्न प्रतिवेदन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । वडा नं. ५ मा सन्चालित २ योजनाको भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदन तथा नापी किताब नराखी रु.२,००,०००। भुक्तानी गरेको पाईयो । सम्बन्धित योजनाको कार्यसम्पन्न प्रतिवेदन तथा नापी किताब पेश हुनुपर्दछ ।

११. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम ४६(१) अनुसार स्वीकृत बजेट तोकिएको कार्यमा खर्च गर्नुपर्ने तथा नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले ७ कार्यक्रम संचालन गर्न विभिन्न संस्थाहरुलाई रु.९,८७,०००। रकम उपलब्ध गराएकोमा खर्च साथ खर्चलाई पुष्टयाई गर्ने कागजात संलग्न छैन । अतः खर्च पुष्टयाईको कागजात पेश हुनुपर्दछ ।

१२. **पारिश्रमिक कर** : (वडा नं.२) आयकर ऐन,२०५८ को दफा ८८ अनुसार बैठक भत्ता भुक्तानीमा १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले बैठक भत्ता बापत रु.६०,०००। भुक्तानी गरेकोमा भुक्तानीमा पारिश्रमिक कर रु.९,०००। कट्टा नगरेकोले सम्बन्धितबाट असुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

१३. **बढी भुक्तानी :** (**वडा नं ५ तर्फ**) स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(ध ) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समिति नागार्चन माध्यामिक विद्यालयले सार्वजनिक निर्माण कार्य गरे बापत कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.४,६०,७६९।- भुक्तानी गर्नुपर्नेमा रु.४,७३,०००। भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१२,२३०।- सम्बन्धित विद्यालयबाट असुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

१४. **पेश्की बाँकीः** (मूल कोष तर्फ) स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्कीको नामनामेशी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ७ वटा नागरिक सचेतना केन्द्रहरुलाई उपलब्ध गराएको पेश्की रु.३,०४,०००। आर्थिक बर्षको अन्त्यसम्ममा पनि फछ्र्यौट गरेको छैन । उक्त रकम नियमानुसार जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्दछ ।

**पञ्चेश्वर गाउँ विकास समिति बैतडी**

१५. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ल्यापटप तथा मोटरईकल आपूर्तिकर्तालाई खरिद वापत रु. ३४६८१३।०६ भुक्तानी गर्दा अग्रिम कर रु.५२०२।१९ कट्टा नगरेकोल असुल गरि दाखिला गर्नुपर्दछ ।

१६. **विगत बर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत

बर्षदेखि १४ जनाको नाममा बाँकी रहेको पेश्की रु. १२५९०५४। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**रोडीदेवल गाउँ विकास समिति बैतडी**

१७. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ ३६(३) अनुसार भुक्तानी गरेको रकम विल भरपाई विना भुक्तानी नगर्ने व्यवस्था छ । कार्यालयले विभिन्न बैंठकमा योजना व्यवस्थापना तथा विविध खर्च लेखेको रु.२,००,०००। को विलभरपाई संलग्न नभएकोले विलभरपाई पेश गर्नुपर्दछ ।

१८. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । २०७३।११।२७ सम्मको पेश्की रु.२,९३,०००।- फछ्र्यौट गरेको देखिएन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

१९. **विगत बर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि १ जनाको नाममा बाँकी रहेको पेश्की रु. ४५०००। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**कुलाउ गाउँ विकास समिति**

२०. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मेसिनरी सामान आपूर्तिकर्तालाई सामान खरिद वापत रु.१,२४,०९५।- भुक्तानी गर्दा अग्रिम कर रु.१,८६१।- कट्टा नगरेकोल असुल गरि दाखिला गर्नुपर्दछ ।

२१. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौटहुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौटगर्नुपर्ने व्यवस्था छ । २०७३।११।२७ सम्मको पेश्की रु.१२,२९,०००।- फछ्र्यौट गरेको देखिएन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

२२. **विगतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौटहुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौटहुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि १६ जनाको नाममा बाँकी रहेको पेश्की रु.७,२९,९३६।- यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**गिरेगाडा गाउँ विकास समिति**

२३. **जिन्सी दाखिला** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२ मा स्थानीय निकायमा रहेको र खरिद गरी वा हस्तानतरण भई आएको सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको मालसामानको विवरण र मूल्य समेत खुलाई मालसामान प्राप्त भएको मितिले सात दिनभित्र जिन्सी किताबमा आम्दानी बाँधी लगत तयार गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले रु. ३०,७१०।- मूल्यको कार्यालय सञ्चालन तथा फर्निचर सामाग्री खरिद गर्दा जिन्सी खातामा आम्दानी नबाँधेकोले जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्दछ ।

२४. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । आर्थिक बर्षको अन्त्यसम्म पेश्की रु.९,३५,०००।- फछ्र्यौट गरेको देखिएन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

२५. **विगत बर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त

अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि १९ जनाको नाममा बाँकी रहेको पेश्की रु.६७६२२५। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

२६. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ ३६(३) अनुसार भुक्तानी गरेको रकम विल भरपाई विना भुक्तानी नगर्ने व्यवस्था छ । महाकाली गाउँ विकास समिति कार्यालयले गो.भौ.नं. २७ मिति २०७३।११।२६ बाट गा.वि.स.को दलित आयमुलक कार्यक्रम अन्तर्गत (बाखा पालन कार्यक्रम) प्रा.स. अनिल सिंह साउदलाई भुक्तानी दिई खर्च लेखेको रु.१,२५,०००। मध्ये रु.२,२५०। को मात्र विलभरपाई संलग्न भएकोले बाँकी रु.१,२२,७५०। को विल भरपाई संलग्न नभएकोले विलभरपाई पेश गर्नु अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

२७. **विगतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि १ जनाको नाममा बाँकी रहेको पेश्की रु.४०,०००। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**आमचौरा विकास समिति**

२८. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । २०७३।११।२७ सम्मको पेश्की रु.१,००,०००।- फछ्र्यौट गरेको देखिएन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

२९. **विगतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि ६ जनाको नाममा बाँकी रहेको पेश्की रु.४,५७,०००। यो बर्ष पनि फछ्र्यौट गर्न बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु. ७८ लाख ६० हजार बेरुजू रहेको छ । प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु. ६ लाख १६ हजार वेरुजु फछ्र्यौट भएकोमा रु. ७२ लाख ४४ हजार वेरुजु बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १८ हजार, नियमित गर्नुपर्ने रु. २१ लाख ३४ हजार र पेश्की रु. ५० लाख ९२ हजार रहेको छ ।

# दोगडाकेदार गाउँपालिका, बैतडी

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु. ४ लाख ४७ हजार र यो वर्ष आय रु. ८ करोड ९७ लाख १ हजार समेत रु. ९ करोड १ लाख ४८ हजार आम्दानी भएकोमा रु. ८ करोड ४१ लाख ७६ हजार खर्च भई रु. ५९ लाख ७२ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **लेखाप्रणाली** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउँ बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि आन्तरिक आय तर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्नेमा सो अनुसार व्यवस्था नगरेको, कार्यक्रमगत आम्दानी खर्च खाता नराखेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको, कार्यालयले उद्देश्य प्प्तिमा आइपर्ने सम्भावित जोखिमहरु परिचान नगरेको, अन्तिम लेखापरीक्षणबाट औल्याएको बेरुजू अभिलेख व्यवस्थित नराखेको, कार्यविवरण तयार गरि कर्मचारीको अधिकार जिम्वेवारी नदिएको, वार्षिक रुपमा जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य नभएको, गाउँपालिकावाट सम्वन्धित वडाहरुलाई खाता संचालन गरी रकम पेश्की स्वरुप कार्यक्रम गत खातामा जम्मा गरिए पनि समयमा नै पेश्की फर्छ्यौट गरि वडाका खाताहरु प्रमाणित नगरिएको देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

३. **राजश्व असुली** : आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १२,१३ ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भए पछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको छैन । अत : कानुनको पालना गर्नुपर्दछ ।

४. **श्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिकारनगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा गाँउ पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

५. **खरिद योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु ३१४२४१२।२८को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन । सार्बजनिक खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आबश्यक पर्ने भएकोले नियमको पालना हुनुपर्दछ ।

६. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।०७४ च.नं.१.१.३.४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

७. **सम्पत्ति हस्तान्तरण : स्**थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका

मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ। गाउँपालिकाबाट साविक गा.वि.स.मा रहेका जिन्सी सामान यकिन गरि गाउँपालिकाको अभिलेखमा समहित गर्नुपर्दछ।

८. **स्थानीय संचित कोष :** स्थानिय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउँपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वांकि रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रु.२१८१४३६.०७ सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गरिनु पर्दछ ॥

९. **लगत :** आ.व. २०७२।०७३ को लेखापरीक्षणको प्रतिवेदनवाट उल्लेखित योजनागत पेश्की वेरुजु लगतको अभिलेख, जिन्सी लगत एवं सो का कैफियत व्यहोराहरुको अद्यावधिक गरी फछ्र्यौट एवं नियमित गर्ने पध्दतीको विकास गरिएको देखिएन। अतः लेखापरीक्षण प्रतिवेदनको लगत राखी बेरुजु फछ्र्यौट एवं नियमित गर्नुपर्दछ।

१०. **कर कट्टी** : आयकर ऐन २०५८ को दफा ८९ को उपदफा १ बमोजिम ब्यक्तिले रु ५०,०००। भन्दा बढीको रकम भुक्तानी दिदा भुक्तानीको कुल रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने ब्यवस्था छ। कार्यालय सामान खरिद गरी रु १,१९,५८६। भुक्तानी दिएकोमा १.५ प्रतिशतका दरले हुन आउने रकम रु १,७९३।८९ कट्टी नगरेकोले उक्त रकम असुल हुनु पर्दछ।

११. **पेश्की फछ्र्यौट** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयको साइनवोर्ड निर्माण तथा पेन्टीङ्ग गर्न एक व्यक्तिलाई रु १२,०००।- पेश्की दिएकोमा उक्त पेश्की फछर्योट गर्दा रु ५,०००।- को मात्र बिल भरपाई पेश गरेको हुँदा नपुग रु ७,०००।- सम्बन्धितबाट असुल गरी राजश्व दाखिला हुनुपर्दछ।

१२. **अनुदान :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ (१) मा स्वीकृत बजेट तोकिएको कार्यमा खर्च गर्नुपर्ने साथै नियम ४६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले ३ वटा संस्थाहरुलाई अनुदान रु.८,३२,२९६।- उपलब्ध गराएकोमा खर्च साथ खर्चलाई पुष्ट्याइ हुने विल भरपाई संलग्न रहेको छैन। अतः खर्चलाई पुष्ट्याई गर्ने विवरण पेश हुनुपर्दछ

१३. **सामान खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४ मा अधिकार प्राप्त अधिकारीको लिखित आदेश बिना कसैले कुनै खरिद गर्न गराउन नहुने व्यवस्था छ। एक कर्मचारीलाई सामान खरिदका लागी खरिद आदेश बिनानै पेश्की रु १,५०,०००।- भुक्तानी गरिएको पाईयो। खरिद आदेश स्वीकृत गराएर मात्र सामान खरिद गर्नुपर्दछ।

१४. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा पाँचलाख रुपैया सम्मको लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने, नियम ८४ मा बीसलाख रुपैया सम्मको मालसामान सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्न सकिने तथा नियम ३१ अनुसार बीसलाख भन्दा वढी लागत अनुमान भएको मालसामान वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले मालसामानको लागत अनुमान तयार नगरी कर्मचारीहरुलाई रु. ३१,५०,०००/- पेश्की मार्फत सोझै मालसामान खरिद गरी खर्च लेखेकोले नियमित देखिएन। लागत अनुमान तयार गरी नियमानुसार खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१५. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ। उपभोक्ता समितिद्धारा संचालित ४ योजनामा नापी किताब संलग्न नगरी रु.४,७०,०००। अन्तिम भुक्तानी गरेको पाईयो। सम्बन्धित योजनाको नापी किताब पेश हुनुपर्दछ ।

१६. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले रु. ४९३२९०।- मा २ थान मोटरसाईकल खरिद गरिएकोमा लागत अनुमान तयार गरेको छैन। लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१७. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खानेपानी सरसफाई समन्वय समितिलाई रु ७,६५,०००।- भुक्तानी गरेकोमा कार्यक्रम र खर्चका बिल भरपाई बेगर खर्च लेखेकोले प्रमाण पेश गरी नियमित गर्नुपर्दछ।

१८. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन

बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याईएको पेश्की रकम मध्ये रु. ८०१०६२।- आर्थिक बर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट गरेको छैन । उक्त रकम नियमानुसार जिम्मेवारी सारी फछ्र्यौट हुनुपर्दछ ।

**रिम गाउँ विकास समिति**

१९. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । उपभोक्ता समितिद्वारा संचालित ६ वटा योजनामा नापी किताब संलग्न नगरी रु.१,४४,०००।- अन्तिम भुक्तानी गरेको पाईयो । सम्बन्धित योजनाको नापी किताब पेश हुनुपर्दछ ।

२०. **तलब खर्च :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि,२०६९ को दफा १३(१) मा स्थानीय निकायको कोषको पूँजिगत रकमबाट कुनै पनि प्रकारको तलब भत्ता, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र कर्मचारी एवं राजनैतिक पदाधिकारी वा व्यक्तिको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिईने सुविधा सम्बन्धि खर्चहरु गर्न नपाईने तथा पूँजिगत तर्फको रकम सापटी लिई वा रकमान्तरी गरी चालू शीर्षकमा वा चालू प्रकृतिको कार्यमा खर्च गर्न नहुने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९(१) मा आर्थिक वर्ष शुरु भएपछि गाउँ परिषदबाट स्वीकृत बजेट र कार्यक्रमको सिमा भित्र रहि निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । चालु बजेटबाट खर्च गर्नुपर्नेमा पूँजीगत शिर्षकबाट रु १,२०,४५५। खर्च गरेकाले नियमित देखिएन । नियमको पालना हुनुपर्दछ ।

२१. **विगतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि १२ जनाको नाममा बाँकी रहेको पेश्की रु. २,९६,८८५।- यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**श्रीकोट गाउँ विकास समिति**

२२. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले ८ जना व्यक्तिको नाममा दिएको पेश्की रु.३१८४१६।- आर्थिक बर्षको अन्त्यसम्म पनि फछ्र्यौट नभएकोले उक्त पेश्की गाउँपालिकामा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्दछ ।

२३. **विगतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि १९ जनाको नाममा बाँकी रहेको पेश्की रु. ८,०७,५४१।- यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**श्रीकेदार गाउँ विकास समिति**

२४. **जिन्सी दाखिला :** प्रहरी चौकीलाई फर्निचर खरिद बापत रु २०,०००। भुक्तानी दिएकोमा जिन्सी दाखिलाको प्रतिवेदन संलग्न गरेको पाईएन । जिन्सी दाखिला प्रतिवेदन पेश हुनुपर्दछ ।

२५. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने उल्लेख छ । २०७३/१०/०५ मा नमुना अटोपार्टर्स डडेलधुराबाट गाबिसको कार्यालयका लागी रु २,२४,९००। मोटरसाइकल खरिद गरिएकोमा लागत अनुमान तयार नगरेकोले नियमित देखिएन । नियमको पालना गर्नुपर्दछ ।

२६. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले निम्न व्यक्तिको नाममा दिएको पेश्की रु.२,३५,०००। आर्थिक बर्षको अन्त्यसम्म पनि फछ्र्यौट नभएकोले उक्त पेश्की गाउँपालिकामा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्दछ ।

२७. **विगतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि ४ जनाको नाममा बाँकी रहेको पेश्की रु. १,७१,२३३। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**न्वाली गाउँ विकास समिति**

२८. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने उल्लेख छ । लागत तयारी वेगर रु. २,०८,७६१।०६ मा मोटरसाइकल खरिद गरेकोले नियमसंगत देखिएन । नियमको पालना हुनुपर्दछ ।

२९. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । निम्न बमोजिम पेश्की रकम रु. ५,००,०००।- आर्थिक बर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट गरेको छैन । उक्त रकम नियमानुसार जिम्मेवारी सारी फछ्र्यौट हुनुपर्दछ ।

३०. **विगतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि ३७ जनाको नाममा बाँकी रहेको पेश्की रु.१४,३२,७०४। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**सित्तड गाउँ विकास समिति**

३१. **अनुदान** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम ४६(१) मा स्वीकृत बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । गो.भा.नं. ०९ मिति २०७३।१०।२८बाट सित्तड स्वास्थ्य चौकीलाई रु २,०६,०००। अनुदान दिएकोमा जुन कामको लागि उक्त रकम उपलव्ध गराईएको हो सो काममा खर्च गरे नगरेको, लक्ष्य अनुसार गरे वा नगरेको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नुपर्ने तथा अनुदान उपलव्ध गराईएको रकम संस्थाको आय विवरणमा समावेश भएको लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।

३२. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । उपभोक्ता समितिद्वारा संचालित योजनामा नापी किताब संलग्न नगरी अन्तिम भुक्तानी गरेको पाईयो । सम्बन्धित योजनाको नापी किताब पेश हुनुपर्दछ ।

३३. **तलब खर्च** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३(१) मा स्थानीय निकायको कोषको पूँजिगत रकमबाट कुनै पनि प्रकारको तलब भत्ता, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र कर्मचारी एवं राजनैतिक पदाधिकारी वा व्यक्तिको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिईने सुविधा सम्बन्धि खर्चहरु गर्न नपाईने तथा पूँजिगत तर्फको रकम सापटी लिई वा रकमान्तरी गरी चालू शीर्षकमा वा चालू प्रकृतिको कार्यमा खर्च गर्न नहुने व्यवस्था छ । २०७३।११।२५ मा कर्मचारीहरुलाई तलव भुक्तानी गर्दा पुजीगतबाट चालुमा ट्रान्सफर गरी रु ६४,९२४। खर्च लेखेको पाईयो । उक्त रकम नियमित हुनुपर्दछ ।

३४. **विगतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि ८ जनाको नाममा बाँकी रहेको पेश्की रु.६,७१,०४२। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**देउलेक गाउँ विकास समिति**

३५. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । उपभोक्ता समितिद्वारा

संचालित योजनामा नापी किताब संलग्न नगरी रु.१५,३२,०००। अन्तिम भुक्तानी गरेको पाईयो । सम्बन्धित योजनाको नापी किताब पेश हुनुपर्दछ ।

३६. पुजिगत खर्च खाता ग २ गाबिसले पेश गरेको बित्तिय बिबरणमा अन्तिम मौज्दात रु १००।३८ देखिएको र बैंक स्टेटमेन्टमा सोही दिनको अन्तिम मौज्दात ६०,१००।३८ फरक रकम रु ६०,०००। देखिना गएकोले बैंक हिसाव मिलान गर्नु पर्ने देखिन्छ ।

३७. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले विभिन्न व्यक्तिको नाममा दिएको पेश्की रु.७,१७,०००। आर्थिक बर्षको अन्त्यसम्म पनि फछ्र्यौट नभएकोले उक्त पेश्की गाउँपालिकामा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्दछ ।

३८. **विगतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि १९ जनाको नाममा बाँकी रहेको पेश्की रु.७७९०८४। यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**कटौजपानी गाउँ विकास समिति**

३९. **पेश्की फछ्र्यौट** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । २ संस्थाको नाममा गएको पेश्की रकम मध्ये रु.२,५०,०००।- आर्थिक बर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट गरेको छैन । उक्त रकम नियमानुसार जिम्मेवारी सारी फछ्र्यौट हुनुपर्दछ ।

४०. **विगतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । गा.वि.स.ले गत विगत बर्षदेखि ३ जनाको नाममा बाँकी रहेको पेश्की रु. १,००,०००।- यो बर्ष पनि फछ्र्यौट नगरी बाँकी रहेकोले गाउँपालिकाले जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

४१. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । विभिन्न उपभोक्ता समितिद्बारा संचालित योजनामा नापी किताब संलग्न नगरी रु.२०,८२,०००। अन्तिम भुक्तानी गरेको पाईयो । सम्बन्धित योजनाको नापी किताब पेश हुनुपर्दछ ।

४२. फर्निचर खरिद गरी रु १,८४,०००। भुक्तानी गरिएकोमा खरिद आदेश र दाखिला प्रतिवेदन संलग्न गरेको छैन । दाखिला प्रतिवेदन पेश हुनुपर्दछ ।

४३. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा स्वीकृत बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । एक गैरसरकारी संस्थालाई कार्यक्रम विना रु.२,५०,०००। भुक्तानी गरेकाले नियमित देखिएन ।

४४. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । आ.ले.प.बाट औंल्याईएको पेश्की रकम मध्ये रु. १,००,०००।- आर्थिक बर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट गरेको छैन । उक्त रकम नियमानुसार जिम्मेवारी सारी फछ्र्यौट हुनुपर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु. २ करोड ४ लाख ३४ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १३ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३२ लाख ४१ हजार र पेश्की रु. ७१ लाख ८० हजार रहेको छ ।

# डिलासैनी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु. ५३ हजार र यो वर्ष आय रु. ७ करोड ८ लाख २४ हजार समेत रु. ७ करोड ८ लाख ७७ हजार आम्दानी भएकोमा रु. ६ करोड ४६ लाख ९७ हजार खर्च भई रु. ६१ लाख ८० हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **लेखाप्रणाली** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउँ बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएकोमा आन्तरिक आयतर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्नेमा सो अनुसार व्यवस्था नगरेको, कार्यक्रमगत आम्दानी खर्च खाता नराखेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको, कार्यालयले उद्देश्य प्रप्तिमा आइपर्ने सम्भावित जोखिमहरु परिचान नगरेको, अन्तिम लेखापरीक्षणबाट औल्याएको बेरुजू अभिलेख व्यवस्थित नराखेको, कार्यविवरण तयार गरि कर्मचारीको अधिकार जिम्वेवारी नदिएको, वार्षिक रुपमा जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य नभएको, गाउँपालिकावाट सम्वन्धित वडाहरुलाई खाता संचालन गरी रकम पेश्की स्वरुप कार्यक्रम गत खातामा जम्मा गरिए पनि समयमा नै पेश्की फर्छ्यौट गरि वडाका खाताहरु प्रमाणित नगरिएको देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

३. **राजश्व असुली** : आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १२,१३ ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भए पछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको छैन । अत : कानुनको पालना गर्नुपर्दछ ।

४. **श्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउंपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा गाँउ पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

५. **बरबुझारथ :-** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३.४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

६. **सम्पत्ति हस्तान्तरण : स्**थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

गाउँपालिकाबाट साविक गा.वि.स.मा रहेका जिन्सी सामान यकिन गरि गाउँपालिकाको अभिलेखमा समहित गर्नुपर्दछ ।

७. **स्थानीय संचित कोष :** स्थानिय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश २०७४ को दफा ६३ अनुसार गाउँ पालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवध्द हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वांकि रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि गाउँपालिकाका वडाहरुमा नगदमा रु २६३१७५ र बैकं मौज्दातमा रु २१९६९८।६६ गरि जम्मा रु ४८२८७३।६६ वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले संचित कोषमा दाखिला गरिनु पर्दछ ।

८. **लगत :** आ.व. २०७२।०७३ को लेखापरीक्षणको प्रतिवेदनवाट उल्लेखित योजनागत पेश्की वेरुजु लगतको अभिलेख, जिन्सी लगत एवं सो का कैफियत व्यहोराहरुको अद्यावधिक गरी फछ्र्यौट एवं नियमित गर्ने पध्दतीको विकास गरिएको देखिएन । अतः लेखापरीक्षण प्रतिवेदनको लगत राखी बेरुजु फछ्र्यौट एवं नियमित गर्नुपर्दछ ।

९. **मूल्य अभिवृद्धि करको जानकारी :** मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम ६(क)मा कुनै ठेक्काको भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दिनुपर्ने व्यवस्था छ । कार्यालयले ४ फर्महरुलाई मूल्य अभिवृद्धि कर रु.२८६८४५।७४ समेत भुक्तानी गरेकोमा सो को जानकारी गराएको नपाईएकोले प्रमाण पेश हुनुपर्दछ ।

१०. **जिन्सी दाखिला** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम २१२ मा स्थानीय निकायमा रहेको र खरिद गरी वा हस्तानतरण भई आएको सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको मालसामानको विवरण र मूल्य समेत खुलाई मालसामान प्राप्त भएको मितिले सात दिनभित्र जिन्सी किताबमा आम्दानी बाँधी लगत तयार गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । (गो.भौ.नं. १३ मिती २०७४।३।४ वाड नं. १ सरस्वती मा.वि. लाई फर्निचर निर्माण वापतका लागी रु. ६००००।०० भुक्तानी गरिएकोमा उक्त संस्था बाट जिन्सी दाखिला प्रतिवेदन पेश गर्नुपर्दछ ।

११. **बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ मा भाडा रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १० प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । ढुवानी भाडा बापत रकम भुक्तानी गर्दा बहाल कर कट्टी नगरी भुक्तानी गरिएको हुँदा सम्बन्धितबाट असुल गरी रु.८,८९५।- राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

१२. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । आपूर्तिकर्ताहरुलाई रकम भुक्तानी गर्दा अग्रिम कर कट्टी नगरिएको हुँदा सम्बन्धितबाट रु.५,३४१। असुल गरी राजश्व दाखिला हुनुपर्दछ ।

१३. **कार्यसम्पन्न प्रतिवेदन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । वडा नं. ४ र ६ मा सन्चालित योजनाको भुक्तानी गर्दा नापी किताब नराखी भुक्तानी गरेको पाईयो । सम्बन्धित योजनाको नापी किताब पेश हुनुपर्दछ ।

१४. **अनुदान :** स्थनीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम ४६(१) मा स्वीकृत बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । २ संस्थाहरुलाई रु.५२८३२५।- अनुदान उपलब्ध गराईएकोमा प्रगतिको विवरण, खर्चको विवरण र लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले लक्ष्य अनुसार गरे वा नगरेको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नुपर्ने तथा अनुदान उपलब्ध गराईएको रकम संस्थाको आय विवरणमा समावेश भएको लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।

१५. **पेश्की:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । निम्न गाउँ विकास समितिहरुले गतविगतको पेश्की फछ्र्यौट नगरेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| नाम | विवरण | रकम |
|---|---|---|
| कोटपेटरा गाउँ विकास समिति | १ जनाको नाममा | १६०,००० |
| मठैराज गाउँ विकास समिति | ५ जनाको नाममा | ४१३३०० |

| | | |
|---|---|---|
| गोकुलेश्वर गाउँ विकास समिति | ९जनाको नाममा | २,२८,४६५ |

१६. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १९१ मा एक आर्थिक बर्षमा गएको पेश्कीको रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । निम्न निकायहरुले आर्थिक वर्षको अन्तसम्म पनि पेश्की फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| नाम | विवरण | रकम |
|---|---|---|
| गाउँपालिकाको वडा नं. ६ र ७ | विभिन्न संस्था | १,१२,५०७।- |
| कोटपेटरा गाउँ विकास समिति | विभिन्न संस्थाको नाममा | ४,६०,०००।- |
| रुद्रेश्वर गाउँ विकास समिति | ९ जनाको नाममा | २५२१००।- |
| डिलासैनी गाउँ विकास समिति | विभिन्न संस्थाको नाममा | ५,७०,४००।- |
| गोकुलेश्वर गाउँ विकास समिति | विभिन्न संस्थाको नाममा | १,००,०००।- |
| मठैराज गाउँ विकास समिति | विभिन्न संस्थाको नाममा | ५४,०००।- |

१७. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । निम्न गाउँ विकास समितिले अग्रीम आय कर कट्टी नगरेकोले असुल हुनुपर्दछ ।

| नाम | विवरण | रकम |
|---|---|---|
| मठैराज गाउँ विकास समिति | १५ प्रतिशत कर | २२५० |
| डिलासैनी गाउँ विकास समिति | १.५ प्रतिशत कर | १५२० |
| गोकुलेश्वर गाउँ विकास समिति | १.५ प्रतिशत कर | ४९५०।५० |

१८. कोटपेटरा गाउँ विकास समितिमा दाखिला गर्न बाँकी रहेको कर्मचारी सन्चय कोष रु.३८११२। सम्बन्धित निकायको खातामा दाखिला गर्नुपर्दछ ।

१९. **कार्यसम्पन्न प्रतिवेदन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । मठैराज गाउँ विकास समितिको कार्यालयबाट संचालित ५ योजनाहरुको लागि रु.५,९४,८००। भुक्तानी गर्दा नापी किताब नराखी भुक्तानी गरेको पाईयो । सम्बन्धित योजनाको नापी किताब पेश हुनुपर्दछ ।

**डिलासैनी गाउँ विकास समिति**

२०. **नापी किताब :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५(५ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । २ उपभोक्ता समितिद्धारा सम्पन्न योजनामा नापी किताब तयार नगरी रु.३,५५,५००। भुक्तानी गरेको पाईयो । नापी किताब पेश हुनुपर्दछ ।

२१. **अनुदान :** स्थनीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम ४६(१) मा स्वीकृत बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । गोकुलेश्वर गाउँ विकास समितिले २ संस्थाहरुलाई रु.५२८३२५।- अनुदान उपलब्ध गराईएकोमा प्रगतिको विवरण, खर्चको विवरण र लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले लक्ष्य अनुसार गरे वा नगरेको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नुपर्ने तथा अनुदान उपलब्ध गराईएको रकम संस्थाको आय विवरणमा समावेश भएको लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु. ५४ लाख ९९ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १५ हजार, नियमित गर्नुपर्ने रु. ३१ लाख ३३ हजार र पेश्की रु. २३ लाख ५१ हजार रहेको छ ।

## महाकाली नगरपालिका
### लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु. ४६ लाख ६४ हजार र यो वर्ष आय रु. १२ करोड ८१ लाख ६३ हजार समेत रु. १३ करोड २८ लाख २७ हजार आम्दानी भएकोमा रु. ४ करोड ९६ लाख ७८ हजार खर्च भई रु. ८ करोड ३१ लाख ४९ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने र अन्य नियमहरु अनुसार आन्तरिक नियन्त्रणका क्रियाकलाप संचालन गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणबाट सो सम्बन्धमा गाउँपालिका अर्न्तगत रहेका साविकका गाविसहरुबाट गाउँपालिकामा जिन्सी सामान सहित सम्पतिहरु हस्तान्तरण गरी गाउँपालिकाको स्वामित्वमा राख्ने कार्य नभएको, आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार रसिद नियन्त्रण खाता राखी वडा कार्यालयहरुबाट संकलित आय संकलन गरेको भोलिपल्ट वैंक दाखिला गर्नुपर्नेमा नगरेको, साविकका गाउँ विकास समितिहरुले लेखापरीक्षक नियुक्तिको लागि सिफारिस गरी पठाएपनि जिल्ला समन्वय समितिबाट नियुक्त गर्ने निर्णय नभएकोले आर्थिक वर्ष २०७२।७३ को अन्तिम लेखापरीक्षण नभएको, वेरुजुको लगत अद्यावधिक नगरेको, नियमानुसार बुरवभ्‍फारथ गर्ने नगरेको, कार्यालयमा सूचना दिने सूचना अधिकारी तोकी सूचना प्रवाह नगरेको, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१(१) वमोजिम स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यहरु सम्पन्न भएपछि जाँचपास तथा फरफारक गर्नु पूर्व सार्वजानिक परीक्षण गराउनुपर्नेमा नगरेको, आयोजनाको जाँचपास गरी फरफारक गर्नुपर्ने र फरफारक भएका आयोजनाहरुको नगर परिषद्‌बाट अनुमोदन गराउनुपर्नेमा नगराएको तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १३९ को उपनियम २ अनुसार सुपरीवेक्षण तथा अनुगमन समितिले अनुगमन गर्नुपर्नेमा नगरेको देखियो । अतः अन्तरिक नियन्त्रण प्रणाली चुस्त दुरुस्त बनाउनु पर्दछ।

२. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा पेश्की रकम आर्थिक वर्षभित्रै फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयले महादेव मन्दिर भौतिक सुधार योजनाको रु. ६६,०००।०० र मिडिया विकास मंचको रु. १००,०००।००, लेक सिंचाई ट्यांकी निर्माणको रु २०,०००।०० गरी रु. १,८६,०००।०० को पेश्की हालसम्म फछ्र्यौट गरेको देखिएन । गतविगतको २ जना अ.स.ई.को नाममा देखिएको पेस्की रु. १५०,०००।०० समेत फछ्र्यौट हुनुपर्दछ।

३. **बरबुझारथ :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५५ मा कर्मचारी सरुवा भई जाँदा आफ्नो जिम्मामा रहेका मालसामान बरबुझारथ गर्नुपर्ने व्यवस्था छ। तत्कालीन २ जना कार्यकारी अधिकृतहरुले १।१ मोबाईल सेट सरुवा भई जाँदा आफै सँग लिई गएकोले निजहरुबाट मोबाइल सेट वापतको रु. ३४,८००।०० असुल गरी राजश्व दाखिला गर्नुपर्दछ।

४. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ अनुसार कार्यालयमा प्राप्त भएका जिन्सी मालसामानको विवरण र मुल्य खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँध्नुपर्ने व्यवस्था छ। कार्यालयले रु.२,५०,३३०।०० पर्ने १५० सिसिको पल्सर मोटर साइकल थान १ कार्यालयको नाममा दर्ता तथा दाखिला गर्नुपर्दछ।

५. **नापी किताबः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम १ को खण्ड (क) अनुसार प्रविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको परिमाणको आधारमा भुक्तानी दिनुपर्नेमा सो प्रक्रिया पुरा नगरी शौचालय निर्माणमा रु. ५०,०००।००, सौर्य वत्ती जडानमा रु. ४००,०००।००, भवन मर्मतमा रु. १,२०,५५०।००, कोलीटोल भराडीघर मर्मतमा रु. ९२,२५३।००, घोडेटोबाटो निर्माणमा रु. २,२२,८६५।००, परखोला पुल निर्माणमा रु. १,१७,०७०।०० र हुनैनाथ मा.वि. बाजकु भौतिक सुधारमा रु. ४,४२,५००।०० गरी रु. १४,४५,२३८।०० र सबुनाडी जगेपानी, सेपाटा खा.पा.योजना निर्माण कार्यमा रु. ५०,००,०००।००, मालिकाअर्जुन पिकनिक स्पोर्ट तथा पिसिसि सडक निर्माण योजना रु. १,९४,५३१।१२ गरी रु. ५१,९४,५३१।१२ खर्च गरेको छ। नापी किताबका आधारमा खर्च लेखी कार्य सम्पन्न गर्नुपर्दछ।

६. **वहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ मा भाडामा १० प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ। समाज कल्याण दार्चुलालाई कार्यक्रम सञ्चालन गर्दा हलभाडा रु. १७,५००।०० भुक्तानी गरेकोमा वहाल कर रु. १,७५०।०० असुल गर्नुपर्दछ।

७. **वील, भरपाई :** आर्थिक कार्यविधि, २०६४ को नियम ३६(३) अनुसार खर्च गरेको रकमको वील, भरपाई राख्नुपर्दछ। कार्यालयले एक होटललाई अतिथि सत्कारका लागि रु. १,३४,२००।०० खर्च लेखेको छ। उक्त खर्चको विल, भरपाई श्रेस्तासाथ संलग्न गरको छैन।

८. **कन्टिन्जेन्सी :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को दफा १४ मा व्यवस्था भए अनुसार पूँजिगत वजेट खर्चको तीन प्रतिशत कन्टेन्जेन्सी गर्न सकिने उल्लेख छ। कार्यालयले पूँजिगत खर्च नभएकै अवस्थामा कन्टिन्जेन्सी खर्चको अभिलेख नराखी दैनिक भ्रमण खर्चमा रु. २,६४,०००।००, इन्धन खर्च रु. ५०,४९०।०० गरी रु. ३,१४,४९०।०० खर्च गरेको छ। यसरी खर्च गर्ने पदाधिकारीलाई कारवाही गर्नुपर्दछ।

**बेरुजू स्थिति** :

लेखापरीक्षणबाट देखिएको बेरुजू रु. ७५ लाख ५१ हजार रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु. ३७ हजार, नियमित गर्नुपर्ने रु. ७३ लाख २८ हजार तथा पेश्की रु. १ लाख ८६ हजार रहेको छ।

# शैल्यशिखर नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु. ३ लाख ६५ हजार र यो वर्ष आय रु. ७ करोड ९३ हजार समेत रु. ७ करोड ४ लाख ५८ हजार आम्दानी भएकोमा रु. ६ करोड ९ लाख ९६ हजार खर्च भई रु. ९४ लाख ६२ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **बजेट :** पूँजिगत तर्फ कूल बजेट रु. ८०,००,०००।०० मध्ये रु. २४,८६,३२६।०० खर्च भएको छ। दोस्रो किस्ताको निकासा आषाढ महिनामा भएको, स्थानीय निर्वाचन र प्राविधिक तथा अन्य कर्मचारीको अभावले न्यून खर्च भएको देखियो।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने र अन्य नियमहरु अनुसार आन्तरिक नियन्त्रणका क्रियाकलाप संचालन गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणबाट सो सम्बन्धमा नगरपालिका अर्न्तगत रहेका साविकका गाविसहरुबाट नगरपालिकामा जिन्सी सामान सहित सम्पतिहरु हस्तान्तरण गरी गाउँपालिकाको स्वामित्वमा राख्ने कार्य नभएको, आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार रसिद नियन्त्रण खाता राखी वडा कार्यालयहरुबाट संकलित आय संकलन गरेको भोलिपल्ट वैंक दाखिला गर्नुपर्नेमा नगरेको, साविकका गाउँ विकास समितिहरुले लेखापरीक्षक नियुक्तिको लागि सिफारिस गरी पठाएपनि जिल्ला समन्वय समितिबाट नियुक्त गर्ने निर्णय नभएकोले आर्थिक वर्ष २०७२।७३ को अन्तिम लेखापरीक्षण नभएको तथा गाउँ विकास समिति तथा गाउँपालिकाहरुले प्रचलित लेखाप्रणाली अनुरुपको लेखा नराखेको देखियो। नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनु पर्दछ।

### शिखर गाउँ विकास समिति

३. **अध्यक्ष भत्ता :** अर्थ मन्त्रालयबाट जारी गरिएको कार्य सञ्चालन निर्देशिका, २०७३ को दफा ७.१.४.६ अनुसार कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीहरुलाई अन्य भत्ता उपलब्ध नगराउने व्यवस्था रहेको छ। त्यसैगरी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०६७।११।०८ को परिपत्र अनुसार प्रोत्साहन भत्ता लिएपछि अन्य भत्ता सुविधा लिन नपाइने व्यवस्था गरेको छ। कार्य सम्पादनमा आधारित प्रोत्साहन प्राप्त गरेपछि तथा तत्कालिन २ जना गाविस सचिबले अध्यक्ष भत्ता वापत रु. १०,२००।०० समेत लिएकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ।

४. **स्थानीय भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा दैनिक भत्ता उपयोग गरेको अवधि भर स्थानीय भत्ता नपाउने उल्लेख छ। गाविस कर्मचारीहरुले लिन नपाउने स्थानीय भत्ता रु. १३,३६४।०० भुक्तानी दिएकोले असुल गर्नुपर्दछ।

५. **जनसहभागिता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१क) अनुसार उपभोक्ता समितिबाट काम गराउँदा जनसहभागिता जुटाउनुपर्नेमा देहायका योजनामा रु. १०,४३,०००।०० खर्च गरेकोमा जनसहभागिता परिचालन भएको देखिएन। नियमानुसार जनसहभागिता जुटाउनु पर्दछ।

### देथला गाउँ विकास समिति

६. **जनसहभागिता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१क)अनुसार उपभोक्ता समितिबाट काम गराउँदा जनसहभागिता समेत जुटाउनुपर्नेमा जुगेपानी खानेपानी योजनामा जनसहभागिताको अंश नराखी कार्यालयले रु. १,००,०००।०० खर्च गरेको छ। जनसहभागीता जुटाई खर्च गर्नुपर्दछ।

७. **दोहोरो भत्ता :** अर्थ मन्त्रालयबाट जारी गरिएको कार्य सञ्चालन निर्देशिका, २०७३ को दफा ७.१.४.६ अनुसार कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीहरुलाई अन्य भत्ता उपलब्ध नगराउने व्यवस्था रहेको छ। त्यसैगरी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०६७।११।०८ को परिपत्र अनुसार प्रोत्साहन भत्ता लिएपछि अन्य भत्ता सुविधा लिन नपाइने व्यवस्था गरेको छ। तत्कालीन गाविसलाई २०७३ श्रावण देखि फाल्गुण सम्म प्रति महिना रु. १,५००।०० का दरले भुक्तानी भएको रु. १२,०००।०० मध्ये १५ प्रतिशतले करकट्टि वाहेकको रु. १०,२००।०० भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ।

८. **भुक्तानी :** उपभोक्ता समिति मार्फत गराईएका कामहरुको भुक्तानी त्यस्ता समितिहरुको खाता मार्फत अनुमोदन गर्नुपर्नेमा त्यसो नगरी उपभोक्ता समितिका अध्यक्षहरुलाई चेकबाट भुक्तानी दिएको छ।

उपभोक्ता समितिले खर्चको अनुमोदन गरी विलभरपाई समेत पेश गरी पारदर्शी रुपले खर्च गर्नुपर्ने रकम व्यक्तिलाई सोझै भुक्तानी दिन मिल्दैन । यस्तो काम कारवाहीमा नियन्त्रण गर्नु पर्दछ ।

९. **भौचर दाखिला :** आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३६(३) मा सरकारी रकम खर्च गर्दा विल, भरपाई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले भूमिराज आ.वि. फिल्ड निर्माणको रु. ५०,०००।०० र फर्निचर निर्माण मर्मत अनुदान रु. २३५,७९७।०० गरी रु. २८५,७९७।०० को खर्च भएको विलभरपाई र अन्य कागजात राखेको छैन ।

१०. **स्थानीय भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा दैनिक भत्ता उपयोग गरेको अवधि भर स्थानीय भत्ता नपाउने उल्लेख छ । गाविस सचिवले पटक पटक गरी १३ दिनको. दै.भ्र.भ भुक्तानी लिएको अवधिमा स्थानीय भत्ता नकटाई भुक्तानी भएकोले निजबाट रु. ३,३४१।०० असुली तथा दाखिला गर्नुपर्दछ ।

११. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा आर्थिक वर्षको अन्तमा पेश्की फछ्र्यौट गर्नुपर्नेमा देथला गाविस निवासी श्री भागरथी धामीको पेश्की रु. १००,०००।०० फछ्र्यौट भएको देखिएन । नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

**रानी शिखर गाउँ विकास समिति**

१२. **नापी किताबः** सार्वजनिक खरिद नियमावली २०६४को नियम १२३ को उपनियम १ को खण्ड (क) अनुसार प्रविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको परिमाणको आधारमा भुक्तानी दिनुपर्नेमा सो प्रक्रिया पुरा नगरी सामुदायिक स्वाथ्य केन्द्र भवन निर्माणमा रु. २ लाख र गाविस भवन मर्मतमा रु. २ लाख गरी रु. ४ लाख खर्च गरेको छ ।

१३. **अध्यक्ष भत्ता :** अर्थ मन्त्रालयबाट जारी गरिएको कार्य सञ्चालन निर्देशिका, २०७३ को दफा ७.१.४.६ अनुसार कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीहरुलाई अन्य भत्ता उपलब्ध नगराउने व्यवस्था रहेको छ । त्यसैगरी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०६७।११।०८ को परिपत्र अनुसार प्रोत्साहन भत्ता लिएपछि अन्य भत्ता सुविधा लिन नपाइने व्यवस्था गरेको छ । कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता लागू भएपछि सचिवले २०७३ साल श्रावणदेखि फाल्गुणसम्मको अध्यक्ष भत्ता रु. १२,०००।०० भुक्तानी लिएको देखियो । उक्त भत्ता असुल गर्नुपर्दछ ।

**ग्वानी गाउँ विकास समिति**

**१४.** **स्थानीय भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा दैनिक भत्ता उपयोग गरेको अवधि भर स्थानीय भत्ता नपाउने उल्लेख छ । तत्कालीन गाविसका कर्मचारीहरुलाई भ्रमण खर्च भुक्तानी भएको दिनको समेत स्थानीय भत्ता भुक्तानी गरेकोले रु.७,९६७।०० सम्बन्धितबाट असुल हुनु पर्दछ ।

**१५.** **जनसहभागिता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ बमोजिम उपभोक्ता समितिबाट काम गराउँदा जनसहभागिता जुटाउनुपर्नेमा जग्गनाथ सहकारी संस्था ग्वानीको रु. १०००००।००, जग्गनाथ कृषी सहकारी संस्था, बगौराको रु. ३७५,०००।०० गरी रु. ४,७५,०००।०० जनसहभागिता वेगर भुक्तानी भएको छ । नियमानुसार जनसहभागिता जुटाई तोकिएको कार्य सम्पन्न गर्नुपर्दछ ।

**१६.** **नापी किताव :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ को खण्ड ख (क) अनुसार प्रविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्ताविक कार्य सम्पादनका आधारमा भुक्तानी दिनुपर्नेमा सो प्रकृया पुरा नगरी साविक ग्वानी गाविसमा शौचालय मर्मत सम्बन्धी खर्च रु. ६०,०००।००, क्रमागत योजना अर्न्तगत आर.सि.सि. पूल निर्माणको रु.४९,२५०।०० गरी रु. १०९,२५०।०० भुक्तानी दिएकोमा नापी किताव तयार गरेको देखिएन । नापी किताव तयार गरेर खर्च गर्नुपर्दछ ।

**१७.** **आन्तरिक आय :** वार्षिक रुपमा संकलित आन्तरिक आय रु. ८,६४२।०० नगरपालिकाको संचित कोषमा दाखिला गर्नुपर्दछ ।

**बोहरीगाउँ विकास समिति**

१८. **अध्यक्ष भत्ता :** कार्यसञ्चालन निर्देशिका २०७३ को छैटौ संस्करण ७.१.४.६ अनुसार प्रोत्साहान भत्ता लागू भएका कार्यालयहरुमा थप रकम उपलब्ध नगराईने तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०६७।११।०८ पत्रबाट प्रोत्साहन भत्ता वाहेक अन्य कुनै सुविधा लिन नपाइने उल्लेख

छ । गाविस सचिबलाई भाद्र देखि फाल्गुण सम्मको अध्यक्ष भत्ता भुक्तानी भएको रु. १०,५००।०० को आयकर रु. १,५७५।०० दाखिला भै सकेकोले रु. ८,९२५।०० असुल गर्नुपर्दछ ।

**गोकुलेश्वर गाउँ समिति**

१९. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को ७९ अनुसार आर्थिक वर्षको अन्तसम्म पेश्की फछ्र्यौट गरी सक्नुपर्ने व्यवस्था छ । कार्यालयले तथ्यांक संकलनार्थ श्री वीरभद्र जोशीलाई रु. १,५०,०००।०० तथा ल्यापटप खरिद गर्न श्री गम्भीर सिं धामीलाई रु. ६०,०००।०० पेश्की दिएको छ । नियमानुसार रु. २१०,०००।०० पेश्की असुल फछ्र्यौट हुनुपर्दछ ।

२०. **अध्यक्ष भत्ता :** कार्यसञ्चालन निर्देशिका २०७३ को छैटौ संस्करण ७.१.४.६ अनुसार प्रोत्साहान भत्ता लागू भएका कार्यालयहरुमा थप रकम उपलब्ध नगराईने तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०६७।११।०८ पत्रबाट प्रोत्साहन भत्ता वाहेक अन्य कुनै सुविधा लिन नपाइने व्यवस्था छ । कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता लागू भएपछि गाउँ विकास समितिको अध्यक्ष भत्ता भुक्तानी लिन नमिल्नेमा सचिबले २०७३ साल श्रावण देखि पौष मसान्तसम्मको रु. ९०००।०० अध्यक्ष भत्ता भुक्तानी लिएकोले निजबाट असुल गर्नुपर्दछ ।

२१. **स्थानीय भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा दैनिक भत्ता उपयोग गरेको अवधि भर स्थानीय भत्ता नपाउने उल्लेख छ । स्थानीय भत्ता र अन्य भत्ता भुक्तानी भएको अवस्थामा विभिन्न मितिमा ३६ दिनको दै.भ्र.भ भुक्तानी लिंदा बढी भुक्तानी लिएको स्थानीय भत्ता रु. ३,६००।०० सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु. २८ लाख १२ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ८९ हजार, नियमित गर्नुपर्ने रु. २४ लाख १३ हजार तथा पेश्की रु. ३ लाख १० हजार रहेको छ ।

# मालिकार्जुन गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु. ४ लाख ३४ हजार र यो वर्ष आय रु. ९ करोड २० हजार समेत रु. ९ करोड ४ लाख ५४ हजार आम्दानी भएकोमा रु. ८ करोड ३५ लाख ९६ हजार खर्च भई रु. ६८ लाख ५८ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **बजेटः** पूँजिगत तर्फ कूल बजेट रु. ८०,००,०००।०० मध्ये रु.२४,८६,३२६।- खर्च भएको छ। दोस्रो किस्ताको निकासा आषाढ महिनामा भएको, स्थानीय निर्वाचन र प्राविधिक तथा अन्य कर्मचारीको अभावले न्यून खर्च भएको देखियो।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने र अन्य नियमहरु अनुसार आन्तरिक नियन्त्रणका क्रियाकलाप संचालन गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणबाट सो सम्बन्धमा गाउँपालिका अर्न्तगत रहेका साविकका गाविसहरुबाट गाउँपालिकामा जिन्सी सामान सहित सम्पतिहरु हस्तान्तरण गरी गाउँपालिकाको स्वामित्वमा राख्ने कार्य नभएको, आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार रसिद नियन्त्रण खाता राखी वडा कार्यालयहरुबाट संकलित आय संकलन गरेको भोलिपल्ट वैंक दाखिला गर्नुपर्नेमा नगरेको, साविकका गाउँ विकास समितिहरुले लेखापरीक्षक नियुक्तिको लागि सिफारिस गरी पठाएपनि जिल्ला समन्वय समितिबाट नियुक्त गर्ने निर्णय नभएकोले आर्थिक वर्ष २०७२।७३ को अन्तिम लेखापरीक्षण नभएको तथा गाउँ विकास समिति तथा गाउँपालिकाहरुले प्रचलित लेखाप्रणाली अनुरुपको लेखा नराखेको देखियो। अतः अन्तरिक नियन्त्रण प्रणाली चुस्त दुरुस्त बनाउनु पर्दछ।

३. **भुक्तानी :** उपभोक्ता समिति मार्फत गराइएका कामहरुको भुक्तानी त्यस्ता समितिहरुको खाता मार्फत गर्नुपर्नेमा त्यसो नगरी उपभोक्ता समितिका अध्यक्षहरुलाई चेकबाट भुक्तानी दिएको छ। उपभोक्ता समितिले खर्चको अनुमोदन गरी विल भरपाई समेत पेश गरी पारदर्शी रुपले खर्च गर्नुपर्ने रकम व्यक्तिलाई सोझै भुक्तानी दिन मिल्दैन। यस गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालयहरुले सम्बन्धित उपभोक्ता समितिको अध्यक्षलाई भुक्तानी गरेको देखियो। यस्तो काम कारवाहीमा नियन्त्रण गर्नुपर्दछ।

४. **नापी किताव :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम १ को खण्ड (क) अनुसार प्राविधि नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्नेमा सो प्रक्रिया पूरा नगरी मालीकार्जुन गाउँ विकास समितिले २०७३।११।१२ मा सन्नी जलविद्युत आयोजनालाई रु. ३००,०००।०० र २०७४।३।२५ मा बाटो सोलिङ कार्यको रु. २५०,०००।००, हुनैनाथ गा.वि.स. ले हुनैनाथ चन्दपुर विद्यालय फिल्ड निर्माणको रु. २,८८,०००।००, हुनैनाथ बेलूकोटको विद्यालय फिल्ड निर्माणको रु.१३२,०००।०० गरी दुई योजनामा नापी किताव नभरी रु. ४२०,०००।००, शंकरपुर गा.वि.स. ले ४ वटा योजनाहरुको लागि नापी किताव वेगर रु. १०,००,०५६।०० खर्च लेखेको पाइयो। नियममा भएको व्यवस्था अनुसार नापी कितावका आधारमा खर्च गर्नुपर्दछ।

५. **पेश्की :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ७९ अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। निम्न गाविसहरुले पेश्की दिएको रु. १२०००००।– हालसम्म फछ्र्यौट भएको छैन। नियमानुसार उक्त पेश्की फछ्र्यौट गर्नुपर्दछ।

| गाउँ विकास समितिको नाम | विवरण | रकम |
|---|---|---|
| मालीकार्जुन | सारथी मिडिया प्रा.लि.दार्चुलालाई एम्बुलेन्स खरिद | ६००,०००।०० |
| डाडाकोट | विद्युत निर्माण उपभोक्ता समित, डाडाकोट | ३००,०००।०० |
| शंकरपुर | सारथी मिडिया प्रा.लि. दार्चुलालाई एम्बुलेन्स खरिद | ६००,०००।०० |

६. **विल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार कार्यालयले खर्च गरेको रकमको विल भरपाई राख्नुपर्दछ। डाँडाकोट गाविस अर्न्तगतका सम्पूर्ण विद्यालयका विद्यार्थीहरुलाई पोशाक उपलब्ध गराउन भुक्तानी गरेको रु. २,४५,०००।०० तथा अन्तराष्ट्रिय नारी दिवस व्यवस्थापनको लागि सामाजिक परिचालक कलावती अवस्थीलाई भुक्तानी दिएको रु. ९,२७५।०० समेत रु. २५४,२७५।०० र शंकरपुर गाउँ विकास समितिले लेखापरीक्षण पारिश्रमिक र अन्य खर्च भनी वडा सचिवले गा.पा.बाट रु. ३०,०००।०० भुक्तानी लिएकोमा सोको विल भरपाई संलग्न नगरेकोले उक्त रकम असुल गर्नुपर्दछ।

७. **जनसहभागिता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१क) अनुसार उपभोक्ता समितिबाट काम गराउँदा जनसहभागिता जुटाउनु पर्नेमा जनसहभागिता परिचालन भएको देखिएन । भगवती गाउँ विकास समितिको कार्यालयले सिचाई पाईप खरिद गर्न भगवतीमा रु. २५०,०००।०० तथा मा.वि. भर्तोलाको फिल्ड निर्माणमा रु. २१,०००।०० गरी जम्मा रु. २,७१,०००।०० खर्च गरेकोमा जनसहभागिता जुटेको देखिएन । नियमानुसार जनसहभागिता जुटाउनु पर्दछ ।

**मालीकार्जुन गाउँ विकास समिति**

८. **दोहोरो भत्ता :** अर्थ मन्त्रालयबाट जारी गरिएको कार्य सञ्चालन निर्देशिका, २०७३ को दफा ७.१.४.६ अनुसार कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीहरुलाई अन्य भत्ता उपलब्ध नगराउने व्यवस्था रहेको छ । त्यसैगरी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०६७।११।०८ को परिपत्र अनुसार प्रोत्साहन भत्ता लिएपछि अन्य भत्ता सुविधा लिन नपाइने व्यवस्था गरेको छ । कार्य सम्पादनमा आधरित प्रोत्साहन भत्ता प्राप्त गरेका गाविस सचिवलाई २०७३ श्रावणदेखि फागुनसम्मको गाँउ विकास समितिको अध्यक्ष भत्ता पनि भुक्तानी दिएकोले अध्यक्ष भत्ता रु. १२,०००।- असुल गरी गाउँपालिकाको संचित कोषमा दाखिला गर्नुपर्दछ ।

९. **स्थानीय भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा दैनिक भत्ता उपयोग गरेको अवधि भर स्थानीय भत्ता नपाउने उल्लेख छ । वडा सचिवलाई विभिन्न पटक गरी १८ दिनको भ्रमण खर्च भुक्तानी भएको अवधिको स्थानीय भत्ता रु. ३,८७०।०० समेत भुक्तानी भएकोले उक्त रकम निजबाट असुल गर्नुपर्दछ ।

१०. **बढी खर्च :** लागत अनुमान अनुसारको काम गर्न संझौता गरी काम गराई भुक्तानी दिनुपर्नेमा हुनैनाथ गाउँ विकास समितिले नि.मा.वि. भवन निर्माण, चडेखानको लागत अनुमान रु. २,३२,६२९।०० अनुसार कार्यालयले रु. १,८०,०००।०० र उपभोक्ता समितिले व्यहोर्ने रु. ५२,६२९।०० गरी संझौता भएको छ । कार्यालयले संझौता भन्दा वढी खर्च लेखेको रु. २०,०००।०० असुल गर्नुपर्दछ ।

**उकु गाउँ विकास समिति**

११. **वहाल कर** : आयकर ऐन, २०५८ को दफा ८८ मा भाडामा १० प्रतिशतका दरले अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ढुवानी भाडा रु. २५,०००।०० भुक्तानी गरेकोमा वहाल कर रु. २,५००।०० कट्टि नगरेकोले उक्त रकम दाखिला गर्नुपर्दछ ।

१२. **दोहोरो भत्ता :** अर्थ मन्त्रालयबाट जारी गरिएको कार्य सञ्चालन निर्देशिका, २०७३ को दफा ७.१.४.६ अनुसार कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीहरुलाई अन्य भत्ता उपलब्ध नगराउने व्यवस्था रहेको छ । त्यसैगरी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०६७।११।०८ को परिपत्र अनुसार प्रोत्साहन भत्ता लिएपछि अन्य भत्ता सुविधा लिन नपाइने व्यवस्था गरेको छ । कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता लागू भएपछि गाउँ विकास समितिको अध्यक्ष भत्ता सचिबले २०७३ श्रावण देखि फाल्गुण सम्मको रु. १२,०००।०० भुक्तानी लिएकोले सो रकम असुल गरी संञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु. ४० लाख ७५ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ८० हजार, नियमित गर्नुपर्ने रु. २४ लाख ९५ हजार तथा पेश्की रु. १५ लाख रहेको छ ।

# अपि हिमाल गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु. २३ हजार र यो वर्ष आय रु. ३ करोड १३ लाख ९५ हजार समेत रु. ३ करोड १४ लाख १८ हजार आम्दानी भएकोमा रु. २ करोड ४८ लाख ४३ हजार खर्च भई रु. ६५ लाख ७५ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ र अन्य नियमहरु अनुसार आन्तरिक नियन्त्रणका क्रियाकलाप संचालन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणबाट सो सम्बन्धमा गाउँपालिका अर्न्तगत रहेका साविकका गाविसहरुबाट गाउँपालिकामा जिन्सी सामान सहित सम्पतिहरु हस्तान्तरण गरी गाउँपालिकाको स्वामित्वमा राख्ने कार्य नगरेको, आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार रसिद नियन्त्रण खाता राखी वडा कार्यालयहरुबाट संकलित आय संकलन गरेको भोलिपल्ट वैंक दाखिला गर्नुपर्नेमा नगरेको, साविकका गाउँ विकास समितिहरुले लेखापरीक्षक नियुक्तिको लागि सिफारिस गरी पठाए पनि जिल्ला समन्वय समितिबाट नियुक्त गर्ने निर्णय नभएकोले आर्थिक वर्ष २०७२।७३ को अन्तिम लेखापरीक्षण नभएको, गाउँ विकास समिति तथा गाउँपालिकाहरुले प्रचलित लेखाप्रणाली अनुरुपको लेखा नराखेको, पेश्की खाता र जिन्सी खाता प्रत्येक वर्ष नयाँ प्रयोग गर्नुपर्नेमा पुरानै प्रयोग गरेको तथा यो गाउँपालिकाले २०७३।७४ मा जिन्सी निरीक्षण नगरेको देखियो । अत: अन्तरिक नियन्त्रण प्रणाली चुस्त दुरुस्त बनाउनु पर्दछ ।

२. **भुक्तानी :** उपभोक्ता समिति मार्फत गराईएका कामहरुको भुक्तानी त्यस्ता समितिहरुको खाता मार्फत गर्नुपर्नेमा त्यसो नगरी उपभोक्ता समितिका अध्यक्षहरुलाई चेकबाट भुक्तानी दिएको छ । उपभोक्ता समितिले खर्चको अनुमोदन गरी विल भरपाई समेत पेश गरी पारदर्शी रुपले खर्च गर्नुपर्ने रकम व्यक्तिलाई सोझै भुक्तानी दिन मिल्दैन । यस्तो काम कारवाहीमा नियन्त्रण गर्नुपर्दछ ।

३. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार रु. १,००,०००।०० भन्दा वढीको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । तर आन्तरिक लेखापरीक्षण प्रतिवेदनले उल्लेख गरे अनुसार कार्यालयले रु. १४०,०००।०० को कार्यालय सामान ढुवानी र कार्यालय फर्निचर ढुवानी रु. १,५१,५००।०० को कार्य लागत अनुमान तयार नगरी खर्च गरेको पाइयो । खरिद गरिने सामान र सोको ढुवानी सहितको लागत अनुमान तयार गरी कार्य गराउनु पर्दछ ।

४. **आन्तरिक आयको लेखा :** आन्तरिक आयको लेखा राख्दा दैनिक खाता र नगदी रसिद नियन्त्रण खाता समेत राख्नुपर्नेमा यस गाउँपालिकाले आन्तरिक आय रु. ८९,८२२।०० को दैनिक खाता र रसिद नियन्त्रण खाता राखेको छैन । साथै नगदी रसिद समेत लेखापरीक्षणको लागि पेश भएको छैन ।

### घुसा गाविस

५. **दोहोरो भत्ता :** अर्थ मन्त्रालयबाट जारी गरिएको कार्य सञ्चालन निर्देशिका, २०७३ को दफा ७.१.४.६ अनुसार कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीहरुलाई अन्य भत्ता उपलब्ध नगराउने व्यवस्था रहेको छ । त्यसैगरी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०६७।११।०८ को परिपत्र अनुसार प्रोत्साहन भत्ता लिएपछि अन्य भत्ता सुविधा लिन नपाइने व्यवस्था गरेको छ । कार्य सम्पादनमा आधरित प्रोत्साहन भत्ता प्राप्त गरेका गाविस सचिव श्रावणदेखि फागुनसम्मको गाँउ विकास समितिको अध्यक्ष भत्ता पनि भुक्तानी लिएकोले दोहोरो पर्न गएको अध्यक्ष भत्ता रु. १२,०००।- असुल गरी गाउँपालिकाको संचित कोषमा दाखिला गर्नुपर्दछ ।

६. **स्थानीय भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा दैनिक भत्ता उपयोग गरेको अवधि भर स्थानीय भत्ता नपाउने उल्लेख छ । वडा सचिवलाई १२ दिनको भ्रमण खर्च भुक्तानी गरेकोमा सो अवधिको स्थानीय भत्ता रु. ३,०८४।०० पनि भुक्तानी भएकोले निजबाट असुल गर्नुपर्दछ ।

७. **अग्रीम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा करारवाट खरिद गर्दा १.५ प्रतिशतमा दरले अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ल्यापटप, प्रिन्टर, मोडेम लगायतका अन्य सेवा खरि गर्दा रु. २,६३,५००।- भुक्तानी गर्दा अग्रिम आयकर वापतको रु. ८,६३७- कट्टा नगरी भुक्तानी गरेकोले उक्त आयकर वापतको रकम असुल हुनुपर्दछ ।

### खण्डेश्वरी गाविस

८. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार रु.१,००,०००।०० भन्दा वढीको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । तर महिला तथा वालावालिकाको लक्षित कार्यक्रमको रु.२२५,०००।०० को कार्य लागत अनुमान तयार नगरी खर्च गरेको पाइयो ।खरिद गरिने सामान र सेवाको लागत अनुमान तयार गरी कार्य गराउनु पर्दछ ।

९. **अग्रीम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा करारवाट खरिद गर्दा १.५ प्रतिशतमा दरले अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ल्यापटप, प्रिन्टर, मोडेम लगायतका अन्य सेवा खरि गर्दा रु. २,७९,३०४।- भुक्तानी गर्दा अग्रिम आयकर वापतको रु. ५,४४०।- कट्टा नगरी भुक्तानी गरेकोले उक्त आयकर वापतको रकम असुल हुनुपर्दछ ।

१०. **दोहोरो भत्ता :** अर्थ मन्त्रालयबाट जारी गरिएको कार्य सञ्चालन निर्देशिका, २०७३ को दफा ७.१.४.६ अनुसार कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीहरुलाई अन्य भत्ता उपलब्ध नगराउने व्यवस्था रहेको छ । त्यसैगरी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०६७।११।०८ को परिपत्र अनुसार प्रोत्साहन भत्ता लिएपछि अन्य भत्ता सुविधा लिन नपाइने व्यवस्था गरेको छ । कार्य सम्पादनमा आधरित प्रोत्साहन भत्ता प्राप्त गरेका गाविस सचिवले २०७३ श्रावणदेखि पौषसम्ममको गाँउ विकास समितिको अध्यक्ष भत्ता पनि भुक्तानी लिएकोले दोहोरो पर्न गएको अध्यक्ष भत्ता रु. ९,०००।- असुल गरी गाउँपालिकाको संचित कोषमा दाखिला गर्नुपर्दछ ।

११. **स्थानीय भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा दैनिक भत्ता उपयोग गरेको अवधि भर स्थानीय भत्ता नपाउने उल्लेख छ । गाविस सचिवले १८ दिनको दै.भ्र.भत्ता भुक्तानी लिदा रु. ६,४२६।०० स्थानीय भत्ता कट्टा नगरेकोले सो रकम असुल गर्नुपर्दछ ।

१२. **पेश्की :** कटेलीगाँड लघु जलविद्युत योजनाको उपभोक्ता समितिको नाममा विगत वर्ष देखि रहेको पेश्की रु. ३००,०००।०० हालसम्म पनि फछ्र्यौट गरेको देखिएन । उक्त पेश्की फछ्र्यौट वा असुली गर्नुपर्दछ ।

## बेरुजू स्थिति

लेखापरीक्षणबाट रु. ३ लाख ३६ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३६ हजार र पेश्की रु. ३ लाख रहेको छ ।

# दुहु गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

यो वर्ष आय रु. ४ करोड ५३ लाख ६२ हजार आम्दानी भएकोमा रु. ३ करोड ९१ लाख ९३ हजार खर्च भई रु. ६१ लाख ६९ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **बजेटः** पूँजिगत तर्फ कूल बजेट रु. ८०,००,०००।०० मध्ये रु. २९,९५,१३०।०० खर्च भएको छ । दोस्रो किस्ताको निकासा आषाढ महिनामा भएको, स्थानीय निर्वाचन र प्राविधिक तथा अन्य कर्मचारीको अभावले न्यून खर्च भएको देखियो ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने र अन्य नियमहरु अनुसार आन्तरिक नियन्त्रणका क्रियाकलाप संचालन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणबाट सो सम्बन्धमा गाउँपालिका अर्न्तगत रहेका साविकका गाविसहरुबाट गाउँपालिकामा जिन्सी सामान सहित सम्पतिहरु हस्तान्तरण गरी गाउँपालिकाको स्वामित्वमा राख्ने कार्य नभएको, आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार रसिद नियन्त्रण खाता राखी वडा कार्यालयहरुबाट संकलित आय संकलन गरेको भोलिपल्ट वैंक दाखिला गर्नुपर्नेमा नगरेको, साविकका गाउँ विकास समितिहरुले लेखापरीक्षक नियुक्तिको लागि सिफारिस गरी पठाएपनि जिल्ला समन्वय समितिबाट नियुक्त गर्ने निर्णय नभएकोले आर्थिक वर्ष २०७२।७३ को अन्तिम लेखापरीक्षण नभएको, गाउँ विकास समिति तथा गाउँपालिकाहरुले प्रचलित लेखाप्रणाली अनुरुपको लेखा नराखेको देखियो । अतः अन्तरिक नियन्त्रण प्रणाली चुस्त दुरुस्त बनाउनु पर्दछ ।

३. **अग्रीम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा करारवाट खरिद गर्दा १.५ प्रतिशतमा दरले अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । हिकिला गा.वि.स. मालसामान खरिद गर्दा रु. २,८५,२७५।०० भुक्तानी गरेकोमा अग्रिम कर कट्टा नगरेको रु. ४,२८०।००, तथा धारी गाउँ विकास समितिले कालीनाथ मन्दिर निर्माण उपभोक्ता समितिलाई भुक्तानी दिएको रकम मध्ये ठगुन्ना जनरल स्टोर दार्चुलालाई डण्डी र सिमेन्टको रु.४७,५००।०० भुक्तानीमा अग्रिम कर रु. ७५०।००, भगवती प्रा.वि. कोक्सेको १ कोठे भवन निर्माण गर्न दिनेश स्टोर एण्ड सप्लायर्सलाई भुक्तानी गरेको रु. ६१,०१२।०० को अग्रिम कर रु.९१५।०० तथा गाउँघर क्लिनिक फाराको निर्माण सामग्री खरिदमा भुक्तानी गरेको रु.१९०,७९०।०० मा अग्रीम कर रु.१,५५५।०० कट्टा नगरेकोले सम्बन्धित आपुर्तकबाट जम्मा रु. ३,२२०।०० असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

४. **नापी किताव :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम १ को खण्ड (क) अनुसार प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्नेमा सो प्रक्रिया पूरा नगरी **हिकिला गाउँ विकास समिति** वडा नं .२ मा संचालित योजनाहरु मध्ये श्री मष्टेकेदार प्रा.वि.मा खर्च भएको रु. १२५,०००।०० र कम्दा लघु जलविद्युत आयोजनामा खर्च गरेको रु. १२०,०००।०० भुक्तानी दिएको तथा धारी गा.वि.स.ले गाविसमा संचालित योजनाहरु मध्ये काल्सिड मन्दिर निर्माणको रु. २००,०००।००, फाराको गाउँघर क्लिनिक निर्माणको रु. १९०,७००।०० र धारी मा.वि.को पुस्तकालय भवन मर्मतको रु. २५०,०००।०० भुक्तानी दिएको छ । उक्त नियम तथा सरकारी लेखाप्रणालीले तोकेको व्यवस्थाको पालना गर्नुपर्दछ ।

**पिपलचौरी गाउँ विकास समिति**

५. **सामाजिक सुरक्षा कर :** कर्मचारीहरुलाई पारिश्रमिक भुक्तानी गर्दा कट्टि भएको १ प्रतिशत सामाजिक सुरक्षा कर रु. २,३६५।०० राजश्व दाखिला गर्न बाँकी देखिएकोले दाखिला गर्नुपर्दछ ।

६. **स्थानीय भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा दैनिक भत्ता उपयोग गरेको अवधि भर स्थानीय भत्ता नपाउने उल्लेख छ । एक वडा सचिवलाई मिति २०७३।४।२ देखि ८ सम्म, २०७३।५।३ देखि ९ सम्म र २०७३।९।४ देखि ९ सम्म भ्रमण गरी भ्रमण खर्च भुक्तानी भएको अवधिको स्थानीय भत्ता रु. ५,७६८।०० समेत भुक्तानी भएकोले उक्त रकम निजबाट असुल गर्नुपर्दछ ।

७. **जनसहभागिता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१क) अनुसार उपभोक्ता समितिबाट काम गराउँदा जनसहभागिता समेत जुटाउनु पर्नेमा केही योजनमाहरुमा जनसहभागिता परिचालन भएको देखिएन । । उदाहरणको लागि चुकखोला फिल्ड निर्माणमा रु. ३०,०००।०० तथा पिपलचौरी वडा नं. ३ को घोरेटो बाटो निर्माणमा रु. ५०,०००।०० गरी जम्मा रु. ८०,०००।०० खर्च

भएकोमा १० देखि २० प्रतिशतसम्म जनसहभागिता हुनुपर्नेमा भएको देखिएन । उक्त नियमानुसार जनसहभागिता गर्नु गराउनु पर्दछ ।

**हिकिला गाउँ विकास समिति**

८. **वढी भुक्तानी :** खेलकूद समितिका अध्यक्षको नामको पेश्की फछ्यौंट गरी रु.३४४,४११।०० भुक्तानी गरेकोमा संलग्न विल भरपाई अनुसार रु.३४०,३२३।०० मात्र देखिएकोले विल भन्दा बढी भुक्तानी गरेको रु.४,०८८।०० असुल गर्नुपर्दछ ।

९. **दोहोरो भत्ता :** अर्थ मन्त्रालयबाट जारी गरिएको कार्य सञ्चालन निर्देशिका, २०७३ को दफा ७.१.४.६ अनुसार कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीहरुलाई अन्य भत्ता उपलब्ध नगराउने व्यवस्था रहेको छ । त्यसैगरी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०६७।११।०८ को परिपत्र अनुसार प्रोत्साहन भत्ता लिएपछि अन्य भत्ता सुविधा लिन नपाइने व्यवस्था गरेको छ । कार्य सम्पादनमा आधरित प्रोत्साहन भत्ता प्राप्त गरेका धारी गाउँ विकास समितिका सचिवले २०७३ श्रावणदेखि फागुनसम्मको अध्यक्ष भत्ता पनि भुक्तानी लिएकोले दोहोरो पर्न गएको रु. १२,०००।- असुल गरी गाउँपालिकाको संचित कोषमा दाखिला गर्नुपर्दछ ।

## बेरुजू स्थिति

लेखापरीक्षणबाट रु. ८ लाख ७३ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३२ हजार र नियमित गर्नुपर्ने रु. ८ लाख ४१ हजार रहेको छ ।

# नौगाड गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु. ५७ हजार र यो वर्ष आय रु. ४ करोड ११ लाख १७ हजार समेत रु. ४ करोड ११ लाख ७४ हजार आम्दानी भएकोमा रु. २ करोड ६४ लाख ३२ हजार खर्च भई रु. १ करोड ४७ लाख ४२ हजार मौज्दात  रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने र अन्य नियमहरु अनुसार आन्तरिक नियन्त्रणका क्रियाकलाप संचालन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणबाट सो सम्बन्धमा गाउँपालिका अर्न्तगत रहेका साविकका गाविसहरुबाट गाउँपालिकामा जिन्सी सामान सहित सम्पतिहरु हस्तान्तरण गरी गाउँपालिकाको स्वामित्वमा राख्ने कार्य नभएको, आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार रसिद नियन्त्रण खाता राखी वडा कार्यालयहरुबाट संकलित आय संकलन गरेको भोलिपल्ट बैंक दाखिला गर्नुपर्नेमा नगरेको, साविकका गाउँ विकास समितिहरुले लेखापरीक्षक नियुक्तिको लागि सिफारिस गरी पठाएपनि जिल्ला समन्वय समितिबाट नियुक्त गर्ने निर्णय नभएकोले आर्थिक वर्ष २०७२।७३ को अन्तिम लेखापरीक्षण नभएको, गाउँ विकास समिति तथा गाउँपालिकाहरुले प्रचलित लेखाप्रणाली अनुरुपको लेखा नराखेको, तथा कर्मचारी कल्याण कोषको स्रेस्ता लेखापरीक्षणमा पेश नभएको देखियो । अतः अन्तरिक नियन्त्रण प्रणाली चुस्त दुरुस्त बनाउनु पर्दछ ।

२. **भुक्तानी :**  उपभोक्ता समिति मार्फत गराइएका कामहरुको भुक्तानी त्यस्ता समितिहरुको खाता मार्फत गर्नुपर्नेमा त्यसो नगरी उपभोक्ता समितिका अध्यक्षहरुलाई चेकबाट भुक्तानी दिएको छ । उपभोक्ता समितिले खर्चको अनुमोदन गरी विल भरपाई समेत पेश गरी पारदर्शी रुपले खर्च गर्नुपर्ने रकम व्यक्तिलाई सोझै भुक्तानी दिन मिल्दैन । यस गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालयहरुले सम्बन्धित उपभोक्ता समितिको अध्यक्षलाई भुक्तानी गरेको देखियो । यस्तो काम कारवाहीमा नियन्त्रण गर्नुपर्दछ ।

३. **नापी किताव :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम १ को खण्ड (क) अनुसार प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्नेमा सो प्रक्रिया पूरा नगरी इयरकोट गाउँ विकास समितिले उपभोक्ता समितिका अध्यक्ष श्री प्रेम सिंह ठेकेरेलाई रु. १००,०००।०० र भौ.नं २१।२०७३।१२।३ बाट काठेपुल निर्माण इयरकोट वगडखोला रु. ३८५,७४०।०० गरी रु. ४८५,७४०।००, खार गाउँ विकास समितिले एक निर्माण कार्यको लागि रु. ४५,०००।००, सिफ्टी गाउँ विकास समितिले सिफ्टी ४ को बाटो निर्माणमा रु. २,००,०००।०० तथा होपरीगाड लघु जलविद्युत आयोजनामा रु. ७,००,०००।०० गरी रु. ९००,०००।०० र देवी मन्दिर फिल्ड निर्माणको रु. ३०,०००।००, मालिकार्जुन निमावि एगरभगेको रु. ४०,०००।००, भूमिराज निमावि रइचुको फिल्ड निर्माणको रु. ४०,०००।०० र मालिकार्जुन प्रा.वि. घेरपर्खाल निर्माणको रु. ३०,०००।०० गरी  रु. १,४०,०००।०० भुक्तानी दिएको छ । नापी कितावका आधारमा खर्च लेख्नुपर्दछ ।

### खार गाउँ विकास समिति

४. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार चालु आर्थिक वर्ष भित्रै पेश्की फछर्यौट गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्षको अन्तमा ३ वटा योजना सम्बन्धी पेश्की रु. १४५,०००।०० नियमानुसार असुल फछर्यौट हुनुपर्दछ ।

५. **अध्यक्ष भत्ता :** अर्थ मन्त्रालयबाट जारी गरिएको कार्य सञ्चालन निर्देशिका, २०७३ को दफा ७.१.४.६ अनुसार कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीहरुलाई अन्य भत्ता उपलब्ध नगराउने व्यवस्था रहेको छ । त्यसैगरी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०६७।११।०८ को परिपत्र अनुसार प्रोत्साहन भत्ता लिएपछि अन्य भत्ता सुविधा लिन नपाइने व्यवस्था गरेको छ । कार्य सम्पादनमा आधरित प्रोत्साहन भत्ता प्राप्त गरेका गाविस सचिवलाई २०७३ श्रावणदेखि पौष मसान्त सम्मको अध्यक्ष भत्ता रु. ९,०००।०० भुक्तानी दिएकोले उक्त अध्यक्ष भत्ता असुल गरी दाखिला गर्नुपर्दछ ।

६. **स्थानीय भत्ता : :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा दैनिक भत्ता उपयोग गरेको अवधि भर स्थानीय भत्ता नपाउने उल्लेख छ । भ्रमण भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टि गर्नुपर्नेमा वडा सचिव श्री मानसिंह ठगुन्नालाई कट्टा नगरी १२ दिनको स्थानीय भत्ता भुक्तानी गरेको रु.२,५८४।०० असुल गर्नुपर्दछ ।

**सिफ्टी गाउँ विकास समिति**

७. **जनसहभागिता नभएको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१क) अनुसार उपभोक्ता समितिबाट काम गराउँदा जनसहभागिता समेत जुटाउनुपर्नेमा नजुटाई कुमौटे उवाखोला सिचाई निर्माण योजनामा रु. २,९९,०००।००, होपरीगाड लघु जलविद्युत संस्थालाई रु. ८,२३,७००।०० गरी रु. ११,२२,७००।०० भुक्तानी गरेको गरेको छ । नियमानुसार जनसहभागिता जुटाई तोकिएको कार्य सम्पन्न गर्नुपर्दछ ।

८. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यालयमा प्राप्त भएका जिन्सी सामान दाखिला गर्नुपर्नेमा रु. ६८,५००।०० को फर्निचर, सोलार तथा अन्य सामग्री, रु. १,५२,०००।०० को कार्यालय सामान, रु. १,१५,०००।०० को ल्यापटप १ थान, प्रिन्टर १ थान र मोवाईल १ थान गरी जम्मा रु. ३३६,०००।०० मा खरिद भएका मालसामान जिन्सी दाखिला गरेको देखिएन । नियमानुसार जिन्सी दाखिला गर्नुपर्दछ ।

९. **अध्यक्ष भत्ता :** अर्थ मन्त्रालयबाट जारी गरिएको कार्य सञ्चालन निर्देशिका, २०७३ को दफा ७.१.४.६ अनुसार कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीहरुलाई अन्य भत्ता उपलब्ध नगराउने व्यवस्था रहेको छ । त्यसैगरी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०६७।११।०८ को परिपत्र अनुसार प्रोत्साहन भत्ता लिएपछि अन्य भत्ता सुविधा लिन नपाइने व्यवस्था गरेको छ । कार्य सम्पादनमा आधरित प्रोत्साहन भत्ता प्राप्त गरेका सिफ्टी गाविस सचिवले २०७३ पौषदेखि फागुनसम्मको अध्यक्ष भत्ता पनि भुक्तानी लिएको रु. ४५००।- असुल गरी दाखिला गर्नुपर्दछ ।

१०. **वहाल कर** : आयकर ऐन, २०५८ को दफा ८८ मा भाडामा १० प्रतिशतका दरले वहाल कर असुल गर्नुपर्नेमा नगरी जनहित मा.वि.धुलीगडाको निर्माण सामग्री ढुवानीको रु. २१,७००।– भुक्तानी दिएको छ । वहाल कर रु. २,१७०।०० असुल गर्नुपर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु. ३१ लाख ९२ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १८ हजार, नियमित गर्नुपर्ने रु. ३० लाख २९ हजार तथा पेश्की रु. १ लाख ४५ हजार रहेको छ ।

# मार्मा गाउँपालिका, दार्चुला

## लेखापरीक्षण प्रतिवेदन

यो वर्ष आय रु. ५ करोड ३० लाख १६ हजार आम्दानी भएकोमा रु. ४ करोड ५३ लाख ९७ हजार खर्च भई रु. ७६ लाख १९ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **बजेटः** पूँजिगत वजेटतर्फ कूल बजेट रु. ८०,००,०००।०० मध्ये रु.१६७९९००।००खर्च भएको छ । दोस्रो किस्ताको निकासा आषाढ महिनामा भएको, स्थानीय निर्वाचन र प्राविधिक तथा अन्य कर्मचारीको अभावले न्यून खर्च भएको देखियो ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने र अन्य नियमहरु अनुसार आन्तरिक नियन्त्रणका क्रियाकलाप संचालन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणबाट सो सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ अनुसार गाउँपालिका अर्न्तगत रहेका साविकका गाविसहरुबाट गाउँपालिकामा जिन्सी सामान सहित सम्पतिहरु बरबुझारथ तथा हस्तान्तरण गरी गाउँपालिकाको स्वामित्वमा राख्ने कार्य नभएको, आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार रसिद नियन्त्रण खाता राखी वडा कार्यालयहरुबाट संकलित आय संकलन गरेको भोलिपल्ट वैंक दाखिला गर्नुपर्नेमा नगरेको, साविकका गाउँ विकास समितिहरुले लेखापरीक्षक नियुक्तिको लागि सिफारिस गरी पठाएपनि जिल्ला समन्वय समितिबाट नियुक्त गर्ने निर्णय नभएकोले आर्थिक वर्ष २०७२।७३ को अन्तिम लेखापरीक्षण नभएको, पेश्की कारोवार देखिने पेश्की खाता नराखेको, तथा गाउँ विकास समिति तथा गाउँपालिकाहरुले प्रचलित लेखाप्रणाली अनुरुपको लेखा नराखेको देखियो । अतः अन्तरिक नियन्त्रण प्रणाली चुस्त दुरुस्त बनाउनु पर्दछ ।

### गुल्जर गाउँ विकास समिति

३. **अध्यक्ष भत्ता :** कार्यसञ्चालन निर्देशिका २०७३ को छैटौ संस्करण ७.१.४.६ अनुसार प्रोत्साहान भत्ता लागू भएका कार्यालयहरुमा थप रकम उपलब्ध नगराईने तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०६७।११।०८ पत्रबाट प्रोत्साहन भत्ता वाहेक अन्य कुनै सुविधा लिन नपाइने व्यवस्था छ । कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता लागू भएपछि गाउँ विकास समितिको अध्यक्ष भत्ता गाविस सचिबले गुल्जर र ग्वानी गाविसमा ४।४ महिनामा कार्यरत रहदाको अवधिमा १२,०००।०० अध्यक्ष भत्ता भुक्तानी भएको देखियो । प्रोत्साहन भत्ता भुक्तानी भएपछि अध्यक्ष भत्ता भुक्तानी नपाउने भएकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

४. **भुक्तानी :** उपभोक्ता समिति मार्फत गराइएका कामहरुको भुक्तानी त्यस्ता समितिहरुको खाता मार्फत गर्नुपर्नेमा त्यसो नगरी उपभोक्ता समितिका अध्यक्षहरुलाई चेकबाट भुक्तानी दिएको छ । उपभोक्ता समितिले खर्चको अनुमोदन गरी विल भरपाई समेत पेश गरी पारदर्शी रुपले खर्च गर्नुपर्ने रकम व्यक्तिलाई सोझै भुक्तानी दिन मिल्दैन । यस गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालयहरुले सम्बन्धित उपभोक्ता समितिको अध्यक्षलाई भुक्तानी गरेको देखियो । यस्तो काम कारवाहीमा नियन्त्रण गर्नुपर्दछ ।

५. **अभिलेख व्यवस्थापन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार कुखुरा वितरण, खोर निर्माण तथा गोष्ठी संञ्चालन गर्न रु. १६८,७४३।०० खर्च लेखेकोमा सामाजिक परीक्षण, सार्वजनिक गरेको देखिएन ।

### लटीनाथ गाउँ विकास समिति

६. **संचित कोष दाखिला :** गा.पा. संचित कोषमा दाखिला गर्न बांकी देखिएको रु. २३,०३०।०० दाखिला गर्नुपर्दछ ।

७. **अध्यक्ष भत्ता :** कार्यसञ्चालन निर्देशिका २०७३ को छैटौ संस्करण ७.१.४.६ अनुसार प्रोत्साहान भत्ता लागू भएका कार्यालयहरुमा थप रकम उपलब्ध नगराईने तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति ०६७।११।०८ पत्रबाट प्रोत्साहन भत्ता वाहेक अन्य कुनै सुविधा लिन नपाइने व्यवस्था छ । कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता लागू भएपछि गाउँ विकास समितिको सचिवलाई २०७३ साल श्रावणदेखि फाल्गुण महिनासम्मको रु. १२,०००।०० अध्यक्ष भत्ता भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

८. **विल भरपाई :** आर्थिक कार्याविधि नियमावली, २०६४को नियम ३६(३) अनुसार वील भरपाई राख्नु पर्दछ । प्रतिबोरा रु. १,१००।०० का दरले भेटेनरी घेरवार पर्खालमा प्रयोग गरेको सिमेन्टमध्ये ४ बोराको रु.४४००।०० र ढल निकास सरसफाई योजानमा प्रयोग गरेको सिमेण्ट मध्ये ६ बोराको रु. ६,६००।०० गरी रु. ११,०००।०० विल भरपाई बेगर खर्च लेखेको छ ।

९. **जनसहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१क) अनुसार उपभोक्ता समितिबाट काम गराउँदा जनसहभागिता समेत जुटाउनुपर्नेमा लट्टिनाथ क्याम्पस निर्माणका लागि रु. २,५०,०००।००, लट्टिनाथ ७ मा विद्युत लाईन विस्तारको लागि रु. १,५०,०००।०० रकम उपलब्ध गराएकोमा जनसहभागिता भएको देखिएन ।

१०. **कर दाखिला :** कार्यालयले भौ.नं २२।२०७४।३।२६ मा महिला स्वयंवसेविका प्रोत्साहन भत्ता रु. ३०,०००।०० निकासा दिंदा कट्टि गरेको रु. ३,२७९।०० दाखिला भएको नदेखिएकोले राजश्व दाखिला गर्नुपर्दछ ।

**तपोवन गाउँ विकास समिति**

११. **जनसहभागिता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१क) अनुसार उपभोक्ता समितिबाट काम गराउँदा जनसहभागिता जुटाउनुपर्नेमा खाला सिचाई मर्मत रु. १२१,६०५।०० मा रु. २४,३२४।०० तथा तपोवन खा.पा. मुल संरक्षण योजना रु. २१४,२६९।०० मा रु. ८६,०००।०० गरी रु. १,१०,३२४।०० को काममा जनसहभागिता परिचालन भएको देखिएन । नियमानुसार जनसहभागिता जुटाउनुपर्दछ ।

**सितौला गाउँ विकास समिति**

१२. **विल, भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार सरकारी रकम खर्च गर्दा विल, भरपाई राख्नुपर्दछ । कार्यालयले ६२ थान कम्बल खरिद गरी उ.स अध्यक्ष सुका ठगुन्नाले जेष्ठ नागरिकहरुलाई वितरण गरेको मध्ये रु. १३९,०००।०० को विल संलग्न नगरेको, कम्बल खरिदका केही विलहरु केरमेट गरी सच्याइएको र जिन्सी खातामा दाखिला नगरी वितरण गरेको पाइयो । त्यसैगरी तत्कालिन मार्मा गाविसका सचिवले रु. ५०,०००।०० को कार्यालय सामानको जिन्सी दाखिला गरेको पाइएन । नियमानुसार खर्च गर्नुपर्दछ ।

१३. **अध्यक्ष भत्ता :** कार्यसञ्चालन निर्देशिका, २०७३ को छैटौ संस्करण ७.१.४.६ अनुसार प्रोत्साहान भत्ता लागू भएका कार्यालयहरुमा थप रकम उपलब्ध नगराईने तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति ०६७।११।०८ पत्रबाट प्रोत्साहन भत्ता प्राप्त गर्नेलाई अन्य कुनै सुविधा दिन नपाइने व्यवस्था छ । कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्राप्त गर्ने गाविस सचिबलाई २०७३ साल श्रावणदेखि फाल्गुण महिनासम्मको अध्यक्ष भत्ता रु. १२,०००।०० भुक्तानी दिएकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

१४. **जनसहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१क) अनुसार उपभोक्ता समितिबाट काम गराउँदा जनसहभागिता समेत जुटाउनुपर्नेमा नजुटाई खाला सिचाई योजनाको मर्मत संभार तथा भू संरक्षण कार्य रु. १,१०,३२४।०० मा गराउँदा जनसहभागीता नभई अधुरै अवस्थामा कार्य सम्पन्न गरेको पाइयो । जनसहभागिता जुटाई कार्य सम्पन्न गर्नुपर्दछ ।

१५. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली २०६४को नियम ४७ अनुसार कार्यालयमा प्राप्त भएका जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । कार्यालयले रु. १,१३,४३२।०० मा कम्प्युटर थान १, प्रिन्टर थान १, मोवाईल सेट १ खरिद गरेकोमा जिन्सी दाखिला गरेको देखिएन । नियमानुसार जिन्सी दाखिला गर्नुपर्दछ ।

**शेरी गाउँ विकास समिति**

१६. **अध्यक्ष भत्ता :** कार्यसञ्चालन निर्देशिका २०७३ को छैटौ संस्करण ७.१.४.६ अनुसार प्रोत्साहान भत्ता लागू भएका कार्यालयहरुमा थप रकम उपलब्ध नगराईने तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति ०६७।११।०८ पत्रबाट प्रोत्साहन भत्ता वाहेक अन्य कुनै सुविधा लिन नपाइने व्यवस्था छ । कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्राप्त गरेको गाविस सचिबलाई २०७३ श्रावणदेखि फाल्गुण महिनासम्मको अध्यक्ष भत्ता रु. १२,०००।०० भुक्तानी गरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु. ६ लाख १९ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ५९ हजार, नियमित गर्नुपर्ने रु. ५ लाख ६० हजार रहेको छ ।

# लेकम गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु. ५९ हजार र यो वर्ष आय रु. ६ करोड १८ लाख ४८ हजार समेत रु. ६ करोड १९ लाख ७ हजार आम्दानी भएकोमा रु. ५ करोड ५५ लाख ६२ हजार खर्च भई रु. ६३ लाख ४५ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **बजेटः** पूँजिगत तर्फ कूल बजेट रु. ८०,००,०००।०० मध्ये रु.२९,६३,५९०।- खर्च भएको छ । दोस्रो किस्ताको निकासा आषाढ महिनामा भएको, स्थानीय निर्वाचन र प्राविधिक तथा अन्य कर्मचारीको अभावले न्यून खर्च भएको देखियो ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने र अन्य नियमहरु अनुसार आन्तरिक नियन्त्रणका क्रियाकलाप संचालन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणबाट सो सम्बन्धमा गाउँपालिका अर्न्तगत रहेका साविकका गाविसहरुबाट गाउँपालिकामा जिन्सी सामान सहित सम्पतिहरु हस्तान्तरण गरी गाउँपालिकाको स्वामित्वमा राख्ने कार्य नभएको, आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार रसिद नियन्त्रण खाता राखी वडा कार्यालयहरुबाट संकलित आय संकलन गरेको भोलिपल्ट वैंक दाखिला गर्नुपर्नेमा नगरेको, साविकका गाउँ विकास समितिहरुले लेखापरीक्षक नियुक्तिको लागि सिफारिस गरी पठाएपनि जिल्ला समन्वय समितिबाट नियुक्त गर्ने निर्णय नभएकोले आर्थिक वर्ष २०७२।७३ को अन्तिम लेखापरीक्षण नभएको तथा गाउँ विकास समिति तथा गाउँपालिकाहरुले प्रचलित लेखाप्रणाली अनुरुपको लेखा नराखेको देखियो । अतः अन्तरिक नियन्त्रण प्रणाली चुस्त दुरुस्त बनाउनु पर्दछ ।

३. **नापी किताव :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम १ को खण्ड (क) अनुसार प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्नेमा सो प्रक्रिया पूरा नगरी बजार गाउँपालिकाले खानेपानी योजना उ.स.लाई भुक्तानी दिएको रु. १२८,०३८।००, सर्मोली गाउँ विकास समितिले वडीपुर मा.वि.को पर्खाल निर्माणमा रु. २६०,०००।००, घरंगा घर घेर पर्खाल निर्माणमा रु. २३९,०००।००, वीनखाली सिचाई कुलो मर्मत रु. ५०,०००।००, लेकम १ खा.पा ट्यांकी निर्माण रु. ४०,०००।०० लेकम गा.पा. वडा नं. १ सर्मोली मा रु.४०,०००।०० गरी रु. ६,२९,०००।००, लाली गाउँ विकास समितिले केदार मन्दिर निर्माणको रु. १२०,०००।०० र खम्तड सिचाई पोखरी निर्माणको रु. १,००,०००।०० गरी रु. २,२०,०००।००, खरकडा गा.वि.स.ले तमैराज निमाविको २ कोठे भवन मर्मत रु. १,००,०००।००, आरनघर निर्माण रु. १,६०,०००।०० र गल्लाकेदार निमावि खरकडा रु. १,११,३००।०० गरी रु. ३,७१,३००।००, तथा रिठा चौपाता वृहत बसन्ते खानेपानी मर्मत उपभोक्ता समितिलाई रु. २,००,०००।०० तथा सामुदायिक स्वास्थ्य भवन उपभोक्ता समितिलाई रु. ५,००,०००।०० गरी रु. ७००,०००।०० नापी किताव बेगर खर्च गरेका छन । नापी कितावका आधारमा खर्च गर्नुपर्दछ ।

४. **भुक्तानी :** उपभोक्ता समिति मार्फत गराइएका कामहरुको भुक्तानी त्यस्ता समितिहरुको खाता मार्फत गर्नुपर्नेमा त्यसो नगरी उपभोक्ता समितिका अध्यक्षहरुलाई चेकबाट भुक्तानी दिएको छ । उपभोक्ता समितिले खर्चको अनुमोदन गरी विल भरपाई समेत पेश गरी पारदर्शी रुपले खर्च गर्नुपर्ने रकम व्यक्तिलाई सोझै भुक्तानी दिन मिल्दैन । यस गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालयहरुले सम्बन्धित उपभोक्ता समितिको अध्यक्षलाई भुक्तानी गरेको देखियो । यस्तो काम कारवाहीमा नियन्त्रण गर्नुपर्दछ ।

५. **अध्यक्ष भत्ता :** अर्थ मन्त्रालयबाट जारी गरिएको कार्य सञ्चालन निर्देशिका, २०७३ को दफा ७.१.४.६ अनुसार कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीहरुलाई अन्य भत्ता उपलब्ध नगराउने व्यवस्था रहेको छ । त्यसैगरी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०६७।११।०८ को परिपत्र अनुसार प्रोत्साहन भत्ता लिएपछि अन्य भत्ता सुविधा लिन नपाइने व्यवस्था गरेको छ । सर्मोली गाउँ विकास समितिमा कार्य सम्पादनमा आधरित प्रोत्साहन भत्ता प्राप्त गरेका गाविस सचिवले २०७३ श्रावणदेखि फागुनसम्मको अध्यक्ष भत्ता रु. १२,०००।-, लाली गाउँ विकास समितिका सचिवले २०७३ श्रावण देखि फागुनसम्मको अध्यक्ष भत्ता रु. १२,०००।-, रिठा चौपाता गाउँ विकास समितिका सचिवको २०७३ साल पौष देखि फाल्गुणसम्मको अध्यक्ष भत्ता रु. ४,५००।०० लिएकोले असुल गर्नुपर्दछ।

६. **जनसहभागिता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१क) अनुसार उपभोक्ता समितिबाट काम गराउँदा जनसहभागिता जुटाउनुपर्नेमा सर्मोली गाउँ विकास समितिले नाथ सहकारी

भौतिक पुर्वाधार विकासमा रु.४०,०००।००, नाथ उमावि कुणी रु.४४,०००।०० गरी रु. ८४,०००।०० मा जनसहभागिता परिचालन भएको देखिएन । लाभग्राही समूहको जनसहभागिता गराउनुपर्दछ ।

७. **स्थानीय भत्ता** : भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा दैनिक भत्ता उपयोग गरेको अवधि भर स्थानीय भत्ता नपाउने उल्लेख छ । खरकडा गाउँ विकास समितिको कार्यालयले विभिन्न कर्मचारीहरुलाई स्थानीय भत्ता रु. ९,०३०।०० कट्टि नगरी दैनिक भ्रमण खर्च भुक्तानी गरेको छ । उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

८. **विल भरपाई** : आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गरिएको रकमको वील, भरपाई राख्नु पर्छ । रिठा चौपाता गाउँ विकास समितिको कार्यालयले गाविस सचिबको नामको पेश्की फछ्र्यौट गर्दा संलग्न वील भरपाई अनुसार जेष्ठ नागरिक कार्यक्रमका लागि २२८ थान कम्बल खरिद गरिएकोमा जिन्सी दाखिला नगरी वितरण गरी बाँकी रहेका २६ कम्बलको प्रति कम्बल ८९०।०० का दरले हुने रु. २३,१४०।०० को अवस्था खुल्न आएन । नियमानुसार जिन्सी दाखिला गरी वितरण गर्नुपर्दछ ।

### बेरुजू स्थिति

लेखापरीक्षणबाट रु. २१ लाख ९३ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३८ हजार र नियमित गर्नुपर्ने रु. २१ लाख ५५ हजार रहेको छ ।

# व्यास गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु. ४ लाख ३५ हजार र यो वर्ष आय रु. ५ करोड २ लाख १ हजार समेत रु. ५ करोड ६ लाख ३६ हजार आम्दानी भएकोमा रु. ४ करोड २८ लाख ९६ हजार खर्च भई रु. ७७ लाख ४० हजार मौज्दात  रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **बजेट :** पूँजिगत तर्फ कूल बजेट रु. ८०,००,०००।०० मध्ये रु. १४,७८,५७५।०० खर्च भएको छ। दोस्रो किस्ताको निकासा आषाढ महिनामा भएको, स्थानीय निर्वाचन र प्राविधिक तथा अन्य कर्मचारीको अभावले न्यून खर्च भएको देखियो ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अन्य नियमहरु अनुसार आन्तरिक नियन्त्रणका क्रियाकलाप संचालन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणबाट सो सम्बन्धमा गाउँपालिका अर्न्तगत रहेका साविकका गाविसहरुबाट गाउँपालिकामा जिन्सी सामान सहित सम्पतिहरु हस्तान्तरण गरी गाउँपालिकाको स्वामित्वमा राख्ने कार्य नभएको, आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार रसिद नियन्त्रण खाता राखी वडा कार्यालयहरुबाट संकलित आय संकलन गरेको भोलिपल्ट बैंक दाखिला गर्नुपर्नेमा नगरेको, साविकका गाउँ विकास समितिहरुले लेखापरीक्षक नियुक्तिको लागि सिफारिस गरी पठाएपनि जिल्ला समन्वय समितिबाट नियुक्त गर्ने निर्णय नभएकोले आर्थिक वर्ष २०७२।७३ को अन्तिम लेखापरीक्षण नभएको, गाउँ विकास समिति तथा गाउँपालिकाहरुले प्रचलित लेखाप्रणाली अनुरुपको लेखा नराखेको देखियो । अतः अन्तरिक नियन्त्रण प्रणाली चुस्त दुरुस्त बनाउनु पर्दछ ।

३. **स्थानीय भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा दैनिक भत्ता उपयोग गरेको अवधि भर स्थानीय भत्ता नपाउने उल्लेख छ। कार्यालयले ४ कर्मचारीलाई भ्रमण खर्च भुक्तानी गरेको अवधिको स्थानीय भत्ता रु. ११,८४२।०० पनि भुक्तानी गरेकोले असुल गर्नुपर्दछ ।

४. **भुक्तानी :**  उपभोक्ता समिति मार्फत गराइएका कामहरुको भुक्तानी त्यस्ता समितिहरुको खाता मार्फत गर्नुपर्नेमा त्यसो नगरी उपभोक्ता समितिका अध्यक्षहरुलाई चेकबाट भुक्तानी दिएको छ । उपभोक्ता समितिले खर्चको अनुमोदन गरी विल भरपाई समेत पेश गरी पारदर्शी रुपले खर्च गर्नुपर्ने रकम व्यक्तिलाई सोभै भुक्तानी दिन मिल्दैन। यस गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालयहरुले सम्बन्धित उपभोक्ता समितिको अध्यक्षलाई भुक्तानी गरेको देखियो। यस्तो काम कारवाहीमा नियन्त्रण गर्नुपर्दछ।

५. **स्थानीय भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा दैनिक भत्ता उपयोग गरेको अवधि भर स्थानीय भत्ता नपाउने उल्लेख छ । **व्यास गाउँ विकास समतिको** कार्यालयले दैनिक भ्रमण भत्ता लिएको अवधिको समेत २ कर्मचारीहरुलाई रु. ४,१२६।०० स्थानीय भत्ता, सुन्सेरा, गाउँ विकास समति विभिन्न मितिमा वडा सचिबलाई १२ दिनसम्म दैनिक भ्रमण भत्ता भुक्तानी भएको अवधिको स्थानीय भत्ता रु. ३,०८४।०० कट्टि नगरेकोले असुल गरी दाखिला गर्नुपर्दछ।

६. **दोहोरो भत्ता :** अर्थ मन्त्रालयबाट जारी गरिएको कार्य सञ्चालन निर्देशिका, २०७३ को दफा ७.१.४.६ अनुसार कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीहरुलाई अन्य भत्ता उपलब्ध नगराउने व्यवस्था रहेको छ। त्यसैगरी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०६७।११।०८ को परिपत्र अनुसार प्रोत्साहन भत्ता लिएपछि अन्य भत्ता सुविधा लिन नपाइने व्यवस्था गरेको छ। कार्य सम्पादनमा आधरित प्रोत्साहन भत्ता प्राप्त गरेका राप्ला, गाउँ विकास समतिका सचिवले २०७३ साल श्रावण देखि फागुनसम्मको अध्यक्ष भत्ता भुक्तानी रु. १२,०००।००, सुन्सेरा गाउँ विकास समतिका सचिवले २०७३ श्रावणदेखि फागुनसम्मको भुक्तानी लिएको अध्यक्ष भत्ता रु. १२,०००।- तथा धौलाकोट गाउँ विकास समिति सचिवले २०७३ श्रावणदेखि असोजसम्मको भुक्तानी लिएको अध्यक्ष भत्ता रु. ४,५००।- दोहोरो पर्न गएको अध्यक्ष भत्ता  असुल गरी दाखिला गर्नुपर्दछ।

७. **नापी किताव :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम १ को खण्ड (क) अनुसार प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्नेमा सो प्रक्रिया पूरा नगरी **सुन्सेरा गाउँ विकास** समितिले होस्कर प्रा.वि.डोकट फिल्ड निर्माण रु. ५०,०००।०००, चन्द प्रा.वि.मडगाउ घेरा पर्खाल निर्माण रु. ५०,०००।००, खाती गाउँ खा.पा. सुन्सेरा  रु. २००,०००।०० र सिद्दनाथ मा.वि. सिनाको २ कोठे भवन निर्माण रु. १८०,०००।०० गरी रु. ९,३०,०००।००, हुति गाउँ विकास समतिले इलाका प्रहरी कार्यालयको गोदाम घर निर्माणमा रु.४०,०००।००, छुरमल मन्दिर छत निर्माणको रु. ५०,०००।००, दलित बस्ती खा.पा.हुतिको मर्मतको

रु. ५०,०००।०० गरी रु. १,४०,०००।००, व्यास गाउँ विकास समतिले ४ उपभोक्ता समितिहरुलाई रु. ८,१५,६५६।००, भुक्तानी दिएको छ । शाथै राप्ला, गाउँ विकास समतिले प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्नेमा सो प्रक्रिया पूरा नगरी मिलन केन्द्र निर्माण रु. ४,५०,००।००, रडथल पोल खरिद ढुवानी रु.३०,०००।००, दुमलीङ पिसिसि भुक्तानी रु. ५००,०००।०० र नेवा खा.पा मर्मतलाई रु. ५००,०००।०० समेत जम्मा रु. १४,८०,०००।०० भुक्तानी दिएको छ । नापी किताबका आधारमा खर्च लेखी उक्त नियमको पालना गर्नुपर्दछ ।

**राप्ला, गाउँ विकास समति**

८. **वहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ मा वहाल कर १० प्रतिशत कट्टि गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रेथल खोला लघु ज.वि.स. राप्लाको विभिन्न विद्युतीय सामान ढुवानी गर्ने एक ढुवानी सेवालाई रु. ८५,०००।०० भुक्तानीमा १० प्रतिशत वहालकर रु. ८,५००।०० कट्टि गरेको नदेखिएकोले असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

९. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० वमोजिम खरिद भएका सामानको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । डेष्कटप कम्प्युटर, स्मार्ट मोवाईल,ल्यापटप,प्रिन्टर,कार्यालय सामान तथा र प्लास्टीक कुर्सि लगायतका सामानहरु रु. २१५,९१२।०० पर्ने सामान दाखिला नगरी खर्च लेखेको छ । नियमानुसार जिन्सी दाखिला गर्नुपर्दछ ।

१०. **जनसहभागिता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१क) अनुसार उपभोक्ता समितिबाट काम गराउँदा जनसहभागिता जुटाउनु पर्नेमा राप्ला जनाजाति भवन निर्माणको कार्यालयको खर्च रु. ३,३६,३००।०० मा जनसहभागिता जुटेको देखिएन । यस्तो जनसहभागिता जुटाई कार्य पूरा गर्नुपर्दछ ।

**बेरुजू स्थिति**

लेखापरीक्षणबाट रु. ३९ लाख ८२ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ६४ हजार र नियमित गर्नुपर्ने रु. ३९ लाख १८ हजार रहेको छ ।

अनुसूची_ १

**स्थानीय तह**
**प्रदेश नं. ७**
**आय-व्यय विवरण र लेखापरीक्षण अंक**

रु. हजारमा

| क्र. सं. | स्थानीय तह | गत वर्षको जिम्मेवारी | यो वर्षको आय | जम्मा | श्रावन-फाल्गुण २७ सम्मको खर्च | फल्गुण २८अषाढ मसान्तको खर्च | जम्मा खर्च | मौज्दात | जम्मा | लेखापरीक्षण अंक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बडीमालिका नगरपालिका | २३६८ | ९८९५१ | १०१३१९ | ० | ८४९५८ | ८४९५८ | १६३६१ | १०१३१९ | १८३९०९ |
| २ | त्रिवेणी नगरपालिका | ४७७ | ५६७८२ | ५७२५९ | ५५२ | ४८६७४ | ४९२२६ | ८०३३ | ५७२५९ | १०६००८ |
| ३ | बुढीगङ्गा नगरपालिका | १ | ५८३९५ | ५८३९६ | ९२१३ | ४१७८० | ५०९९३ | ७४०३ | ५८३९६ | १०९३८८ |
| ४ | बुढीनन्द नगरपालिका | ८० | ६९७३४ | ६९८१४ | १२७९१ | ५५९८४ | ६८७७५ | १०३९ | ६९८१४ | १३८५०९ |
| ५ | गौमूलगाउँपालिका | २२ | ३२३८२ | ३२४०४ | ८१४३ | १७५८१ | २५७२४ | ६६८० | ३२४०४ | ५८१०६ |
| ६ | पाण्डवगुफा गाउँपालिका | ५ | ४०६५४ | ४०६५९ | ८१३२ | २५१९० | ३३३२२ | ७३३७ | ४०६५९ | ७३९७६ |
| ७ | स्वामिकार्तिक गाउँपालिका | १२० | ५१०९० | ५१२१० | १०५८३ | ३३५७१ | ४४१५४ | ७०५६ | ५१२१० | ९५२४४ |
| ८ | छेडेदहगाउँपालिका | १२१ | ५७५७५ | ५७६९६ | १५७२९ | ३४९८१ | ५०७१० | ६९८६ | ५७६९६ | १०८२८५ |
| ९ | हिमालीगाउँपालिका | ० | ४३२९९ | ४३२९९ | ४०६६ | २९१३६ | ३३२०२ | १००९७ | ४३२९९ | ७६५०१ |
| १० | जयपृथ्वीनगरपालिका | ५१७ | १२८३१९ | १२८८३६ | ३५८९६ | ७०२२६ | १०६१२२ | २२७१४ | १२८८३६ | २३४४४१ |
| ११ | बुङ्गलनगरपालिका | ३०८ | १०४७०५ | १०५०१३ | ५५५४५ | ४४२१८ | ९९७६३ | ५२५० | १०५०१३ | २०४४६८ |
| १२ | तलकोट गाउँपालिका | ३८ | ५५१५९ | ५५१९७ | २५५२३ | २३४१३ | ४८९३६ | ६२६१ | ५५१९७ | १०४०९५ |
| १३ | मस्टा गाउँपालिका | ७ | ६०८२५ | ६०८३२ | २९१९० | २५७५९ | ५४९४९ | ५८८३ | ६०८३२ | ११५७७४ |
| १४ | खप्तड छात्रा गाउँपालिका | १००७ | ७८५५३ | ७९५६० | ३९२१९ | ३३९९३ | ७३२१२ | ६३४८ | ७९५६० | १५१७६५ |
| १५ | थलारा गाउँपालिका | १६१ | ९४२२१ | ९४३८२ | ३८५३९ | ४९५०९ | ८८०४८ | ६३३४ | ९४३८२ | १८२२६९ |
| १६ | विथ्थडचिर गाउँपालिका | २३९ | ६७९६४ | ६८२०३ | ३१४३५ | ३०३४७ | ६१७८२ | ६४२१ | ६८२०३ | १२९७४६ |
| १७ | सुर्मा गाउँपालिका | ३७३ | ३७०२२ | ३७३९५ | १६००२ | १५७६३ | ३१७६५ | ५६३० | ३७३९५ | ६८७८७ |
| १८ | छब्बिसपाथीभेरा गाउँपालिका | ४९२ | ६६०७३ | ६६५६५ | ३२६१३ | २७६७९ | ६०२९२ | ६२७३ | ६६५६५ | १२६३६५ |
| १९ | दुर्गाथलीगाउँपालिका | १८४ | ५५७७८ | ५५९६२ | २७४९७ | २३०९७ | ५०५९४ | ५३६८ | ५५९६२ | १०६३७२ |
| २० | केदारस्यूँगाउँपालिका | ५२४ | ७८०८६ | ७८६१० | ३७८५७ | ३५१०५ | ७२९६२ | ५६४८ | ७८६१० | १५१०४८ |
| २१ | काँडा गाउँपालिका | २५ | २४२४० | २४२६५ | ७०१३ | ११२९३ | १८३०६ | ५९५९ | २४२६५ | ४२५४६ |
| २२ | मङ्गलसेन नगरपालिका | १३३४० | १९२२६८ | २०५६०८ | ९१४३४ | १००८३४ | १९२२६८ | १३३४० | २०५६०८ | ३८४५३६ |
| २३ | कमलबजार नगरपालिका | १२२०३८ | ४६४ | १२२५०२ | ४०५०६ | ६४७५६ | १०५२६२ | १७२४० | १२२५०२ | १०५७२६ |
| २४ | साँफेबगर नगरपालिका | ९५५३३ | २६१११९ | ३५६६५२ | ८३९७२ | १३६३४० | २२०३१२ | १३६३४० | ३५६६५२ | ४८१४३१ |
| २५ | पञ्चदेवलविनायकनगरपालिका | १००० | १०८७३४ | १०९७३४ | ५४००१ | ४५७३३ | ९९७३४ | १०००० | १०९७३४ | २०८४६८ |
| २६ | चौरपाटी गाउँपालिका | १००० | १३९४१२ | १४०४१२ | ५५९१४ | ४२२४९ | ९८१६३ | ४२२४९ | १४०४१२ | २३७५७५ |
| २७ | मेल्लेख गाउँपालिका | | ९७९५३ | ९७९५३ | ५०४३७ | ३७५१६ | ८७९५३ | १०००० | ९७९५३ | १८५९०६ |
| २८ | बाँन्नीगढी जयगढ गाउँपालिका | १०९३ | ८३२२६ | ८४३२० | ४३५५६ | ३५२५० | ७८८०६ | ५५१४ | ८४३२० | १६२०३३ |
| २९ | रामारोसन गाउँपालिका | १२०५२ | ९२००६ | १०४०५८ | ४९३७१ | ४२६३५ | ९२००६ | १२०५२ | १०४०५८ | १८४०१२ |
| ३० | ढकारी गाउँपालिका | १००० | ९३३१२ | ९४३१२ | ४५२४९ | ३९०६३ | ८४३१२ | १०००० | ९४३१२ | १७७६२४ |
| ३१ | तुर्माखाँदगाउँपालिका | १००० | १०८७९६ | १०९७९६ | ५२२८४ | ४७५०८ | ९९७९२ | १०००४ | १०९७९६ | २०८५८८ |
| ३२ | दिपायल सिलगढी नगरपालिका | ३७९५ | १५५८६२ | १५९६५७ | १८००५ | १२४९५५ | १४२९६० | १६६९७ | १५९६५७ | २९८८२२ |
| ३३ | शिखर नगरपालिका | ३७१३८ | १७८९५७ | २१६०९५ | ३०६९२ | १३७७६२ | १६८४५४ | ४७६४१ | २१६०९५ | ३४७४११ |
| ३४ | पूर्वीचौकीगाउँपालिका | २२५ | ९८८९२ | ९९११७ | ४०५८७ | ४९०३४ | ८९६२१ | ९४९६ | ९९११७ | १८८५१३ |
| ३५ | बढीकेदार गाउँपालिका | २८ | ५९५७३ | ५९६०० | ९१०६ | २९२१९ | ३८३२५ | २१२७५ | ५९६०० | ९७८९८ |
| ३६ | जोरायलगाउँपालिका | १३१ | ८२८४० | ८२९७१ | ३३२३४ | ४८५१७ | ८१७५१ | १२२० | ८२९७१ | १६४५९१ |
| ३७ | सायलगाउँपालिका | १०९ | ७९८०१ | ७९९१० | ३४४६९ | ३७७४६ | ७२२१५ | ७६९५ | ७९९१० | १५२०१६ |
| ३८ | आदर्श गाउँपालिका | ११९ | १००२८७ | १००४०६ | ४३२०७ | ५०१७४ | ९३३८१ | ७०२५ | १००४०६ | १९३६६८ |
| ३९ | केसिङ्गआई गाउँपालिका | २८७ | ९२८१० | ९३०९७ | १८७१८ | ४५०८३ | ६३८०१ | २९२९६ | ९३०९७ | १५६६११ |
| ४० | बोगटान गाउँपालिका | २११ | ७०४०२ | ७०६१३ | १२९९५ | ३८१९३ | ५१९०८ | १९५०५ | ७०६१३ | १२१५१० |
| ४१ | धनगढी उपमहानगरपालिका | १६०८९ | ३९४१८४ | ४१०२७३ | ० | ३६७६५२ | ३६७६५२ | ४२६२१ | ४१०२७३ | ७६१८३६ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४२ | टिकापुर नगरपालिका | १२४३१ | २५८५२१ | २७०९५२ | ० | २४८७५६ | २४८७५६ | २२१९६ | २७०९५२ | ५०७२७७ |
| ४३ | घोडाघोडी नगरपालिका | ४७२४ | २०७२३९ | २११९६३ | ५७७५१ | ११५३८८ | १७३१३९ | ३८८२४ | २११९६३ | ३८०३७८ |
| ४४ | लम्कीचुहानगरपालिका | ४८४६ | १९७७२६ | २०२५७२ | १७०१५ | १६३९१९ | १८०९३४ | २१६३८ | २०२५७२ | ३७८६६० |
| ४५ | भजनीनगरपालिका | ४१२७ | १६५२८४ | १६९४११ | ६६८२१ | ७५६२८ | १४२४४९ | २६९६२ | १६९४११ | ३०७७३३ |
| ४६ | गोदावरीनगरपालिका | २७८८१ | २३००९६ | २५७९७७ | १००५१३ | १३६७५४ | २३७२६७ | २०७१० | २५७९७७ | ४६७३६३ |
| ४७ | गौरीगङ्गानगरपालिका | १७७२ | ११४८५० | ११६६२२ | ६५०४६ | ४२४१० | १०७४५६ | ९१६६ | ११६६२२ | २२२३०६ |
| ४८ | जानकीगाउँपालिका | ८१९ | १११८५६ | ११२६७५ | ५४१८५ | ४७९९९ | १०२१८४ | १०४९१ | ११२६७५ | २१४०४० |
| ४९ | बर्दगोरिया गाउँपालिका | ५१८ | ६८०८७ | ६८६०५ | ३४९१६ | २६४७२ | ६१३८८ | ७२१७ | ६८६०५ | १२९४७५ |
| ५० | मोहन्यालगाउँपालिका | ११० | ५९३६० | ५९४७० | २०८५१ | ३२८१७ | ५३६६८ | ५८०२ | ५९४७० | ११३०२८ |
| ५१ | कैलारी गाउँपालिका | ६४२ | १२१८१६ | १२२४५८ | ६०६०२ | ५५०८९ | ११५६९१ | ६७६७ | १२२४५८ | २३७५०७ |
| ५२ | जोशीपुर गाउँपालिका | ७६ | ६३४४३ | ६३५१९ | २७१९७ | ३०७७२ | ५७९६९ | ५५५० | ६३५१९ | १२१४१२ |
| ५३ | चुरे गाउँपालिका | १३८ | ५१३२८ | ५१४६६ | १७००५ | २७३९४ | ४४३९९ | ७०६७ | ५१४६६ | ९५७२७ |
| ५४ | भिमदत्तनगरपालिका | ६७२६८ | ३२५६६६ | ३९२९३४ | ० | ३०११२९ | ३०११२९ | ९१८०५ | ३९२९३४ | ६२६७९५ |
| ५५ | पुनर्वास नगरपालिका | ५२२६ | १७०२७४ | १७५५०० | | १५०८३७ | १५०८३७ | २४६६३ | १७५५०० | ३२११११ |
| ५६ | बेदकोट नगरपालिका | ८४२२ | १९१६३६ | २०००५८ | | १५०१३२ | १५०१३२ | ४९९२६ | २०००५८ | ३४१७६८ |
| ५७ | महाकालीनगरपालिका | १६६७४ | १४८१३२ | १६४८०६ | | १३५७९९ | १३५७९९ | २९००७ | १६४८०६ | २८३९३१ |
| ५८ | शुक्लाफाँटा नगरपालिका | २२२८ | १४९८११ | १५२०३९ | | १२९४६९ | १२९४६९ | २२५७० | १५२०३९ | २७९२७९ |
| ५९ | बेलौरी नगरपालिका | १३८३६ | १८१०५० | १९४८८६ | | ११९५४१ | ११९५४१ | ७५३४५ | १९४८८६ | ३००५९१ |
| ६० | कृष्णपुर नगरपालिका | ३१७६ | १८०२८९ | १८३४६५ | ४९३६१ | १०७८८९ | १५७२५० | २६२१५ | १८३४६५ | ३३७५३९ |
| ६१ | बेलडाँडी गाउँपालिका | १३९९ | १२९३३४ | १३०७३३ | | ८५९३७ | ८५९३७ | ४४७९६ | १३०७३३ | २१५२७१ |
| ६२ | लालझाँडी गाउँपालिका | १८२५ | ५६०२३ | ५७८४८ | १७८३२ | ३२३८६ | ५०२१८ | ७६३० | ५७८४८ | १०६२४० |
| ६३ | अमरगढी नगरपालिका | २४६८ | १३१६२९ | १३४०९७ | | ११५८७३ | ११५८७३ | १८२२४ | १३४०९७ | २४७५०२ |
| ६४ | परशुरामनगरपालिका | १५३४ | १५७७१० | १५९२४४ | | १३५६१८ | १३५६१८ | २३६२६ | १५९२४४ | २९३३२८ |
| ६५ | आलितालनगरपालिका | ९४५ | ५३५६६ | ५४५११ | २६४६७ | २२४७२ | ४८९३९ | ५५७२ | ५४५११ | १०२५०५ |
| ६६ | भागेश्वर गाउँपालिका | ४९८ | ४५६७६ | ४६१७४ | १७९०१ | २३१२५ | ४१०२६ | ५१४८ | ४६१७४ | ८६७०२ |
| ६७ | नगदुर्गा गाउँपालिका | १२५२ | ६८३३० | ६९५८२ | ३१८५१ | ३०८२० | ६२६७० | ६९१२ | ६९५८२ | १३१००१ |
| ६८ | अजयमेरु गाउँपालिका | १४८१ | ६६४३२ | ६७९१३ | ३१७७९ | २८८७० | ६०६४९ | ७२६४ | ६७९१३ | १२७०८१ |
| ६९ | गन्यापधुरा गाउँपालिका | ३०९ | ५०१८९ | ५०४९८ | ४०४९८ | ४५४१ | ४५०३८ | ५४५९ | ५०४९८ | ९५२२७ |
| ७० | दशरथचन्दनगरपालिका | ९१९८ | १८९९७७ | १९९१७५ | ५३२८३ | १०८७९८ | १६२०८१ | ३७०९४ | १९९१७५ | ३५२०५८ |
| ७१ | पाटन नगरपालिका | ४३९ | १२९५९६ | १३००३५ | ११९१६ | ८७६८६ | ९९६०२ | ३०४३३ | १३००३५ | २२९१९८ |
| ७२ | मेलौलीनगरपालिका | ७७६ | ७५६९४ | ७६४७० | २०३८४ | ४९९५७ | ७०३४१ | ६१२९ | ७६४७० | १४६०३५ |
| ७३ | पुचौडी नगरपालिका | ४१० | १२१४६३ | १२१८७३ | ४२४८३ | ६६८४० | १०९३२३ | १२५५० | १२१८७३ | २३०७८६ |
| ७४ | सुर्नया गाउँपालिका | ६७ | ६६४६८ | ६६५३५ | २२८६४ | ३७४४६ | ६०३१० | ६२२५ | ६६५३५ | १२६७७८ |
| ७५ | सिगास गाउँपालिका | ३१० | ७०५३२ | ७०८४२ | २२७६९ | ३५१७८ | ५७९४७ | १२८९५ | ७०८४२ | १२८४७९ |
| ७६ | शिवनाथगाउँपालिका | ४८९ | ५४४७४ | ५४९६३ | १७२६१ | ३१९२९ | ४९१९० | ५७७३ | ५४९६३ | १०३६६४ |
| ७७ | पञ्चेश्वर गाउँपालिका | ३७६ | ७२२०० | ७२५७६ | २५६२४ | ४१८४१ | ६७४६५ | ५१११ | ७२५७६ | १३९६६५ |
| ७८ | दगेडा केदार गाउँपालिका | ४४७ | ८९७०१ | ९०१४८ | ३२२२६ | ५१९५० | ८४१७६ | ५९७२ | ९०१४८ | १७३८७७ |
| ७९ | डिलासैनीगाउँपालिका | ५३ | ७०८२४ | ७०८७७ | २३६७३ | ४१०२४ | ६४६९७ | ६१८० | ७०८७७ | १३५५२१ |
| ८० | महाकालीनगरपालिका | ४६६४ | १२८१६३ | १३२८२७ | | ४९६७८ | ४९६७८ | ८३१४९ | १३२८२७ | १७७८४१ |
| ८१ | शैलेश शिखर नगरपालिका | ३६५ | ७००९३ | ७०४५८ | २७८४६ | ३३१४९ | ६०९९६ | ९४६२ | ७०४५८ | १३१०८९ |
| ८२ | मालिकार्जुन गाउँपालिका | ४३४ | ९००२० | ९०४५४ | २४०४९ | ५९५४६ | ८३५९६ | ६८५८ | ९०४५४ | १७३६१७ |
| ८३ | अपिहिमालगाउँपालिका | २३ | ३१३९४ | ३१४१७ | ६८३१ | १८०११ | २४८४३ | ६५७४ | ३१४१८ | ५६२३८ |
| ८४ | दुहुँगाउँपालिका | ० | ४५३६२ | ४५३६२ | ० | ३९१९३ | ३९१९३ | ६१६९ | ४५३६२ | ८४५५६ |
| ८५ | नौगाडा गाउँपालिका | ५७ | ४१११६ | ४११७३ | १५६८३ | १०७४८ | २६४३२ | १४७४१ | ४११७४ | ६७५४९ |
| ८६ | मार्मा गाउँपालिका | ० | ५३०१५ | ५३०१५ | १४७६७ | ३०६२९ | ४५३९७ | ७६१९ | ५३०१६ | ९८४१२ |
| ८७ | लेकङ्गगाउँपालिका | ५९ | ६१८४८ | ६१९०७ | २२९१३ | ३२६४९ | ५५५६२ | ६३४५ | ६१९०७ | ११७४११ |
| ८८ | ब्यास गाउँपालिका | ४३५ | ५०२०० | ५०६३५ | १८४३४ | २४४६१ | ४२८९६ | ७७४० | ५०६३६ | ९३०९७ |
| | **कुल जम्मा** | **५१८४८३** | **९११८२०४** | **९६३६६८६** | **२३९३७९२** | **५७११०२९** | **८१०४८२१** | **१५३१८६४** | **९६३६६८६** | **१७२२३०२५** |

अनुसूची -२

**स्थानीय तह**
**प्रदेश नं. ७**
**बेरूजु वर्गीकरण**

**रू. हजारमा**

| क्र.सं. | जिल्ला | कार्यालयको नाम | जम्मा बेरुजु | फर्छ्यौट बेरुजु रकम | जम्मा बाँकी बेरुजु | अशुल गर्नुपर्न | नियमित गर्नुपर्नै जम्मा | कर्मचारी पेस्की | मोविलाज्ई जेसन | अन्य | जम्मा पेस्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बाजुरा | बडीमालिका नगरपालिका | १३१७ | १००० | ३१७ | १७८ | १३९ | | १००० | | - |
| २ | | त्रिवेणी नगरपालिका | १०९१ | | १,०९१ | २११ | ८८० | | | | - |
| ३ | | बुढीगङ्गा नगरपालिका | १०८४ | | १,०८४ | ४११ | ६७३ | | | | - |
| ४ | | बढीनन्द नगरपालिका | ३९९९ | | ३,९९९ | २०४ | ६१० | | | ३१८५ | ३,१८५ |
| ५ | | गौमूलगाउँपालिका | ७५१ | | ७५१ | १८९ | ५६२ | | | | - |
| ६ | | पाण्डवगुफा गाउँपालिका | ११६७ | | १,१६७ | १९४ | ६२३ | | | ३५० | ३५० |
| ७ | | स्वामिकार्तिक गाउँपालिका | १६८८ | | १,६८८ | ३४ | ८३६ | | | ८१८ | ८१८ |
| ८ | | छेडेदहगाउँपालिका | ७२७ | | ७२७ | १५६ | ५७१ | | | | - |
| ९ | | हिमालीगाउँपालिका | १५९५ | | १,५९५ | १९३ | ६१९ | | | ७८३ | ७८३ |
| १० | बझाङ | जयपृथ्वीनगरपालिका | ७७४८ | | ७,७४८ | १८ | ६३५ | | ६९०९ | १८६ | ७,०९५ |
| ११ | | बुङ्गलनगरपालिका | ३५८७ | | ३,५८७ | १९४ | १५३४ | ९७ | | १७६२ | १,८५९ |
| १२ | | तलकोट गाउँपालिका | ३३१८ | | ३,३१८ | १४ | ३३०४ | | | | - |
| १३ | | मस्टा गाउँपालिका | २३९० | | २,३९० | ५३ | २३२७ | | | १० | १० |
| १४ | | खप्तड छात्रा गाउँपालिका | ७००२ | | ७,००२ | ८५९ | ४३३६ | | | १८०७ | १,८०७ |
| १५ | | थलारा गाउँपालिका | ३३५९ | | ३,३५९ | ३०५ | ३०५४ | | | | - |
| १६ | | विथ्थडचिर गाउँपालिका | ३१७९ | | ३,१७९ | १९ | ७८७ | | | २३७३ | २,३७३ |
| १७ | | सुर्मा गाउँपालिका | २२७ | | २२७ | ४१ | १८६ | | | | - |
| १८ | | छब्बिसपाथीभेरा गाउँपालिका | २४४१ | | २,४४१ | ५३ | १८२६ | | | ५६२ | ५६२ |
| १९ | | दुर्गाथलीगाउँपालिका | ३२१ | | ३२१ | १०७ | २१४ | | | | - |
| २० | | केदारस्यूँगाउँपालिका | १९३४ | | १,९३४ | ४९ | १२३६ | | | ६४९ | ६४९ |
| २१ | | काँडा गाउँपालिका | १०७६ | | १,०७६ | १५ | १०६१ | | | | - |
| २२ | अछाम | मङ्गलसेन नगरपालिका | ६८६८ | | ६,८६८ | ८९१ | ३०२७ | ० | २९५० | | २,९५० |
| २३ | | कमलबजार नगरपालिका | १४७२ | ३४ | १,४३८ | १११२ | ३२६ | ० | | ० | - |
| २४ | | साँफेबगर नगरपालिका | १२४६८ | | १२,४६८ | ८२९ | १०६३९ | ० | १००० | ० | १,००० |
| २५ | | पञ्चदेवलविनायकनगर पालिका | २१२५ | | २,१२५ | ७२४ | ५०३ | | ० | ८९८ | ८९८ |
| २६ | | चौरपाटी गाउँपालिका | ११४७ | | १,१४७ | ७३ | १०७४ | ० | ० | ० | - |
| २७ | | मेल्लेख गाउँपालिका | ३२४३ | | ३,२४३ | १७५ | ३०६८ | ० | ० | ० | - |
| २८ | | बाँन्नीगढी जयगढ गाउँपालिका | १४८८ | | १,४८८ | ९५ | १०८४ | ० | ० | ३०९ | ३०९ |
| २९ | | रामारोसन गाउँपालिका | ८३४ | | ८३४ | १७ | ८१७ | ० | ० | ० | - |
| ३० | | ढकारी गाउँपालिका | १०५९ | | १,०५९ | ० | ६५९ | ० | ४०० | ० | ४०० |
| ३१ | | तुर्माखाँदगाउँपालिका | १८९९ | | १,८९९ | १८० | १०१९ | | ७०० | ० | ७०० |
| ३२ | डोटी | दिपायल सिलगढी नगरपालिका | ३२९९ | | ३२९९ | ९६ | २७१३ | | | | ४९० |
| ३३ | | शिखर नगरपालिका | ५९६१ | | ५९६१ | ३४७४ | २४७१ | ९७ | १२९५९ | १३६९२ | १६ |
| ३४ | | पूर्वीचौकीगाउँपालिका | ५८८५ | | ५८८५ | ४४९८ | १२५२ | | | | १३५ |
| ३५ | | बढीकेदार गाउँपालिका | १३९० | | १३९० | ८५ | १३०५ | | | | |
| ३६ | | जोरायलगाउँपालिका | ३०५५ | | ३०५५ | २३८ | २३४९ | | | | ४६८ |
| ३७ | | सायलगाउँपालिका | १९११ | | १९११ | ३८ | १८७३ | | | | |
| ३८ | | आदर्श गाउँपालिका | २२१५ | | २२१५ | ६६ | २१४९ | | | | |
| ३९ | | के आई सिंह गाउँपालिका | ६१९ | | ६१९ | ५४ | ५६५ | | | | |
| ४० | | बोगटान गाउँपालिका | २११६ | | २११६ | १७३ | १८४३ | | | | १०० |
| ४१ | कैलाली | धनगढी उपमहानगरपालिका | ३७४६१ | | ३७,४६१ | १८४० | २९१२७ | ६४९४ | ० | ० | ६,४९४ |
| ४२ | | टिकापुर नगरपालिका | ८४५६ | | ८,४५६ | ३०७ | ८१४९ | ० | ० | ० | - |
| ४३ | | घोडाघोडी नगरपालिका | ६५९२ | | ६,५९२ | ० | ४४५० | ० | ० | २१४२ | २,१४२ |
| ४४ | | लम्कीचुहानगरपालिका | १६६७६ | | १६,६७६ | २२७ | ११०८३ | | ४४०१ | ९६५ | ५,३६६ |
| ४५ | | भजनीनगरपालिका | ७१५४२ | | ७१,५४२ | १२९८ | २७०८ | | ६७५३६ | ० | ६७,५३६ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४६ | | गोदावरीनगरपालिका | १२७९२ | | १२,७९२ | ४९ | ८६२ | ११८८१ | | ० | ११,८८१ |
| ४७ | | गौरीगङ्गानगरपालिका | २८७२४ | | २८,७२४ | ३ | ६४ | २७१९३ | ० | १४६४ | २८,६५७ |
| ४८ | | जानकीगाउँपालिका | १८०३ | | १,८०३ | ९९ | १५२४ | १७४ | ० | ६ | १८० |
| ४९ | | बर्दगोरिया गाउँपालिका | ९५८ | | ९५८ | ११८ | ८४० | ० | ० | ० | - |
| ५० | | मोहन्यालगाउँपालिका | १११४६ | | ११,१४६ | १६४ | ३९६ | १०५८६ | ० | ० | १०,५८६ |
| ५१ | | कैलारी गाउँपालिका | १५७५ | | १,५७५ | ९२५ | ६३५ | १५ | ० | ० | १५ |
| ५२ | | जोशीपुर गाउँपालिका | १७६८ | | १,७६८ | १ | १७६७ | ० | ० | ० | - |
| ५३ | | चुरे गाउँपालिका | १५९४ | | १,५९४ | ३८२ | १९९ | १०१३ | ० | ० | १,०१३ |
| ५४ | | भिमदत्तनगरपालिका | ३५९९९ | | ३५,९९९ | | ३५९९९ | | | | - |
| ५५ | | पुनर्वास नगरपालिका | ७८८० | | ७,८८० | १३२० | ६० | | ६५०० | | ६,५०० |
| ५६ | | बेदकोट नगरपालिका | ५१३८ | | ५,१३८ | | ५१३८ | | | | - |
| ५७ | | महाकालीनगरपालिका | ४७१२ | | ४,७१२ | ३१८ | ४३९३ | | | | - |
| ५८ | कञ्चनपुर | शुक्लाफाँटा नगरपालिका | ३६९३ | | ३,६९३ | २७ | ५८५ | ७० | ३०१० | | ३,०८० |
| ५९ | | बेलौरी नगरपालिका | ९०५४ | | ९,०५४ | ८६३ | ५३०६ | | २८८४.९७ | | २,८८५ |
| ६० | | कृष्णपुर नगरपालिका | १२०७६ | | १२,०७६ | २८३८ | ९०५६ | १८२ | | | १८२ |
| ६१ | | बेलडाँडी गाउँपालिका | १६० | | १६० | १६० | ० | | | | - |
| ६२ | | लालझाँडी गाउँपालिका | ४७३ | | ४७३ | ३५८ | ११५ | | | | - |
| ६३ | | अमरगढी नगरपालिका | ७०५० | | ७,०५० | | ० | | ७०५० | | ७,०५० |
| ६४ | | परशुरामनगरपालिका | १६९४ | | १,६९४ | ६७ | १६२७ | | | | - |
| ६५ | डडेल्धुरा | आलितालनगरपालिका | ११८० | | १,१८० | ७७९ | ४०१ | | | | - |
| ६६ | | भागेश्वर गाउँपालिका | २७२ | | २७२ | ७ | ० | | | २६५ | २६५ |
| ६७ | | नगदुर्गा गाउँपालिका | ३३१ | | ३३१ | ३९ | ० | २९२ | | | २९२ |
| ६८ | | अजयमेरु गाउँपालिका | २२७ | | २२७ | १० | २१७ | | | | - |
| ६९ | | गन्यापधुरा गाउँपालिका | ७२३ | | ७२३ | ४ | ७१८ | | | | - |
| ७० | | दशरथचन्दनगरपालिका | ७८४७९ | | ७८,४७९ | २९१ | ४७७७५ | १५९० | | २८८२४ | ३०,४१३ |
| ७१ | | पाटन नगरपालिका | २५३८० | | २५,३८० | ९० | १२०३९ | | | १३२५१ | १३,२५१ |
| ७२ | | मेलौलीनगरपालिका | १३३१५ | | १३,३१५ | ८६ | २३४७ | ११३० | | ९७५३ | १०,८८३ |
| ७३ | | पुचौडी नगरपालिका | २०३४६ | | २०,३४६ | ५८५९ | १४४८७ | | | | - |
| ७४ | | सुर्नया गाउँपालिका | ११५६२ | | ११,५६२ | ३० | ४५४३ | २१४२ | | ४८४५ | ६,९८८ |
| ७५ | बैतडी | सिगास गाउँपालिका | १५८९९ | | १५,८९९ | ३४ | १३६२१ | ३८८ | | १८५६ | २,२४४ |
| ७६ | | शिवनाथगाउँपालिका | ११०६४ | | ११,०६४ | १२ | ८३५४ | | | २६९८ | २,६९८ |
| ७७ | | पञ्चेश्वर गाउँपालिका | ७८६० | ६१६ | ७,२४४ | १८ | २१३४ | | | ५०९२ | ५,०९२ |
| ७८ | | दगेडा केदार गाउँपालिका | २०४३४ | | २०,४३४ | १३ | १३२४१ | १७७० | | ५४१० | ७,१८० |
| ७९ | | डिलासैनीगाउँपालिका | ५४९९ | | ५,४९९ | १५ | ३१३३ | ११८४ | | ११६६ | २,३५१ |
| ८० | | महाकालीनगरपालिका | ७५५१ | | ७,५५१ | ३७ | ७३२८ | १८६ | | | १८६ |
| ८१ | | शैलेश शिखर नगरपालिका | २८१२ | | २,८१२ | ८९ | २४१३ | ३१० | | | ३१० |
| ८२ | | मालिकार्जुन गाउँपालिका | ४०७५ | | ४,०७५ | ८० | २४९५ | | ३०० | १२०० | १,५०० |
| ८३ | दार्चुला | अपिहिमालगाउँपालिका | ३३६ | | ३३६ | ३६ | ० | | | ३०० | ३०० |
| ८४ | | दुहुँगाउँपालिका | ८७३ | | ८७३ | ३२ | ८४१ | | | | - |
| ८५ | | नौगाडा गाउँपालिका | ३१९२ | | ३,१९२ | १८ | ३०२९ | | १४५ | | १४५ |
| ८६ | | मार्मा गाउँपालिका | ६१९ | | ६१९ | ५९ | ५६० | | | | - |
| ८७ | | लेकङ्गगाउँपालिका | २१९३ | | २,१९३ | ३८ | २१५५ | | | | - |
| ८८ | | ब्यास गाउँपालिका | ३९८२ | | ३,९८२ | ६४ | ३९१८ | | | | - |
| **जम्मा** | | | ६३६२७५ | १६५० | ६३४६२५ | ३५४१९ | ३३४५८४ | | | | २६४६२२ |